CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्त 695

विवेक मार्तण्ड

अर्थात

स्वरूप ज्ञानको बृहद् निर्णय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाम	ढाउ	फा. नं
नगेन्द्र	— —	१३४१८
चन्द्र प्रसाद	किलाग्ल	१४११६
टेकनरसिंह	वानेश्वर हिल	११८४१
गजेन्द्र दाई	चावहिल	१३२१
रंगन	बेपालगंज	२६१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गजेन्द्र
प्रतीमा
[illegible]

वेदान्त 695

न

19

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेक मार्तण्ड

अर्थात्

स्वरूपज्ञानको बृहद् निर्णय

श्री योगेन्द्र राज्यलक्ष्मीको भी ताजपत्रो

जुन महान् सत्य एवं शाश्वत [अजरामर] पद प्राप्तिको निमित्त
अनन्त देव-देवता, ऋषि, मुनि, महर्षि तथा सन्त महापुरुष-
हरूद्वारा शोध-बोध निर्णय विचार हुँदै आएको छ,
त्यही सत्यको सर्वोच्च दिव्य रहस्यरूप—
'परमपदको' श्रुति स्मृति किंवा शास्त्रादि-
को प्रमाणले र उक्ति युक्ति पुनः
स्वानुभूतिको आधारले
यस ग्रन्थमा वर्णन
गरिएको छ।

गृहस्थ-विरक्त समस्त मानवमात्रको निमित्त
अत्यन्त उपयोगी

रचयिता—सन्तशरण

विक्रम सम्वत् २०३०] [प्रथम संस्करण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक
कुशलराम ब्रह्मचारी
"श्री विशाल सदन"
ललितपुर—झमसीखेल
काठमाडौं, नेपाल

सर्वाधिकार स्वरक्षित

मुद्रक—
बैजनाथ प्रसाद
कल्पना प्रेस
रामकटोरा रोड, वाराणसी ।

मूल्य : २०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



समर्पण

जसले मलाई यो चैतन्य स्वरूपज्ञानको दिव्य रहस्य बताएर
साक्षात् स्व-स्वरूपको बोध प्रदान गर्नुभयो, यस्ता परम
उपकारी आबाल ब्रह्मचारी आदर्श तपस्वी वीतराग
स्वरूपनिष्ठ जीवन्मुक्त सद्गुरु श्री विशालदेवको
पवित्र कर-कमलमा यो लघु उपहार-
रूप पुस्तक सादर-सप्रेम
समर्पण गर्दछु

विनीत—सन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वप्रथम नेपाली राष्ट्रभाषालाई नै प्रधानता र प्राथमिकता दिई
लेखन-प्रकाशन भएको पुस्तक हुनाले यो ग्रन्थको कुनै पनि
अंश या भाग हिन्दी, अंग्रेजी, आदि जुनसुकै भाषामा
अनुवाद गरी प्रकाशन गर्न लेखकको
अनुमतिविना सर्वथा
निषेध छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकको दुई शब्द

वर्तमान समयमा पुस्तक प्रकाशनादि कार्यमा प्रायः कठिनाइको उपस्थिति भएको छ। संसारको बदलिँदो परिस्थिति र मानिसको अत्यधिक शोषण नीति, स्वार्थान्धको (बजारको दर-भाउ चर्काएर धेरै नाफा लिने) प्रवृत्ति, इत्यादि जगतको रज-तममय मनःस्थितिले गर्दा छः महीनाअगाड़ि कागजको जुन भाउ थियो, त्यसको अहिले [सामान्य स्तरको कागजको पनि] चौगुणा तथा छःगुणा मूल्यको वृद्धि भयो। एवं रीतले छपाइ तथा जिल्द बँधाइ आदिको मूल्य पनि अत्यधिक वृद्धि भएर चरमसीमामा पुगिरहेछ। यस प्रकार बजारको हरेक वस्तुको महँगाइले गर्दा भविष्यमा पुस्तक प्रकाशनादिको कार्य नै बन्द होला कि जस्तो संभावना छ। राजकीय स्तरबाट प्रकाशित हुने स्कूल-कलेजका पाठ्य-पुस्तकादिको अतिरिक्त व्यक्तिगतरूपेण प्रकाशित हुने धार्मिक पुस्तकादिको मुद्रण, प्रकाशन गर्न तथा गराउन अकिञ्चन विद्वान् ब्राह्मणहरू र सन्त महात्माहरूलाई मुश्किल मात्र होइन कि असंभव नै हुन जाला कि जस्तो पनि भइरहेछ। यस्तो उग्र तथा विषम परिस्थितिमा प्रस्तुत पुस्तक प्रकाशन गर्ने कार्य आइपऱ्यो। अतः यो प्रथम संस्करणको मुद्रण, प्रकाशनमा आर्थिक व्ययभार अत्यधिक पर्न गएको छ। तथापि समयको विषमता तथा विवशताको सङ्कटसँग सामना गर्नुपरे पनि सकेसम्म पुस्तक 'राजसंस्करण' कै रूपमा प्रकाशित भएर पाठकवृन्दलाई उपलब्ध होस भन्ने विचार लेखक महोदयको रहेको हुनाले [धर्मप्रिय सज्जनहरूद्वारा पत्र-पुष्परूप यथाशक्ति स्वल्प सहायता मिल्यो तापनि त्यसमा नपुगेको जति स्वयं व्ययभार वहन गर्नुभएर] बजारमा पाइएका कागजहरूमध्येमा सर्वोत्तम कागज र पुनः नूतन टाइपमा श्रेष्ठ शुद्ध स्वच्छ छपाइ तथा विशिष्ठ श्रेणीको मजबूत पक्का जिल्द बँधाइ इत्यादि साधन-उपकरणले सजाएर प्रस्तुत पुस्तकको प्रकाशन भएको छ। यिनै सब हेतुले पुस्तकको मूल्यमा केही अधिक जस्तो देखिएको छ तापनि वास्तवमा केवल लागत मात्रै राखिएको छ। अझ यसभित्र रहेको अमूल्य ज्ञानगुणको अगाड़ि त कौड़ी मात्र छैन। करोड़ौं दिएर पनि नपाइने र आफ्नो मानव जीवन नै सुधारिदिने अनमोल सदुपदेश नै सर्वथा भरिएको छ। जो कि विचारवान ज्ञानी गुणी विवेकीहरूद्वारा यसको सत्परीक्षा हुने नै छ।

विज्ञेषु किमधिकम्।

विनीत—प्रकाशक—
कुशलराम ब्रह्मचारी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

चिरकालदेखि मानव यस्तो वस्तुको खोजीमा छ, यस्तो महान् पद प्राप्तिको इच्छुक छ, यस्तो अमूल्य निधिको महत्वाकांक्षी छ र यस्तो अलभ्य लाभको उपलब्धि गर्ने अभिलाषामा छ कि जो 'सत्यं शिवं सुन्दरम्' को द्योतक होस् । उक्त महान् पदको विशेषणमा ईश्वर, ब्रह्म, परमात्मा, परमेश्वर, परात्पर, पुराणपुरुष, शाश्वत, नित्य, सत्य, सद्रूप एवं स्वयंस्वरूप, चैतन्य, आत्मा इत्यादि जे भने पनि 'जुन वस्तु पाएपछि मानवको आफ्नो समस्त दुःख द्वन्दको सर्वथा समाप्ति होस्, शारीरिक तथा मानसिक पीड़ा-बाधा एवं कष्ट-क्लेशको निवारण होस्, किंवा दुःखको मूलभूत कारणकै समूलोच्छेदन भएर अनन्त अखण्ड शान्ति र अविचल विश्रान्ति मिलोस् । पुनः यस्तो अपूर्व एवं अलभ्य लाभको प्राप्ति होओस् कि जुन दिव्य एवं महान् लाभलाई पाएर जीवन उच्च स्तरको आदर्श बनोस् र अखण्ड पदमा निमग्न होओस् । जसलाई पाएपछि सच्चा सुख-शान्तिको निमित्त फेरि अरू थोक कतै केही खोजी रहनु नपरोस् । जसलाई भेट्टाएपछि त्यसदेखि आर्को महत्वपूर्ण वस्तु पनि नहोस् साथै अन्यत्र पनि नठहरियोस् । सुतरां एकपल्ट पाएपछि कहिले कदापि नछुटोस्, नगुमोस्, नहराओस्, नबिलाओस् । सदा-सर्वदा आफ्नो साथमा रहोस्, सत्य र श्रेष्ठ होओस्, परमश्रेयस् रूपको सर्वोपरि सिद्ध होओस् । जसलाई जानेपछि हृदय तृप्त होओस्, जीवन कृतकृत्य बनोस्, सदा निहाल भएर रहन पाइयोस्, अनुपम अक्षय कोष भेट्टाइयोस् ।' यस प्रकार मानवको अन्तरात्माले सर्वोच्च र सर्व-शिरोमणि आदर्श परमपदको प्राप्तिनिमित्त अनन्यभावले अनवरत लक्ष्य लगाइरहेको छ ।

उपरोक्त सम्पूर्ण अभीप्सित वस्तुतथ्यको प्राप्ति र आन्तरिक इच्छा-आकांक्षाको वास्तविक आपूर्ति-को निमित्त मानिसले सत्यपदको प्राप्ति गर्नुपर्दछ, तब मात्र सम्पूर्ण दुःखको सर्वथा निवृत्ति भएर अखण्ड शान्तिको उपलब्धि हुनेछ । यसको अतिरिक्त अन्य लौकिक-मायिक जुनसुकै पद, पदार्थ, प्राणी एवं परिस्थिति, भोग-संयोग, धन, सम्पत्ति, समृद्धिलाई पाए पनि उपर्युक्त मनोवाञ्छित मनोरथको परिपूर्ति हुन सक्तैन 'पूर्ण विराम प्राप्त हुँदैन' त्यसको निमित्त त एकमात्र 'असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्माऽमृतं गमय' हुनुपर्दछ । अर्थात् असत्यदेखि सत्यतिर र अन्धकारदेखि प्रकाशतिर तथा मृत्युदेखि अमरतातिरको मार्गमा लाग्नुपर्दछ । किंवा दर्शनका उच्च विचारधाराका समस्त उपनिषद्, षड्शास्त्र, गीता, रामायण, भागवतादि सदग्रन्थहरूमा तथा महान् सत्संगको दिव्य निर्णयमा 'मुख्य सार एवं सत्य वस्तु आत्मा नै हो र त्यही आत्मज्ञानको प्राप्ति गर्नु नै सर्वतोभद्र कल्याणको सत्पुरुषार्थ हो' भनेर निर्देशन गरिएको छ ।

तब त्यस्तो सत्य एवं शाश्वत पदको स्पष्ट व्याख्यामा 'सर्वदा विद्यमानः प्रलयेऽपि नाशाभावात्' अर्थात् जसको तीन कालमा बाध एवं विनाश छैन, शून्य अथवा लोप छैन, उत्पत्ति र लय छैन, अविद्यमान र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभाव छैन अपितु अत्यन्त विद्यमान छ, सदा अखण्ड भाव छ, परम श्रेष्ठ छ र सर्वोत्कृष्ट छ, त्यही सत्यको सर्वोच्चता एवं महत्तालाई विवेकद्वारा राम्ररी बुझेर त्यसैमा विशेष निष्ठा बनाएर सम्यक् प्रतिष्ठित हुनु नै मानव जीवनको चरम लक्ष्य हो र परमोद्देश्य हो।

यथार्थमा सदा विद्यमान अस्ति, नित्य, अविनाशी, अखण्ड चैतन्य नै सत्य हो। जो सब मत, पन्थ, ग्रन्थ, सम्प्रदाय एवं सिद्धान्तादिको संस्थापक र प्रवर्तक छ, जानक र मानक छ, सबको कल्पक र सिद्धक छ, साक्षात् र स्वयं एकरस छ, अजर अमर अखण्ड र सदा स्वतन्त्ररूप छ; त्यही नै सबको ज्ञानकर्ता, ज्ञाता, अनुभविता, परम परीक्षक शुद्ध ज्ञानस्वरूप हो र त्यही आफ्नो दिव्य स्वरूप हो। उही महान् सत्य स्वरूपलाई बोध ज्ञानद्वारा सम्यक् प्रकारले जानेर तदनुसार धारणायुक्त भएर आचारनिष्ठ हुन सक्यो भने वर्तमानको दुःखमय दीन-हीन पराधीन अवस्थाबाट अवश्य पार भएर आफ्नो भाग्यको निर्णायक स्वामी हुन पाउनेछ अर्थात् सत्य ज्ञानको प्राप्तिले मानव जीवन अत्यन्त सफल हुनेछ। यसको निमित्त मानिसमा सर्वप्रथम विवेकको उदय हुनुपर्दछ। विवेकको अरुणोदयमा मानवले सारासारको निर्णय-लाई स्पष्टरूपेण बुझ्न र विचार गर्न सक्तछ, तदनुसार आफ्नो निर्दिष्ट लक्ष्य बनाउन पनि सक्षम हुन्छ। यस हेतु विवेक नै मानव जीवनको निर्मल दर्पण हो, दिव्य चक्षु हो, प्रेरणा स्रोत हो, विशिष्ट जीवन निर्माण गर्ने अमोघ आधारशिला हो। भूल तथा अज्ञानवश मनुष्य आफ्नो जीवनको अमूल्य समय एवं शक्तिको महत्व नजानेर त्यसलाई व्यर्थमा गुमाइरहेछ। किन्तु यदि विवेकको परम प्रकाश प्राप्त भयो भने आफ्नो मूलभूत रहस्यको सम्यक् ज्ञान प्राप्त गर्न समर्थ हुन्छ। तत्पश्चात् विवेकको प्रतापले त्यही मानव को जीवनपथ स्वच्छ, शुद्ध, निष्कण्टक र सदा सुखमय बन्दछ। एतावता सदा सुखी रहेर सर्वोत्कृष्ट जीवन बनाउन तथा एकरस निर्विघ्न भावले बिताउनको निमित्त साथै अखण्ड शान्त पदमा सर्वदा स्थिर भएर अन्त्यमा मोक्षपद प्राप्त गर्नको निमित्त विवेक नै अनुपम सिद्ध रसायन छ।

यो आत्मदर्शन अर्थात् स्वस्वरूपबोधको निष्ठा विचार ज्ञान-विज्ञानको महान् भण्डार हो, अध्यात्म ज्ञानको अमूल्य निधि हो। जसको अन्तर्गतको निर्मल प्रकाशको एक किरण-कण प्राप्त गर्नको निमित्त संसारका ठूला ठूला दार्शनिक तत्त्वज्ञ विचारवान तथा धुरन्धर विद्वानहरू पनि श्रद्धापूर्वक नतमस्तक भएर दुवै हात पसारी प्रार्थना गरिरहेका हुन्छन्।

अतएव यस्तो सत्यको अनुसन्धानमा नै मानव जीवनको महान् विशेषता अवस्थित छ। त्यही सत्य को शोधन एवं अन्वेषणकै लागि महामानवहरूको जीवन प्रायः समर्पित हुँदै आएको छ। सोही सत्यपदको प्राप्तिको निमित्त परम प्रयत्न गर्नु मानवमात्रको पुनीत कर्तव्य हो। उक्त सत्यको खोज गर्ने परम बुद्धिमान एवं महान् ज्ञानवान मानवले सत्यलाई संसारको सब वस्तुभन्दा सर्वोपरि श्रेष्ठ सम्झनुपर्दछ र त्यसको निमित्त भौतिक सबथोक समर्पण गरेर पनि नित्य शाश्वत पदको प्राप्ति गर्नुपर्दछ। किनकि सत्य नै वास्तवमा सम्पूर्ण उपलब्धि, सिद्धि एवं अध्यात्म रहस्यको महत्वपूर्ण समृद्धि हो।

किञ्च अब यस्तो 'सत्य सनातन पद' लाई प्राप्त गर्न (खोज्न) मानवलाई के कतै जानुपर्दछ त ? हिमालयदेखि आसमुद्रान्तपर्यन्तको प्रदेश चहार्नुपर्दछ त ? भन्ने प्रश्नमा विचार गर्दा वास्तवमा अन्त कतै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

चिरकालदेखि मानव यस्तो वस्तुको खोजीमा छ, यस्तो महान् पद प्राप्तिको इच्छुक छ, यस्तो अमूल्य निधिको महत्वाकांक्षी छ र यस्तो अलभ्य लाभको उपलब्धि गर्नै अभिलाषामा छ कि जो 'सत्यं शिवं सुन्दरम्' को द्योतक होस् । उक्त महान् पदको विशेषणमा ईश्वर, ब्रह्म, परमात्मा, परमेश्वर, परात्पर, पुराणपुरुष, शाश्वत, नित्य, सत्य, सद्रूप एवं स्वयंस्वरूप, चैतन्य, आत्मा इत्यादि जे भने पनि 'जुन वस्तु पाएपछि मानवको आफ्नो समस्त दुःख द्वन्दको सर्वथा समाप्ति होस्, शारीरिक तथा मानसिक पीड़ा-बाधा एवं कष्ट-क्लेशको निवारण होस्, किंवा दुःखको मूलभूत कारणकै समूलोच्छेदन भएर अनन्त अखण्ड शान्ति र अविचल विश्रान्ति मिलोस्। पुनः यस्तो अपूर्व एवं अलभ्य लाभको प्राप्ति होओस् कि जुन दिव्य एवं महान् लाभलाई पाएर जीवन उच्च स्तरको आदर्श बनोस् र अखण्ड पदमा निमग्न होओस्। जसलाई पाएपछि सच्चा सुख-शान्तिको निमित्त फेरि अरू थोक कतै केही खोजी रहनु नपरोस्। जसलाई भेट्टाएपछि त्यसदेखि आर्को महत्वपूर्ण वस्तु पनि नहोस् साथै अन्यत्र पनि नठहरियोस्। सुतरां एकपल्ट पाएपछि कहिले कदापि नछुटोस्, नगुमोस्, नहराओस्, नबिलाओस्। सदा-सर्वदा आफ्नो साथमा रहोस्, सत्य र श्रेष्ठ होओस्, परमश्रेयस् रूपको सर्वोपरि सिद्ध होओस्। जसलाई जानेपछि हृदय तृप्त होओस्, जीवन कृतकृत्य बनोस्, सदा निहाल भएर रहन पाइयोस्, अनुपम अक्षय कोष भेट्टाइयोस्।' यस प्रकार मानवको अन्तरात्माले सर्वोच्च र सर्व-शिरोमणि आदर्श परमपदको प्राप्तिनिमित्त अनन्यभावले अनवरत लक्ष्य लगाइरहेको छ।

उपरोक्त सम्पूर्ण अभीप्सित वस्तुतथ्यको प्राप्ति र आन्तरिक इच्छा-आकांक्षाको वास्तविक आपूर्ति-को निमित्त मानिसले सत्यपदको प्राप्ति गर्नुपर्दछ, तब मात्र सम्पूर्ण दुःखको सर्वथा निवृत्ति भएर अखण्ड शान्तिको उपलब्धि हुनेछ। यसको अतिरिक्त अन्य लौकिक-मायिक जुनसुकै पद, पदार्थ, प्राणी एवं परिस्थिति, भोग-संयोग, धन, सम्पत्ति, समृद्धिलाई पाए पनि उपर्युक्त मनोवाञ्छित मनोरथको परिपूर्ति हुन सक्तैन 'पूर्ण विराम प्राप्त हुँदैन' त्यसको निमित्त त एकमात्र 'असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्माऽमृतं गमय' हुनुपर्दछ। अर्थात् असत्यदेखि सत्यतिर र अन्धकारदेखि प्रकाशतिर तथा मृत्युदेखि अमरतातिरको मार्गमा लाग्नुपर्दछ। किंवा दर्शनका उच्च विचारधाराका समस्त उपनिषद्, षड्शास्त्र, गीता, रामायण, भागवतादि सदग्रन्थहरूमा तथा महान् सत्संगको दिव्य निर्णयमा 'मुख्य सार एवं सत्य वस्तु आत्मा नै हो र त्यही आत्मज्ञानको प्राप्ति गर्नु नै सर्वतोभद्र कल्याणको सत्पुरुषार्थ हो' भनेर निर्देशन गरिएको छ।

तब त्यस्तो सत्य एवं शाश्वत पदको स्पष्ट व्याख्यामा 'सर्वदा विद्यमानः प्रलयेऽपि नाशाभावात्' अर्थात् जसको तीन कालमा बाध एवं विनाश छैन, शून्य अथवा लोप छैन, उत्पत्ति र लय छैन, अविद्यमान र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभाव छैन अपितु अत्यन्त विद्यमान छ, सदा अखण्ड भाव छ, परम श्रेष्ठ छ र सर्वोत्कृष्ट छ, त्यही सत्यको सर्वोच्चता एवं महत्तालाई विवेकद्वारा राम्ररी बुझेर त्यसैमा विशेष निष्ठा बनाएर सम्यक् प्रतिष्ठित हुनु नै मानव जीवनको चरम लक्ष्य हो र परमोद्देश्य हो।

यथार्थमा सदा विद्यमान अस्ति, नित्य, अविनाशी, अखण्ड चैतन्य नै सत्य हो। जो सब मत, पन्थ, ग्रन्थ, सम्प्रदाय एवं सिद्धान्तादिको संस्थापक र प्रवर्तक छ, जानक र मानक छ, सबको कल्पक र सिद्धक छ, साक्षात् र स्वयं एकरस छ, अजर अमर अखण्ड र सदा स्वतन्त्ररूप छ; त्यही नै सबको ज्ञानकर्ता, ज्ञाता, अनुभविता, परम परीक्षक शुद्ध ज्ञानस्वरूप हो र त्यही आफ्नो दिव्य स्वरूप हो। उही महान् सत्य स्वरूपलाई बोध ज्ञानद्वारा सम्यक् प्रकारले जानेर तदनुसार धारणायुक्त भएर आचारनिष्ठ हुन सक्यो भने वर्तमानको दुःखमय दीन-हीन पराधीन अवस्थाबाट अवश्य पार भएर आफ्नो भाग्यको निर्णायक स्वामी हुन पाउनेछ अर्थात् सत्य ज्ञानको प्राप्तिले मानव जीवन अत्यन्त सफल हुनेछ। यसको निमित्त मानिसमा सर्वप्रथम विवेकको उदय हुनुपर्दछ। विवेकको अरुणोदयमा मानवले सारासारको निर्णय-लाई स्पष्टरूपेण बुझ्न र विचार गर्न सक्तछ, तदनुसार आफ्नो निर्दिष्ट लक्ष्य बनाउन पनि सक्षम हुन्छ। यस हेतु विवेक नै मानव जीवनको निर्मल दर्पण हो, दिव्य चक्षु हो, प्रेरणा स्रोत हो, विशिष्ट जीवन निर्माण गर्ने अमोघ आधारशिला हो। भूल तथा अज्ञानवश मनुष्य आफ्नो जीवनको अमूल्य समय एवं शक्तिको महत्व नजानेर त्यसलाई व्यर्थमा गुमाइरहेछ। किन्तु यदि विवेकको परम प्रकाश प्राप्त भयो भने आफ्नो मूलभूत रहस्यको सम्यक् ज्ञान प्राप्त गर्न समर्थ हुन्छ। तत्पश्चात् विवेकको प्रतापले त्यही मानव को जीवनपथ स्वच्छ, शुद्ध, निष्कण्टक र सदा सुखमय बन्दछ। एतावता सदा सुखी रहेर सर्वोत्कृष्ट जीवन बनाउन तथा एकरस निर्विघ्न भावले बिताउनको निमित्त साथै अखण्ड शान्त पदमा सर्वदा स्थिर भएर अन्त्यमा मोक्षपद प्राप्त गर्नको निमित्त विवेक नै अनुपम सिद्ध रसायन छ।

यो आत्मदर्शन अर्थात् स्वस्वरूपबोधको निष्ठा विचार ज्ञान-विज्ञानको महान् भण्डार हो, अध्यात्म ज्ञानको अमूल्य निधि हो। जसको अन्तर्गतको निर्मल प्रकाशको एक किरण-कण प्राप्त गर्नको निमित्त संसारका ठूला-ठूला दार्शनिक तत्त्वज्ञ विचारवान तथा धुरन्धर विद्वानहरू पनि श्रद्धापूर्वक नतमस्तक भएर दुवै हात पसारी प्रार्थना गरिरहेका हुन्छन्।

अतएव यस्तो सत्यको अनुसन्धानमा नै मानव जीवनको महान् विशेषता अवस्थित छ। त्यही सत्य को शोधन एवं अन्वेषणकै लागि महामानवहरूको जीवन प्रायः समर्पित हुँदै आएको छ। सोही सत्यपदको प्राप्तिको निमित्त परम प्रयत्न गर्नु मानवमात्रको पुनीत कर्तव्य हो। उक्त सत्यको खोज गर्ने परम बुद्धिमान एवं महान् ज्ञानवान मानवले सत्यलाई संसारको सब वस्तुभन्दा सर्वोपरि श्रेष्ठ सम्झनुपर्दछ र त्यसको निमित्त भौतिक सबथोक समर्पण गरेर पनि नित्य शाश्वत पदको प्राप्ति गर्नुपर्दछ। किनकि सत्य नै वास्तवमा सम्पूर्ण उपलब्धि, सिद्धि एवं अध्यात्म रहस्यको महत्वपूर्ण समृद्धि हो।

किञ्च अब यस्तो 'सत्य सनातन पद' लाई प्राप्त गर्न (खोज्न) मानवलाई के कतै जानुपर्दछ त ? हिमालयदेखि आसमुद्रान्तपर्यन्तको प्रदेश चहार्नुपर्दछ त ? भन्ने प्रश्नमा विचार गर्दा वास्तवमा अन्त कतै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानुपर्दैन, कतै वाह्य जगतमा भट्कनुपर्दैन, कतै आकाश-पाताल फिर्नु र दश-दिशा दौड्नुपर्दैन। केवल आचरणको परिशुद्धि गरेर [शुद्धान्तःकरण बनाएर] निर्णयरूप सत्सङ्ग प्राप्त भएमा त्यही अनुपम र अलौकिक आलोकमा यथार्थ विवेक हुनासाथ आफ्नै अन्तरात्मामा रहेको ज्ञानस्वरूप चैतन्यको साक्षात् प्राप्ति हुनेछ, अपरोक्ष बोध मिल्नेछ भनी श्रुतिले बताएको छ—

न संदृशे तिष्ठति रूपमस्य न चक्षुषा पश्यति कश्चनैनम्।
हृदा हृदिस्थं मनसाय एनमेवं विदुरमृतास्ते भवन्ति॥

(उपनिषद्.....)

अर्थ—मनुष्यको हृदयमा रहेको यो—स्वयंप्रकाशरूप चैतन्य (ईश्वर) नेत्रद्वारा जानिँदैन, अर्थात् देख्न सकिँदैन, केवल (अभ्यन्तर अभिमुख पारीक्षक दृष्टिरूप) विवेकद्वारा देखिन आउँदछ। अतएव जसले यस प्रकार देख्दछ, साक्षात्कार गर्दछ, त्यसले अमरता प्राप्त गर्दछ।

हृदयस्थित अविनाशी आत्माको बोध प्राप्तिको संकेत—

वह्नेर्यथा योनिगतस्य मूर्तिर्न दृश्यते नैव च लिङ्गनाशः।
स भूय एवेन्धन योनिगृह्यस्तद्वोभयं वै प्रणवेन देहे॥

(श्वेताश्वतरोपनि०, अ० १। मन्त्र १३)

अर्थ—अग्नि जहाँसम्म काष्ठमा रहन्छ सूक्ष्मरूपले गोपनीय रहन्छ, बाहिर देखिँदैन। परन्तु मानिसले जब प्रयत्नपूर्वक त्यसलाई बाहिर निकाल्दछ तब दृश्यमान हुन्छ। तदनुसार स्वरूपज्ञानको परम प्रकाशद्वारा र त्यसको शान्ति स्थितिद्वारा आफ्नो हृदयस्थित स्व-स्वरूप (परमात्मा) प्रकट हुन्छ।

यस प्रकार सत्यको स्पष्ट महत्व छ तापनि अधिकांश मनुष्य उपर्युक्त सत्यस्वरूप चैतन्य (परमात्मा) को साक्षात्कार गर्न सक्तैनन् बहुधा असमर्थ नै रहन्छन्। उक्त कारणको व्याख्या पनि श्रुतिले नै गरेको छ।

पराञ्चि खानि व्यतृणत्स्वयंभूस्तस्मात्पराङ् पश्यति नान्तरात्मन्।
कश्चिद्धीरः प्रत्यगात्मानमैक्षदावृत्तचक्षुरमृतत्वमिच्छन्॥

(कठोपनिषद्, अ० २। वल्ली १। मन्त्र १)

अर्थ—मनुष्यका ज्ञानेन्द्रियहरू बहिर्मुख रहन्छन्, यसकारण मनुष्यको वृत्ति एवं विचारधारा सदा बाहिरतिर नै रहेकोले अन्तरात्माको दर्शन उसलाई नभएको हो। जो अल्पसंख्यामा मनुष्यहरू सच्चा ज्ञान प्राप्त गरेर अमृतत्वको कामनाले अन्तर्मुख वृत्ति गर्दछन् तिनैले साक्षात् अन्तरात्माको दर्शन पाउँदछन्। बुद्धिहीन मनुष्य सांसारिक भोगको निमित्त दौड़न्छन्, ती जन्म-मरणको कठिन बन्धनमा नै सदा बाँधिई रहन्छन्। परन्तु स्थिरचित्त भएकाहरू अनित्य भोगको कामना नगरेर सच्चा र स्थायी सुखकै निमित्त निरन्तर खोज गर्दै रहन्छन्।

शुद्ध बोधस्वरूपोऽहं केवलोऽहं सदा शिवः।

(अध्यात्मोपनि०, मन्त्र ७०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—'म शुद्ध बोध एवं ज्ञानस्वरूप हुँ, सदाकाल एकरस रहनें केवल नित्य-सत्य अखण्ड कल्याण स्वरूप हुँ।'

'यो देह नै देवालय हो, यसमा निवास गर्ने जीव नै शिव हो। तब उक्त शिवरूप अर्थात् परम कल्याण-स्वरूप चैतन्य जीवको ज्ञान प्राप्त गर्नु नै परमपद प्राप्त गर्नु हो। यसैको बोधमा स्थिर हुनु नै मानव जीवन को मुख्य प्रयोजन हो।'

—स्कन्दोपनिषद्

'अज्ञान नै संसार हो, ज्ञानद्वारा नै त्यसको निवृत्ति हुन सक्तछ। अतः ज्ञानस्वरूप नै मुख्य सर्वोपरि हो र त्यही ज्ञानद्वारा नै त्यो ज्ञेयको प्राप्ति हुन्छ।'

—छान्दोग्योपनिषद्

'यथार्थमा ज्ञानलाई नै सबभन्दा ठूलो पुरुषार्थ मानिएको छ, ज्ञान नै सबभन्दा अत्यधिक मूल्यवान् परम पवित्र हो।'

—नारद परिव्राजकोपनिषद्

'म देह हुँ' यस्तो सङ्कल्प नै संसार हो, यस्तो संकल्प नै बन्धन हो, यही दुःखको मूल हो, यही नरक हो, यही तृष्णा हो, यही पाप हो र प्रमाद हो, यही अन्धकार हो, यही ठूलो अज्ञान हो, यसैलाई हृदयको ग्रन्थि पनि भन्दछन्।'

—तेजोविन्दुपनिषद्

'त्यो सत्य वस्तु ज्ञानद्वारा नै ज्ञातव्य छ, जो ज्ञानरूप शिखा भएका, ज्ञानमा नै निष्ठा बनाएका, ज्ञानरूप यज्ञोपवीत धारण गरेका छन्, तिनलाई यही [स्वरूप ज्ञान] ले नै परम पवित्र बनाइदिन्छ।'

—ब्रह्मोपनिषद्

'अनेकौं जन्मान्तरपश्चात् जब शुभ कर्म उदय भएर मानव जीवन प्राप्त हुन्छ' तब तिनलाई आफ्नो भित्रको विकार तथा अज्ञान एवं बन्धनलाई जान्ने र त्यसलाई सम्यक्रूपेण निवारण गर्ने इच्छा उत्पन्न हुन्छ कि वास्तवमा म को हुँ? यो दुःखमय संसार कहाँबाट आयो? यो जगत क्या हो? मेरो मुख्य कर्तव्य के हो? यो उपरोक्त विचार गर्दै गएपछि, तब क्रमशः नित्य-निज-स्वरूपको बोध प्राप्त भएर स्थिति मिल्दछ।'

—योग कुण्डल्युपनिषद्

'मन नै संसार हो, त्यो मनलाई संसारी या असंसारी जसले जस्तो बनायो उस्तै मन बन्दछ। अतएव प्रयत्नपूर्वक मनलाई शुद्ध गर्नुपर्दछ। प्रशान्त मन भएको व्यक्तिले नै आत्मालाई प्राप्त गर्न सक्तछ। यही सनातन रहस्य हो।'

—मैत्रेय्युपनिषद्

'मन नै मानिसको बन्धन र मोक्षको कारण छ। यदि मन विषयमा आसक्त भयो भने त्यही बन्धन-को कारण हो, यदि त्यही विषयदेखि पराङ्मुख भएर निर्विषय भयो भने त्यही मोक्षको हेतु हुन्छ।'

—शाट्यायनीयोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'म मन होइन, बुद्धि होइन, देह होइन, कामना होइन । संसारमा जे-जति उत्पन्न भएका छन् ती सब कार्य हुन्, अनित्य हुन्, परिणामी हुन्, केवल म नै नित्य सत्य हुँ ।'

—तेजोविन्दूपनिषद्

'ज्ञानी पुरुषको कर्तव्य यही हो कि विद्युतको चमकसमान क्षणभङ्गुर जीवनलाई जानेर त्यस-लाई व्यर्थ नष्ट हुन नदेओस् । सदा सत्संग तथा सद्ग्रन्थादि शास्त्रको अध्ययन एवं अभ्यास धारणा बनाएर सर्वोत्तम बोध ज्ञानको प्राप्ति गरोस् ।'

—अमृतनादोपनिषद्

'आत्मालाई आफ्नै (एकोहोरो) विचार र तर्कले प्राप्त गर्न सकिदैन । त्यसको निमित्त सुयोग्य मार्गदर्शक गुरुको अत्यन्त आवश्यकता पर्दछ । यसको लागि महोपनिषद्मा वर्णित शुकदेवजीको प्रसंग मननीय छ ।'

—महोपनिषद्

'यो पराविद्या सत्य तप तथा ब्रह्मचर्यले प्राप्त हुन्छ । जसको अन्तःकरण शुद्ध छ, जसको दोष क्षीण भएको छ, तिनैले आफ्नो भित्रको स्वयं प्रकाशमान चैतन्य परमात्मालाई देख्न सक्तछन्, किन्तु मायामा फँसेकाले देख्न सक्तैनन् ।'

—'पाशुपतब्रह्मोपनिषद्

'तिमी सत्य छौ, शुद्ध छौ, सिद्ध छौ, सनातन छौ, मुक्त छौ, सङ्कल्प-रहित छौ, ज्ञानी छौ, द्रष्टा छौ, निर्विकार छौ, आरोग्य छौ, अजरामर छौ, अखण्ड छौ, आफ्नो स्वरूपमा नै बोधभावले सदा अवस्थित छौ, सर्व मनोमय संस्कारलाई परित्याग गरिदिएपछि अन्त्यमा तिमी स्वयं अवशेष रहने दिव्य छौ ।'

—तेजोविन्दूपनिषद्

'आत्म-चिन्तन गर्नु नै उपनिषद्मा ईश्वरको पूजा मानिएको छ । आत्म-चिन्तनको प्रत्येक क्रियाले उपासना तथा कर्मकाण्डको स्थान स्वयमेव ग्रहण गर्दछ । आत्म-चिन्तनको आधारमा जब आफ्नो शुद्ध स्वरूपमा साधक अवस्थित हुन्छ, तब अमृतत्त्वलाई पाएर निहाल हुन्छ ।'

'त्यो आत्माको निरन्तर चिन्तन नै ध्यान हो । विषयादि कर्मको त्याग नै आवाहन हो । निश्चल ज्ञान नै आसन हो । मनको निरसन भएर उन्मन हुनु नै पाद्य हो । मनःस्थिरता नै अर्घ्य हो । आत्मारामको दीप्ति नै आचमन हो । अन्तःज्ञान नै अक्षता हो । चिद्को प्रकाश नै पुष्प हो । धारणा नै प्रदक्षिणा हो ।' 'सोऽहं, अर्थात् स्वयं भाव नै नमस्कार हो । सन्तोष नै विसर्जन हो । यही नित्यको भाव नै मोक्ष इच्छुक-लाई अमृतोपम सिद्धिप्रद छ ।'

—आत्मपूजोपनिषद्

स्वरूपज्ञानप्रदाता गुरुको विशेषता—

'गुरु नै परम गति हुन्, गुरु नै पराविद्या हुन्, गुरु नै परमपद हुन्, गुरु नै पराकाष्ठा हुन्, गुरु नै परम धन हुन्, गुरु नै उपदेष्टा पनि हुनाले श्रेष्ठभन्दा पनि श्रेष्ठ हुन् ।'

—अद्वयतारकोपनिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'गुरु नै परमधर्म हुन्, गुरु नै परमगति हुन्, जो गुरुको सम्मान गर्दैन, त्यसको सम्पूर्ण विद्या तपस्या क्रमशः यसरी क्षीण भएर जान्छ, जस्तो काँचो (आलो) घड़ाको जल। जस्तो भक्ति देवमा हुन्छ त्यस्तै गुरुमा भयो भने शिष्य परमपद प्राप्त गर्दछ। यस्तो वेदानुशासन छ, यस्तै वेदमा विधान छ।'

—श्वेताश्वतरोपनिषद्

'गुरुको साथमा शिष्य सदा नरहे तापनि यदि गुरुसँगको निष्ठा-परायणताको सम्बन्ध अत्यन्त उचित एवं मर्यादित र अध्यात्मविचारको अनुरूप तथा श्रद्धास्पद छ भने शिष्यलाई वास्तविक गुरुको समीपता नै उपलब्ध हुन्छ, सदा वहाँको महत्वपूर्ण सहयोग तथा दिव्य अनुभव एवं सत्सङ्गको फल प्राप्त हुँदै रहन्छ। त्यसमा गुरुदेवको पनि यस्तो क्षमता हुनुपर्दछ कि शिष्यको अन्तस्करणमा घत लाग्ने गरेर प्रेरणा प्रदान गर्न समर्थ हुन्। यिनै सब महान् शक्तिको आधारमा सद्गुरु शिष्यको कल्याणगर्न सक्ने हुन्छन्।'

—श्रीमद्भागवत महापुराणम्

माथि उल्लिखित विशुद्ध प्रामाणिक सर्वोपरि स्वरूपज्ञानको निमित्त उपनिषद्का वचनहरूको संक्षिप्त साररूपेण जो वर्णन भयो यसैको निर्मल भाव विस्ताररूपले यस पुस्तकमा विवेचन भएको छ।

शरीरदेखि सर्वदा भिन्नको आत्मा (अर्थात् परमपद) को ज्ञानले क्षेत्र र क्षेत्रज्ञको विशेष अन्वेषणले मानिसलाई दिव्य विचारसम्पन्न सुयोग्य महामानव बनाइदिन्छ। किनकि जसलाई प्रथम अज्ञानावस्थामा 'शरीर नै म हुँ' भन्ने मात्र ज्ञान थियो। तब केवल इन्द्रिय-भोगको निमित्त नै नाना पाप र अपराधका कर्म गर्दथ्यो, खालि शरीर स्वार्थको निमित्त मात्रको उसको ध्येय बनेको हुनाले तदनुसार नै सब क्रिया हुन्थ्यो। किन्तु सत्संगद्वारा बोध मिलेर जब यो ज्ञान भयो कि 'शरीर त सिर्फ वाहन र साधन मात्र रहेछ, अन्त्यमा विछोड़ भएर जाने सर्वथा नाशमान क्षणभंगुर रहेछ, तब दुई दिनको (क्षणिक) जीवनको निमित्त अधर्म एवं अन्याय गर्नु नाना दुष्कर्म गरेर पापको पोको पार्नु महाअज्ञान रहेछ. सुतरां आफ्नै आत्मालाई घोर सास्ती दिन बनाएको विकट बन्धन जाल रहेछ' भन्ने पूर्ण ज्ञान प्राप्त हुन्छ र सम्पूर्ण निषिद्ध कर्मलाई सर्वथा त्याग गरिदिन्छ। पुनः 'आफ्नो स्वरूप आत्मा त सबदेखि पृथक् नित्य सत्य, शाश्वत, क्षेत्रज्ञ, परम ज्ञाननिधि, अजर अमर अविनाशी, अखण्ड, एकरस सच्चिद् रहेछ। केवल अज्ञानवश निज स्वरूपलाई भुल्दा र देह इन्द्रिय मनलाई सत्य मानेर विषयादिको मात्र कर्म गर्दा (त्यसैको फलरूपमा) नै मुहुर्मुहु शरीर धारण गरेर रोग-व्याधि विपत्ति एवं जन्म-मरण आवागमन बन्धनको भोक्ता बनिरहनुपरेको रहेछ। अब यदि वर्तमान मानव जीवनमा विवेक र सत्साधनद्वारा स्वरूप ज्ञानको प्राप्ति भएर सम्पूर्ण अघ-अवगुणको परित्याग गरिदियो भने अखिल बन्धनको विनाश भएर मोक्ष हुने रहेछ' भन्ने दृढ़ ज्ञान हुन्छ।

यसकारण देहदेखि पृथक् चैतन्यस्वरूपको निर्णय भएको यो दिव्य ज्ञानले मानवलाई परम विवेकी, निर्मल ज्ञानी, सदाचारी, साधन-संयमशील, दृढ़व्रती, धर्मनिष्ठ पाप-पुण्यको विशेष विचारक, कर्म फल भोगको ज्ञाता, सात्विक आचार निष्ठापरायण, हिताहित तथा हानि-लाभको संशोधक, प्रत्येक विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं ज्ञानको अन्वेषक, परम परीक्षक बनाइदिन्छ। यस प्रकार जीवनमा पूर्णरूपेण स्वच्छ शुद्ध पवित्र बनाएर आन्तरिक बन्धन एवं दुःखको मूल अज्ञानलाई विनाश पारी परमपद (मोक्ष) मा पुऱ्याइदिने हुनाले प्रस्तुत प्रबन्धको विवेक ज्ञान मानवलाई अत्यन्त हितकारक र महान् लाभदायक तथा अखिल मानव समाजकै संरक्षक र परम सहायक सिद्ध भएको छ।

तसर्थ अध्यात्म ज्ञानको पृष्ठभूमिमा जड़-चेतन, पुनर्जन्म कर्मफलभोग, बन्धन तथा मोक्ष, सदाचार इत्यादि रहस्यको नै सर्वाङ्ग विचार व्याख्या विस्तारपूर्वक भएको हुन्छ। तब त्यसलाई नै यथाविधि विचार गर्नु शुद्धरूपले सम्यक् समाधान गर्दै रहनु उच्चतम आदर्श हो, परम विवेक हो। एतावता यो विवेक दर्शन एवं ज्ञानको उद्देश्य उपर्युक्त शरीर र आत्माको वास्तविक पृथक्ता दर्शाएर जड़ाध्यास हटाई चेतनलाई मुक्त गराउनु हो। साथै यसबाट प्रबुद्ध एवं विवेकी समाजको सृजन गराई जन-जीवन-को सुख-शान्तिमय वातावरण तयार पारी मानवको नैतिक स्तरलाई उच्च बनाई सच्चा राष्ट्र निर्माण गर्न र देशको सर्वाङ्गीण विकास गर्नको निमित्त विशेष सहयोगी बनाउनु हो।

कथञ्च अझ यदि यसको विशेष गांभीर्यभावले मनन निदिध्यासन हुन सक्यो भने स्वरूपज्ञानमा पूर्ण धारणा बनाएर अपरोक्ष बोध एवं स्थिति नै प्राप्त गर्न सकेका खण्डमा त अभ्यन्तरमा अखण्ड ज्ञानको परम प्रकाश प्राप्त भएर स्थायी शान्ति मिल्नेछ र जीवन नै कृतकृत्य हुनेछ। किंवा अनुपम अक्षय लाभको उपलब्धि भएर समस्त मानसिक सन्ताप अशान्ति अतृप्ति आदि दुःख द्वन्दको क्रमशः अभाव हुनेछ। एतदर्थ यो चैतन्यस्वरूप ज्ञानको धारणाले मानवको सम्पूर्ण दुःखको नै सर्वथा (मूलतः) समाप्ति हुने हुनाले यथार्थमा यही नै संसारको दुःख मिटाउने सर्वोत्तम अमोघ उपाय हो। यस्तो श्रीमद्भागवत तथा सम्पूर्ण उपनिषद् एवं भगवद्गीता आदिमा वर्णन र विवेचन भएको—'इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्य परं मनः। मनसस्तु परा बुद्धिर्यो बुद्धे परतस्तु सः॥' यथा—'इन्द्रियदेखि परै मन छ, त्योदेखि बुद्धि नै पर। बुद्धिदेखि पनि परको, ज्ञानात्मा स्वस्वरूप परः।' [गीता, अ० ३। श्लो० ४२] र पुनः गीता त्रयोदश अध्यायको 'क्षेत्र-क्षेत्रज्ञ विभागयोग' को महत्वपूर्ण ज्ञानलाई यदि मनुष्यमात्रले ग्रहण गर्न सकेका पक्षमा यो मानव धरातल नै स्वर्ग बन्नेछ र मानवमात्र देवता (समान) बन्न जानेछन्, तब मानव जगतको उद्धार हुन तथा परम कल्याण हुन विशेष विलम्ब हुनेछैन।

तस्मात् कारणात् अध्यात्म ज्ञानको विशिष्ट प्रेरणा प्राप्त गर्न, मानव जीवनलाई यथासम्भव उन्नत बनाउन, मोक्ष इच्छुक अधिकारी जिज्ञासुलाई यथार्थ सत्य-सार वस्तुको महत्वपूर्ण लाभ सुझाउन, जीवको बन्धदशादेखि लिएर विदेह मोक्ष कैवल्यसम्मको स्पष्ट निर्णय बताउनको निमित्त यो 'विवेक मार्तण्ड' सद्ग्रन्थको रचना भएको छ। प्रस्तुत पुस्तक आकारमा सानै भए पनि यसको अभ्यन्तरको आदर्शता, गुणको विशिष्टता, लक्ष्य चिन्तनमा दक्षता, सम्पूर्ण वेद उपनिषद्को मूल निष्कर्षता, महान् सत्य स्वरूपको स्पष्ट निर्देशनमा निर्भीकता, यथार्थ शाश्वत तथ्यको निर्णय कथनमा उदारताको भावले भरिएको सद्ग्रन्थ हुनाले यसलाई 'विवेकमा मार्तण्ड समान छः' भन्नमा असमीचीन नहुने देखेर यस ग्रन्थको शुभ नाम पनि 'विवेक मार्तण्ड'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखेको छु। वास्तवमा यो ग्रन्थ कुन श्रेणीको हो र समाजलाई श्रेय साधनमा कत्तिको सहायता सम्पन्नता, संलग्नता तथा तत्परता एवं सार्थकता दिलाएर कुन योग्यता प्रदान गर्ने हो ? यसको विशेष मूल्यांकन त यसका परीक्षक सज्जन विद्वान विचारवान पाठकवर्गबाट नै हुनेछ, लेखकले त खालि प्रस्तुत गरेर समाजको सम्मुख एक उपहाररूपमा समर्पण गरिदिएको मात्र हो।

उक्त स्वरूपज्ञान प्रदायक, हृदयाभिराम प्रबोधक, आत्मदर्शनको शोध प्रबन्ध (वस्तुतः) मेरो आफ्नो स्वयंको उपज एवं कुनै कृति होइन [यसमा म त केवल सार निर्णयको सद्रहस्यलाई एकत्र गरी पुस्तकाकार रूपमा लेखिदिने निमित्त मात्र हुँ]। यो त वीतराग, तपोधन, विवेकी सन्त महापुरुषको अनुभूति हो, आदर्श परम्पराको दिव्य विभूति हो, सर्वशिरोमणि ज्ञानको निधि हो, बोधदाताको कृपा प्रसादद्वारा वहाँकै सदा संस्मरणार्थ मिलेको स्मृति हो, भिक्षुकलाई नासोको रूपमा राख्न भनेर दिइएको ज्ञानको सम्पत्ति हो, आफ्नो र अरूको (अधिकारी मानव समाजको) हित-कल्याण गर्न भनेर उपलब्ध भएको परमार्थको अविचल समृद्धि हो।

यस्तो महान् रहस्यलाई यसरी सरलरूपमा प्रमाणपूर्ण रीतिले अंकित गरेर समाजको समक्ष प्रस्तुत गर्न लेखकबाट हुन सक्ने कार्य थिएन। किनकि आर्ष साहित्यको बृहद् ग्रन्थ वेद, उपनिषद् तथा ऋषिप्रणीत षड्दर्शन एवं अन्यान्य सर्व दर्शन र गीता तथा भागवतरूपी अगाध रत्नाकरमा प्रवेश गर्नु र त्यसमा रहेको सम्पूर्ण सारासारलाई छान-बीन गरेर मन्थन गर्नु, पुनः त्यसको भित्री तहमा प्रच्छन्नरूपले रहेको सत्यसार श्रेयपदरूपी रत्नराशिको प्रमाणलाई निकाल्नु, सहजमा हुन सक्ने कार्य होइन। यो त मेधा र विद्वत्ताले विभूषित भएका विवेकी ज्ञानी महापुरुषहरूको मात्र पहुँचको कुरा हो। एतावता गहन शास्त्रादिको अध्ययन र सत्साधनयुक्त गांभीर्य अवगाहनविना शीघ्र उपलब्ध भएर सम्पन्न हुन सक्ने कार्य पनि कदापि होइन। यो सब उपरोक्त सम्बल र योग्यताको समन्वय मिलाएर गरिएको कार्य होइन। किनभने लेखकमा उपयुक्त कुनै योग्यता छैन। वरन् यसको सम्पूर्ण श्रेय त परम त्याग र तपका प्रतीक, विवेक र वैराग्यका आदर्श स्वरूप, दिव्य ज्ञानका मूर्ति, एकमात्र सद्गुरुदेवलाई नै छ, जसको परमकृपा र असीम अनुग्रहको आधारमा लेखक जस्तो अल्पज्ञ व्यक्तिले पनि वहाँको अपार ज्ञानोदधिमा अवगाहन (स्नान) गर्ने मौका पायो। महापुरुषको सन्निकटमा रहेर सत्सङ्ग समागमको लाभ भेट्टायो। पुनः वहाँकै परम प्रेरणादायी आशीर्वचनद्वारा प्रस्तुत आत्मज्ञानविषयक पुस्तक लेख्ने शक्ति र अनुमति पाएको हो। यस प्रकार प्रथम आफूले ज्ञानको श्रवण-मनन गरेर पुनः आफ्ना नेपाली प्रबुद्ध धर्म समाजलाई पनि यो स्वरूप—ज्ञानको रहस्य बुझ्न सुगम होस् र सबैको हित-कल्याणमा विशेष सहायता प्राप्त होओस् भन्ने उद्देश्यले त्यही आत्मज्ञानको रहस्य प्रकरण बद्धरूपले संकलन गरी विशेष शास्त्रादिको प्रमाण पनि स्थान स्थानमा दिएर यथामति लेख्ने प्रयत्न गरेको हुँ। यसको मनन चिन्तनले समाजलाई आत्मशान्तिमा केही सहयोग प्राप्त हुन सक्योभने म आफ्नो ग्रन्थ प्रणयनको परिश्रमलाई विशेष सफल भएको संझनेछु।

सत्यासत्यको निर्णय ज्ञान बताउने र शाश्वत सनातन तथ्यको बोध दृढ़ाउने यो 'विवेक मार्तण्ड' पुस्तकमा विशेष चैतन्यस्वरूप ज्ञानको नै विस्तारपूर्वक वर्णन भएको छ। त्यसको साथ-साथै ठाउँ-ठाउँ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा प्रायः आचारको पनि विशद् एवं तात्त्विक विवेचन छ। आदिमा ग्रन्थको मूल उद्देश्य र प्रयोजन पुनः त्यसबाट उपलब्ध हुने लाभको दिग्दर्शन इत्यादि उपोद्घातमा समाहित छ। सम्पूर्ण ग्रन्थलाई तीन खण्डमा विभाजित गरिएको छ। प्रथम खण्डमा जम्मा पाँच प्रकरण छ। त्यसमा प्रथम प्रकरणमा जड़ र चैतन्यको पृथक्-पृथक् निर्णय, पुनः तिनका विभिन्न गुण-धर्मको वर्णन गरेर क्रमशः शरीर, इन्द्रिय, मन, प्राण आदिको व्याख्या गर्दै त्यसदेखि सर्वथा भिन्न चैतन्यस्वरूपको ज्ञान गराइएको छ। पुनश्च शून्यवादको निराकरण भएको छ, जुन शून्यको स्थितिमा पुगेपछि अनेक साधकहरू त्यसैमा तद्गत (लय) भएर व्यामोह हुन्छन्, त्यसको चित्रण गर्दै त्यो शून्यको सम्यक् परीक्षा गराई वास्तविक स्थिति बताइएको छ। द्वितीय प्रकरणमा चैतन्यस्वरूप बोधको यथार्थ परिचय गराउँदै परमपद प्राप्तिको भेद बताउँदै गुरु-शिष्यको सम्वादद्वारा अजर अमर अखण्ड अविनाशी स्व-स्वरूपको अपरोक्ष ज्ञान लखाइएको छ। जसलाई अनेक उक्ति-युक्तिसहित प्रत्यक्ष घटित उदाहरणहरू र उपनिषद्का उच्चकोटिका दार्शनिक मूल-मन्त्रहरूको प्रमाण दिएर प्रकाश पारिएको छ। तृतीय प्रकरणमा शुद्ध स्वरूप चैतन्यको गुण-धर्म एवं लक्षणको वर्णन भएको छ, जसमा चैतन्यको अमरता र अखण्डताको सोदाहरण विवेचन छ। चतुर्थ प्रकरणमा बोध-निष्ठाभाव स्तोत्र र स्वरूपज्ञान नै सर्व शिरोमणि ज्ञान हो भन्ने कथन छ। पञ्चम प्रकरणमा चैतन्यको सत्य स्वरूपभित्र कुनै दुःख-सुख, हानि-लाभको विकार नभएको निरूपण छ, जसको विशेष मनन-निदिध्यासनले मानसिक व्याधि मेटाउन-मा जिज्ञासुलाई बल मिल्नेछ। किञ्च द्वितीय खण्डमा षष्ठ प्रकरणदेखि द्वादश प्रकरणसम्मको दृश्य छ। सो उक्त षष्ठ प्रकरणमा चैतन्य जीवको [जाग्रत स्वप्न सुषुप्ति बाल, तरुण, वृद्ध, भूत, भविष्य, वर्तमान इत्यादि सब अवस्था, सब काल, सब समयमा एकरस रहेको निर्णय छ र साथै शाश्वत सत्यको आठ प्रमाणले प्रतिपादन छ। सप्तम प्रकरणमा तत्त्ववाद, जड़वादलाई, खण्डन गर्दै चेतन्यलाई कार्य-कारण देखि तथा अंशांशी भावदेखि एवं उत्पत्ति र लयको भावदेखि रहितको सनातन पदार्थ सिद्ध गरिएको छ। अष्टम प्रकरणमा भूल-अज्ञानको रूप छर्लङ्गयाउँदै जसको कारणबाट चेतन जीवलाई देहधारण गरेर दुःख पाउनुपरेको छ, त्यसको स्पष्टीकरण गरिएको छ। नवम प्रकरणमा चैतन्य जीवको र शरीरसंग-को सम्बन्धको रहस्य जनाउँदै त्यो सम्बन्ध (बन्धन) को ज्ञानद्वारा विच्छेद हुने प्रसङ्ग मनन भएको छ, साथै चैतन्य जीव जसरी अक्रिय र निराधार छ, त्यसको पनि प्रभावपूर्ण रीतिले प्रयोग भएको छ। दशम प्रकरणमा चैतन्यको सर्वोपरि महत्ताको सारगर्भित र मार्मिक रूपले चित्रपट खोलेर देखाइएको छ, जसको अन्तर्निहित सत्यको दर्शन अवश्यम्भावी छ किमपि निर्णय दर्पणमा त यस्तो निर्मल बोध-विचार-को समावेश छ कि जसमा कुनै पनि विवेको अन्वेषकलाई सब मत, पंथ, ग्रन्थ, सम्प्रदाय एवं सिद्धान्तको निरूपक, समर्थक, परम परीक्षक, पारखस्वरूप सार तथ्यलाई स्पष्ट बुझ्न र विचार गर्न धेरै अलमलिई रहनुपर्दैन। एकादश प्रकरणमा विवेक नै परम सम्पदाको निधि बताएर त्यसैको परम प्रकाशमा 'स्व' लाई साक्षात्कार गर्नु र त्यसैमा सम्यक् प्रतिष्ठित हुनु नै सर्वोच्च परमपदलाई प्राप्त गर्नु हो भन्ने विवरण दिएर साथै जीवनमा जड़ाध्यासलाई सर्वथा निवारण गरिदिनु नै मुमुक्षुको प्रधान कर्त्तव्य सुझाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादश प्रकरणमा अन्तरङ्ग धारणा अर्थात् आत्म निरीक्षण साधना निष्ठाको निर्देशन छ, जहाँ दृश्य सम्पूर्ण वासनालाई मिथ्या दुःखरूप संझेर शम-दम साधना तथा परीक्षाद्वारा हटाउँदै गएपछि मनोनिग्रह भएर शान्ति स्थिति प्राप्त हुन्छ। त्रयोदश प्रकरणमा पारख समाधिको निर्मल धारणा दर्शाइएको छ, जसको अभ्यास भएपछि वासना भस्मसात् हुन्छ। अपरञ्च तृतीय खण्डमा चतुर्दश प्रकरणदेखि विंश प्रकरण-सम्मको विस्तार भएको छ। चतुर्दश प्रकरणमा क्रियमाण, संचित, प्रारब्ध, यी तीन कर्मद्वारा नै त्रिविध तापरूप देहको निर्माण भएर जीवलाई कष्ट-क्लेश सहँदै आउनुपरेको हो, सो स्वरूपज्ञानद्वारा क्रियमाणको अभाव र संचितको विनाश भएमा प्रारब्ध भोग समाप्त हुनासाथ परमपदमा स्थिति मिल्दछ, त्यसको संकेत गरिएको छ। सप्तदश प्रकरणमा मोक्षको अखण्ड निश्चय गराएर मोक्ष हुने सर्व साधन सामग्री आदि बीस उदाहरणद्वारा दिएर पूर्ण समर्थन गरिएको छ। षोड़श प्रकरणमा जीवन्मुक्त ज्ञानी पुरुष (स्थितप्रज्ञ) को गुण-लक्षण रहस्यको आलोक छ जसको अनुशीलन अनुकरणले मानवलाई असली शान्ति मिलेर जीवन सफल हुनेछ सो उपाय बताइएको छ। सप्तदश प्रकरणमा स्व-स्वरूपनिष्ठ सद्धारणासम्पन्न जीवन्मुक्त ज्ञानी पुरुषलाई प्राप्त हुने विदेहमुक्ति स्थिति महान् लाभलाई सुन्दर सरल ढङ्ग ले इंगित गरिएको छ। जसको हृदयंगमबाट प्रकृतिस्थ मानवलाई प्रकृति पार हुन सक्ने स्मृति र शक्ति प्राप्त हुनेछ। अष्टादश प्रकरणमा इष्ट उपकार संस्मरण अर्थात् परा विद्यारूप स्वरूपबोधदाता इष्टको निर्णय र वहाँबाट मानव जगतलाई मिल्ने सहायताको उद्धरण छ। एकोनविंश प्रकरणमा परम उपकारी गुरुदेव-को विशेषता तथा परमार्थ पथ-प्रदर्शकको अनिवार्य आवश्यकता एवं अखण्ड अक्षय दान दिने गुरुको महत्ता इत्यादिको आदर्श संस्थापित छ। विंश प्रकरणमा सर्वश्रेष्ठ इष्ट र गुरुको वरण चयन, निष्ठा-उपासना आदिको पुनीत भावना बयान गर्दै आ—आफ्ना इष्ट-गुरुको अनेक देव-देवता, ऋषि-मुनि, राजा-महाराजा, सबैले सेवा पूजा उपासना गर्दै आएको उदाहरण दिएर ग्रन्थको उपसंहार गरिएको छ। अन्त्यमा उद्बोधन-द्वारा जीवनमा शीघ्रातिशीघ्र चेतेर जागेर आफ्नो महान् उद्धार गर्न कटिबद्ध हुनुपर्ने सदुपदेश-(सादर सप्रेम) दिएर ग्रन्थ समाप्त भएको छ।

एवं रीतले ग्रन्थको मुख्य आशय अत्यन्त निर्मल तथा सत्यले प्रेरित भएकोले र साथै यसको विषय एवं वर्णन शैलीलाई पनि भरसक बोधगम्य तुल्याउने प्रयत्न गरिएको हुनाले प्रायः यसको मनन-चिन्तनबाट पाठकवर्गलाई अनुपम सुख सन्तोष र शान्ति प्राप्ति हुने संभावना छ। यसकारण यो पुस्तकको अध्ययन अनुशीलन गर्दा विशेष निष्पक्षता एवं निर्मानताको धारणालाई अधिक सहयोगी बनाएर प्रेम-पूर्वक अवलोकन गरेका खण्डमा यथार्थ सत्यपदको ज्ञान अवश्यमेव हुनेछ।

अध्यात्मविषयक ज्ञाननिष्ठाको पुस्तक कुनै व्यक्ति या वर्गविशेषको निमित्त मात्र नभएर समस्त देशवासी जन-समाजकै लागि उपयोगी बनाउनुपर्ने भएकोले र पुनः सबैको अज्ञान दुःख बन्धनको निवृत्ति गराउन पनि यथाशक्य सहयोग दिनुपर्ने हुनाले प्रस्तुत प्रबन्धमा भाषाको जटिलता र क्लिष्टतालाई सकेसम्म हटाउने उपाय गरिएको छ। किनकि अधिकांश साहित्यिक कठिन-कठिन शब्दको प्रयोग भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकबाट जिज्ञासुलाई बोध हुन मुश्किल पर्दछ। तसर्थ सर्वसाधारण [बाल वृद्ध वनितादि ग्रामीण] जनको-पनि हितलाई ध्यानमा राखेर सबैले बुझ्न सक्ने गरी सरल नेपाली भाषामा पुस्तक लेखिएको छ।

दर्शनका विविध पुस्तकहरूमा प्रायः केही महत्वपूर्ण रहस्यले अलंकृत आ-आफ्ना विभिन्न परिभाषाहरू हुन्छन्। त्यस्ता ती विशिष्ट शब्दहरूको अर्थ पनि गांभीर्य भावले र सत्यले समादृत भएका हुन्छन्। एवं रीतले यो 'विवेक मार्तण्ड' ग्रन्थमा पनि केही मौलिक शब्दहरू समावेश भएका छन्। त्यसमध्ये विशेष 'पारख' शब्दको यत्र तत्र प्रयोग भएको छ। सो 'पारख' भनेको आफ्नो अन्तरात्मामा रहेको परीक्षा दृष्टि हो, विवेकको दिव्य कसौटी हो। [जस्तो सुवर्णलाई अग्निमा तताएर अथवा ढुङ्गामा घोटेर नै यथार्थ परीक्षा गर्दछन् त्यस्तै] समस्त ज्ञान एवं विचारलाई अन्वेषण एवं परीक्षण गर्दै रहने र सोही परीक्षाद्वारा सत्य ठहरेकोलाई मात्र महत्व दिने। कदाचित् निर्णय एवं विवेक गर्दा जुन ज्ञान-विचार सत्यरूपले प्रमाणित भएन भने त्यसलाई निस्सार मिथ्या जानी पञ्छ्याइदिने, यस्तो ज्ञान एवं विवेक जसबाट हुन्छ, त्यही 'पारख' हो। त्यो 'पारख शब्द' संस्कृत वाङ्मयको 'पारीक्षक' शब्दको अर्थरूपमा अनुवाद भएर उपलब्ध भएको हो। जस्तो संस्कृत शब्दको 'गोरक्षनाथ' नामबाट अपभ्रंश भएर 'गोरखनाथ' भयो। 'गोरक्षभूमि' लाई 'गोरखा' भन्ने प्रचलन चल्यो। अझ त्यसको शीघ्र उच्चा-रणमा 'गोर्खा' बन्यो। यस्तै 'सन्त' शब्द पनि सत्कै अपभ्रंश हो। जसमा किञ्चित् अर्थको परिवर्तनभएर— शील, विनय, समता, सरलता सम्पन्न, साधुपुरुष अथवा सत्यको प्रतिष्ठालाई जानेर त्यसैमा जो प्रतिष्ठित छन्, शाश्वत-पदमा सन्तुष्ट र शान्त छन् या सत्यको सम्यक् द्रष्टा छन्, तिनै सन्त हुन् इत्यादि। यस्त संस्कृत शब्दावलीमा 'परीक्षा, परीक्षण, परीक्षक, पारीक्षक' यी सब व्यवहृत छन्। जसको अर्थ हुन्छ-'परीक्षा-कुनै व्यक्ति या वस्तुको गुण-धर्म, आचार, स्वभाव, योग्यता, सामर्थ्य, आदिको जानकारी प्राप्त गर्नु, ठीक अन्वेषण गर्नु, विवेकद्वारा थाहा पाउनु। एवं रीतले 'परीक्षण' परीक्षा गर्ने क्रिया, साधनादि। 'परीक्षक' पर्खने, परीक्षा गर्ने सुयोग्य अनुभवी मानिस। त्यस्तै 'पारीक्षक' भनेपछि सारासारको निर्णय गर्ने, तौल-नाप गर्ने, तजबिज गर्ने, अड़कल गर्ने परमविवेकी व्यक्ति। तब यही 'पारीक्षक' शब्द शीघ्र र सुन्दर रूप तुल्याउन तथा स्पष्ट एवं बोधगम्य बनाउन रूपान्तर भएर 'पारख' नामले अंकित भएको छ। जस्तो 'नारायण' को शीघ्र उच्चारणको निमित्त 'नारान्' भयो। 'तुलसी' को तुल्सी र 'गोक्षुर' को गोखुर भयो। पुनश्च-जस्तो 'क्षेमराज' शब्दको खेमराज भयो। 'शीर्षस्थ' सम्मेलनको 'शिखर' सम्मेलन भयो। 'शङ्कर' शब्दको मौखिक उच्चारणमा 'शंखर' सम्म पनि भयो त्यस्तै 'पारीक्षक' को 'पारख' भएको हो।

संक्षेपमा पारख शब्दको स्पष्ट व्याख्या यही हो कि 'जुन परीक्षा अर्थात् विवेक अन्य कुनै जड़ पदार्थ आदिबाट हुँदैन, केवल जसबाट मात्र अखण्ड हुन्छ र अनवरत भइरहेछ [त्यसमा दृष्टि दिनु आवश्यक छ] त्यही सबको पारख गर्ने स्वयं परीक्षक, ज्ञाता, ज्ञानस्वरूप, नित्य-सत्य साक्षात् निजस्वरूप हो, त्यही अजरामर चैतन्यस्वरूपको बोधमा स्थित रहने पारखी हो।

यो चैतन्यज्ञान निर्णायक 'विवेक मार्तण्ड' पुस्तक लेखिएर यसको पाण्डुलिपि मात्र तयार हुन के लागेको थियो, सत्सङ्गमा आउने सज्जन भक्तवर्गलाई यसको बीच-बीचको प्रसङ्गको एक-दुई प्रकरण सुना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उँदैमा ज्ञानपिपासु श्रोता धर्म-प्रेमीहरूको आग्रह हुनलाग्यो कि 'यसको शीघ्र प्रकाशन भए हामीहरूलाई अवलोकन-मनन गर्न सुलभ हुने थियो।' यद्यपि यो पुस्तकलाई यथाशीघ्र प्रकाशन गर्ने मेरो (आफ्नो) विचार थिएन। यसमा अझ गंभीर चिन्तन मनन गरेर अन्य उपयोगी अंश तथा भावपूर्ण सामग्रीहरू थप्ने-मिलाउने विचार थियो। त्यसमा सज्जन मुमुक्षुहरूको चाँड़ै छपाउने एक त प्रेमाग्रह, दोस्रो पुस्तक बृहदाकार भएमा प्रकाशन कार्यमा पनि व्ययभार विशेष पर्न जाने र सामान्य स्तरबाट मुद्रणसम्बन्धी व्यवस्था मिलाउनै कठिन पर्ने संभावना देखिएकोले अहिले लेखिएको जति नै मुद्रण होस् भन्ने विचार भएर यो सत्वर प्रकाशन हुन आएको हो। यस प्रकार ज्ञानाभिलाषी भक्तहरूको सद्ग्रन्थ प्रकाशन गर्ने आग्रह-उत्कण्ठाको समुच्चयले नै वर्तमानमा काशी आएर ग्रन्थ प्रकाशनको कार्यारम्भ हुन गएको हो।

एतावता प्रस्तुत स्वरूप ज्ञानको सद्रहस्य परिचायक यो पुस्तकको विविध वाक्य रचना आदिमा, पुनः विषय र वर्णन शैलीको अभिव्यञ्जनामा तथा अन्य भावपूर्ण विचारको संकलन समावेश गराउनमा, साथै ग्रन्थको सर्वाङ्ग भावलाई स्पष्ट छर्लङ्ग्याउनमा— जे जति कमी रहेको छ, दृष्टिदोष भएर त्रुटि एवं अशुद्धि हुन आएको छ, सो सब लेखककै तर्फको असावधानीले हुन गएको हो भन्ने बुझ्नुपर्दछ। यसको अतिरिक्त यसमा भएको जे जति विशेषता तथा निर्णय विवेकको महत्ता आदि सामग्रीको सुन्दर सङ्गमले निर्मल ज्ञान-सरिता धारा प्रवाहित भएको छ, सो सब बोधक गुरुदेवबाट मिलेको प्रसाद हो भनी निश्चय गर्नुपर्दछ।

प्रस्तुत पुस्तक निर्माण गर्दा जुन-जुन महापुरुषहरूको मौलिक रचनाद्वारा सहायता प्राप्त भएको छ, साथै संस्कृत वाङ्मयको सर्वोच्च वेद, उपनिषद, षड्शास्त्र तथा गीता, भागवत, रामायण एवं पुराणादिको प्रमाणहरू यसमा जे जति प्रवेश भएका छन्, अरू पनि यत्र-तत्र पाइएका अनेक पुस्तकादिको अध्ययन अनुशीलनद्वारा उपलब्ध भएका विचारहरू यसमा समावेश भएका छन्, पुनः जुन-जुन सन्त महापुरुषहरूका सत्सङ्गादि सहायताद्वारा प्रस्तुत प्रबन्ध लेख्नमा बल मिलेको छ, त्यस्ता ती पुरुषोत्तम सन्त महात्मा तथा उपर्युक्त सद्ग्रन्थका निर्माता ऋषि-मुनि, महर्षि, तपस्वी, ज्ञानी, ध्यानी, विवेकी, मनीषिहरूको लेखक सदा सदा आभारी छ। यसमा सबभन्दा विशेष सहायता बोधक गुरुदेवको छ, जसको महान् कृपाद्वारा सर्वोत्कृष्ट अजरामर अमृतपद [स्व-स्वरूपको बोध] प्राप्त भएर यस विषयमा लेखनी उठाउन सकिएको छ। अतएव यस्ता चैतन्य बोधका प्रदाता यस सद्ग्रन्थका प्रेरणास्रोत सद्गुरु श्री विशालदेवको लेखक सदा ऋणी छ, जसको असीम अनुकम्पा र अनुपम वरदहस्त कृपा-प्रसादकै आधारमा यो पुस्तक यस रूपमा तयार हुन आएको हो।

पुनश्च—आफ्नो अमूल्य समय दिएर यस पुस्तकको पाण्डुलिपिलाई आद्योपान्त हेरी भाषा विषयमा संशोधनको सहयोग गर्ने नेपाली भाषाविद् प्राध्यापक पं० भेषदत्त पन्तलाई सधन्यवाद शुभाशीर्वाद प्रदान गर्दछु। पुनः काशीनिवासी मेरा आत्मीय सुहृद् पं० सागरमणि आ० दी० ज्यूलाई पनि सप्रेम-सादर धन्यवाद प्रदान गर्दछु, जसको यस पुस्तक प्रकाशनमा अधिक सहयोग प्राप्त भएको छ। वाराणसीमा मुद्रण-प्रकाशन-सम्बन्धी सर्व-व्यवस्था मिलाउने र प्रूफ संशोधनादि समस्त कार्य सम्हाल्ने वहाँले नै गर्नुभएर 'परोपकाराय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सतां विभूतयः' को उदाहरणलाई चरितार्थं गर्नुभएको छ। यसकारण वहाँको यो पुनीत कार्य अत्यन्त प्रशंसनीय छ। फेरि यस पुस्तकको प्रकाशनसम्बन्धी कार्यमा आवश्यक र उचित सहयोग गर्ने धर्मप्रेमी मुमुक्षु पं० मणिराज पौड्याललाई र अर्का सज्जन भक्त पं० गोपालप्रसाद ढुंगेललाई पनि विशेष धन्यवाद र शुभाशीर्वाद प्रदान गर्दछु। पुनः मेरा विशेष निकटवर्ती सहयोगी सज्जन नेपाल साझा प्रकाशनका प्रधान व्यवस्थापक श्रीयुत नरेन्द्रविक्रम पन्तज्यूलाई पनि विशेष हार्दिक धन्यवाद शुभाशीर्वाद प्रदान गर्दछु।

पुनश्च-यस ग्रन्थको मुद्रण-प्रकाशन वाराणसीबाट भएको हुँदा, वाराणसी मुद्रणालयका सर्व कार्यकर्ता नेपाली भाषादेखि अत्यन्त अनभिज्ञ रहेका हुनाले मुद्रण व्यवस्थामा विशेष ध्यान दिएर व्यवस्थित तुल्याउन कोशिश गर्दा र प्रूफ-संशोधनादि कार्यमा अत्यधिक सावधानी राख्दा पनि अक्षरादिको यत्र-तत्र अशुद्धि त्रुटि रहन गएको छ। मुद्रण यन्त्रमा छाप्ताछाप्तै पनि वर्ण-व्यञ्जनादि टाइपहरू उछिट्टिएर या भाँच्चिएर पनि कतै न्यूनाधिक भएको अथवा कतै लोपै समेत हुन गएको छ। त्यो अपूर्णताको निमित्त यद्यपि शुद्धाशुद्धि पत्र पनि दिइएको छ, तथापि यस पुस्तकमा रहेका सबैजसो भूल, दृष्टिदोष, त्रुटि, अशुद्धि आदि लेखककै तर्फका ठानी सबै विचारवान पाठकहरूले उपरोक्त विवशतालाई बुझेर कृपया क्षमा प्रदान गर्नुहुनेछ तथा यसमा भएको योग्य र उचित विचारलाई (हंसवत् सारग्राही भएर) आफ्नो जानी ग्रहण गर्नुहुनेछ, भन्ने लेखकको विनम्र निवेदन छ।

अलमतिविस्तरेण किंबहुना बुद्धिवर्येषु, इतिशम्

सुहृदसन्तसज्जनानां कृपाकाङ्क्षी—
भवदीय—सन्तशरण

वाराणसी—मकरसंक्रान्तिः
विक्रमीय २०३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मू० रु ५००।—

किञ्चित् वक्तव्य

यो 'विवेक मार्तण्ड' दार्शनिक पक्षमा प्रकाश पार्ने पुस्तक हो, सत्यपदको प्राप्ति निमित्त उपलब्ध भएको विशिष्ट शोध प्रबन्ध हो। नेपालको निर्मल नभको क्षितिजमा एक नवोदित ज्वलन्त नक्षत्रको रूपले सम्मुख (प्रकट) भएको स्वतन्त्र वैचारिक चिन्तनको प्रकाश पुञ्ज हो। सत्यको सम्यक् द्रष्टा एवं मननशील मनीषिहरूबाट साधन-संयमसहित सत्यासत्यको विशेष अन्वेषण गर्दा प्रस्फुटित भएको रहस्यात्मक अमूल्य निधि हो। अतः यस्तो शोधको सन्दर्भमा अनुसन्धानको पृष्ठभूमिमा संसारको मूल तत्त्व [प्रकृति पुरुष] कै यथार्थ विवेचन र वर्गीकरण गरेर सम्यक् परीक्षाद्वारा प्राप्त भएको ज्ञानोपलब्धिमध्येमा सबको शोधक अर्थात् परीक्षाकर्ता स्वयं परीक्षकको समेत निर्णायक परिचय दिने प्रस्तुत पुस्तकमा एक नवीन दार्शनिक दृष्टिकोणको निरूपण भएको छ। विवेक तथा ज्ञानको प्रक्रियामा मुख्य ध्येयलाई नै मूल केन्द्रविन्दुमा स्थापना गरेर त्यसैको परिपुष्टिको निमित्त समस्त प्राप्त सामग्रीलाई एकत्र गरी यथासंभव सुसंयोजनद्वारा सार रहस्यको आपाततः प्रतिपादन गरिएको छ। त्यसैमा विविध भाव विचारद्वारा अनेक प्रमाण तथा उदाहरण एवं दृष्टान्तादिको योजना समन्वित गराई विस्तारपूर्वक व्याख्या भएको छ। परिणामतः ग्रन्थको चिन्तन शैलीको सीमामा निर्मल विवेकलाई समाहित गरेर त्यसको विशिष्ट दार्शनिक पक्षको उद्घाटन गरिएको छ। परम्परागत सम्पूर्ण दार्शनिक वैविध्यको बीच मुख्य विचारान्वितिलाई नै कायम राखेर सर्वोच्च शाश्वत सत्यकं वास्तविकतालाई छर्लङ्ग्याइएको छ। समस्त अध्यात्म दर्शनको परिप्रेक्ष्यमा विवेक अर्थात् परीक्षा साधनलाई नै प्रधानता दिएर सूक्ष्म सनातन तथ्यलाई नै सर्वशिरोमणि प्रतिपाद्य र ग्राह्य तुल्याई स्पष्ट सार्वभौम एवं स्वतन्त्र निर्देशन भएको छ। यस प्रकार प्रसङ्गको सलिल प्रवाहमा सद्विचारको धारावाहिक अनुभवले जति-जति विशिष्ट भूमिका खेल्दै गएको छ, त्यहाँ त्यत्तिकै मनन-चिन्तन तथा निष्पक्ष गम्भीर अन्वेषणले असाधारण र अलौकिक दिव्य आलोक दिंदै गएको छ। एतावता सत्यान्वेषक निर्मल विवेकी सन्तहरूको यो एक अत्यन्त सुलझेको विषय हो र अपरोक्षानुभूति हो। यसमा पूर्वापरका कुनै संशय, विपरीत तर्क, परम्परागत भ्रम मान्यता आदिलाई स्थान नदिएर त्यसमा लस-पसको लेश नराखेर (कतै नमुछिएर नअलमलिएर) परिष्कृत र परिमार्जित, सारगर्भित तथा मार्मिक, सत्यतात्विक एवं निश्चित, निःसन्दिग्ध, निर्धारित मूल-मुख्य सद्रहस्यकै निर्भीक उद्घाष गरिएको छ। पुनः त्यसको सम्पादन र सम्वर्द्धनको निमित्त अत्यन्त आवश्यक आचार पक्षको पनि यथोचित उद्गार गरिएको छ। साथै विवेकद्वारा विसङ्गति बनेको विपक्ष विषयलाई बहिष्कार पनि गरिएको छ। किञ्च शोधप्रसङ्गमा तथ्यको पुनर्व्याख्या तथा निर्णायक समीक्षाको पनि नितान्त सम्मेलन हुन्छ। यसलाई पुनरुक्ति र पुनरावृत्ति नसम्झेर वरन् विषयसँग साक्षात् सम्बन्ध गराउने अन्तरपट खोलेर अपरोक्ष बोध प्रदान गर्ने परिपूर्ण सम्बल एवं परम सम्पदा नै मान्नुपर्दछ। किनकि श्रुतिले पनि जसलाई 'यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह।'—अर्थात् जहां मन बुद्धि वृत्ति वाणीको पहुँच (गम) छैन, पुग्न सक्तैनन् र सब फर्कैरै आउँदछन्, भनेको छ। पुनश्च—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यद्वाचा नाभ्युदितं येन वागभ्युद्यते ।' [केनोपनिषद्, खण्ड १। मन्त्र ४] -अर्थात् जो वाणीद्वारा प्रकाशित हुँदैन र जसद्वारा वाणी नै प्रकाशित हुन्छ, भनी अतर्क्य विषयको महिमा प्रकट गरेको छ त्यस्तो अनुभवैकगम्य सर्वोच्चसार स्वसंवेद्य मूलतत्वलाई विशेष स्पष्ट वर्णन र बृहद् व्याख्या नगरी दुस्तर दुरूह एवं दुर्गम विषय कदापि सुलभ हुन नसक्ने हुनाले [यिनै सब तिरोहित रहेका परिधान हटाउन] विषयलाई बोधगम्य तुल्याउन सरलताकै समावेशको परमावश्यक परेर 'बहुजनहिताय बहुजन सुखाय' मा दृष्टि राखेर प्रबन्धको निर्माण भएको छ। तसर्थ मूल मुख्य तथ्यकै स्पष्टीकरण गर्न प्रयोग गरिएको शब्दावली रहेछ भन्ने बुझेर पुनरुक्ति हुने व्यवधानको भयलाई पाठकवर्गले पनि परित्याग गरी मुख्य आफ्नो उद्देश्यलाई नै सफल पार्नमा नै संलग्न हुनुपर्दछ, तब नै प्रतिपाद्य विषयको साक्षात् हुन संभव छ। यसकारण निज श्रेय साधन-साध्यका निमित्त बुद्धिमान् मुमुक्षुवर्गले— दार्शनिक विचारधाराका सार शब्दलाई, केवल शब्दावली मात्र नठानेर विशेष कल्याणकारी विविधविरुदावली नै मान्नुपर्दछ। किंवा यस्तो सार रहस्यको प्रतिपादन र पुनर्व्याख्याले मानवको हृदयमा चेतना दिलाई [मोहअज्ञानबाट, ब्यूँझाई] विचार सूत्रमा वृत्ति परिणत गराइदिन्छ, साथै अन्तर्निहित शाश्वत सत्य (परमपद) को अन्तर्दर्शन गराउन बल प्रदान गर्दछ। यसकारण प्रस्तुत शोध-साहित्यको निर्णय-सिन्धुमा अवगाहन गर्दा सत्यान्वेषणकै धारणा बनाएर सात्विक सरलादि साधन-उपकरणहरू लिएर प्रवेश [सद्ग्रन्थावलोकन-मनन] भएमा सारग्राही सज्जनलाई यथार्थ सार सत्यको उपलब्धि नितान्त हुनेछ।

अस्तु—

निवेदक—लेखक

काशी—

बसन्तपञ्चमी

२०–३०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्ग्रन्थमा प्रकाशनमा प्रतिष्ठा

धर्मका विभिन्न कार्यहरूमध्येमा सत्साहित्यको प्रकाशन गराउनु पनि एक महत्वपूर्ण मुख्य कार्य हो जसको प्रचार र प्रसारले मानव जगतमा एक अलौकिक पारमार्थिक दिव्य सहायता प्रदान गर्दछ। पुनः जसको माध्यमबाट अनेकौं पथभ्रान्त मानवलाई सन्मार्गको निर्देशन हुन्छ जीवनको सर्वोच्च उद्देश्यको परिचय प्राप्त हुन्छ, नैतिक, धार्मिक, बौद्धिक, चारित्रिक गुणको विकास हुन्छ, विशुद्ध मानवताको प्राप्ति-भएर आत्मोद्धारको सत्पुरुषार्थमा मानव संलग्न हुन्छ। किंवा संसारको पुष्कल धन सम्पत्ति आदिले पनि दिन नसक्ने सुख सुविस्ता, शान्ति एवं स्वस्ति तथा हृदयमा अपार आनन्द उत्साह ज्ञानको विवेचना भएको सत्साहित्यले प्राप्त गराउँदछ र अनन्त हित-लाभको सम्पादन गर्दछ। अतएव त्यस्तो सर्वश्रेयस्कर एवं परमावश्यक सत्साहित्यको प्रकाशनको निमित्त आफ्नो नाशमान धनलाई यत्किञ्चित् मात्र भए पनि परमार्थ कार्यमा समर्पण गरेर निःस्वार्थ सेवा-सहायता गर्ने धर्मानुरागी भक्तवर्गहरू नै वास्तवमा सुयश र पुण्य दुवैका अधिकारी हुन् तथा प्राप्त अर्थलाई यथार्थ सदुपयोगमा लगाएर मानवताको आदर्श संस्थापित गर्ने हुन्। यस्ता उदारमना भक्त सज्जनहरूको धर्म कार्यमा सदा श्रद्धा-निष्ठा भइरहोस्, पुनः आजीवन सदा-चार सम्पन्न भएर अन्त्यमा परमपद भागी बनून्, यही लेखकको तर्फबाट सबै धर्म-प्रिय सज्जनवर्गलाई सादर-सप्रेम सधन्यवाद शुभआशीर्वाद प्रदान गर्दछु।

उक्त पुस्तक प्रकाशनार्थ यथाशक्ति अथ अर्पण गर्ने धर्मात्माहरूको शुभ नामावली :—

श्री वृद्धा माताजी
भक्त सूर्यकुमारी
,, चेतनकुमारी
,, हंसकुमारी
,, लेखकुमारी
,, लोककुमारी
,, ऋषिकुमारी
,, चीनीकुमारी
,, देवकुमारी र
,, छोरी नानीकुमारी
,, पद्मकुमारी
,, इन्द्रकुमारी
,, पवित्रकुमारी
,, सोमकुमारी
,, गोविन्दकुमारी
,, शर्मिलाकुमारी
,, केदारकुमारी

भक्त विवेकवती
,, गुणवती
,, सरलावती
,, समतावती
,, चीनीवती
,, मीरावती
,, तारावती
,, मेधा देवी
,, सुधा देवी
,, मुनिया देवी
,, शान्ति देवी
,, सोना देवी
,, मंगला देवी
,, राधा देवी
,, सुलोचना देवी
,, हरिमाया
,, आत्मारामकी आमा
,, रामकुमारकी आमा
,, शशिरामकी आमा
,, सरस्वती देवी
,, अम्बिका देवी

भक्त स्वर्गीया महारानी
,, श्री कृष्णकुमारी राणा
(वहाँके सुपुत्र)
,, श्री ज० सुरेन्द्रशमशेर
ज० ब० रा०
,, तथा श्री ज० मीनशमशेर
ज० ब० रा०
,, पं० ॐकारनाथ पन्त
,, पं० मणिराज पौड्याल
,, पं० गोपालप्रसाद ढुंगेल
,, कमलबहादुर
,, आत्माराम
,, टंकबहादुर
,, दिलबहादुर
,, अष्टबहादुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेक मार्तण्ड
को
अनुक्रमणिका
प्रथम खण्ड

	पृष्ठाङ्क
मंगलाचरण (गुरु वन्दना)	१
ग्रन्थको उद्देश्य (उपोद्घात)	७
प्रथम प्रकरण	
जड़ तत्त्वको संक्षेपमा निर्णय	८
जड़देखि चैतन्य पृथक् भएको निर्णय	११
देहधारी चेतन जीवको गुण-लक्षण	१३
शरीरदेखि चैतन्य सर्वथा भिन्न	१४
शरीरको वर्णन	१८
प्रकृति वर्णन	२०
दश इन्द्रिय विवरण	२२
अन्तःकरण चतुष्टय वर्णन	२८
सूक्ष्म शरीर रहस्य	३०
संक्षेपमा 'मन' को रूप वर्णन	३२
मन बन्दछ र पुनः विनाश हुन्छ	३५
शरीर, इन्द्रिय, मन, बुद्धिदेखि चैतन्य जीवपर छ	३६
प्राण प्रसंग	३९
चैतन्य जीव प्राणदेखि पनि भिन्न अष्ट प्रमाणले वर्णन	४०
प्राणदेखि पृथक् आत्मा	४२
चैतन्य जीवको स्वरूप ज्ञान नेत्रले मात्र देखिने	४५
शून्यवाद निराकरण	४६
शून्यको परीक्षा	४९
द्वितीय प्रकरण	
चैतन्यस्वरूप बोधको सम्यक् मनन	५१
परीक्षा दृष्टिको आलोक	५१
परमपदको स्वरूप	५३
परमपद प्राप्ति	५४
स्व-स्वरूप निर्णय	५५
आत्मस्वरूप निरूपण	५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठाङ्क

तृतीय प्रकरण

शुद्ध स्वरूप चैतन्यको गुण-धर्म लक्षण वर्णन ६१
चेतनको अमरता ६६
चैतन्यको अखण्डता ६८

चतुर्थ प्रकरण

बोधनिष्ठा भाव-स्तोत्र ७०
चैतन्यस्वरूपको ज्ञान नै सर्वशिरोमणि ज्ञान हो ७५
दृष्टान्त अमूल्य मणिको प्राप्ति ७८
स्वरूप ज्ञानको लाभ नै महान् लाभ हो ८१
आत्मतत्त्व निरूपण ८३
अमर कहिले हुन्छ ? ८४
चैतन्य स्वरूपको बोधमा सदा स्थिर हुनु नै महान् पुरुषार्थ हो ८५

पञ्चम प्रकरण

चैतन्यको स्वरूप सर्व दुःखरहित शुद्ध छ ८७
आत्मज्ञानले अमृतत्त्वको प्राप्ति ८७
शरीर सम्बन्धमा दुःख हुनाको कारण तथा निवारण ९०
शोकनाशक उपाय मनन ९७

द्वितीय खण्ड

षष्ठ प्रकरण

चैतन्य जीवको स्वरूप एकरस वर्णन १०५
अविनाशी चैतन्य जीवको रहस्य तथा नित्यताको अष्ट प्रमाण १०८
,, ,, प्रथम प्रमाण १०९
,, ,, दोस्रो प्रमाण १११
,, ,, तेस्रो प्रमाण ११२
,, ,, चौथो प्रमाण ११३
,, ,, पाँचौँ प्रमाण ११४
,, ,, छैटौँ प्रमाण ११६
,, ,, सातौँ प्रमाण ११७
,, ,, आठौँ प्रमाण ११८

सप्तम प्रकरण

जड़तत्त्व पदार्थ चैतन्य होइन, यसदेखि चैतन्य सर्वथा पृथक् छ ११९
जड़वाद एवं तत्त्ववादको निराकरण ,,
चैतन्य जीव कारण-कार्यदेखि पृथक् छ १२३
कारण-कार्यको परिचय ,,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठाङ्क

चैतन्य जीव अशांशको भावदेखि पनि अतिशय रहित छ १२६
चैतन्य जीव उत्पत्ति प्रलयदेखि पनि रहित छ १२६

अष्टम प्रकरण

भूल-अज्ञानद्वारा प्राप्त भएको दुःखको विवरण १३०
भूलको कारण ”
अज्ञानद्वारा आफैलाई आफैले भुलेर भएको दुःखको दृश्यावलोकन १३१
अज्ञानको दिग्दर्शन १३५
सिंहको भूल र पश्चात् बोध हुनासाथ सिंहत्वको प्राप्ति १३६

नवम प्रकरण

चैतन्य जीवको शरीरसँग सम्बन्ध १४४
मानन्दी एवं ममतावश दुःख सुखको प्राप्ति १४७
चैतन्य जीवको याद मात्र सम्बन्ध छ १४८
पाँचै विषय चैतन्य जीवको स्वरूपमा पुग्दैन बाहिरै रहन्छ १४६
चैतन्य जीव अक्रिय छ १५१
चैतन्य जीव निराधार छ १५२

दशम प्रकरण

चेतनको सर्वोपरि महत्ता १५७
निर्णय दर्पण १६१

एकादश प्रकरण

विवेक नै परम सम्पदा हो १६६
बोध प्रेरक भजन १७४
ज्ञानीले यथार्थ ज्ञानकै उपदेश दिनुपर्ने शास्त्र-वचन १७८
जड़ाध्यासको निराकरण १७६

द्वादश प्रकरण

अन्तरङ्ग धारणा, आत्मनिरीक्षण-साधना निष्ठा १८२
अभ्यासको नियम १८४
मनको रूप-रेखाको दृश्य १८७
साधनकालमा याद राख्नुपर्ने विचार १८८

त्रयोदश प्रकरण

पारख समाधि १६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठाङ्क

चतुर्दश प्रकरण

त्रिविध कर्मको विचार २०१
त्रिविध कर्म विनाशको प्रयास २०३
क्रियामानबाटै सञ्चित पुष्ट भएको हो, क्रियमान नभए संचित त्यसै निर्बल ,,
संचितको योग्यता र अयोग्यताको निर्णय २०५
विषयमा दोष दर्शनको भाव २०७
संचित विध्वंस २१०
प्रारब्ध विवरण २१२

पञ्चदश प्रकरण

मोक्षको अखण्ड निश्चय २१६
परम स्वतन्त्र ज्ञानस्वरूप चैतन्य जीव मुक्त हुन अत्यन्त समर्थ छ, त्यसको युक्तियुक्त बीस प्रमाणले निर्णय २१९

षोडश प्रकरण

जीवन्मुक्ति-विचार २२५
बन्धनको वर्णन ,,
बन्धन नाश हुने उपाय ,,
अवगुणको सर्वथा परित्याग र शुभगुणको सम्यक् ग्रहण २२६
आत्म दर्शनको साधन २२८
जीवन्मुक्तको लक्षण २२९
जीवन्मुक्तको बोधनिष्ठा-उद्गार २३४

सप्तदश प्रकरण

विदेहमुक्ति रहस्य २३६
स्वरूपनिष्ठ ज्ञानी पुरुषको अन्तिमकालमा अज्ञान ग्रन्थिको विनाश २३९
मुक्तिमा निराधार स्थिति २४०
मोक्षधाम सत्स्वरूपमा स्थिति २४२
मुक्त पुरुषको पुनर्देहधारण हुँदैन २४८

अष्टादश प्रकरण

इष्ट उपकार संस्मरण २५३
अपराविद्याको स्वरूप ,,
पराविद्याको रहस्य ,,
सत्सङ्ग प्रभाव २५८
सन्तको शोध र लोकोत्तर देन २६१
गुरुकृपाबाट अखण्ड स्वरूप धनको प्राप्ति २६२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठाङ्क

एकोनविंश प्रकरण

जगतका अन्य उपकारीहरूको तुलना र महान् उपकारी श्रीगुरुदेवको विशेषता २६६
गुरुको उपयोगिता र आवश्यकता १६७
अखण्ड दानीको परिचय २७२

विंश प्रकरण

परमार्थ मार्गमा चैतन्य बोधदाता सद्गुरुदेव नै सर्वश्रेष्ठ-इष्ट निर्णय २७३
सद्गुरुको शरणागति २७७
सद्गुरु-उपासना २८०
गुरुभक्ति २८४
बोधवान ज्ञानीको स्वरूप निष्ठा २८६
स्वरूप निष्ठा-भजन २६२
उद्बोधन २६३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धा-शुद्धि

पृष्ठ	पंक्ति	अशुद्धि	शुद्धि
४	२४	मर्त्य	मर्त्ये
६	१७	अखण्ड जीवन्मुक्तिको	जीवन्मुक्तिको
१८	१	देहा	देहो
३०	३	कामकर्मणा	कामकर्मणी
५७	१४	दुःखोद्यः	दुःखोद्यैः
६८	१	चतन्य	चैतन्य
७२	१५	भवद्भिर्कृपा	भवद्भिर्कृपा
७५	११	मानवीय	माननीय
७७	६	एउटै हा	एउटै हो
७७	१२	अयमात्मो	अयमात्मा
८५	१७	पद	पदं
८७	६	अज्ञान	ज्ञान
६६	१२	तत्र	नत्र
१०१	४	मूढमोविशन्ति	मूढ़माविशन्ति
१०८	५	अवस्थामा	अवस्था
१२३	१	चतन्य	चैतन्य
१३१	१३	व्यवस्था	व्याख्या
१३१	२५	तव र	तब त
१३४	१४	चिता	चिन्ता
१३५	४	स्वर्ग	स्वयं
१३७	२३	शरीरमा	शरीर
१४६	२७	परमणु	परमाणु
१६२	१	गर्नै	गर्ने
१६३	२	सव	सर्व
१६६	७	सन्द्रदाय	सम्प्रदाय
१६६	२४	लक्षण	लक्षणा
१६२	१२	घृति	धृति
१६८	१०	पारखका	पारखको
२१३	२१	क्लेशा	क्लेशो
२४०	३	उभय	अभय
२५५	२७	न्नरुगीता	गुरुगीता
२८२	६	गरौ	गुरौ
२८२	१६	गुरा	गुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्गुरवे नमः

* विवेक मार्तण्ड *

[मंगलाचरण]

बोधदाता गुरुं वन्दे यत्कृपाज्ञान मां भवेत् ।
तत्प्रसादाश्च मात्रेण ग्रन्थोऽयं निर्मिता मया ॥१॥

टीका

बोधदाता गुरुदेवको, वन्दना गर्दछु म यो ।
जसको कृपा-प्रसाद्-ज्ञानले, रचना ग्रन्थको भयो ॥१॥

सारासार विवेकयो विवेचनं मार्तण्ड ज्ञानामृतः ।
जड़तत्त्वाच्च पृथक् स्व-चेतन स्वयं चिज्जड़ द्वयं निर्णयम् ॥
साक्षात् ज्ञानस्वरूप पारख वरं चैतन्य जीवः परम् ।
यस्यां बोध प्रकाश प्राप्त विमलं कल्याण लब्धं भवौ ॥१॥

टीका

सारासार विवेकको विवेचना मार्तण्ड ज्ञानामृत ।
तत्त्वै देखि फरक् छ चेतन स्वयं चिज्जड़ दुवै निर्णय ॥
साक्षात् ज्ञानस्वरूप पारख महान् चैतन्य हो निर्मल ।
जस्को बोध प्रकाश धारण भए कल्याण हुने निश्चय ॥१॥

संसारमा सबभन्दा श्रेष्ठ वस्तु तथा सबभन्दा सार वस्तु एवं सबभन्दा 'सत्य' वस्तु के हो ? कुन नित्य पदको आधारमा सारा धर्म र अनन्त मत-पंथ सम्प्रदाय एवं सिद्धान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलिरहेको छ ? कुन पदार्थलाई पाउनको निमित्त सबै देव-देवता, ऋषि-मुनि, तपस्वी, ज्ञानी एवं सन्त महापुरुषहरूले त्याग, तपस्या, तितिक्षा, एकान्तवास, शम-दम तथा मनोनिग्रह आदि अनेक साधन-संयमहरू गर्नुभएको हो ? कुन स्वरूपलाई साक्षात भेट्टाउन जगतमा तीर्थ-व्रत, पूजा-पाठ, दान-पुण्य एवं यज्ञ-यागादि धर्मानुष्ठानको कार्य चलेको हो ? कुन रहस्य-लाई यथार्थ जान्न-बुझ्न एवं अपरोक्षरूपले प्राप्त गर्न—वेद, शास्त्र, पुराण, उपनिषद्, अनेक स्मृति र गीता एवं भागवत आदि बनेका हुन् ? कुन शाश्वत वस्तुको यथार्थ ज्ञान प्राप्त गरेर—ईश्वर, ब्रह्म, परमात्मा, परमेश्वर, परात्पर एवं परमपद आदि सबैको प्राप्ति हुन सक्तछ ? वास्तवमा त्यो मूल मुख्य सनातन तथ्य के हो—यसको निमित्त बुद्धिमान मानवले विचार गर्नु परमावश्यक छ ।

जुन महत्वपूर्ण एवं विशिष्ट वस्तुको निमित्त अनादि कालदेखि तन-मन लगाएर धेरैले खोज गर्दै आइरहेका छन्, जुन सबभन्दा दिव्य अलौकिक एवं अनुपम सद् वस्तु हो, जसको प्राप्तिको निमित्त अनेक मत-पंथ एवं ग्रन्थद्वारा शोधन हुँदै आइरहेको छ, जुन मूल-मुख्य असली सद्स्वरूपको निमित्त महान अन्वेषणको प्रचार प्रसार विस्तार एवं बृहद् विचार चलेको छ, जसको निमित्त प्राच्य र पाश्चात्य सबै दार्शनिक तत्त्ववेत्ताहरूले आफ्नो जीवनलाई समर्पण गर्दै आएका छन्, यथार्थमा जुन सत्य एवं शाश्वत तथ्यलाई पाउन सके मानवको समस्त आपदा कष्ट-क्लेश समाप्त हुन्छ, जुन नित्य प्राप्त वस्तुलाई प्राप्त गरेमा मनुष्यको समस्त आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक त्रिविध तापको सर्वथा निवारण हुन्छ, जुन परम, सार, श्रेष्ठ, पदार्थको बोध प्राप्त हुन सकेमा जीवको जन्म-मरण तथा गर्भवासको कठिन दुःख र आवागमनको सम्पूर्ण बंधन निर्मूल हुन्छ, त्यस्तो अखण्ड, अविनाशी अजरामर स्वरूपको सर्वोच्च पद प्राप्ति नै—मानवको आफ्नो मुख्य प्रयोजन हो । यसकारण त्यो सर्वोत्कृष्ट स्वरूप-ज्ञानको प्राप्ति निमित्त दृढ़ प्रयत्न गर्नु नै बुद्धिमान मुमुक्षुको एकमात्र लक्ष्य हुनुपर्दछ ।

यस बारेमा श्री कृष्णचन्द्र भागवतमा भन्नुहुन्छ—

एषा बुद्धिमतां बुद्धिर्मनीषा च मनीषिणाम् ।
यत् सत्यमनृतेनेह मर्त्येनाप्नोति मामृतम् ॥

(भागवत स्कन्ध ११ । अ० २९ । श्लो० २२)

अर्थ—बुद्धिमानहरूको बुद्धि एवं विवेकीहरूको महान विवेक (विशेष बाठोपन) को पराकाष्ठा (हद्को विशेषता) यसैमा सन्निहित छ; जसमा यो अनित्य नाशवान शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा (आफू जीवित छँदैमा), आफ्नो नित्य अविनाशी एवं सत्य स्वरूपलाई प्राप्त गर्न सकुन् ।

जहाँसम्म सत्य स्वरूपको यथार्थ ज्ञान प्राप्त हुँदैन, श्रेष्ठ सार पदार्थलाई चिनिन्न, नित्य-स्वरूपलाई निश्चित रूपले जानिन्न, सत्यको महान् अस्तित्वको मर्म (भेद) पाइन्न, जीवनको मूलभूत मुख्य धनको पत्ता लगाइन्न, सत्यको श्रेष्ठ रहस्यको सम्यक् परिचय प्राप्त गरिन्न, सत्यको महत्वपूर्ण महानताको निःसन्दिग्ध विवेक सम्पादन गरिन्न, सदाकाल अखण्ड अविचलरूपले रमिरहेको ज्ञानस्वरूपलाई बुझिन्न, समस्त प्राणीको हृदयभित्र रहेको सच्चा रामलाई प्रत्यक्षरूपले भेट्टाउने उपाय गरिन्न, जो सदा नित्य विद्यमान छ, जसको अभाव कुनै कालमा पनि छैन—त्यस्तो सत्य एवं सनातन वस्तुलाई ज्ञानद्वारा अपरोक्ष प्राप्त गरिन्न, जो वास्तवमा सर्वशिरोमणि अखण्ड सार पदार्थ हो—त्यसको जहाँसम्म चाल पाइन्न, जो अजर अमर अविनाशी ज्ञानस्वरूप अखण्ड वस्तु हो त्यसको जहाँसम्म बोध प्राप्त गरिन्न—त्यहाँसम्म मानव जीवनको सार्थकता, विद्या-बुद्धिको विशेषता तथा मानवताको महत्ता एवं महत्वपूर्ण लाभको सफलता मिलेर सच्चा हित-कल्याण हुँदैन ।

इह चेदवेदीदथ सत्यमस्ति न चेदिहावेदीन्महती विनष्टिः ।
भूतेषु-भूतेषु विचित्य धीराः प्रेत्यास्माँल्लोकादमृता भवन्ति ॥

(केनोपनिषद, खण्ड २ । मन्त्र ५)

अर्थ—यदि यही जन्ममा नै सत्य अखण्ड अविनाशी तत्त्वलाई जान्यो (बोध प्राप्त गऱ्यो) भने त ठीक भयो (जीवनको सार भयो), कदाचित् त्यो सद्वस्तुलाई यो जन्ममा जान्नै सकेन भने त्यसको ठूलो हानि भयो, (पुनः पुनः त्यो आवागमन जन्म-मरणको अधिकारी हुने भयो), अतएव बुद्धिमान मानिसले त्यसलाई समस्त प्राणीहरूमा नै रहेको विचार गरी—त्यसको यथार्थ ज्ञान प्राप्त गरेमा यस लोकबाट गएर (देहावसानबाद) अमर हुनेछ ।

यो सत्यस्वरूपको विवेकमय महत्वपूर्ण व्याख्याको विस्तार अतिशय गूढ़ छ, तत्त्व विवेचनात्मक छ, गम्भीर रहस्यमय छ, आदर्श शिक्षामय छ, सम्पूर्ण वेद-शास्त्रको निचोड़ छ, समस्त ऋषि-मुनि तपस्वी एवं संत महात्माहरूको अत्यन्त अथक परिश्रमको अन्तिम फल—साररूप छ । ह्रास भएको मानव जीवनको विकास गराउने छ । सम्पूर्ण दुराचाररूपी अन्धकारबाट छुटाई विवेकको परम प्रकाश दिलाउने छ । सत्वगुणी अधिकारी जिज्ञासु एवं मुमुक्षुलाई परमपदमा पुऱ्याउने छ । त्रिविध तापको संतप्त ज्वालाले जलेको मानवको हृदयलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीतल सुधामृत वर्षा गरी ठंडा गराइदिने छ। समस्त दोष-दुर्गुणले (लटरम्म) भरिएर अन्ध-भएको हृदयलाई विवेक चक्षु प्रदान गर्ने छ। संसारको शोक सन्ताप तथा सन्देह एवं संशय शूललाई अतिशय चूर-धूर गराउने छ। हृदयको कुविचार काम, क्रोध, लोभ, मोह, ममता, आसक्ति, अज्ञानलाई एकदम भगाउने छ। हठ, शठ, दम्भ, घमंड, पाखण्ड, पक्ष, अन्याय, अविद्या, आसुरी भावलाई अतिशय दूर गराउने छ। अज्ञानद्वारा प्रचारित पापाचार, हिंसा-हत्या, विषयासक्ति, मद्य, जूवा, धूम्रपान आदि 'तामसजन्य कुकर्त्तव्य'लाई त्याग गराउने छ। सद्धर्म सदाचार शुभ गुणहरूलाई ग्रहण गर्न सिकाउने छ। समाजमा फैलिएको भ्रम भूल तथा भूत-प्रेतादिको मिथ्या मान्यतालाई सत्य यथार्थ निर्णय बताएर त्यो अज्ञानजन्य भ्रम तमलाई बिलकुल भगाउने छ। खानी जालको विषयासक्ति देहप्रियता राग-मोह र वाणी जालको अनुमान, कल्पना, कल्पित मान्यता तथा असम्भावना एवं विपरीत भावनालाई हटाउने छ। मल-विक्षेप-आवर्ण यो अन्तःकरणको दोषलाई दबाई समस्त वासना अध्यासलाई अग्निमा परेको तृणलाई जलाए झैं जलाउने छ। जीवनमा सच्चा सुख एवं शान्तिको प्रशस्त पथ खुलाई भविष्य उज्वल गराउने छ। अज्ञान अन्धकारले ढाकिएको मानवको हृदयलाई निर्मल बनाई ज्ञानको दीपक जलाइदिने छ। बहुकालदेखिको अज्ञानको नशामा लट्ठिएर विभ्रान्त भएको मानवको सुषुप्त हृदयलाई चेतना दिलाई अबदेखि हमेशा सजग सावधान तथा ज्ञान-निधान भएर रहने पारी प्रबल विवेक जगाइदिने छ। दया, क्षमा, समता, सरलता, इत्यादि सकल शुभ गुण ग्रहण गराई सन्तोष र शान्तिको पाठ पढ़ाई अखण्ड जीवन्मुक्तिको रहस्यमा स्थिर गराई परम अविचल स्व-स्वरूपस्थितिमा अखण्ड लवलीन गराई समस्त त्रिविध ताप-जन्य दुःख शमन गराइदिने छ। आजसम्म बाहिरतिर दौड़िरहेको वृत्तिलाई बटुली बहिर्वृत्ति-लाई रोकी अन्तरङ्ग वृत्ति गराइदिने छ। देह, इन्द्रिय, मन, प्राणलाई नै सर्वस्व सार मानी जड़ाध्यासमा बाँधिएको विषय लक्ष्यलाई (कछुवाले हात-गोड़ा भित्रपट्टि लुकाए झैं), सब प्रपंचतिरबाट खिँचेर अपरोक्ष स्व-स्वरूपको बोधमा तदाकार वृत्ति गराई जीवनको सर्वोच्च पद देखाई निराधार स्थिति शान्ति-समाधिको अविचल धारणामा पुऱ्याउने छ। सारांश-समस्त दुःखरूप वासना बंधनको निवृत्ति र अविनाशी सद् स्वरूपको प्राप्ति गराएर पश्चात् विदेह मुक्ति दिलाउने छ। अनादि कालदेखि भूल अज्ञानवश लागेर आएको आवागमनको फेरालाई अब सदा-सर्वदाको लागि मिटाइदिने छ। भव बन्धनको समस्त कष्ट-क्लेश समूहलाई सर्वथा हटाई जन्म-मरण गर्भवासको त्रास तथा त्रिविध तापको भयंकर विपदालाई निर्मूल पार्ने छ। यस प्रकार समस्त दुःखलाई विध्वंस पारेर अविचल अखण्ड मोक्ष गराउने छ। अतएव यो चैतन्य स्व-स्वरूपको परम प्रकाशमय विवेक तथा महत्वपूर्ण ज्ञान एवं सर्वोच्चसार रहस्य मननीय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसार दीर्घरोगस्य सुविचारो महौषधम् ।
कोऽहं कस्य च संसारो विवेकेन विलीयते ।।

अर्थ—संसाररूपी दीर्घ व्याधिको नाश गर्ने केवल विचाररूपी एकमात्र महौषधि छ । म को हुँ ? यो जगत क्या हो ? यो जगतसँग मेरो के सम्बन्ध छ ?'—इत्यादि विचार गरेर सत्यपदको विवेकमा स्थिर हुनाले संसार निवृत्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम प्रकरण

प्रकृतिपुरुषयोरन्यत सर्वमनित्यम् ।

(सांख्य दर्शन अ० ५ । सूत्र ७१)

अर्थ—प्रकृति पुरुषयो—जड़ प्रकृति र पुरुष चेतनदेखि, अन्यत—अरू जे जति छन् ती, सर्व—सब, अनित्यम्—अनित्य नै हुन् ।

व्याख्या—जगतमा जड़ र चेतन यी दुवै पदार्थ नित्य हुन् । कारण जड़ तत्त्वको अतिरिक्त अन्य जड़को कार्य पदार्थ परिणामी, विनाशी, विकारी, अर्थात् बन्ने र बिग्रने (छिन्न-भिन्न भै रहने), हुनाले अनित्य हो ।

जड़ तत्त्वको संक्षेपमा निर्णय

जड़तत्त्व—पृथिवी, जल, अग्नि, वायु,—यी चार तत्त्व पदार्थ (द्रव्य) रूपमा छन् ।

पाँचौं आकाश तत्त्व मानिएको त्यो गुण-धर्मरहित, पदार्थरहित, अपितु पोलाकार मिथ्या शून्य अपदार्थ हो ।

यद्यपि दर्शन शास्त्रहरूमा आकाशलाई कतै द्रव्य मानेर वर्णन गरिएको छ, त कतै केवल निराकार पोलरूप शून्य हो भनेर पनि विशेष व्याख्या गरिएको छ । यथार्थमा त्यो आकाश, तत्त्व पदार्थ होइन । जहाँ गुण-धर्मयुक्त द्रव्य छ त्यहीँ पदार्थ साबित हुन्छ । जहाँ गुण-धर्म छैन, रूप-रेखा छैन, अवयव एवं आकार प्रकार छैन, त्यो कुनै चीज होइन, वरन् शून्य हो ।

जो कल्पित वस्तु हो, त्यो असत्य हो, त्यो अत्यन्त मिथ्या अपदार्थ एवं अद्रव्य हो । जस्तो वन्ध्याको पुत्र, शशश्रृंग, मृगजल, ठुटोमा चोर, रज्जुसर्प, सीपी-रौप्य, एवं गन्धर्व नगर र ख-पुष्प ।

अब आकाश विषय शास्त्र प्रमाण—

ते आकाशे न विद्यते ।

(वैशेषिक दर्शन अ० २ । आ० १ । सू० ५)

अर्थ—ते—त्यो गुण, आकाशे—आकाशमा, न विद्यते—विद्यमान छैन ।

आकाशमवकाशप्रदाने ।

(गर्भ उपनिषद खण्ड १ मंत्र १)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—आकाश अवकाश दिने मात्र हो ।

उपर्युक्त प्रमाणद्वारा पोल मात्र खालि अवकाश दिने आकाश हो अथवा अनन्त छिद्र-रूप या शून्य मात्र हो । केवल सम्झाउनको निमित्त नै आकाश भन्ने नाम राखिएको हो, वास्तवमा आकाश कुनै परमाणुहरूको समूह होइन । जस्तो घटाकाश भन्नाले घटभित्रको पोलाकार आकाश तथा बाहिरको पोलाकार आकाश । यो दुवै मनुष्यलाई बुद्धिद्वारा प्रतीति हुन्छ । पुनः पृथ्वी आदि तत्त्वको कार्य घटमा पनि सूक्ष्म-सूक्ष्म छिद्ररूपले आकाश स्थित छ । त्यसैले त पृथ्वी आदि घट कार्यको चूर्ण-चूर्ण भएर तत्त्वमा समावेश हुन्छ । यसकारणले आकाशलाई अन्तर-बाह्य व्यापक भन्नु अथवा मान्नु असम्भव कुरा हो । सिर्फ अन्य चार तत्त्व देखि भिन्न—शून्याकार अनन्त छिद्ररूपले रहेको आकाश एकदेशी मात्र हो । आकाश अक्रिय तथा परिणामरहित हुनाले त्यसबाट अन्य तत्त्वको उत्पत्ति तथा पुनः त्यसैबाट शब्दको उत्पत्ति मान्नु या स्वयं क्रियायुक्त छ भन्नु असम्भवादि दोषयुक्त छ । यदि अक्रिय आकाशको 'स्वयं गुण शब्द' हो भनेर नित्य आकाशको क्रिया मान्ने हो भने—आकाश सदोदित विद्यमान रहँदा-रहँदै पनि शब्दको उत्पत्ति र लय किन प्रतीत भइरहन्छ ?

सारांश—आकाशलाई शास्त्रमा निरवयव, निराकार, रूप-रेखारहित, शून्यरूप भनेर वर्णन गरेको छ । जसको आकार छैन, अवयव छैन, कुनै रूपरेखा छैन, जो वस्तु ह्वैन, त्यो शून्य हो, खालि अवकाशरूप मात्र हो । जहाँ केही चीज छैन—त्यो केही पनि नभएको खाली ठाउँलाई शून्य भनिन्छ, तब शून्य भनेपछि त्यो अवस्तुसूचक हो, सिर्फ अभावमात्रको नाम हो । एतदर्थ आकाश कुनै पदार्थ होइन । केवल शून्य भासको प्रतीति मात्र मिथ्या निराकारको बोधार्थ हो । वास्तवमा द्रव्य, गुण, धर्म संयुक्त साकार चार तत्त्व नै पदार्थ हो । जो आकार संयुक्त छ त्यै मात्र पदार्थ हो । जहाँ कुनै आकार छैन त्यो निराकार हो । निराकार मानिएको अपदार्थ हो । सुतरां साकार चार तत्त्वको अपेक्षाले निराकार आकाशको कथन गरेको मात्र हो । जस्तो पुत्रवती स्त्रीको अपेक्षाले वन्ध्या पुत्रको कथन गरेझैं एक नाममात्र वर्णन गरेको हो । तस्मात् आकाश कुनै तत्त्व अथवा पदार्थ होइन ।

वास्तविक साकार चार जड़ तत्त्व पृथ्वी, जल, अग्नि, वायुको गुण-धर्म वर्णन—

चातुर्भौतिकमित्येके

(सांख्यदर्शन अ० ३ । सू० १८)

अर्थ—चातुर्भौतिकम्—चार तत्त्वबाट यो शरीर निर्माण भएको छ ।

उपरोक्त प्रमाणबाट संसारका चार जड़ तत्त्व पदार्थ गुण-धर्म संयुक्त छन् । जहाँ गुण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम प्रकरण

प्रकृतिपुरुषयोरन्यत सर्वमनित्यम् ।

(सांख्य दर्शन अ० ५ । सूत्र ७२)

अर्थ—प्रकृति पुरुषयो—जड़ प्रकृति र पुरुष चेतनदेखि, अन्यत—अरू जे जति छन् ती, सर्व—सब, अनित्यम्—अनित्य नै हुन् ।

व्याख्या—जगतमा जड़ र चेतन यी दुवै पदार्थ नित्य हुन् । कारण जड़ तत्त्वको अतिरिक्त अन्य जड़को कार्य पदार्थ परिणामी, विनाशी, विकारी, अर्थात् बन्ने र बिग्रने (छिन्न-भिन्न भै रहने), हुनाले अनित्य हो ।

जड़ तत्त्वको संक्षेपमा निर्णय

जड़तत्त्व—पृथिवी, जल, अग्नि, वायु,—यी चार तत्त्व पदार्थ (द्रव्य) रूपमा छन् ।

पाँचौं आकाश तत्त्व मानिएको त्यो गुण-धर्मरहित, पदार्थरहित, अपितु पोलाकार मिथ्या शून्य अपदार्थ हो ।

यद्यपि दर्शन शास्त्रहरूमा आकाशलाई कतै द्रव्य मानेर वर्णन गरिएको छ, त कतै केवल निराकार पोलरूप शून्य हो भनेर पनि विशेष व्याख्या गरिएको छ । यथार्थमा त्यो आकाश, तत्त्व पदार्थ होइन । जहाँ गुण-धर्मयुक्त द्रव्य छ त्यहीँ पदार्थ साबित हुन्छ । जहाँ गुण-धर्म छैन, रूप-रेखा छैन, अवयव एवं आकार प्रकार छैन, त्यो कुनै चीज होइन, वरन् शून्य हो ।

जो कल्पित वस्तु हो, त्यो असत्य हो, त्यो अत्यन्त मिथ्या अपदार्थ एवं अद्रव्य हो । जस्तो वन्ध्याको पुत्र, शशश्रृंग, मृगजल, ठुटोमा चोर, रज्जुसर्प, सीपी-रौप्य, एवं गन्धर्व नगर र ख-पुष्प ।

अब आकाश विषय शास्त्र प्रमाण—

ते आकाशे न विद्यते ।

(वैशेषिक दर्शन अ० २ । आ० १ । सू० ५)

अर्थ—ते—त्यो गुण, आकाशे—आकाशमा, न विद्यते—विद्यमान छैन ।

आकाशमवकाशप्रदाने ।

(गर्भ उपनिषद खण्ड १ मंत्र १)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थः—आकाश अवकाश दिने मात्र हो ।

उपर्युक्त प्रमाणद्वारा पोल मात्र खालि अवकाश दिने आकाश हो अथवा अनन्त छिद्र-रूप या शून्य मात्र हो । केवल सम्झाउनको निमित्त नै आकाश भन्ने नाम राखिएको हो, वास्तवमा आकाश कुनै परमाणुहरूको समूह होइन । जस्तो घटाकाश भन्नाले घटभित्रको पोलाकार आकाश तथा बाहिरको पोलाकार आकाश । यो दुवै मनुष्यलाई बुद्धिद्वारा प्रतीति हुन्छ । पुनः पृथ्वी आदि तत्त्वको कार्य घटमा पनि सूक्ष्म-सूक्ष्म छिद्ररूपले आकाश स्थित छ । त्यसैले त पृथ्वी आदि घट कार्यको चूर्ण-चूर्ण भएर तत्त्वमा समावेश हुन्छ । यसकारणले आकाशलाई अन्तर-बाह्य व्यापक भन्नु अथवा मान्नु असम्भव कुरा हो । सिर्फ अन्य चार तत्त्व देखि भिन्न—शून्याकार अनन्त छिद्ररूपले रहेको आकाश एकदेशी मात्र हो । आकाश अक्रिय तथा परिणामरहित हुनाले त्यसबाट अन्य तत्त्वको उत्पत्ति तथा पुनः त्यसैबाट शब्दको उत्पत्ति मान्नु या स्वयं क्रियायुक्त छ भन्नु असम्भवादि दोषयुक्त छ । यदि अक्रिय आकाशको 'स्वयं गुण शब्द' हो भनेर नित्य आकाशको क्रिया मान्ने हो भने—आकाश सदोदित विद्यमान रहँदा-रहँदै पनि शब्दको उत्पत्ति र लय किन प्रतीत भइरहन्छ ?

सारांश—आकाशलाई शास्त्रमा निरवयव, निराकार, रूप-रेखारहित, शून्यरूप भनेर वर्णन गरेको छ । जसको आकार छैन, अवयव छैन, कुनै रूपरेखा छैन, जो वस्तु ह्वै न, त्यो शून्य हो, खालि अवकाशरूप मात्र हो । जहाँ केही चीज छैन—त्यो केही पनि नभएको खाली ठाउँलाई शून्य भनिन्छ, तब शून्य भनेपछि त्यो अवस्तुसूचक हो, सिर्फ अभावमात्रको नाम हो । एतदर्थ आकाश कुनै पदार्थ होइन । केवल शून्य भासको प्रतीति मात्र मिथ्या निराकारको बोधार्थ हो । वास्तवमा द्रव्य, गुण, धर्म संयुक्त साकार चार तत्त्व नै पदार्थ हो । जो आकार संयुक्त छ त्यै मात्र पदार्थ हो । जहाँ कुनै आकार छैन त्यो निराकार हो । निराकार मानिएको अपदार्थ हो । सुतरां साकार चार तत्त्वको अपेक्षाले निराकार आकाशको कथन गरेको मात्र हो । जस्तो पुत्रवती स्त्रीको अपेक्षाले वन्ध्या पुत्रको कथन गरेझैं एक नाममात्र वर्णन गरेको हो । तस्मात् आकाश कुनै तत्त्व अथवा पदार्थ होइन ।

वास्तविक साकार चार जड़ तत्त्व पृथ्वी, जल, अग्नि, वायुको गुण-धर्म वर्णन—

चातुर्भौतिकमित्येके

(सांख्यदर्शन अ० ३ । सू० १८)

अर्थ—चातुर्भौतिकम्—चार तत्त्वबाट यो शरीर निर्माण भएको छ ।

उपरोक्त प्रमाणबाट संसारका चार जड़ तत्त्व पदार्थ गुण-धर्म संयुक्त छन् । जहाँ गुण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्म छ, त्यहीं पदार्थको सिद्धि छ । विना गुण-धर्मको कुनै द्रव्य अथवा पदार्थ हुँदैन । अतएव तत्त्व पदार्थ विवेकद्वारा चार नै सिद्ध भएको छ ।

(१) पृथ्वी, (२) जल, (३) अग्नि, (४) वायु, यिनै चार तत्त्व हुन् ।

(१) पृथ्वी तत्वको धर्म—

यत्कठिनं सा पृथिवी ।

(गर्भ उपनिषद, खण्ड १ मंत्र १

अर्थ—जड़ तत्त्वमा जहाँ कठिनता (साह्रो) धर्म छ, त्यो पृथिवीको धर्म हो ।

एवंरीतले पृथिवीमा गन्धगुण, धारणा-शक्ति, क्रिया, स्थूलाकार, परस्पर अन्य तत्त्व सँग संयोग सम्बन्ध यस प्रकार षट्भेद छ ।

(२) जल तत्त्वमा—

द्रवत्वात् स्यन्दनम् ।

(वैशेषिक दर्शन, अ० ५ । आ० २ । सू० ४)

अर्थ—जल द्रवरूप (पातलो) हुनाले बग्दछ ।

एवं प्रकार जलमा शीत धर्म, रस गुण, रसायनाशक्ति, बग्ने क्रिया, स्थूलाकार अन्य तत्त्वहरूसँग परस्पर संयोग सम्बन्ध—यस प्रकार षट्भेद छ ।

(३) अग्नि तत्त्वमा—

तेजः प्रकाशने ।

(गर्भ उपनिषद, खं० १ मंत्र । १)

अर्थ—तेज (अग्नि) को प्रकाश गर्नु धर्म हो ।

यस्तै अग्नि तत्त्वमा रूप गुण, दाहक शक्ति, क्रिया, सूक्ष्माकार तथा अन्य तत्वहरूसँग परस्पर संयोग सम्बन्ध—यस प्रकार षट्भेद छ ।

(४) वायु तत्त्वमा—

रूपरहितस्पर्शवान्वायु ।

(तर्कसंग्रह, खण्ड १)

अर्थ—रूपरहित स्पर्शद्वारा जानिने वायु हो ।

एतावता वायु तत्त्वमा शब्द र स्पर्श गुण, कोमल धर्म, स्नेहाशक्ति, बग्ने क्रिया, सूक्ष्माकार, तथा अन्य तत्वहरूसँग परस्पर संयोग सम्बन्ध—यस प्रकार षट्भेद छ ।

उपरोक्त प्रमाणसहित जड़ तत्वहरूमा—आकार, क्रिया, गुण, धर्म, शक्ति, सम्बन्ध—यो षट्भेद स्वाभाविक अनादि तत्वको खास स्वरूपमै भएको हुनाले जड़ तत्वमा कारण-कार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाव भई रहेको छ। जड़ तत्व कारणबाट घर, घट, पट, बीज, वृक्ष, बेली, वनस्पति, अन्न, साग, पात, कन्द, मूल, फूल, फल, इत्यादि अनेक कार्य पदार्थ बनेको हो। पुनः त्यही कार्य क्यै कालपश्चात् परिवर्तन भै अन्त्यमा लयरूप नाश भएर पूर्वको त्यही आफ्नो कारण तत्वमा मिल्न जान्छ। यस प्रकार जड़ तत्वमा कारण-कार्यभाव रहेकोले नै—ठंडी, गर्मी, वर्षा, उत्तरायण, दक्षिणायन, दिन-रात, ऋतु आदिको परिवर्तन भै रहेको छ। यिनै सब हेतुले ब्रह्माण्डको अनेक कार्यव्यवस्था चलिरहेको प्रत्यक्ष छ।

यो पुस्तकमा—नित्य सत्य अजरामर अखण्ड चैतन्य ज्ञानको नै निर्णय गर्ने विशेष निश्चय भएकोले तथा मुख्य प्रतिपाद्य विषय पनि सोही रहेकोले र त्यही प्रसङ्ग नै अधिकांश मनन भएकोले—अन्य जड़ तत्वतर्फको निर्णय विस्तारलाई यसमा अधिक नबढ़ाएर, तद्-विषयमै यथासम्भव प्रकाश दिएर, विस्तारपूर्वक वर्णन गरिन्छ।

जुन महान पदको मनन-चिन्तन तथा विचार धारणा नै मानवको निमित्त सर्व श्रेयष्कर छ, महान कल्याणकारक छ, सर्वाधिक महत्वपूर्ण कर्तव्य छ, अखिल धर्म मूल छ, सर्व वेदशास्त्रको सार छ, सर्व ऋषि-मुनि महर्षि तथा सन्त महापुरुषहरूको एकमात्र निर्दिष्ट लक्ष्य छ, मानव जीवन पाएर प्राप्त गर्नुपर्ने सर्वशिरोमणि एकमात्र उद्देश्य छ, संसार महोदधिबाट पार गर्नलाई जो एकमात्र श्रेष्ठ भवयान छ, जो आधि-व्याधि-उपाधिको नाशक अव्यर्थ महौषधि छ, जसलाई पाएर हृदयको सर्व इच्छा-आकांक्षा पूरा भएर जान्छ, जसलाई जानेर मानवजीवन सफल हुन्छ, कृतकृत्य एवं कृतार्थ हुन्छ, परमपद पाएर मोक्ष हुन्छ;—त्यही सत्य सार अखण्ड पदलाई शोध-खोज गर्नु परमावश्यक छ।

नित्यमात्मस्वरूपं हि दृश्यं तद्विपरीतगम्।
एवं यो निश्चय सम्यग्विवेको वस्तुनः स वै।

(अपरोक्षानुभूति, श्लो० ५)

अर्थ—श्री शंकराचार्य भन्नुहुन्छ जीवात्मा चेतन (आफ्नो स्वरूप) नै नित्य सत्य पदार्थ हो। त्यसदेखि भिन्न देहादि सर्व दृश्य संसार अनित्य पदार्थ हो। यस प्रकार जो दृढ़ निश्चय हुन्छ—त्यही आत्मवस्तुको विवेक हो।

जड़ प्रकाशायोगात् प्रकाशः।

(सांख्यदर्शन, अ० १। सूत्र १४५)

अर्थ—जड़—अचेतन अज्ञात तत्वहरूको, प्रकाश—आत्मासँग, अयोगात्—मेल नहुनाले, प्रकाशः-चेतनको सिद्धि हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्या—जड़ तत्त्व पदार्थमा ज्ञान छैन, अतएव ज्ञानरहित अखिल कारण-कार्य पदार्थ सर्वथा जड़ हो ।

अज्ञानाच्च ।

(वैशेषिक दर्शन, अ० ३ । आ० १ । सू० ६)

अर्थ—च—अर्को पनि, अज्ञानात्—जड़भूत अर्थात् जड़ तत्व अज्ञात हुनाले ती सब अचेतन केवल जड़ पदार्थ हुन् ।

व्याख्या—जड़ तत्त्वका समस्त कारण-कार्य पदार्थहरू अज्ञात छन्, अतः त्यस (जड़) को कुनै पनि घट-पट आदिमा ज्ञान छैन ।

न पृथ्वी न जलं नाग्निर्न वायुर्द्यौर्न वा भवान् ।
एषां साक्षिणमात्मानं चिद्रूपं विद्धि मुक्तये ॥

(अष्टावक्र गीता, श्लो० ३)

अर्थ—चेतन आत्मा न पृथ्वी हो, न जल हो, न अग्नि हो, न वायु हो, न शून्य रूप आकाश हो, न यिनको गुण—शब्द, स्पर्श, रूप, रस, गन्धादि नै हो । किन्तु यी सब जड़ समुदायको 'साक्षी मात्र चैतन्य हो'—यसको यथार्थ बोध भयो भने मुक्ति हुन्छ ।

उपरोक्त प्रमाणबाट त्यो 'चैतन्य नित्य स्वरूप' बाहिरको पृथ्वी जल, अग्नि, वायु, आदि यी चारै तत्त्व पदार्थमा त कदापि छैन । किनभने—यो चारै तत्व जड़ पदार्थ हुन्, चेतन होइनन् । पुनः जब यो स्थूल कारणरूप चार जड़ तत्व पदार्थ चेतन होइन, भने यसको समस्त कार्य पदार्थ पनि चेतन कथमपि होइन ।

यथा—पर्वत, पत्थर समस्त भूमि, मृत्तिका, नदी, नाला, कूप, तड़ाग, सागर, दीपक, ग्यास, बिजुली, ईथर, अग्नि, समस्त विशेष र मन्द पवन, बौड़र, आँधी, हुरी आदि वायु तथा बीज-वृक्षादि सम्पूर्ण वनस्पतिवर्ग, अन्न, फल, फूल, साग, पात, कन्द, मूल, सुन, चाँदी, हीरा, मोती, ईंट-काठ, फलाम, माटोले बनेका अनेक घर र घरका यावत् चीज-बीज आदि अनन्त सामग्री—चेतन होइनन्, अपितु केवल जड़ पदार्थ हुन् । त्यस्तै अन्तरिक्षको सूर्य, चन्द्र, नक्षत्र, तारागण, मेघमण्डल, वायुमण्डल आदि समस्त ब्रह्माण्डको पदार्थ पनि जड़ हो । किञ्च-उपरोक्त जड़ कारण-कार्य पदार्थमा 'चैतन्यको' कुनै लक्षण अथवा गुणधर्म देखिँदैन । प्रत्येक पदार्थको गुण-धर्मद्वारा नै सिद्धि हुन्छ, जहाँ जसको गुण-धर्म छैन त्यहाँ त्यो पदार्थको अस्तित्व नै कायम रहँदैन । एतदर्थ जड़को जड़त्व गुण-धर्म हो, अज्ञात क्रियाशील हो, कारण कार्यरूप पदार्थ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जड़मा जड़त्व भावदेखि अतिरिक्त अन्य कुनै ज्ञान-मानन्दीयुक्त इच्छा, क्रिया प्रयत्न सुख, दुःख आदिको लक्षण-चिह्न भावको सञ्चार सङ्केत कत्ति पाइँदैन । अतएव जड़ तत्त्वको कारण-कार्यरूप समस्त पदार्थमा चेतनको गुण-धर्म छैन । जड़मा चैतन्यताको सर्वथा लोप छ, शून्यता छ, अभाव छ । यसकारणले जड़ कदापि चेतन होइन ।

ठीक यस्तै चेतन पदार्थ पनि जड़ होइन । त्यो सर्वदा तथा सर्वथा जड़देखि भिन्न खास चैतन्यस्वरूप हो । चैतन्य वस्तुमा जड़ तत्वको गुण-धर्मको, लक्षण-चिह्नको सर्वथा अभाव छ शून्यता छ । चैतन्य जड़देखि सर्वथा पृथक् ज्ञान-मानन्दीयुक्त गुण-धर्मले संयुक्त पूर्ण पदार्थ हो ।

अतः देहधारी चैतन्यको बारेमा शास्त्र प्रमाण—

इच्छाद्वेषप्रयत्नसुखदुःखज्ञानान्यात्मनो लिङ्गमिति ।

(न्याय दर्शन, अ० १ । आ० १ । सू० १०)

अर्थ—इच्छा, द्वेष, प्रयत्न, सुख दुःख तथा ज्ञान (जान्नु),—यो देहधारी चैतन्य जीवको लक्षण हो ।

व्याख्या—आत्माको छः लक्षण शास्त्रकारले बताएका छन् । उक्त छः लक्षण यस प्रकार छ । (१) इच्छा—जुन वस्तुबाट पहिले सुख प्राप्त भएको थियो त्यही चीजको प्राप्तिको विचार गर्नु । (२) द्वेष—जुन वस्तुबाट पहिले कष्ट प्राप्त भएको थियो त्यो पदार्थलाई देखेर त्यसबाट बच्नु । (३) प्रयत्न—दुःखको कारणलाई हटाउने र सुखको कारणलाई प्राप्त गर्ने कर्तव्य । (४) सुख—शरीरलाई आराम दिने भावना । (५) दुःख—जसको प्राप्तिबाट शरीरलाई कष्ट मिल्दछ प्रतिकूल भावना । (६) ज्ञान—सब पदार्थहरूलाई जान्नु, परीक्षा गर्नु ।

सुखदुःखेच्छाद्वेषप्रयत्नाश्चात्मनो लिंगानि ।

(वैशेषिक दर्शन, अ० ३ । आ० २ । सू० ४)

अर्थ—सुख, दुःख, इच्छा, द्वेष तथा प्रयत्न आत्माको लिङ्ग अर्थात् चिह्न हो ।

भाष्यकार प्रशस्तपादले आफ्नो निजग्रन्थ 'पदार्थ धर्म संग्रह'मा लेखेका छन् कि—'जस्तो रथको सम्पूर्ण व्यापारको कारण सारथीरूप चेतनद्वारा नै हुन्छ, त्यस्तै इष्ट वस्तु पाउने प्रयत्न शरीरमा चेतन पदार्थले नै गर्दछ ।'

उपरोक्त प्रमाणले देहधारी चेतन जीवमा—सुख दुःखलाई जान्ने ज्ञान, हानि-लाभको विचार, खुशी नाखुशी, हर्ष-शोक, उठ्नु, बस्नु, चल्नु, फिर्नु, आहार, निद्रा, भय, मैथुन, छादन, मोह, माया, ममता, आसक्ति, इच्छा, अध्यास, त्याग-ग्रहण, काम, क्रोध, लोभ, ईर्ष्या,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राग-द्वेष, नाना भावना, अनुकूल-प्रतिकूल, जाग्रत, स्वप्न आदि अवस्था, प्राणवायुको सञ्चालन क्रिया (श्वासोच्छ्वासको गतिशीलता), स्थूलदेह, इन्द्रिय, मन तथा मानन्दीजनित व्यवहार, सङ्कल्प-विकल्पात्मक, विभिन्न निश्चयात्मक, अन्तःकरणको नाना वैलक्षण्य विचार, शोध-खोज, अठोट, अक्किल, तजबिज, अनुभव; इत्यादि अनेकौं ज्ञान मानन्दीसहित, चेतनतायुक्त लक्षण, गुण-धर्म चैतन्यमा छ ।

अतएव जड़ अर्कै पदार्थ हो, चेतन भिन्नै पदार्थ हो । दुवै परस्पर एकदेखि अर्को अत्यन्त विलक्षण र पृथक् पदार्थ हुन् । जड़ र चेतनमा—अधर आकाश र जमीनको समान अन्तर छ, प्रकाश र अन्धकारको समान अत्यन्त फरक छ, पुरुष र प्रकृतिको समान बिलकुल विभिन्नता छ, ज्ञान र अज्ञानको समान अतिशय पृथक्ता छ ।

तसर्थ उक्त जड़ चैतन्यको भिन्न-भिन्न गुण-लक्षणयुक्त सत्य निर्णयअनुसार चैतन्य सत्य सार पदार्थ जड़ कारण-कार्यको यावत् पदार्थमा नभएको हुनाले, भूगोल-खगोलरूप समस्त ब्रह्माण्डमा पनि नरहेको हुनाले, पुनः जड़तत्त्वदेखि सर्वथा भिन्न विलक्षण पदार्थ—चैतन्य ठहरेको हुनाले, यथार्थ विवेकद्वारा ज्ञाता ज्ञानस्वरूप नित्य पदार्थ नै सत्यसिद्ध भएको हुनाले, त्यो अविनाशी चैतन्य पदार्थलाई नै अनुभवद्वारा जान्नु, बुझ्नु र तदनुसार बोध प्राप्त गर्नु अत्यावश्यक छ ।

देहो देवालयः प्रोक्तः सजीवः केवलः शिवः ।

(स्कन्दोपनि० १ । मन्त्र १०) (मैत्रेय्युपनिष० अ० २ । मं० १)

अर्थ—यो शरीर देवालयरूप (देवल) हो, त्यसमा कल्याणस्वरूप साक्षात् चैतन्य जीव विराजमान छ ।

एतदर्थ चैतन्य पदार्थबाहिर ब्रह्माण्डको पृथ्वी, जल, अग्नि, वायु, यो जड़तत्त्व पदार्थमा र यसको समस्त स्थूल-सूक्ष्मरूप पंच विषय पदार्थमा कहीं पनि नभएकोले—केवल यस पिण्डरूपी शरीरमा नै चैतन्य जीवको प्रत्यक्ष निवास भएकोले—यही शरीरभित्र नै खोज-तलाश गर्नु सत्परीक्षा गर्नु सर्वोचित छ ।

जुन वस्तु जहाँ-जुन ठाउँमा हराएको छ, जहाँ गुमेको छ, जुन वस्तुलाई जहाँ आफूले भुलेर (बिर्सेर) पद-पदार्थको अप्राप्ति भएको छ, अभावको अनुभव भएर सब दुःख प्रगट भएको छ, त्यो वस्तु जब त्यहीँ युक्ति एवं विचारपूर्वक खोज गरिन्छ, तब मात्र प्राप्त हुन्छ । यस प्रकार जब त्यो पदार्थ प्रयत्नपूर्वक प्राप्त गरिन्छ, तब मात्र त्यसबाट पूर्वको भूल र दुःख नाश हुन्छ, सर्व परिश्रमको अन्त्य हुन्छ । त्यसको अतिरिक्त अन्य पदार्थहरू पाएर देखेर सुनेर कदापि त्यो भूलजनित शूल एवं कष्ट निवारण हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरणमा—जस्तो घर अथवा खेतको रजिष्टरी पास गरेको कुनै मुख्य कागज हराएको छ, अथवा रुपियाँ, पैसा, सुन, चाँदी या ताल्चाको साँचो भूल-चूकले कतै गुमेको छ, भने त्यसको दुःख निवारणका लागि—अरू थोक देखेर, सुनेर या भोजन गरेर, अथवा चिया-चुरोट सुर्केर एवं अन्य कुनै कर्त्तव्य गरेर, शहर बजार घुमेर, सिनेमा हेरेर—त्यो दुःख जाँदैन। अन्य कुनै प्रयोग या प्रयत्न गरेर त्यो कागज अथवा सुन चाँदी तथा रुपियाँ एवं साँचो हराएको दुःख मेटिदैन। जब खास त्यो हराएको चीजलाई नै खोज्ने पुरुषार्थ गरिन्छ, पुनः जहाँ हराएको छ, त्यहीँ ध्यान दिएर परिश्रमपूर्वक तलाश गरिन्छ, जब त्यो हराएको चीज नै प्रत्यक्ष भेट्टाइन्छ, तब मात्रै त्यो हराएको तत्सम्बन्धी सर्व दुःख एवं कष्ट निवारण हुन्छ।

तद्वत् यहाँ—सत्य-सार वस्तु, सर्वश्रेय वस्तु, साक्षात् स्वयं वस्तु, अक्षय अविनाशी वस्तु—अन्त हराएको छैन। अन्त बाहिर कतै छँदा पनि छैन, त्यो अन्यत्र खोजेर पाइने पनि ह्वैन। केवल यस देवालयरूप (देवल), अर्थात् शरीरभित्र—'परम प्रकाशी अजर अमर अविनाशी (देवतारूप)' साक्षात् पदार्थ छ, त्यहीँ खोजे मात्र पाइन्छ। अन्ततिर दौड़ि-रहेको वृत्तिलाई समेटेर जब त्यहीँ खोजिन्छ, त्यहीँ तन्मय वृत्ति बनाएर जब तदाकार होइन्छ, तब साक्षात् अपरोक्षरूपले भेट्टाइन्छ। भास लक्ष्यलाई त्याग गरेर जब स्वयं भासिकको यथार्थ विवेक गरिन्छ, तब सत्यको प्राप्ति हुन्छ। अनादि कालदेखि आजसम्म आफ्नो लक्ष्य अन्तै बाहिरतिर दौड़िरहेको हुनाले नै सत्य स्वरूप अप्राप्त भैरहेको छ। त्यही भासवृत्तिलाई विवेक शस्त्रले निरसन गरेर यथार्थ परीक्षा दृष्टिद्वारा स्व-स्वरूपको प्राप्ति गर्नुपर्दछ। यस प्रकार जहाँ जुन भूमिकामा दृष्टि दिएर सद्वस्तुको प्राप्ति हुने हो—त्यहीँ पूर्णरूपेण विवेकपूर्वक एकाकार लक्ष्य लगाएर निर्दिष्ट स्वरूपको प्राप्ति गर्नुपर्दछ। यही भाग्यमानीले गर्ने काम हो, विवेकीको सर्वश्रेय साधन हो।

यो प्रत्यक्ष नियम छ कि जसको भूलले जुन दुःख भएको छ त्यसैको भूल छुटेपछि, भ्रान्ति हटेपछि मात्र त्यो दुःख नाश हुन्छ। जस्तो डोरीलाई बिर्सेर-भुलेर डोरीको आधारमा मिथ्या सर्पको प्रतीति हुन्छ, तब सर्पको भानले महान् दुःख हुन्छ। रोमाञ्च, भय, कम्पन, त्रास घबराहट, एवं मृत्युको आशंकामा भयभीत हृदय हुन्छ, छिनैमा प्रबलतम दुःख पैदा हुन्छ। किन्तु जसको भूलले 'जुन डोरीको ज्ञान नहुनाले' यो सर्व दुःख भएको हो, त्यही रज्जुको यथार्थ ज्ञान भएपछि पूर्वको भ्रमजन्य दुःख बाध (नाश) भएर जान्छ। [कुनै मानिसले डोरीको ज्ञान गराइदिँदा या आफैंले बत्तीको सहायता पाएर प्रत्यक्ष डोरीको ज्ञान गरेपछि त्यो भ्रमजन्य मिथ्या दुःख सम्पूर्ण नाश हुन्छ।]

ठीक त्यस्तै—यहाँ जुन चैतन्य स्व-स्वरूपको यथार्थ ज्ञान नभएर अज्ञानद्वारा सर्व दुःख प्राप्त भइरहेछ। विषयमा भ्रम सुखको निश्चय, तथा शरीरादिमा सत्यभासको निश्चय,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाणीमा परोक्ष भासको भ्रमरूप निश्चय, तद्जन्य दृढ़ अध्यास मानन्दीद्वारा नै सर्व सकाम कर्म बनेर आवागमन, जन्म-मरण बन्धन चालू भइरहेछ। त्यो सबको मूल कारण स्वरूपको अज्ञान नैं हो। अब सन्त महापुरुषको सत्सङ्गद्वारा उक्त भूल छुटेर यथार्थ चैतन्य स्वरूपको बोध प्राप्त भयो भने समस्त कष्ट-क्लेश नाश भएर परम कल्याण हुन्छ। अतः प्रत्येक कल्याणार्थी मनुष्यले आफ्नो भ्रम भूल अज्ञानलाई सत्सङ्गद्वारा सर्वथा मिटाउने प्रयत्न गर्नुपर्दछ।

जस्तो कस्तूरीमृगको नाभिमा कस्तूरी [मृगमद] हुन्छ। त्यो मृगको घट स्वभाव-वश आफ्नो नाभिमा भएको कस्तूरीलाई बिर्सिरहन्छ। तथापि त्यो कस्तूरीबाट जब सुगन्ध फैंलिन थाल्छ, तब मृगले आफ्नै नाभिमा रहेको कस्तूरीको कत्ति चाल नपाई अन्यत्रैबाट आएको सौरभ होला भन्ठानी—यता-उता पर्वत, वृक्ष, घाँस, पात, लहरा, काँढ़ा आदिमा सुँघ्दै-सुँघ्दै भटकिइरहन्छ। पुनः पशुहरूको शरीर चाट्ने स्वभाव हुनाले चाट्दा-चाट्दा कुनै समयमा जब नाभिस्थान निकट चाट्न पुग्छ तब आफ्नै साथमा रहेको कस्तूरीलाई पाएर निहाल हुन्छ, परम मलयलाई सुँघेर कृत-कृत्य हुन्छ। त्यसको यत्र-तत्र भटकिने बानी छुट्छ, भूल निवारण हुन्छ, वृथा परिश्रम अन्त्य हुन्छ, यथार्थ वस्तु पाएर परम सुखी हुन्छ।

यस्तै यहाँ—सत्य नित्य शाश्वत निज चैतन्यस्वरूप त्यो आफ्नो सदा साथैमा छ। केवल भूल अज्ञानले मात्र अप्राप्त भएको छ। त्यसलाई विवेकपूर्ण स्वरूपज्ञानको निर्णय विचार प्राप्त भएमा आफैमा रहेको अजरामर अखण्ड चैतन्यस्वरूपको बोध प्राप्त भएर उपरोक्त भूल-अज्ञान आदिको निवारण भएर आजीवन हृदय तृप्त भै मानव जीवनको उद्देश्य सफल हुन्छ।

अहं द्रष्टृतया सिद्धो देहो दृश्यतया स्थितः।
ममायमिति निर्देशात्कथं स्याद्देहकः पुमान्॥

(अपरोक्षानुभूति, श्लो० ३२)

अर्थ—श्री शंकराचार्य भन्नुहुन्छ—अहं 'म' द्रष्टारूपले सिद्ध छु, पुनः शरीर 'मेरो हो' भनिएको कारणले दृश्यरूपले स्थित छ भने यो देह पुरुष कसरी हुन सक्छ र ?

एक मानिस दिनभरि काम गरेर अथवा बाटो हिंडेर खूब थाकेर आयो। अब त्यो मानिस भन्दछ—'आज मेरो शरीर दुखेको छ, मेरो हात खुट्टा गलेको छ, सुतरां चलाउनै नहुने गरेर मेरो हात-खुट्टामा वेदना भइरहेको छ।' अब यसमा विचारणीय विषय यो छ—'म हात खुट्टा दुखेको छु त कोही पनि भन्दैन।' केवल 'मेरो हात-खुट्टा गलेको छ, दुखेको छ' यही सबै भन्दछन्। एवं रीतले 'मेरो आँखा दुख्यो, मेरो कान दुख्यो, मेरो दाँत दुख्यो, मेरो सिर दुख्यो' भन्ने 'म (आफू)' 'मेरो' भनिएको पदार्थदेखि सदाकाल पृथक् छ। जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो कोट, मेरो कमीज, मेरो भोटो, मेरो टोपी, मेरो छाता, मेरो जुत्ता भन्ने मानिस, त्यो—कोट, कमीज, भोटो, टोपी, छाता, जुत्तादेखि सदाकाल भिन्न हुन्छ। त्यस्तै मेरो पिठ्यूँ दुख्यो, मेरो छाती दुख्यो, मेरो पेट दुख्यो, मेरो मुटु दुख्यो भन्ने व्यक्ति त्यो—पिठ्यूँ, छाती, पेट, मुटुदेखि सदाकाल भिन्न रहन्छ। 'म' भनेको स्वयं आफू हो। 'मेरो' भन्नाले आफ्नो मानिएको पदार्थ साबित भयो। 'म' देखि 'मेरो' पदार्थ सदाकाल भिन्न रहन्छ। 'म' र 'मेरो' अर्थात् आफू र आफ्नोमा अत्यन्त विभेद छ। परस्पर एकदेखि अर्को सदा फरक छ। यस प्रकार 'म' र 'मेरो' भन्ने शब्दले भिन्न-भिन्न संकेत गराउँछ। यही संकेत बुझ्दै गएमा पछि निर्दिष्ट अभीप्सित सत्य पदार्थको उपलब्धि हुन्छ।

जस्तो घरमा बस्ने मानिस घरदेखि सदा भिन्न हुन्छ। जसले मेरो घर भन्छ त्यो, घरदेखि सदाकाल छुट्टै रहन्छ। आफू पृथक् भैकन पनि, उही घरमा बसेको हुनाले र अथवा आफ्नो मानिएको घर हुनाले पुनः त्यस्तै अन्य सब आफ्नो भनिएको पदार्थलाई ऊ मेरो भन्दछ। मेरो-मेरो जतिसुकै भने तापनि मेरो भन्ने मानिस, त्यो मेरो भनेर मानिएको घर या पदार्थदेखि सर्वदा तथा सर्वथा पृथक् नै रहन्छ। मेरो भनेर उद्गार गर्ने, आफ्नो अस्तित्वको भान एवं प्रत्यक्ष प्रतीतिलाई साबित गर्ने, अर्कोलाई शब्दद्वारा प्रत्यक्ष विदित गराउने, मानिस त्यो मेरो भनिएको पदार्थदेखि सदोदित भिन्न हुन्छ, सुतरां अतिशय पृथक् छ। 'म' भन्ने मानिस चैतन्य हो, 'मेरो' भनेर निर्देशन गरिएको पदार्थ जड़ हो। घरमा बसेर घरलाई र घरका अन्य समस्त सामग्रीरूप पदार्थलाई जान्ने, चिन्ने, बुझ्ने, परीक्षा गर्ने मानिस त्यो घर र घरका सम्पूर्ण पदार्थदेखि सर्वथा पृथक् हुन्छ। घरले मानिसलाई जान्दैन, किन्तु मानिसले नै घरलाई जान्दछ। अतएव घर जड़ हो, त्यो जड़ घरलाई जान्ने, जड़ घरको ज्ञाता, परीक्षाकर्त्ता चैतन्य जीव हो।

तद्वत्—यो शरीर घरसमान हो। यो शरीररूपी घरभित्र बस्ने यसका समस्त दुःख-सुख, हानि-लाभलाई जान्ने—यो शरीररूपी घरको मालिक, यो शरीररूपी घरदेखि भिन्न छ। जसको आधारमा शरीर खड़ा छ, जसको सत्ता-सहायता पाएर जड़ शरीर जीवित छ, सर्व क्रिया गरिरहेछ, जुन हाड़, छाला, मांसरूपी यस नाशमान पिंजराभित्र मालिक विराजमान भइदिंदा यो जड़ शरीर चलिरहेछ, जसले छोड़िदियो भने शरीर तुरुन्त मुर्दा हुन्छ, जुन शरीररूप घरमा निवास गरेर शरीर, इन्द्रिय, मन, प्राण आदि सकल दृश्य वर्गलाई—पृथक् दृश्यरूपले जानिरहेछ, जो मन र इन्द्रियको प्रेरक छ, जो सर्वको परीक्षक छ, त्यो—शरीर-रूप गृहदेखि अत्यन्त पृथक् अनादि अविनाशी ज्ञानस्वरूप नित्य पदार्थ हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं विकारहीनस्तु देहो नित्यं विकारवान् ।
इति प्रतीयते साक्षात् कथं स्याद्देहकः पुमान् ॥

(अपरोक्षानुभूति, श्लो० ३३)

अर्थ—अहं 'म' विकाररहित छु, तथा देह सदा विकारवान छ, जब यस्तो स्पष्ट प्रतीत हुन्छ भने—तब यो शरीरै पुरुष कसरी हुन सक्छ र ?

शरीरको वर्णन—

सामान्य समझ भएका मानिसहरूले यो स्थूल शरीरलाई नै चेतन-आत्मा भन्ठानेका छन् । किन्तु स्थूल शरीर प्रथम गर्भवासमा तैयार हुन्छ, पुनः पैदा हुन्छ, बाल-तरुण वृद्ध अवस्थामा परिणत हुन्छ, कहिले घट्छ, कहिले बढ्छ, पुनः परिवर्तन भएर, सर्वथा जीर्ण-शीर्ण एवं विकृत भएर अन्त्यमा नाश भएर जान्छ ।

चेष्टेन्द्रियार्थाश्रयः शरीरम् ।

(न्याय दर्शन, अ० १ । आ० १ । सू० ११)

अर्थ—चेष्ट इन्द्रियार्थ आश्रय—जो चेष्टा र इन्द्रिय तथा त्यसका विषयको निमित्त आधाररूप छ त्यसैलाई, शरीरम्—शरीर अथवा देह भनिन्छ ।

मज्जास्थिमेदः पलरक्तचर्मत्वगाह्वयैर्धातुभिरेभिरन्वितम् ।
पादोरुवक्षोभुजपृष्ठमस्तकैरङ्गै रुपाङ्गै रुपयुक्त मेतत् ॥

(विवेक चूड़ामणि, श्लो० ७४)

अर्थ—मज्जा, अस्थि (हाड़), मेद (बोसो), मांस, रक्त, चर्म, तथा त्वचा—यी सप्त धातुहरूले बनेको, पुनः चरण, जंघा, वक्षस्थल (छाती), भुजा, पिठ्यूँ, मस्तक, इत्यादि अङ्गोपाङ्गले युक्त स्थूल शरीर हो ।

उक्त प्रमाणले स्थूल शरीर—पृथ्वी, जल, अग्नि, वायु;—यो चारै तत्त्वको कार्य हो । शरीरमा हाड-मासु आदिको जो कठोर भाग छ, त्यो पृथ्वीको भाग हो । रस-रक्त आदिको जो द्रवरूप (पातलो) पदार्थ छ, त्यो जलको भाग हो । पेटको अन्न पचाउने जठराग्नि, वपुको गर्मी, आँखाको तेज, पित्तको अग्नि, इत्यादि जो उष्णता देहमा छ, त्यो सब अग्नितत्त्वको भाग हो । सर्व नस—नाडीहरूमा सञ्चालन क्रिया तथा मुख्य प्राणवायुको श्वासोच्छ्वास क्रिया तथा कोमलता आदि जो शरीरमा छ, त्यो सब वायुतत्त्वको भाग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो शरीर—टुक्रै-टुक्रा हाड़ै-हाड़हरूले बीच-बीचमा जोड़िएको, त्यसको उपरमा मासुले थोपरिएको, नस-नाड़ीहरूले बेह्रिएको, मल-मूत्र, थूक, खकार, सिँगान, कफ, राल, रक्त, पीप-हरूले भरिएको, बाहिर छालाले मोडिएको, त्यसको उपरमा [पृथ्वीमा घाँसहरू उम्रिए झैं] रौँहरू उम्रिएका लामा-लामा दुइ खुट्टा र हातहरू पनि टाँस्सिएका, मास्तिर एक गोल आकारको हाड़को डल्लो 'टाउको' भन्ने पनि जोरिएको, कान, आँखा, मुख, नाक इत्यादि दशै इन्द्रियहरू र शरीरभरिमा अनन्त रोमकूप (छिद्र) हरू इत्यादि असंख्य प्वालै-प्वाल परेको, पुनः एक पेटरूपी थैलो पनि भएको, त्यस थैलोमा अशुद्ध, अपवित्र एवं घोर दुर्गन्ध-रूपी फोहरै-फोहर मात्रको थुप्रो परेको—यस्तो भयानक देख्दैमा डरलाग्दो एक विचित्र आकारको 'देह' भन्ने चीजको रचना भएको छ।

सधैं नाल-फोहरको किनारमा, दुर्गन्धले भरिएको ठाउँमा, सबैले मलोत्सर्ग गर्ने पाइखानाको नजीकमा, सुंगुरहरू पालिएको भूमिमा—मानिसले बसिरहने गर्‍यो भने, त्यसलाई त्यो दुर्गन्ध सब पचेर जान्छ, सहन हुन्छ, घृणा भन्ने विचार हराएर जान्छ। ठीक त्यस्तै घोर नर्क र दुःखले भरिएको अशुद्ध, अपवित्र नर्ककुण्डमय यस शरीररूपी मल-मूत्रको माझमा बस्दा-बस्दा, नित्य निरन्तरको सहवास पर्दा, आज हामी मानिस भएकालाई यसको कत्ति घृणा र दुःखको ख्याल नभएर एवं यथार्थ विचार नआएर, मल-मूत्रको थैलो नर्कलाई नै स्वर्ग भन्ठानेर यही हाड़-चाममा आसक्त भएर, त्यस्तै तुच्छ मल-मूत्रले भरिएको हाड़-चामको नर-नारीरूप अर्कोको घृणित देहमा पनि आसक्ति गरेर आफूलाई र आफ्नो हित-कल्याणको सद् कर्त्तव्यलाई बिलकुल भुलेर-बिर्सेर त्रिविध तापको असंख्य क्लेश सहँदै आएका छौँ। प्रत्येक कल्याणार्थी वर्गले यो कुरा अत्यन्त विचार गर्ने योग्य छ।

अहो ! यो चैतन्य जीवले यस महा अपावन रौरव नर्कमय शरीररूपी पिंजरामा बन्द भएको, वारंवार जन्म-मरणको गोता खाएको गर्भवासरूपी कैदमा बहुबार पर्दै आएको धेरै काल बित्यो। यो सबको मूल कारण निज स्वरूपको भूलले नै हो। अझ पनि जहाँसम्म यो चैतन्य जीवलाई आफ्नो चैतन्य स्वरूपको ज्ञान हुँदैन, शुद्ध स्वरूपको बोधोदय हुँदैन, तहाँसम्म अनन्त कालतक यस्तै देह बन्धनको तथा नर्ककुण्डको असह्य क्लेशमा परी भयंकर दुर्दशा सहँदै रहनुपर्नेछ। अतएव उपरोक्त नारकीय यन्त्रणाको शरीररूपी विकट संकटको सामना गर्नुपरेको विचार गरेर आज अमूल्य मनुष्य देहमा शीघ्रातिशीघ्र स्वरूप-बोध प्राप्ति गरेर सर्व दुःख बन्धनदेखि सर्वथा छुट्ने उपाय गर्नुपर्दछ।

अब जस्तो घर भन्नाले धेरै सामग्रीहरू जोड़िएर बनेको बोधार्थ हुन्छ। गृहको जग, गाह्रो झ्याल, ढोका, दलिन, भन्याङ्, छाना इत्यादि कैयन् टुक्रा-टुक्रा पदार्थहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मिश्रण भएर घर बनेको हुन्छ। तद्वत् यहाँ शरीर भनेपछि अनेकौँ भिन्न-भिन्न अङ्ग-प्रत्यङ्ग एवं अवयव मिश्रित भएर यो शरीरको निर्माण भएको छ।

प्रकृति वर्णन—

(१) पृथ्वीको अंश अथवा भागले शरीरमा 'हाड़, मासु, छाला, नाड़ी तथा रौँ' बनेको छ—यही पृथ्वीतत्त्वको प्रकृति हो।

(२) जलको अंश अथवा भागले शरीरमा 'राल, रक्त, पसीना, मूत्र तथा वीर्य' बनेको छ—यही जलतत्त्वको प्रकृति हो।

(३) अग्निको अंश अथवा भागले शरीरमा 'क्षुधा, तृषा, आलस्य, निद्रा तथा तेज' आदि बनेको छ—यही अग्नितत्त्वको प्रकृति हो।

(४) वायुको अंश अथवा भागले शरीरमा 'चल्नु (उठ्नु-बस्नु) बोल्नु, दौड़नु, पसार्नु [हात-खुट्टा फैलाउनु] तथा खुम्च्याउनु' इत्यादि वायुवेगयुक्त बनेको छ—यही वायुतत्त्वको प्रकृति हो।

कतै शास्त्रादिमा आकाश तत्त्वको प्रकृति भनेर 'काम, क्रोध, लोभ, मोह, भय' आदिलाई मानिएको छ। किन्तु आकाश कुनै तत्त्व पदार्थ नभएको र निराकार निरवयव अपदार्थ शून्य रहेको हुनाले यस्तो मिथ्या शून्यबाट कुनै क्रिया आदि पनि कथमपि नहुने हुनाले त्यो काम-क्रोधादि आकाशको प्रकृति होइन। काम-क्रोधादि वेग त शारीरिक प्रकृति नभएर केवल मानसिक उद्वेग हो, किनभने काम-क्रोधादिको भाव जगाए—प्रगट गरेदेखि प्रकट हुने, निकाले-निस्कने, रोके, बन्द गरे—रोकिने, थामे-थामिने एवं घटाए-घट्ने तथा बढ़ाए-बढ़्ने यस्तो मानसिक विकार हो।

प्रकृति भनेपछि शरीरसँग सम्बन्धित [मिलित], शारीरिक क्रिया हुन आउँछ। शारीरिक त्यही हो जुन क्रिया नगरी नहुने, किंवा नगरेमा हानि हुने, गरेमा देह सुरक्षित रहने, आपाततः गर्नैं पर्ने, त्यस्तो अनिवार्यरूपको क्रिया—त्यो शारीरिक क्रिया हो, जस्तो—भोक, प्यास, निद्रा इत्यादि। यस प्रकार शरीरको लागि गर्नुपर्ने अत्यन्त आवश्यकीय क्रियालाई नै शारीरिक प्रकृति भनिन्छ। यसको अतिरिक्त जुन क्रिया नगरे पनि हुने, नगरीकन पनि रहन सकिने, नगरेरै देह सुरक्षित रहने, वरन् गरेमा केही फायदा नहुने, अधिकांशमा हानि नै हुने, उल्टो दुःख-कष्ट बढ़्ने, खालि भूल र अज्ञानले मात्रै आदत बिगारेर गर्दै आइरहेको—क्रिया 'काम, क्रोध, लोभ, मोह, भय, ईर्ष्या, राग, द्वेष, अहंकार, आशा, तृष्णा, छल, कपट, चोरी, हिंसा, व्यभिचार, मदिरा, जूवा, नाच, सिनेमा'—इत्यादि क्रिया-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलाप हुन्। उक्त कर्त्तव्य एवं व्यवहार जति छन् ती सर्व मानसिक हुन्। वास्तवमा ती अत्यन्त अनावश्यक र सर्वथा अनुचित विशेषतः दुःखदायक, मानसिक क्रिया केवल साधन-संयमको पालन र यथार्थ सत्यस्वरूप ज्ञानको धारण भएमा सबै छुटेर जाने एवं त्याग भएर जाने क्रिया हुन्। सो विवेकीले राम्ररी बुझेर निश्चय गर्नुपर्दछ।

उपरोक्त प्रकार चारै तत्त्वको पाँच-पाँच प्रकृति पंचक मिलाएर शारीरिक प्रकृति बीस भयो। पुनः यसको अतिरिक्त मानसिक प्रकृति भने पनि, बुद्धि बिगारेर आइलागेको रोग भने पनि, शास्त्रोक्तसमेतको हिसाब जोड़ेर भने पनि मनोद्वेग—'काम, क्रोध, लोभ, मोह, भयसमेत मिलाएर पच्चीस प्रकृति हुन गएको छ।

उक्त पच्चीस प्रकृतिसहितको स्थूल शरीर जड़ हो, त्यो चेतन जीव होइन।

जड़ व्यावृत्तो जड़ प्रकाशयति चिद्रूपः।

(सांख्य दर्शन, अ० ६। सू० ५०)

अर्थ—जड़ व्यावृत्त—जड़तत्त्वको विपरीत, चिद्रूप—चैतन्य जीवले, जड़म्—अचेतन जड़ तत्त्वलाई, प्रकाशयति—प्रकाशित गर्दछ।

व्याख्या—जड़ तत्त्वदेखि चैतन्यस्वरूप आत्मा सर्वथा भिन्न छ त्यही चैतन्य जीवात्माको द्वारा जड़ शरीरको समस्त क्रिया हुन्छ। 'प्रकाशयति' चैतन्यको प्रेरणाले नै अचेतन शरीर र त्यसका इन्द्रिय एवं प्रकृति आदि सब क्रियाशील हुन्छन्—यो प्रत्यक्ष छ।

उपरोक्त वर्णित समस्त पच्चीस प्रकृतिमय स्थूल शरीर जड़ हो, चार जड़तत्त्वकै कार्य हो। अब यसमा विचार गर्नुपर्ने यो छ कि—जो चेतन हो, जो आफू हो, त्यो यही हाड़, छाला, मासु रक्त इत्यादि पच्चीस प्रकृति संयुक्त पदार्थ हो कि? अथवा यसदेखि पृथक् अर्कै पदार्थ हो? किनभने—'शरीरको कुनै अंगको हाड़ भाँच्चिए पनि, मासु सड़े-गले पनि, [घाउ खटिरा भएर मांसमा विकार भए पनि], दुब्लो भएर मासु घटे पनि, केही रगत सुक्दै गए पनि, त्वचा (छाला) कतै काटिए पोलिए पनि, रौँहरू खुइलेर गए पनि इत्यादि जुनसुकै अवस्थामा पनि'—देहमा चेतन जीवले निवास गरिरहेको हुन्छ। अतः यी हाड़ छाला मांस रक्त रोमादि चैतन्य होइनन्। यीदेखि पृथक् चैतन्य जीव अर्कै पदार्थ हो। यदि यी हाड़, मांस, रक्त, रौँ नै चैतन्य जीव भएदेखि त यिनको विकृति हुँदा या कम हुँदा [डाक्टरले शरीरको हाड़-मांस आदि काटेर (अपरेशन) गरेर झिकिदिँदा या रक्त निकाल्दा] शरीर नै नरहनुपर्ने शीघ्र देहको वियोग हुनुपर्ने! किन्तु यहाँ त त्यस्तो कदापि हुँदैन, वरन् यहाँ देहमा चैतन्य जीवको निवास रहुञ्ज्याल जस्तै वृद्ध एवं जर्जर अवस्थामा परेको रोगी र शिथिलाङ्ग भए पनि अथवा रक्त-मांसादिको क्षीण अवस्थामा पुगे पनि शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सचेष्ट नै रहन्छ, देह जीवितै देखिन्छ, दुःख-सुखको ज्ञान गर्ने ज्ञाता चैतन्य जीव विराजमान नै रहन्छ। कदाचित् जस्तौ हृष्ट-पुष्ट भएको बलवान मानिस भए पनि, जस्तौ सुन्दर रूपवान युवावस्था सम्पन्न सबल शरीर भए पनि, यदि चैतन्य जीवले देहलाई छोड़िदियो भने तत्काल मरण हुन्छ, शरीर शून्य मुर्दा हुन्छ। यसकारणले जसले निवास गरुञ्ज्यालसम्म, वृद्ध, रोगी एवं क्षीण र असाध्य रोगले पीड़ित सन्तापित किम्वा मरणासन्न अवस्थामा परेको भए पनि बाँचि नै रहने र पुनः जसले छोड़िदियो भने रूप लावण्यले युक्त मनोरम युवा देह भए पनि तुरुन्त मृत्यु हुने हुनाले—यस अस्थि, मांस, मेद, मज्जा, मल-मूत्र, शुक्र, शोणितदेखि बिलकुल भिन्न चेतन पृथक् पदार्थ हो। अतः पच्चीस प्रकृति नै चैतन्य जीव कदापि होइन। यसदेखि चैतन्य जीव सर्वथा (प्रकृतिपार) अलग पदार्थ हो।

नाहं मोहं ब्रवोमी अनुच्छित धर्मायमात्मेति।

(वृहदारण्यकोपनि०, अ० ४। ब्रा० ५। मन्त्र १४)

अर्थ—याज्ञवल्क्यजी मैत्रेयीसँग भन्नुहुन्छ—हे मैत्रेयी ! मैले मोहले भनेको होइन। निश्चयपूर्वक जीवात्मा अविनाशी हो, जसको योगले शरीरका सबै चेष्टा तथा बराबर सर्व व्यवहार हुन्छ। जीवले शरीर छोड़िदिएपछि खालि शरीरले केही पनि ज्ञान गर्न सक्तैन। अतः देह र इन्द्रिय स्वतः जड़ हुन्, चेतन पृथक् पदार्थ हो।

'तत्त्वानुसन्धानको प्रथम परिच्छेदमा बताएको छ कि—शरीरलाई नै चेतन मान्न खोज्दा दुइ दोष आउँछन्। एक कृतनाश दोष—अर्थात् पाप-पुण्यको सर्व कर्म नभोगीकन शरीर नाश हुन जाने र दोस्रो—अकृताभ्यागमन दोष—अर्थात् गर्दै नगरेको कर्मले नवीन देहको प्राप्ति हुने।'

दश इन्द्रिय-विवरण

घ्राणरसनचक्षुस्त्वक् श्रोत्राणीन्द्रियाणि भूतेभ्यः।

(न्याय दर्शन, अ० १। आ० १। सू० १२)

अर्थ—घ्राण, रसना, चक्षु, त्वचा तथा श्रोत्र—यी पाँचै इन्द्रिय तत्त्वबाटै उत्पन्न भएका हुन्।

बुद्धीन्द्रियाणि श्रवणं त्वगक्षि घ्राणं च जिह्वा विषयावबोधनात्।
वाक्पाणि पादं गुदमप्युपस्थः कर्मेन्द्रियाणि प्रवणेन कर्मसु॥

(विवेक चूड़ामणि, श्लोक ६४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—श्रवण, त्वचा, नेत्र, घ्राण तथा जिह्वा—यो पाँच ज्ञानेन्द्रिय हुन्, यिनबाट पाँचै विषयको ज्ञान हुन्छ, पुनः वाक्, पाणि, पाद, गुदा र उपस्थ यी कर्मेन्द्रिय हुन्, किनभने यिनीहरूको कर्म गर्नमा प्रवृत्ति हुन्छ।

उपरोक्त प्रकारले यस शरीररूपी यन्त्र समुदायमा निम्न पदार्थहरूको पनि समावेश भएको छ। तिनको नाम हो दश इन्द्रिय—(१) कान, (२) छाला, (३) आँखा, (४) जिभ्रो, (५) नाक यिनै पंच ज्ञानेन्द्रिय हुन्। यी पाँचै ज्ञानेन्द्रियहरूले पाँचै विषयको ज्ञान गर्दछन्।

मुख्य चारै तत्त्वबाट पंच विषय बनेको छ—शब्द, स्पर्श, रूप, रस, गन्ध—यिनै पाँच विषय हुन्। पृथ्वीको गन्ध विषय, जलको रस विषय, अग्निको रूप विषय, वायुको समान र विशेष यी दुइ भेदले स्पर्श र शब्द विषय बनेको छ। यिनै पंच विषयलाई जान्न, ज्ञान गर्न शरीरमा पाँच ज्ञानेन्द्रिय निर्माण भएका छन्।

(१) कर्ण इन्द्रिय (कान) ले शब्द विषयलाई ग्रहण गर्दछ। (२) त्वचा इन्द्रिय (छाला) ले स्पर्श विषयलाई ग्रहण गर्दछ। (३) नेत्र इन्द्रिय (आँखा) ले रूप विषयलाई ग्रहण गर्दछ। (४) रसना इन्द्रिय (जिभ्रो) ले रस विषय [समस्त स्वाद] लाई ग्रहण गर्दछ। (५) नासिका इन्द्रिय (नाक) ले गन्ध विषय [सुगन्ध-दुर्गन्ध] लाई ग्रहण गर्दछ। इत्यादि पाँच विषयको ज्ञान पंच ज्ञानेन्द्रियद्वारा भइरहेको छ।

यस्तै पंच ज्ञानेन्द्रियसमान शरीरमा अन्य पंच कर्मेन्द्रियहरू पनि छन्। तिनको नाम क्रमशः यस प्रकार छ। (१) मुख, (२) हात, (३) पाउ, (४) उपस्थ, (५) गुदा—यी पाँच कर्मेन्द्रियहरू हुन्। जसरी ज्ञानेन्द्रियले पंच विषयको ज्ञान गर्दछन्, ठीक त्यस्तै पंच कर्म इन्द्रियहरूले कर्म गर्दछन्। ज्ञानेन्द्रिय मालिकहरू जस्ता छन् र कर्मेन्द्रिय सेवकहरू जस्तै छन्।

(१) मुखले—खाने अथवा बोल्ने काम गर्दछ। (२) हातले—दान, सेवा, परोपकार, लेन-देन या खान-पानादि निर्वाहिक क्रिया अथवा लड़ाइँ-झगड़ा, कूट-पीटमा दण्ड-शस्त्रको प्रयोग गर्दछ। (३) पाउले आउने-जाने, डुल-फिर तथा उठ्ने-हिँड्ने काम गर्दछ। (४) उपस्थ इन्द्रियले शरीरको जलभाग मूत्रलाई त्याग गर्दछ। (५) गुदा इन्द्रियले खाएको अन्नको असार मलभागलाई त्याग गर्दछ। यस प्रकार उक्त वर्णित पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय मिलाएर जम्मा दश इन्द्रियहरू निर्मित भएका छन्।

अब प्रश्न उठ्छ—पंच विषयको ज्ञान गर्ने ज्ञानेन्द्रिय र कर्म गर्ने कर्मेन्द्रिय, यी दशै इन्द्रियहरू भएपछि खास देहमा ज्ञान गर्ने मुख्य देहको संचालक—मालिक यिनै दश इन्द्रिय-हरू हुन् त ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा स्पष्ट उत्तर यो छ—यी दश इन्द्रियहरू एक त जड़ हुन्, दोस्रो घरका भ्याल ढोकासमान हुन्। जस्तो घरका झ्याल ढोका उघारिदिँदा बाहिर देखिने र नउघार्दा नदेखिने हुन्छ। उक्त घरका झ्याल ढोका घरकै अभिन्न अंग हुन्। घरका झ्याल ढोका घर-मध्येकै पदार्थ हुन्, भिन्न होइनन्। तद्वत् यी इन्द्रियहरू पनि देहकै अभिन्न अंग एवं अवयव हुन्। पुनः यी सबै इन्द्रियहरू उही हाड़, छाला, रगत, मासुकै बनेका हुन्। यिनै इन्द्रिय-हरूको समुदाय रूप नै स्थूल शरीर हो। यदि सबै इन्द्रियहरूलाई पृथक्-पृथक् गराइदिएका खण्डमा यो स्थूल शरीर पुनः भिन्नरूपले कायम रहन सक्तैन। त्यसकारणले इन्द्रियहरू सबै शरीररूप नै हुन्, शरीरदेखि भिन्न पदार्थ होइनन्। जस्तो यन्त्र र यन्त्रमा जड़ेका पुर्जाहरू भिन्न हुँदैनन्, सबै पुर्जाहरूको समूह नै यन्त्र हो। खालि यन्त्र बनाउने, चलाउने, यन्त्र निर्माणकर्त्ता अथवा संचालक [फोरम्यान] आदि मानिस मात्र भिन्न हो। उसले चलाए यन्त्र चल्छ, नचलाए यन्त्र चल्दैन। यन्त्रलाई चलाउने मानिस यन्त्रदेखि सदा काल छुट्टै हुन्छ र उसले चलाइदिँदा मात्र यन्त्र चल्दछ। अतएव यन्त्र सबै जड़ हो। उक्त यन्त्रको ज्ञाता, परीक्षक, यन्त्र संचालक, मानिस चैतन्य हो। तद्वत् यहाँ दश इन्द्रियहरू सबै जड़ हुन्, परिवर्तित एवं नाशवान् हुन्। यसलाई चलाउने, चेताउने—चैतन्यवत् बनाइराख्ने, सबै इन्द्रियद्वारा व्यवहार गर्ने, सबको प्रेरक—संचालक, चेतन सबदेखि भिन्न ज्ञाता पदार्थ हो।

इन्द्रियहरूलाई 'जड़' भनेको कारण यही हो कि—प्रथम-यी इन्द्रियहरू एक इन्द्रियले गर्ने ज्ञान, अर्को इन्द्रियले गर्न सक्तैन, अर्थात् कानले सुन्ने कामदेखि बाहेक—अरू देख्न, चाख्न, सुँघ्न, स्पर्श गर्न, सक्तैन। यस्तै परस्पर अन्य इन्द्रियको काम, अन्य इन्द्रियले गर्न सक्तैन। दोस्रो—यदि हात-गोड़ा या नाक, कान आदि इन्द्रियहरू काटिए तापनि अर्थात् 'अन्धा, बहिरा, लूला, लँगड़ा, काना, खोरण्डा;' इत्यादि इन्द्रिय अंगहीन भए तापनि तमाम मानिस या पशु-पक्षी जीवजन्तुहरू बाँचिरहेकै हुन्छन्। तेस्रो—परस्पर दशै इन्द्रियहरूमा स्मरण र ज्ञान हुँदैन—यो प्रत्यक्ष अनुभवमा आएको लक्षण हो। चौथो—घोर निद्रामा सुति-रहेको वेलामा र मृतक देहमा इन्द्रियहरू त सबै मौजूदै रहन्छन् तर कुनै ज्ञानयुक्त चेष्टा इन्द्रियले गरेको देखिदैन, यसकारणले इन्द्रियहरू सबै जड़ हुन्। पाँचौं—इन्द्रियद्वारा सम्पूर्ण पदार्थको त्याग-ग्रहण गर्ने, इन्द्रियको गुण-दोषलाई परीक्षा गर्ने तथा सारासारको निर्णय गर्ने, चैतन्य जीव इन्द्रिय होइन अपितु इन्द्रियदेखि भिन्न पदार्थ हो।

एक मानिसलाई शब्द सुनाउनु, दोस्रोलाई स्पर्श गराउनु, तेस्रोलाई रूप देखाउनु, चौथोलाई स्वाद चखाउनु, पाँचौंलाई गन्ध सुँघाउनु; अब एक आर्को छैटौं मानिसलाई बोलाई, ती पहिलेका पाँचै मानिसहरूले भोगेका विषयज्ञानलाई सोध्नु, केही पनि बताउन सक्तैन। किनभने—उसले इन्द्रियद्वारा त्यो-त्यो विषयको कुनै पनि ज्ञान गरेको छैन। यसकारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विना ज्ञान कसरी बताओस् ? अतः नभोगेको विषयको ज्ञान कसैलाई पनि हुँदैन । यहाँ—देहमा त पाँचै इन्द्रियले गरेको ज्ञानको थाहा पाउने—सर्व परीक्षक, जनैया चेतन, पाँचौँ देखि भिन्न अर्कै [एउटा महत्तम] छैटौँ पदार्थ स्वयं प्रत्यक्ष मौजूद रहेको छ जसलाई कि इन्द्रियजन्य सारा ज्ञान भै रहेको छ । एतदर्थ इन्द्रिय जड़ हुन्, इन्द्रियदेखि अतिरिक्त ज्ञाता चैतन्य अत्यन्त पृथक् पदार्थ हो ।

इन्द्रियाणि अनात्मा कारणत्वात् कुठारवत् ।

(तत्त्वानुसन्धान, परिच्छेद १)

अर्थ—दाउरा चिर्ने बञ्चरोदेखि बञ्चरो चलाउने मानिस जस्तो भिन्न हुन्छ, त्यस्तै इन्द्रियद्वारा सर्वव्यवहार (ज्ञान) गर्ने सत्ताधारी जीवात्मा इन्द्रियदेखि भिन्न छ ।

इन्द्रियहरू जड़ कसरी हुन् भने—मुर्दा शरीरमा इन्द्रियहरू सबै मौजूदै हुन्छन् । कान, छाला, आँखा इत्यादि दशै इन्द्रियहरू देहको साथै रहेका हुन्छन् तापनि त्यो मृतक देहका इन्द्रियले कुनै शब्द-स्पर्शादि विषयको ज्ञान गर्न सक्तैनन् । यसमा विवेकपूर्वक बुझ्नु आवश्यक छ कि किन ज्ञान भएन ? आँखा, कान, नाक, इन्द्रियहरू त मुर्दा शरीरमा लागि-रहेकै छन् तर पनि ज्ञान भने छैन । 'जुन आँखाले पहिले देख्दथ्यो, कानले सुन्दथ्यो, नाकले सुँघ्दथ्यो, अहिले त्यो काम एक पनि हुन सकेन; किन हो ?' त्यसको मुख्य कारण यही हो कि—इन्द्रियहरू सबै साबूतै रहे पनि, देह मौजूदै भए पनि—'जो देहको सञ्चालक थियो, मालिक थियो, ज्ञाता थियो, प्रेरक थियो, परम रक्षक र महान परीक्षक थियो' त्यो आज छैन । त्यो निस्केर गयो, त्यही एक चीज नभएको हुनाले, त्यसैले छाड़िदिएको हुनाले, आज सम्पूर्ण इन्द्रियसहित सर्वांग देह प्रत्यक्ष भए पनि, शरीर शून्य मुर्दारूपमा लम्पसार परी लड़िरहेको छ । एतदर्थ अब यही निश्चय भयो कि—'यो देह अत्यन्त एवं अवश्य जड़ रहेछ, पुनः यस देह-इन्द्रियदेखि सर्वथा भिन्न देह चलाउने देहको ज्ञाता एक अर्कै पदार्थ रहेछ ।' जसले निवास गरुञ्ज्याल र शरीरमा विराजमान रहुञ्ज्याल ज्ञान हुने र जसले छोड़िदिनासाथ ज्ञानशून्य भइहाल्ने—शरीर ढुङ्गो-मूढ़ोसमान अचेत एवं मुर्दा बनिहाल्ने, एकदम विकृति भएर सड्न-गल्न थालिहाल्ने । पुनः जसले नछोडुञ्ज्यालसम्म भने—जस्तै खान नपाएर भोकभोकै उपवास गरेर रहेको भए पनि र कुनै अपराधको कारणले निर्घातसँग शरीरमा पिटाइ परे पनि तथा कैय्यौँ वर्षदेखि ओछ्यान परेको सिकिस्त बिरामी भए पनि ज्ञानयुक्त क्रिया गरिरहने एवं इन्द्रियादिलाई सक्षम बनाइराख्ने—त्यो पदार्थ देह तथा इन्द्रियादि कदापि होइन ।

इन्द्रियभ्यः पराह्यर्था ।

(कठोपनिष०, वल्ली ३ । अ० १ । मन्त्र १०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—इन्द्रियदेखि चैतन्य जीव पर (भिन्न) छ ।

जस्तो-माटोको हाँड़ी, गाग्रो, घ्याम्पो आदि सामान बनाउने कुम्भकार (कुमाले) ले माटो मुछेर चक्र, दण्डा एवं तार आदि साधनहरूको सहायता लिएर तमाम माटाका भाँड़ा-बर्तनहरू बनाइदिन्छ । पुनश्च जस्तो काठको काम गर्ने विश्वकर्मा [बढ़ई-सिकर्मी] ले करौँती रुखानी, रण्डा, बसिला इत्यादि अनेकौँ साधन (ज्यावल) हरू लिएर—मेच, टेबिल, कुर्सी, दराज आदि फर्निचरका सामानहरू बनाइदिन्छ 'यदि त्यो कुमाले अथवा सिकर्मीले काम न गरेर चूप लागेको खण्डमा ती ज्यावलहरूले स्वतन्त्र भएर कुनै पनि काम गर्न सक्तैनन्, न सिकर्मीहरूबाट कुनै काम जबर्दस्ती गराउन सक्तछन् । अतएव ज्यावलहरू असमर्थ छन्, पर-तन्त्र छन्, क्रियाहीन छन्, अज्ञात छन्, सर्वथा जड़ छन् : सिकर्मी कुम्भकारहरू समर्थ छन्, स्वतन्त्र छन्, स्वाधीन छन्, स्ववश छन्, ज्ञाता छन्—तस्मात् कारणात् यी चैतन्य हुन् । यसको अतिरिक्त ज्यावलहरू सबै जड़ हुन् । सारांश—कुनै चीजको आधार लिएर मात्रै चल्ने नत्र स्वतन्त्र केही पनि गर्न, चल्न नसक्ने—ती सब जड़ पदार्थ हुन् । एवं रीतले इन्द्रियहरू परको प्रेरणाद्वारा मात्र चल्ने, नत्र कत्ति नचल्ने स्वाभाविक चेतनाहीन हुनाले आपाततः जड़ पदार्थ हुन् ।

शरीरमा जुन प्रकृति भिन्न अजरामर वस्तुको सहायता पाएर नै इन्द्रियहरूले ज्ञान गरिरहेका छन्, जुन चैतन्यको आधार पाएर आँखाले देख्न सकिरहेछ, कानले सुन्न सकि-रहेछ, जिभ्राले स्वाद लिन सकिरहेछ, नासिकाले गन्ध-सुगन्ध सुँघ्न सकिरहेछ, छालाले स्पर्श गर्न सकिरहेछ, जुन चैतन्यको सहायता नपाउँदा मुर्दाको देहमा रहेका इन्द्रियहरूले कुनै पनि ज्ञान गर्न सक्तैनन् । अतएव इन्द्रियहरू त केवल साधन मात्र हुन्, त्यो इन्द्रिय साधन-लाई लिएर क्रिया गर्ने क्रियाको कर्त्ता, चेतन जीव, त्यो इन्द्रियकरण (साधन) देखि पृथक् पदार्थ हो ।

नित्यो नित्यानां चेतनश्चेतनानामेको बहूनां यो विदधाति कामान् ।
तत्कारणं सांख्ययोगाधिगम्यं ज्ञात्वादेवं मुच्यते सर्वपाशैः ॥

(श्वेताश्वतरोपनि०, अ० ६ । मन्त्र १३)

अर्थ—जो नित्यमा नित्य र चैतन्यमा परम चैतन्यस्वरूप छ, पुनः आफू (घटमा) एकलै रहीकन समस्त (इन्द्रियादि) लाई भोग प्रदान गर्दछ । [अर्थात् इन्द्रियादिलाई विषयादि ग्रहण गर्नसक्ने शक्ति दिन्छ] पुनः जो सांख्ययोगद्वारा नै ज्ञातव्य छ, त्यो—नित्य एवं चैतन्य र ज्ञानको मुख्य कारण देवलाई जानेर (मुमुक्षु पुरुष) समस्त बन्धनदेखि मुक्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही-कोही व्यक्तिहरू 'आँखाले देखेको पदार्थलाई मात्र सत्य मान्दछु' भनेर हठ गर्दछन् । सबै वस्तुलाई आँखाले मात्र देख्न चाहन्छन् । एवं रीतले प्रकृतिपार अजरामर सत्य चैतन्यदेवलाई पनि नाशवान चर्म चक्षुले नै हेर्न, पहिल्याउन, पहिचान्न चाहन्छन्, वास्तवमा ती सज्जनहरू ठूलो भूलमा छन् । किनभने, नेत्रले त केवल रूपविषयलाई मात्र देख्दछ । रूपदेखि बाहेक शब्द, स्पर्श, रस, गन्ध, यी चारै विषयलाई नेत्रले ग्रहण गर्न सक्तैन अर्थात् देख्न सक्तैन । अन्य श्रवण, त्वचा, जिह्वा, नासिका इत्यादि इन्द्रियहरूद्वारा मात्र ग्रहण हुन्छन् । 'यदि नेत्रले देखेको मात्र सत्य मान्ने हठ गर्ने हो भने' रूपदेखि पृथक् पदार्थलाई त नेत्रले देख्नै सक्तैन । अब त्यो नेत्रद्वारा देख्नमा नआएका शब्द, स्पर्श रस, गन्ध—यी चारै विषयलाई प्राप्त गर्न एवं भोग गर्नको निमित्त किन मानिस चाहना गर्छ त ? किन त्यही विषयको निमित्त महान परिश्रम गरिरहेछ ? किन हमेशा गर्जबन्दा बनेर त्यही [गान-बजान तथा रमणी-रमण, एवं षड्रसास्वाद र सुगन्ध सौरभमा] आसक्तिपूर्वक लम्पट परिरहेको छ ? किन उक्त चारै विषयको लागि निरन्तर तनमन दिएर 'सुन्न, छुन, स्वाद लिन र सुँघ्न' अपार प्रयत्न गरिरहेछ ? 'यो शब्द, यो स्पर्श, यो रस, यो गन्ध', भनी ठीक-ठीक परीक्षा गरी जानी, मानी, किन भोगिरहेछ ? अतएव आँखाले नदेखेको पदार्थ (शब्द, स्पर्श, रस, गन्धादि) लाई पनि अन्य इन्द्रियद्वारा प्रत्यक्ष भोगेर अनुभव गरेको अतिशय मञ्जूरै गरिरहेछ । एतदर्थ 'सिर्फ आँखाले देखेकोलाई मात्र विश्वास गर्दछु नत्र गर्दिनँ' भन्नु केवल एक अपलाप मात्र हो ।

अब जस्तो उक्त 'शब्द, स्पर्श, रस, गन्ध' रूपी जड़ दृश्य पदार्थलाई त मानिसले नेत्रद्वारा ग्रहण गर्न नसक्ने रहेछ, देख्न असमर्थ रहेछ भने—'जो नेत्रदेखि सर्वथा अग्राह्य छ, दृश्यदेखि परे द्रष्टा छ, जड़देखि भिन्न चैतन्य छ, प्रकृतिदेखि सर्वथा पृथक् पुरुष छ, त्यो अविनाशी पदार्थलाई नाशवान विकारी अशुचि चर्मेन्द्रियले कसरी देख्न सक्छ र ? कदापि सक्तैन, यसकारण 'नेत्र इन्द्रियले मात्र सबलाई देख्न चाहने' यो दुराग्रहलाई त्यागी निर्मान-नम्र हृदय गराई सदाचारमय शुद्ध अन्तःकरण बनाएर विवेकी सन्तहरूको सत्सङ्ग गरेका पक्षमा तब अभ्यन्तरको विवेक चक्षु खुलेर यथार्थ सत्य स्वरूपको बोधोदय हुनेछ ।

अदृष्टो द्रष्टाश्रुतः श्रोतामतो मन्ताविज्ञाता विज्ञाता
नान्योऽतोऽस्ति विज्ञातैष त आत्मान्तर्याम्यमृतो
ऽतोऽन्यदार्तं ततो होद्दालक आरुणि रुपरराम ।

(बृहदारण्यकोपनि०, अ० ३ । ब्राह्म० ७ । मन्त्र २३)

अर्थ—त्यो आँखाले नदेखिने, किन्तु सबलाई देख्ने छ, सुन्नमा नआउने, किन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्ने (शब्दको ज्ञान गर्ने) छ, मननमा नआउने किन्तु सबको मनन गर्ने छ, पुनः ज्ञेयमा नआउने किन्तु विशेषरूपले सबलाई जान्ने (परम विशेषज्ञ) छ, 'त्यै तिम्रो आत्मा अन्तर्यामी अमृत हो' यसको अतिरिक्त सब नाशवान हो। यो सुनेर अरुण पुत्र उद्दालक प्रश्न गर्नमा निवृत्त भए।

उपर्युक्त प्रमाणले जो चैतन्य पदार्थ हो त्यो इन्द्रिय गोचररहित द्रष्टा हो अर्थात् इन्द्रिय द्वारा ग्रहण गर्नमा नआउने, इन्द्रियले जान्न नसक्ने अगोचर पदार्थ हो, प्रकृति भिन्न अनुपम हो, जड़देखि भिन्न चैतन्य हो। यसको अतिरिक्त अन्य जति दृश्य पदार्थ छन् सब इन्द्रियद्वारा ग्राह्य छन्, शब्द स्पर्श, रूप, रस, गन्ध, विषयरूप छन्। यिनलाई इन्द्रियले देखेर, सुनेर, सुँघेर, स्वाद लिएर, स्पर्श गरेर ज्ञान गर्दछ। किन्तु ज्ञाता जो चैतन्य हो त्यो इन्द्रियद्वारा अग्राह्य छ इन्द्रियले परीक्षा गर्न नसक्ने छ। यसकारण शरीर तथा संसार र संसारको व्यवहार इत्यादि समस्त दृश्य प्रपंचलाई चेतन जीवले नै इन्द्रियद्वारा जानिरहेछ, ज्ञान गरिरहेछ परन्तु त्यो चेतनलाई जड़ इन्द्रियले जान्न एवं ज्ञान गर्न कदापि सक्तैन।

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह।

(तैत्तिरीयोपनि०, वल्ली २। अनु० ४। मन्त्र १)

अर्थ—चेतन जीवलाई जड़ इन्द्रिय वाचा, मन, बुद्धि, वृत्ति, अन्तःकरण, इत्यादिले जान्न सक्तैन। कारण जड़तत्त्व पदार्थमा ज्ञान जान्ने कुनै शक्ति एवं सामर्थ्य छैन।

यसकारण नेत्रले सर्व रूप-रंग-पदार्थलाई मात्र देख्दछ किंवा आत्मा चेतन पदार्थलाई देख्न सक्तैन। त्यस्तै अन्य सर्व कर्ण, त्वचा, जिह्वा, घ्राण आदि इन्द्रियले पनि दृश्य विषय—शब्द, स्पर्श, रस, गंध, पदार्थलाई मात्र सुनेर, छोएर, स्वाद लिएर, सुँघेर, थाहा पाउँदछन्। परन्तु त्यो चैतन्य जीव इन्द्रिय विषयमा नआउने हुनाले र पंच विषयरूप जड़ पदार्थ पनि नभएको हुनाले त्यो ज्ञेय दृश्यमा कदापि आउँदैन। जीवात्मा इन्द्रियको विषय सर्वथा छैन, इन्द्रियले चैतन्यलाई कथमपि जान्न सक्तैन, यसकारणले इन्द्रिय, मन, बुद्धि, वृत्ति, वाणी इत्यादि सब जड़ हुन्। इन्द्रियदेखि भिन्न चैतन्य अगोचर, अग्राह्य, अविषय, अविकार, अविनाशी, अक्षय, स्वतन्त्र, सत्य, पदार्थ हो।

अन्तःकरण-चतुष्टय-वर्णन

निगद्यतेऽन्तःकरणं मनोधीरहङ्कृतिश्चित्तमिति स्ववृत्तिभिः।
मनस्तु संकल्प विकल्पनादिभिर्बुद्धिः पदार्थाध्यवसायधर्मतः।
अत्राभिमाना दहमित्यहङ्कृतिः स्वार्थानुसन्धानगुणेन चित्तम्॥

(विवेक चूड़ामणि, श्लोक ९५-९६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—अन्तःकरण—मन, बुद्धि, चित्त, अहंकार, यो चार प्रकारको वृत्ति हुनाले [यी चार नामले] वर्णन भएको छ। सङ्कल्प-विकल्पको कारण 'मन', पदार्थको निश्चय गर्ने हुनाले 'बुद्धि', अहं-अहं [म-म]—यस्तो अभिमान गर्ने हुनाले 'अहंकार' तथा सदा चिन्तन गरिरहने हुनाले त्यसलाई—'चित्त' भनिन्छ।

शरीरमा जसरी स्थूल देह र त्यो स्थूल देहको दश इन्द्रिय तथा प्रकृतिहरूको वर्णन भयो ठीक त्यस्तै स्थूल देहको अतिरिक्त शरीरमा सूक्ष्म देह पनि मौजूद छ। जस्तो बीजबाट वृक्षको उत्पत्ति हुन्छ, तद्वत् यहाँ शरीरमा पनि सूक्ष्म देहबाटै स्थूल शरीरको निर्माण भएको छ। सूक्ष्म मन हो अतः त्यो मनबाटै स्थूलरूप तनको रचना भएको छ। त्यो सूक्ष्म देह अन्तःकरण चित्त चतुष्टय समुदायरूप छ। त्यसैमा सर्व पाँचै विषयको संस्कार [वासना] टिक्तछ। यस प्रकार चित्त चतुष्टयरूप पुर्यष्टक सूक्ष्म शरीर शास्त्रमा मानिएको छ। 'अन्तः-नाम-भित्रको, करण नाम-इन्द्रिय हो।'—त्यही सूक्ष्म इन्द्रिय-अन्तःकरण हो। त्यो अन्तःकरण रूपी भूमिकामा—सूक्ष्म इन्द्रियरूप चित्त चतुष्टयको निवास छ। त्यसको नाम हो चित्त, मन, बुद्धि, अहंकार। त्यसको काम हो चित्तले चिंतन गर्नु, मनले सङ्कल्प-विकल्प गर्नु, बुद्धिले निश्चय गर्नु, अहंकारले अहंता लिनु।

स्पष्ट—जस्तो कतै बाहिरबाट करुण स्वरको एक शब्द आयो, अब चित्तले तत्काल चिन्तन गर्न थाल्यो कि केको आवाज हो ? कसको आवाज हो ?—यो चित्तको काम भयो। पुनः अति शीघ्रतासाथ त्यसमा सङ्कल्प-विकल्प गर्न थाल्यो कि यो आवाज त आयो तर मनुष्यको हो कि पशुको हो ? इत्यादि नाना कल्पना गर्नु यो मनको काम भयो। तत्पश्चात् त्यो शब्दोच्चारणलाई खूब ठम्याएर, विशेष निश्चय गरेर निर्णय गऱ्यो कि यो आवाज मानिसको हो, यो बुद्धिको काम भयो। पुनः अविलम्ब अहंकारको कर्तृत्वाभिमानपूर्वक अहंत्व ममतानुसार ठोकेर अहंकार लिएर भन्यो कि—यो त मेरो मानिस हो, 'मेरै स्त्री अथवा पुत्र हो' यो अहंकारको काम भयो।

उपर्युक्त निर्णयानुसार हरेक काममा हरेक ज्ञान गर्नमा चित्तचतुष्टय क्रियावान भएरै सर्व ज्ञान हुन्छ एवं सर्व व्यवहार जीवले गर्दछ। विना चित्त चतुष्टयको कुनै ज्ञान या स्मरण मनन आदि हुँदैन। अन्तःकरण सूक्ष्म साधनरूप भएको हुनाले अति शीघ्रतासाथ चिन्तन-मनन भएर उक्त चित्त चतुष्टयको क्रिया भइरहन्छ। यो सूक्ष्म विषय भएकोले उक्त रहस्य-लाई स्थिर बुद्धियुक्त गम्भीर विचार गरेमा मात्रै बुझिने कुरा छ, केवल अनुभवगम्य छ, विशेष अन्तर लक्ष्य दिएर परीक्षा गर्नाले त्यसको यथार्थ भेद प्राप्त हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूक्ष्म शरीर रहस्य

वागादि पञ्च श्रवणादि पञ्च प्राणादि पञ्चाभ्रमुखानि पञ्च ।
बुद्ध्याद्यविद्यापि च कामकर्मणा पुर्यष्टकं सूक्ष्म शरीरमाहुः ॥

(विवेक चूड़ामणि, श्लो० ९८)

अर्थ—वागादि पाँच कर्मेन्द्रियहरू, श्रवणादि पाँच ज्ञानेन्द्रियहरू, प्राणादि पाँच प्राण, आकाशादि पाँच भूत, बुद्धि आदि अन्तःकरण चतुष्टय, अविद्या तथा काम एवं कर्म, यो सम्पूर्ण मिलाएर पुर्यष्टक सूक्ष्म शरीर कहिन्छ ।

पुनश्च—

इदं शरीरं शृणु सूक्ष्म संज्ञितं लिङ्गं त्वपञ्चीकृतभूत सम्भवम् ।
सवासनं कर्मफलानुभावकं स्वाज्ञानतोऽनादिरुपाधिरात्मनः ॥

(विवेक चूड़ामणि, श्लो० ९९)

यो सूक्ष्म शरीर अथवा लिङ्ग शरीर अपञ्चीकृत भूतहरूबाट उत्पन्न भएको छ, यो वासनायुक्त भएर कर्मफलको अनुभव गराउने हो । स्व-स्वरूपको ज्ञान नभएको कारणले आत्माको अनादि उपाधि हो ।

उपर्युक्त प्रमाणले सो अन्तःकरण चतुष्टय क्रियाशील रहने जागृत अवस्थामा हो । निद्रावस्थामा पनि स्वप्न भयो भने मात्र अन्तःकरण क्रियावान हुन्छ, तत्र त निश्चिन्त निद्रावस्थामा अन्तःकरण चतुष्टय सञ्चालित भएको हुँदैन । एवं रीतले मूर्च्छा, सुषुप्ति, समाधि अथवा शून्य अवस्था आदिमा पनि अन्तःकरण चतुष्टय क्रियाशील भएको हुँदैन, तथापि देहमा चैतन्य जीवको निवास त विद्यमान नै रहन्छ । यसकारणले चैतन्य जीवदेखि अन्तःकरण पृथक् चीज हो । केवल साधन (पुर्जा) समान जड़ पदार्थ हो । त्यो अन्तःकरण चालू रहेको तथा नरहेको चैतन्यको अनुभवमा आउने हुनाले 'अन्तःकरण ज्ञेय, दृश्य, जड़ पदार्थ हो ।' अतएव त्यो अन्तःकरण चतुष्टयको परीक्षक, चैतन्य, द्रष्टा, त्यो दृश्य अन्तःकरणदेखि अत्यन्त पृथक् पदार्थ हो ।

जस्तो मोटरभित्र बसेर मोटरलाई चलाउने सञ्चालक [ड्राइवर] मोटरदेखि सदाकाल भिन्न हुन्छ । अतः मोटर जड़ हो, त्यो मोटर चलाउने ड्राइवर (चालक मानिस) चैतन्य हो । अब ऊ ड्राइवरले मोटर चलाए त्यो मोटर चल्दछ । नचलाएमा मोटर चल्न सक्तैन । मोटरमा ड्राइवर बसेर चलाओस् या नचलाएर चूप लागेर बसोस्, यसमा ऊ ड्राइवरको (आफ्नो) स्वाधीनता छ । पुनः भित्तारे चलाओस् या बेसरी रेस छोड़ेर दौड़ाओस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा उसकै अख्तियारको कुरा छ र उसको इच्छानुसारको कार्य छ एवं पूर्ण स्वतन्त्रता छ। पुनः मोटर स्टार्ट गर्ने, ह्याण्डिल दायाँ-बायाँ घुमाउने, ब्याक गर्ने, ब्रेक लगाउने, बत्ती बाल्ने निभाउने, हॅर्न दिने, यो सब ड्राइवरले स्वेच्छानुकूल गर्दछ। मोटरमा तेल भए नभएको विचार गर्ने, समय समयमा तेल र पानी हाल्ने कल पुर्जा बिग्रिएको अथवा नबिग्रिएको सबै थाहा पाउने मोटरमा एकै ठाउँमा बसेर मोटर चलाउने; यस्तो मोटरको प्रेरक, सञ्चालक, मोटरको मालिक, ज्ञाता, जड़ मोटरदेखि सर्वदा तथा सर्वथा पृथक् छ।

तद्वत्—यहाँ मोटर सदृश यो स्थूल शरीर हो। पाङ्ग्रा तथा कलपुर्जासमान इन्द्रियहरू हुन्। ह्याण्डिल, हॅर्न, ब्रेक आदि ड्राइवरका निकटवर्ती सामग्रीहरू जस्तै अन्तःकरण चित्त मन, बुद्धि अहंकार हुन्। खास चलाउने ड्राइवर जस्तै चैतन्य जीव हो। यही चैतन्यले हृदय देश [एकै ठाउँ] मा बसेर अन्तःकरणलाई सत्ता दिएर सुतरां प्रेरणा गरेर चित्त, मन, बुद्धि अहंकारलाई चलाउँदछ। उही चैतन्यदेवले प्रेरणा गर्दा [चलाउँदा] चित्त, मन बुद्धि, अहंकारले चिन्तन-मनन, सङ्कल्प-विकल्प, निश्चय तथा कर्तृत्वाभिमान, इत्यादि काम गर्न सक्ने हुन्छ। उ चेतनले नचलाएको समय 'मूर्च्छा, सन्निपात, बेहोशी तथा सुषुप्ति आदि काल' मा नचलेरै रहन्छ। यस प्रकार शरीरको अभ्यन्तरमा रहेर चित्त, मन, बुद्धि, अहंकारलाई सत्ता दिने, चलाउने, चैतन्य जीव—मोटर ड्राइवरवत्, चित्त चतुष्टयदेखि हमेशा पृथक् छ।

यो विजानाति सकलं जाग्रत्स्वप्नसुषुप्तिषु।
बुद्धितद्वृत्ति सद्भावमभावमहमित्ययम्।
यः पश्यति स्वयं सर्वं यं न पश्यति कश्चन।
यश्चेतयति बुद्ध्यादिं न तु यं चेतयत्ययम्॥

(विवेक चूड़ामणि, श्लो० १२८–१२९)

अर्थ—श्री शंकराचार्य भन्नुहुन्छ—जो जाग्रत, स्वप्न, सुषुप्ति, यी तीनै अवस्थामा बुद्धि र बुद्धिको वृत्तिलाई तथा तद् जन्य वृत्तिको सद्भाव एवं अभावलाई—जसले जान्दछ, जो स्वयं सबलाई देख्दछ; किन्तु जसलाई अन्य जड़ पदार्थ कुनैले देख्न सक्तैन, जो बुद्धि आदि जड़ पदार्थलाई प्रकाश गर्दछ, चेताउँदछ, क्रियामान बनाउँदछ, त्यो—चैतन्यलाई कसैले चेताउन सक्तैन।

सुषुप्त्याद्यसाक्षित्वम्।

(सांख्यदर्शन, अ० १। सू० १४८)

अर्थ—सुषुप्त्याद्य—सुषुप्ति आदि अवस्थाको, साक्षित्वम्—आत्मा साक्षी हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त प्रमाणबाट जाग्रत स्वप्न सुषुप्ति आदि अवस्थाको ज्ञाता, बुद्धि आदि चतुष्टयको प्रेरक, इन्द्रिय, मन, प्राण इत्यादि सब साधन-करणहरूको प्रकाशक, संचालक, साक्षी चैत्तन्य, अन्तःकरणदेखि सदाकाल फरक छ ।

जस्तो—एक स्फटिक पत्थरमुनि रातो या पहेँलो अथवा नीलो एवं हरियो, जुनसुकै प्रकारको रंगको फूल या कपड़ा राख्यो त्यही रंगकै समान स्फटिक-पत्थरको भान हुन्छ । ठीक स्फटिक पत्थर जस्तै अन्तःकरणको पनि स्वभाव छ । जसको संगत गऱ्यो अथवा जुन भोगमा प्रवृत्त भयो, जस्तो कर्म गऱ्यो; त्यसको त्यो भावानुकूल हृदयमा वासना संस्कार एवं अध्यास बन्दछ । 'वासना, संस्कार, अध्यास, मन' सब एउटैको नाम हो, सब पर्यायवाची शब्द हुन् । 'दर्पण (ऐना) मा जस्तो आफ्नो मुख देखिन्छ', 'जलमा जस्तो प्रतिबिम्ब पर्दछ', 'फोटो (तस्वीर) खिँच्ने क्यामराको भित्री प्लेटमा जस्तो फोटो खिँचिन्छ' ठीक यस्तै—हृदय क्षेत्र अन्तस्करण पनि एक अति स्वच्छ स्फटिक पत्थर झैं छ । स्फटिक पत्थरमा रंग—चमकको भान परे झैं, दर्पणमा मुख देखिए झैं, जलमा प्रतिबिम्ब परे झैं, फोटोग्राफरको क्यामरामा फोटो खिँचिए झैं—अन्तस्करणमा वासना संस्कारको [फोटो] टिक्छ ।' त्यो सर्व वासना सम्बन्धित संस्कार मन हो । इन्द्रियद्वारा जो-जो देख्यो, सुन्यो, सुँघ्यो, स्वाद लियो, स्पर्श (वनितादिको संसर्ग) गऱ्यो; त्यसको सम्पूर्ण संस्कार हृदयमा टिक्छ; त्यही—मनको रूप हो ।

संक्षेपमा 'मनको' रूप वर्णन—

कर्मेन्द्रिय बुद्धीन्द्रियैरान्तरमेकादशकम् ।

(सांख्यदर्शन अ० २ । सूत्र १९)

अर्थ—कर्मेन्द्रिय बुद्धीन्द्रियै—कर्मेन्द्रियहरू र ज्ञानेन्द्रियहरूको साथ, एकादशकम्—एघारौँ, आन्तरम्—भित्री इन्द्रिय 'मन' हो ।

व्याख्या—'पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय'—यी दशै बाह्य इन्द्रिय हुन् । यसको साथमा एघारौँ अन्तर इन्द्रिय 'मन' छ ।

मयोऽनुभवति स यदा मनसा मनस्यति ।

(छान्दोग्योपनि०, अ० ७ । खण्ड ३ । मंत्र १)

अर्थ—संकल्प-विकल्परूप मन हो त्यो अनुभवमा आउँदछ । यसकारण त्यो मनको अनुभव गर्ने चैतन्य जीव मनदेखि भिन्न छ ।

उपरोक्त प्रमाणले मन संकल्पको समूहरूप एवं मानन्दीको स्वरूप हो । अर्थात् मन अनुरूपित, काल्पनिक, विभिन्न भावानुकूलमा आधारित, राजस-तामसादि संस्कारले आवेष्टित,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रम-भूल तथा अज्ञान एवं भोगाध्यासले पोषित, नाना वासनाले प्रपूरित, आपाततः मानन्दीरूप 'मन' हो ।

त्यो मन—(१) सङ्कत, (२) संस्कार, (३) योग्यता, (४) क्रिया,—यो चार प्रकारको धाराअनुसार समस्त मानन्दी (वासना-संस्कार) हृदयमा बन्दछ । उक्त चारै मध्येमा जतातिरको जस्तो प्रवाह-धारा चल्यो, उस्तै मन-मानन्दी दृढ़ हुन्छ । अर्थात्—मानिसलाई जस्तो सङ्कत पर्छ, जस्तो संस्कार सम्मुख हुन्छ, जस्तो योग्यता आइलाग्छ एवं जस्तो क्रिया र कर्त्तव्य (आफूले) गर्दछ, त्यही बमोजिम मानन्दी बन्दछ ।

मनको मानन्दी अर्थात् मान्यताको निमित्त उदाहरणमा—जस्तो 'एक नारीको शरीर छ । त्यसमा पिताले पुत्री भाव देख्दछ, दाजु-भाइहरूले दिदी-बहिनी भाव देख्दछन्, पुत्रले माता भाव देख्दछ, ससुरा तथा जेठाज्यूहरूले बुहारी भाव देख्दछन् । किन्तु—एकमात्र पति भनाउँदो-ले भने बिलकुल स्त्री भाव देख्दछ, आफ्नो मनोविनोदको क्रीड़ास्थल मान्दछ, आफ्नो वासनापूर्तिको साधन ठान्दछ, सहजमा पाइएको एक मांसपिण्डको पात्र संझन्छ, नजरभर कामुकताको भावले एवं आसक्तिको भावले सुतरां एक विषयको दृष्टिले नै उसको शरीरलाई हेर्दछ । यही हो मन अनुरूपित मानन्दी संस्कारको चित्रण । पदार्थ एक छ त्यसमा जसले जस्तो भाव बनायो मान्यता-मानन्दी गऱ्यो उस्तै वासना बन्दछ । जस्तो वासना बन्दछ, त्यही वासनानुसार हानि-लाभ तथा सुख, दुःख प्राप्त हुन्छ, बन्धन तथा निर्बन्धता मिल्दछ । एवं प्रकार चैतन्य जीवले सङ्कत, संस्कार, योग्यता तथा क्रियाअनुसार नै मानन्दी बनाउँदछ । त्यही मानन्दी समूहको नाम नै मन हो ।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥

(भगवद्गीता, अ० ६ । श्लो० २६)

अर्थ—चंचल अस्थिर मन जहाँ-जहाँबाट निक्लन्छ, त्यहीं-त्यहीबाट यसलाई रोकेर आत्मामा नै वश गरोस् ।

उपरोक्त प्रकारबाट मन सङ्कल्प-विकल्परूप, कल्पना एवं मानन्दीरूप, अनुभवमा आउने जड़ हो । उत्पत्ति र नाश हुने एक कल्पनाको समूह हो । कल्पनाको आधारबाट कहिले कुनै मानन्दी संस्कार दिलमा रचना हुन्छ, कहिले कुनै । पुनः त्यो मानन्दीजनित व्यवहारमा कुनै दुःखको ठोकर पर्दा, सङ्कट आइलाग्दा तथा अनुकूलतामा प्रतिकूलतामय परिस्थितिको उपस्थिति हुँदा अथवा बोध-वैराग्य प्राप्त हुँदा मानन्दीरूप काल्पनिक मन नाश पनि हुन्छ । एवं रीतले—मन कहिले बन्दछ, कहिले बिग्रिन्छ, पुनः क्षण-क्षणमा परिवर्तन भइरहन्छ । परीक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिद्वारा गंभीर विचार गर्दा र त्यसको बारेमा विवेकपूर्वक यथार्थ निर्णय गर्दा 'मन-एक कल्पनारूप, असत्य, क्षणभङ्गी, अस्थायी, मिथ्यारूप' नै ठहर्दछ ।

त्यो मन—काम, क्रोध, लोभ, मोहरूप, ईर्ष्या राग-द्वेषरूप; छल-कपट तथा राजस-तामसरूप, चोरी, हिंसा, व्यभिचाररूप; मदिरा तथा मांसाहाररूप, नाना फेशन एवं विलास-रूप, अन्ध, अज्ञ, असूझ एवं अबूझरूप, अनन्त अन्याय, हठ, शठ, जबर्दस्ती, प्रमाद एवं अज्ञान रूप; इत्यादि नाना रूप धारण गरेर रहने, सारा संसारका प्राणीलाई सदा चिन्ता शोक सन्ताप रूपले (उपस्थित भएर) हृदयमा दाह पैदा गराउने, हमेशा आफ्नै जालमा घुमाई-फिराई राख्ने, सकेसम्म कहिले पनि उम्कन नदिने, रात-दिन दुःखैमा धँसाइराख्ने, विषयमा सुख झल्काई तुच्छ भोगमा नै लगाइराख्ने, पुनः 'मानव जीवनको मुख्य कर्त्तव्य-दया-धर्म परोपकार सेवा-साधन तथा भजन भक्तिरूप परमार्थको कार्यभन्दा', केवल स्वार्थ व्यवहार, परिवार, जगत धन्धा प्रपंच र निज शरीरको सुसारोलाई मात्र सत्य एवं सुखकर भन्ने भान गराइ, त्यही मात्र अति प्यारो लाग्ने गराई, त्यसैमा नै तन-मन-धन सर्वस्व निछावर गर्ने बनाई, त्यसैमा नै सदा भुलाई, छकाई, अलमल्याई, अल्झाई, सर्वथा बल, बुद्धि, विचार आयु (जो भएको) सिद्धयाउन लगाई, परिणाममा चौरासीको असंख्य देह धारण गराई, अनन्त दुर्दशा दिलाइराख्ने, सदा त्रिविधतापको घोर दुःखमा निरन्तर जलाई वारंवार आवागमन बन्धनमा नै आपाततः फँसाइराख्ने, यस्तो भयंकर दुःखदायक सिर्फ भूल र अज्ञानले मात्र बनेको 'मन' सर्वथा नाशवान छ ।

मनोवशेऽन्ये ह्यभवन् स्मदेवा मनश्च नान्यस्य वशं समेति ।
भीष्मो हि देवः सहसः सहीयान् युञ्ज्याद् वशे तं स हि देवदेवः ॥

(भागवत, स्कन्ध ११ । अ० २३ । श्लो० ४८)

अर्थ—सर्व इन्द्रियहरू मनकै वशमा छन्, मन कुनै इन्द्रियको वशमा छैन । यो मन बलवानमा पनि बलवान छ, अत्यन्त भयंकर देव हो । किन्तु जसले यसलाई आफ्नो वशमा राख्दछ, त्यो देव-देव (इन्द्रियादिको विजेता) गोस्वामी हो ।

अतः प्राहुर्मनोऽविद्यां पण्डितास्तत्त्वदर्शिनः ।
येनैव भ्राम्यते विश्वं वायुनेवाभ्रमण्डलम् ॥

(विवेक चूड़ामणि, श्लो० १८२)

अर्थ—तत्त्वदर्शी विद्वानले मनलाई नै अविद्या भन्दछन्, जसको द्वारा वायुले मेघ-मण्डलको समान यो सम्पूर्ण विश्व भ्रममा पारिराखेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्मनः शोधनं कार्यं प्रयत्नेन मुमुक्षुणा ।
विशुद्धे सति चैतस्मिन्मुक्तिं कर फलायते ।

(विवेक चूड़ामणि, श्लो० १२६)

अर्थ—त्यो मनलाई मुमुक्षुले प्रयत्नपूर्वक शोधन गर्नुपर्दछ । त्यो मनलाई शुद्ध गरेपछि मुक्ति करामलकवत् हुन आउँदछ ।

उपरोक्त प्रमाणले 'विशेष दुःखदायक र छल-कपट अज्ञान अन्धकारले पूर्ण—'मन' लाई नाश गर्न खोजेको खण्डमा सर्वथा सम्भव छ । जसरी अन्धकारलाई नाश गर्न प्रकाशको विशेष जरूरी पर्दछ, त्यस्तै अज्ञानलाई मिटाउन ज्ञानको प्राप्ति गर्नु परमावश्यक छ । केवल स्व-स्वरूपबोधको प्राप्तिले मन अवश्य नाश हुन्छ । मुमुक्षुले यदि नित्य एकरस सत्य स्वरूपको शक्ति स्मृति एवं विवेक बललाई बोधद्वारा जगाउन सक्यो भने मनरूप शैतान-शत्रुको दमन शमन एवं निरसन गरेर सर्वथा निवारण गर्न सक्छ ।

मन बन्दछ, तर पुनः विनाश हुन्छ

उदाहरणमा—(१) एक सानी केटी पुत्री छ, उसको घट स्वभावानुसार बालक कालमा झुत्रो झुम्रोको पुतली बनाएर खेल्दछेः । तब तदनुरूप नै उसको मन-वासना बन्दछ । पुतलीहरूको विवाह गरेर [परस्पर एक वरपट्टि र दोस्रो वधूपट्टि बनेर त्यस्तो नितान्त काल्पनिक झूटो खेललाई पनि सही-सत्य मानेर], खेल्दछे । पुनः तकियाको बालक बनाई आफ्नो पिठ्यूँमा बोकी सर्वथा मिथ्या खेललाई सत्य मानी खेल्दछे । त्यस बखतमा त्यही मनअनुसार त्यसको मानन्दी बनेको हुन्छ । पश्चात् युवावस्थामा जब उसकै विवाह हुन्छ पतिगृहमा गएपछि जब उसकै खास पुत्र पैदा हुन्छ, तब त्यो असली पुत्र पाएपछि 'पहिलेको झुम्राको पुतलीको विवाह गरेर पनि खेल्दिन, पुनः तकियाको नानी बनाएर पिठ्यूँमा बोकी खेल्ने गरेको' त्यस्तो झूटो खेल पनि कदापि खेल्दिन । त्यसको त्यो पहिले बनेको मन तथा मानन्दी पनि सजिलैसित बदलिन्छ एवं विनाश हुन्छ । सङ्गत तथा योग्यता बदलिएपछि पुनः पुरुषार्थ पनि बदलिन्छ, त्यसको साथ-साथै मानन्दी पनि बदलिन्छ । यस प्रकार मन अदल-बदल हुने परिणामवर्ती, चंचल, चपल, अतिशय क्षणिक, वृत्तिरूप संस्कार हो ।

(२) पुनः एक सानो केटो छ, प्रथम बाल्यकालमा धूलो र माटोको खेल खेल्दछ । अत्यन्त अपवित्र अशुद्ध ठाउँमा पनि निको मान्दछ । कालान्तरपश्चात् त्यो खेलक्रिया छाड़ेर विद्याध्ययन एवं पठन-पाठनतिर लाग्दछ । पुनः समयान्तरबाद नारी-जालमा फँसेर, काम, क्रोध, लोभ, मोह, अहंकार हृदयमा अपार भरेर, छलकपट अनीति पाप गरेर, राग-द्वेष लड़ाइँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झगड़ा, उत्पात, अनर्थ गरेर, हिंसा हत्या तथा मांसाहार गरेर, मद्यपान तथा उच्छिष्ट भोजन गरेर, एकदम नास्तिक तथा अतिशय जड़वादी बनेर रहन्छ। अन्ततोगत्वा त्यसमा यदि कुनै प्रतिकूलता पर्न गएमा या धन जन आदिको हानि भएमा अथवा परिवार आदिको वियोग भएमा या अन्य कुनै कठिन दुःख परेमा या भाग्यवशात् विवेकी ज्ञानी सन्त महात्माहरूको सत्सङ्ग समागम प्राप्त हुन गएमा, तब स्वार्थ-परमार्थको हिताहितको ज्ञान हुनासाथ त्यही मानिस सद्गुणी सदाचारी बनेर विवेकी ज्ञानी भएर—पूर्वोक्त अशुद्ध क्रिया र दुराचार-दुर्गुण आदि सर्वथा परित्याग गरिदिन्छ। तब पूर्वको पाप संस्कार तथा मानन्दी वासना बदलिएर दया, क्षमा, समता, शील, सन्तोष, भक्ति, बोधमा परिणत भएर सुखी शान्त जीवन त्यसको हुन्छ। यस प्रकार पूर्वको अशुद्ध वासना तथा मन-मानन्दी परमार्थको सत्पुरुषार्थले नाश हुन्छ। अझ स्व-स्वरूप ज्ञानको दृढ़ बोध धारणाले त समस्त मानन्दीको सर्वथा संहार हुन्छ।

अदृष्टाद्श्रुताद् भावान्न भाव उपजायते।
असम्प्रयुञ्जतः प्राणान् शाम्यतिस्तिमितं मनः॥

(भागवत, स्कन्ध ११। अ० २६। श्लो० २३)

अर्थ—जुन पदार्थ या प्राणीलाई कहिले देखेको अथवा सुनेको छैन—त्यसको निमित्त मनमा विकार हुँदैन। यसकारण जसले विषयको साथमा इन्द्रियलाई संयोग हुन दिँदैनन् तिनको मन आफसे आप निश्चल भएर शान्त हुन्छ।

उपर्युक्त प्रमाणानुसार अज्ञान तथा भूल-जन्य विपरीत समझद्वारा बनेको 'मन' अर्थात् मानन्दी संस्कार मनुष्य देहमा भोग तथा कुसङ्गलाई त्यागिदिएपछि, सङ्गतलाई बदलिदिए-पछि विचार बदलिन्छ र यथार्थ विवेक सम्पन्न सत्पुरुषार्थ गरेपछि पूर्वको मन मानन्दी संस्कार अवश्य नाश हुन्छ। अतएव कर्मभूमिका मनुष्य देहमा मन बन्दछ पनि र साधन-संयमपूर्वक विवेक वैराग्यको धारणा तथा स्वरूप बोधको प्राप्ति एवं स्थितिले मन सर्वथा विध्वंस हुन्छ भन्ने प्रत्यक्ष बुझ्नुपर्दछ।

देह, इन्द्रिय, मनदेखि सर्वथा भिन्न—'चैतन्य जीव छ' भन्नमा भगवद्गीताको उद्गार

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः॥

(भगवद्गीता, अ० ३। श्लो० ४२)

अर्थ—स्थूल देहदेखि इन्द्रियहरू पर (पृथक्) छन्, (श्रेष्ठ छन्, बलवान छन्, सूक्ष्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर छन्), पुनः ती इन्द्रियहरूदेखि पनि पर (भिन्न) मन छ । मनभन्दा पनि पर बुद्धि अलग छ, त्यो बुद्धिदेखि पनि अत्यन्त पर सर्वदा तथा सर्वथा पृथक् यो सर्वश्रेष्ठ आत्मा छ ।

पुनश्च यसैको परिपुष्टिको निमित्त श्रुति प्रमाण—

आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।
बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च ॥
इन्द्रियाणि हयानाहुर्विषयास्तेषु गोचरान् ।
आत्मेन्द्रियमनोयुक्तं भोक्तेत्याहुर्मनीषिणः ॥

(कठोपनिष०, अ० १ । वल्ली ३ । मन्त्र ३-४)

अर्थ—यम भन्नुहुन्छ—हे नचिकेता ! तिमी जीवात्मालाई रथमा बस्ने मालिक समान जान, शरीरलाई रथसमान सम्झ, बुद्धिलाई सारथि र मनलाई लगामरूप भन्ने बुझ । ज्ञानी पुरुषले इन्द्रियलाई घोड़ासमान भन्दछन्, विषयलाई घोड़ा हिँड्ने मार्गसमान संझन्छन् तथा शरीर इन्द्रिय एवं मनले युक्त भएको आत्मालाई 'भोक्ता' भनी मान्दछन् ।

उपरोक्त कठोपनिषद्को प्रमाणले रथको उदाहरण दिएर उक्त विषयलाई स्पष्ट सम्झाइएको छ । 'आत्मा रथी हो, बुद्धि त्यसको सारथि हो, शरीर रथ हो, मन लगाम हो, इन्द्रियहरू घोड़ा हुन् र शब्दादि पाँच विषय नै उक्त घोड़ाहरू हिँड्ने मार्ग हुन्' भनेर एकदेखि दोस्रोको पृथक्ता तथा साथै रथ, सारथि एवं रथी, इत्यादि सबको परस्पर न्यूनाधिकता पुनः बल, बुद्धि, शक्ति, सामर्थ्यको अधिकता आदि वर्णन गरेर छर्लङ्ग सुझाव दिइएको छ । वास्तवमा 'रथीको आधीन सारथि, सारथिको आधीन लगाम, लगामको आधीन घोड़ाहरू हुन्छन् ।' यही रीतले यहाँ इन्द्रिय, मन, बुद्धिदेखि अत्यन्त परे—श्रेष्ठ शिरोमणि, नित्य, सत्य, शाश्वत, सनातन आत्मा चैतन्य एकरस छ ।

विशेष स्पष्ट—रथको अपेक्षा घोड़ा श्रेष्ठ र चेतन हुनाले रथलाई आफ्नो इच्छानुसार जतातै लैजान सक्तछ । त्यस्तै प्रकारसँग इन्द्रियले पनि स्थूल देहलाई चाहे जहाँ आफ्नो इच्छित मार्गतिर लैजान सक्तछन्, यसकारणले देहदेखि ती [इन्द्रियहरू] बलवान र श्रेष्ठ-छन् । एवं रीतले शरीरमा केही कमजोरी रहे पनि, व्याधियुक्त शिथिल भए पनि इन्द्रियहरू विशेष उद्वेगित भएर प्रबल सन्किएका छन् र तिनलाई कुनै भोग-भोग्नको निमित्त आतुरताले अधिक रन्किएका छन् । (खपिनसक्नुभएको छ) भने नाच, तमाशा, सिनेमा, नशा, (गाँजा, भाँग, अफीम, मदिरा) आदि क्रियातिर शरीरलाई तानेर बलात्कारले घिसारेर इन्द्रियले लैजान्छन् । यसकारण देहदेखि इन्द्रियहरू पर छन् तथा श्रेष्ठ र सबल छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः इन्द्रियहरूको हस्त-पादादिमा थकावट छ, कर्ण, नेत्र, नासिका जिह्वा आदिमा कुनै व्याधि भएर तकलीफ भएको छ, इन्द्रिय असक्त, असमर्थ, भएको छ तापनि यदि मनमा इच्छा-अध्यासको वृद्धि भएर चोरी, हिंसा, व्यभिचार आदि कार्यमा लत लागेको छ, र छल-कपट ठगी, बेईमानी आदि काम गर्नमा आदत परेको छ भने—तत्परताको साथ लाग्दछ, अर्थात् मनले इन्द्रियलाई जबरदस्ती खिँचेर तानेर त्यही काम गर्नमा लैजान्छ। उदाहरणमा—'जस्तो कि भोजन गर्न भनेर एक मानिस बसेको छ। मेवा-मिष्ठान्नादि स्वादिष्ट व्यञ्जन (पकवान) खान लागिरहेछ। खाँदा-खाँदा पेट भरिइसक्यो, घाँटीसम्म आउने गरी खाइ-अघाइसक्यो। अब तिल जति राख्ने ठाउँ छैन तापनि मनले अझ अलिकति फेरि खाऊँ भन्छ। अझ स्वाद लिन चाहन्छ, त्यो स्वाद-सुखलाई सकेसम्म छोड्न चाहँदैन।' यस्तै हानि हुने र सर्वस्व नाश हुने जान्दा जान्दै पनि जूआ, मदिरा, वेश्यागमनादि अन्य अनाचारहरू गर्नमा हठात् प्रवृत्त हुनु यो सब उल्लू मनको काम हो। अतः इन्द्रियभन्दा मन विशेष बलवान छ, शैतान छ, जबर्दस्त छ, उद्धत छ, उच्छृङ्खल छ, तृष्णालु छ, अविवेकी छ, आसक्तिकारी छ, दुर्गुणधारी छ, उल्लूको भकारी छ।

एवं रीतले मनदेखि पनि बुद्धि भिन्न छ, त्यो कसरी भने यदि पूर्वकालमा मनले सुख मानिएको नाना नाच, रंग, तमाशा, फेशन, विहार, क्रीड़ा, आमिषाहार एवं मादक पदार्थको सेवन, इत्यादि थियो तापनि वर्तमानमा केही शुद्ध सात्त्विक सङ्गत आदिको आधारले पछि बुद्धिमा निश्चय भयो कि—'यो सब अनुचित र अनावश्यक कर्त्तव्य हो, सरासर अनर्थ हो, आपाततः आसुरी लक्षण हो, यसलाई सर्वथा त्यागिदिनु नै विशिष्ट मानवता हो' भन्ने ठीक निश्चय हुनासाथ त्यो भ्रमजन्य मनको विपरीत क्रियालाई त्याग गरिदिन्छ, एतदर्थ मनभन्दा पनि बुद्धि श्रेष्ठ छ, सबल छ, महान छ, सर्वथा पर छ।

अब त्यो बुद्धिभन्दा पनि अत्यन्त भिन्न रहेको अतिशय शुद्ध, बुद्ध, निर्विकार, निर्मल, ज्ञानस्वरूप, ज्ञाता, चैतन्य, आत्मा सबदेखि पर छ, श्रेष्ठ छ, सर्वोत्तम छ, सर्व-शिरोमणि छ, एवं महिमा मूल छ। यस्तो महत्तम चैतन्य आत्मा सबदेखि भिन्न कुन रीतले छ भने—मानिसले आफूलाई सकेसम्म हर प्रकारले रक्षा गर्दछ। आफ्नो रक्षा तथा सुख-शान्तिको लागि जुनसुकै भूमिका, पदार्थ, सङ्गत, व्यवहार तथा क्रिया एवं कर्त्तव्यलाई सर्वथा त्यागिदिन सक्तछ। विष, सर्प, अग्नि, बाघ, भालु आदि क्रूर, कठोर, दुःखदायक पदार्थ र जन्तु जानवर-हरूदेखि हरदम दूर भई रहन्छ। चोर, डाँका, शत्रु, द्वेषी, द्रोही आदि कुटिल प्राणीहरूदेखि अतिशय टाढ़ा रहन चाहन्छ। दुःख व्याधि-विपत्ति आदि समस्त सङ्कटदेखि एकदम रहित हुन खोजिरहन्छ। यस्तै प्रकारले अझ यदि परमार्थको ज्ञान विवेकको परमप्रकाश मिल्यो भने त प्रथम बुद्धिमा निश्चय भएको शरीरादिको सत्यता तथा विषयको सुख मान्यतालाई भ्रमरूप सम्झी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परित्याग गरिदिन्छ । पुनः वाणी जालको भ्रमजन्य भूत-प्रेतादिको मिथ्या कल्पनालाई र अन्य अनन्त अनुमित मान्यतालाई पनि यथार्थ ज्ञान एवं विवेकको निर्णयद्वारा ठीक ठहराएपछि आफ्नो परमहित तथा कल्याणको लागि सबलाई त्यागिदिन्छ । पहिलेको भ्रमजन्य विपरीत निश्चयलाई एकदम बदलिदिन सक्छ । आफ्नो महान उद्धारको निमित्त लौकिक समस्त विषय सुखको मान्यता, पूज्यता, प्रतिष्ठालाई असार मिथ्या सम्झेर अत्यन्त परित्याग गर्न सक्छ ।

यस प्रकार आत्मामा अनन्त परीक्षा दृष्टि एवं विवेक शक्ति छ, सुतरां तप, तेज, बल, प्रताप, सामर्थ्य अधिक छ, अतुलित छ, अलौकिक छ, अखण्ड अपार अगाध अनन्तानन्त छ । जस्तै निम्नश्रेणीको मनुष्य पनि सत्सङ्गमा लागेर एकदम सत्वगुणी विवेकी ज्ञानी ध्यानी बनेर, जड़-चेतनको यथार्थ निर्णयलाई जानेर, बन्ध तथा मोक्षको रहस्यलाई बुझेर स्वस्वरूप चैतन्य-देवको बोध प्राप्त गरेर, साधन-संयमसहित महान पुरुषार्थ गरेर परम भाग्यमानी बनेर सर्व वासना ध्वंस पारेर जीवन्मुक्त हुन सक्छ । साथै देहावसानबाद प्राप्त हुने विदेह मोक्षको सर्व शिरोमणि अलभ्य लाभ प्राप्त गर्न सक्छ । यसकारण देह, इन्द्रिय, मन, बुद्धि, यी सब जड़-पदार्थदेखि अतिशय भिन्न (जसको आधार एवं सत्ता पाएर जड़ देह, इन्द्रिय, मन, बुद्धि आदि जड़ चीज पनि चैतन्यवत् क्रियाशील हुन पाइरहेछन्), त्यस्तो सबको प्रेरक, परीक्षक, ज्ञाता, चैतन्य आत्मा सबदेखि पार अत्यन्त पृथक्, सर्वश्रेष्ठ दिव्य महान एवं निर्मल ज्ञानवान छ ।

उक्त प्रकार अन्तस्करणरूप चित्त, मन, बुद्धि, अहंकार आदिको निराकरण भएपछि अब प्राणको निर्णय गरिन्छ—

प्राण-प्रसंग

नैवात्मापि प्राणमयो वायु विकारो गन्तागन्ता वायुवदन्तर्बहिरेषः ।
यस्मात्किञ्चित्क्वापि न वेत्तीष्टमनिष्टं स्वं वान्यं वा किञ्चन नित्यं परतन्त्रः ॥

(विवेक चूड़ामणि, श्लो० १६८)

अर्थ—प्राणमय कोश पनि आत्मा होइन, किनभने यो वायुको विकार हो । वायुको समान नै बाहिर-भित्र आउने-जाने क्रिया हो तथा नित्य परतन्त्र हो । यसले कहिले पनि 'इष्ट या अनिष्ट' (भलो-कुभलो हानि-लाभ) आफ्नो या अर्काको केही पनि जान्दैन ।

मनुष्या पशवश्च ये प्राणो हि भूतानामायुः ।

(तैत्तिरीयोपनि०, ब्रह्मानन्द बल्ली, अनुवाक् ३)

अर्थ—प्राण नै मनुष्य-पशु आदि सर्व जीवहरूको आयु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायु प्राणो भूत्वा नासिके प्राविशत् ।

(ऐतरेयोपनि०, खण्ड २ । मन्त्र ४)

अर्थ—'प्राण'-यो वायुतत्त्व हो, त्यो नासिकाद्वारा श्वासोच्छ्वास अर्थात् भित्र-बाहिर श्वास फेर्ने क्रिया गर्दछ ।

देहेऽस्मिञ्जीवः प्राणारूढो भवेत् ।

(शाण्डिल्य श्रुति, १ । ४ । ४)

अर्थ—यो देहमा चैतन्य जीव प्राणमा आरूढ़ भएर रहेको छ ।

उपरोक्त प्रमाणबाट प्राणमा आरूढ़ भएर रहने (रथारूढ़ रथी झैं) प्राणलाई आधार दिने, प्राणको प्रेरक चेतन जीव प्राणदेखि सदा भिन्न छ ।

अतः 'प्राण' जड़ वायु तत्त्व हो, प्राणलाई धारण गर्ने प्राणी चैतन्य जीव हो । त्यो प्राणदेखि सदा भिन्न छ, 'जस्तो रोगलाई धारण गर्ने रोगी, शोकलाई धारण गर्ने शोकी, भोगलाई धारण गर्ने भोगी, योगलाई धारण गर्ने योगी, अज्ञानलाई धारण गर्ने अज्ञानी, ज्ञानलाई धारण गर्ने ज्ञानी एवं विवेकलाई धारण गर्ने विवेकी,' ठीक यस्तै 'प्राणलाई धारण गर्ने-प्राणी हो' । त्यसमा पनि कुन प्राणी हो ? भनेर प्रश्न गर्दा 'मानव प्राणी अथवा पशु-पक्षी आदि प्राणी' भनेर संज्ञा गरिन्छ । एतावता 'प्राण' यो एक पवन जड़ वायु हो, त्यस प्राणलाई धारण गर्ने प्राणको धारक—प्राणी, त्यो प्राणदेखि सदाकाल पृथक् छ । 'एकै मानिसको नाम पूजा गरे पूजारी, भोजन बनाए भान्से, मिठाई बेचे हलुवाई, फौजमा भर्ती भए सिपाही, इत्यादि कामको अनुसार नाम रहेको हुन्छ, तद्वत् प्राणलाई धारण गर्ने हुनाले चैतन्य जीवको नाम प्राणी भन्ने परेको हो ।

चैतन्य जीव प्राणदेखि भिन्न निम्न प्रकारले छः भनी अष्ट प्रमाणले वर्णन गरिन्छ—

१—मोटर चलाउने ड्राइवर मोटरदेखि सदाकाल भिन्न र श्रेष्ठ छ, तथापि मोटर चलाउनलाई त तेल र पानीको नितान्त आवश्यकता पर्छ । त्यही तेल र पानी यन्त्रलाई दिए-पछि मात्र मोटर चल्छ, नत्र चल्दैन । अब जसरी मोटर खड़ा तैयार भए पनि, चलाउने ड्राइवर मौजूद रहे पनि, तेल-पानीको आधार पाएर मात्रै मोटर चल्ने हुनाले तेल-पानी अवश्य हाल्नुपर्दछ, तद्वत् यो शरीरलाई चलाउन प्राणवायुको सहायता एवं आधार चाहिएको छ । यस प्रकार प्राणको आधारमा देह चले तापनि प्राणदेखि भिन्न प्राणलाई चलाउने प्राणी सदा फरक छ ।

२—सुषुप्ति अवस्था (घोर निद्राले सुतिरहेको वेला) मा प्राणवायु चलि नै रहन्छ, तथापि चोर आएर वस्त्र-धनादि चोर्न लागेमा प्राणले केही अत्तो-पत्तो पाउँदैन, कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान जान्दैन, चोरलाई हटाउन एवं रोक-थाम गर्न सक्तैन, आफैलाई चोरले मार्न खोजेमा पनि कुनै प्रतिरोध गर्न सक्तैन, यसकारणले प्राणवायु जड़ हो, चैतन्य जीव होइन ।

३—गाँजा, भाँग, अफीम, चण्डू, चरस आदि नशा गर्नेहरू नशाको हालतमा विशेष बेखबर रहन्छन् । पुनः मदिरापान गर्नेले अधिक मदिरा पियो भने अधिक उन्मादपना सवार भएर यत्र-तत्र पछारिएर, टाउको फुटेर, रगतको खोलो लागेर, नालमा डुबेर, बे-भान भएर रहन्छ । त्यस अवस्थामा प्राणवायु त चलिरहेकै हुन्छ, किन्तु आफ्नो त्यो अमानवीय दुर्व्यवहारबाट भयंकर हानि भएको र लोकमा निन्दाको पात्र बन्नुपरेको, महानारकीय घृणित (नालमा) लड़ी सड़िरहनुपरेको कत्ति केही चाल पाउँदैन । एतदर्थ प्राणवायु जड़ हो, चैतन्य होइन ।

४—डाक्टरले अपरेशन गर्दा क्लोरोफार्म (बेहोश हुने जहरिलो औषधि), सुँघाइ-दिन्छन् तब शरीरको अङ्ग-प्रत्यङ्ग काट्दछन् (अपरेशन गर्दछन्) । अब जहाँ (जुन शरीरमा) प्रत्यक्ष घाउ गराइएको छ, अपरेशन भइरहेको छ, परन्तु त्यस वेलामा रोगीलाई केही पनि थाहा हुँदैन । प्राणवायु त चलिरहेकै हुन्छ, तर उसलाई हानि-लाभको कुनै ज्ञान हुँदैन । पश्चात् जब क्लोरोफार्मको नशा कम हुँदै जान्छ तब रोगी होशमा आएर रुन-कराउन थाल्दछ । यसकारण त्यो होशमा आएर ज्ञान गर्ने, ज्ञाता चेतन, पहिलेदेखि चलिरहेको प्राणवायुदेखि सदाकाल भिन्न छ । अतः प्राणवायु खालि जड़तत्त्व हो ।

५—प्राणायामको साधन गर्ने योगीहरूले प्राणवायुको गतिलाई निरोध गरिदिन्छन् । यसकारण प्राणवायु पराधीन छ । जसले त्यो प्राणवायुलाई आफ्नो कब्जामा लिएर कहिले बन्द गर्ने कहिले पुनः चलाउने गर्दछ, त्यो प्राणको अधिष्ठान, स्वतन्त्र, स्वाधीन चेतन प्राण वायुदेखि सर्वथा अलग छ । पुनश्च-प्राणवायुलाई रोक्न अभ्यास नगरेको जस्तै साधारण मानिसले पनि नाक थुनेर तुरुन्त प्राणवायुलाई रोकिदिउँ भने एक छिन रोक्न सक्तछ । यस प्रकार रोके रोकिने, चलाए चल्ने, त्यो जड़ यन्त्रवत् प्राणवायु केवल जड़पदार्थ हो, चैतन्य होइन । शरीर छउञ्ज्यालसम्म चैतन्य जीवको आधारमा (उसकै सत्ता पाएर) प्राणवायुको (आगो फुक्ने खँलातीवत्) क्रिया भैरहन्छ । मृत्युपश्चात् बाहिरको वायुतत्त्वमा मिल्न जान्छ । अतएव प्राणवायुलाई नै चैतन्य जीव मान्नु अविचारको कथन हो ।

६—शरीरमा जति रस-रक्तादिको विशेषता छ, देह हृष्ट-पुष्ट बलवान छ, युवावस्था सम्पन्न छ, पर्याप्त मात्रामा भोजन गर्न सक्ने अवस्था छ भने उति अधिक मात्रामा श्वास चल्दछ । भोजन गर्न नपाएको वेलामा, व्रत-उपवास रहेर जलपर्यन्त ग्रहण नगरी निराहार रहेको टायममा र अन्य शिथिलावस्थामा प्राणवायुको चाल मन्द पर्दछ । यसप्रकार अन्नकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधार पाएमा चल्ने नत्र घट्न जाने त्यस्तो सङ्कोच-विकासरूप जड़ तत्त्वकै क्रिया प्राणको कार्य हो । अतः प्राणवायु खसो-खास जड़तत्त्व हो ।

७—विषमज्वरमा या सन्निपात आदि उपद्रवी ज्वर अथवा कम्पज्वर इत्यादिमा प्राणवायुको चाल तेजीसाथ चल्दछ । पुनः औषधिको प्रयोगले ज्वर पनि घट्छ र साथ-साथ प्राणवायुको चाल पनि घट्न जान्छ । यसकारण प्राणवायु घट-बढ़ अथवा परिवर्तनरूप भै रहने केवल जड़ैको क्रिया हो ।

८—मृगी रोग (छारे रोग) भएमा या मूर्च्छा भएमा, प्राणवायुको गति (चाल) मन्द भएर पश्चात् बन्दै हुन्छ । पन्ध्र मिनेट, आधा घण्टा, या एक घण्टा अथवा त्योभन्दा पनि बर्ता टायमसम्म विभिन्न तरीकाले (थरी-थरीको रूप लिएर) मूर्च्छा हुन्छ । त्यस वेलामा प्राणवायु बन्द रहे पनि, शरीर निश्चेष्ट भए पनि चेतन जीवको निवास त शरीरमा रहिरहेकै हुन्छ, पुनः केही समयपश्चात् देह यन्त्र ठीक भएर फेरि सचेत एवं जाग्रत अवस्था आउँछ । तब फेरि प्राणवायुको सुचारुरूपले क्रिया हुन थाल्दछ । यसकारण प्राणवायु बन्द भएर शरीर निष्क्रिय भए पनि जसको आधारमा प्राणवायु चलिरहेको छ, त्यो चेतन विराजमान रहुञ्ज्याल शरीर जीवितै रहने र दृश्यरूप त्यो प्राणलाई पहिले एकछिन बन्द भए पनि पछि फेरि चल्न कर लाग्दो रहेछ । तसर्थ मूर्च्छा अवस्थादेखि र प्राणवायुदेखि सर्वथा भिन्न अजरामर चैतन्य जीव सदोदित तथा सर्वभावेन एवं सर्वदा अलग छ । प्राणवायु जड़रूप सतत भिन्न छ । यस प्रकार (मोटरादि यन्त्र बन्द भइसकेर पनि पुनः मोटरलाई चलाइदिने ड्राइवर झैं), प्राण बन्द भएर शरीर निष्क्रिय भए पनि पुनः प्राणवायुलाई चलाइदिने चेतन, जड़ प्राणवायुदेखि सदाकाल पृथक् छ ।

प्राणदेखि रहित आत्मा

न प्राणेन नापानेन मर्त्यो जीवति कश्चन ।
इतरेण तु जीवन्ति यस्मिन्नेतावुपाश्रितौ ॥

(कठोपनिष०, अ० २ । वल्ली २ । मन्त्र ५)

अर्थ—सब जीवहरू न त प्राणवायु [को कारण] ले जीवित रहन्छन् न अपान वायुको कारण । किंवा तिनीहरू त जसमा यो दुवै (प्राणापान) आश्रित रहेको छ, यस्तो अर्कै [चैतन्यदेवकै] आधारमा जीवित रहन्छन् ।

त्यही प्राणको नाम एवं वृत्तिभेदले शरीरमा पाँच प्रकारको मानिएको छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणापानव्यानोदानसमाना भवत्यसौ प्राणः ।
स्वयमेव वृत्तिभेदाद्विकृतिभेदात्सुवर्णसलिलादिवत् ॥

(विवेक चूड़ामणि, श्लो० ६७)

अर्थ—सुवर्णको जति विकृति भएर आभूषण बने पनि सब सुवर्ण हो । जलको (असिना, बरफ, कुहिरो, शीत आदि) जति रूपान्तर भए पनि सब जलकै भाग हो । त्यस्तै स्वयं प्राण नै वृत्तिभेदले प्राण, अपान, व्यान, उदान र समान यो पाँच नामको बनेको छ ।

शास्त्रकारहरूले त्यही वायुको पिण्ड र ब्रह्माण्डमा पाँच-पाँच प्रकारले निर्णय गरेका छन् ।

पिण्ड कलाको पञ्च वायु—'प्राण—यो हृदय स्थानमा रहेर हरदम श्वासोच्छ्वास-रूपले चल्ने वायु हो ।' 'अपान—यो गुदा स्थानमा रहेर मल-मूत्रलाई त्याग गराउने वायु हो ।' 'व्यान—सारा शरीरका नस-नाड़ीहरूमा रहने हड्डी-हड्डीको जोर्नीमा बल दिने वायु हो ।' 'उदान—यो कण्ठमा रहेर खाएको अन्न-जललाई पृथक् गराउने वायु हो ।' 'समान—यो नाभिस्थानमा रहेर खाएको अन्न-जललाई फेटेर त्यसबाट बनेको रस-रक्तलाई शरीर-भरका नस-नाड़ीहरूमा पुऱ्याइदिने वायु हो ।'

पुनः यही प्रकारले शरीरमा ब्रह्माण्ड कलाका पञ्च वायु मानिएका छन्—(१) धनञ्जय, (२) कृकल, (३) कूर्म, (४) नाग, (५) देवदत्त, यी पाँच वायु—

'धनञ्जय—समान वायुको भाग हो, यसले योगसाधनमा बल दिने र मृत्युबाद देह फुलाउने वायु हो । 'कृकल—चञ्चल वायुको भाग हो, यसले नासिकाद्वारा छयूँ आउने वायु हो ।' 'कूर्म—तेज तत्त्वको भाग हो यसले आँखाको परेला खुल्ने र छोपिने वायु हो ।' 'नाग—जल तत्त्वको भाग हो । यसले डकार ल्याउने वायु हो ।' 'देवदत्त—पृथ्वी तत्त्वको भाग हो । यसले हाई आउने वायु हो ।

उक्त पिण्ड कलाका पाँच वायु र ब्रह्माण्ड कलाका पाँच वायु यी सब दशै प्रकारका वायु सब जड़ पदार्थ हुन् । यी सर्व दशै वायुको परीक्षक ज्ञाता चैतन्य सर्व वायु कलादेखि भिन्न छ ।

उपरोक्त प्रकार तथा प्रमाण आदिबाट सबको निर्णय गर्दा, सबको पृथक्-पृथक् अन्वय एवं व्यतिरेक गर्दा, सारासारको विवेक गर्दा, सत्यासत्यलाई एक-एक गरेर छुट्ट्याएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेर्दा, जड़-चेतन दुवैलाई विचार गर्दा 'देह, इन्द्रिय, मन, प्राण' आदि सब जड़ तत्त्व पदार्थ नै ठहरिएका छन्। सो सब माथि यथोचित रूपेण वर्णन भइसकेको छ।

पुनः यदि 'शरीर, इन्द्रिय, मन, प्राण—इत्यादि पदार्थ नै कदाचित् सत्य हुन् कि भनेर मान्ने हो भने वास्तवमा यी सब पदार्थ नाशवान, क्षणभङ्गुर, परिवर्तनशील छन्। विकारी, विजाति, विनाशी छन्, सब सुकेर, सड़ेर, गलेर, नाश भएर जाने चीज छन्। अतः जड़ पदार्थ कदापि चेतन जीव होइन। यसको अतिरिक्त जसको आधारमा यो शरीर खड़ा छ, सुन्दर रूपवान प्रदर्शित हुन्छ, सारा शरीर एवं शरीरको अंग-प्रत्यंग सुचारुरूपले (ज्ञान क्रिया संयुक्त) चलिरहेछ, सारा रस-रक्तादिको सञ्चार तथा नस-नाड़ीहरूको क्रिया पुनः खाएको अन्न जलादिलाई जठराग्निद्वारा पाक गरेर सूक्ष्म भागलाई रस-रक्त बनाउने र स्थूल भागलाई बाहिर निकालेर मलोत्सर्ग गराइदिने शक्ति जसबाट मिलेको छ। पुनश्च—कलेजो, फोक्सो, फीयो, मुटु इत्यादि जड़ मांस रक्तका स्थूल पुर्जाहरू पनि यन्त्रवत् जसको सत्ता-सहायता पाएर चलिरहेका छन्, जसको सम्बन्धबाट जड़ इन्द्रियहरूले पनि ज्ञान गर्न पाइरहेका छन्, कानले शब्द सुनेर, छालाले स्पर्श गरेर, आँखाले रूप देखेर, जिह्वाले स्वाद चाखेर, नाकले गन्ध-सुगन्ध सुँघेर, यस प्रकार पाँचै इन्द्रियले विषयको ज्ञान गर्न जानिरहेका छन् जसको संसर्गले यो जड़ प्राणवायु पनि चैतन्यवत् बनेर अहर्निश एकाकारले अविरामरूपले अनवच्छिन्न चलिरहेको छ; त्यो—सब जड़ देह यन्त्रादिको प्रेरक, चेतनसत्तादायक, सञ्चालक, सहायक, प्रकाशक, ज्ञानप्रदायक, ज्ञाता चैतन्य एक अविकार र अनुपम पदार्थ, उपरोक्त सब दृश्य पदार्थदेखि बिलकुल भिन्न छ।

शरीरादिव्यतिरिक्तः पुमान्।

(सांख्यदर्शन, अ० १। सू० १३९)

अर्थ—पुमान्—चैतन्य पुरुष, शरीरादि व्यतिरिक्त-शरीर आदिदेखि पृथक् छ।

तस्मात् कारणात् जसले छोड़िदिनाले शरीर शून्य मुर्दा हुन्छ, जसले आफ्नो सत्तासमेटिलिनाले इन्द्रियहरू शीघ्र मूर्च्छित भएर शून्य हुन्छन्, एकदम ज्ञानहीन निश्चेष्ट हुन्छन्, इन्द्रियमा कुनै ज्ञान गर्न सक्ने सामर्थ्य रहँदैन। न कानले सुन्न सक्तछ, न नेत्रले देख्न सक्तछ, न छालाले छुन सक्तछ, न नाकले गन्ध लिन सक्तछ, एवं न जिह्वाले स्वाद लिन सक्तछ। पुनः प्राणवायु पनि निस्तब्ध (ठप्प-बन्द) हुन्छ। सारा शरीर चेष्टाहीन भएर काष्ठ-लोष्टसमान लड़ि-पड़िरहन्छ। चाहे त्यसलाई (मानिसले) माटोमनि गाड़ेर पुरिदिउन्, या चितामा सुताएर आगो लगाई खरानी बनाइदिउन्, कुनै ऐय्या-आत्थु भन्दैन, दुख्यो भनेर बताउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सक्तैन, आफ्नो अस्तित्वको कुनै भाव जनाउन सक्तैन एवं कुनै ज्ञानात्मक क्रिया° देखाउन सक्तैन ।

फेरि जसले नछोड्डुञ्ज्यालसम्म भने, चाहे जतिसुकै कृश गात्र, जरठ, जर्जर, शरीर भए पनि, रक्त-मांसादि सुकेर अस्थिपञ्जर बने पनि, रोगी, क्षीण, अशक्त, लाचार रहे पनि अत्यन्त शिथिलावस्थारूप मरण-शय्यामा परेको भए पनि, सारा शरीरको चेष्टा, दुःख सुखको ज्ञान, आहार निद्रा आदिको भाव, प्राणवायुको सञ्चार प्रत्यक्ष देखिन्छ, चैतन्यता स्पष्ट प्रदर्शित हुन्छ । यसकारण त्यो चैतन्य पदार्थ नित्य सत्य एकरस स्वतः सिद्ध छ र देहादिदेखि सदाकाल भिन्न छ भन्ने दृढ़ निश्चय गर्नुपर्दछ ।

ज्ञानमेकं सदा अस्ति सर्वावस्थासु निर्मलम् ।
मन्दभाग्या न जानन्ति स्वरूपं केवलं बृहत् ॥

(सदाचारानुसन्धानम्, श्लो० ३१)

अर्थ—जो ज्ञानस्वरूप एकमात्र आत्मा छ, सदा निर्मल रहेर सब अवस्थामा एकरस प्रकाशित छ । किन्तु त्यसलाई मन्द भाग्य भएकाले जान्न (बुझ्न) सक्तैनन् ।

यही भावलाई लिएर गीतामा श्रीकृष्णचन्द्र भन्नुहुन्छ—

[जीवको स्वरूप केवल ज्ञाननेत्रले मात्र देखिन्छ]

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढ़ा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥
यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्य कृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥

(भगवद्गीता, अ० १५ । श्लो० १०–११)

अर्थ—शरीर छोड़ेर जाँदा अथवा शरीरमा रहँदा तथा विषयलाई भोग्दा अथवा तीनै गुणले संयुक्त हुँदा हर समयमा अज्ञानी जनहरूले जान्दैनन्, केवल ज्ञानरूपी नेत्र भएका ज्ञानी जनहरूले नै ज्ञानद्वारा जान्दछन् । योगीजनहरू पनि आफ्नो हृदयमा स्थित भएको यो आत्मालाई यत्न गरेरै ज्ञानद्वारा जान्दछन् । यसको अतिरिक्त जसले अन्तःकरणलाई शुद्ध गरेको छैन, त्यस्ता अज्ञानी जनहरूले त यत्न गर्दा पनि यो आत्मालाई जान्न सक्तैनन् ।

पूर्वोक्त प्रमाणबाट अविनाशी नित्य सत्य चैतन्य पदार्थलाई, सर्वसाधारण रीतिले, लौकिक दृष्टिले, व्यावहारिक एवं मायिक बुद्धिले, जड़ स्थूल देहासक्तिले, यथार्थ जान्न दुष्कर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अशक्य छ तापनि यदि सर्व दुराचार-दुर्गुणहरूलाई त्याग गरेर विवेकी महापुरुषहरूको श्रद्धायुक्त सत्सङ्ग गरेका खण्डमा शुद्धान्तस्करण भएर निर्मल विवेक प्राप्त भएपछि उक्त निर्णीत, ज्ञानद्वारा वर्णित, विवेकद्वारा यथार्थ निश्चित, निर्धारित, सत्य चैतन्य स्व-स्वरूपको बोध अवश्य प्राप्त हुन्छ।

एतदर्थ त्यही सत्य, एकरस, सदा शाश्वत, सनातन, अखण्ड, अजरामर, चैतन्य स्व-रूपको बोध प्राप्त गरेर आफ्नो महान उद्धार गर्नुपर्दछ।

शून्यवाद-निराकरण

पूर्ववर्णित सब निर्णयलाई बताएर अब यसदेखि पनि सूक्ष्म रहस्यलाई संझाउन र अहिलेसम्म लखाएको निर्णय मनन भए नभएको परीक्षा गर्न श्री बोधक गुरुदेव शिष्यसँग प्रश्न गर्नुहुन्छ।

गुरुदेव—पूर्वनिर्णीत चार तत्त्व पृथ्वी, जल, अग्नि, वायु, कारणरूप परमाणु तथा त्यसका समस्त कार्यरूप पदार्थ कंकड़, पत्थर, पहाड़, नदी, समुद्र, हिमालय, बीज, वृक्ष आदि अखिल ब्रह्माण्डको यावत् समुदाय निर्णय गर्दा सब-का-सब जड़ नै ठहरिए। पुनः शरीरमा पनि दश इन्द्रिय, पच्चीस प्रकृति आदि स्थूल देह र पंच विषययुक्त अन्तस्करण चतुष्टय चित्त, मन, बुद्धि, अहंकार, सर्वमनोमय कोश, सूक्ष्म देह एवं कल्पना भास-अध्यासलाई हटाएर विचार गर्दा अब बाँकी के रह्यो ? अवशेष के बच्यो ?

शिष्य—सर्वजगत् प्रपंच विस्तार पंच विषय र तज्जनित कार्य देह, प्राण, विषय, सर्वस्मरण, सङ्कल्प, विकल्पहरूलाई जड़ परिवर्तनरूप छिन्न-भिन्न एवं नाशवान जानेर हटाई पन्छयाइदिएपछि—त्यहाँ केही पनि रहेन खालि अभाव मात्र शून्य रह्यो। अतएव यही अभावरूप शून्य नै सत्य एवं सार पद हो कि ?

गुरुदेव—शून्य त निराकार, निरवयव, अभावरूप एवं खालिरूप, नितान्त असत्य, अपदार्थको नाम हो। जहाँ 'केही पनि छैन एवं कोही पनि छैन' भनेर अभावको ज्ञान गराउने एक संज्ञासूचक शब्द हो। अतः शून्य भनेको निःस्सार मिथ्या हो।

ध्यान गर्दा ध्येयको विचारमा लक्ष्य नपुगुञ्ज्यालसम्म मन विरोधपश्चात् शून्य वृत्तिको भान हुन्छ। श्रवण, मनन, निदिध्यासन गरेर वृत्ति निस्तब्ध रोकिएपछि आत्म साक्षात्कार नहुञ्ज्यालसम्म बीचमा लयरूप शून्य भास हुन्छ। देह, इन्द्रिय, तत्त्व, प्रकृति, मन, प्राण, सबलाई निर्णय गरी हेर्दा पश्चात् स्व-स्वरूपको बोधोदय नहुञ्ज्यालसम्म [सबको परीक्षक चैतन्य स्वरूपको स्पष्ट विवेक प्राप्त भएर साक्षात् स्थिति नहुञ्ज्यालसम्म] बीच कालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शून्य वृत्तिको प्रतीति हुन्छ । कुनै भयंकर दुःख एवं कष्ट पर्दा तथा हृदयविदारक शोकको समाचार मिल्दा या प्रबल मानसिक आघात पर्दा, हृदय विक्षुब्ध भएर बेभान हुन्छ, शून्य हुन्छ, मूक जड़वत् दशा हुन्छ—त्यही शून्य हो ।

स्वदेहे शोभनं सन्तं पुरुषाख्यं च सम्मतम् ।
किं मूर्ख शून्यमात्मानं देहातीतं करोषि भोः ? ॥

(अपरोक्षानुभूति, श्लो० २६)

अर्थ—श्री शंकराचार्य भन्नुहुन्छ—आफ्नो शरीरमा पुरुष नामक सुन्दर देहातीत र शास्त्रसम्मत आत्मा छँदाछँदै पनि हे मूर्ख ! त्यसलाई तिमी शून्य किन गराउँदछौ ?

'शून्य' एक यो आद्यमाया हो, यही सर्वसाधकहरूलाई भूल हुन जाने र सर्वथा भुलाइदिने ठाम हो । यही शून्य भास वृत्यानन्द नै हंसलाई भूल हुने र अहंभाव जागृत गराउने भूमिका हो । यही शून्य वृत्तिमा पुगेर यथार्थ विवेक गर्न नसकेर त्यही शून्यकै भासमा आवर्णित भएर [शून्यकै भावनामा आफूलाई समेत बिर्सिदिएर] पुनः अज्ञान आउने अवस्था हो । यही शून्य लयरूप स्थितिमा लीन भएर 'मेरो खूब ठूलो पहुँच पुग्यो' भन्ठानेर विवेक शक्तिलाई थन्क्याई सम्मुख भास वृत्तिलाई नै शिरमौर मानेर त्यहीँ अल्झिएर कल्याणको मार्गमा तगारो लाग्ने वेला हो । यही शून्याभासलाई नै आफ्नो गन्तव्य स्थलको निर्धारित उद्देश्य भन्ठानी त्यहीँ रोकिएर त्यसैलाई नै आपाततः पूर्ण मानेर साधक पुरुष (आफू) ठगिने अध्यवसाय हो । यही शून्यवृत्तिको विपरीत निश्चयले साधकलाई आफ्नो सुद्धि-बुद्धि हराउने तथा आफूलाई गुमाउने अवस्था हो । यही शून्यभाव नै वेदान्तको अनिर्वचनीय कहलिएको दुस्तर माया हो । यही शून्यभाव नै योगीको समाधिमा विक्षेप दिने अध्यासरूपको अविद्यादि पञ्चक्लेश हो । यही शून्यवृत्ति नै उपासकहरूलाई आनन्दाभास भयो भनेर काल्पनिक मनोवृत्तिको आधारमा—'साकार या निराकार स्वरूपको दर्शन नै पायौँ' भन्ने निश्चय गराई प्रेमोन्मादमा रुवाई, मूर्च्छित बनाई, बेभान गराउने अनुचित माया हो । यही शून्याभास नै कर्मिष्ठहरूलाई कर्म गर्दा कुनै विघ्नोपस्थिति होला र अभीप्सित फल (वर) नमिल्ला कि भनेर भयभीत गराउने काल्पनिक माया हो । यही शून्याभाव नै विभिन्न मतावलम्बीहरूलाई नाना भ्रान्तिको विकल्पमा लवलीन गराउने (अविद्या) माया हो । यही शून्यवाद नै तान्त्रिक तथा श्मशान साध्ने वाममार्गी साधकहरूलाई 'साधन पूरा भएन भने बौल्लाउनु छटाउनुपर्छ' भन्ठानी भय एवं भूल पुष्ट भएर काम्ने, कराउने, जथाभावी बक्ने गराई [इलेक्ट्रिक बिजुली करेण्ट लागेझैँ], बुद्धि विभ्रान्त बनाएर उन्माद गराउने माया हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही शून्यवादकै निश्चय भएर कति योगी, ज्ञानी, ध्यानी, साधक एवं सिद्ध आदि महानुभावहरूको बुद्धिमा पनि विस्मय (आश्चर्य) पैदा भएर शून्यलाई नै स्थिति मानेर सार तत्त्व संझेर साम्प्रतमा नाना सम्प्रदायहरू बनेर मार्ग फाटेको हो। यही शून्यरूप वृत्यानन्दलाई बड़े-बड़े मेधावी विद्वानहरूले पनि आधाराश्रय लिएर, 'अकथनीय अचिन्त्य शक्ति' भनी कथन गरेर, सत्यको निर्णय विचारलाई पन्छाएर खालि शब्द प्रमाणलाई समातेर, आफ्नो सत्यासत्य विवेक गर्ने विवेक शक्ति एवं परीक्षा दृष्टिलाई सर्वथा दबाएर थन्क्याएर असमर्थता प्रकट गरेका छन् र निदान त्यही शून्यलाई नै सारवस्तु ठह-याएर स्थिति मानेका छन्। यही शून्य-वादकै मान्यतालाई नै लिएर विभिन्नरूपले नाना मत-पंथहरू फैलिएका हुन्। यही शून्यवाद नै ध्यान गर्ने ध्यानी एवं विवेक गर्ने विवेकीहरूलाई पनि चकित पारी—[रणाङ्गणको दुर्भेद्य चक्रव्यूह झैं बनेर] जड़चेतनको भेदन गर्न नदिएर निर्णय गर्न असमर्थ तुल्याउने कठिन बन्धन-दायक शृङ्खला हो।

यही शून्यवाद, शून्यसिद्धान्त, शून्याभास भावना, शून्यको मिथ्या मान्यताले नै जीव-लाई झाईंरूपले ढाकेर गाफिल, अन्ध, अज्ञ, असूझ एवं अबूझ बनाइदिइरहेको छ। यही शून्य वृत्यानन्दको आभासले नै बहुजनलाई अविवेकी बनाएर अज्ञानमा मिलाइदिइरहेको छ। परि-आएमा हिंसा, हत्या, मारकाट एवं रक्तपातसम्म गर्नलाई पनि छूट दिइरहेको छ। यही शून्यवादकै आधारमा एकातिर 'आवागमन जन्म-मरण एवं कर्मफल भोग मिथ्या हो' भनेर अनेक जड़वाद नास्तिकवाद एवं भौतिकवाद हुर्किरहेछ। यही शून्यवादकै सहारामा अर्कोतिर 'मार्ने र मर्ने एउटै हो, भोक्ता र भोग्य एकै हो, अन्तिम निचोड़ शून्यै हो' भनेर सर्व मानवी बुद्धि र समझलाई आखिर शून्यरूप जड़ दृश्याभास-अध्यासमा लगी अड्याएर शून्य नै सर्वोच्च स्थिति मानेर शून्यलाई नै सर्वेसर्वा बनाएर 'न पाप न पुण्य, न विधि न निषेध, न कर्त्ता न भोक्ता, न बन्ध न मोक्ष, यो सब मिथ्या हो' भनेर बाल, पिशाच, उन्मत्त, मूक, जड़ अजिंगरवत् दशा धारण गरेर ज्ञानहीन भएर आवागमनको चक्रबाट कहिले पनि उम्कन नदिने आफूलाई पारिराखेको छ। यस प्रकार यो शून्यवादको मान्यताले मानव समाजको ठूलो हानि गरिरहेको छ। अतः यो शून्यवादलाई निश्चय गर्नाले आफ्नो शिरच्छेदन गरेर (आफ्नै) भयंकर हानि गर्नुसमान हुनेछ। एतदर्थ यो शून्यवादको मान्यता अत्यन्त निरर्थक छ; यो शून्यवादको कल्पना अत्यन्त दूषणरूप हुनाले विवेकीद्वारा सदा त्याज्य छ।

द्रष्टव्य—

जुनसुकै कथन, वाद, सिद्धान्त, मन्तव्य, आदिमा—प्रतिपादनको एकोहोरो पर-म्पराको रूढ़ीको अपेक्षा विशेष विवेकलाई नै प्रधानता दिएर हर विचारलाई परीक्षाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसौटीमा कसेर सत्य निर्णयद्वारा ठहरिएको रहस्यलाई मात्र मान्यता दिइएको छ भने त्यो अत्यन्त परिष्कृत र परिमार्जित भएर सारगर्भित एवं सर्वोत्तम विशुद्ध दर्शन हुन आउँछ। यस प्रकार त्यही ज्ञानको परमप्रकाशको आलोकमा निर्णय विचार हुनु आवश्यक छ। यसमा श्री कृष्णचन्द्र भन्नुहुन्छ—

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।

(भगवद्गीता, अ० ४। श्लो० ३८)

अर्थ—यो संसारमा ज्ञानबराबरको पवित्र गरिदिने (बोध विचार दिने) अवश्य पनि अर्को छैन।

नोत्पद्यते विना ज्ञानं विचारेणान्यसाधनैः।
यथा पदार्थभानं हि प्रकाशेन विना क्वचित्॥

(अपरोक्षानुभूति, श्लो० ११)

अर्थ—जस्तो प्रकाश नभई कुनैं पदार्थको ज्ञान हुँदैन, ठीक त्यस्तै विना विचारको अन्य कुनैं साधनले पनि यथार्थ ज्ञान हुन सक्तैन। एतदर्थ ज्ञान नै सर्वोपरि छ।

उपरोक्त प्रमाणबाट विवेकको आधारमा अब उक्त शून्यको परीक्षा गरिन्छ।

शून्यको परीक्षा

शून्यको कल्पना जगतमा अधिकांश फैलिएको हुनाले अब कल्याणार्थी मुमुक्षुले यही शून्यको परीक्षा गर्नु उचित छ। यो 'शून्य' को कल्पना गर्ने को हो? त्यो शून्यलाई विशेषतः मान्यता दिने र त्यसको ज्ञान गर्ने को हो? जसले गर्दा शून्यवादको यत्रो कल्पना चल्यो। आखिरकारमा शून्यले नै शून्यवादको मान्यता चलाएको त कदापि होइन। शून्यवादको मिथ्या मान्यता चलाउने यथार्थमा मानिसै हो। अतः जसले यो शून्यवादको कथन, निरूपण, प्रतिपादन एवं समर्थन गऱ्यो, शून्य अभाव मिथ्याको पनि जसले स्थापना गऱ्यो, त्यो गर्नेले आफूलाई नजानेर आपनो महान अस्तित्वलाई थाहा नपाएर भुलेर बिर्सेर नै एक काल्पनिक भावना वृत्तिलाई मान्यता दिई शिरोमणि तुल्यायो। वास्तवमा शून्यलाई जान्ने, शून्यलाई मान्यता प्रदान गर्ने, शून्यको स्थापना गर्ने—ज्ञाता चेतन त्यो शून्य अभाव वृत्तिदेखि सदाकाल पृथक् छ। शून्यलाई जान्ने, त्यो कदापि शून्य हुने होइन अपितु शून्यको ज्ञाता द्रष्टा हो। शून्यको परीक्षा जसलाई हुन्छ, त्यो शून्यको परीक्षक चैतन्य, त्यो परीक्षामा आएको शून्यदेखि सदा सर्वदा पृथक् हुन्छ। किनभने—शून्यको ज्ञान शून्यले गर्ने होइन किन्तु त्यो शून्यदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फरक रहेको शून्यको ज्ञाता स्वयं चैतन्य आफूले नै गरिरहेको छ। शून्यको भासमा पर्ने, शून्यको अध्यास लिने, शून्यको अनुमानमा फँस्ने, शून्यको कल्पनामा लवलीन हुने, त्यो भास अध्यास, अनुमान, कल्पनाको कर्त्ता, शून्यको मालिक, शून्यको जाननहार, चैतन्य खुद स्वयं आफू हो। 'शून्य यो हो' भनेर शून्यको अनुभव गर्ने अनुभविता चैतन्य जीव—त्यो शून्यदेखि सर्वदा भिन्न छ। शून्यवादको नाना विपरीत भास जुन चेतनलाई भै रहेछ त्यो शून्यभासदेखि भासिक चैतन्य जीव सदा अलग छ, सत्य छ, श्रेष्ठ छ, स्वतन्त्र छ। यस प्रकार त्यो शून्यको संस्थापक, निरूपक, समर्थक, प्रकाशक, प्रचारक, प्रसारक, विचारक, परीक्षक त्यो अभाव शून्यदेखि सर्वदा तथा सर्वथा पृथक् छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[द्वितीय प्रकरण]

चैतन्य स्वरूप बोधको सम्यक् मनन

सर्वे वेदा यत्पदमामनन्ति तपाꣳसि सर्वाणि च यद्वदन्ति ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्तेपदꣳसंग्रहेण ब्रवीम्योमित्येतत् ॥

(कठोपनिषद्, अ० १ । बल्ली २ । मन्त्र १५)

अर्थ—सारा वेदहरूले जुन पदको वर्णन गर्दछन्, सम्पूर्ण तपस्या नै जुन पदको प्राप्ति निमित्त साधक हो भन्दछन्, पुनः जसको प्राप्तिको परम इच्छाले [मुमुक्षुजन] ब्रह्मचर्यको पालन गर्दछन् । त्यो पदको तिमीसँग संक्षेपमा म वर्णन गर्दछु ।

पूर्वोक्त प्रसङ्गानुसार 'दश इन्द्रिय, पच्चीस प्रकृति तथा प्राणवायु आदि सम्पूर्ण स्थूल देह र सूक्ष्म देहयुक्त चित्त, मन, बुद्धि, अहंकार, एवं शून्यवृत्ति आनन्दमय कोश कारणदेहसहित मनोमय समस्त कल्पना सर्व जड़ दृश्य विकारलाई' असार मिथ्या नाशवान जानी हटाएर तत्पश्चात् अब स्वरूपबोध प्राप्तिको निमित्त गम्भीर विचार गर्नु परमावश्यक छ ।

परीक्षा दृष्टिको आलोक

उपरोक्त शून्यको पनि ज्ञान गर्ने, अभ्यन्तरमा विशेष शून्यवृत्तिमा लीन भएर अब केही पनि छैन र केवल शून्य मात्र छ भनी भान गर्ने, स्वयं सत्य अवशेष छ । किनभने, केही पनि नभएको थाहा पाउने जो हो, त्यो पनि यदि नभएको भए त्यो केही पनि नभएको ज्ञान कसले गर्दथ्यो ? तसर्थ त्यो ज्ञान, कर्त्ता, ज्ञाता, सर्वज्ञेयदेखि—अत्यन्त भिन्न छ, स्वतः सिद्ध छ । यस्तो सर्वको जनैया परम प्रसिद्ध सदा अवशेष साक्षात् विद्यमान रहँदा-रहँदै पनि त्यसलाई कत्ति नजानेर तथा स्वतन्त्र नित्य एवं स्वयं स्वरूपको यथार्थ विवेक नभएर सम्मुख भास भएको वृत्तिमा मिलेर (लय भएर) 'शून्य' भनिदिनु यही अज्ञान हो । शून्यलाई जान्ने जनैया चैतन्य शून्यदेखि सदाकाल भिन्न भैकन पनि त्यही शून्य वृत्तिमा ज्ञाता परीक्षक आफूलाई पनि मिलाई तन्मय हुनु (एकदम लट्ठ पर्नु), यही अविद्या हो ।

यहाँ यस बखतमा—अत्यधिक सतर्कतासहित प्रखर परीक्षा दृष्टि जुन साधकमा छैन, स्वतन्त्र विवेक गर्ने प्रबल सामर्थ्य गुरुबोधद्वारा जसमा प्राप्त भएको छैन, ती योगी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानी, ध्यानी, तपस्वी, साधक, सिद्ध, सन्यासी, परमहंस महज्जन, केवल शब्द प्रमाणको आधारमा आफ्नो सत्यासत्य विवेक गर्ने स्वयं दृष्टि एवं पारीक्षक शक्तिलाई लुकाएर, खुम्च्याएर, दबाएर, हटाएर, सर्वथा असमर्थ बनेर स्वतन्त्र अनुभव तथा शोध-बोधविहीन भएर, लाचारीसाथ त्यही सम्मुख भएको भासवृत्तिमा भूल अज्ञानले आफूलाई विलीन गराउँदछन् । यस प्रकार यो भासवृत्ति आत्मानुसन्धान गर्ने महानुभावहरूलाई चकाचौंध पारी छकाउने र यथार्थ सत्योपलब्धिबाट वञ्चित गराउने, समाधिकालमा साधक जिज्ञासुलाई भुलाउने, अविद्या माया हो, जड़ासक्ति हो, आवरणरूपी क़ालिमा हो । यही भूल भूमिकाबाट नै सत्य वस्तुको शोधन गर्न नसकेर सम्मुख भासमा वृत्ति लगाएर विभिन्न मार्गहरूको स्थापना हुन गएको हो । भास, अध्यास, अनुमान, कल्पना आदि—जो-जो विकल्प सम्मुख भए, तिनैलाई मान्यता दिएर भ्रम पुष्ट हुन गएको हो । यो जाल फाँड्न, यो पर्दा तोड्न, यो आवरण हटाउन, यो कल्पना इच्छारूप मायालाई स्पष्ट बुझ्न जो कोही नसक्ने छन् । यहाँ पुगेपछि कतिपय धेरै साधकहरूको बुद्धि गुम (कुण्ठित) हुन जान्छ । विरला विवेकी पारखी महापुरुषको अतिरिक्त सबै विस्मृत व्यामोह नै रहन्छन् र स्वतःको शोधनमा असमर्थ नै हुन जान्छन् । अतएव यही भूल नै ठूलो शूलरूप भएर कठिन कष्ट दिइरहेको छ, महान् बन्धन दायक बनिरहेछ तथा आवागमन एवं जन्म-मरणको मूलकारण भइरहेछ । सारा पिण्ड-ब्रह्माण्डको हाल भने जान्ने, किन्तु आफूलाई भने कत्ति नजान्ने—यही अज्ञानले महान् अनर्थ गराइरहेको छ, अनन्तबार देह धारण गराएर आधिव्याधि उपाधिको क्लेशमा फँसाएर घोर दुर्दशा गराइरहेको छ ।

एतदर्थ स्वरूपबोधको महान् अनुसन्धान गर्दा—जो-जो दृश्य भासमा आउँदछ, विवेक गर्दा स्वरूप चेतनदेखि भिन्न ठहर्दछ, परीक्षा गर्दा जो नाशवान जड़ साबित हुन्छ, प्रत्यक्ष तत्त्वकै स्वरूपमा माया काया प्रकृतिकै कार्यरूपमा पाइन्छ—त्यो सब जड़कै समुदायरूप असत् हो । त्यसलाई विवेकद्वारा पृथक्करण गर्दै लैजानुपर्दछ । यसमा विचारवान साधक जिज्ञासुले हरदम यो विहङ्गम दृष्टि [होशियारीपूर्वकको समझ] एवं विचार राख्नुपर्दछ कि—'सबलाई परीक्षा गर्ने परीक्षक द्रष्टा पदार्थ र त्यसको अतिरिक्त परीक्षामा आएको दृश्य जड़ वस्तु दुवै सदाकाल भिन्न रहन्छन् ।' त्यसलाई खूब ख्याल राखेर पृथक्-पृथक् गर्दै, पर्खँदै-पर्खँदै लगेर आखिरमा जो सिद्ध हुन्छ त्यसैलाई सत्य सिद्धान्त मान्नुपर्दछ । एवं रीतले विचार गर्दा-गर्दा दृश्य जड़लाई पन्छाउँदै हटाउँदै लगेर अन्तिममा—सारूप, अवशेषरूप, सबको ज्ञातारूप, बाँकी जमारूप सबलाई परीक्षा गर्ने स्वतः परीक्षक, स्वयं पारखरूप, नित्य, तृप्त, सत्य, स्थिररूप, अजरामर अविनाशी चैतन्य जीव नै ठहर्दछ ।

शिष्यलाई यथार्थ बोध प्रदानको निमित्त प्रश्नोत्तररूपले निर्णय हुन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बोधक गुरुदेव—अब परीक्षा दृष्टिलाई अगाड़ि बढ़ाएर विवेकको परम प्रकाशमा निर्णय गर्दै जानुपर्दछ ।

प्रश्न—उपरोक्त निर्णयअनुसार शरीर, इन्द्रिय, मन, प्राण, शून्यभास आदि असत् जड़ ठहरिएपछि यसलाई जान्ने, मान्ने, ज्ञान गर्ने को हो ? त्यो सर्व ज्ञेय र साक्ष्यको ज्ञाता, साक्षी पदार्थ आफ्नो साथमा अभ्यन्तरमा छ कि छैन ?

शिष्य—प्रभो ! गुरुदेवको कृपाले यहाँसम्म बुझ्नमा आयो कि एक चैतन्य पदार्थ नै सबको ज्ञाता रहेछ । परन्तु त्यो कस्तो छ ? त्यसलाई इदमित्थ गरेर निश्चयपूर्वक ग्रहण गर्न सकेको छैन ।

गुरु—राम्रोसँग विचार गर, कल्पना गरिएको वस्तुदेखि कल्पना गर्ने, कल्पनाको कर्त्ता भिन्न र श्रेष्ठ हुन्छ कि हुँदैन ?

शिष्य—कल्पनाको कर्त्ता, कल्पनादेखि भिन्न र श्रेष्ठ अवश्यमेव हुन्छ ।

गुरु—तब सर्व कल्पना गर्ने मनुष्य नै हुनाले उक्त कल्पनाको कर्त्ता मनुष्य सत्य र श्रेष्ठ सिद्ध भयो । अब यो मनुष्य शरीरमा जड़ तत्त्वको शरीर नै कल्पना गर्ने हो या यसको अतिरिक्त अर्कै कोही पदार्थ कल्पना गर्ने स्वयं छ । यदि शरीर नै सब कल्पनादि गर्ने हो भने शरीर जड़भूत तत्त्वले बनेको हुनाले—यो सर्वाङ्ग शरीर समुदाय सब जड़ हो [यसको सविस्तार निर्णय प्रथम नै भइसकेको छ] अब यो जड़ शरीरदेखि सर्वदा तथा सर्वथा पृथक् प्रकृतिपार चैतन्य भिन्न छ, त्यसैलाई अत्यधिक ध्यान दिएर बुझ्नु अत्यावश्यक छ ।

परमपदको स्वरूप—

बृहच्च तद्दिव्यमचिन्त्यरूपं सूक्ष्माच्च तत्सूक्ष्मतरं विभाति ।
दूरात्सुदूरे तदिहान्तिके च पश्यत्स्विहैव निहितं गुहायाम् ॥

(मुण्डकोपनि०, मुण्डक ३ । खण्ड १ । मन्त्र ७)

अर्थ—त्यो महान् दिव्य र अचिन्त्यरूप सूक्ष्मभन्दा पनि सूक्ष्मतर तथा (नबुझ्नेलाई) दूरभन्दा पनि दूर, जो यो शरीरमा अत्यन्त समीप पनि छ, त्यो—चेतनावान् (चैतन्यस्वरूप) प्राणीहरूमा यो शरीरभित्र तिनको बुद्धिरूप गुफामा छिपेको छ ।

उपरोक्त प्रमाणले नित्य सत्य चैतन्यस्वरूप परमपदको विचार गरेर अझ पुनः विवेक गर्दै जाऊ । समस्त देह, गेह, स्थूल, सूक्ष्म, पञ्च विषय, तत्त्व, प्रकृति, चित्त, मन, बुद्धि, अहंकार, सर्व भास मानन्दी संस्कार तथा शून्य आदि सबको अहंताभावलाई (यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बखतमा) एकदम अभाव गरेर तृणवत् परित्याग गरेर सर्वथा बाहिरी विषय वृत्तिलाई हटाएर अन्तर्वृत्ति बनाई विचार गर । 'आजसम्म असत् , नाशवान, जड़, विकारी, चंचल, दुःखरूप, हाड़, मासु, रगत एवं मल-मूत्रले भरिएको यो दुर्गन्धरूपी देहलाई मात्र जानिरहेको थियो । अपार कष्ट र क्लेशले मात्र रचना भएको प्रपञ्चमय व्यवहारलाई मात्र सुनी, गुनी, चिनी, बुझिरहेको थियो । किन्तु चैतन्यलाई चिन्न पाएको थिएन । स्व-स्वरूपको परिचय प्राप्त गर्ने महान् भाग्य खुलेको थिएन । अविद्या तिमिरले छोपिएको हृदयको अन्तरपट खुल्ने सुयोग्य शुभ मङ्गलमय दिव्य अवसर आएको थिएन । किंवा अब आज पूर्वको विशुद्ध शुभ संस्कार तथा वर्तमानमा परम उदार एवं विशेष उपकारी बोधदाता सन्तको कृपा दृष्टिले मात्र जुन सद्बोधरूप परमपद पाइन्छ ।

यसको निमित्त हे शिष्य ! अब तिमीले बाहिरतिर फैलिरहेको प्रपञ्चतिर दौड़िरहेको वृत्तिलाई समेटेर अर्थात् बटुलेर, बहिर्विषयलाई बाहिरै छोड़िदिएर, देह पनि विजाति एवं बन्धनरूप जानेर त्यसबाट पनि लक्ष्य घुमाएर, प्राण पनि स्वयं जड़ वायुको भाग हो भन्ने बुझेर त्यसबाट पनि लक्ष्य हटाएर, पुनः मनोमयद्वारा उठ्ने प्रत्येक उद्वेग स्मरण, सर्व स्फूरण, क्रिया आदि [यथा मनद्वारा मनन र चित्तद्वारा चिन्तन तथा बुद्धिद्वारा निश्चय एवं अहंकार-द्वारा अहं ममत्व अर्थात् कर्तृत्वाभिमान गर्न छोड़ेर] सर्व इच्छा संस्कारलाई शिथिल एवं शान्त गराएर अत्यन्त जागृतरूप सावधान भएर 'अन्तस्करण साधन शस्त्रद्वारा ग्रहण गरिरहेको अखिल दृश्यभावलाई समेत पन्छ्याइदिएर,' सर्व स्मृति—संकल्पलाई नै रोकेर, पर्खेर सम्पूर्ण वासनाको अत्यन्त अभाव गरिदिएर तब अभ्यन्तरको सूक्ष्म विचारमा प्रवेश गर ।

परमपद प्राप्ति—

यदा पञ्चावतिष्ठन्ते ज्ञानानि मनसा सह ।
बुद्धिश्च न विचेष्टति तामाहुः परमां गतिम् ॥

(कठोपनिषद्, अ० २ । वल्ली ३ । मन्त्र १०)

अर्थ—जुन समय पाँचै ज्ञानेन्द्रिय र मनसहित आत्मामा स्थित हुन्छ एवं बुद्धिले पनि कुनै चेष्टा गर्दैन, त्यो अवस्थालाई 'परम गति' भन्दछन् ।

यस बखतमा सहजाशीनले विराजित भएर हृदय एकदम शान्त गराएर स्थिर वृत्तिले युक्त भएर ध्यानस्थ मुद्रामा अविचल भावले तदाकार रहेर सत्परीक्षा गर्नु अनिवार्य छ ।

सिंहावलोकन—अब जसले बहिराङ्ग वृत्तिलाई त्याग गरेर अन्तरङ्ग वृत्ति पाऱ्यो, जसको द्वारा सर्व दृश्य जड़ वर्ग जान्नमा परीक्षा गर्नमा आइरहेछ, जसलाई यो देह, मन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri,Funding: MIDF

प्राण, शून्य सब भासमान भैरहेको छ, जसलाई समस्त दुःख-सुखको, हानि-लाभको ज्ञान प्रदर्शित भैरहेको छ, जसलाई सर्व कल्पना, अनुमान, भास, अध्यास, प्रत्यक्ष, परोक्ष, सर्व स्मरण-संकल्प करामलकवत् अनुभव भैरहेको छ, जसलाई उपरोक्त कुराको सम्पूर्ण ज्ञान-विचार अन्तरपटमा स्पष्ट प्रतीत भैरहेको छ, जहाँबाट समस्त ज्ञानको परम प्रकाश भैरहेछ—त्यो ज्ञानस्वरूप चैतन्य, सबको परीक्षाकर्त्ता, परमपरीक्षक, स्वयं पारखस्वरूप, अनादि, अविनाशी, अचल, अटल, अखण्ड, एकरस, सत्य छ।

यावत्सर्वं न संत्यक्तं तावदात्मा न लभ्यते।
सर्व वस्तु परित्यागे शेष आत्मेति कथ्यते॥

(अन्नपूर्णोपनि०, अ० १। मन्त्र ४१)

अर्थ—यो आत्मज्ञान (स्वरूपज्ञान) को प्राप्ति त्यहाँसम्म हुँदैन, जहाँसम्म देह, इन्द्रिय, मन, प्राण आदिबाट अहंता भाव हटाएर सर्व संकल्प-विकल्प एवं स्मरण-स्फुरण मात्रको परित्याग गर्दैन। यस प्रकार सर्व वस्तु परित्यागरूप व्यतिरेक दृष्टिबाट परीक्षा गर्दा-गर्दा पश्चात् जो 'अवशेष' (बाँकी) रहन्छ, त्यसैलाई 'आत्मा' भनिन्छ।

जो सर्व कारण-कार्य जड़ पिण्ड-ब्रह्माण्डलाई जान्दछ, जो देह, इन्द्रिय, मन आदिको परीक्षाकर्त्ता छ, जो सब भास विकल्पदेखि सर्वथा भिन्न साक्षात् चैतन्य पदार्थ छ, जो अखण्ड एकरस आफैं स्वयं सत्य सिद्ध छ, जो मन इन्द्रियद्वारा सर्व अनुभव एवं भासमा आएका सर्व जड़ विकारलाई पृथक्रूपले पर्खने छ, जो स्वयं सबको अनुभूतक-अनुभविता, ज्ञाता, चैतन्य जमापद सत्य छ। 'म को हुँ' भन्ने प्रश्न गर्दा जो 'म' भन्ने पदार्थ हो, 'म' को बोधक हो—त्यही खुद खास स्व-स्वरूप अजर अमर अविनाशी परम प्रत्यक्ष, पारखस्वरूप नित्य छ।

साक्षात्सम्बन्धात् साक्षित्वम्।

(सांख्यदर्शन, अ० १। सू० १६१)

अर्थ—साक्षात् सम्बन्धात्—साक्षात् सम्बन्धको कारण (हेतु) नै जीवात्माको, साक्षित्वम्-साक्षीपन हो।

स्व-स्वरूप निर्णय

यः सर्वज्ञः सर्वविद्यस्य ज्ञानमयं तपः।

(मुण्डकोपनि०, मुण्डक १। खण्ड १। मन्त्र ९)

अर्थ—जो सबलाई (सामान्यरूपले) जान्दछ र सबको विशेषज्ञ छ, पुनः जसको ज्ञानमय नै तप हो—अर्थात् ज्ञानै स्वरूप हो, त्यही चैतन्य जीव हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त प्रमाणले चेतन स्वयं ज्ञानस्वरूप, सर्वको जनैया, जाननहार, जानमात्र, ज्ञाता, रमैयाराम, अपरोक्ष, परीक्षक जीव नै खास सत्य स्वरूप हो ।

एतदर्थं सर्वविकल्पभास र अभावरूप शून्यलाई पनि हटाएर जो शेष रहेको छ, बाँकी बचेको छ,—त्यो शून्यको पनि साक्षी, द्रष्टा स्वयं अवशेषरूप, हृदयावासी, परमप्रकाशी, अविनाशी, सर्वको परीक्षक, परमपद, पारखस्वरूप, वस्तुतः खास सत्यस्वरूप चैतन्य स्वयं नित्य सत्य स्वतन्त्र सिद्ध छ ।

प्रश्न—गुरु—उक्त सारा रहस्य श्रवण तथा मनन भएर के निश्चय भयो त्यो अभिव्यक्त गर ।

शिष्य—आजसम्म जो-जो मेरो अगाड़ि परेको थियो, त्यही भावरूप जगतलाई र अभावरूप शून्य वृत्यानन्द भासलाई नै वास्तविक सत्यस्वरूप निश्चय गरिरहेको थिएँ । किंवा द्रष्टा र दृश्यको ज्ञान थिएन । परन्तु गुरुदेवबाट सबलाई जान्ने जनैया र त्यसदेखि पृथक् जान्नमा (परीक्षामा) आएको दृश्य वस्तुलाई सर्वथा पृथक् गरी स्पष्ट निर्णयरूप बोध प्रदान गर्नुभयो । यसकारण 'खास आफैं सबलाई जान्ने जनैया अवश्य नै स्वयं सत्य चैतन्य म नै साक्षात् रहेछु' यो निश्चय अब मलाई भयो ।

बोधक गुरु—प्रथम भासलाई भूलद्वारा ग्रहण गरेर अलमलिने पुनः बोध प्राप्त हुना-साथ सावधानतापूर्वक भासलाई परित्याग गरिदिने सर्वपरीक्षक स्वयं यथार्थ पारखस्वरूप साक्षात् आफैं हुनाले खास तिमी नै चैतन्यस्वरूप वस्तुतः स्वतः नित्य छौ । यदि तिमी खुद चैतन्य परीक्षकस्वरूप विद्यमान नभएको भए अहिले मैले पर्खाउँदा (ज्ञान दृढ़ाउँदा) सारा कसर विकार धोखा मिथ्या मानन्दीहरूलाई कसरी पर्खन सक्तथ्यौ र ? यसकारण सबलाई परीक्षा गर्ने पारखरूप साक्षात् स्वयं तिमी नै ह्यौ । अतएव यस्तो आफ्नो सत्यस्वरूपलाई जानेर त्यही नित्य निर्मल धारणामा सदा स्थिर होऊ ।

यदि देहं पृथक् कृत्वा चिति विश्राम्य तिष्ठसि ।
अधुनैव सुखी शान्तो बन्धमुक्तो भविष्यसि ॥

(अष्टावक्र गीता, श्लो० ४)

अर्थ—राजा जनक ! यदि तिमी 'म देह होइन' यस्तो निश्चय गरेर विवेकद्वारा देह इन्द्रियलाई पृथक् गरेर 'म-चैतन्य आत्मा हुँ' यो दृढ़ भावना गरेर स्व-स्वरूपमा स्थिर भयौ भने यसै बखत तिमी जन्म-मरणको बन्धनबाट छुटेर सुखी र शान्त हुनेछौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्ध स्वरूप चैतन्य नै सर्वश्रेष्ठ सत्य हो

'म को हुँ' भन्ने यो शंका जसलाई हुन्छ अथवा जसले गर्छ, त्यो आफैं सत्य सिद्ध स्वयंचैतन्य पदार्थ हो। जो सबलाई ज्ञानद्वारा देख्दछ, विवेकद्वारा जान्दछ, समझद्वारा चिन्दछ; यस्तो सर्वको परीक्षक, त्यो स्वयं खुद चैतन्य पदार्थ हो। सर्वभास अध्यास अनुमान कल्पनाको आधारक, निरूपक, जानक, मानक, स्थापक, विज्ञापक, विस्तारक, त्यो स्वयं चैतन्य नित्य हो। जो पिण्ड-ब्रह्माण्डको, खानी-वाणीको, परोक्ष भासको, लोक-वेदको निश्चयकर्त्ता छ, ज्ञाता ज्ञानस्वरूप छ, त्यो सबदेखि भिन्न परम पारखी स्वयंचैतन्य पदार्थ हो। सारा हृदयस्थ संस्कारलाई अर्थात् मनोमय कोशलाई जान्ने, जनैया, द्रष्टा, ज्ञाता, साक्षी, परीक्षक, त्यो दृश्य मनोमयदेखि सदाकाल भिन्न छ र त्यही नित्य सत्य स्वयंचैतन्य पदार्थ हो।

श्रीरामचन्द्रजी लक्ष्मणसँग भन्नुहुन्छ।

आत्मा शुद्धः स्वयंज्योतिरविकारी निराकृतिः।
यावद् देहेन्द्रिय प्राणैर्भिन्नत्व नात्मनोविदुः॥
तावत्संसार दुःखोघैः पीडयन्ते मृत्युसंयुताः।
तस्मात्वं सर्वदा भिन्नमात्मानं हृदि भावयः॥

(अध्यात्म रामा०, अयोध्या०, सर्ग ४। श्लो० ३९-४०)

अर्थ—आत्मा शुद्ध स्वयं प्रकाश, निर्विकार निर्मल, नित्य छ र समस्त देह, इन्द्रिय, मन, प्राण तथा बुद्धि आदिदेखि सदाकाल पृथक् छ। अतः जहाँसम्म देह इन्द्रिय मन, प्राण-देखि सदा भिन्न रहेको आत्मा चैतन्यस्वरूपलाई मनुष्यले जान्दैन,—त्यहाँसम्म त्यो मृत्यु-पाशमा बाँधिएर सांसारिक दुःख समूहमा पीड़ित हुँदै रहन्छ।

आत्मस्वरूप निरूपण

न जायते म्रियते वा विपश्चिन्नायं कुतश्चिन्न बभूव कश्चित्।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यत हन्यमाने शरीरे॥

(कठोपनिष०, अ० १। बल्ली २। मन्त्र १८)

अर्थ—यो विपश्चित् मेधावी आत्मा न उत्पन्न हुन्छ, न मर्दछ, न कुनै अन्य जड़ कारण-कार्यबाट यो उत्पन्न भएको हो, न यो स्वतः नै (अर्थान्तररूपले) बनेको हो, पुनः न कहिले परिवर्तन हुने हो। यो अजन्मा नित्य शाश्वत (सर्वदा रहने) पुरातन हो र शरीर मरे पनि अथवा मारिए पनि स्वयं नमर्ने हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्विज्ञानात्सर्वं विज्ञातं भवति ।

(छान्दोग्योपनि०, अ० ६ । खण्ड १ । मन्त्र ४)

अर्थ—जसलाई जानेपछि (स्व-स्वरूपको ज्ञान प्राप्त गरेपछि) सबै जानिएको हुन्छ ।

अत्यन्त दुःखनिवृत्या कृतकृत्यता ।

(सांख्यदर्शन, अ० ६ । सू० ५)

अर्थ—अत्यन्त दुःखनिवृत्या—अत्यन्त दुःखको निवृत्ति हुनाले, कृतकृत्यता—कृतार्थता हुन्छ ।

व्याख्या—जब स्व-स्वरूप चैतन्यको साक्षात् बोध भएर विषयजनित सर्वदुःखको अत्यन्त समाप्ति हुन्छ, तब जीवन कृतार्थ हुन्छ ।

सर्वस्य चाहं हृदि सन्निविष्टो ।

(भगवद्गीता, अ० १५ । श्लो० १५)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—'म समस्त प्राणीको हृदयमा स्थित छु ।'

हृदि ह्येष आत्मा ।

(प्रश्नोपनिष०, प्रश्न ३ । मन्त्र ६)

अर्थ—यो चैतन्यस्वरूप आत्मा हृदयमा छ ।

तमेव विदित्वाति मृत्युमेति नान्यः पन्था विद्यतेऽयनाय ।

(यजुर्वेद, अ० ३१ । मं० १८, रुद्राष्टाध्यायी २।१८)

अर्थ—जसलाई जानेर पुरुष मृत्युदेखि पार हुन्छ, यसदेखि भिन्न परमपद प्राप्तिको अर्को कुनै मार्ग छैन ।

पूर्वोक्त स्व-स्वरूप बोधको रहस्यमय प्रसङ्गलाई दृढ़ निश्चय गरेर त्यही सर्वको जनैया, ज्ञाता, ज्ञानस्वरूप, चैतन्य गुरुपदको बोध प्राप्त गर्नुपर्दछ । त्यही सत्यपदलाई विवेकद्वारा जान्ने, चिन्ने, बुझ्ने एवं स्थितिको धारणामा निश्चल रहने प्रयत्न गर्नुपर्दछ । जसलाई जान्नाले, जसको ज्ञान प्राप्त गर्नाले सम्पूर्ण अज्ञान नाश भएर परम दिव्य ज्ञानको प्रकाश हुन्छ, जसलाई जान्नाले सारा पाप नाश हुन्छ, सर्वतोभावेन पुण्यको प्रकाश हुन्छ, समस्त शोक-मोह विलीन हुन्छ, आधिव्याधि उपाधि सर्व दुःख शमन हुन्छ, जन्म-मरणको कष्ट-क्लेश सब निवारण हुन्छ, जसलाई जान्नाले भवबन्धन संसार-सागरको गोता खान जानुपर्दैन, सारा बन्धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाप्त हुन्छ, जसलाई जान्नाले ज्ञानी ध्यानी विवेकी एवं महान भाग्यमानी बन्न पाइन्छ, जसलाई जान्नाले कामनाजनित सर्व अभावको अभाव भएर सर्व चञ्चलता मेटिएर स्थिति-स्थिरता प्राप्त हुन्छ, जसलाई जान्नाले परम तुष्टि तृप्ति शान्ति एवं महाविश्रान्ति मिल्दछ, जसलाई जान्नाले परम अलौकिक दिव्य लाभ भएर पूर्णकाम तथा एकरस पद प्राप्ति हुन्छ, जसलाई जान्नाले जीवन अत्यन्त सफल भएर कृतकृत्य एवं कृतार्थ होइन्छ, परम निहाल तथा सुखी बनिन्छ, जसलाई जान्नाले सम्पूर्ण वासना ध्वंस भएर जीवन्मुक्तिपद प्राप्त हुन्छ र पश्चात् विदेहमुक्ति सहजैमा हासिल हुन्छ, जो मानव-जीवनको सर्वस्व एवं सर्वशिरोमणि सार पद छ, जो प्राप्त गर्न लायकको महत्वपूर्ण सद्रहस्य छ र जो परमकल्याणको एकमात्र लक्ष्य छ, त्यस्तो सत्यपदलाई जान्न तथा धारण गर्न अविलम्ब उचित प्रयत्न गर्नुपर्दछ। यही मानव-जीवनमा गर्नुपर्ने सर्वोच्च कर्त्तव्य हो र सर्वश्रेष्ठ पुरुषार्थ हो।

यस प्रकार गुरुको उपदेशामृत पाएर, स्थिर वृत्तिले युक्त भएर शब्दको साथ-साथ खास जमापद चैतन्यस्वरूपमा लक्ष्य पुगेर, शिष्यलाई स्व-स्वरूपको बोध प्राप्त भयो, स्वयं अजरामर पदको साक्षात्कार भयो।

शिष्य—प्रभो ! आज हजूरको असीम कृपाले सद्बोध प्राप्त गर्न पाएर म पूर्ण कृतार्थ भएँ। मेरो अनादि अज्ञानरूप—अन्धकारलाई स्व-स्वरूपबोधरूपी सूर्योदय गराएर आज नाश गरिदिनुभयो। 'अहो ! म स्वयं चैतन्य बोधस्वरूप नित्य प्राप्त छँदाछँदै पनि आफूलाई न-जानेर दृश्य जड़भासरूपी विषय अन्धकारमा परिरहेको थिएँ। अशुद्ध, अपवित्र, हाड़ छाला मांस रक्त मल-मूत्ररूप असत् जड़ विकारको यो शरीरलाई नै म भन्ने संझिरहेको थिएँ। अखिल दृश्य जड़ पदार्थलाई जान्ने, जनैया, ज्ञाता, चैतन्य, जानमात्र शेष वस्तु स्वतः स्वतन्त्र आफैं सत्य स्वयं विद्यमान रहँदा पनि अज्ञानवश आफूलाई भुलि (बिर्सि) रहेको थिएँ। किन्तु, उक्त सम्मुख भासलाई पृथक् गर्नासाथ—अभ्यन्तरमा स्वयं पारख प्रकाशबोधको खास प्राप्ति हुँदो रहेछ। अब सर्व भास अध्यास अनुमान कल्पनादेखि अत्यन्त पृथक्, केवल परखकर्त्ता, साक्षात् परीक्षक, स्वयं चैतन्यस्वरूप, अखण्ड अविचल एकरस नित्य सत्य म प्रत्यक्ष छु। यस्तो जो स्वयंप्रकाश, नित्य प्राप्त, निर्विकार ज्ञानस्वरूप छ, त्यही म सर्वको परीक्षक बोधस्वरूप चैतन्य हुँ। प्रत्यक्ष जड़ तत्त्वभास तथा परोक्ष कल्पित वाणीजाल—यी दुवैदेखि अत्यन्त परे अपरोक्ष छु।' धन्य धन्य स्व-स्वरूपको बोधप्रदाता ! बन्धन निवारण-कर्त्ता !! सदगुरु बन्दीछोर प्रभु !!! गुरुदेवको कृपादृष्टिबाट कस्तो अमृतमय अविनाशी नित्य तृप्तपदको बोध प्राप्त भयो। जो साक्षात् साथैमा रहेछ, स्वयं खुद खास आफै रहेछ, त्यस्तो सत्य-श्रेष्ठ सारवस्तुलाई नजानी कहाँ-कहाँ अन्यत्र परोक्ष कल्पित भासमा भटकिरहेको रहेछु। जुन बोधमा सर्व हर्ष-शोक, सुख-दुःख, जन्म-मरण, भय-क्लेश आदि सर्व प्रपञ्चको सर्वथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाध (विनाश) छ, सर्व द्वन्द उपाधिरहित छ, त्यही सर्वोच्च परमश्रेयस् चैतन्य मात्र सत्य हुँ । अब म सकल दृश्य भावलाई हटाएर भासरूपी निश्चय वृत्तिलाई निरसन गरेर आफ्नो सत्य स्वरूपको बोधभावमा सदा स्थित रहने प्रयत्न गर्नेछु । कदापि खानी-वाणीरूपी घनघोर जंगलमा अब भटकिने छैन । हे ज्ञान प्रदाता सद्गुरो ! अब मलाई यही बोधभावमा एकरस स्थिर रहने गराएर दुखमय भवसागरदेखि पार गराउने कृपादृष्टि रहोस् ।

गुरुदेव—हे कुशाग्र-बुद्धि-सम्पन्न परम पदरूप चैतन्य बोध-निष्ठा-प्राप्त मुमुक्षु ! तिमी महान् भाग्यमानी रहेछौ । जुन पद ठूला-ठूला देवता ऋषि-मुनिहरूलाई पनि मिल्न दुर्लभ छ, दुष्प्राप्य छ, त्यस्तो अविनाशी अखण्ड अक्षय सार वस्तु आज सत्सङ्गको प्रतापले सहजमा पायौ । जुन (यो) स्वरूप बोध प्राप्त नहुँदा अनादिदेखि आजसम्म यो जीव भव धारमा बगेर जन्म-मरणको गोता खाँदै गर्भवासको कैदमा पर्दै आएको थियो, असंख्य बार त्रिविध तापको भयानक फाँसीमा फँस्दै, असह्य कष्ट एवं क्लेशको सामना गर्दै, दुःख भोग्दै, दुर्दशा सहँदै आइरहेको थियो, त्यो आज स्व-स्वरूपको बोधोदयले, स्वयं अपरोक्ष पारख ज्ञानले अबोध—अज्ञानको नाश भयो । एवं रीतले अब यही बोधमा आजीवन स्थिर भएर खानी—वाणीकृत कुनै बन्धन बनाएनौ भने उक्त अनादि बन्धन निवारण भएर वासनाजनित नेल टुट्नेछ, जन्मादि जेल फुक्नेछ, गर्भादि कैद मेटिनेछ, आवागमनको कठिन फाँसीदेखि उम्किनेछ तथा सम्पूर्ण कहर-कष्ट काटिएर समस्त आपदा विनाश भएर सदाको निमित्त परम कल्याण हुनेछ । अतएव महान् पुण्य प्रतापले मात्र भेट्टाइने, त्यो पनि कोही विरलालाई मात्र मिल्ने स्वर्ण अवसर आज तिमीलाई प्राप्त भयो । मानव जीवन पाएको बल्ल अहिले सफल गर्न पायौ, सर्व-शिरोमणि अक्षय लाभ भेट्टायौ ।

अब यही बोध धारणामा सदा स्थित रहेर, साधन-सम्पन्न भएर सर्व वासना अध्यास एवं कामना समूहलाई जीवनपर्यन्त अभाव गरेर प्रारब्ध भोग व्यतीत गरिदियौ भने तिम्रो अवश्यमेव कल्याण भएर साक्षात् मोक्ष हुनेछ ।

ये हि वृत्तिं विजानन्ति ये ज्ञात्वा वर्धयन्त्यपि ।
ते वै सत्पुरुषा धन्या वन्द्यास्ते भुवनत्रये ॥

(अपरोक्षानुभूति, श्लो० १३१)

अर्थ—शंकराचार्य भन्नुहुन्छ—जो यो स्वरूप निष्ठाको वृत्तिलाई जान्दछन् र जानेर नित्यप्रति धारणा बढ़ाउँदछन् तिनै सत्पुरुष हुन्, तिनै त्रैलोक्यमा धन्य छन्, पुनः तिनै विश्व वन्द्य छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय प्रकरण

शुद्ध स्वरूप चैतन्यको गुण-धर्म एवं लक्षण वर्णन

गुणवत्समवायि कारणमिति द्रव्यलक्षणम् ।

(वैशेषिक दर्शन, अ० १ । आ० १ । सू० १५)

अर्थ—जसमा गुण समवाय तथा नित्य सम्बन्धले युक्त रहन्छ, त्यो द्रव्यको लक्षण हो ।

उपर्युक्त प्रमाणानुसार हरेक द्रव्य अथवा पदार्थमा गुण-धर्म हुन्छ । गुण तथा धर्म द्वारा नै प्रत्येक पदार्थको सिद्धि छ । नत्र गुण-धर्मरहितको कुनै पदार्थको पनि अस्तित्व हुँदैन । यसकारण जड़ तत्त्व पदार्थमा 'जड़ता' युक्त गुण-धर्म छ । यसको अतिरिक्त चैतन्यमा—'चेतनता—अमरतायुक्त ज्ञान गुण एवं ज्ञान धर्म छ ।'

स्वरूपमात्मनो ज्ञानं न तस्माद् व्यतिरिच्यते ।

(तैत्तिरी०, ब्रह्मबल्ली वार्त्तिक, अ० १)

अर्थ—आत्माको स्वरूप नै ज्ञान हो, त्यो ज्ञान आत्मादेखि कथमपि भिन्न हुँदैन ।

ज्ञानाधिकरणमात्मा ।

(तर्क संग्रह, खण्ड १)

अर्थ—ज्ञान जसको आश्रयले नित्य रहन्छ, त्यो चैतन्य आत्मा ज्ञानगुणसंयुक्त पदार्थ हो । गुण र गुणीको समवाय सम्बन्ध [नित्य सम्बन्ध] रहन्छ ।

ज्ञानस्वरूपमत्यन्त निर्मलं परमार्थतः ।

(श्री विष्णुपुराण, अं० १ । अ० २ । श्लो० ६)

अर्थ—जो परमार्थतः (वास्तवमा) चैतन्य ज्ञानस्वरूप अत्यन्त निर्मल अखण्ड एकरस छ ।

आत्मसमवायादात्मगुणेषु ।

(वैशेषिक दर्शन, अ० ६ । आ० १ । सू० १५)

अर्थ—आत्मसमवायात्—आत्माको साथ [ज्ञान धर्मरूप] समवाय सम्बन्ध हुनाले आत्मगुणेषु—चैतन्य आत्माको—ज्ञानगुण नै प्रत्यक्ष हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्यादिक प्रमाणहरूबाट चैतन्य जीवमा ज्ञान धर्म भएकोले 'ज्ञानगुण अथवा ज्ञान धर्म नै सदा समवाय सम्बन्ध एवं नित्य सम्बन्धरूपले रहेको छ।' जस्तो 'अग्नि र उष्णता' भन्दाखेरि नाम दुइटाको जस्तो देखिन्छ, परन्तु वास्तवमा पदार्थ एउटै हो, तद्वत्—जीव अथवा जनैया, ज्ञाता अथवा ज्ञानस्वरूप नाम मात्र पृथक् जस्तो देखिए तापनि वास्तवमा चैतन्य पदार्थ एउटै हो। त्यही सत्स्वरूपलाई, परीक्षा गर्ने हुनाले परीक्षक अथवा पारख-स्वरूप, जनैया, जीव जाननहार, साक्षी, चैतन्य आदि नाम परेको हो।

जस्तो—पृथ्वी गन्ध गुणयुक्त कठिन स्थूलाकार छ, जलरस गुणयुक्त शीताकार छ, अग्नि रूप गुणयुक्त उष्णाकार छ। वायु शब्द तथा स्पर्श गुणयुक्त अति कोमल सूक्ष्माकार छ। यी सब तत्त्वमय जड़ पदार्थ हुन्। ठीक यस्तै चैतन्य जीव पनि—'ज्ञानगुण एवं चैतन्य धर्मसहित ज्ञानाकार हो।' चैतन्य खास द्रव्यरूप नित्य सत्य पदार्थ हो।

यस प्रकार चैतन्य जीव 'ज्ञानाकार, ज्ञानधर्म, ज्ञानगुण, ज्ञानशक्ति, ज्ञानरंग, ज्ञानस्वरूप पदार्थ हो।' जसको जनैया जाननहार अथवा जानमात्र स्वरूप छ, त्यही चैतन्य-स्वरूप अनादि अविनाशी वस्तु हो।

जीव वाची नमोराम चाऽऽत्मा रामेति गीयते।

(राम पूर्वतापिन्योपनि०, २। मंत्र १)

अर्थ—जीववाचक नै रामको नाम हो। त्यसलाई (ऋषि-मुनि महापुरुषहरूले) आत्माराम भनेर पनि वर्णन गरेका छन्।

यस प्रकार जो चैतन्य जीव हो त्यही प्रत्येक घटधारीको हृदयदेशमा निवास गरेको हुनाले त्यही रमैया राम—आत्माराम जनैया जीव हो, त्यही असली सार पदार्थ हो, त्यही ज्ञाता ज्ञानस्वरूप नित्य सत्य शिरोमणि पदार्थ हो। त्यसैलाई विवेकद्वारा बुझ्नु नै सच्चा पुरुषार्थ हो।

जनैया विषयमा भनेको छ—

स वेत्ति वेद्यं न च तस्य वेत्ता।

(श्वेताश्वतरोपनि०, अ० ३। मन्त्र १९)

त्यो चैतन्यले सम्पूर्ण वेद्य मात्रलाई जान्दछ। त्यसलाई जान्ने अरू कोही पनि छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषान्न परं किञ्चित्सा काष्ठा सा परा गतिः ।

(कठोपनिष०, बल्ली १ । अ० ३ । मं० ११)

अर्थ—त्यो चैतन्यदेखि पर (भिन्न) 'सत्यसार अविनाशी वस्तु' अरू केही छैन, त्यही सूक्ष्मत्व महत्त्व र प्रत्यगात्मत्त्वको पराकाष्ठा (हद्द) हो ।

तस्य भासा सर्वमिदं विभाति ।

(कठोपनिष०, बल्ली २ । अ० २ । मन्त्र १५)

अर्थ—त्यो चैतन्यको प्रकाश (ज्ञान) ले नै सर्व जड़ समुदायको भास (प्रतीत) हुन्छ ।

तत्सत्यम् ।

(छान्दोग्योपनि०, अ० ६ । खं० ८ । मन्त्र ७)

अर्थ—त्यही चैतन्य नै सत्य एवं सार अखण्ड अक्षय वस्तु हो ।

इदं शरीरं कौन्तेय ! क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥

(भगवद्गीता, अ० १३ । श्लो० १)

अर्थ—हे कुन्तीपुत्र ! यो शरीर 'क्षेत्र' हो, यसलाई जो जान्दछ त्यो 'क्षेत्रज्ञ' हो भनी तत्त्व जान्ने ज्ञानीहरू भन्दछन् ।

यज्ज्ञात्वाऽमृतमश्नुते ।

(भगवद्गीता, अ० १३ । श्लो० १२)

अर्थ—जसलाई जानेर मनुष्यले अमरत्व प्राप्त गर्न पाउँछ ।

जीव भूतः समस्तस्य तस्मै सोमात्मने नमः ।

(श्रीविष्णुपुराण, अं० १ । अ० १४ । श्लो० २६)

अर्थ—जीव नै समस्त प्राणीहरूको स्वरूप हो, त्यो अमृतमय सोमस्वरूप (स्वयं स्वरूप) चैतन्यदेवलाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वबोधे नान्य बोधेच्छा बोधरूप तयाऽऽत्मनः ।
न दीपस्यान्यदीपेच्छा यथा स्वात्मा प्रकाशते ॥

(आत्मबोध, श्लो० २८)

अर्थ—यो आत्मा स्वयं बोधस्वरूप हो, यो बोधस्वरूप आत्मा चैतन्यको बोधमा अन्य बोधको अपेक्षा र आवश्यकता छैन । जस्तो एक दीपकलाई आफ्नो प्रकाश (गराउन)को निमित्त अन्य दीपकको अपेक्षा र आवश्यकता पर्दैन । किनभने—आत्मा स्वयं प्रकाशी छ ।

पूर्वोक्त प्रमाणबाट यो चैतन्यको स्वरूपमा अन्य चेतनको समावेशता तथा व्यापकता पनि छैन, पुनः एक चेतन साक्षी स्वरूपमा अन्य साक्षी चेतनको अपेक्षा र आवश्यकता पनि कदापि छैन । अतः चेतन जीवको स्वरूपभित्र अन्य कुनै साक्षी छैन । यो स्वयं जड़ दृश्य को द्रष्टा, ज्ञाता, साक्षी, चैतन्य, ज्ञानस्वरूप अजर अमर अखण्ड अविनाशी नित्य सत्य पदार्थ हो ।

यस प्रकार जो सबलाई जान्ने, जनैया ज्ञाता चैतन्य हो, त्यो स्वयं प्रकाशी, अजर, अमर, अविनाशी कारण-कार्यदेखि रहित अखण्ड छ । अब जस्तो आफ्नो स्वरूप अखण्ड नित्य छ, ठीक त्यस्तै-ज्ञान कलायुक्त जति देहधारी चेतन जीवहरू छन्, ती सब एक स्वजाति-रूप समान अजर-अमर अखण्ड अनन्त सनातन छन् ।

एष स्वयंज्योतिरजोऽप्रमेयो महानुभूतिः सकलानुभूतिः ।

(भागवत, स्कन्ध ११ । अ० २८ । श्लो० ३५)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ कि—आत्मा नित्य अपरोक्ष छ, त्यसको प्राप्तिको पनि अपेक्षा गर्नुपर्दैन र स्वयं प्राप्त छ स्वयंप्रकाश छ । पुनः निर्विकार छ, जसमा अज्ञान आदि कुनै प्रकारको विकार पनि छैन, त्यो जन्मरहित छ, कुनै प्रकारको वृत्तिमा आरूढ़ हुँदैन । यसकारण जो अप्रमेय छ । फेरि ज्ञान आदिको द्वारा त्यसको संस्कार पनि हुँदैन । आत्मामा देश, काल, वस्तु, परिच्छेद, उत्पत्ति, वृद्धि, परिवर्तन तथा ह्रास एवं विनाशले पनि स्पर्श गर्न सक्तैन । सबलाई जान्ने र सबको ज्ञान गर्ने सब प्रकारको अनुभव प्राप्त गर्ने पनि स्वयं आत्मस्वरूप चैतन्य नै हो ।

एवं रीतले जड़ पदार्थको ज्ञान गर्ने ज्ञाता चैतन्य जनैया जाननहारले जसरी जड़ पदार्थलाई जानिरहेछ, ठीक त्यस्तै सबको परीक्षक खुद खाश स्वयं अपरोक्षस्वरूप ज्ञाता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यदेव हुनाले आफूलाई पनि बोधद्वारा स्वयं जान्दछ। बहिर्विषयतर्फ लक्ष्य दिइरहेको हुनाले नै बाहिरी विषय एवं जड़ पदार्थको ज्ञान गरिरहेछ, सुतरां भासमा अल्झिरहेछ। किन्तु त्यो बहिर्विषय वृत्तिलाई—फरक्क फर्काएर (जड़मा फैलिरहेको लक्ष्यलाई एकदम उल्टाएर) द्रष्टाले आफूपट्टि दृष्टि घुमाउनासाथ, अन्तरको विवेक चक्षु खोल्नासाथ, स्थिर वृत्तियुक्त स्वयं अविचल पदमा लक्ष्य दिनासाथ अन्तर्देशमा रमिरहेको रमैया राम स्वयं चैतन्य अविनाशी पदार्थ अवशेषरूप प्रत्यक्ष रहेको बोधद्वारा अखण्ड निश्चय हुन्छ।

दृष्टे आत्मनिलिङ्गे एक एव दृढ़त्वात् प्रत्यक्षवत् प्रत्यय।

(वैशेषिकदर्शन, अ० ३। आ० २। सू० ११)

अर्थ—आत्मनिलिङ्गे—आत्मासँग सम्बन्धित ज्ञान आदि लक्षणको, द्रष्टे—देखने (जान्ने), प्रत्यय—आत्माको अनुमान, एव-नै, एक—यही (एउटै) हो त्यही दृढ़त्वात्—दृढ़ हुनाको कारणले, प्रत्यक्षवत्—प्रत्यक्ष प्रमाणको समान छ।

व्याख्या—आत्माको लक्षण ज्ञान आदि त्यो प्रत्यक्ष नै देखिन्छ। यसकारणले आत्माको अनुमान प्रमाण पनि प्रत्यक्ष प्रमाणकै समान छ। किनभने-ज्ञान आदि गुण अचेतन शरीरको धर्म होइन, बरु आत्माकै ज्ञान प्रत्यक्ष प्रदर्शित भएको हो। जस्तो सूर्यको प्रकाश सूर्यबाटै भएको हो र अन्ततोगत्वा प्रकाशबाट सूर्यकै प्रत्यक्षता हुन्छ। एवंरीत्या आत्माको—[ज्ञानपनाको परीक्षा] अनुमानको सिद्धि पनि प्रत्यक्षकै अन्तर्गतको किम्वा साक्षात् सिद्धि हो।

अतएव सबको अनुभव गर्ने अनुभविता जो चेतन जीव हो, त्यो द्रष्टा पारखी एकरस हुनाले 'परोक्ष र पर प्रत्यक्षरूपले जड़लाई जानेसरह' उ चैतन्यले अन्तस्करण साधन संघातमा आफूलाई पनि अपरोक्षरूपले जान्दछ। यद्यपि द्रष्टा या भासिक—भास दृश्यमा कदापि आउन सक्तैन, तथापि सकल दृश्यको द्रष्टा स्वयं खुद खास आफै सत्यस्वरूप हुनाले र सर्वको परीक्षाकर्त्ता स्वयं परीक्षक रहनाले—आफूलाई जान्न, चिन्न, तजबीज एवं पारख गर्न, बोध प्राप्त गर्न, आफ्नो अस्तित्व थाहा पाउन, स्व-स्वरूपको परिचय प्राप्त गर्न, आफूलाई अपरोक्षरूपले भेट्टाउन, नित्य प्राप्तको प्राप्ति गर्न—अन्य जड़ पदार्थको अपेक्षा र आवश्यकता एवं प्रतीक्षा गर्न नपर्ने हुनाले—साक्षात् स्वयं अपरोक्षस्वरूप आफै हुनाले; त्यो द्रष्टा, ज्ञाता, भासिक, परीक्षक, चैतन्य आफूलाई आफै अपरोक्ष छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विलक्षणः स्थूलसूक्ष्माद् देहादात्मेक्षितास्वदृक् ।
यथाग्निर्दारुणो दाह्याद् दाहकोऽन्यः प्रकाशकः ॥

(भागवत, स्कन्ध ११ । अ० १० । श्लो० ८)

अर्थ—श्रीकृष्णचन्द्र उद्धवसँग भन्नुहुन्छ—जस्तो जलेर जाने (जल्ने), काष्ठ (दाउरा) देखि त्यसलाई जलाउने र प्रकाशित गर्ने अग्नि सर्वथा भिन्न हुन्छ, ठीक त्यस्तै तत्त्वले बनेको स्थूल शरीर र मन बुद्धि आदि सूक्ष्म शरीर यी दुवै दृश्य र जड़ हुन् । त्यसलाई जान्ने र प्रकाशित गर्ने आत्मा साक्षी स्वयं प्रकाश र प्रत्यक्ष छ, साक्षात् अपरोक्ष छ । शरीर अनित्य एवं जड़ हो, आत्मा नित्य सत्य शाश्वत चेतन जीव हो । यस प्रकार देहको अपेक्षा आत्मामा महान् विलक्षणता हुनाले देहदेखि आत्मा अत्यन्त पृथक् छ ।

उपरोक्त प्रमाणले आफू चेतन जीवलाई आफ्नो चैतन्य स्वरूपको अतिरिक्त अन्य सब जड़ पदार्थ नै वास्तवमा दूरत्वको छ, भासरूपको छ, केवल अपेक्षित छ, सिर्फ मानन्दीद्वारा नै ग्राह्य छ, आफ्नो अस्तित्वले नै प्रतीत छ, आफ्नो सत्यतालै नै सिद्ध ठहरिएको छ, आफ्नो ज्ञाताको सत्यज्ञानले नै जड़ समुदाय प्रदर्शित छ एवं ज्ञातव्य छ । यसकारणले जड़ सर्वपंच-विषयादि पदार्थ नै (आफ्नो निमित्त) परोक्ष छ, पृथक् छ, प्रतीत मात्रको छ, सर्वथा दृश्य छ एवं विजाति र बन्धनरूप छ । किन्तु—आफू त खुद खास परीक्षक, सबको जनैया, अन्तर्देशमा रमैया, परोक्ष र प्रत्यक्ष सबको ज्ञानकर्ता, अखण्ड अटल अक्षयरूपले रहेको, अजर, अमर, अविनाशी, स्वयंप्रकाशी, अस्ति, जमापद, शेषरूप, नित्य, सत्य, स्वयं सिद्ध, अतिशय अपरोक्ष छ ।

चेतनको अमरता

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥

(भगवद्गीता, अ० २ । श्लो० २०)

अर्थ—यो आत्मा चेतन कुनै कालमा पनि न जन्मन्छ, न मर्दछ, न यो भएर फेरि हुने हो । किनभने—यो अजन्मा नित्य शाश्वत पुराण पुरुष हो, शरीर नाश भए पनि यसको नाश हुँदैन ।

एवं रीतले जुन चेतन स्वरूपको 'न जायते न म्रियते' भनेर महान् विशेषता बताइएको छ, 'जसको कहिले पनि जन्म अर्थात् उत्पत्ति छैन, पुनः जसको कहिले पनि मृत्यु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैन अर्थात् विनाश छैन ।' यस्तो उत्पत्ति तथा नाशरहितको पदार्थ एकमात्र चैतन्य पदार्थ हो । अब यहाँ विशेष हृदयङ्गम गर्नुपर्ने कुरा यो छ, जब संसारको समस्त प्राकृत पदार्थ परिवर्तन-शील छ, भने ठीक यसको विपरीत यस्तो पनि चीजरहेछ कि—'जुन पदार्थ कहिले उत्पन्न पनि नहुने र पुनः कहिले कुनै युगमा नाश भएर पनि नजाने' भनेपछि, त्यो कस्तो तथा कत्रो महत्वपूर्ण सारवस्तु रहेछ ? कस्तो अनुपम तथा दिव्य अलौकिक रहस्य रहेछ ? यसको मनन गर्नु नितान्त जरूरी छ। अहा ! जसको उत्पत्ति र विनाश तीन कालमा छँदैछैन, त्यस्तो उत्पत्ति वृद्धि तथा क्षय नभएको, अविनाशी पदार्थ केवल चैतन्य जीव नै नित्य सत्य अक्षय पदार्थ रहेछ। पुनः 'नायं भूत्वा भविता वा न भूयः' भनेर अमरता नित्यताको अझ गहनरूपले परिपुष्टि गरिएको छ। 'जो पदार्थ एकपटक कहिले पूर्वकालमा न उत्पन्न भएको हो, न उत्तर-कालमा—कहिले कुनै समयमा त्यो बनेको पदार्थ बिग्रिएर पुनः नवीन बन्ने हो, अर्थात् जो बन्नु-बिग्रिनुदेखि रहित अपरिणामी एवं अपरिवर्तनीय छ।' त्यस्तो नित्य शाश्वत पदार्थ नै अनादि चैतन्य हो।

स वा एष महानज आत्माजरोऽमरोऽमृतोऽभयो ।

(बृहदारण्यकोपनि०, अ० ४ । ब्रा० ४ । मन्त्र २५)

अर्थ—त्यो यही महान् अजन्मा आत्मा अजर अमर अमृत एवं अभय हो ।

उपर्युक्त प्रकार एवं विचारले—जो कहिले पनि घट-बढ़ नहुने, नबदलिने, कुनै कालमा या कुनै अवस्थामा पनि [जाग्रत, स्वप्न, सुषुप्ति, बाल, तरुण, वृद्ध, जन्म-मरण गर्भवास, भूत, भविष्य, वर्तमान इत्यादि तीन अवस्था, तीन पन, तीन दशा, तीन काल, सब समयमा] सदा सर्वदा तथा सर्वथा एकरसरूपले तथा अविचलरूपले रहिरहने चैतन्य पदार्थ नै नित्य छ। जो अक्षय, अचल, अटल, अबाध्य, अखण्ड एवं अविनाशी छ। त्यही चिर-ञ्जीवी (चिरकालसम्म हमेशा हमेशा अखण्डरूपले विद्यमान रहने) रमैया राम ❀ चैतन्य जीव हो, त्यही आफ्नो नित्य स्वरूप हो।

❀ अयोध्यानिवासी दशरथनन्दन मर्यादा पुरुषोत्तम श्रीरामको महान् नाम लोकमा प्रख्यात छ। त्यो वहाँको नामको महिमा बढ़ेको आदर्श दिव्य शुभ गुणहरूले नै हो। अब यहाँ सारग्राही विवेकी सज्जनहरूले संक्षेपमा यो बुझ्नुपर्दछ कि—जुन रमैया राम चैतन्यस्वरूप, श्रीरामको घटमा निवास हुञ्ज्याल मर्यादापुरुष रामचन्द्रजीको महत्तम शुभ गुणहरू प्रदर्शित भए, जुन महान् शुभ गुणहरूले गर्दा वहाँको ठूलो अमर यश चल्यो। यसकारण श्रीराम-चन्द्रको भौतिक शरीरभन्दा त्यो भौतिक शरीरमा निवास गरी सत्ता दिएर चलाउने—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यको अखण्डता

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥

(भगवद्गीता, अ० २ । श्लो० २३)

अर्थ—यो आत्मालाई शस्त्रहरूले काट्न सक्तैनन् , अग्निले जलाउन सक्तैन, पानीले भिजाउन अथवा गलाउन सक्तैन एवं रीतले वायुले सुखाउन सक्तैन ।

'रमैया राम हृदय देशमा रमिरहेको चैतन्यस्वरूप (राम) नै अधिक श्रेष्ठ सत्यसार एवं महान् महिमा योग्य छ ।' अत्यधिक संस्मरणीय एवं परमादरणीय र अभिनन्दनीय छ । जुन रमैया राम चैतन्यले त्यो घटमा विराजमान रहुञ्ज्याल श्रीरामचन्द्रको लीला संवरण चल्यो । पश्चात् उही परमपुरुष रमैया राम चैतन्यले शरीरलाई परित्याग गरिदिँदा राघवेन्द्र श्रीरामचन्द्रजीको देहावसान भयो । अतएव त्यही राम नै मुख्य राम हो । त्यही चैतन्यस्वरूप रमैया रामलाई चिन्नु नै सच्चा रामलाई चिन्नु हो । एक राम वहाँ मर्यादा पुरुषोत्तम त्रेताको अवतारी श्रीराम हुनुहुन्थ्यो । वहाँको अपार शुभ गुण आदिले परमपूज्य हुनुभयो । यहाँ एक त्यस्तै राम आफ्नो साथमा छ । त्यो राम अज्ञानको वशमा परी काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि दुर्गुणयुक्त अशुद्ध आचरण गरिरहेकोले मलिन अन्तस्करण पारेर, दीनहीन, क्षीण, भएर दुःख पाइरहेको छ, त्रयतापको गोता खाइरहेको छ, आवागमन एवं जन्ममरणको चक्रमा घुमी चौरासीमा नाना अवताररूप देह धारण गरी भटकिरहेको छ । अब यो रामले पनि मानव जीवनमा सम्पूर्ण अघ-अवगुणलाई त्याग गरी, सदाचार तथा सद्गुण ग्रहण गरी सद्गुरु सन्त महापुरुषको सत्सङ्ग श्रवण गरेर विवेकसहित स्वस्वरूपको बोध निष्ठा प्राप्त गऱ्यो भने [यहाँ खास आफ्नो हृदय देशमा रमिरहेको रमैया राम चैतन्यस्वरूपमा स्थिति बनायो भने] 'रमन्ते योगिनोऽस्मिन् इति रामः'—अर्थात् जसमा बड़े-बड़े योगी, ऋषि-मुनि, महर्षि सन्त पुरुषहरू (अन्तरङ्गवृत्ति बनाई अभ्यन्तरमा रमिरहेको रमैया राममा) अहर्निश रमण गर्दछन् । त्यही सच्चा रामलाई चिन्न सक्यो भने त्यही नित्य प्राप्त चैतन्य बोधलाई पाएर स्थिर हुन सक्यो भने—तब नै असली रामलाई पायो, मूल मुख्य महान् रामलाई भेट्टायो र यथार्थ सत्य श्रेष्ठ एवं साक्षात् रामलाई फेला पाऱ्यो, अक्षय लाभ प्राप्त गऱ्यो । सदा कृतकृत्य भएर त्यही मुक्त हुने पुरुष भयो । यसकारण कल्याणार्थी मुमुक्षुले हृदयभित्रकै अविनाशी परमप्रकाशी ज्ञानस्वरूप चैतन्य रामलाई नै (मन वचन कर्मले) भेट्टाउने पुरुषार्थ गर्नुपर्दछ । तब नै महान् श्रेयस् पदको प्राप्ति भएर मोक्ष हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पष्ट—जुन अजरामर चैतन्य वस्तुलाई तरवारको धारले अथवा कुनै अत्यन्त तीक्ष्ण शस्त्रहरूले समेत काट्न सक्तैनन्, जो अकाट्य छ, कसैले छेदन-भेदन गर्न नसक्ने जो अच्छेद्य छ, जुन निजस्वरूपलाई अग्निले तपाउन, जलाउन, डढ़ाउन एवं भस्म गर्न सक्तैन, जो अदाह्य छ, जुन रमैयारामलाई जलले भिजाउन, गलाउन, सड़ाउन, कुवाउन सक्तैन, जो अक्लेद्य छ, जुन अविनाशी जीवलाई हावाले उड़ाउन, सुकाउन, हुत्याउन एवं डेग चलाउन सक्तैन, जो अशोष्य छ, पुनः जुन सत्यसार नित्य स्वात्मस्वरूपलाई पृथ्वीले दबाउन, थिच्न, मिच्न, किच्न, मिटाउन सक्तैन, जो अस्पृश्य, अभेद्य, असङ्ग, अमोघ छ, यस्तो पदार्थ यथार्थमा अखण्ड हो। यस प्रकार जो अखण्ड हो, त्यही अक्षय, अविनाशी, नित्य, सत्य, स्वतन्त्र, श्रेष्ठ, शिरोमणि चैतन्य जीव हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ प्रकरण

बोधनिष्ठा भाव-स्तोत्र

स्वयं शुद्ध चैतन्य ज्ञानं स्वरूपं,
अजर सत्य अमरं अखण्डं अनूपम् ।
सदा जानमात्रं जनैया स्वरूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥१॥

अच्छेद्यं अदाह्यं अबाध्यं अभेद्यं,
अक्लेद्यं अशोष्यं अभङ्गं असङ्गम् ।
अचल नित्य अटलं अमोघं अनादिं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥२॥

अक्षय्य अविकार अवशेष रूपं,
आदित्यवर्णं च अपरोक्ष रूपम् ।
असम्बन्ध अविचल् अलौकिक् अगोचर,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥३॥

स्वयं तृप्त रूपं स्वयं प्राप्त रूपं,
स्वयं सत्य रूपं स्वयं मुक्त रूपम् ।
निर्बन्ध निर्द्वन्द निरुपाधि रूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥४॥

परं स्वात्म रूपं परं शान्त रूपं,
परं देव रूपं च प्रत्यक्ष रूपम् ।
परमपद् परीक्षक स्व-पारख स्वरूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदा शाश्वतं श्रेष्ठ सर्वस्व सारं,
साक्षात् अविनाशि निर्मल् महानम् ।
सदा साक्षि स्वच्छन्द स्वातन्त्र्य रूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥६॥

स्वयं बोधकं एव शोधक स्वरूपं,
स्वयं जानरूपं स्वयं ज्ञान रूपम् ।
चिरञ्जीव द्रष्टा रमैया स्वरामं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥७॥

न तो स्थूल देहं न तो सूक्ष्म देहं,
न मज्जास्थिमेद् मांस त्वग् रक्तलेशम् ।
जगत दृश्य जड़ भास पारं स्वरूपं,
स्वयं वोध रूपं स्वयं बोध रूपम् ॥८॥

न ज्ञानेन्द्रियोऽहं न कर्मेन्द्रियोऽहम्,
मनोबुद्धि चित्त चतुष्टय न प्राणम् ।
अखिल वासना पार स्वच्छं स्वरूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥९॥

न तो वर्ण भेदं न तो नाम रूपं;
न तो जातिलिङ्गं न आश्रम न चिह्नम् ।
सकल कल्पना भास अध्यास भिन्नं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥१०॥

न तो सुख दुःखं न तो हानि लाभं,
न हर्ष न शोकं न कष्टं न क्लेशम् ।
अमित भूल भ्रम भाव पारं सदोऽयं,
स्वयं वोध रूपं स्वयं बोध रूपम् ॥११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयगुण्य त्रयवाद् मत-पथ करालं,
अनुमान कल्पित मानन्दि् जालम् ।
सर्वेषु पारं परीक्षक महान्तं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥१२॥

निश्चल ध्रुवस्थल स्वयं सत्य सिद्धं,
पारख प्रकाशी च जीवः प्रसिद्धम् ।
निराधार स्थिति शान्त मोक्षं स्वरूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥१३॥

निजरूप निष्ठं गुरुपद् वरिष्ठं,
अबोध् वासना सर्व विध्वंस रूपम् ।
विदेह मुक्त पद् प्राप्त कल्याण रूपं,
स्वयं बोध रूपं स्वयं बोध रूपम् ॥१४॥

परख रूप गुरुदेव बोधक च सन्तं,
चरणारविन्दे शिरशा नमन्तम् ।
भवद्भिर्कृपामेव बोधो हि प्राप्तौ,
अयं सन्तशरणं स्मरन्तम् स्मरन्तम् ॥१५॥

———

बोध-निष्ठा भाव स्तोत्र

को

टीका—छायानुवाद

स्वयं शुद्ध चैतन्य ज्ञानः स्वरूप् हो,
अजर हो, अमर हो, अखण्डम् अनुप् हो ।
सदा जान मात्र–जनैया स्वरूप् हो,
स्वयं बोध रुप् हो स्वयं बोध रुप् हो ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अछेद्यः अदाह्यः अबाध्यः अभेद्यः,
अक्लेद्यः अशोष्यः अभंगः असंगः ।
अचल् हो अटल् हो अमोघ् हो, अनादी,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ।।२।।

अक्षय्य अविकार अवशेष रुप् हो,
त्यो आदित्यवर्ण हो अपरोक्ष रुप् हो ।
असम्बन्ध अविचल् अलौकिक् अगोचर्,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ।।३।।

स्वयं तृप्त रुप् हो स्वयं प्राप्त रुप् हो,
स्वयं सत्य रुप् हो नितः मुक्त रुप् हो ।
निर्द्वन्द निर्बन्ध निरुपाधि रुप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ।।४।।

परं स्वात्म रुप् हो परं शान्त रुप् हो,
परं देव रुप् हो र प्रत्यक्ष रुप् हो ।
परमपद परीक्षक स्व-पारख स्वरुप् हो,
स्वयं बोध रुप् हो स्वयं बोध रुप् हो ।।५।।

सदा शाश्वतं श्रेष्ठ सर्वस्व सार हो,
साक्षात अविनाशी निर्मल महान् हो ।
सदा साक्षि स्वच्छन्द स्वातन्त्र रुप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ।।६।।

स्वयं शोध रुप्ले रहेको स्वरुप् हो,
स्वयं जान रुप् हो स्वयं ज्ञान रुप् हो ।
चिरञ्जीव द्रष्टा रमैया स्वरुप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ।।७।।

न त्यो स्थूल देहः न त्यो सूक्ष्म देहः,
न मज्जास्थिमेद्मांसत्वग् रक्त लेश् हो ।
जगत् दृश्य जड़ भास पारै स्वरूप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ।।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न ज्ञानेन्द्रियै हो न कर्मेन्द्रियै हो,
मनोबुद्धि चित्त चतुष्टय न प्राण् हो।
सबै वासनादेखि भिन्नः स्वरुप् हो,
स्वयं बोध रुप् हो स्वयं बोध रुप् हो ॥९॥

न त्यो वर्ण-भेद हो न त्यो नाम-रुप् हो,
न त्यो जाति लिङ्गै न आश्रम कुनै हो।
सकल कल्पना भास अध्यास पर हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ॥१०॥

न त्यो सुक्ख-दुख् हो, न त्यो हानि-लाभ् हो,
न हर्ष न शोक हो, न कष्ट न क्लेश् हो।
अमित भूल-भ्रमदेखि मुक्तः स्वरुप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ॥११॥

त्रयगुण्य त्रयवाद मत-पथ कराल् हो,
अनुमान कल्पित र मानन्दि जाल् हो।
त्यो सबको परीक्षक पृथक् नै महान् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ॥१२॥

निश्चल ध्रुवस्थल स्वयं सत्य सिद्ध,
पारख प्रकाशी छ जीव नै प्रसिद्ध।
निराधार स्थिति शान्त मोक्ष स्वरूप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ॥१३॥

निज रुप निष्ठं गुरुपद वरिष्ठं,
अबोध् वासना सर्व विध्वंस रुप् हो।
विदेह मुक्त पद प्राप्त कल्याण रुप् हो,
स्वयं बोध रुप् हो, स्वयं बोध रुप् हो ॥१४॥

परखरुप गुरुदेव बोधक श्री सन्त,
चरणारविन्दमा शिरले नमन्त।
हजुर्कै कृपाले भयो बोध प्राप्त,
यही संस्मरण सन्तले गर्छ आज ॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्य स्वरूपको ज्ञान नै सर्वशिरोमणि ज्ञान हो

जो ज्ञानस्वरूप, सबलाई जान्ने, ज्ञाता, जनैया, जाननहार, जानमात्र चैतन्य हो, जो सबलाई परखने, परीक्षाकर्त्ता, परम परीक्षक केवल पारख मात्र हो, जो अहर्निश अन्तर्देशमा अखण्ड अविचलरूपले विराजित भएको रमैया राम हो, जो हृदयावासी, परमप्रकाशी, अविनाशी साक्षात् जीव हो, जो सदाकाल विद्यमान छ तथा जसको अभावको प्रतीति कुनै हालतमा र कुनै कालमा पनि सर्वथा छैन, सदा सर्वदा जो एकरस छ, नित्य छ, तृप्त छ, स्वतः प्राप्त छ, सत्य छ, शुद्ध छ, श्रेष्ठ छ, सर्वोपरि छ र सदा मङ्गलयमय स्वरूप छ, सर्व साक्ष्य असत् जड़ दुःखरूप दृश्यभासदेखि सर्वदा तथा सर्वथा भिन्न साक्षी, भासिक, द्रष्टा, परीक्षक छ, जो अजर, अमर, अखण्ड, अक्षय, एकरस, स्वयं प्रत्यक्ष र सदा हाल, हजूर, मौजूद छ, जो शाश्वत पुराण पुरुष अजन्मा सनातन छ, जो सर्व वेद, शास्त्र, पुराण, उपनिषद्, गीता, भागवत आदिद्वारा महामानवीय एवं महत्तम र महिमामूल छ, अखिल विश्वभरिको पदार्थमध्येको एकमात्र सर्वोत्कृष्ट अमूल्य साररूप छ, जो समस्त धर्म एवं सिद्धान्तको मुख्य आधारभूत छ र सर्वोच्चरूपको अखण्ड वस्तु छ—त्यही सर्व श्रेयसःरूपी परमपद हो र त्यही चैतन्य नै आफ्नो स्वरूप हो।

आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यः।

(बृहदारण्यकोपनि०, अ० २। ब्राह्म ४। मन्त्र ५)

अर्थ—आत्मा नै देख्न, सुन्न, विचार गर्न र मनन गर्न योग्य छ।

उपरोक्त प्रमाणबाट नित्य, सत्य, अक्षय, अमृतमय, अजरामर, चैतन्यस्वरूप नै यथार्थ सत्य सार पदार्थ हो। यही नित्य शुद्ध अविनाशी पदार्थलाई नै विशेष विश्लेषण गरेर विभिन्न मान्यताद्वारा महिमा वर्णन गरिएको हो। त्यसैलाई परब्रह्म, परमात्मा, परमेश्वर, परमपुरुष, पुरुषोत्तम; अल्लाह, खुदा, गॅड, जिहोवा इत्यादि अनेक नामले महत्व दिएर विशिष्टताको संज्ञा गरिएको हो। त्यही सर्वश्रेयस्: परमज्ञानस्वरूप चैतन्य नै मुख्य महिमा मूल हो। सर्व विशेषणको राशि, महत्तम उजासी, अविनाशी स्वयं साक्षात् जीव हो। जसलाई नित्य, शुद्ध, बुद्ध, अखण्ड, ध्रुव, सत्यस्वरूप भनी वेद-शास्त्रमा वर्णन भएको छ, त्यही सर्वको द्रष्टा चैतन्य पदार्थ हो। तर्कले बाध गर्दा पनि जसको बाध हुँदैन—अर्थात् जसको सर्वथा अबाध छ त्यही अवशेष पदार्थ हो।

वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम्।
ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते॥

(श्रीमद्भागवत, स्कन्ध १। अ० २। श्लो० ११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—तत्त्ववेत्ता ज्ञानीहरू त्यो अखण्ड अविनाशी चैतन्यको—ज्ञानलाई नै सर्वोच्च सारतत्त्व भन्दछन्। त्यसैलाई कसैले ब्रह्म, कसैले परमात्मा, कसैले भगवान्को नामले पुकार गर्दछन्।

उपरोक्त प्रमाणले ब्रह्म, ईश्वर, आत्मा, परमात्मा जो कुछ हो त्यो चेतन नै हो। सुतरां चेतन जीव नै एक मुख्य सत्यसार पदार्थ हो भनेर सबै ऋषि-मुनि महात्माहरूले आखिरी निर्णय गरेका छन् र चेतनलाई नै एकमात्र सत्य ठहराएका छन्। वेद तथा उपनिषद एवं वेदान्तादि सर्वशास्त्रहरूमा चेतनलाई नै सर्वोच्च सार सिद्धान्त ठहराइएको छ। अतः ब्रह्म, ईश्वर, आत्मा, परमात्मा आदि सब चैतन्यस्वरूपकै यथार्थ निर्णय हो भनेर स्पष्टीकरण गरिएको छ। त्यो चेतन जनैया जाननहार ज्ञाता जीव नै निजस्वरूप हो।

यस प्रकार आफ्नो स्वरूपको निर्णय भएपछि सबको निर्णय भयो। यो चैतन्य आत्मालाई चिनेपछि, त्यो ब्रह्म, ईश्वर इत्यादि सबलाई चिन्यो। यो स्वस्वरूपलाई जानेपछि सबलाई जान्यो। यही चैतन्य परीक्षक स्वरूपलाई पाएपछि सबलाई पायो एवं साक्षात्रूपले भेट्टायो। कदाचित् यो रमैया राम अमर आत्मालाई सम्यक् रीतिले जान्न, चिन्न, बुझ्न एवं स्व-स्वरूपको बोध प्राप्त गर्न सकेन भने त्यसले अन्य ईश्वर, ब्रह्म, परमात्मा, परमेश्वर, आदिलाई पनि ठीक रीतिले जान्न, चिन्न, पाउन तथा भेट्टाउन र असली मर्म बुझेर अखण्ड निश्चय गर्न सकेन भन्ने संझनुपर्दछ। पुनः सच्चा सारवस्तुलाई प्राप्त गर्न सर्वथा सकेन तथा अखिल वेद-शास्त्रादिको आन्तरिक गूढ़ रहस्यको तात्विक भेदलाई पहिचान गर्न पनि कथमपि सकेन भन्ने दृढ़ परीक्षा गर्नुपर्दछ। ब्रह्म, ईश्वर, आत्मा, परमात्मा आदि वास्तवमा जीवको प्रभुताको नाम परेको हो, चेतनकै महत्ता विशेषता वर्णन भएको हो। जहाँ जुन चैतन्यमा अत्यधिक पुरुषार्थ एवं शक्ति सामर्थ्य देखियो त्यहाँ विशेषण दिएर महिमाको वर्णन गर्न र त्यसैलाई संस्कृति एवं परम्पराको रूपमा स्थायी राख्नको निमित्त निरूपण गरिएको हो। यथार्थमा चैतन्य जीवकै सर्व विशेषता हो। चेतन जीव नभए न कुनै पदको प्रतिपादन हुन सक्छ, न प्रतिपाद्य विषयलाई समर्थन नै प्राप्त हुन सक्छ। अतएव सब पद पदार्थ, सिद्धान्त एवं इष्ट आदिको निर्णय, निरूपण, प्रतिपादन एवं समर्थन इत्यादि जो कुछ भै रहेछ त्यो चैतन्य जीवद्वारा नै भइरहेको छ। यसकारणले मूल-मुख्य निर्णयमा र विवेकको अन्तिम निचोड़मा—चैतन्य जीव नै सत्यसार पद हो।

ज्ञानमात्रं परंब्रह्म परमात्मेश्वरः पुमान्।
दृश्यादिभिः पृथग्भावैर्भगवानेक इयते॥

(भागवत, स्कन्ध ३। अ० ३२। श्लो० २६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—त्यही ज्ञानस्वरूप हो, त्यही परब्रह्म हो, त्यही परमात्मा हो, त्यही ईश्वर हो, त्यही पुरुष हो, त्यही एक चेतन जीव नै भगवान् हो; त्यही शरीर इन्द्रिय आदि दृश्य भावदेखि सर्वथा पृथक् , स्वयं चैतन्य जीव हो ।

जीवश्च परमात्मा च पर्यायो नात्र भेद् धीः ।

(अध्यात्म रामा०, अरण्य०, सर्ग ४ । श्लो० ३१)

अर्थ—जीव र परमात्मा यी पर्याय शब्द हुन् , दुवैको अभिप्राय वास्तवमा एउटै हो, अतः यसमा पृथक्ताको भेद बुद्धि अनावश्यक छ ।

यस्तो चैतन्य जीवको विशेषता श्रुतिमा पनि वर्णन भएको छ ।

जीवः परमात्मन्नविद्यते ।

(उपनिषद्)

अर्थ—जीव परमात्मादेखि भिन्न छैन ।

अयमात्मा ब्रह्म ।

(वृहदारण्यकोपनि०, अ० २ । ब्रा० ५ । मन्त्र १९)

यो आत्मा नै सबको अनुभव गर्ने ब्रह्म हो ।

अहं ब्रह्मास्मि ।

(वृहदारण्यकोपनि०, अ० १ । ब्रा० ४ । सू० १०)

अर्थ—म नै ब्रह्म हुँ ।

तत्त्वमसि ।

(छान्दोग्योपनि०, अ० ६ । खण्ड १६ । मन्त्र ३)

अर्थ—त्यो ब्रह्म या आत्मा तिमी नै ह्यौ ।

रमन्ते योगिनोऽनन्ते नित्यानन्दे चिदात्मनि ।
इति रामपदेनासौ परं ब्रह्माभिधीयते ॥

(रामपूर्वतापिन्युपनि०, अ० १ । मन्त्र ६)

अर्थ—योगीहरू जुन अनन्त नित्यानन्द चिदात्मा (चैतन्यस्वरूप) मा लीन हुन्छन् , त्यसैलाई 'राम' पदद्वारा प्रतिपादन गरिएको छ र त्यसैलाई परब्रह्म पनि भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अझ श्रीकृष्णचन्द्र गीतामा स्पष्टरूपले—'यो महान पदको' निर्णय गर्नुहुन्छ—

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥

(भगवद्गीता, अ० १३ । श्लो० २२)

अर्थ—'यो शरीरमा विराजमान पुरुष जो जीव हो, त्यो साक्षी हुनाले उपद्रष्टा, प्रेरक र यथार्थ सम्मति दिने हुनाले अनुमन्ता, इन्द्रियादिलाई धारण र पोषण गर्ने हुनाले भर्त्ता, विषयादि गुणको भोग गर्ने हुनाले भोक्ता, ब्रह्मादि सब देवताहरूको पनि स्वामी (मालिक) हुनाले महेश्वर तथा परमात्मा हो;—त्यो त्रिगुण माया र शरीरदेखि सर्वथा (पर) अतीत चैतन्य पुरुष हो'; यस्तो भनिएको छ । त्यही नै वास्तवमा मुख्य सत्य, श्रेष्ठ, सार, शिरोमणि पद हो ।

उपरोक्त प्रमाणहरूबाट अर्थात् चार वेद, समस्त उपनिषद् तथा अखिल स्मृति आदि धर्मशास्त्र, गीता, भागवत आदि आर्ष ग्रन्थ इत्यादि सबैले अविनाशी रमैया राम चैतन्य जीवको महत्ता एवं विशेषतालाई मुक्तकण्ठले वर्णन गरेका छन् । त्यही क्षेत्रदेखि भिन्न क्षेत्रज्ञ, दृश्यदेखि भिन्न द्रष्टा, प्रकृतिदेखि भिन्नको पुरुष, साक्ष्यदेखि भिन्न साक्षी, जड़ देहदेखि भिन्नको चेतन नामले रहेको छ—त्यही मुख्य सत्य सार पदार्थ हो । त्यही यो आफ्नो साथमा भएको शरीरको प्रकाशी हो । त्यही बाह्य संसार र शरीरको ज्ञान कर्त्ता ज्ञाता चैतन्य हो । त्यही चित्त चतुष्टयको प्रेरक हो । त्यही सकल सुख दुःखको जाननहार जनैया जानमात्र जीव हो । त्यही अजर, अमर, अखण्ड, अक्षय, अविनाशी, साक्षात् स्वयंस्वरूप हो ।

अतएव यस्तो चैतन्य सत्य सार ज्ञानस्वरूप नित्य पदार्थलाई जान्नु नै सच्चा काम हो । यसैको यथार्थ समझ प्राप्त गर्नु नै ठूलो ज्ञान हो । यही आत्मज्ञानको महत्त्वपूर्ण निर्णय सुन्नु एवं बुझ्नु नै सर्वधर्मको सार तथा महान धर्म हो । यही चैतन्य अजरामर वस्तुको रहस्य प्राप्त गर्नु नै सर्व वेदशास्त्रादिको मूल उद्देश्यमय अन्तिम लक्ष्य प्राप्त गर्नु हो ।

अमूल्य मणिको प्राप्ति

दृष्टान्त—एक मानिस नदी किनारमा टहलिइरहेको थियो । नदी भयंकर थियो, अपार जलनिधि उत्ताल तरङ्गले बगिरहेको थियो । एकै छिनमा त्यो मानिसको दृष्टि नदीको पानीभित्र एक परम प्रकाशमान मणिमा पऱ्यो । जल अगाध थियो, किनारैमा पनि विशेष गहिरो थियो । परन्तु मणिलाई देख्नासाथ त्यो मानिसलाई मणिको प्राप्तिको इच्छा उठ्यो । लुगा फुकालेर नदीमा गोता लगाउन थाल्यो । बारंबार गहिरो पानीमा गएर डुबुल्की लगा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उँदा पनि मणिलाई भेट्टाउन सकेन । विफल मनोरथ भएर हैरान भयो । किन्तु देदीप्यमान प्रकाशमय मणिको चमचमाहटले पुनः लिन उत्सुक भयो । अत्यन्त श्रान्त क्लान्त हुँदा पनि वारंवार गोता लगाइ नै रह्यो । यो रीतले डुब्दा-उत्रँदा धेरै समय व्यतीत भयो ।

यत्तिकैमा त्यहाँ एक अनुभवी विवेकी महात्मा पुरुष स्नान गर्नको हेतुले आउनु-भयो । वहाँले देख्नुभयो कि—'एक मानिस वारंवार पानीमा चोपलिन्छ तथा निस्किन्छ । साह्रै हतास र उदास चित्तले निस्केर आउने गरिरहेछ । त्यसको आकृतिले बहुतै उद्विग्न र दुःखी भएको बुझिन्छ, मानो कुनै वस्तु प्राप्त गर्नलाई अत्यन्त व्यग्र भएको देखिन्छ ।' महात्माले त्यसको नजीकै गएर सोध्नुभयो—'वत्स ! के कारणले तिमी दुःखी छौ तथा किन वारंवार पानीमा चोपलिइरहेछौ ?' किन्तु—त्यो मनुष्यले भने आफ्नो यथार्थ कुरा बताउने विचार गरेन । त्यसले मनमा शंका गऱ्यो कि 'मैले बताइदिएँ भने महात्माजीले मणि झिकेर लैजालान् ।'

यत्तिकैमा स्वयं महात्माजीको पनि मणिमा दृष्टि पऱ्यो । त्यसलाई देख्नासाथ त्यो मानिसको अधैर्यताको मर्म बुझ्नुभयो र भन्नुभयो । 'बाबु ! त्यही मणिलाई लिनको निमित्त नै वारंवार डुबुल्की लगाइरहेका छौ ?' अब त भेद खुलेको सम्झेर त्यसले पनि स्वीकारै गऱ्यो । तब सन्तले भन्नुभयो—यसरी मणिको निमित्त गोता खाएको कति समय भयो ?

त्यसले भन्यो—धेरै समय भयो ।

महात्माजीले भन्नुभयो—तिमीले कतिपल्ट डुबुल्की लगायौ त ?

मनुष्यले भन्यो—क्यै गिन्ती नै छैन, म आएदेखि गोतै खाइरहेछु ।

महात्मा—क्यै पनि पाएनौ त ?

मनुष्य—अँहँ, कति डुबेर खोज्दा पनि हातमा केही फेला परेन ।

महात्मा—जब केही भेट्टिएन भने, मफतमा किन गोता खाइरहेको त ?

मनुष्य—कदाचित् डुबुल्की मार्दा-मार्दा मणि पाइहालूँला कि भनेर !

महात्मा—बाबु ! यस प्रकारसँग त, जनमभर गोता लगाइरहे पनि तिमीले त्यो मणि पाउन सक्तैनौ ।

मनुष्य—किन र ?

महात्मा—जुन मणिलाई तिमीले त्यहाँ छ भन्ठानेका छौ र पुनः तिमीलाई त्यहीँ पानीभित्रै देखिइरहेको छ, त्यो वास्तविक वस्तुतः त्यहाँ छँदै छैन ।

मनुष्य—अहो सन्त भगवन् ! हजूरले यो के भन्नुभएको ! त्यो मणि त त्यहाँ प्रत्यक्ष देखिइ नै रहेको छ नि ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महात्मा—(किञ्चित्-हाँसेर) बाबु ! राम्रोसित विचार गर तिमीलाई सारा भेद शीघ्र नै थाहा हुनेछ । एकै छिन पानीबाट हटेर बाहिर आई हेर, 'हल्लिएको पानी स्थिर हुन देऊ । तदनन्तर मनुष्यले त्यसै गऱ्यो । तब दयालु महात्माले सोध्नुभयो कि वत्स ! जहाँ तिमीले मणि देखिरहेका छौ, त्यहाँ त्यसको साथमा अरू थोक पनि केही देखिएको छ कि छैन ?

मनुष्य—एउटा वृक्ष पनि देखिइरहेको छ, गुरुदेव !

महात्मा—पानीमा रूख पनि देखिएको छ भने तब के त्यो रूख पानीभित्र छ त ? यदि छ भने कैय्यन् बार डुबुल्की लगाउँदा, त्यो रूखको हाँगा-पातको कुनै चीज तिमीले छुन पायौ त ?

मनुष्य—अँहँ, रूखको हाँगा-पात आदि त कुनै पनि भेट्टिएन । किन्तु प्रभो ! यदि त्यो रूख त्यहाँ छँदै छैन भने अर्को कुन ठाउँमा छ त ?

महात्मा—तिमीले नै विचार गर यदि वृक्षादि कुनै चीज त्यहाँ भएदेखि अवश्य त्यसका हाँगा-पात आफ्नो हातमा आउँदथ्यो । अतः वस्तुतः त्यहाँ पानीभित्र कुनै वृक्ष छैन । अब राम्ररी विचार गरी हेर, त्यो नदीको किनाराको जो वृक्ष हो, त्यो त्यही जलमा प्रतिबिम्बित भै रहेछ । यसो भनेर दयामय सन्तले बोध गराउनको निमित्त किनाराको वृक्षको एक हाँगालाई हल्लाइदिनुभयो । तब त्यो वृक्षको शाखा हल्लिनाले जलमा प्रतिबिम्बित वृक्षको हाँगा पनि हल्लिएको देखियो । अब त त्यो मानिस गजबसँग चकित एवं आश्चर्यित भएर गम्भीर मुद्रामा महात्माजीसँग प्रार्थना गर्न लाग्यो । 'अहो ! हितैषी सन्त पुरुष ! हजूरबाट आज्ञा भएको प्रभुकै दयादृष्टिबाट बल्ल बुझेँ ।' यथार्थमा त्यो पानीमा रूख देखिएको यो वृक्षको प्रतिबिम्ब रहेछ, कृपया अब त्यो मणि मिल्ने उपाय पनि आज्ञा हवस् ।

महात्मा—हेर ! जुन वस्तु आफूलाई चाहिएको छ, त्यो जहाँ छ, त्यहीँ खोज गरे अथवा दृष्टि लगाए मात्र (त्यो) चीज पाइन्छ । अन्त दृष्टि एवं लक्ष्य लगाएर त्यो निर्दिष्ट वस्तु कदापि पाइँदैन । खालि भटकिनु मात्र हुन्छ, वृथा परिश्रम बढ्छ, अमूल्य समय नष्ट हुन्छ, भ्रम भूल एवं अज्ञान नै परिपुष्ट हुन्छ, अपरिमित तर्क-वितर्क मात्र बढ्दछ, अन्ततोगत्वा अशान्तिको नै अभिवृद्धि हुन्छ । किञ्चित् लक्ष्यको हेर-फेरले मार्ग नैं छुट्दछ । पूर्व जान लागेको मानिस एकदम पश्चिम पुग्दछ । यस्तै प्रकारबाट नै असली चीज नपाएर सारा संसारलाई भवाटवीमा भटकिइरहनुपरेको छ ।

तत्पश्चात् करुणानिधि सन्तले लक्ष्यभेदी ज्ञान बताउन लाग्नुभयो । 'वत्स ! यदि तिमीलाई साँच्चिकै मणि प्राप्त गर्नु छ भने यो रूखमा चढ़ेर हेर । प्रतिबिम्ब (छाया) मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जहाँ मणिको प्रतीति भइरहेछ, खास त्यसैको बिम्बभूत वृक्षको हाँगामा खूब लक्ष्य लगाइहेर साक्षात् अनुपम [पारसमणि] प्राप्त हुनेछ ।'

तब त्यो मनुष्यले अपार श्रद्धा र भक्ति एवं प्रेम तथा निष्ठामा सम्बद्ध भएर सन्तको आज्ञा शिरोधार्य गरेर त्यो रूखमा चढ़ेर एकनिष्ठ एवं निर्दिष्ट लक्ष्य गरेर तन्मयतापूर्वक निरीक्षण गऱ्यो । तब, सबभन्दा माथि रूखको हाँगाको पृष्ठभागमा त्यो परम प्रकाशमान सौन्दर्यको खानी दिव्य पारसमणि महान् रत्न देखियो । यस प्रकार त्यो परम रत्नलाई पाउनासाथ त्यो मानिस अत्यन्त निहाल भयो र अहैतुक करुणामूर्ति सन्त महापुरुषको प्रति कृतज्ञता प्रकाशित गरी वृक्षबाट ओर्लेर विनम्रतापूर्वक नमन-स्तवन गर्न लाग्यो ।

तद्वत्—यहाँ जगत संसार एक ठूलो नदी हो । खानी तथा वाणीको नाना मार्ग नै जल हो । निर्दिष्ट मणि नै सत्य चैतन्य स्व-स्वरूप नित्य अविनाशी वस्तु हो । खानी तथा वाणीमा नाना परिश्रम तथा क्रिया-कर्तव्य गर्नु नै मणिलाई खोज्नु हो । खोज्ने साधक मनुष्य हो । वारंवार जन्मनु-मर्नु गर्भवासमा जानु तथा असंख्य देह धारण गरेर अनन्त त्रिविध ताप सहनु नै बार-बार पानीमा गोता लगाउनु हो । महात्माको दर्शन हुनु नै बोधक सद्गुरुदेव भेट्टाउनु हो । विवेक र वैराग्य नै किनाराको वृक्ष हो । साधन-संयमसहित सत्सङ्ग श्रवण गर्नु र विवेकद्वारा निर्णय गरेर भाग-त्याग लक्षणासहित जड़ तत्त्व र त्यसद्वारा निर्मित देह, इन्द्रिय, मन, प्राण एवं शून्य सबको पृथक्करण गर्नु नै साधन हो । अन्तर्मुख वृत्ति गरेर परीक्षा दृष्टिद्वारा पर्खंदै गएर सबलाई पर्खने (अवशेषरूप) परम परीक्षक, चैतन्य स्व-स्वरूपको बोध प्राप्त हुनु नै मणिलाई पाउनु हो ।

स्वरूप ज्ञानको लाभ नै महान् लाभ हो

यो चैतन्यस्वरूप ज्ञानको विचार सर्व ज्ञान-विज्ञानको शिरोभाग एवं मुकुटमणि हो । किनभने, कल्याण एवं सर्वोच्च मोक्षपद प्राप्त हुने आत्मज्ञानले नै हो, स्व-स्वरूपको बोधले नै हो । 'ऋतेज्ञानान्मुक्ति' अर्थात् ज्ञानबाट नै मुक्ति हुन्छ, इत्यादि श्रुति-स्मृति आदि धर्मशास्त्रको महती घोषणा छ । अतएव जहाँ सर्वश्रेष्ठ सर्वोत्तम चैतन्य स्व-स्वरूपको ज्ञान नै भेट्टाइएको छ भने तहाँ सर्वधर्मको मूल र महान् लाभ नै प्राप्त भएको छ ।

आत्मलाभात्परो नान्यो लाभः कश्चन विद्यते ।

(उपदेश साहस्री, १७ । ४)

अर्थ—आत्मज्ञानको समान लाभ अन्य कुनै पनि छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मलाभान्न परं विद्यते ।

(अध्यात्म पटल, १ । ८ । २)

अर्थ—यो स्वरूपज्ञानको सर्वश्रेष्ठता विशेष रहस्यमय छ, योभन्दा सर्वोच्च लाभ अरू केही पनि छैन ।

पूर्वोक्त प्रमाणबाट जुन चैतन्यस्वरूपको ज्ञान पाएपछि हृदयको समस्त अज्ञान कामना नाश भएर जान्छ, एक अलौकिक दिव्य ज्ञानको प्रकाश प्राप्त हुन्छ, अनादिकालदेखि अबोधवश रहेको दिलको दुविधा कुतर्क, संशय, विपरीत निश्चय, मिथ्या असत् कुविचार सब बिलाएर जान्छ । मनको चञ्चलता निवारण भएर अन्तस्करण स्वच्छ, शुद्ध एवं पवित्र बनेर आउँदछ । महान् लाभको सूझ-बूझ विचार तथा सर्वोत्तम विवेक खुलेर आउँछ । अनुभव ज्ञानको मूल फुटेर अजस्र धारायुक्त गम्भीर सरिता प्रवाहित भएर आउँछ । अन्तर्देशमा अजरामर अमृतपदको अनुपम अक्षय अखण्ड सुख शान्ति एवं तृप्ति, तुष्टि मिलेर महान् स्थिरता प्राप्त भएर आउँछ । बोध ज्ञान हुनुभन्दा पहिले कहिल्यै नआएको त्यस्तो अपूर्व परमपदको परीक्षा दृष्टिरूपी पारख प्रकाशको धारणा भएर आउँछ ।

वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं तमसः परस्तात् ।
तमेव विदित्वाति मृत्युमेति नान्यः पन्थाविद्यतेऽयनाय ॥

(श्वेताश्वतरोपनि०, अ० ३ । मन्त्र ८)

अर्थ—म यो अज्ञानातीत प्रकाशस्वरूप महान् पुरुषलाई जान्दछु, त्यसलाई जानेर पुरुष मृत्युदेखि पार हुन्छ,—यसको सिवाय मोक्ष पद प्राप्ति गर्ने अर्को कुनै मार्ग छैन ।

नैतद् विज्ञाय जिज्ञासोर्ज्ञातव्यमवशिष्यते ।
पीत्वा पीयूषममृतं पातव्यं नावशिष्यते ॥

(भागवत, स्कन्ध ११ । अ० २९ । श्लो० ३२)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—जस्तो दिव्य अमृतपान गरेपछि अरू केही पान गर्ने आवश्यकता पर्दैन, त्यस्तै यो ज्ञानलाई जानेपछि [स्व-स्वरूप ज्ञान प्राप्त गरेपछि] जिज्ञासुको निमित्त अरू केही पनि जान्नु शेष रहँदैन ।

उपर्युक्त प्रमाणबाट जुन स्व-स्वरूपको बोधरूपी परमपद पाएपछि, त्यसमा वृत्तिको निरोध भएपछि, सारा शोक-मोह नाश भएर जान्छ, सर्व कलिमल अज्ञान मानसिक क्लेश एवं कल्पना हराएर जान्छ, सर्व भूल भ्रम भ्रान्ति बिलाएर जान्छ, सदा एकरस स्वयंप्रकाशरूपी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थिरपद प्राप्त हुन्छ । जुन महालाभरूप स्व-स्वरूपबोधलाई प्राप्त गरेपछि अर्को कुनै लाभ प्राप्त गर्न बाँकी रहँदैन अर्थात् सारा लाभको मूलकोष नै भेट्टाएपछि, अमूल्य पारसमणि नै फेला पारेपछि अन्य सामान्य लाभको उपेक्षा र अभाव हुँदै जान्छ । जुन नित्य अखण्ड पदमा वृत्ति लवलीन भएपछि, अन्तर्विचारमा रमण हुन थालेपछि, विवेकको दिव्यदृष्टि प्राप्त भएपछि, सदा हृदय स्थिर भएर परम सन्तुष्टि प्राप्त हुन्छ । जुन सद्बोधको स्थिति तथा सद्-रहस्यलाई धारण गरेपछि, वारंवार जन्मनु र मर्नु, गर्भवासको कैदमा पर्नु,—यो त्रिविध द्वन्द दुःख समूल नाश हुन्छ, आवागमन बन्धन सब समाप्त हुन्छ । जुन स्वरूपबोधको धारणा तथा अभ्यासले सब इच्छाहरू विना भोगैले विलीन भएर जान्छन् अर्थात् शमन-दमन तथा निरसन एवं निवारण भएर जान्छन्, सदा पूर्णकामरूप स्थिति-शान्ति मिल्दछ । जुन स्वरूपबोधको रहस्यमय वाङ्मय निर्णयरूप शब्द श्रवण तथा मनन गर्नाले, ज्ञानको भाव हृदयङ्गम गर्नाले, विवेकी ज्ञानीको सत्सङ्ग प्राप्त गर्नाले, स्वरूप ज्ञानको परिचयदायक सद्ग्रन्थ पढ़नाले त्यो सन्तोष र निरीक्षारूपी महाअखण्ड एवं अनन्त धन मिल्दछ जो कहिले पनि नघट्ने र कहिले पनि नाश नहुने, किंवा सदा एकरस भावले नित्य प्राप्त भैरहने ज्ञानको दिव्य विभूति एवं सर्वशिरोमणि अचल सम्पत्ति प्राप्त हुन्छ । जुन ज्ञान र ज्ञानरक्षक दया क्षमा समता शील धैर्य आदि सर्व हंस रहस्य शुभ गुण धारण गर्नाले सर्व वासना ध्वंस भएर मोक्षपद प्राप्त हुन्छ, त्यस्तो सर्वश्रेष्ठ स्वरूप ज्ञानलाई प्राप्त गर्नु नै विचारवान साधकको एकमात्र प्रधान कर्त्तव्य हो तथा मानव जीवनको महत्त्वपूर्ण मूल उद्देश्य हो ।

आत्मतत्त्व निरूपण

आदिबुद्धाः प्रकृत्यैव सर्वे धर्माः सुनिश्चिताः ।
यस्यैवं भवति क्षान्तिः सोऽमृतत्त्वाय कल्पते ॥

(माण्डुक्योपनि०, गौ० का० शां० भा० अ० शा० प्र० मन्त्र ९२)

अर्थ—सम्पूर्ण आत्मा स्वभावैले नित्य बोधस्वरूप सुनिश्चित छ, जसलाई यस्तो (विवेक एवं ज्ञानद्वारा) समाधान हुन्छ, त्यो अमरत्व (मोक्ष) को प्राप्तिमा समर्थ हुन्छ ।

विवेकान्निःशेष दुःखनिवृत्तौ कृतकृत्यता नेतरान्नेतरात् ।

(सांख्यदर्शन, अ० ३ । सू० ८४)

अर्थ—विवेकात्—विवेकबाट, निःशेषदुःखनिवृत्तौ—सर्वदुःखको निवृत्ति भएपछि, कृतकृत्यता—कृतकृत्य होइन्छ, न इतरात्—अर्कोबाट होइन, न इतरात्—अर्कोबाट होइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याख्या—आत्मज्ञानको प्राप्ति भएपछि समस्त मानसिक सन्ताप निवारण भएर हृदय तृप्त एवं कृतार्थ हुन्छ ।

अमर कहिले हुन्छ ?

यदा सर्वे प्रमुच्यन्ते कामायेऽस्यहृदिश्रिता ।
अथ मर्त्योऽमृतो भवत्यत्र ब्रह्म समश्नुते ॥

(कठोपनिषद्, अ० २ । बल्ली ३ । मन्त्र १४)

अर्थ—हृदयमा आश्रय लिएर रहेका सम्पूर्ण कामनाहरू जुन समयमा (स्व-स्वरूप बोध निष्ठाकालमा) विलीन हुन्छन्, त्यस समयमा यो मर्त्य [अज्ञानले मरणधर्मा भैं राखेको] अमर हुन्छ, यही शरीरले ब्रह्मभाव अर्थात् (स्वरूपस्थितिमा) प्राप्त हुन्छ ।

अतएव उपर्युक्त स्व-स्वरूपको अखण्ड बोधको प्राप्तिबाट जीवन कल्याणमय हुन्छ, अधोगामी भैराखेको जीवनको सर्वथा उद्धार हुन्छ, स्वरूपस्थितिको निश्चल धारणा बन्दछ, ज्ञानको दिव्य प्रकाश हुन्छ, यसकारण यस्तो स्व-स्वरूपको बोध नै परमपद हो । त्यही स्व-स्वरूपको अखण्ड ज्ञान नै परम लाभ हो । त्यही स्वरूप ज्ञानको प्राप्ति नै परम पुरुषार्थ हो । त्यही स्वरूपको स्थिति नै परम सम्पत्ति हो । त्यसैको गम्भीर अध्ययन तथा मनन एवं रहस्य चिन्तनमा लवलीन हुनु नै परमार्थ हो । त्यही धारणामा ध्यानस्थ रहेर स्वबोधमा तदाकार रूपले टिक्नु नै पूरा स्वराज्य परमपदको प्राप्ति हो ।

यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ।

(भगवद्गीता, अ० ७ । श्लो० २)

अर्थ—जसलाई जानेर संसारमा फेरि अरू जान्नुपर्ने केही बाँकी रहँदैन ।

ज्ञानामृतेन तृप्तस्य कृतकृत्यस्य योगिनः ।
न चास्ति किञ्चित् कर्तव्यमस्ति चेन्न स तत्त्ववित् ॥

(उत्तरगीता, अ० । श्लो० २३)

अर्थ—ज्ञानरूप अमृत पिएर जो तृप्त भएको छ, त्यस्ता ज्ञानको तत्त्ववेत्तालाई अन्य कुनै कर्त्तव्य गर्न बाँकी रहँदैन ।

यो चैतन्यस्वरूप स्वयं साक्षात् अजरामर अखण्ड द्रव्यरूप एकरस पदार्थ हो । प्रत्यक्ष नित्य सद्वस्तु हो । कुनै निराकार मिथ्या अपदार्थ होइन । कुनै अनुमित अप्रत्यक्षरूप परोक्ष पदार्थ पनि होइन । स्व–देखि भिन्नको कुनै दूरको परपदार्थ पनि होइन । कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वास एवं भरोसाद्वारा तथा केवल शब्द प्रमाणको आधारमा मात्र मानिएको कल्पना जस्तो पनि होइन । कुनै इतिहासले सम्बद्ध अथवा चरित्ररूपले निरूपण भएको आस्था र आशारूपले मात्र मानिएको मान्यता पनि यो होइन । कुनै रूप-रेखारहित आकार—सीमा-रहित अगम अपार अथाह एवं अशक्य र अनिर्वचनीय भनेर जिज्ञासुलाई बोधै हुन नसक्ने निर्णय पनि यो होइन । कुनै लोक या धामको ऐश्वर्य एवं उपकरणले भरिएको शृङ्गार र अद्भुत रसको वर्णन भएको कथन पनि यो होइन ।

यो त प्रत्यक्ष साथमा भएको अहर्निश एकरस भावले रहेको साक्षात् स्वयंस्वरूप अजरामर अक्षय वस्तुको यथार्थ पारख गराई सत्यबोध दृढ़ाएर [हस्तामलकवत्] अपरोक्ष ज्ञान गराएर हृदय तृप्त गराउने शिक्षा हो । यो त अनेकौं चिन्ता चाहना र शोक, मोह एवं संशय, कुतर्क, विवाद, विक्षेप आदि मानसिक सन्तापले जलेको मानवको सन्तप्त हृदयलाई शीतल शान्त पारी सुखी गराउने आदर्श धर्मको दीक्षा हो । यो त बाह्य विषय प्रपञ्चमा सुख र शान्ति छ कि भनेर खोजिरहेको मानवको मनलाई अन्तर्मुख गराई भित्र उर्लिरहेको दिव्य अमृत रसको आस्वादन गराई परम सन्तुष्ट गराउने र भवाटवीको भट्काइलाई छुटाउने अमृत कथा हो । यो त त्यो चीज, त्यो वस्तु, त्यो पदार्थ र त्यो परम सत्य धन हो, जुन अविनाशी नित्य निधि पाएर मानव आजीवन सुखी, ज्ञानी, ध्यानी, विवेकी एवं महान् भाग्यमानी बनेर रहन पाउने तथा प्रारब्धान्तपश्चात् मोक्ष हुन पाउने अमर सन्देश हो ।

विशुद्ध तत्त्वानुभवो भवेत् ततः सम्यग्विदित्वा परमं पद व्रजेत् ।

(वाल्मीकीय रामा०, सुन्दर का०, सर्ग ४ । श्लो० २९)

अर्थ—त्यो चैतन्यस्वरूप ज्ञानको विशुद्ध बोध भएपछि अपरोक्ष अनुभव हुन्छ । यस प्रकार आत्माको सम्यक् ज्ञान भएपछि मनुष्यले परमपदको प्राप्ति गर्दछ ।

चैतन्यस्वरूपको बोधमा सदा स्थिर हुनु नै महान् पुरुषार्थ हो

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥

(भगवद्गीता, अ० ३ । श्लो० १७)

अर्थ—किन्तु जो मनुष्य आत्मामा नै प्रेम गरेर, आत्मामा नै तृप्त रहेर पुनः आत्मामा नै सदा सन्तुष्ट रहन्छ, त्यसको निमित्त अन्य कुनै कर्त्तव्य बाँकी रहँदैन ।

स्पष्ट—चैतन्य स्व-स्वरूपदेखि भिन्न सर्व परोक्ष कल्पना तथा अनुमित मान्यताका मार्गहरूलाई छोड़ेर प्रत्यक्ष नित्य सत्य अपरोक्ष रमैया राम जो अविनाशी अक्षय पद छ, जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंमा अखण्डरूपले विराजमान रहेको अचल पद छ, जो स्वयं साक्षात् सत्यस्वरूप छ, जो जड़देखि सर्वथा पृथक् एकमात्र चैतन्यदेव हो, त्यही सर्वशिरोमणि नित्य स्वात्म पदार्थमा सुबुद्धिमान विवेकी कल्याणार्थीले खूब निष्ठापूर्वक 'रति' नाम प्रेम गर्नु योग्य छ। किनभने, अनादि कालदेखि आजसम्म केवल शरीर र पञ्चविषयादिमा मात्र 'प्रेम, राग ममता एवं आसक्ति' गरिरहेको थियो। त्यसको फल जन्म-मरणादि अपार दुःख पनि भोगिरहनुपऱ्यो। अब उक्त समस्त दुःखद्वन्दरूप भवबन्धन निवारणार्थ सर्वशिरोमणि महान् पदमा नै तन मन लवलीन गराई प्रेम गर्नुपर्दछ। सदाकाल स्व-स्वरूपमा नै एकरस भावले निमग्न रहेर अखण्ड लक्ष्य लगाई रमण गर्नुपर्दछ। पुनः जगतको सर्व जड़ाध्यास मनोमय भासविकार एवं वासनालाई द्रष्टाको अभ्यासले शिथिल गराएर नित्य अजरामर पदमा स्थिर अर्थात् 'तृप्त' भएर रहनु मुमुक्षुको निमित्त सर्वोचित छ। पुनश्च त्यही स्व-स्वरूपबोधमा साधन-संयम संयुक्त अटल धारणा बनाएर आजीवन स्वतः शान्त एवं सदा 'सन्तुष्ट' भएर रहनु नै ज्ञानीलाई अत्यन्त हितकारी तथा कल्याणदायक छ, यही एक कर्त्तव्य गर्नु नै परम श्रेयस्कर छ। यस प्रकार जो आत्मस्वरूपमा नै विशेष प्रेम-प्रीति गरेर स्थिति बनाउँदछन्, पुनः त्यही स्थितिमा निरन्तर तृप्त भएर अविचल भावले शान्त सुस्थिर रहन्छन्, अन्ततोगत्वा त्यही स्थिरतामा प्रगाढ़ परिपक्व दशा धारण गरेर सदा सन्तुष्ट रहन्छन्, अर्थात् स्वरूपबोधमा नै सदा आरूढ़ भएर रहन्छन्, त्यस्ता परमपदमा लीन भएका स्वरूपनिष्ठ ज्ञानी पुरुषको निमित्त [निज हित हेतु एवं आत्मकल्याणार्थ] अन्य कुनै कर्त्तव्य बाँकी रहँदैन।

उपर्युक्त प्रमाण एवं निर्णयद्वारा सर्व धर्म र सिद्धान्तको मूल लक्ष्य एवं सार रहस्य केवल एक आत्मस्वरूप चैतन्य वस्तुलाई चिन्नु नै रहेछ। स्व-स्वरूपको बोध प्राप्त गर्नु नै यही एकमात्र सबभन्दा श्रेष्ठ एवं महत्वपूर्ण कर्तव्य रहेछ। वेद, उपनिषद्, अखिल धर्मशास्त्र, गीता तथा भागवत आदि सर्व उच्च विचारधाराका ग्रन्थहरूले पनि यही एकमात्र निर्देशन गरेको रहेछ। मोक्ष हुनलाई आत्मज्ञान प्राप्त गर्नु नै एकमात्र सर्वतोभद्र उपाय रहेछ। सारा त्रिविध तापको कष्ट-क्लेश तथा आवागमनको कठिन बन्धन मेटिने यही सरल र सीधा मार्ग रहेछ। जन्म-जन्मको अज्ञानरूपी फाँसी छुटाउने यही यौटा मुख्य साधन रहेछ। अतएव प्रत्येक समझदार तथा सज्जन मुमुक्षुले आफ्नो महान उद्धार एवं परम उपकारको निमित्त सत्साधन संयुक्त स्व-स्वरूपको बोध प्राप्त गर्नु र त्यसैमा स्थिति बनाउनु नै महत्तम पुरुषार्थ हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चम प्रकरण

चैतन्यको स्वरूप सर्वदुःखरहित शुद्ध छ

आदित्यवर्णं तमसस्तु पारे ।

(महावाक्य उपनिषद)

अर्थ—चैतन्यको स्वरूप सूर्यवत् परमप्रकाशी अज्ञानरूप अन्धकारदेखि अत्यन्त परे ज्ञानस्वरूप नित्य छ ।

उपर्युक्त प्रमाण र स्वयं प्रत्यक्ष चैतन्यस्वरूपको अपरोक्ष बोध एवं गुरुविवेकद्वारा प्राप्त सत्य निर्णयबाट अटल निश्चय छ कि चैतन्यको स्वरूप सर्व मायामलदेखि रहित छ, विशुद्ध निर्मल छ, ज्ञान मात्र जनैया अजर अमर अखण्डस्वरूप छ। सर्व अज्ञानमय अन्धकारको विकारदेखि सर्वदा तथा सर्वथा पृथक् छ । ज्ञानस्वरूप सर्व परीक्षक स्वयं प्रकाश पारखरूप अविचल छ । सर्व दुःखदेखि पार छ, हानि-लाभदेखि अलग छ, हर्ष-शोकदेखि रहित छ, मिलन-बिछोड़देखि पृथक् छ, सर्व कष्ट-क्लेशदेखि सदा भिन्न छ, समस्त चिन्ता एवं कामना देखि अत्यन्त विहीन छ, सकल दृश्यदेखि सर्वथा दूर छ, सम्पूर्ण मनोमय विकल्पभासदेखि अतिशय फरक छ, अखिल जड़ समुदायदेखि अत्यन्त विलक्षण छ । सर्वदा पूर्ण काम, पूर्ण-तृप्त, सदा सन्तुष्ट, सदा आरोग्य, अचल, द्रष्टा, परख, स्थिर, निःश्रेयसः, निश्चल, निश्चिन्त, निराधार छ ।

आत्मज्ञानले अमृतत्वको प्राप्ति

अशब्दमस्पर्शमरूपमव्ययं तथा रसं नित्यमगन्धवच्च यत् ।
अनाद्यनन्तं महतः परं ध्रुवं निचाय्य तन्मृत्युमुखात्प्रमुच्यते ॥

(कठोपनिष०, अ० १ । वल्ली ३ । मन्त्र १५)

अर्थ—अशब्द, अस्पर्श, अरूप, अव्यय तथा रसरहित नित्य एवं अगन्ध, अनादि र अनन्त छ, पुनः महतत्त्वदेखि पनि पर छ र ध्रुव (निश्चल) छ । त्यो आत्मतत्त्वलाई जानेर पुरुष मृत्युको मुखबाट पार हुन्छ ।

अतएव जस्तो सूर्यको स्वरूपमा अन्धकारको सर्वथा अभाव छ, तद्वत् सर्वको जनैया जाननहार ज्ञाता चैतन्यको स्वरूपमा सर्व दुःखद्वन्दको अत्यन्ताभाव छ । सारांश—मन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनसा, इच्छा, वासना, संकल्प, स्मरण, चिन्तन, मनन एवं सर्व विकल्प भासको किञ्चित् मात्र पनि लेश छैन । सर्व भूल, भ्रम, मानन्दी, विपरीत समझ, तज्जनित क्रिया एवं अहंकार अज्ञान यो स्व-स्वरूपमा केही पनि छैन तथा कत्ति पनि छैन ।

जसरी अग्निमा शीतलताको अतिशय अभाव छ, जलमा उष्णताको बिलकुल अभाव छ ठीक यस्तै चैतन्यको स्वरूपमा सारा दुःखको र जगत् प्रपञ्चको सर्वथा अभाव छ । यस प्रकार नित्य निज स्वरूपमा न जगत छ, न जागतिक पञ्चविषय छ, न कुनै विषय सम्बन्धित विकार तथा व्यवहार छ । यो सब भवभावदेखि र सम्पूर्ण जड़ प्रकृतिदेखि चैतन्यस्वरूप अत्यन्त पार छ, सदोदित् न्यार छ ।

पुनः आफ्नो सत्यस्वरूपमा न काम छ, न क्रोध छ, न लोभ छ, न मोह छ, न भय छ, न मद छ, न मत्सर छ, न राग छ, न द्वेष छ, न तृष्णा छ, न आसक्ति छ, न अध्यास छ, न बन्धन छ इत्यादिक समस्त विकारदेखि चैतन्य पदार्थ अत्यन्त पृथक् छ । सम्पूर्ण कारण-कार्यरूप जड़ सृष्टि र सृष्टिको यावत् वस्तु कुनै पनि आफ्नो नित्य स्वरूपमा छैन ।

कारण जसले जसलाई जान्दछ, त्यो जानिएको वस्तुदेखि—त्यसलाई जान्ने जनैया जाननहार चैतन्य ज्ञाता सदाकाल भिन्न हुन्छ । परीक्षामा आएको पदार्थदेखि त्यसलाई पर्खने, पारख गर्ने परीक्षक सदा पृथक् हुन्छ । यहाँ निजस्वरूप चैतन्यले देहादि दृश्य प्रपञ्चदेखि लिएर सकल पिण्ड-ब्रह्माण्डको परीक्षा गर्ने, जान्ने, थाहा पाउने, र अनुभव गर्ने एवं प्रत्यक्ष ज्ञान गर्ने हुनाले त्यो जनैया ज्ञाता स्वयं परीक्षकस्वरूप चैतन्य, सर्व दृश्यभासदेखि सदा फरक छ । त्यो केवल जानमात्र ज्ञानस्वरूप अखण्ड एकरस भएको हुनाले ज्ञानै ज्ञानले भरिएको ठोसरूप चैतन्य अजर अमर अविनाशी पदार्थ हो । त्यसमा जगत् पदार्थको किञ्चित् मात्र पनि न साथ छ, न सम्बन्ध छ, न सादृश्यता छ, न समावेश छ । केवल अखण्डरूपले विराजमान शुद्ध चैतन्यको स्वरूप मात्र सत्य अवशेष छ ।

न तत्र सूर्योभाति न चन्द्र तारकं नेमाविद्युतो भान्ति कुतोऽयमग्निः ।
तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति ॥

(कठोपनिष०, अ० २ । वल्ली २ । मन्त्र १५)

अर्थ—त्यहाँ [चैतन्यको स्वरूप आत्मामा] सूर्य प्रकाशित हुँदैन, चन्द्रमा र तारा-हरू पनि प्रकाशित हुँदैनन्, पुनः यो विद्युत (बिजुली) पनि चम्कन सक्तैन भने यो फेरि अग्निको त कुरै छैन । केवल त्यो चैतन्यको प्रकाशले नै सब चीज प्रकाशित हुन्छ, उसैको प्रकाश अर्थात् ज्ञानले नै अन्य सब पदार्थको भास एवं प्रतीत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो समस्त दुःखदेखि सर्वदा तथा सर्वथा भिन्न, अजन्मा शाश्वत पुराण-पुरुष, अक्षय अखण्ड एकरस अनादि अविनाशी पारख प्रकाशी चैतन्यस्वरूपको निर्णयलाई अत्यन्त मनन गरेर तदनुसार दुःखद्वन्दरहित पदको निश्चयसमेत गरेर कृतार्थ हुनुपर्दछ । परोक्षभास तथा विपरीत समझरूप भूल–भ्रमलाई ज्ञानद्वारा मिटाएर निःसन्देह निर्भय भएर निर्मल दृष्टि प्राप्त गर्नुपर्दछ । सदा बोधरूपी अमृतमय विचारलाई दृढ़ मनन गरेर अनुभवी हृदय बनाउनु-पर्दछ । समस्त अज्ञानको स्वभावलाई विवेक बलले हटाएर ज्ञानै ज्ञानको भावले अन्तस्करण रँगाउनुपर्दछ । परमार्थको साधन-सामग्रीलाई सम्यक् प्रकारले अपनाएर हरदम पारखको प्रकाश मानस-मन्दिरमा जागृत गराउनुपर्दछ । सदा स्व-बोधमा स्थिर रहेर निश्चिन्त, निष्फिक्र निर्द्वन्द, निःशोक, शान्त, भएर रहने उपाय गर्नुपर्दछ ।

तब समस्त मानसिक चित्तोद्वेग, शोक, सन्ताप एवं कल्पना विकार नाश भएर जान्छ । स्व-स्वरूपको दृढ़ बोध एवं परमपदको निर्णय ज्ञानले सारा दुःख दूर भएर जान्छ । कारण, जगत पञ्चविषयरूपी दुःखलाई सम्झेर नै सब दुःख आएको छ । यदि दुःखलाई नसम्झे, नचिताए याद तथा मनन नगरे, साथै जो दुःख-सुखको द्रष्टा हो, त्यो सार पदमा लक्ष्य पुऱ्याउन सके, सारा दुःख बिलाएर जान्छ स्वप्न प्रपञ्च र वन्ध्यापुत्रवत् मिथ्या भएर जान्छ । 'स्व' को विवेक हुनासाथ 'पर' को दुःख अभाव भएर जान्छ, अन्ततोगत्वा पूर्णतः समाप्त हुन्छ । आजसम्म जीवलाई जो दुःख कष्ट आपाततः प्राप्त भैरहेको छ, त्यो स्व-स्वरूपको सर्वोच्चता, श्रेयता नबुझेर र सम्यक् अन्वेषण नभएर एवं यथार्थ बोध नमिलेर तथा विवेकयुक्त निर्णयमा दृढ़ स्थिति नभएर नै हो । यदि वर्तमानमा सत्सङ्गद्वारा बोधको प्राप्ति भयो र सत्साधनयुक्त धारणा बनाई स्थिति प्राप्त गऱ्यो भने सम्पूर्ण दुःख विनाश भएर परम शान्ति एवं महान् विश्रान्ति मिल्दछ ।

आदित्यवर्णं तमसः परस्तात् ।

(श्वेताश्वतरोपनि०, अ० ३ । मन्त्र ८)

अर्थ—आदित्यवर्णरूप आत्मा अज्ञान अन्धकारको विनाशक ज्ञानस्वरूप छ ।

जरामरण निर्मुक्ताः सर्वे धर्माः स्वभावतः ।

(माण्डुक्योपनि०, गौ० का० शां० भा० अ० शा० प्र० मन्त्र १०)

अर्थ—समस्त जीव स्वभावैले जरामरणदेखि रहित छन् ।

उपरोक्त प्रकार आपनो नित्य स्वरूपमा दुःख, सुख, हानि-लाभ, मान-अपमान, हर्ष-शोक, मिलन-विछोड़, राग-द्वेष, चिन्ता-चाहना, कष्ट-क्लेश, भूल-भ्रम, विक्षेप-विषाद, द्वन्द-द्रोह,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलह-कल्पना, शोक-मोह इत्यादि केही छैन भनेर सप्रमाण निर्णय भएपछि बुद्धिमान मानवले अब सदा सत्सङ्गमा निवास गरेर, निर्णय विचारमा नै सदा लवलीन रहेर, विवेक-धारा हृदयमा प्रवाहित गरेर, ज्ञानको परम प्रकाशमै सर्वथा जीवन लगाएर, पूर्वको अज्ञान अन्धकारमय कुसङ्ग, कुवृत्ति, कुचिन्तन, कुचेष्टा एवं कुकर्मादि दुर्व्यवहारलाई परमार्थको पुरुषार्थद्वारा एकदम दबाएर, हटाएर, मिटाएर, अपितु सर्वथा भस्मसात् बनाएर, मन इन्द्रियको विवशतालाई वैराग्य तथा उपरामताले तोड़ेर, सदा परीक्षा साधनको अभ्यासमा अखण्ड वृत्ति जोड़ेर स्व-स्वरूपको बोधमा स्थिति बनाएर, समस्त वासनालाई विनाश गरेर पूर्वोक्त अविद्याजनित आपदालाई मेटिदिनुपर्दछ ।

शरीर सम्बन्धमा दुःख हुनाको कारण तथा निवारण—

यदि चैतन्य जीवको शुद्धस्वरूपमा दुःख छैन र त्यसको सर्वथा अभाव छ भने—अब त्यो दुःख कष्टको प्रतीति किन हुन्छ त ? किन चिन्ता तथा शोक आइलाग्दछ ? किन हृदयमा दाह एवं जलन पैदा हुन्छ ? किन नाना राप-तापमा जलिरहनुपर्दछ त ? किन सारा संसारका जीवहरू दुःखमा परी छटपटाइरहेछन् त ? किन नाना दुःखमा परी सास्ती खाइरहेछन् ? त्यसको सम्पूर्ण उत्तर यो छ, दुःख कष्ट हुने काम गरेर, चिन्ता-शोक आइलाग्ने कारणमा लागेर, मनलाई पाँचै विषयको भोगमा फँसाएर अल्झाएर तथा शरीर र इन्द्रिय-द्वारा खास दुःख पाउने नै कर्त्तव्य गरेर नाना दुःख सन्ताप आइलागेको हो । आफू (चेतन जीव) लाई दुःख दिने, जन्म-जन्मका वैरी काम, क्रोध, लोभ, मोह तथा राग एवं द्वेषहरू आइलागेका हुन्, समस्त दुःखहरू ओइरिएका हुन् । यदि नसम्झे, नचिताए, नजगाए, नबोलाए तिनीहरूपट्टि स्मरण, चिन्तन, मनन नगरे ती काम, क्रोध, लोभ, मोहहरू आउँदै आउँदैनन् । दुःख पाउने कर्त्तव्य नगरे दुःख आउँदै आउँदैन । यो जीवलाई जति दुःख कष्ट आइपरेको छ, सो आफैले भूल अज्ञानवश अनेक दुःख हुने, बन्धन हुने, ताप एवं कष्ट हुने, कर्म गरेकोले नै सर्व दुःख आइलागेको हो । आफैले नाना पापमय कर्त्तव्य गरेर दुःख बेसाएर नै सारा दुःख प्राप्त भएको छ ।

उदाहरणमा—जस्तो कुनै मानिसले चोरी गर्ने काम गर्दै नगरे, कारावास [झ्याल-खान] मा जानै पर्दैन । यदि चोरीको कर्तव्य त गरेकै छ भने ढीलो या चाँड़ो एकदिन जानै पर्छ । जस्तै लुकी-छिपी गरेको छ भने पनि त्यो पापकर्मको संस्कार मलिन वासना त हृदयमा अवश्यमेव जमेकै हुन्छ । उक्त वासनानुसार भोग त अवश्य भोग्नै पर्दछ । यथा—हिंसा-हत्यादि पापकर्म, व्यभिचार आदि विषयकर्म, गाँजा-भाँग एवं मद्यपानादिक कर्म, मोह माया ममतादि र अनेक राजस-तामसादिक कर्म, इत्यादि जसले जस्तो क्रिया गरेको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन प्रकारले जति-कर्म गरेको छ, त्यही-त्यही कर्तव्य एवं [कर्मभाव] संस्कारानुसार तत्काल या कालान्तरमा अवश्य फल भोग्नुपर्दछ। 'जस्तो गाँजा भाँग मदिरा इत्यादिको तत्काल नशा चढ़ने र अन्य कर्तव्यको वासनानुसार शीघ्र या केही विलम्बमा फल पाइने हुन्छ।'

यदि चोरी हिंसा व्यभिचार आदि कुनै अनुचित कर्तव्य गर्दै गरेको छैन, काम क्रोध लोभ मोह राग द्वेष आदि शत्रुलाई हृदयमा स्थान दिँदै दिएको छैन भने सम्झिने, चिताउने, बोलाउने, काम गर्दै गरेको छैन अथवा अहिले आफूले परमार्थको धारणाद्वारा सद्विवेक र पुरुषार्थको बलले गर्दै गरेन भने, ती कदापि आउँदै आउँदैनन् यो निश्चित छ।

कारण, कुनै अनुचित कर्तव्य नगरेको वेलामा, कुनै कुसङ्ग नपरेको वेलामा, शुभ सङ्गत मिलेको र शुद्ध संस्कार उदय भएको वेलामा, या वृत्ति शान्त भएको वेलामा अथवा एक निद्रा सुतेर उठेको प्रातःकालको समयमा, प्रायः धेरैजसो मानिसको वृत्ति शान्त हुन्छ। त्यस वेलामा स्थिर वृत्तिको अवस्थामा—कुनै दुःख, पीड़ा, चिन्ता, शोक तथा कष्ट-क्लेशको प्रतीति हुँदैन। एतदर्थ खास चैतन्यको स्वरूपमा पीड़ा, बाधा, व्यथा, दुःख, सन्ताप तथा शोक एवं कष्ट-क्लेश छँदै छैन।

पश्चात् केही क्षणबाद आफ्नो मानन्दी निश्चयअनुसार, समझ-स्वभावअनुसार, दृढ़ अध्यास एवं आसक्तिअनुसार, मनोगत भावना एवं वासनाअनुसार, सारा काम क्रोधादि विकार जब संझिदै आउँछ, सारा कल्पना तथा प्रपञ्च राग जब मनन-स्मरण हुँदै आउँछ तब क्रमशः सारा दुःख, कष्ट, चिन्ता-शोकको लहर एवं वेग उर्लिदै आउँछ। नाना कार्यभारको, अनेक विषय-व्यापारको, बहु परिश्रमको, अधिकांश व्यवस्थाहरूको, अपरिमित संस्कार भाव हृदयमा फुर्दै (याद) हुँदै आउँछ। तब चेतन जीवले अनेक दुःख एवं पीड़ा-बाधाको अनुभव गर्न थाल्दछ, विशेष मनोमय र बाह्य दुवै सम्मिलित अथाह भवसागरमा गोता मार्न थाल्दछ। यही प्रत्येक प्राणीको नित्यको मानसिक रफ्तार एवं तारतम्य क्रिया चलिरहेको छ। तब नै सर्व दुःख-सुख अज्ञान, आसक्ति तथा कामना एवं कर्तव्यको भोक्ता मानिस बन्न थाल्दछ।

पुनः दुःख चिन्ता शोकको प्रतीति र कष्ट-क्लेश जो प्राप्ति हुन्छ, त्यो हुनलाई पनि जसले जति विषयको जाल बढ़ाएको छ, मायाको जञ्जाल फैलाएको छ, पाँचै विषयको भोगरूपी वह्निमा घृताहुति दिई-दिईकन कामना ज्वाला रन्काएको छ तथा आशा-तृष्णा जगाएको छ, राग-द्वेषरूपी बजार गरमागरम गराएको छ, चोरी, हिंसा, व्यभिचार, मदिरा एवं मांसाहार पुनश्च नशा, अम्मल, जूवा आदि नाना व्यसनरूपी लूतो (चर्मरोग) सल्काएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ, छल, कपट, झूट, ठगी, बेइमानी, चोरबजारी, जालसाजी, रिश्वत अर्थात् घूसखोरी, इत्यादि अनेकानेक अन्याय एवं अनर्थरूपी आगोको राँको दन्काएको छ। यस प्रकार जसले जस्तो र जति कर्तव्याकर्तव्यको कर्म कमाएको छ, उसलाई उति अधिक चिन्ता-शोक, कष्ट-क्लेश, पीड़ा-बाधा, सास्ती, संकट र असह्य आपत्ति एवं अनन्त दुर्दशा, समय-समयमा उत्पत्ति वृद्धि तथा सम्प्राप्ति भएर असंख्य दुःखको भोक्ता बनिरहनुपर्दछ।

अब यसमा जसले जत्ति कुसङ्गलाई त्यागेर कुकर्मलाई मनसा वाचा कर्मणाले छोड़ेर साधु सन्त सज्जन ज्ञानी महात्मा पुरुषहरूको सत्सङ्ग समागम गरेर रहेको छ, दया धर्मको रीति सम्हालेर विवेक संयुक्त परोपकार गरेर परमार्थको पथिक बनेर, साथै न्याय-नीति संयुक्त रहेर, न्यायोपार्जित जीविका चलाएर, छल दम्भरहित नम्रतायुक्त निर्मान बनेर, गुरु-पदको सत्पात्र अधिकारी मुमुक्षु भएर रहेको छ, सत्य, विचार शील, दया, धैर्य, विवेक, वैराग्य, गुरुभक्ति आदि अष्ट महासद्गुण धारण गरेर बोधभावमा अखण्ड लक्ष्य राखेर हंस दशामा लवलीन भएर रहेको छ, उसको नै मानसिक क्लेश-कष्ट शमन-दमन एवं निरसन भएर रहन्छ। क्रमशः मनोद्वेग शिथिल एवं शान्त भएर जान्छ। बहुधा चिन्ता शोकको कमी एवं हानि हुँदै जान्छ। तहलाउनै कठिन भएको चञ्चल, चपल, उद्धत एवं उच्छृङ्खल, इन्द्रिय मन पनि सत्सङ्गको प्रतापले स्ववश स्वाधीन भएर अन्तस्करण स्थिर रहेर, परमार्थको पुरुषार्थअनुसार विवेकी ज्ञानी ध्यानी एवं महान् भाग्यमानी बनेर रहन्छ।

भैषज्यमेतद् दुःखस्य यदे तन्नानुचिन्तयेत्।

(महाभारत, शान्तिपर्व, मोक्षधर्मपर्व अ० १। श्लो० १९)

अर्थ—दुःख निवारण गर्ने सर्वोत्तम अव्यर्थ महौषधि मनले चिन्तन नगर्नु नै हो।

तरति शोकमात्मवित्।

(छान्दोग्योपनि०, अ० ७। खण्ड १। मन्त्र ३)

अर्थ—आत्मज्ञानी शोकदेखि पार हुन्छन्।

उपर्युक्त प्रमाणले जुन सन्त महापुरुषको सदा शुभ गुणको ग्रहण गर्नमा नै लवलीन वृत्ति छ, विवेक तथा वैराग्य दशामा नै जीवनयापन छ, शम दम मनोनिग्रह तथा विचार एवं बोध धारणामा नै सदा निमग्नता छ, सदा स्वरूप स्थितिमा नै नित्य रमण छ, सम्यक् प्रकारले—'इन्द्रियार्थेषु वैराग्यमनहंकारमेव च। जन्म मृत्यु जरा व्याधि दुःख दोषानु-दर्शनम्।' [इन्द्रियको विषयमा वैराग्य तथा अहंकारदेखि रहित भएर जन्म-मृत्यु, जरा-व्याधि, आदिलाई दुःख र दोषले भरिएको देख्नु]'—यो गीताको उक्ति भावअनुसारले हृदय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सराबोर छ, र संसारदेखि नैराश्य वृत्ति छ, कामनावासी प्राणीहरूको स्वभाव तथा आचरण-देखि अत्यन्त सावधानीसहित अत्यधिक उपरामता छ, शरीर, मन, इन्द्रिय, विषय आदिको क्षणभंगुरता एवं असारता स्पष्ट प्रदर्शित छ, शरीरको प्रारब्ध भोगलाई प्रारब्धको अधीनमा राखेर सदा सन्तोष र धैर्यपूर्वक व्यतीत गर्नमा नै दत्तचित्त भएर गंभीर सागरवत् स्थिर वृत्ति छ ।

ज्ञानतृप्तो न शोचति ।

(महाभारत, शान्तिप० अ० २३७ । श्लो० २४)

अर्थ—ज्ञानले तृप्त भएको विचारशील व्यक्ति शोक गर्दैन ।

पूर्वोक्त प्रकार विवेक तथा पुरुषार्थको बलले स्व-स्वरूपमा स्थित भएका ज्ञानी-हरूको हृदयमा दुःखको सर्वथा अभाव हुन्छ, चिन्ता कल्पनादि विलीन रहन्छ, कुनै मानसिक व्याधिले हृदय विक्षुब्ध हुँदैन । कुनै शोकित एवं कष्टित हुने विषय व्यापारको कारणै जब नरहेपछि, कुनै लत आदत अध्यास एवं आसक्ति नै नभएपछि, कुनै वासनाको बलात्कार गर्ने शक्ति नै नरहेपछि अर्थात् आकर्षण खिँचाव सब क्षीण भएपछि; अन्तस्करण सदा निश्चिन्त शान्त स्वतन्त्र हुन्छ । कदाचित प्रारब्धवेगले कुनै संस्कार स्मरण सम्मुख भइहाले ता पनि झटपट परीक्षा दृष्टि र विवेक तथा वैराग्य धारणाद्वारा प्रबल अग्निमा परेको तृण झैं शीघ्र भस्मसात् भएर जान्छ । कुनै वासनाको विशेषतया बल प्रदर्शित हुन सक्तैन । मृतक ❀ संस्काररूपले सब वासना रहेको हुन्छ । एतदर्थ त्यो वासनाले तानेर-खिचेर दुःख दिन सक्तैन । चिन्तित-शोकित, पीड़ित एवं कष्टित बनाउन सक्तैन । पारख दृष्टिद्वारा विचार गर्दैमा समस्त वासना विलीन भएर जान्छ ।

❀ जस्तो पहिले आफूलाई धेरै दुःख दिएर ठूलो शत्रुता गर्ने तामसी व्यक्ति यदि आफ्ना कालगतिले मरिसकेको छ भने अब त्यो मरिसकेको मृतक शत्रुलाई कदाचित् कुनै समयमा आफूले संझिहाले तापनि, उसको अन्याय एवं क्रूरताको अमानुषिक दुर्व्यवहार संस्मरण भएर आए तापनि—'अब त्यो शत्रु बनेको मानिस त मरिसक्यो !' भन्ने याद हुना-साथ, तत्काल त्यो शत्रुसम्बन्धी वासना त्रास कष्ट सब हराएर जान्छ । समयानुकूल अचानक शत्रुलाई संझिहाले तापनि त्यो मृतक शत्रुको वासनाले कुनै भय एवं पीड़ा बाधा गराउन सक्तैन । त्यस्तै—साधन तपस्या तथा ज्ञानद्वारा नाश गरिएको [जितिएको] सर्ववासना मृतक समान हुन्छ । त्यसैलाई मृतक संस्कार भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तु सर्वाणि भूतान्यात्मैवाभूद् विजानतः ।
तत्र को मोहः क शोकः एकत्वमनुपश्यतः ॥

(यजुर्वेद, अ० ४० । मन्त्र ७)

अर्थ—आत्माको बोध प्राप्त गर्ने ज्ञानीले आफ्नै आत्मासमान नै सब प्राणीहरूलाई जान्दछन् । यस प्रकार आत्मासमान सबलाई संझेपछि तिनलाई मोह र शोक केही पनि रहँदैन ।

उपरोक्त प्रमाणअनुसार ज्ञानी एवं विवेकीहरूको लक्षण एवं आचरण बुझेर र सत्पुरुषार्थद्वारा उनलाई प्राप्त भएको महान् लाभलाई विशेष महसूस गरेर यही जीवनमा आ-आफ्नो परम हित-कल्याणार्थ उक्त धारणा प्रयत्नपूर्वक बनाई सर्व दुःख एवं कष्टको सर्वथा विनाश गरी मानव जीवन सफल गर्नुपर्दछ । माथि उल्लिखित जीवन्मुक्तिको सर्वोच्च लाभ प्राप्तिको निमित्त र चैतन्यस्वरूपको बोधमा निष्ठ भएर कृतकृत्य एवं कृतार्थ हुनको निमित्त परम पुरुषार्थ गर्नुपर्दछ ।

अब दुःख हुनाको कारणको विशेष स्पष्टीकरण

प्राणीलाई दुःख दुई प्रकारबाट प्राप्त भएको देखिन्छ । एक पुरुषार्थद्वारा र दोस्रो प्राक्तन कर्मार्जित कर्म समूहरूप प्रारब्ध कर्मबाट ।

(१) प्रथम वर्तमानमा कुसङ्ग, कुचेष्टा एवं कुकर्तव्य गर्नाले, नाना लत-आदत धारण गर्नाले, अनेक दुर्व्यसन र दुर्गुणसेवी बन्नाले नै नाना दुःख कष्ट एवं क्लेशको प्राप्ति भएको हो । त्यो सब अशुद्ध पुरुषार्थ गर्नाले आइलागेको दुःख हो । 'नदुखेको कपाललाई डोरी लगाई बाँधी टन्काएर दुखाए झैं' आफैले अहिले अनुचित र अनावश्यक क्रिया एवं कर्तव्य गरेर बोलाएको दुःख हो । आफैले भूल-अज्ञानवश मफतमा बेसाएको दुःख हो । आफ्नै नासमझी तथा अज्ञानले पाएको दुःख हो ।

पैसा दिएर कुनै माल किने झैं, मानिसले पैसा तिरेर अथवा तन मन लगाई खूब परिश्रम गरेर दुःखलाई किनिरहेको छ । त्यो कुन प्रकारले भने—'हिंसा, व्यभिचार, जूवा, सिनेमा, मदिरा, मांस, तमाखु, चुरोट, गाँजा, भाँग, अफीम, चरेस आदि नाना व्यसनजनित जति आदतरूप क्रिया एवं कर्तव्य छन्, तिनमा जति अपरिमित द्रव्य अपव्यय भै रहेछ अथवा जति परिश्रम परिरहेछ, जति शक्तिको ह्रास र आपाततः बुद्धि विनाश भैरहेछ, त्यसबाट जति व्याधि र विपत्तिको बहुधा सम्प्राप्ति भैरहेको छ; त्यो केवल अनावश्यक र निरर्थक क्रिया एवं कर्तव्य गरी-गरीकन दुःख खरीद गरेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस प्रकार प्रायः संसारका धेरैजसो मानिसहरूले उपर्युक्त रीतिले नचाहिने फजूलको कर्तव्य गरी गरी दुःख बेसाइरहेछन्, दुःखै मोल लीरहेछन्, आफूलाई सदा दुःख सन्तापमा जलाइरहेछन्, नाना सङ्कटमा ग्रस्त पारिराखेका छन्। रुपियाँको पच्चीस आनामा बीस आना जति त केवल पुरुषार्थ गरेर परिश्रमपूर्वक नाना लत-आदतरूपी दुःख बढ़ाइरहेछन्।

जस्तो भयंकर विषधर सर्पलाई चलाउन जानु नचाहिने वाहियातको काम हो, आफूलाई अत्यन्त दुःख दिएर प्राणान्त पार्नु हो, जस्तो दन्दनी दन्किरहेको प्रबल अग्निमा फाल्हाल्नु, आफूलाई घनघोरको सास्ती एवं सङ्कटमा पारी जलाएर मार्नु हो, जस्तो तत्काल मारण गरिदिने हालाहल विषलाई पान गर्नु एवं त्यो कातिल गरललाई पानगर्न एक मनो-रञ्जनिक क्रिया संझनु, त्यसैमा विशेष प्रसन्नता मान्नु, महाअनर्थमय काम हो, आफैंलाई आफ्नो कुबुद्धिपनले नष्ट-भ्रष्ट पार्नु हो, जस्तो सुतेको बाघलाई छुन एवं जिस्क्याउन जानु सारै फजूलको काम हो, एकदम निरर्थक काम हो, विना कामको काम हो, घोर आपत्तिको काम हो, आफूलाई कालको मुखमा पार्नु हो, ठीक यस्तै नाना लत-आदत तथा हिंसा, मदिरा, द्यूत एवं काम, क्रोध, लोभ, मोह इत्यादि समस्त दुर्गुण एवं दुराचारको काम तथा बन्धनको काम हो, नाना कष्ट र क्लेश प्राप्तिको काम हो। त्यो काम एवं क्रिया कर्तव्य गर्नाले अहिले बाँचुञ्ज्यालसम्म पनि सदा दुःख चिन्ता, शोक, सन्तापमा परेर अधिक छट-पटिएर व्यग्र-व्यथित, चिन्तित भएर अथक परिश्रममा सदा पीड़ित भएर दुःख पाइरहनु पर्दछ र पछि देहावसानबाद पनि त्यसको आसक्ति अध्यासवश चार खानी चौरासीमा गएर अनेकौं देहधारण गरी घुमी-घुमी नाचिरहनुपर्छ। अनन्त सास्ती खाएर अत्यन्त दुर्दशाको पात्र बनिरहनुपर्दछ।

अतएव सज्जन सुबुद्धिमान् मानिसले उक्त निर्णयलाई ध्यानमा राखी 'आफ-आफ्नो कुबुद्धिपनले नै नाना लत, आदत एवं दुर्गुणहरू धारण गरेर सबैले दुःख पाइरहनुपरेको रहेछ' भन्ने पूर्ण विचार गरी, अब त्यो दुःख कष्टबाट आफूलाई बचाउनाको निमित्त त्यो सब कुसङ्ग र कुकर्म आदिलाई सर्वथा त्यागिदिएर पूर्ण सावधानीसहित सत्सङ्गमा र सद्ग्रन्थ अध्ययनमा साधनसहित लवलीन भएर रहनुपर्दछ। तब नै सर्व दुःखको पूर्णतया निवा-रण हुन्छ।

(२) द्वितीय—पूर्व जन्ममा जीवले जो नाना कर्त्तव्य गरेको छ, त्यही सकाम कर्मले यो वर्तमान शरीरको रचना भएको छ। अब यो शरीरको आवश्यक दुःख-सुख भोग प्रारब्ध वेगानुकूल भोग्नु अनिवार्य छ। प्रथम भूल अज्ञानवश आफैले गरेको जति कर्म हो, त्यसको फल 'रोग-व्याधि, नाना विपत्ति एवं जन्म र मृत्यु इत्यादि अनन्तरूपले उदय भएर भोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनु, फल मिल्नु अवश्यम्भावी छ। 'जस्तो—कुनै मानिसले अज्ञानवश कुनै नशा सेवन गऱ्यो, त्यही नशामा चूर (बेभान) भएर आफ्नो हात-खुट्टामा शस्त्रद्वारा प्रहार गऱ्यो र घाउ लाग्यो। अब त्यो पहिले नशा खाएको पछि उत्रिसके पनि, अबदेखि उप्रान्त पुनः नशा सेवन गरेर हात-खुट्टा भाँच्ने काम नगरे पनि, जो प्रथम नशा खाएर शस्त्रले काटेको एवं हात-खुट्टामा घाउ लागेको हो, त्यो त भोग्नै पर्दछ। घाउ निको गराउन औषधि तथा संयम आदि त गर्नैं पर्छ र त्यो घाउ निको नहुञ्ज्यालसम्म परिश्रम त अवश्य नै पर्छ, ठीक यस्तै प्रारब्ध (आवश्यक दुःख सुख) भोगलाई सबैले भोग्नै पर्छ।

त्यसमा खालि भेद यत्तिकै छ कि स्वरूप ज्ञान पाएका विवेकी ज्ञानीले प्रारब्धभोगको साथमा विवेक वैराग्यस्वरूप स्थिति इत्यादि सत्पुरुषार्थ गरेर समस्त सञ्चित संस्कारलाई नाश गरिदिन्छन्। सुखाध्यासरूपी कुनै क्रियमाण कर्म गर्दैनन्। केवल प्रारब्धभोगलाई धैर्य एवं सहन तथा सन्तोषको साथमा भोगेर समाप्त गरिदिन्छन् र सम्पूर्ण वासना ध्वंस भएर उनको मोक्ष हुन्छ। अन्य अबोध अज्ञानवश जीवहरू भने प्रारब्धभोगको साथमा नवीन-नवीन क्रियमाण कर्म गरेर पुनः आवागमन बन्धनमा परी अनन्त देह धारण गरी त्रिविध तापको दारुण दुःख पाइरहन्छन्।

उपरोक्त प्रकारले आफ्नो स्व-स्वरूप अजर अमर अविनाशी सदा ज्ञानप्रकाशी चैतन्य नित्य सद्वस्तुलाई अपरोक्षरूपले यथार्थ निश्चय गरेर, सर्व हानि-लाभ, दुःख-सुख आदि मनो-विकारलाई केवल मिथ्या मानन्दी मात्र बुझेर, सर्व जड़ासक्ति भूल-भ्रम तथा अज्ञानरूपी इच्छा वासनालाई स्व-स्वरूपको बोधप्रकाशले विलीन गराएर 'म स्वयं चैतन्य ज्ञानस्वरूप, शुद्ध, बुद्ध, नित्य, सत्य, अटल, अखण्ड, एकरस, तृप्त छु' भन्ने दृढ़ धारणा बनाएर, बोधनिष्ठामा अविचल स्थिर भएर, अन्य जगत्सम्बन्धी समस्त प्रपञ्चबाट र सम्पूर्ण बाह्य चाल अशुद्ध क्रिया एवं कर्त्तव्य धारादेखि एकदम वृत्ति फर्काएर, भित्र दिलको पुरानो अध्यास आसक्तिलाई पनि ज्ञानद्वारा सर्वथा मिटाएर मोक्ष हुने प्रबल पुरुषार्थ गर्नुपर्दछ। अबदेखि उप्रान्त समस्त चिन्ता शोकलाई र दुःख-सुख आदि असत् मनोविकारलाई मिथ्या असार दुःखरूप निश्चय गर्नुपर्छ। सम्पूर्ण वासना बन्धनलाई निर्मूल पारिदिनुपर्दछ। महान् स्थिर पदलाई जानेर अब स्वयं स्थिर हुनुपर्दछ। बोधरूपी अखण्ड आरोग्य पदमा सदा अटल रहेर परम मङ्गलमय कुशल कल्याणस्वरूप सत्य पदमा स्थिति बनाएर समस्त दुःखलाई दूर गरिदिनुपर्दछ।

यो उपरोक्त विचारमा स्थिर रहनु नै सच्चा सुख हो, यो विवेकपूर्ण सद्धारणामा सदा लीन रहनु नै असली शान्ति हो, यही समस्त मानवको हृदयको जलन, ताप, कष्ट एवं क्षोभलाई मिटाई अखण्ड शीतलता दिलाउने परम विश्रान्ति हो, यही सर्वशिरोमणि श्रेयसः पद हो, यही सर्वोच्च शाहन्शाही महत्वपूर्ण श्रेणी हो, यही अनुपम दिव्य साम्राज्य हो, यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तविक स्वतःसिद्ध सत्य स्वतन्त्रता हो, यही दुःखीलाई पनि सदा सुखी गराउने र अनाथ-लाई पनि सदा सनाथ बनाउने अन्त्यमा विदेह मोक्ष दिलाउने महत्वपूर्ण परमार्थ हो। यही एक काम पूरा गर्नाले 'बोध प्राप्त भएदेखि प्रारब्धान्तपर्यन्त निष्ठा धारणामा सदा स्थिर रहनाले' कृतकृत्य एवं कृतार्थ भएर परम कल्याण हुन्छ।

ज्ञान मात्र चैतन्यको स्वरूपमा दुःखको लेश मात्र नभएको र साधन धाम
मोक्षको द्वाररूप नरदेहमा नै ज्ञान प्राप्त गरेर शोक सन्तापदेखि
रहित हुन मानव समर्थ भएकोले मुमुक्षुहरूले स्व-स्वरूप
बोधको अखण्ड स्मरण गरेर सर्वथा शोक नाश
गरिदिनु परमावश्यक छ।

शोकनाशक उपाय, मनन—

(१) प्रकृतिपार अजरामर अखण्ड चैतन्य नित्य सत्य ज्ञानस्वरूप नै आफ्नो साक्षात् निजस्वरूप हो। यस्तो रमैया राम स्वयं स्वरूपमा जड़ पञ्च विषयको लेशमात्र समावेश छैन। दुःख, ताप, क्लेशको किञ्चित् मात्र संसर्ग एवं सम्बन्ध छैन। अब जहाँ जुन चीजको अत्यन्त लोप छ र वन्ध्यापुत्रवत् अभाव छ—भने—तब त्यो चीजको त्यहाँ वृथा कल्पना गरी तद्जन्य विपरीत निश्चय गर्नु र भ्रान्तिमा पर्नु सारै भूल हो अज्ञान हो। अतः निज-स्वरूपबोधको स्व-स्मृतिलाई दृढ़ मनन गरेर विवेकको परम प्रकाशद्वारा सर्व शोक सन्तापलाई अनावश्यक र अनुचित बुझेर सर्वथा विस्मृति गरिदिनुपर्दछ।

(२) अखण्ड प्रकाशमा अन्धकार कदापि रहँदैन, यस्तै घनघोर अन्धकारमा प्रकाश पनि विद्यमान हुँदैन। तद्वत् चैतन्यस्वरूपदेखि अनित्य जगत पञ्च विषय जड़ पदार्थ अत्यन्त दूरस्थ भएको हुनाले र सदा सर्वदा पृथक् रहेको हुनाले ज्ञान मात्र चैतन्यको अखण्डस्वरूपमा जड़तत्त्वको किञ्चित् मात्र पनि स्वाभाविक सम्बन्ध छैन। तब चैतन्यलाई जड़ विकारी एवं नाशवान सम्झिनु, हानि मान्नु, चिन्ता शोकमा सन्तप्त रहनु सिर्फ मनोमयकै तरङ्गमा बगेर, डुबेर दुःख पाउनु हो, मात्र अबुझपन हो।

(३) जाग्रत अवस्थामा जतिसुकै चिन्ता-शोकको लहर उठेको भए पनि त्यो चिन्ता-शोक अर्को अवस्था अर्थात् सुषुप्ति आदि अवस्थामा रहँदैन, लोप भएर जान्छ, एकदम अभाव भएर जान्छ। अझ मूर्छा तथा बेहोशी एवं सन्निपातकालमा र समाधिकालमा त अत्यन्ता-भाव हुन्छ। पुनः जाग्रत भएपछि र त्यही चिन्ता, शोकलाई सम्झेपछि सुतरां त्यसमा विशेष लक्ष्य दिएपछि मात्र त्यो दुःख कामनाले सताउँदछ। कदाचित् सम्झेको त छैन भने त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नसम्झेको वेलामा जाग्रतै अवस्थामा पनि कत्ति चिन्ता-शोकको सञ्चार हुँदैन, हानि दुःख एवं कष्ट-क्लेश केही प्रतीत हुँदैन। यदि चैतन्यको नित्य स्वरूपमा दुःख कष्ट एवं क्लेशको लेश मात्र भएको भए सदाकाल दुःख कष्टको प्रतीति भै रहनुपर्दथ्यो। चौबीसै घण्टा काम क्रोधको वेग अखण्डरूपले उर्लिरहनुपर्दथ्यो, हमेशा चिन्ता, शोक सन्तापकै धारा दिलमा प्रवाहित भै रहनुपर्दथ्यो, दुःखजनित वासनाकै सदा एकाकाररूपले अनुभव भै रहनुपर्दथ्यो। किन्तु त्यो त हुँदैन, केवल सम्झे, त्यही दुःखरूप वासनालाई चिताए मात्रै दुःख हुने, नसम्झे नचिताए दुःखको याद-मनन नगरे कुनै दुःख हुँदै नहुने हुनाले साक्षात् चैतन्यको स्वरूपमा दुःखको लेशमात्र पनि छैन। खालि मनोमयद्वारा मात्र चिन्तन-मनन, संकल्प-विकल्प, अध्यास-आसक्ति एवं काम-क्रोधादि अनर्थमय कामनाहरूको संस्कार र बाह्य प्राणी पदार्थद्वारा मिलेको पुरस्कारस्वरूप हुनाले—देहोपाधि सम्बन्धमा अनेक दुःख आएको हो, बहुधा क्लेश पाएको हो, अधुना कष्ट खाएको हो, सुतरां सास्ती संकट सहनुपरेको हो। नत्र आफ्नो खास चैतन्यस्वरूपमा दुःखको नाम-निशान छैन वरन् कल्पना मात्र गर्नुपर्ने संभावना पनि छैन। किंवा नित्य सत्यस्वरूप त सदाकाल दुःख द्वन्दरहित—द्रष्टा, साक्षी, परीक्षक, अजर, अमर, अविनाशी, ज्ञानस्वरूप एकरस छ। यस प्रकार जब आफ्नो निजस्वरूपमा दुःखको गन्धमात्र पनि छैन भने तब सर्व चित्तको विक्षेप दुःखको उद्वेग एवं सम्पूर्ण मनोमयलाई मिथ्या भासमात्र जानेर सारा कल्पनालाई स्वप्नवत् निश्चय गरेर परित्याग गरिदिनुपर्दछ।

(४) यदि चेतनको स्वरूपमा नै कदाचित दुःखको लक्षण-चिह्न, किञ्चित् मात्र अवलम्बरूपले रहेको भए प्राणीलाई सदा दुःख मात्रै हुनुपर्ने! दुःखदेखि अतिरिक्त अर्को कुनै अनुभूति नै नरहनुपर्ने!! परन्तु यहाँ त दुःखदेखि भिन्न सुख, सुविस्ता, आराम, आनन्द, आरोग्य तथा परमशान्ति एवं महान् विश्रान्तिको पनि समय-समयमा अनुभव प्राप्त हुँदै गर्छ। अतएव खास चैतन्यस्वरूप समस्त दुःखदेखि सर्वदा तथा सर्वथा रहित छ। यो स्वयं प्रत्यक्ष स्वतःसिद्ध एवं सत्य निश्चय छ। त्यस्तो अखण्ड एवं अचल स्वरूपमा हानिको आशंका कुनै अनिष्टको संभावना या कुनै कष्ट-क्लेशको भयावह भावनामा व्यस्त भएर नाना चिन्ता-शोकरूपी नदीको बाढ़ी हृदयमा ल्याएर त्यही कल्पनामा पौड़ी खेल्नु केवल मनोविकार हो, हृदयको दुर्बलता हो।

(५) बालककालमा—आफ्ना माता-पिताहरू दरिद्रताको मारले, गृहस्थीको भारले, काम क्रोध लोभ मोह एवं ममता आसक्ति आदि अनेकौं शत्रु-सैन्यको वारले, खान-पानादिक निर्वाहको निमित्त अथक् परिश्रम गर्नुपर्ने र सदा पीड़ा-बाधा इत्यादि सहस्रौं संकट समूहरूपी तरवारको धारले हृदय छिया-छिया पारेर रातदिन विह्वल रहन्छन्, हमेशा वासनामय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्निमा जलिरहन्छन्, सदोदित आकुल-व्याकुल भएर छटपटिइरहन्छन्, सदा चिन्तित-दुःखित, कष्टित-पीड़ित एवं श्रमित-शोकित रहन्छन्। कारण, गृहस्थी जञ्जाल यस्तै दुःख र शोकले नै भरिएको छ, सुतरां सङ्कट समूहकै बृहद् भाण्डागार छ। तब ती गृहीजनहरू लाखौँ क्लेश समूहले सदा सन्तप्त रहन्छन्। किन्तु त्यही घरका शिशुहरू उक्त चिन्ता-शोकदेखि अत्यन्त फरक रहन्छन्। त्यो घरको दुःख-सङ्कटको कुनै नाममात्र पनि तिनमा असर हुँदैन। सदा बेफिक्री, लापरवाही बालक बादशाह, स्वतन्त्र, स्वच्छन्द, निर्द्वन्द, निश्चिन्त, सुखी देखिन्छन्। निरन्तर आमोद-प्रमोदयुक्त खान र खेल्नमा निमग्न हुन्छन्। ती बालकहरूले चिन्ता-शोकको विकारलाई आफ्नो हृदयमा स्थान नदिउञ्ज्याल प्रपञ्चको वेग दिलमा नभरुञ्ज्याल, शैशवावस्थाको कोमल दिलमा कुनै कामादि कश्मल र चिन्ता-शोकको घैमल कत्ति केही हुँदैन। पछि जति-जति प्रपञ्चको विकार भरिँदै गयो कुसङ्ग पर्दै गयो, विषयरूपी दुर्वासना बढ़दै गयो; उति-उति क्रमशः दुःखको सञ्चार हुँदै जान्छ, मानसिक क्लेशको शिकार बन्दै जान्छ; तत्र प्रथम हुँदै हुँदैन। एतदर्थ उही घरमा बसेका, उही व्यवहारमा बर्तेका, खान-पानादि निर्वाहिक व्यवस्थामा समानताले साथ रहेका, पारिवारिक वातावरणमा नै पालन-पोषण भै हुर्केका बालकहरूलाई भने त्यो दुःख नहुने, सिर्फ माता-पिता भएकाहरूलाई मात्र हुने हुनाले 'ती माता-पिताहरूले नै बढ़ाएर बढ़ेको त्यो सारा दुःख हो। यसकारण आफ-आफैले भूल-अज्ञानरूप कर्म र नासमझी एवं अबुझपनद्वारा नै बढ़ाएको समस्त दुःख हो' भन्ने पूर्ण निश्चय गरेर त्यो दुःखलाई र दुःखमूलक अज्ञान तथा अबोधलाई विवेक प्राप्त गरेर यथाशीघ्र हटाउने प्रयत्न गर्नुपर्दछ।

(६) जलाशयको निकटमा गएर पानी पियो भने शीतल एवं शान्ति मिल्दछ, सम्पूर्ण दाह तथा गर्मीको क्लेश हराएर जान्छ। पुनः अग्निको सन्निकट गयो भने गर्मी पैदा हुन्छ। यस प्रकार जस्तो सम्बन्ध एवं संसर्ग गऱ्यो त्यही बमोजिम दुःख अथवा सुख प्राप्त हुन्छ। तद्वत् यता मन इन्द्रिय तथा पाँच विषय र संसार प्रपञ्चतिर मात्र लागेर तदनुसार विषयादिको मात्र कर्म गरिरहेमा सारा दुःख, कष्ट-क्लेश, राप, ताप, विघ्न, बाधा, बन्धन एवं जन्म-मरणादि अनेकौँ संकट आइलाग्दछन्, नाना दुःखको भोक्ता बनिरहनुपर्दछ। यसको अतिरिक्त यदि इन्द्रिय र मनलाई सुमार्गमा लगाई सम्पूर्ण अघ-अवगुणको परित्याग गरेर सदा सत्सङ्ग एवं विवेकमा लवलीन रह्यो भने क्रमशः समस्त दुःख निवृत्त हुँदै जान्छ। त्योभन्दा पनि यदि चैतन्यस्वरूपको बोधमा धारणा सम्पन्न भएर स्थिति बनाउन सक्यो भने त सम्पूर्ण दुःखको सर्वथा संहार हुन्छ। अतएव यो विवेकलाई बुझेर प्रत्येक मुमुक्षु तथा सज्जनवर्गले आफ्नो परमहित तथा कल्याणको निमित्त अपरोक्ष स्वरूप बोधलाई प्राप्त गरेर आफ-आफ्नो समस्त दुःखलाई ध्वंस गरिदिनुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७) सुतेको वेलामा मानिसले किसिम-किसिमका स्वप्न देख्दछ । आफू घरको कोठाभित्र कोमल शय्यामा सुतेको छ तापनि स्वप्नको दोषले, वासना भ्रमको जोशले, मनोमय कल्पनाको आवेगले, नदीमा बग्न लागेको, बाघ भालुले झम्टन लागेको, गहिरो इनार (कूवाँ) मा खस्न लागेको तथा साँप-बिच्छीले आफूलाई डस्न लागेको स्वप्न देख्दछ, त्यस वेलामा अपार तथा असह्य कष्टको अनुभूति गर्दछ, त्यो दुःखले बहुत आकुल-व्याकुल हुन्छ । पुनः त्यही मानिस जब निद्रावस्थाबाट ब्यूँझिन्छ, स्वप्नावस्थालाई पार गरेर जाग्रत अवस्थामा आउँछ तब उक्त दुःखदेखि सर्वथा मुक्त हुन्छ । किन्तु उक्त स्वप्न देख्ने मानिस वास्तवमा आफ्नो शयनागारमा नै सुतिरहेको छ । त्यहाँ न बाघ-भालु पुगेर झम्टन लागेको हो, न साँप तथा बिच्छीले नै दंश गर्न लागेको हो, न इनारमा नै खस्न लागेको हो, न नदीमा नै बग्न लागेको हो । केवल मानसिक कल्पनाको भ्रान्तिले अपितु सर्वथा स्वप्नको दोषले दुःख भएको हो । पूर्वको अशुद्ध वासना वेग एवं अध्यास समूह हृदयमा टिकेको हुनाले सोही संस्कार स्वप्न कालमा सम्मुख भएर दुःख भएको हो । अब जसरी सुतेको वेलामा कुनै पदार्थ नभैकन पनि केवल मानसिक कल्पनाबाट सारा दुःख प्राप्त हुन्छ ठीक यस्तै यो चेतन जीवलाई जे-जति चिन्ता-शोक एवं सन्ताप आदि प्राप्त हुन्छ; सो सब निज स्वरूपको भूल र अज्ञान तथा मानन्दीरूप मनोमय विकार एवं अशुद्ध क्रियाद्वारा नै सर्व आपदाको प्राप्ति भएको छ । एतावता स्वप्नावस्थाबाट जागेर सर्व दुःख समाप्त भएझैं, यदि आज (वर्तमान समयमा) सत्सङ्गद्वारा जड़ चेतनको यथार्थ निर्णयलाई बुझेर साधन सम्पन्न भएर चैतन्यबोधमा जागा हुन सके, अज्ञान अबोधरूप निद्राभङ्ग गर्न सके, स्वरूप स्थिति प्राप्त गर्न सके; उपरोक्त अज्ञानमय सर्व कष्ट-क्लेश एवं दुःख बन्धन समाप्त हुन्छ ।

(८) करोड़पतिलाई एक-दुइ पैसा हराउँदा अथवा त्यो एक दुइ पैसामा कसैले जाल-झेल एवं छल-छाम गरी धोका दिँदा पनि त्यो एक दुइ पैसाको हानिको उत्तिको पर्वाह रहँदैन । किंबहुना आफ्नो अपार सम्पत्ति एवं समृद्धिलाई संझेर निश्चिन्त निहाल भएर सदा सुखी रहन्छ । बरु त्यो अन्याय गर्ने अबुझ अज्ञानीको कुबुद्धिपनदेखि सजग र निराश रहन्छ । ठीक यस्तै जुन भाग्यवान मानवले सद्गुरु बोधदाता महापुरुषको असीम अनुकम्पाद्वारा यथार्थ निर्णय ज्ञान पाएका छन्, आन्तरिक अखण्ड अविनाशी अचल निधि अटल कोष नै फेला पारेका छन्, सदा निष्फिक्र निर्भय शान्त एवं स्वतन्त्र वृत्ति बनाएका छन्, यस्ता स्वरूपनिष्ठ ज्ञानीलाई चिन्ता-शोकको विकारले विकारी बनाउन उत्तिको सक्तैन । आफ्नो अपार एवं अखण्ड अक्षय कोष अजरामर स्व-स्वरूपलाई संझेर नित्य निरन्तर निहाल तथा सुखी भएर रहन्छन् । अतएव प्रत्येक कल्याणार्थी मनुष्यले यो निर्णयलाई विशेष हृदयङ्गम गरेर नित्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य एवं निज स्वरूपको अखण्ड विवेक तथा मननमा स्थिर रहेर सारा चिन्ता-शोकको विकारलाई सर्वदाको निमित्त सर्वथा परित्याग गरिदिनुपर्दछ।

शोकस्थानसहस्राणि हर्षस्थानशतानि च।
दिवसे दिवसे मूढमोविशन्ति न पण्डितम्॥

(महाभारत, शान्तिपर्व, अ० २५। श्लो० २०)

अर्थ—शोक हुने हजारौँ स्थान (ठाउँ), छन् तथा हर्ष हुने पनि सैकड़ौँ अवसर आइरहन्छ। किन्तु त्यसको प्रभाव (असर) अबुझ अज्ञजनमा नै पर्दछ, विद्वान्-विचारवान् ज्ञानीहरूमा पर्दैन।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षष्ठ प्रकरण

चैतन्य जीवको स्वरूप एकरस वर्णन

नित्यत्वाच्चनित्यैर्नास्ति सम्बन्ध ।

(मीमांसा दर्शन, अ० ६ । पाद ७ । सूत्र ५)

अर्थ—आत्मा नित्य पदार्थ हो, त्यसको अनित्य पदार्थसँग तुलना गर्न मिल्दैन, न जड़सँग कुनै सम्बन्ध छ ।

उपर्युक्त प्रमाणबाट प्रत्येक शरीरधारी चेतन जीवलाई आ-आफ्नो नित्यताको साक्षात् प्रतीति सदाकाल एकरसरूपले रहेको छ । किनभने 'म अब अहिले यो वेलामा छैन; म हराएँ या बिलाएँ अथवा म मेटिएँ या नाश भएँ' भन्ने यो विपरीत भावको भान, कहिले पनि हुँदैन । यदि यस्तो हुने भएदेखि या 'एकै छिनमा म बदलिन्छु अथवा नाश भएर जान्छु' भन्ने निश्चय भएदेखि त कसैले पनि कुनै उद्यम, रोजगार, व्यापार, धन्धा या स्वार्थ-परमार्थको व्यवहार केही पनि गर्दैनथ्यो । अतः आफ्नो नित्यता तथा सत्यताको एवं वर्तमानमा अखण्ड विद्यमानताको प्रत्यक्ष नित्यानुभूतिले नै सबले सर्व व्यवहार गरिरहेछन् । एतदर्थ सदाकाल आफू सत्य भएको, अक्षुण्णरूपले रहेको, आफ्नो अस्तित्वताको अविरल ज्ञान भएको, आफू सदा जागृतस्वरूप प्रत्यक्ष मौजूद रहेको, सदा एकरस भएको, स्वयं खुद-खास सत्यरूपले रहेको नै सबैलाई अनवरत अनुभव छ ।

एक मानिस जुनसुकै देशमा पुगे पनि, जुनसुकै वेष-भूषा धारण गरे पनि तथा जतिसुकै विद्या-कला कौशलतामा निपुण भए पनि उसले आफूलाई बिर्सेको र अभावको अनुभव गरेको हुँदैन । उसले आफूलाई 'म सिद्धिइसकें अथवा खर्च भएर गैसकें' भन्ने भावलाई धारण गरेको हुँदैन । जहिले पनि, जुन अवस्थामा रहे पनि, जति व्यवहार एवं कर्तव्य गरे पनि, जुनसुकै भावनामा रहे पनि आफू त स्वयं बाँकी बचेको, जमारूपले अवशेष रहेको, प्रत्यक्ष विराजमान भएको, मुख्य ज्ञातारूपले रहेको, सर्वदा अनुभव गर्दछ । नित्य निरन्तर एकरस भावको बोध प्राप्त हुन्छ । यसकारण चैतन्य जीव सदा-सर्वदा तथा सर्वथा एकरस छ, साक्षात् स्वयं अविचलरूपले हमेशा स्थित छ । अतएव प्रत्येक कल्याणार्थी मुमुक्षुले निजहित इच्छुक मानवले सत्सङ्गद्वारा बोध प्राप्त गरेर आफ्नो नित्यताको प्रतीति सदा बनाइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राख्नुपर्दछ। तब नै समस्त मानसिक कष्ट-क्लेशको अभाव भएर शान्ति तथा श्रेयस् पदको उपलब्धि हुनेछ।

नित्यमुक्तत्वम्।

(सांख्य दर्शन, अ० १। सू० १६२)

अर्थ—नित्य–सदा-सर्वदा एकरस रहने, कहिले नष्ट नहुनेको नै, मुक्तत्वम्—मुक्त हुने सिद्ध छ।

पूर्वोक्त प्रमाण र युक्तिसम्मत विचारबाट यो शरीर रहुञ्ज्याल 'बाल युवा वृद्ध' यो तीन पन पनि भइ नै रहन्छ। उक्त तीन पनको कुनै समयमा पनि 'म (आफू) छैन' भन्ने भान कदापि कसैलाई हुँदैन। सदाकाल आफ्नो एकरस अस्तित्वको भाव नै प्रदर्शित भइरहन्छ। कुनै काल तथा कुनै समयमा पनि आफ्नो अभाव भएको ज्ञान कसैलाई हुँदैन। ,बाल युवा वृद्ध आदि' सब समयमा सर्व कालमा अविचल एवं अविकल भावले आफू एकरस स्थित छ। यो सबैलाई सधैँ स्वयं अनुभव भएकै छ।

अब जसरी वर्तमानको यो शरीरको बाल, युवा तथा वृद्धमा चैतन्य जीव एकरस रहेको विदित छ, ठीक त्यसै गरी पूर्व-पूर्वको समस्त देहमा पनि बाल युवा तथा वृद्ध अवस्था भइरहेकै थियो। अतः त्यो-त्यो समयमा पनि चैतन्य जीव एकरस विद्यमान रहेकै थियो। यस प्रकार अनन्त कालदेखि हमेशा-हमेशा चैतन्य जीव एकरस रहँदै आएको छ। त्यही वर्तमानमा प्रत्यक्ष मौजूद छ। किंबहुना जसको यस्तो अखण्ड अस्तित्व अनादि काल-देखि अनवच्छिन्न एकरस रहँदै आएको छ, त्यस्तो नित्य सत्य अविनाशी चैतन्य पदार्थ पछि पनि भविष्यमा सदाकाल अखण्ड एकरसरूपले नै रहनेछ, यो नितान्त ध्रुव सत्य छ।

अतएव जो समस्त दृश्य जड़ समुदायको ज्ञान गर्ने हो, त्यो ज्ञाता चैतन्य स्वयं सत्य अखण्ड भावले रहेको निश्चित छ। किनकि—'जो भावरूप छ त्यसको कदापि अभाव हुँदैन, पुनः जो अभाव हो त्यसको कदापि भाव रहँदैन एवं सत्य ठहर्दैन।' यो शास्त्रसम्मत अटल निर्णय छ, यसकारणले अविनाशी चेतनको कदापि अभाव छैन।

यो जागरे बहिरनुक्षण धर्मिणोऽर्थान्भुङ्क्ते समस्तकरणैर्हृदि तत्सदृक्षान्।
स्वप्ने सुषुप्त उपसंहरते स एकः स्मृत्यन्वयात्त्रिगुण वृत्ति दृगिन्द्रियेशः॥

(भागवत, स्कन्ध ११। अ० १३। श्लो० ३२)

अर्थ—जो जाग्रत अवस्थामा समस्त इन्द्रियद्वारा बाहिर देखिने सम्पूर्ण क्षणभङ्गुर पदार्थलाई अनुभव गर्दछ तथा स्वप्नावस्थामा हृदयभित्रै जाग्रतमा देखे-सुनेको पदार्थ समान नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासनामय विषयको अनुभव गर्दछ, पुनः सुषुप्ति अवस्थामा त्यो सब विषयलाई बटुलेर त्यसको लय (भएको) लाई पनि अनुभव गर्दछ—त्यही एक चैतन्य हो । जाग्रत अवस्थाको इन्द्रिय, स्वप्न अवस्थाको मन एवं सुषुप्ति अवस्थाको संस्कारवती बुद्धिको पनि त्यही स्वामी हो । किनभने—त्यो त्रिगुणमयी तीनै अवस्थाको साक्षी हो । 'जो म पहिले सुतेको थिएँ र स्वप्न देखेँ तत्पश्चात् अहिले स्वयं जागेँ'—यो स्मृतिको बल तथा आधारबाट नै एकै आत्माको समस्त अवस्थामा नित्य रहेको स्वतःसिद्ध छ ।

उपरोक्त प्रमाणबाट जाग्रत, स्वप्न, सुषुप्ति अवस्थामा पनि अजरामर अखण्ड अविनाशी चैतन्य जीव एकरस छ । जाग्रत अवस्थामा शरीर इन्द्रिय व्यवहार आदिको ज्ञान गर्ने, जाति, वर्ण, घर, धन, सम्पत्ति, आदि तमाम विषय पदार्थलाई जान्ने, त्याग ग्रहण गर्ने, नाना मानन्दीयुक्त कर्तव्य गर्ने, चैतन्य जीव सदा एकरस नै छ, यो विवेकद्वारा निश्चित छ । पुनः जब जाग्रत अवस्थाबाट स्वप्न अवस्था हुन्छ, तब त्यहाँ जाग्रतको अध्यास संस्कार फोटोरूप चित्र प्रदर्शित हुन्छ अर्थात् नाना हानि-लाभकृत स्वप्न दृश्य हुन्छ । तदनन्तर पछि जागेर, उसैले 'आज मैले अमुक-अमुक स्वप्न देखेँ' भनी प्रत्यक्ष विदित गर्दछ । यदि त्यो स्वप्नद्रष्टा चेतन उक्त स्वप्न अवस्थामा खास नित्य नरहेको भए स्वप्न दृश्यलाई देखेर साक्षात् अनुभव गरेर स्वप्न अवस्थाको वर्णन कसरी गर्न सक्तथ्यो र ? यहाँ प्रत्येक स्वप्नद्रष्टाले जागृत भएर समयानुसार स्वप्नको वर्णन गरेको सबैलाई स्वतः अवगत छ । तस्मात् कारणात् त्यो स्वप्न देख्ने स्वप्नद्रष्टा चेतन, त्यो देखिएको स्वप्नदेखि सदोदित पृथक् छ । त्यो स्वप्नको द्रष्टा एवं स्रष्टा आफू ज्ञाता चेतन त्यो स्वप्न अवस्थामा स्वयं विराजमान छ । अतएव स्वप्नको ज्ञान गर्ने चेतन स्वप्न अवस्थामा पनि अखण्ड एकरस छ ।

पुनश्च सुषुप्ति अवस्थारूप प्रगाढ़ निद्रामा पनि आनन्दमा निमग्न भएर सुखसँग सुतेको भाव र जगतको अभाव—यो दुवै ज्ञान सुषुप्तिमा सर्व मनुष्यलाई रहेको देखिन्छ, तब नै जागेर उसले प्रकट गर्दछ कि 'आज म मस्त निद्रामा परी आनन्दसँग सुतेको थिएँ, बाह्य ज्ञान मलाई केही पनि थिएन ।' यस प्रकार सुषुप्ति अवस्थाको अनुभवलाई जाग्रत अवस्थामा आएर वर्णन गर्ने, चैतन्य जीव नै सुषुप्तिको परीक्षक, अनुभवी, द्रष्टा, ज्ञाता, त्यो सुषुप्ति अवस्थादेखि पृथक् रहीकन पनि त्यो लयरूप सुषुप्तिमा एकरस सिद्ध छ । यदि सुषुप्ति अवस्थामा चैतन्य जीव नहुँदो हो अथवा बिलाएर हराएर या शून्य भएर जाँदो हो त त्यो सुषुप्ति अवस्थारूप आनन्दाभासको भाव र जाग्रत जगतको अभावको ज्ञान कसले प्रदर्शित गर्दथ्यो ? एतदर्थ सुषुप्ति अवस्थाको ज्ञान स्वयं जनैया चेतनले नै खास गरिरहेको हुनाले त्यो चेतन सुषुप्ति अवस्थामा पनि सर्वदा अक्षुण्ण छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण, मस्त निद्रामा सुतिरहेको मानिसलाई जोड़सँग कराएर कसैले बोलायो भने, शीघ्र जागृत भएर जवाफ दिन्छ कि 'म यहाँ छु, किन हो ?' यदि सुषुप्ति अवस्थामा चैतन्य जीव नभएदेखि जागृत भएर तत्काल उत्तर कसले दिन्थ्यो र ? तसर्थ उपरोक्त निश्चित कारणले पनि सुषुप्ति अवस्थामा चैतन्य जीव नित्य अविचल छ ।

फेरि सुषुप्ति अवस्थामा हुनुभन्दा प्रथम जागृत अवस्थामा जसले कुनै निश्चय गऱ्यो कि 'रात्रिको बाह्र बजे अथवा दुई बजेको टाइममा मलाई निद्राबाट अवश्य ब्यूँझिनुपर्छ, अनिवार्य आवश्यक छ' भनेर दृढ़ संकल्प गरी सुतेको छ भने घोर निद्रामा सुतिरहेको मानिस पनि पूर्व निर्धारित समयमा (ठीक टाइममा) झल्याँस्स ब्यूँझिन्छ । किंवा तुरुन्त जागा भएर आफ्नो पूर्वनिश्चय एवं मानन्दीअनुसार व्यवहार कार्यमा लाग्दछ । एतदर्थ जो प्रथम जाग्रत अवस्थामा थियो, जसले रात्रिको बाह्र बजे या दुई बजे जाग्नुपर्छ भन्ने निश्चय एवं सङ्कल्प गरेको थियो, त्यही निश्चयकर्त्ता चेतनले, आफ्नो दृढ़ निश्चयानुसार घोर सुषुप्तिबाट पनि अकस्मात् जागेर पूर्वप्रतिज्ञालाई पूर्ण गरेर आफ्नो कार्य-व्यवसायलाई सह्यालेको देखिन्छ । यसकारण ज्ञाता चेतन तीनै अवस्थामा एकरसरूपले स्थित रहेको प्रत्यक्ष सिद्ध छ ।

एवं रीतले मूर्छा अवस्था, सन्निपातको अवस्था, मरण अवस्था, गमनागमन अवस्था, गर्भवासको अवस्था तथा जन्म अवस्था इत्यादि सर्व अवस्थाहरूमा पनि चेतन जीव सदा-सर्वदा एकरस रहँदै आएको छ ।

जुन प्रकारले वर्तमानको जाग्रत तथा स्वप्न एवं सुषुप्ति अवस्थामा चैतन्य जीव एकरस विद्यमान छ, त्यस्तै पूर्व अनन्त भूतकालको जाग्रत स्वप्न सुषुप्ति अवस्थामा पनि सदा काल-देखि एकरस नै रहँदै आएको छ । सोही आगामी भविष्यमा पनि सदा सर्वदा एकरसरूपले नै अवश्य रहनेछ ।

यसमा सबभन्दा विशेष विचारणीय विषय यो छ कि जसको आधारले, सत्ता-सहा-यताले, उक्त तीनै अवस्थाको कार्य यथावत् प्रवाहरूपले अनवरत चलिरहेको छ, देह, इन्द्रिय, मन, अवस्थादि सर्व सञ्चालन भैरहेको छ त्यो सबको सञ्चालक, प्रेरक, ज्ञाता, ज्ञानस्वरूप चैतन्य, अखण्ड, अक्षय, अनवच्छिन्न, एकरस नित्य छ ।

अविनाशी चेतन जीवको रहस्य तथा नित्यताको अष्ट प्रमाण

संसारका समस्त जड़ तत्त्व पदार्थदेखि सर्वदा तथा सर्वथा भिन्न चैतन्य, साक्षी, परीक्षक, द्रष्टा, ज्ञाता, अजर, अमर, अविनाशी, नित्य छ । त्यसकारण देह सम्बन्धमा पनि चेतन जीव कसरी अविनाशी रहेको छ त्यसको युक्तियुक्तरूपले विस्तारपूर्वक निर्णय गरिन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वाभ्यस्तस्मृत्यनुबन्धात् जातस्य हर्ष भय शोक सम्प्रतिपत्तेः ।

(न्यायदर्शन, अ० ३ । आ० १ । सू० १६)

अर्थ—पूर्वाभ्यस्तस्मृत्यनुबन्धात्—पूर्वजन्मको अभ्यासले, जातस्य—उत्पन्न भएका बालकहरूमा, हर्ष भय शोक सम्प्रतिपत्तेः—हर्ष भय, शोकको उत्पत्ति देखिनाले आत्मा नित्य रहेको सिद्ध हुन्छ ।

व्याख्या—तत्काल उत्पन्न भएका बालकहरूमा हर्ष, भय, शोक आदिको संस्कार ज्ञान देखिन्छ, त्यसको कारण पूर्वजन्मको संस्कार नै हो । यदि बालकहरूलाई पूर्वजन्ममा हर्ष भय शोक आदिको अनुभव नभएको भए त्यो हर्ष-शोकादिको संस्कार टिक्ने थिएन । किनभने कुनै वस्तुलाई पहिले नदेखीकन त्यसको स्मृति रहन सक्तैन । जब प्रथम हर्ष-शोक-भय आदिको अनुभव उसले खुद गरेको थियो त्यसैले त्यसको संस्कार हृदयमा जम्यो । यसबाट यही सिद्ध भयो कि 'आत्मा नित्य हो ।' यदि कसैले 'आत्मालाई शरीरको साथमा नै पैदा भएको हो' भन्दछ भने हर्ष-शोकादिको अनुभूति नहुनुपर्ने ? यसकारणले चेतन आत्मा अनादि हो । अतः जो पदार्थ अनादि हो त्यही वास्तवमा अखण्ड अविनाशी हो ।

अविनाशी चेतनको प्रथम प्रमाण

(१) प्रथम गर्भबाट तुरुन्त उत्पन्न भएका शिशुहरूमा पूर्वजन्मका षट्कर्मको संस्कार देखिन्छ । आच्छादन, भोजन, मैथुन, भय, निद्रा तथा मोह र हर्ष-शोक इत्यादि विकार स्पष्ट प्रदर्शित हुन्छन् । खान-पानादिको ज्ञान, आहारको क्रिया संस्कार तिनमा प्रत्यक्ष नै छ, किन-भने यत्नपूर्वक दुग्धपान त गरि नै रहन्छन् । कुनै कठिन आवाज हुँदा झसङ्ग झस्किने भयभीत हुने यो भयको ज्ञान पनि तिनमा देखिन्छ । तैल आदि मर्दन गर्दा या काखमा लिँदा सञ्चो मान्नु—यो स्पर्शको ठोस संस्कार पनि अवगत नै छ । निद्रा त आनन्दसँग लिइ नै राख्तछन्, यो निद्राको ज्ञान संस्कार पनि स्पष्ट विदितै छ । कुनै अनुकूलतामा एकाएक हर्षित भएर खिस्स-खिस्स हाँसिरहनु—यो हर्षको ज्ञान पनि बालकमा झल्किएकै हुन्छ । पुनः कुनै प्रति-कूलताको आवेशमा अचानक अतालिएर तथा छटपटिएर रुदन एवं करुण क्रन्दन गर्नु यो शोकको भाव पनि प्रत्यक्ष दृश्य हुन्छ । यस प्रकार नवजात बालकहरूमा भोजन, मैथुन, भय, निद्रा एवं सुख दुःख आदिको ज्ञान तथा इच्छाशक्तियुक्त संस्कार भएको मानवीय शिशुहरूमा र मानवेतर अन्य खानीहरूमा समेत प्रत्यक्ष पाइन्छ । पक्षीहरूको अण्डा (फुल), फुट्नासाथ [ती बच्चाहरू आँखै नउघ्रीकन पनि] आहाराको निमित्त खानलाई मुख बाइदिन्छन्, उनीहरूलाई यो काम कसैले सिकाउनुपर्दैन । बोका बाच्छा र सुँगुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा कुकुरका छाउराहरू सानैदेखि परस्पर स्पर्श क्रियाको भाव प्रदर्शन गर्दछन् । महिष, गौ, श्वान आदि कैयन् पशुहरूका बच्चा पानीमा पर्नासाथ पौड़ी खेल्न थाल्दछन् ।

प्रेत्याहाराभ्यासकृतात् स्तन्याभिलाषात् ।

(न्यायदर्शन, अ० ३ । आ० १ । सू० २२)

अर्थ—प्रेत्य–पुनर्जन्म, आहाराभ्यास कृतात्—आहारको अभ्यासले, स्तन्याभिलाषात्–स्तनपानको इच्छा हुनु, यो पनि चेतन आत्माको नित्यत्वलाई सिद्ध गर्दछ ।

व्याख्या—मृत्युपश्चात् जब चेतन आत्माले अर्को शरीर धारण गर्दछ, तब त्यो कसैको प्रेरणा अथवा शिक्षा नभईकन स्तनबाट दुग्धपान गर्न थाल्दछ । यसको कारण यो शरीरभन्दा पहिलेको शरीरमा आफूले गरेको भोजनको अभ्यास नै हो । यदि पूर्वजन्मको अभ्यास नभएको भए दुग्धपानमा त्यसको प्रवृत्ति नै हुने थिएन । यो प्रमाणले यही निश्चय-पूर्वक मान्नुपर्दछ, आत्माले पहिले पनि शरीर धारण गरेको थियो र त्यहाँ भोजनको अभ्यास गरेको थियो । पश्चात् त्यो शरीर छोड़ेर जब यो शरीरमा आयो तब पूर्वजन्मको आहार ग्रहण गरेको संस्कारले स्तनपान गर्न थाल्यो । यसबाट यो सिद्ध भयो कि—यो देहभन्दा पहिले पनि चेतन जीव (पूर्व-पूर्वको) अन्यान्य देहमा थियो । यसकारणले पनि आत्मा अविनाशी हो ।

उपर्युक्त प्रमाण र कारणहरूद्वारा सद्योजात बालकहरूमा संस्कार ज्ञान देखिएको हुनाले यो पूर्ण निश्चय हुन्छ कि वर्तमानको शरीरमा आउनुभन्दा पहिले पनि सर्व देहधारी जीव मौजूदै रहेछ । षट्कर्मको भोगासक्ति एवं अध्यास लिएर पूर्वको चोला छोड़ेर यहाँ अहिले जन्म लिएको रहेछ र त्यसैको इच्छा संस्कारयुक्त क्रिया जन्मनासाथ बालकहरूमा देखिएको रहेछ । एवं प्रकार जब अहिलेको शरीर धारण गर्नलाई पूर्वजन्मको संस्कार सामग्री लिएर आएको रहेछ भने त्यो पूर्वजन्मको शरीर धारण गर्नलाई—त्योभन्दा पनि प्रथमको शरीरमा गरेको कर्म एवं संस्कार सम्बन्ध अवश्य नै रहेको विवेकद्वारा सिद्ध छ । यस प्रकार पूर्वजन्ममा पनि देहधारी चेतन जीव अवश्य विद्यमान रहेछ । त्योभन्दा पनि पूर्व-पूर्व सब समयमा समेत शरीर धारण गर्दै यो चेतन जीव आएको रहेछ । जो अहिले चेतन जीव प्रत्यक्ष विराजमान छ, त्यही ज्ञानस्वरूप चेतन पछि भविष्यमा पनि सदाकाल (नित्य-निरन्तर), अनादि अविनाशी आत्मा हमेशा शाश्वतरूपले रहनेछ । एतावता मानिसले लुगा फेरे झैं र सर्पले काँचुली फेरे झैं—तमाम खोल फेर्दै-फेर्दै आएका प्रत्यक्ष अविनाशी चैतन्य जीव हुन् । यही नै महान् महिमासागर पुराणपुरुषको पावन कथा हो । मानवले मनन गर्नु योग्य छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यताको दोस्रो प्रमाण

आत्मनित्यत्वे प्रेत्यभाव सिद्धिः ।

(न्यायदर्शन, अ० ४ । आ० १ । सू० १०)

अर्थ—आत्मनित्यत्वे—आत्माको नित्यत्वले, प्रेत्यभावसिद्धिः—पुनर्जन्मको सिद्धि हुन्छ ।

व्याख्या—चेतन आत्मा नित्य हुनाले नै उसले पुनर्जन्म धारण गरेको सिद्ध हुन्छ । यदि आत्मा नित्य नभएदेखि त्यसको पुनरागमन कसरी सिद्ध हुन्थ्यो र ? अतः चेतन नित्य अवश्य छ ।

(२) भौतिक शरीर जड़ हो । किनभने शरीरका नङ, रौँ आदि बढ़े जस्तै नवीन अन्न-जलहरूद्वारा बढ़दै जानेर पुरानो परिवर्तन हुँदै जाने हो । प्रथम शिशुपनमा शरीर अत्यन्त कोमल र सानो हुन्छ , युवामा शरीर हृष्ट-पुष्ट एवं बलवान देखिन्छ, पुरुषको दाह्री-जुङ्गा निस्किन्छ । पुनः क्रमेण अवस्थान्तर भएर वृद्धावस्था प्राप्त हुन्छ । तत्पश्चात् शरीर जीर्ण-शीर्ण भएर अन्त्यमा नाश हुन्छ । यस प्रकार शरीरमा जन्मनु, बढनु, मोटाउनु, प्रौढ़ हुनु, अन्ततोगत्वा जीर्ण भै नाश हुनु, यही देहको गति हो ।

अब यदि यो देह समुदाय नै कदाचित् चेतन जीव हो भने देह बदलिएकै समान—चेतन जीव पनि बदलिनुपर्दछ । परन्तु चैतन्यमा परिबर्तन भएको लेशमात्र पनि देखिँदैन । कारण, आजदेखि पचासौं वर्षपहिले बाल्यावस्थाको व्यवहार, बर्ताव, रहन-सहन, वार्त्ता एवं मनुष्यहरूसँग भेटघाट भएको घटना-संझना, इत्यादि धेरैजसो कुराहरू जस्ताको तस्तै अनुभव हुन्छ । यहाँ बाल्यावस्थाको देह त नयाँ-नयाँ नख-केशको समान आज बिलकुल बदलिइसक्यो । पूर्वमा दश या पचास वर्षपहिले जो अनुभव गरिएको थियो, त्यो अवस्था आज त छैन सुतरां अर्कै भइसकेको छ ।

तब जस्तो एक मानिसले अनुभव गरेको कुरा अर्को दोस्रो मानिसलाई स्मरण एवं अनुभव हुँदैन, ठीक त्यस्तै एक अवस्था बदलिएपछि (शरीर बदलिएसमान) त्यो पूर्व अवस्थाको ज्ञान पनि दोस्रो अवस्थामा नरहनुपर्ने अर्थात् स्मरण हुनु नपर्ने । किन्तु यहाँ आफूलाई त जो-जो पाँच, दस या पचास वर्षअघि आफैले व्यवहार गरेको थियो त्यही आज (आफूलाई) जस्ताको तस्तै पूर्वरूपेण संस्मरण भैरहेको छ । एतदर्थ पचास वर्षअघिको कुरा संझने ख ास चैतन्य जीव स्वयं आफू हो । किनकि—जसरी आफूले पचास वर्षअघिको कुरा संझिराखेको छ, त्यो वर्तमानमा आफू स्वयं चैतन्य अस्ति सत्यरूपले प्रत्यक्ष सत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यमान छ र सर्वको ज्ञान गरिरहेछ । त्यही आजको पचास वर्षपहिले पनि उही ज्ञानकर्त्ता ज्ञाता चैतन्य खुद विराजमान थियो । जसले बाल्यावस्थामा केही चेत हुने साधन इन्द्रिय अन्तस्करण पाएर अनुभव गरेको थियो, त्यही घटनाको संझना आज पचासौं वर्षबाद पनि अहिले आफूलाई यथार्थतः अनुभव भैरहेको छ ।

अतएव जस्तो पचास वर्षको अन्तर्गत शरीरको तमाम अवस्था बदलिइसक्यो तापनि त्यसको अनुभवकर्त्ता स्वयं चैतन्य जीव एकरस (प्रत्यक्ष आफू) रहिरहेको छ । त्यस्तै अनादि कालदेखि अनन्त शरीर धारण भएर र मुहुर्मुहु असंख्य अवस्थाको परिवर्तन भइ-रहँदा पनि त्यो सब अवस्थादेखि सर्वथा भिन्न सब अवस्थाको साक्षी ज्ञाता चैतन्य स्वयं अपरिवर्तनीय, नित्य छ । जो नित्य हो, त्यही अविनाशी सत्य पदार्थ हो । यही ज्ञानस्वरूप चेतन परमपुरुषोत्तमको अखण्ड एवं अनुपम सद्रहस्य हो ।

नित्यताको दोस्रो प्रमाण

मृत्युर्जन्मवतां वीर देहेन सह जायते ।
अद्यवाब्दशतान्ते वा मृत्युर्वै प्राणिनां ध्रुवः ॥
देहे पञ्चत्वमापन्ने देही कर्मानुगोऽवशः ।
देहान्तरमनुप्राप्य प्राक्तनं त्यजते वपुः ॥
ब्रजंस्तिष्ठन् पदैकेन यथैवैकेन गच्छति ।
यथा तृणजलूकैवं देही कर्मगतिं गतः ॥

(भागवत, स्कन्ध १० । अ० १ । श्लो० ३८-३९-४०)

अर्थ—जो जन्म लिन्छ त्यसको शरीरको साथ मृत्यु पनि अवश्य उत्पन्न हुन्छ । आज होस् वा सय वर्षबाद होस् , किन्तु मृत्यु अवश्यम्भावी छ । जब शरीरको अन्त्य हुन्छ तब पहिलेको शरीरलाई छोड़ेर जीवले आफूले गरेको कर्मको अनुसार दोस्रो शरीर धारण गर्दछ, यस्तो जीवलाई विवशतासाथ गर्नै पर्दछ । जस्तो मानिस हिँड्दाखेरि एक खुट्टा अगाड़ि टेकेर (भूमिमा जमाएर) नै दोस्रो खुट्टा उठाउँदछ, पुनः जस्तो जूकाले अगाड़िको तृण-काष्ठादिलाई समातेर मात्र तब (पहिले समातेको) पछाड़िको तृण-काष्ठादिलाई छोडिदिन्छ, त्यस्तै जीवले पनि आफ्नो कर्मको अनुसार एक शरीरलाई छोड़ेर दोस्रो शरीरलाई ग्रहण गर्दछ ।

(३) वर्तमानको यो शरीर पहिले (पूर्वजन्ममा) थिएन । किन्तु चेतन जीवको पूर्वकर्म संस्काराधीन गर्भमा यो (अहिलेको) देह तयार भयो । तदनन्तर जन्म भयो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः हुर्क्यो, बढ्यो, युवावस्थामा प्राप्त भयो, विषयादिको अनेक कर्म गऱ्यो; पश्चात् अनन्त रोग-शोकले पूरित भएर वृद्ध भयो जर्जर भयो, विपुल सकाम कर्म संस्कार लिएर पुनः मृत्यु भयो तब फेरि सीधा गर्भवासमा प्राप्त भयो। अब जस्तो पूर्वको कर्माध्यास संस्काराधीन नै यो अहिलेको देह धारण भयो, ठीक त्यस्तै, अब यो वर्तमानको शरीर छोड़ेर पनि वासनावशी चेतनलाई आफ्नो सकाम कर्मवश अर्को-अर्को काया अवश्य प्राप्त हुन्छ। यो प्रत्यक्ष र शास्त्र-सम्मत तथा लोकप्रचलित एवं सर्व अनुभविक कुरा छ। तन धारण गराउनलाई मुख्यतया उसको कर्म संस्कार नै बलवान छ। यथा पूर्वको कर्मले यो वर्तमानको वपु बनेझैं, यो वर्तमान कलेवरमा गरेको शुभाशुभ कर्मले मृत्युपश्चात् अर्को गात्र पनि अवश्य प्राप्त हुन्छ। यस प्रकार अनन्तकालदेखि असंख्य देह धारण गर्ने जो चेतन हो त्यो पुरातन नित्य शाश्वत साक्षात् अविनाशी जीव हो। यही परमपदको सर्वोच्च उद्देश्य बताउने एक विमल लक्ष्य हो।

नित्यताको चौथो प्रमाण

न जातो न मृतोऽसि त्वं न ते देहः कदाचन।

(अवधूत गीता, अ० १। श्लो० १३)

अर्थ—तिमी न त उत्पन्न भएका ह्यौ, न मर्ने नै ह्यौ, न त तिमी देह नै ह्यौ।

(४) मानिसले (आफूले) गरेका तमाम व्यवहार र कर्तव्यहरू केही बिर्सिन्छ तथा केही संझिन्छ। अझ निकटकै स्वप्न र अनेक गरिएका तथा संझिएका कुराहरूसमेत विस्मरण हुन्छ। किन्तु त्यो भुलेको एवं बिर्सिएको अज्ञान वृत्तिलाई पनि जान्ने-जनैया ज्ञाता चेतनले समय-समयमा स्मरण गरेर भन्दछ कि 'पहिलेका कुराहरू बिर्सिएँ अथवा हिजोको स्वप्न पनि बिर्सिएँ।' 'यथा—[आजको पन्ध्र दिनपहिले कुन-कुन कर्तव्य आफूले गरेको थियो? पुनः आजको सात दिनपहिले दिनभरी के-के संस्कार उदय भएको थियो? काम क्रोधादि वासना कुन-कुन विशेष प्रबल भएको थियो? त्यो अधिकांश संझना छैन। किंवा आजको तीन दिनपहिले मध्याह्न समयमा आफूले के कस्तो विचार गरेको थियो, त्यो पनि याद छैन। अरू कुरा परै जान दिऊँ, केवल आज प्रातःकाल छ बजेर एक्काईस मिनेट जाँदा आफ्नो मनमा के-के सङ्कल्प-विकल्पहरू स्फुरण भएका थिए? त्यति पनि बताउन सक्तैन] ती सबै कर्तव्य र कुराहरू जनाउन नसके तापनि त्यसको ज्ञाता आफू त स्वयं सत्यरूपले थियो। केवल आफूले अनुभव गरेका विचारधाराहरू अथवा कर्तव्यहरू मात्र 'आज बिर्से'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी याद नरहेको अभिव्यक्त गरिरहेको छ। यदि आफू स्वयं पहिले नभएको भए या प्रत्यक्ष मौजूद नरहेको भए पहिलेका कुराहरू भुलेको त्यो भावलाई याद गरेर ज्ञानद्वारा कसरी भन्न सक्तथ्यो र ? यसकारण पहिले पनि आजकै समान आफू प्रत्यक्ष विराजमान थियो। खालि अवस्था र काल भेदले एवं वृत्तिको चञ्चलताले पूर्वको कुरा याद नरहेको मात्र हो।

एवं प्रकारेण पूर्वजन्मको कुरा शरीरान्तर भेद, देश, काल एवं अवस्था भेदले आज याद नभए तथा नरहे तापनि वास्तवमा चैतन्य जीव त एकरस नै छ। किनभने—जस्तो हिजो अथवा आजकै जाग्रत तथा स्वप्नावस्थाका कुराहरू स्मरण नरहे पनि हिजो-आज त आफू चैतन्य खुद विद्यमान छ। ठीक त्यस्तै पूर्वजन्मका कुराहरू [शरीर तथा अन्तस्करण साधन आदि नरहेको हुनाले] संझना नभएको हो। किंबहुना त्यो याद नरहे तापनि वास्तवमा पूर्वजन्ममा पनि चैतन्य जीव एकरस नित्य थियो तथा अब अर्को जन्ममा पनि चैतन्य जीव नित्य एकरस अवश्यमेव रहनेछ।

कारण चेतन जीव विना भूत तथा वर्तमान एवं भविष्यको र पुनश्च सर्वभावाभाव वृत्तिको ज्ञान गर्न त्यो क्षणिकवर्ती जड़तत्त्वमा कदापि संभव छैन सुतरां शक्ति एवं सामर्थ्य छैन। अतएव तीनै कालको सर्व भावाभाव वृत्तिहरूको ज्ञान गर्ने ज्ञाता चैतन्य नै निश्चितरूपले अखण्ड एकरस छ। एतावता जो नित्य सनातन छ, त्यही सत्य अविनाशी हो। यही शाश्वत चेतनको अमर कहानी हो।

नित्यताको पाँचौं प्रमाण

परं वा त्रुटे।

(न्यायदर्शन, अ० ४। आ० २। सू० १७)

अर्थ—त्रुटे—नाशदेखि, वा—जो वस्तु, परम—अतिरिक्त छ।

व्याख्या—परमाणु सूक्ष्म तथा विनाशरहित हुन्छ अथवा कुनै पदार्थको विभाग (खण्ड-खण्ड) गर्दा अन्तिममा जसको विभाजन नै बन्न सक्तैन र परिणाममा अवशेष रहन्छ, त्यही परमाणु हो। ठीक त्यस्तै त्यो परमाणुको पनि जो ज्ञाता साक्षी चेतन छ, त्यो स्वयं नित्य सत्य पदार्थ हो।

(५) उपरोक्त प्रमाणबाट जो सत्य हो, त्यसको नाश कदापि हुँदैन, 'नासतो विद्यते भावो नाभावो विद्यते सतः'—अर्थात् असत् वस्तुको अस्तित्व छैन, सत्को अभाव हुँदैन (गीता २। १६); यस प्रकार जब विजाति जड़ दृश्य परमाणुहरूको पनि नाश हुँदैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने त्यसको द्रष्टा, ज्ञाता, परीक्षक, अजरामर चैतन्यको नाश कसरी हुन्छ र ! जो अखण्ड नित्य सनातन छ।

यसमा विचारपूर्वक सूक्ष्म अनुसन्धानद्वारा निर्णय गर्ने हो भने, जड़ र चेतन दुवै पदार्थको नाश छैन। उदाहरणमा जस्तो एक कुनै पात्रमा एक पाथी पानी हाली तताउनु, त्यो पानी क्रमशः पाकेर बिस्तार-बिस्तार घट्दै जान्छ, पश्चात् पात्रको पानी सबै सुक्छ। स्थूल दृष्टिबाट त्यहाँ पानी नाश भएको देखियो। किन्तु त्यो पानीको सर्वथा परमाणु समूहको त्यहाँ नाश भएको छैन, किनकि प्रथम अनेक परमाणु समूह जम्मा भएको कार्यरूप स्थूलाकार विशेष जल देखिएको थियो, अब त्यो अग्नि-वायुद्वारा जलको परमाणु समूह पृथक्-पृथक् भापरूप बनेर उड़ेर अधर वातावरणमा स्थित भएको छ। अति सूक्ष्म चीज हुनाले नदेखिएको मात्र हो, पुनः संयोगद्वारा क्यै कालपछि एकत्र भएर तुषारो, असिना, शीत, हिमकण, या पानीरूपमा वर्षा भएर अथवा कुहिरोको रूपमा दृश्य भएर फेरि हाम्रो अगाड़ि उही पूर्वको जल देखा पर्दछ, तसर्थ कारणरूप परमाणु नित्य छ। केवल त्यसबाट बनेका अनेक कार्य पदार्थ मात्र बदलिइरहन्छन्। कार्य पदार्थको परिवर्तन हुनु, आकार-प्रकार बदलिएर अन्य रूपमा परिणत हुनुलाई नै नाश भन्ने संज्ञा दिइएको हो। अतः कार्यको रूपान्तर हुँदैमा कारणरूप मूल द्रव्य-परमाणु समूहको सर्वथा नाश कदापि हुँदैन। कारणरूप तत्त्व आफ्नो जड़त्व गुण-धर्म संयुक्त सदाकाल नित्य नै छ। अब जस्तो तत्वको एक दृश्य जड़ परमाणुलाई अग्नि आदिद्वारा जलाएर अथवा कुनै तलवार आदि तीव्र शस्त्रद्वारा काटेर-टुक्याएर त्यसलाई नाश गर्न सकिन्न (यसकारण असंख्य कार्य पदार्थहरूको उत्पत्ति भई-भईकन आफ्नो नित्य कारणमा लयरूप नाश भएको देखिन्छ), यदि तत्त्व पदार्थको साँच्चिकै नाश हुने भएदेखि त त्यसको मूल द्रव्यको पनि सामग्रीसहित सब लोपै हुनुपर्दथ्यो। कदाचित् त्यसो हुने भएदेखि त आज जड़तत्त्वरूप ब्रह्माण्डको चिह्न पनि रहने थिएन, वरन् नाम निशाना नै नरहने गरेर मेटिने थियो। किन्तु जड़तत्त्वको ब्रह्माण्ड त यथावत् प्रत्यक्ष मौजूदै छ। अतएव सत्यान्वेषण गर्दा त्यो जड़तत्त्वको परमाणु कार्यभावले रूपान्तर भएर अन्ततोगत्वा जस्ताको त्यस्तै कारणरूपले रहिरहन्छ।

उपरोक्त प्रकारले यता जब कारण-कार्यरूप जड़तत्त्वका परमाणुहरूको त नाश हुँदो रहेनछ (अर्थात् नहुने रहेछ) भने भला ! जो जड़देखि भिन्न छ, जड़को ज्ञान गर्ने ज्ञाता एवं द्रष्टा छ, परीक्षक छ र अजर अमर छ, त्यसको नाश कसरी हुन्छ र ! कदापि तीन कालमा हुनै सक्तैन। एतदर्थ चैतन्य अखण्ड पदार्थ नित्य अविनाशी छ। यही संसारभरको मुख्य सत्य-सार वस्तुको यथार्थ निर्णय हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्यताको छैटौं प्रमाण

तस्य च नित्यत्वात् ।

(वेदान्तदर्शन, अ० २ । पाद ४ । सू० १६)

अर्थ—तस्य—त्यो जीवको; नित्यत्वात्—अविनाशी हुनाले; च—पनि; यही सत्य निर्णय हो ।

(५) कोही मनुष्य मस्त निद्रामा सुतिरहेको छ, त्यो सुतेर जब उठ्यो तब संस्कृत या अँग्रेजी विद्याको पुस्तक पढ़न लाग्यो या चीनी अक्षर लेख्न लाग्यो । अब त्यसले पढ्न र लेख्न लागेको देखेर त्यो मानिसको उपरमा यो निश्चय गर्न हुँदैन कि—'यसले मस्त सुतेको वेलामा (निद्रावस्थामा) नै अंग्रेजी अथवा संस्कृत विद्या पढ़ेको तथा लेख्न सिकेको रहेछ । किन्तु अहिले जाग्रत अवस्थामा पढ़ेको-लेखेको देखेर यही पूर्णतया निश्चय गर्नुपर्दछ कि—पढ़ने लेख्ने इत्यादि समस्त कार्य गर्ने अवस्था केवल जाग्रत मात्र हो । तसर्थ पूर्व-पूर्वको जाग्रत अवस्थामा यसले कुनै अध्यापकसँग पढ़ेको अथवा लेख्न सिकेको होला र त्यही संस्कार रहेको हुनाले नै घोर निद्राबाट ब्यूँझेर अहिले पढ्न तथा लेख्न सकेको हो ।

ठीक त्यस्तै सुषुप्ति अवस्था अथवा अचेतावस्थारूप गर्भवासबाट आएका बालकहरूमा हाँस्ने, रुने, तर्सने, दूध पिउने, निद्रा लिने, हर्ष-शोकादिको भावको जो क्रिया प्रत्यक्ष देखिन्छ, त्यो बेहोशी गर्भकालको वेग होइन अपितु पूर्वजन्मको जाग्रतकै कर्म-संस्कार हो । भूत-कालमा जो-जो षट् पशुकर्म (दृढ़हन्तासहित) गरेको थियो, तिनैको संस्कार बीज लिएर गर्भबाट ती सबै पैदा भएका हुन् । (सुतेर उठेझैँ) तब नै नवजात शिशुहरूमा छः कर्मको संस्कार भाव स्पष्ट प्रदर्शित भएको हो । कारण देहधारी चेतन जीवमा मानन्दी संस्कार नभईकन कुनै स्थूल क्रिया हुँदैन, यो स्वतः अनुभव सिद्ध छ । पुनः मानन्दी संस्कार पनि जाग्रतमा नै इन्द्रियको बाह्य कर्मद्वारा मात्र टिक्छ । यद्यपि त्यो सानो बच्चाले अहिले वर्त-मानमा हर्ष-शोक हुनुपर्ने केही कर्म त गरेकै छैन, तथापि बालकमा हर्ष-शोकादिको भाव त प्रत्यक्ष झल्किएकै देखिन्छ । यसकारणले यो देहभन्दा पहिले पनि त्यो चैतन्य जीव देहधारी निश्चित रहेछ । त्यसैले खुद पूर्वदेहमा गरेको जाग्रतको कर्म संस्कार नै गर्भशयन-पश्चात् बाल अवस्थामा प्रकट भएको हो । बस, यिनै सब कारणहरूबाट अनादि कालदेखि आजतक जाग्रतको कर्मवेग र त्यसको संस्काररूप बीज लिएरै चेतन जीव देह धारण गर्दै-छोड्दै आइरहेका छन् । एवं रीतले वासनाध्यासवश पछि भविष्यमा पनि निरन्तर शरीर धारण गर्दै रहनेछन् । यस्तो यो अनादि अक्षय एकरस अखण्ड पदार्थ साक्षात् नभईकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रतको कर्मवेगबाट सूक्ष्म वासना ग्रहण गर्ने र सतत प्रवाहरूपले देह लिँदै-छोड्दै गर्ने कार्य कदापि हुने थिएन । एतदर्थ चैतन्य जीव स्वयं अविनाशी नित्य छ । यही अनादि अविनाशी साक्षात् अमर चैतन्यको दिव्य सन्देश हो ।

नित्यताको सातौं प्रमाण

कर्मणा जायते जन्तुः कर्मणैव विलीयते ।
सुखं दुःखं भयं क्षेमं कर्मणैवाभिपद्यते ॥

(भागवतस्कन्ध, १० । अ० २४ । श्लो० १३)

अर्थ—प्राणी आफ्नो कर्मको अनुसार नै पैदा हुन्छ, पुनः त्यसको कर्मानुकूल नै मृत्यु हुन्छ । यस प्रकार उसको आफ्नो कृतकर्मानुसार नै सुख, दुःख तथा भय र मङ्गलमय संयोगहरूको प्राप्ति हुन्छ ।

(७) एक पिताका धेरै छोराहरू हुन्छन्, तिनीहरूलाई एकनासको खान-पानको व्यवस्था गराई, स्नेहपूर्वक लालन-पालन गरी हुर्काई, पढ़ाई, तालीम दिएर सबैलाई एक समान बनाउने यत्न गर्दा पनि, एकसाथमा सँग-सँगै शिक्षा-दीक्षा दिएर राख्दा पनि एकै प्रकारको संस्कार एवं स्वभाव नभएर तिनमा भिन्न-भिन्न प्रकारको स्वभाव तथा संस्कार रहेको देखिन्छ । कोही सज्जन स्वभाव सम्पन्न साधुसँग अनुरागी कुकर्मत्यागी हुन्छ, कोही कुसङ्ग-गामी एवं कुकर्म गर्नमा प्रवीण भएको देखिन्छ । कोही रजोगुणी, कोही सत्वगुणी सरल एवं सात्विक मतिधारी पाइन्छ । पुनः ती सबै दाजु-भाइहरू छुट्टिएर बसे पनि पछि कोही धनी कोही निर्धनी, इत्यादि नाना प्रकारका गुण-कर्म धारण गरेका र भिन्न-भिन्न श्रेणीमा विभक्त भएका देखिन्छन् । सुबुद्धि, कुबुद्धि, तीव्र बुद्धि, मन्द बुद्धि, कोही रागी तथा कोही वैराग्यवान्, इत्यादि अनेक प्रकारका गुण-स्वभाव एवं आचरण लिएका मानवहरू भेटिन्छन् ।

अब यदि बीज-वृक्षको स्वभावसमान एकै पिताको वीर्य स्वभाव (अनुसार) प्रत्येक पुत्रमा मान्ने हो भने माता-पिताको समान नै सब पुत्रहरूमा गुण-धर्म एवं स्वभाव तथा संस्कार र व्यवहार हुनुपर्दछ । किन्तु यहाँ त यस्तो देहधारीहरूमा देखिन्न । वरन् सदा पृथक् आचार-विचारधारी नै देखिन्छन् । बीज-वृक्षादिमा जस्तो एक नीमको बीजबाट वृक्ष उत्पन्न भएर सब बीज तथा पातहरू तीतै हुन्छन्, अन्य स्वाद हुँदैन, नीमको बोटमा आँप कदापि हुँदैन । एवं रीतले बीज-वृक्षादिमा बीजी असर मात्र हुने, अन्य प्रकार नहुने, यस्तो चैतन्य सृष्टिमा त कथमपि देखिँदैन । किञ्च चेतनमा त अनेक गुण-कर्म स्वभाव एवं धर्म रुचि,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार आदि विभिन्न प्रकारको देख्दा यही निश्चय हुन्छ कि पूर्वजन्मको कर्म संस्कारयुक्त पृथक्-पृथक् स्वभाव धारण गरेका यी समस्त जीव पूर्व-शरीर त्याग गरेर आज एकै क्षेत्र-रूप माता-पिताकहाँ देह धारण गर्न आएका हुन्। अतएव उपरोक्त गुण-कर्म स्वभाव धारण गरेका पृथक्-पृथक् चैतन्य स्वयं प्रत्यक्ष देखिन्छन्। यस प्रकार कर्मको प्रत्यक्ष भेद र फल आदि देखेर खास अनुभव हुन्छ कि सब देहधारी चैतन्य जीवहरूले पहिलेको नर-देहमा जस्तो-जस्तो कर्म गरेका थिए तदनुसार नै कर्मको फल भोग प्रारब्ध कर्मरूप शरीर लिएर आज वर्तमानमा फल भोगिरहेका छन्। पुनः फेरि अहिले जस्तो-जस्तो कर्म गर्दछन्, त्यस्तै-त्यस्तै संस्कार दृढ़ भएर वासनानुकूल सूक्ष्म देह संयुक्त पुनः स्थूल देह धारण गरी अनन्त फल भोग्नेछन्। यस हेतु भूत-भविष्य वर्तमान यी तीनै कालमा शरीर धारण गर्ने चैतन्य जीव अचल अटल अबाध्य अविनाशी छ। यही सर्व-शिरोमणि ज्ञानको परम पवित्र बोध प्रकाश हो।

नित्यताको आठौं प्रमाण

न जीवो म्रियते।

(छान्दोग्योपनि०, अ० ६। खण्ड ११। मन्त्र ३)

अर्थ—चैतन्य जीवको नाश कदापि हुँदैन, अखण्ड अमर छ।

(८) दृश्य जड़तत्त्वमा परस्पर संयोग सम्बन्ध र क्रिया छ, पुनः त्यसमा समान रूपले जड़ता पनि छ। यिनै सब कतिपय हेतुले अनन्त कार्य पदार्थ बन्दै तथा परिवर्तन हुँदै गर्छ। यस रीतले कारण तत्त्वको गुण-धर्म नै सर्वदा कार्यमा भएकोले सम्पूर्ण कार्य जड़ता र पञ्च विषयदेखि पृथक् छैन। पुनः उक्त जड़ तत्त्व कारण-कार्य क्रियाशील र परिवर्तनीय छ।

किन्तु यता चैतन्यमा तदनुसार (जड़को समान) गुण-धर्मको पृथक्ता पनि छैन, स्वाभाविक सम्बन्ध पनि छैन, न कुनै क्रिया छ, न परिवर्तन छ। अतएव यी सब कुनै पनि भाव चेतनमा नभएका हुनाले जड़को गुण-धर्मदेखि सर्वथा भिन्न नित्य रहेको हुनाले त्यस्तो एकमात्र अपरिवर्तनीय ज्ञानस्वरूप अजरामर अखण्ड अक्षय चैतन्य नै सत्य छ। अतः जो अपरिवर्तनीय वस्तु हो त्यही साक्षात् अनादि अविनाशी सत्य हो। यही महिमा मूल वस्तुको महत्वपूर्ण गुणगान हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तम प्रकरण

जड़तत्त्व पदार्थ चैतन्य होइन, यसदेखि चैतन्य सर्वथा पृथक् छ

पृथ्वी, जल, अग्नि, वायु, यी चार तत्त्व पदार्थ सर्वदा ज्ञानहीन जड़ हुन्। उक्त कारणरूप मूल द्रव्य नै आपाततः जड़ हुनाले त्यसको अनन्त कार्य समुदाय पनि जड़ हो। कठिन, शीत, उष्ण, कोमल र शब्द, स्पर्श, रूप, रस, गन्ध इत्यादि चार धर्म एवं पाँच गुण नै तत्त्वमा समावेश भएकाले (अखिल जगतका पदार्थ) सबै निर्जीव जड़ हुन्। पुनः शक्ति, क्रिया, आकार, सबको परस्पर मेलसहित षट् भेद र जड़ता भाव नै तत्त्वमा भरिएकोले अज्ञात एवं जड़को संज्ञा दिइएको हो। अतः सम्पूर्ण तत्त्वको कार्य बीज-वृक्ष, नदी, पहाड़, दीपक, हावा घट-पट आदि कार्य पदार्थमा तथा तिनका सूक्ष्म परमाणुहरूमा कतै पनि चैतन्य जीवको ज्ञान मानन्दीयुक्त लक्षण-चिह्न घटित छैन। यसकारण चारै तत्त्व पदार्थ जड़ हुन्।

न सांसिद्धिकं चैतन्यं प्रत्येकादृष्टे।

(सांख्यदर्शन, अ० ३। सू० २०)

अर्थ—प्रत्येक अदृष्टे—प्रत्येक भूत (जड़तत्व) मा (ज्ञान) नदेखिनाले; सांसिद्धिकम्—स्वाभाविक; चैतन्यं-चैतन्य; न-छैन।

व्याख्या—सम्पूर्ण जड़तत्त्वमा जतिसुकै खोज गरे तापनि चैतन्य देखिँदैन। यसकारण संसारको कुनै पनि मूल तत्त्वलाई चेतन मान्नु कदापि हुँदैन। कारण, संसारका मूल तत्त्व सत्व, रज, तम—यी तीनै गुण अचेतन जड़ हुन्। तब तिनबाट बनेको शरीर कदापि चेतन हुन सक्तैन। किनभने जड़, चेतन हुन सक्तैन; चेतन पनि कथमपि अचेतन हुन सक्तैन।

जड़वाद एवं तत्त्ववादको निराकरण—

(१) यदि तत्त्ववादीहरूले दीपकको उदाहरण दिएर 'चार तत्त्वको मेलबाट नै चैतन्य पदार्थको उत्पत्ति भएको छ' भनेर सिद्ध गर्न खोजे पनि त्यो कहिल्यै सिद्ध हुँदैन। किनकि—मुर्दाको शरीरमा त चारै तत्त्वको मेल छँदैछ, तर ज्ञान भने छैन। प्रश्न उठ्छ किन ज्ञान भएन ? चेतनाशक्ति किन देखिएन ? जब चारै तत्त्वका सब सामग्री शवमा मौजूदै छन् र पनि केवल एक ज्ञान कला नभएर त्यो शरीर शून्य भएको हो, सड्न तथा गल्न लागेको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः त्यो रमैया राम चैतन्य देहदेखि भिन्नको अर्कै पदार्थ अवश्य हो र त्यसैले छोड़िदिँदा यो देहको विकृति भएको हो, शरीर निश्चेष्ट भै मुर्दा बन्न गएको हो ।

(२) कदाचित् 'चेतन जीव नै चार तत्त्वको भाग हो' भने तत्त्वको कारण-कार्य पदार्थमा (कंकड़-पत्थर, बीज-वृक्ष, मृत्तिका, काष्ठ इत्यादि वस्तुहरूमा पनि) देह, इन्द्रिय, मन बनेर रहेको र प्राणको सञ्चार भएको प्रत्यक्ष दृश्य हुनुपर्ने ? सो किन देखिँदैन ? यता चार खानीका चेतनहरूले जसरी देह धारण गरिरहेका छन्, त्यस्तो देह, इन्द्रिय, मन आदि सामग्री तत्त्वको समुदाय ब्रह्माण्डभरमा कहीँ पनि पाइँदैन । यसकारण खास चेतनको कर्म वासना अध्यासअनुसार नै शरीर, इन्द्रिय, मन आदि निर्माण भएका हुन् । एतदर्थ उपर्युक्त शरीर, इन्द्रिय, मन, वासना कर्म आदिको स्वयं रचना गर्ने चेतन तत्त्वदेखि सर्वदा तथा सर्वथा भिन्न पदार्थ हो । त्यो चैतन्य, जड़ पदार्थ कथमपि होइन । अतएव त्यस्तो तत्त्वदेखि अत्यन्त पृथक् रहेको चेतनलाई जड़कै भाग मान्नु ठूलो भूल र सुतरां एक अविचारको कथन हो ।

(३) तत्त्ववादीहरू चैतन्य पदार्थलाई 'जड़कै अंशबाट बनेको हो कि' भनेर सन्देह गर्छन् भने जड़तत्त्वको जड़ता भाव एवं शब्द, स्पर्श, रूप, रस, गन्ध आदि विषय गुणको भाव चेतनमा रहनुपर्दथ्यो र ज्ञान कलाको बिलकुल अभाव हुनुपर्दथ्यो । यहाँ चेतनमा भने ज्ञान कलाकै सर्वोत्कृष्ट भाव र जड़ताको अत्यन्त अभाव देखिनाले जड़देखि चेतन नितान्त पृथक् पदार्थ हो । यस्तो सत्य चेतनलाई जड़रूप सम्झिनु तिमिराच्छन्न मतिको परिचय दिनु हो, परीक्षाहीन अनुसन्धान हो ।

(४) जड़मा पनि चेतनता तत्त्ववादद्वारा जबर्दस्तीले कायम गर्ने हो भने चार खानीको देहधारी चेतन जीवको शरीरको अतिरिक्त जड़ कारण तथा कार्य समुदाय (ढुङ्गा-मूढ़ा बीज-वृक्ष एवं वेली वनस्पतिहरू) मा शरीरको अङ्ग-अवयव किंवा हाड़, मांस, रक्त, नाड़ी, रौँ, मेद, मज्जा, वीर्य आदि कतै देखिनुपर्दथ्यो, जड़ कारण-कार्यमा यसको कतै रचना हुनुपर्दथ्यो । जब चेतन जीव खुद निवास भएको भूमिकादेखि बाहेक अस्थि, मांस, रक्तादि त अन्त कतै पनि कत्ति पाइन्न [चेतनको कर्मातिरिक्त शुक्र, शोणित, पल आदि जड़बाट कदापि बन्न सक्तैन] भने झन् सबदेखि भिन्नको 'चैतन्य नै जड़को कार्य हो, जड़बाट बनेको हो' भनेर कसरी कल्पना गर्ने ? तैपनि अन्यायपूर्वक 'जड़बाटै चेतन बनेको हो' भनेर पक्षपात गर्ने हो भने, प्रथम जड़वादीहरूले देहधारी चैतन्यको अतिरिक्त केवल जड़ समुदायबाट हाड़ मासु रगतहरूको उत्पत्ति गरेर देखाउन सक्नुपर्दछ । यदि उनीहरू नाशवान हाड़ मांस, रक्तहरू पनि केवल जड़बाट निर्मित भएका देखाउन सक्तैनन् भने, तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतनलाई नै जड़बाट उत्पन्न भएको भन्नु र तदनुसार निश्चय गर्नु, साथै यो असत्यवादलाई मान्नु, आफ्नो हृदयमा प्रश्रय दिनु घनघोरको नासमझी बनाई आफू ठगिनु मात्र हो।

(५) जड़ तत्त्वलाई नै चेतन जीव हो, भनेर तत्त्ववादद्वारा हठले प्रतिपादन गर्ने हो भने ब्रह्माण्डको मूल तत्त्व कारणमा र कार्यरूप बीज-वृक्षादिमा (बड़े-बड़े पर्वत, पाषाण, लौह, काष्ठादि तथा सूक्ष्म-सूक्ष्म अणु तथा परमाणुहरूमा) तीन अवस्था, सुख-दुःख, हानि-लाभ, वासना, मानन्दी, स्मरण, संस्कार, अनुभव ज्ञान इत्यादिको अत्यन्त अभाव किन भएको छ ?

(६) तत्त्वहरू खुद स्वयं आफैले 'म चैतन्य हुँ' भनेर बताउन सक्तछन् र आफूमा चैतन्य भएको दावा [हकको दावी] गर्न समर्थ हुन्छन् भने मात्र चेतन भन्न सकिन्छ, नत्र सिर्फ मानिसले वकालत मात्रै गरेर जतिसुकै व्यर्थको प्रयास गरिरहे पनि त्यसलाई विवेकी-हरूले सही र साँचो मानेर स्वीकार कसरी गर्न सक्तछन् र ?

(७) 'परस्पर तत्त्व-तत्त्वहरूको संयोग मात्रले चेतन पदार्थको उत्पत्ति भएको हो' भनेर मान्ने हो भने अयोग्यबाट अयोग्य वस्तुको उत्पत्ति पनि हुनुपर्दछ। यथा—वन्ध्या स्त्री नपुंसक पुरुषको संयोगले पुत्रोत्पत्ति हुन जाने र शून्यबाट गौ, सर्प, सुवर्ण, स्त्री, मिठाई या मोटर अथवा बम, राकेट आदि बन्नुपर्दछ। जब यो असम्भव एवं अयोग्य कुरा केवल संयोगबाट बन्न सक्तैन भने 'उक्त संयोगवादबाट मात्रै सब थोक बन्दछ' भन्ने ठान्नु मिथ्या-वाद मात्र हो। जस्तो हलेदो र चूनको संमिश्रणले लाली बनेझैं—तत्त्वको संयोगबाट चेतनको उत्पत्ति मान्नु पनि सर्वथा विपरीत छ। किनभने उक्त हलेदो र चूनमा प्रथम लाली रङ्ग भएर नै तत्पश्चात् संयोग हुँदा, 'लाली' प्रकट भएको हो, मेहँदीमा लाली रङ्ग भएर नै पिन्दा रङ्ग प्रगट भएको हो।' यो सब कारणकै गुण कार्यमा देखिएको हो। यहाँ चेतनमा रहेको ज्ञानगुण त्यो जड़ तत्त्वको कुनै पनि कारण-कार्यमा छैन। एतदर्थ ज्ञानगुणसहित चेतन जीव जड़तत्त्वदेखि अत्यन्त पृथक् पदार्थ हो। यसकारणले संयोगवाद जड़वाद आदिद्वारा चेतनको उत्पत्तिको कल्पना गर्नु घोर अज्ञानता हो।

(८) 'यदि चार भूतको संयोगले बनेको देह नै चैतन्यको रूपमा परिणत भएको हो अथवा वाद्य-वादन यन्त्रको शब्दवत् चैतन्य प्रकट भएको हो' भन्ने यस्तो एक मिथ्या कल्पना-लाई सत्य मान्ने हो भने, 'शब्द स्पर्श वायुको गुण, रूप अग्निको, रस जलको, गन्ध पृथ्वीको गुण हो'। अब चेतनको ज्ञान गुण कुन तत्वको गुण या धर्म हो ? त्यो चैतन्य जीवको अतिरिक्त पृथ्वी, जल, अग्नि, वायु आदि तत्वमा चेतन गुण दर्शित हुनुपर्दथ्यो ? त्यो कहीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि देखिँदैन। यसकारणले जो गुण कारणमा नै छैन भने त्यो कार्यमा कहाँबाट आउँदछ र ?

केही गरे देहलाई नै चैतन्य जीव मान्ने हठ गर्ने हो भने दीपकको शिखासमान क्षणिकवर्ती हुनाले पूर्वको संस्कार तथा स्मृति ज्ञान नहुनुपर्ने ? पुनः स्वप्न र सुषुप्तिमा बाह्य इन्द्रिय नासिका, त्वचा, कर्ण आदि खुला रहँदामा र प्राणवायुको क्रिया भै रहँदामा पनि बाह्य विषयको ज्ञान देह इन्द्रियले गर्न सक्नुपर्ने ? किन गर्न सकेन ? देह नै मूल वस्तु भए देह त छँदैछ, किन ज्ञान भएन ? यसकारण ज्ञान कलायुक्त चैतन्य जीव देहदेखि सर्वथा भिन्न छ। उक्त चैतन्य सत्य नित्य शाश्वत वस्तुलाई जड़तत्वरूप मान्नु या देह नै सत्यरूप संझनु ठूलो भूल हो।

उपरोक्त प्रकार चार जड़ तत्वबाट चाहे जुनसुकै पदार्थ बने पनि त्यो सब पाँच विषय र जड़त्वको पार जान सक्तैन। विषय र जड़ताको लक्षणभित्रमै सब समाहित हुन्छ। अतः यो पूर्णरूपेण निर्णीत तथ्य छ कि तत्वको मेल मात्रबाट कदापि चैतन्य कला प्रकट भएको होइन। किन्तु चार खानीको जड़ देहको प्रकाशक, मन इन्द्रियादिको प्रेरक, अनन्त चैतन्य, अजर अमर अविनाशी हो। त्यो स्वतन्त्र द्रव्य हो, ज्ञानाकार हो, साक्षी शुद्ध अखण्ड अक्षय वस्तु हो।

पुनः जस्तो अग्नि र वायुको सूक्ष्म परमाणु पदार्थ नित्य रहे तापनि अन्य तत्वको सम्बन्ध विना त्यसको गुण-धर्म भिन्न जाहिर (प्रकट) हुन सक्तैन, वरन् सम्बन्धमा नै प्रकाशित हुन्छ, त्यस्तै चैतन्य जीव ज्ञानस्वरूप नित्य सत्य भैकन पनि विना देह इन्द्रिय सम्बन्धको अतिरिक्त भिन्न अभिव्यक्त हुँदैन। जस्तो विद्युत उत्पादन केन्द्र [पावर हाउस] बाट निस्केको बिजुली (करेन्ट), तार, ट्रान्सफर्मर, फ्यूज, मीटर इत्यादि सबको कनेक्शन हुँदै बल्ब (चीम) मा आएर प्रकाशित हुन्छ, सिर्फ एकलो प्रकाशित हुँदैन। एवं रीतले चैतन्य जीव पनि जड़ देहको सम्बन्धमा नै [मोटर ड्राइवरवत्] प्रत्यक्ष ज्ञान कलाको प्रतीत हुन्छ अर्थात् शरीरधारीहरूको ज्ञान मानन्दी संयुक्त अनन्त व्यवसाय हुन्छ।

अब जसरी जड़ तत्वको परमाणु सीमासहित प्रत्यक्ष द्रव्य एवं भावरूप पदार्थ हुनाले कदापि कुनै हालतमा पनि अभावरूप शून्य हुँदैन, बिलाएर तथा नाश भएर जाँदैन एवं खण्ड पनि हुँदैन, ठीक यस्तै चैतन्य जीव पनि ज्ञान-गुण धर्मयुक्त नित्य सत्य एकरस एवं सनातन पदार्थ हुनाले कदापि, कहिले, कुनै हालतमा पनि र कुनै काल, अवस्था, भेद, परिस्थिति आदिमा पनि अभाव शून्य हुँदैन, न कथं-कदाचित् खण्ड-खण्ड नै हुन्छ, वरन् अनवरत अविराम तथा अविचल एवं अटल भावले अखण्ड एकरस रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्य जीव—कारण कार्यदेखि पृथक् छ

कारण-कार्यको परिचय

जसबाट अनेक कार्य पदार्थको निर्माण हुन्छ, पश्चात् त्यो निर्मित भएको पदार्थ छिन्न-भिन्न एवं नाश भएर पुनः आफैमा (पहिले जुन तत्वको राशिबाट त्यो नवीन पदार्थ बनेको थियो, त्यसैमा मिल्दछ) समावेश हुन्छ, त्यो कारण पदार्थ हो। आफ्नो स्वरूपबाट पृथक् अनेक पदार्थ बनेर क्षण-क्षण परिवर्तन भएर, सैकड़ौँ आकृति बदलिएर रूपान्तरित हुँदा पनि आफ्नो गुण, धर्म, शक्ति संयुक्त मूल तत्त्व पदार्थको कहिले नाश हुँदैन सदा द्रव्यरूपले अस्तित्व रहिरहन्छ, त्यही कारणको रूप हो।

पुनः जो पदार्थ बनेर केही काल रहेर तदनन्तर नाश हुन्छ, त्यो कार्य पदार्थ हो। बन्ने-बिग्रने क्यै क्षण रहने, अन्त्यमा नाम-रूप मेटिएर लोप हुने त्यही कार्यको रूप हो। जस्तो पृथ्वी-पानी मिलाई (माटो मुछेर) त्यही जल-मिश्रित पार्थिवद्वारा मृत्तिका पात्र [हाँडी, गाग्रा, घ्याम्पा, गोल्फू, भुड्काहरू) बन्दछन् ती सबै कार्य हुन्। आफ्ना साधक-साधक चारै तत्त्वका परमाणु र कार्य बन्ने योग्यता पाएर पदार्थ बन्दछ। यस प्रकार बनेर, दृश्य भएर, परिवर्तित हुँदै अन्ततोगत्वा समाप्त हुन्छ त्यही कार्य पदार्थ हो।

यही कारण-कार्यको तात्पर्य हो। यही कारण-कार्य नैं सारा संसार हो। मृत्तिका पात्र न्याय र सुवर्ण भूषण न्याय समान चारै तत्त्व कारणबाट नै सर्व धातु, उपधातु, बीज, वृक्ष, कंकड़, पत्थर, घर, घट, पट, आदि अनेक कार्य पदार्थको रचना भएको छ।

यो कारण-कार्य भाव तत्त्व पदार्थमा छ, जड़मा छ, विषयमा छ, जगतमा छ, परन्तु चैतन्य पदार्थमा छैन। सारा पिण्ड-ब्रह्माण्ड कारण कार्यरूप हो, तत्त्वकै समुदाय हो, विषयकै भाग हो, जड़कै विस्तार हो। अनित्यतादि विकार संयुक्त हो, दृश्यकै समूह हो, किनभने चार जड़ तत्त्व पदार्थबाट जति चीज बन्दछन् , ती सब जड़रूप नै बन्दछन्। शीत, उष्ण, कठिन, कोमल—यी चार धर्म र शब्द, स्पर्श, रूप, रस, गन्ध, यी पंच विषय नै तिनमा भरिएका छन्। जड़ता तथा शक्ति क्रिया मेल आदिकै समावेश छ। यिनै सब हेतुले प्रत्येक पदार्थको निर्माण र निपात भै रहेको छ।

सदकारणवन्नित्यम् ।

(वैशेषिक दर्शन, अ० ४ । आ० १ । सू० १)

अर्थ—जो प्रत्यक्ष छ, जसको कारण कुनै पनि छैन त्यो नित्य पदार्थ हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त निर्णयअनुसार चैतन्य पदार्थ जड़को कारण-कार्यदेखि अतिशय पृथक् छ, जगत्को यावत् पदार्थदेखि सर्वथा भिन्न छ, प्रकृतिदेखि पर छ, दृश्यदेखि अत्यन्त फरक छ। विशुद्ध छ, प्रसिद्ध छ, प्रत्यक्ष छ, सर्वतोभावेन अखण्ड नित्य छ।

चैतन्य जीव कसैको कार्य होइन, पुनश्च कारण पनि होइन। किनभने, जड़-जड़ मिलेर चैतन्य पदार्थ बनेको होइन। कारण, चैतन्यको खास स्वरूपमा जड़को कुनै पनि लक्षण छैन। जड़ सर्वथा अज्ञात एवं क्रियाशील छ, चेतन सर्वदा ज्ञानस्वरूप तथा शुद्ध स्थिर छ। जड़मा जड़ता भाव र जड़ गुण-धर्मयुक्त छ। चेतन ज्ञानस्वरूप परीक्षक, ज्ञान-गुण, धर्म, शक्ति, सामर्थ्य संयुक्त छ। यदि जड़ पदार्थबाट चेतनको उत्पत्तिको सन्देह गरे तापनि त्यो निर्णयबाट सर्वथा असिद्ध ठहर्दछ; किनकि जुन पदार्थबाट जसको उत्पत्ति हुन्छ, त्यसको गुण-धर्म त्यसमा रहेको हुन्छ। चैतन्य जीव जस्तो जागृतस्वरूप ज्ञाता पदार्थ जड़बाट बनेको भए त्यो जड़को पृथ्वी, जल, अग्नि, वायुमा या पर्वत पत्थर नदी बीज-वृक्षादिमा— इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख, हानि, लाभ, हर्ष शोक, त्याग एवं ग्रहण आदिको चिह्न देखिनुपर्दथ्यो, ज्ञान मानन्दी रहनुपर्दथ्यो, परीक्षा-दृष्टि प्रदर्शित हुनुपर्दथ्यो। जब यो भाव कुनै पनि जड़ तत्त्व समुदायमा अत्यल्प मात्र पनि छैन भने जड़बाट चेतन बनेको कथमपि होइन। अतएव जड़को कार्य चैतन्य जीव मान्नु केवल अज्ञानता मात्र हो।

पुनः अविनाशी चैतन्य जीव कसैको पनि कारण होइन अर्थात् चैतन्य पदार्थबाट जड़ तत्त्वको उत्पत्ति भएको छैन। जो कारण हुन्छ, त्यसबाट वारंवार कार्य पदार्थको उत्पत्ति भइरहन्छ, चञ्चल एवं क्रियाशील हुन्छ, विकारी विनाशी हुन्छ, परिणामी र क्षणभङ्गुर दोषले पूरित हुन्छ। चैतन्य त निर्विकार, निर्मल, निर्दोष, निर्विक्षेप, नित्य, स्थिर, द्रष्टा सत्य पदार्थ हो। चैतन्यबाट यदि कुनै जड़ तत्त्व पदार्थ बनेको भए त्यो पदार्थ पनि ज्ञान मानन्दी संयुक्त हुनुपर्दथ्यो, ज्ञाता परीक्षक एवं अविनाशी रहनुपर्दथ्यो। त्यो त जड़मा छँदै छैन, जड़को कारण-कार्यमा स्थूल सूक्ष्म समस्त पदार्थमा कतै पनि ज्ञानको संचार, भाव, क्रिया, चेष्टा, सुख दुःखादिको प्रतीति आदि देखिँदैन। यसकारण चेतनबाट कुनै जड़ तत्त्व प्रादुर्भाव* भएको छैन।

---

* जड़ उपादान सामग्री लिएर विविध यन्त्र-मशीन, घर, वस्त्र, वर्तन आदि सामग्री मनुष्यहरूले निर्माण गर्दछन्—जस्तो माटो-पानी आदि पदार्थ लिएर चक्र-दण्डाको आधारमा कुमालेले हाँडी गाग्राहरू बनाइदिन्छ। यस प्रकार मानिसद्वारा हुन सक्ने, बनाएर बन्ने पदार्थ-लाई मात्र योग्यतानुकूल बनाईदिन सक्तछ। किन्तु, खास जड़ तत्त्व पदार्थलाई नै मानिसले स्वतः निर्माण गर्न सक्तैन। केवल जड़ तत्त्वकै उपादान सामग्री लिएर त्यही जड़ तत्त्वकै कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनश्च चेतनबाट चेतन बनेको पनि होइन । प्रत्येक चेतन सदा अखण्ड छ, अविचल छ, अपरिवर्तनीय छ । नाश त केवल कार्यको मात्र हुन्छ, चैतन्य त न कसैको कार्य हो, न कारण हो । अतिशय अवाध्य अक्षय पदार्थ हो ।

अपरंच—एक चेतनबाट अनेक चेतन बनेको पनि होइन, अनेक चेतनबाट एक चेतन हुने पनि होइन । जो अखण्ड पदार्थ हो त्यो खण्ड-खण्ड भएर जाने हुँदैन । जो अक्षय पदार्थ छ, त्यो कहिले कुनै कालमा कुनै कारणले, कुनै योग्यताले मात्र पनि क्षय हुने एवं विकृत भएर जाने हुँदैन; सुतरां अविकृत अक्षुण्ण अविकार अनवच्छिन्न रहिरहने अनुपम पदार्थ हो ।

अब जस्तो पृथ्वीको एक अखण्ड परमाणुबाट स्वजाति पृथ्वीको अन्य अनन्त परमाणु बन्न सक्तैन, त्यस्तै एक चेतनबाट अन्य अनेक चेतन बन्न सक्तैन । फेरि पृथ्वीको एक अखण्ड परमाणुबाट विजातिधर्मी अन्य अग्नि वायु आदिको सृष्टि हुन सक्तैन । ठीक त्यस्तै अखण्ड चेतनबाट विजाति जड़ सृष्टि पनि रचना हुन सक्तैन । पुनरपि पृथ्वीको परमाणु जल हुन सक्तैन, जल तत्त्व पृथ्वी बन्न सक्तैन, अग्नि-वायु बन्न सक्तैन, वायु अग्नि पनि कदापि हुन सक्तैन । यी चारै तत्त्व न एक अर्को हुन सक्तछन् न चारै एक हुन सक्तछन् । एवं रीतले अखण्ड अनन्त चेतन जीव एक अर्को हुने पनि होइन, पुनः सबै मिलेर एक हुने पनि कदापि होइन । अनेक चेतन एक हुने भनेर मान्नु केवल कल्पना मात्र हो ।

जड़को कार्य पदार्थ पृथ्वीको रज (अन्नको पीठो अथवा माटोको धूलो) पानीमा मुछ्यो भने एक गोला (डल्लो) पदार्थ बन्दछ, यस्तो तत्वको कार्य पदार्थमा मात्रै हुन्छ । किन्तु कारण पदार्थमा त त्यो पनि बन्दैन । अतः चार तत्त्व कार्य पदार्थमध्ये परस्पर तीन लोप भएर एक पनि कहिले बन्दैन । फेरि एक त्यो मेटिएर उक्त तीनमा पनि समावेश कथमपि हुँदैन । यस प्रकार जब जड़ तत्त्व पदार्थमा सब लोप भएर एक हुन सक्तैन भने तब जड़देखि भिन्नको चैतन्य अखण्ड अनन्त अविनाशी द्रष्टा पदार्थ एक कसरी हुन सक्तछ र ? एतदर्थ न एक अनेक हुन्छ, न अनेक कुनै हालतमा एक हुन सक्तछ । चेतनलाई अनेकबाट एक मान्नु र एकबाट अनेक ठान्नु, त्यो जड़ै समान सम्झेर कल्पना गर्नु मात्र हो । अखण्ड असंग चेतनलाई जड़ झैं परिवर्तनरूप कार्य-कारणरूप संझनु, आफ्नो महान् हानि गर्नु हो, पूरा संशोधन नभएर एक मान्यताको भरमा दौड़नु हो । तसर्थ अनन्त अखण्ड चैतन्य जीव

वस्तु बनाइदिने मात्र हो । उक्त निर्णयबाट साक्षात् चेतन जीव कसैको कारण पनि होइन, सुतरां कार्य पनि होइन । सदा कारण कार्यदेखि भिन्न शुद्ध ज्ञानस्वरूप अकृत्रिम अनाशी अचल एवं अक्षय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदाकाल अखण्डै रहने हुनाले सदा-सर्वदा 'स्व-स्वस्वरूप' अजर अमर अविनाशी पृथक्-पृथक् नै सत्यरूपले विराजमान छ ।

रजोभिः समसंख्याताः पार्थिवैरिह जन्तवः ।
तेषां ये केचनेहन्ते श्रेयो वै मनुजादयः ॥

(भागवत, स्कन्ध ६ । अ० १४ । श्लो० ३)

अर्थ—यो जगत्मा प्राणीहरू पृथ्वीको धूलो कणसमान अनन्त र असंख्य छन् । त्यसमा केही मनुष्य आदि श्रेष्ठ जीवहरू नै आफ्नो कल्याणको चेष्टा गर्दछन् ।

'सत्यं ज्ञानमनन्तं ब्रह्म'

(इति श्रुति)

अर्थ—'ब्रह्म सत्य, चैतन्य, त्यो अनन्त छ ।'

उपर्युक्त प्रमाणबाट आफ्नो स्वरूप कारण-कार्यरहित तथा अजर अमर अखण्ड स्वरूप छ, ठीक त्यस्तै ज्ञान कलायुक्त सर्व देहधारी जीव—एकसमान जाति र गुण-धर्म-युक्त अजर अमर अखण्ड एवं अनन्त छन् । ती सब वासनावशी देहधारी जीव देहलाई धारण गरेर भिन्न-भिन्न भ्रमण गरिरहेछन् ।

यस प्रकार प्रत्येक घटधारी चेतन जीव सब भिन्न-भिन्न छन् । आ-आफ्नो देहका प्रेरक एवं ज्ञाता छन् । स्व-स्व घटको तथा इन्द्रियको सञ्चालक एवं मनोमयको धारक, प्रत्येक चेतन अलग-अलग छ र ती सबै चैतन्य एकनास अपितु समानरूपले बराबर-बराबर छन्, स्वजाति छन्, सत्य छन् ।

चैतन्य जीव अंशांशको भावदेखि पनि अतिशय रहित छ

'अंश' भनेको अंशीवाट निस्केको एक टुक्राको भाग हो । जस्तो समुद्र, नदी, तलाउ आदिबाट घड़ामा पानी झिकिन्छ, विशाल पृथ्वीबाट एक टुक्रा मट्टी लिइन्छ, यस्तै यहाँ सिद्धान्तमा चेतन जीवलाई पनि यसरी कसैको अंश या टुक्रा मान्ने हो भने परिणाममा चेतन जीवलाई खण्ड-खण्ड (टुक्रा-टुक्रा) भएर जाने परिवर्तनशील नै ठान्नुपर्दछ, तब मात्र कसैको अंश भन्न सुहाउँदछ । नत्र त वास्तवमा विवेकपूर्ण न्यायद्वारा (ईमानदारीसाथ) विचार गर्ने हो भने, 'यो चेतन जीव अखण्ड हो, अक्षय हो, सत्य शाश्वत अविनाशी पदार्थ हो ।'—यही यथार्थ विवेकसम्मत सत्य निर्णय हो । यही निर्णय श्रुति स्मृति आदि सर्व शास्त्रहरूले बृहद्रूपले घोषणा गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'न जायते म्रियते वा कदाचिन्नायं ··· ।'
'नासतो विद्यते भावो नाभावो विद्यते··· ।'
'नैनं छिन्दन्ति शस्त्राणि ··· ··· ।'
'अव्यक्तोऽयमचिन्त्यो ··· ··· ··· ।'

(भगवद्गीता, अ० २ । श्लो१ १६,–२०,–२३,–२५,)

संक्षेपार्थ—जुन अविनाशी चेतन आत्मालाई 'न जायते, न म्रियते', भनेर अमरताको ठोस लक्ष्य गराइएको छ, पुनः जसलाई 'अज नित्य शाश्वत पुराण पुरुष' भनेर त्यो चेतनको शाश्वत सनातनताको मार्मिक उद्देश्य बताइएको छ, जुन सारभूत रहस्यलाई 'सद् वस्तुको कहिले अभाव हुँदैन' भनेर युक्तियुक्त अकाट्य प्रामाणिकताको महान् आधारशिलाको संस्थापना गरिएको छ, फेरि जसलाई 'नैनं छिन्दन्ति शस्त्राणि' भनेर शस्त्रले, अग्निले, जलले, वायुले, पृथ्वी इत्यादि कुनै चीजले पनि नाश गर्न नसक्ने संकेत गरेर स्वरूप अखण्डताको दृढ़ बोध गराइएको छ, मुहुर्मुहु जसलाई 'अव्यक्त, अचिन्त्य, अविकार तथा कहिले नबदलिने' भनेर चेतन पदार्थको नित्यता अक्षयताको सर्वोच्च श्रेष्ठता अनुपमता दर्शाइएको छ र महान् स्थिति सुझाइएको छ, यस्तो दिव्य परमपदको स्वरूप चैतन्य आत्मालाई कसैको अंश हो कि ? भनेर तर्क गर्नु या संशय गर्नु अथवा खुद मान्नु एकांशिक भावनाको मात्र मन्तव्य हो । अहो ! जसको त्यस्तो अविनाशी अखण्ड स्वरूप छ, त्यो के अंश या टुक्रा हुन सक्ला ? यदि 'अंश या टुक्रा नै हो' भने त्यो अखण्ड अविनाशी शाश्वत सनातन रहन सक्ला ? अतः चेतन आत्मालाई कसैको अंश हो कि भन्ने सन्देह मात्र गर्नु यथार्थ विवेकको निर्णय नबुझेर गर्नु हो ।

न च भाविकः परमात्मनोंऽशो जीव इति वाच्यम् ।

(उपनिषद)

अर्थ—सत्य अविनाशी चैतन्य जीव परमात्माको अंश होइन, किनकि यस्तो मान्नाले श्रुति-वाक्यमा विरोध पर्छ । त्यो समस्त अंशांश भाव र क्रियादेखि रहित छ ।

यदि हठ गरेरै चैतन्य जीवलाई कसैको [ईश्वर या ब्रह्म आदिको] अंश मान्ने हो भने संसारमा त्यस्तो कुनै पनि प्रमाण छैन, जो एउटै अंश र अविनाशी बनेको पदार्थ होस् । उदाहरणमा—जल अंशी छ भने तरङ्ग त्यसको अंश भयो, परन्तु तरङ्ग अविनाशी होइन अपितु नाशवान हो । घट मृत्तिकाको अंश हो तर त्यो घट अविनाशी होइन । यिनै सब विवेकसम्मत निर्णयका कारणले चैतन्य जीव कसैको अंश होइन, सुतरां साक्षात् अजर अमर अखण्ड अविनाशी सत्य पदार्थ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब 'चैतन्य जीवलाई यथार्थमा अखण्ड एवं अक्षय अविनाशी पदार्थ नै अवश्य हो' भनेर यही सत्य निश्चय गर्ने हो भने, 'यो कसैको अंश हो' भन्ने मान्नु, अखण्ड अक्षय पदार्थ-लाई विकारी बनाउनु कदापि हितकारी छैन, सर्वोचित न्यायसङ्गत विचार यो ठहर्दैन। कारण, अंश भनेपछि खण्ड, टुक्रा, नाशवान, एवं क्षयरूप नै विदित हुन्छ। कदाचित् 'अंशको' मान्यतालाई पनि कत्ति नछाड़ेर अँगालेर नै राख्ने र चेतनलाई खण्ड, क्षय, नाशवान विकारी मान्ने हो भने पुनः त्यसलाई अविनाशी अक्षय अखण्ड चैतन्य नित्य पदार्थ भन्न मिल्दैन। किनभने, यो मान्यतामा अविनाशी अखण्ड अक्षय पदार्थको नै खण्डन हुन्छ र सर्वथा एक जड़ैको मान्यता सिद्ध हुन्छ। एतदर्थ यो चैतन्य आत्मा वास्तवमा कसैको अंश होइन, वरन् अविनाशी अज नित्य शाश्वत सनातन अखण्ड अक्षय नै पदार्थ हो।

चैतन्य स्वरूपको बोध-शोधमा यदि यथार्थ निर्णय नभएर किञ्चित् मात्र पनि हेर-फेर रह्यो र अशुद्ध निश्चय भयो तथा कतै केही कसर रह्यो भने आफ्नो कल्याणमा बहुतै हानि हुन्छ, विपरीत मान्यताले न निर्मल विवेक नै प्राप्त हुन्छ, न स्थिति नै मिल्दछ, न त वासना नै क्षय हुन्छ, अपितु मोक्षपद त लाखौँ-करोड़ौँ कोस दूर रहन्छ। यसकारणले जस्तो चैतन्य जीव अजर अमर अखण्ड अविनाशी एकरस वस्तु छ, ठीक त्यस्तै बोधभावको सर्वाङ्ग र सर्वांश रहस्य तथा निर्णय ग्रहण हुनु परमावश्यक छ।

पुनः यो अनन्त अखण्ड चैतन्य जीवको अतिरिक्त अन्यत्र पृथक् कतै पिण्ड अथवा ब्रह्माण्डमा चैतन्यको समूहरूप विशिष्ट बृहद् चैतन्य पनि रहेको छैन। कुनै कारणरूप चैतन्य अन्यत्र रहेर यो कार्यरूपी चैतन्य बनेको पनि होइन। यदि कतै अन्यत्र विशेष चैतन्य अंशी रूप बृहदाकार मान्ने हो र त्यसैको टुक्रा यो जीव अंशरूप ठान्ने हो भने त्यो पृथक् भएको चेतन पनि अंश निस्किने (अर्थात् चोइटो छुट्टिने) हुनाले विकारी ठहर्दछ, दूषित बन्दछ, खण्ड-खण्डरूपी नाशवान नै साबित हुन्छ। दोस्रो, यता यो बनेको 'अंशरूप चेतन पनि' कार्यरूप नाशवान क्षणिकवर्ती नै हुन आउँदछ, किंवा दुवै अंश-अंशी जड़वत् नै सिद्ध हुन्छन्। अंश अंशीभाव चेतनमा मान्यो कि चेतनलाई जड़ गराइयो, अखण्डलाई खण्ड-खण्ड तुल्याइयो, प्रकाशमय सूर्यलाई अन्धकाररूप माने जस्तै भयो। यद्यपि कसैले सूर्यलाई अन्ध-काररूप संझिदैमा सूर्य साँच्चिकै अन्धकार भएर जाने त होइन। सूर्य त जस्ताको तस्तै परम प्रकाशमान नैं हमेशा विद्यमान रहन्छ। केवल त्यस्तो मान्यताले आफूलाई आफैले (अज्ञान एवं नासमझीवश) अबोधी गराउनु मात्र हुन्छ। एकथोकलाई अर्कै थोक संझिदैमा त्यो चीज अर्कै भएर जाने होइन। केवल विपरीत समझलाई धारण गर्नाले आफू अविवेकी बन्नु र सत्य पदार्थबाट मिल्ने महान् लाभदेखि वञ्चित हुनु मात्र हुन्छ सुतरां स्वयं बेसरी ठगिनु मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । त्यस्तै अखण्ड चेतन नित्य पदार्थलाई अंश-अंशी मान्नु सारै भूल र अज्ञान सिद्ध हुन्छ । एतदर्थ चैतन्य जीव अंश कथमपि होइन ।

चैतन्य जीव उत्पत्ति प्रलयदेखि रहित छ

न कश्चिज्जायते जीवः संभवोऽस्य न विद्यते ।
एतत्तदुत्तमं सत्यं यत्र किञ्चिन्न जायते ॥

(माण्डुक्योपनि०, गौ० का० शां० भा० अ० शा० प्र० मन्त्र ४८)

अर्थ—कुनै पनि जीव उत्पन्न हुँदैन, किनभने त्यसको कुनै कारण नै छैन । जुन शाश्वत सनातन स्वरूपमा कसैको उत्पत्ति हुँदैन—[अर्थात् जो कार्य-कारणदेखि पर र अंशाशी भावदेखि भिन्न छ] त्यही सर्वोत्तम सत्य हो ।

जो प्रत्यक्ष छ, र जसको कारण-कर्ता केही देखिन्न, त्यो नित्य पदार्थ हो । यसकारण नित्य सनातन चेतन जीव उत्पत्ति प्रलयदेखि सदा भिन्न छ, यो नितान्त ध्रुव छ ।

अब 'जड़ तत्त्वबाट चेतनको उत्पत्ति हुन्छ कि भन्ने कल्पना सर्वथा मिथ्या हो', सो पूर्वका प्रसङ्गहरूद्वारा निर्णय भइसकेको छ । किनभने जड़बाट जति पदार्थको उत्पत्ति भए पनि ती सब जड़ नै हुन्छन्, चेतन कदापि हुँदैनन् । कदाचित् चेतनबाट चेतनको उत्पत्ति हुन्छ कि ? भन्ने विकल्प लिएमा त्यो पनि सर्वथा असम्भव कुतर्क मात्र हो । किनकि, चेतन ज्ञान स्वरूप निष्क्रिय छ, त्यसबाट कुनै पदार्थको पनि उत्पत्ति कदापि हुँदैन ।

निष्कलं निष्क्रियं शान्तं निरवद्यं निरञ्जनम् ।

(श्वेताश्वतरोपनि०, अ० । मन्त्र १८)

अर्थ—जो कलाहीन, क्रियाहीन, शान्त, अनिन्द्य निर्लेप छ ।

अतएव कुनै चेतनबाट कुनै चैतन्यको उत्पत्ति भएको पनि कथमपि होइन, कारण चेतन उत्पत्ति र विनाशदेखि रहित छ । यस प्रकार जसको कहिले कुनै कालमा कुनै पदार्थबाट उत्पत्ति हुँदैन, त्यसको कुनै हालतमा पनि नाश हुँदैन । यस्तो उत्पत्ति र नाशरहितको अनादि अविनाशी पदार्थ हो । त्यो अनन्त कालदेखि स्वतः स्वयं जानमात्र एकरस रहँदै आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टम प्रकरण

भूल-अज्ञानद्वारा प्राप्त भएको दुःखको विवरण

सकल शास्त्रादिको प्रमाणद्वारा तथा सत्य एवं श्रेष्ठ विवेकद्वारा समस्त कारण-कार्य-देखि भिन्न पुनः देह इन्द्रिय पाँच विषय र अन्तःकरण चित्त चतुष्टय प्राण इत्यादि सम्पूर्ण जड़ समुदायदेखि पृथक् साक्षी, चैतन्य, अजर अमर नित्य अविनाशी एकरस भएको प्रत्यक्ष प्रमाणसहित निर्णय भइसकेको छ । अब यस्तो चैतन्य सत्य एवं शाश्वत जीव जड़ देह सम्बन्धमा कसरी भुलेर दुःख पाइरहेको छ ? त्यसको पनि यथार्थ निर्णय मुमुक्षुले बुझ्नु अत्यावश्यक छ । त्यही विचारको चर्चा गरिन्छ ।

वासनावशी अनन्त चेतन जीवहरू सबैले स्व-स्वदेह धारण गरिरहेका सबैलाई विदितै छ । यसको मूलकारण अविनाशी चैतन्य जीवले मुख्य आफ्नो सद्स्वरूपलाई नै अनादि कालदेखि भुलिरहेको छ । त्यही भूलको कारणले देहरूपी बन्दीखानमा परी, जन्म मरण गर्भवासमय कारागारको कैदमा फँसी वारंवार त्रिविध तापरूप असह्य कष्ट-क्लेशको सास्ती खाइरहनुपरेको छ । यस्तो शरीर-सम्बन्धको दुःख सबैलाई प्रत्यक्ष अनुभव भएकै छ ।

धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥

(भगवद्गीता, अ० ३ । श्लो० ३८)

अर्थ—जस्तो अग्नि धूवाँले ढाकिन्छ, ऐनालाई मयलले ढाक्तछ, यथा गर्भलाई सालले ढाक्तछ, ठीक त्यस्तै यो आत्मालाई अज्ञानले ढाकेको छ ।

भूलको कारण

जस्तो अन्धकारमा परेको डोरीलाई देखेर त्यसको यथार्थ परीक्षा नभएर भूल हुन्छ । तत्पश्चात् पूर्वदृष्ट सर्प संस्कार उदय भएर त्यो रज्जुमा सर्पको भ्रम हुन्छ । यस प्रकार भ्रम हुनासाथ त्यही निश्चय एवं मानन्दी अत्यन्त दृढ़ भएर भय, कम्पन, घबराहट तथा त्रासको शब्दोच्चारण आदि दुःख हुन थाल्दछ । यद्यपि त्यहाँ डोरीमा सर्प त छैन, किन्तु मिथ्या निश्चयले नै त्यो सारा कष्ट हुन्छ । तथापि मिथ्या निश्चयले (त्यस समयमा) त्यत्ति कै भय र दुःख प्राप्त हुन्छ, जत्तिको सच्चा सर्प भेटिँदा हुन्छ । अब त्यो भूलले पैदा भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कष्टलाई निवारण गर्न रोएर, कराएर या डोरीलाई पिटेर चुटेर पनि त्यो शंका एवं सन्देह निवृत्त हुँदैन। सिर्फ एक दीपकको प्रकाश ल्याएर देखाइदिए मात्र प्रकाशमा रज्जुको ज्ञान हुनासाथ त्यो सारा भूल-भ्रमसहितको भय दुःख बिलाएर जान्छ। तद्वत् यहाँ देह-सम्बन्धमा इन्द्रिय मनद्वारा विषयमा सुख-भ्रमको निश्चयले र परोक्ष वाणीको भास अध्यास अनुमान कल्पनाको आवरण परेर त्यसैबाट अनन्त अज्ञान पुष्ट भएर पुनः नाना सकाम कर्म बनेर तदनन्तर त्यसैको फलरूपमा आवागमनादिको असंख्य दुःख प्राप्त भइरहेको छ। वास्तवमा जसको अज्ञानबाट जो दुःख प्राप्त भएको छ, ठीक त्यसैको ज्ञानबाट मात्र त्यो दुःख सर्वथा निवारण हुन्छ।

तद्योगोऽप्यविवेकान्न समानत्वम्।

(सांख्यदर्शन, अ० १। सू० ५५)

अर्थ—तद्योग—प्रकृतिको पुरुषसँग संयोग; अपि—पनि; अविवेकात्—अविवेकबाट मात्र भएको हुनाले; समानत्वम्—समानता; न—हुँदैन।

व्यवस्था—प्रकृति र आत्माको पारस्परिक संयोग अज्ञानद्वारा नै भएको छ। यस-कारण त्यसमा समानता मान्न हुँदैन। जब त्यो आत्माको ज्ञान साधन आदिद्वारा चेतन र जड़को भेद प्राप्त हुन्छ, तब त्यसको अविवेक निवृत्त हुन्छ। किंवा त्यो प्रकृतिको सम्पर्कबाट पृथक् हुन्छ तथा वर्तमानको कुनै अविवेकले बन्धनमा परेको छ भने त्यो पनि ज्ञान-साधनद्वारा बन्धनबाट छुट्दछ। अतएव यसबाट यही सिद्ध भयो कि अविवेकबाट उत्पन्न भएको 'आत्मा र प्रकृतिको संयोग' आत्माको वास्तविक बन्धन होइन।

अज्ञानद्वारा आफैलाई आफैले भुलेर भएको दुःखको दृश्यावलोकन

(१) एक कुकुर चारैतिर दर्पण (ऐना) टाँगिएको काँच-महलमा संयोगवश पुग्यो। जानासाथ ऐनामा आफ्नो छाया देख्यो। त्यो दृश्य देख्नासाथ आफूलाई अत्यन्त बिर्स्यो र तत्पश्चात् त्यसलाई एकदम भूल भयो। त्यो देखिएको आफ्नो प्रतिबिम्बमा अर्को (दोस्रो) श्वान रहेछ भन्ने भ्रम भयो, भ्रमको साथैमा निश्चय भयो कि 'त्यो दोस्रो मेरो शत्रु कुकुर हो।' यस्तो मानन्दी दृढ़ हुनासाथ भुक्ने क्रिया गर्न लाग्यो। पश्चात् जति-जति भुक्दै गयो, उति-उति त्यो काँच-महलबाट पनि आवाज आउन थाल्यो। तब र त्यो प्रतिध्वनि बाट समेत भ्रम पुष्ट भएर उक्त भूल-भासमा नै भ्रमदा-भ्रमदा अर्थात् भुक्ने क्रिया गर्दा-गर्दा अनन्त कष्ट सहनुपऱ्यो। तद्वत् यो चेतन जीवले देहरूपी काँच-महलमा नाना कल्पनारूपी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयको गुण-धर्मलाई आफ्नो स्वरूप मानेर भुलेर भटकेर इन्द्रियद्वारा अनन्तानन्त शुभाशुभ कर्म गरेर तत्तत् कर्मानुसार विपुल देह धारण गरेर अनादि कालदेखि अनवरत दुःख-सुखको भोक्ता हुँदै आइरहेछ। अब यस्तो उपरोक्त दुःख अन्य कुनै उपायबाट पनि छुट्न सक्तैन। केवल स्वयं चेतन जीवले जुन शुद्ध स्वरूपलाई भुलेर सब दुःख उत्पन्न भएको छ, त्यही खास सत्य एवं नित्य वस्तुलाई सत्सङ्गद्वारा जानेर जब स्थिति प्राप्त गर्दछ तब मात्र उक्त समस्त दुःख समाप्त हुन्छ, नत्र कदापि त्यो सङ्कटबाट छुटकारा पाउन सक्तैन।

(२) गहन जङ्गलमा एक सिंह परिभ्रमण गरिरहन्थ्यो, बड़ो क्रूरतासाथ जीव-जन्तुहरूलाई आक्रमण गर्दथ्यो। त्यो सिंहले एकदिन वनभित्रको एक इनार (कूवाँ) जस्तो गहिरो पोखरी देखेछ। हेर्नासाथ आफ्नै शरीरको छाया पानीमा देखी भ्रम हुन गयो र दोस्रो अर्को सिंह भन्ठानेर रीसले चूर भएर जोड़दार रूपमा गर्जना गऱ्यो। तब आफूले जस्तो मुखाकृति लगाएर क्रोधान्ध भएथ्यो, जलमा पनि तदनुसारै दोस्रो सिंह क्रुद्ध भएर झंटिन खोजेको छायाको दृश्य देख्यो। पुनः पूर्व आफूले गर्जेको घोर शब्द प्रतिध्वनिरूपमा फर्किँदा उसले (छायाले) पनि गर्जना गरेको भान पऱ्यो। तब त्यसले भन्ठान्यो कि 'द्वितीय शार्दूलले मसँग लड्न गर्जना गरेको हो'। यो भ्रम हुनासाथ, आफ्नो विनाश हुने होशै नराखेर कत्ति केही विचारै नगरेर त्यही गहिरो जलाशयको विकराल खाल्डोमा फाल्हाल्यो। बस, पानीमा पुग्नासाथ न त्यहाँ कोही शत्रु सिंह थियो, खालि गहिरो जल मात्र थियो। केवल आफ्नै अज्ञान एवं नासमझीले आफैलाई काल बेसाएर पानीमा डुबेर मऱ्यो। तद्वत्, यो चेतन जीव पनि देह इन्द्रियादिको अनेक विकल्प भासरूप प्रतिबिम्बलाई सत्य मानेर भ्रम तथा मानन्दी पुष्ट गरेर आफूलाई सर्वथा बिर्सेर भुलेर, भट्केर, नाना कर्म गरेर आवागमनको दुःखमा परिरहेछ।

(३) एक महान् अरण्यमा एक स्फटिक शिला थियो। विशालकाय एक जङ्गली हात्ती कतैबाट आयो र त्यो स्फटिक शिलालाई देख्यो। मदमत्त गजेन्द्रले त्यो स्फटिक पाषाणमा आफ्नो छाया देखेर दोस्रो शत्रु हात्तीको भान गऱ्यो। यस्तो विपरीत निश्चय हुना-साथ घोर चिंघार गरेर (ठूलो शब्दले कराएर) त्यही शिलामा आफ्ना लामा-लामा दाँत (दाह्रा) बलपूर्वक धँसिदियो। यस प्रकार खूब जोड़सँग पत्थरमा टक्कर मार्दा त्यो हात्तीको गण्डस्थल फुटेर चकनाचूर भयो। बस, आफ्नै अज्ञानले घोर दुःख पाएर गजराजलाई मृत्युको मुखमा पर्नुपऱ्यो। ठीक यस्तै यो चैतन्य जीव पनि शरीर सम्बन्धमा खानी अध्यासको पञ्च विषय जालमा र वाणीको अनन्त कल्पना फाँसमा एवं नाना भ्रान्तिमा परेर अज्ञानवश असंख्य कष्ट पाइरहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) बाँदरलाई समात्न मानिसले एक सुराहीमा आधा अन्न भरेर त्यो सुराहीको मुख मात्र देखिने गरेर जमीनमा गाड़िदिन्छन्। पछि, बाँदर आएर भूमिको अन्न टिपेर जब खान लाग्दछ, तत्पश्चात् त्यो सुराहीभित्र पनि हात हाली हेर्दछ, तब पात्रभित्र पनि अन्न पाउँदा खुशी भएर त्यही अन्नलाई हातभरि मुठ्याई हात बाहिर झिक्न खोज्दछ। किन्तु सुराहीको मुखबाट हात ननिस्किँदा त्यसैमा बाँधिएर बस्दछ। यद्यपि त्यो बाँदरले खाली हात सुराहीबाट झिकेको खण्डमा तुरुन्त हात निस्कन्थ्यो र आफू त्यहाँबाट उम्केर जान पाउँदथ्यो, परन्तु लोभी बाँदर आफ्नै नासमझी तथा भूल अज्ञानले सुराहीभित्र मुट्ठी पारेरै अड्केर बसिरहन्छ। तदनन्तर त्यो पासो थाप्ने मानिस आउँछ र 'आफ्नै बेवकूफीले फँसेर रहेको बाँदरलाई देखेर' सजिलैसित जालमा पारी पक्रन्छ। पछि, लट्ठीले कुटी-पिटीकन नचाउँदै यत्र-तत्र घुमाउँदै फिराइरहन्छ। तद्वत्, यो चैतन्य जीवले पनि देह-संघातमा अनेक लत-आदत, आसक्ति धारण गरेर स्वयं भुली-भटकी दुःख पाइरहेछ।

(५) ग्रीष्म ऋतुको मध्याह्न कालको प्रचण्ड गर्मीमा नदीको तप्त बालुवाको रेतामा [अर्थात् जहाँ पानीको लेश मात्र छैन तापनि टाढ़ाबाट जलको जस्तो भ्रम पर्नाले] त्यो मृग-मरीचिकामा मृगहरू दौड़ी-दौड़ी दुःख पाइरहन्छन्। किन्तु त्यो तप्त बालुवामा जति पानी खोजे पनि, जति दौड़-धूप लगाए तापनि असह्य कष्ट मात्रै सहनुपर्दछ र निदान पानी नपाएर प्यासैमा तिनीहरूलाई प्राण गुमाउनुपर्दछ। ठीक यही रीतले यहाँ चैतन्य जीव पनि आफ्नो निजस्वरूपलाई भुलेर बाहिर विषयादिबाट सुख शान्ति तथा तृप्तिको प्राप्ति होला कि भनी आशा तथा कल्पना गरी दुःख पाइरहेछ। अन्ततोगत्वा सर्वश्रेष्ठ मानव जीवनको अमूल्य समय, शक्ति, श्रम, बुद्धि, बल, आयु आदि सबलाई गुमाई पश्वादि खानीहरूमा गएर त्रयताप-को अनन्त सास्ती खाइरहेछ।

(६) सुगालाई पक्ड़न मानिसले एक सानो पोखरीको वरपर दुवैपट्टि बाँस गाड़ि-दिन्छन्। पोखरीको आर-पार पुग्ने गरी त्यो बाँसमा लामो डोरी बाँधिदिन्छन्। त्यो डोरीमा पुनः बाँसको ढुंग्रो उनिदिएर त्यही ढुंग्रोमा खुर्सानी झुण्ड्याइदिन्छन्। सुगाहरू त्यो खुर्सानी झुण्ड्याएको देखेर खानको निमित्त बड़ो हर्षसाथ दौड़ेर आई त्यही बाँसको ढुंग्रोमा बस्तछन्। त्यो बाँसको ढुंग्रोलाई समाउनासाथ ढुंग्रो फरक्क फर्कन्छ र सुगा उँधो मुण्टो भई लट्किन्छ। पश्चात् सुगाले तलतिर हेर्दछ, हेर्नासाथ पानीमा आफ्नो छाया देख्दछ। त्यो आफ्नो प्रतिबिम्बलाई अर्को कुनै शत्रु मानी त्यसले आफूलाई आक्रमण गर्ला कि भन्ने आशंकाले अत्यन्त भयभीत एवं भ्रमित भएर एकटक लगाइरहन्छ। तब त्यो जाल थाप्ने व्याधाले आएर सहजैमा सुगालाई समाती पिँजड़ामा कैद गरी लगी बेचिदिन्छ। यस प्रकार आफ्नै अबझपन एवं कुमतिले (जालमा परेको) त्यो सुगालाई सदाको निमित्त पिँजड़ारूपी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारागारमा कैद भएर आजीवन पराधीन बनिरहनुपर्दछ। त्यस्तै यता चैतन्य जीव पनि आफ्नो नित्य अविनाशी स्वरूपलाई बिर्सेर जड़ पञ्च विषय दुर्भासलाई नै सत्य मानेर वासना अध्यासवश गर्भको यातना सहिरहेछ, परवश बनिरहेछ।

(७) कोही महान् सम्पत्तिशाली सेठले मदिरा पान गरेर त्यही नशाको वशमा आफ्नो खजाना तथा व्यापार आदि सब चीजलाई भुलेर आफूलाई सारै दुःखी कङ्गाल एवं दरिद्र सम्झेर घर-घर भिक्षा माग्न लाग्यो। अब त्यसको नशा नउत्रिञ्ज्यालसम्म त्यसलाई (त्यही मदिराको जोशमा) आपाततः दुःखै मात्र पाइरहनुपर्दछ। तद्वत्, यहाँ चैतन्य जीव पनि शरीर सम्बन्धमा पाँचै विषयरूपी नशा पिएर आसक्तिमा लट्ठ परेर कामी क्रोधी लोभी मोही अज्ञानी तामसी बनेर दीन दुःखी अनाथ भएर अनन्त दुःख पाइरहेछ।

(८) पीङमा रमाउने मानिस आफैंले पीङमा सुख मानी स्वयं पीङ खेल्न जान्छ। प्रथम आफै त्यो पीङमा चढ्दछ, पीङलाई मच्चाउँदछ तत्पश्चात् पीङ बेसरी मच्चिइसकेपछि, आफू त्यसैमा बाँधिएर (पराधीन) भई बस्दछ। यो पराधीनको कष्ट उसले आफैंले बेसाएको बन्धन हो। तद्वत्, चैतन्य जीव पनि इन्द्रियको विषय भोगमा लीन भएर जीवन-भर चिन्ता, चाहना, कल्पना, तृष्णा आदिमा सन्तप्त भएर त्यही वासनाध्यासवश पछि चारखानी चौरासीमा अनन्त देह धारण गरी महान् सास्ती खाइरहेछ। अतएव चैतन्य जीवलाई शरीर धारण गरी अनन्त दुःख पाउनुपरेको, हमेशा त्रयतापको गोता खाइरहनु-परेको मूल-मुख्य कारण आफैंले आफूलाई भुलेर अज्ञानवश नाना कर्म गरेर बनाएको बन्धन हो।

बन्धो विपर्ययात्।

(सांख्य दर्शन, अ० ३। सू० २४)

अर्थ—विपर्ययात्—ज्ञानको विपरीत अर्थात् अज्ञानले; बन्ध—जन्म मरणको बन्धन हुन्छ।

उपरोक्त प्रकार तथा प्रमाणबाट यो चैतन्य जीवले अनादि कालदेखि आफ्नो सत्य स्वरूपलाई स्वयं भुलिरहेको छ। त्यही भूलले सम्मुख पदार्थमा भ्रम प्रतीत हुन्छ। चेतन जीवको अगाड़ि 'शरीर, इन्द्रिय, मन, पाँच विषय', यही अनादि कालदेखि पर्दै आएको छ। आफ्नो सत्यता, नित्यता, सुख एवं तृप्ति संझी वारंवार भ्रम हुन्छ। यस प्रकार भूल अज्ञानद्वारा जब मुहुर्मुहु भ्रम दृढ़ हुन्छ, तब त्यही भास वृत्तिलाई नै मनले सत्य र सुरुचिकर ठहराएर त्यही मानन्दी अध्यास समूह नै मन बनेर पुष्ट हुन जान्छ। तत्पश्चात् त्यही मानन्दी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार नै क्रिया हुन्छ। एतावता तब त्यही क्रियाबाट समस्त विषयजनित जगत प्रपञ्च व्यवहारको विस्तार हुन्छ।

इन्द्रियद्वारा पाँचै विषयको भोग भोगेपछि, त्यसैको अन्तःकरणमा छाप अर्थात् फोटो टिक्छ, त्यही संस्काररूप वासना हो, त्यही वासना नै मन एवं मानन्दी हो। आफू (स्वर्ग) चैतन्य जीवलाई शरीर धारण गराइदिने मुख्य मूलकारण तथा बीजरूप त्यही वासना हो। त्यही वासनाले नै यता शरीर छुटेपछि चैतन्य जीवलाई गर्भवासमा पुऱ्याइदिन्छ, तब नै उक्त वासनानुसार गर्भमा शरीरको रचना हुन्छ।

जस्तो विना बीजको वृक्ष हुँदैन, पुनः विना वृक्षको बीज पनि हुँदैन दुवैको उभय सम्बन्धबाट नै बीज-वृक्षहरूको प्रवाह तारतम्य चलिरहेको छ, ठीक त्यस्तै वासनाद्वारा नै चेतन जीवको देह सम्बन्ध भएको र त्यही देह सम्बन्धद्वारा नै वासना अध्यासको निर्माण भैरहेको छ।

अज्ञानको दिग्दर्शन

जस्तो अन्धकारमा केही पनि देखिँदैन। कहाँसम्म भने अझ निष्पट्ट अन्धकारमा त खास साथमा रहेको आफ्नो हात खुट्टासम्म पनि कत्ति देखिँदैन। जस्तो केटाकेटी (नानी) हरूलाई अथवा धेरै श्रान्त-क्लान्त मानिसलाई घोर निद्रामा सुतिरहेको वेलामा धेरै बोलाउँदा अथवा चिच्याउँदा या विशेष घचघच्याउँदामा पनि उठाउन तथा जगाउन मुश्किल पर्छ, सारै झुम्म भएर बेखबर भै सुतिरहन्छन्, जस्तो धेरै मदिरा पिएर लठ्ठ परेको मानिसलाई होशमा ल्याउन बहुतै कठिन पर्छ, एकदम बेहोशले लड़िरहन्छ, जस्तो गाँजा भाँग, धतुरो, अफीम, आदि मादक पदार्थको सेवनले चूर भएको अम्मली मानिस नशामा एकदम अचेत रहन्छ, ठीक यस्तै यता चैतन्य जीवलाई पनि आफ्नो स्वरूपको भूल भएर अनादि कालदेखि जड़ देह बन्धनमा बाँधिएर विषयादि नाना मलिन कर्म गरेर आएको हुनाले त्यही भूल अज्ञानले, अत्यन्त आवरण गरिरहेको छ। यही भूलले नै सारा त्रिविध तापमय कर्म बनिरहेको छ तथा जन्म मरणादि अनन्त कष्टमय बन्धन बढ़ि-रहेको छ।

उपरोक्त प्रकार यही भूल एवं अज्ञानले नै स्व-स्वरूपको विस्मरण अर्थात् अबोध भै रहेको छ। यही अविद्या अन्धकारले नै जीवलाई ढाकिरहेको छ। यही अबोध-रागले नै ठूलो अचेती, बेहोशी भइरहेको छ। यस प्रकार चैतन्य जीवले स्वयं आफूलाई भुल्दा अज्ञान बन्यो, पुनः त्यही अज्ञानबाट आफै चैतन्यलाई प्रबल बन्धन भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो त्यो अज्ञानको आकारयुक्त कुनै स्वतन्त्र स्वरूप छैन । केवल इन्द्रियको विषय-संस्कार दोषले उत्पन्न भएको मनुष्य जीवहरूको जड़ासक्ति नै अज्ञान हो ।

इन्द्रियदोषात्संस्कारदोषाच्चाऽविद्या ।

(वैशेषिक दर्शन, अ० ९ । आ० २ । सू० १०)

अर्थ—इन्द्रिय दोषात्—इन्द्रियादिमा विपरीत ज्ञान (भ्रम) हुनाले; च—अर्को; संस्कार दोषात्—संस्कार पनि दूषित हुनाले, त्यसैलाई; 'अविद्या'—'अविद्या' भन्दछन् ।

यो 'जड़ शरीर' यही मुख्य मायाको स्वरूप हो, यही काया नै बन्धनको रूप हो । पुनः बाह्य पञ्च विषयमा र साथको आफ्नो देहमा आसक्त हुनु, यही 'जड़ासक्ति' हो । पुनरपि त्यही सूक्ष्म अध्यासलाई दृढ़तापूर्वक मान्नु एवं मानन्दी गर्नु यही 'अज्ञान' हो ।

अर्थात्—निज स्वरूपलाई भुलेर विपरीत निश्चयरूपी जो भ्रम हुन्छ, त्यही अबोध-अज्ञान हो, त्यही उल्टो समझ हो, त्यही मानन्दी हो र त्यही अध्यासको समूह हो, त्यही आसक्ति हो एवं मनोमय कामनाको रूप हो । त्यो केवल आफ्नो स्वरूपको अबोध दशाबाट उत्पन्न हुने एक काल्पनिक भ्रान्ति हो । जस्तो—भूत-प्रेतको भ्रम, विषयमा सुख-मानन्दीको भ्रम, नाना परोक्ष कल्पित वाणी जालको भ्रम इत्यादि । यसप्रकार जो भूल-भ्रम हो, अज्ञान हो, त्यो ज्ञानद्वारा सम्पूर्णरूपले सर्वथा बाध हुन्छ ।

अनादिरविवेकोऽन्यथा दोषद्वयप्रसक्तेः ।

(सांख्य दर्शन, अ० ६ । सू० १२)

अर्थ—अविवेक—अविवेक; अनादि—अनादि हो; यसबाट अन्यथा—विपरीत मान्नाले; दोषद्वय—दुइ प्रकारका दोषको; प्रसक्ते—प्रसङ्ग उपस्थित हुन्छ ।

व्याख्या—जस्तो आत्मा चेतन अनादि हो, त्यस्तै अविवेक अज्ञान पनि अनादि हो । किनभने, अविवेकको कारणले नै आत्मालाई बद्ध अवस्था अर्थात् जन्म-मरणको चक्रमा पर्नु परेको छ । यदि अविवेक (अज्ञान) लाई अनादि नमान्ने हो भने—यसमा दुइ दोष उपस्थित हुन्छ । एक त अनायासैमा (जतिखेर पनि) अज्ञान उत्पन्न हुने र मुक्त अवस्था भएकालाई पनि अविवेक उत्पन्न भएर बन्धनमा पर्न जाने सम्भावना हुन सक्छ । दोस्रो कर्म आदिबाट अज्ञान उत्पन्न हुन्छ भनेर मान्ने हो भने त्यस्तो अविवेकलाई उत्पन्न गरिदिने कर्मलाई नै प्रथम खोज गर्नुपर्ने र पुनः त्यो कर्मको पनि जो कारण हो, त्यसलाई समेत पत्ता लगाइरहनुपर्ने छ । यसबाट अनवस्था दोषको प्राप्ति हुन आउँछ र परम्पराको अन्त हुन सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः त्यो 'अज्ञान' कुनै स्वतन्त्र द्रव्य तथा पदार्थ होइन अपितु मिथ्या नाशवान केवल भूल-भ्रमरूप काल्पनिक विषय हो। त्यस्तो असत्य अज्ञानलाई कुनै-कुनै शास्त्रकारहरूले द्रव्यरूप पदार्थ भनेर पनि मानेका छन्। किन्तु त्यो सर्वथा परीक्षारहितको मान्यता हो। यदि अज्ञानलाई पदार्थरूप मान्ने हो भने त्यो ज्ञानले नाश हुन सक्तैन। एतावता ज्ञानले नाश त त्यसैको हुन्छ, जो भूल-भ्रमरूप छ, जो मिथ्या मानन्दी मात्र छ, जो काल्पनिक छ र जो प्रतिभास मात्र छ। जस्तो रज्जु-सर्प, ठूठ-चोर, रजत-सीप एवं मृग-जल। यसकारण ज्ञानले अज्ञानको नाश अवश्य हुन्छ, किनकि अज्ञान खालि भूल-भ्रम मात्र हो, मिथ्या हो। रज्जुमा सर्पको भ्रान्ति भएर जतिसुकै तर्सेको मानिस भए पनि प्रकाशद्वारा रज्जुको ज्ञान हुनासाथ उक्त सर्पको भय भ्रम एकदम निवृत्त हुन्छ। एतदर्थ ज्ञानले अज्ञानको नाश नितान्त एवं निश्चितरूपेण हुन्छ।

न नित्यः स्यादात्मवदन्यथानुच्छित्तिः।

(सांख्यदर्शन, अ० ६। सू० १३)

अर्थ—आत्मवत्—आत्माको समान, न नित्यः स्यात्—अविवेक नित्य होइन, अन्यथा—यस्तो नमान्ने हो भने, त्यसको अनुच्छित्ति—नाश हुने छैन।

व्याख्या—चैतन्य आत्मा अविनाशी नित्य हो। अविवेक अनित्य हो। यदि अविवेकलाई अनित्य नमानेका खण्डमा त्यो अविवेक त कहिले पनि नाश नहुने हुन्छ। पुनः आत्मज्ञान भएर मोक्षपद प्राप्ति भइसकेपछि पनि अविवेक रहिरहने (मान्नुपर्ने) हुन्छ, तसर्थ मोक्ष आदि सबै असिद्ध हुन्छ। तर, यस्तो कदापि होइन, यथार्थमा अज्ञान नै अनित्य पनि हो र त्यसको नाश पनि अवश्यमेव हुन्छ।

यता चैतन्य जीवले अनादिकालदेखि शरीर सम्बन्धमा आफ्नो नित्य-सत्य स्वरूपलाई कण्ठ-भूषण न्याय स्वयं भुलेर रहेको छ तथा सुखाध्यास वासनावश मानन्दी संस्कार लिएर जड़ ग्रन्थिरूप देह लिँदै छोड़दै (अर्थात् सतत प्रवाहरूपले देह सम्बन्ध हुँदै) आएको छ। यसको प्रत्यक्ष प्रमाण स्वयं सबको साथमा शरीरमा मौजूद रहेको छ। जहाँ शरीर छ भने त्यहाँ सब बन्धन आवागमन एवं जन्म-मरण भइरहेको छ। यो सबैलाई प्रत्यक्ष अनुभव पनि छ। यसकारण जसरी अहिले वर्तमान कालमा सबैले आफूलाई भुलिरहेका छन् त्यही भूल भ्रम एवं अज्ञानकै वशमा परेर अनेक विषयादिको कर्म गरेर, स्वयं नाना प्रकारका आदत-लत धारण गरेर, आसक्ति अध्यासमा फँसेर, अनन्त बन्धन बनाएर दुःख पाइरहेछन्। ठीक त्यसै गरी अनादि कालदेखि यो चैतन्य जीव स्वयं जड़ देह सम्बन्धमा भुलेर विषय सुखाध्यासवश अनेक सकाम कर्म गरेर देहधारण गर्दै आइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनादिकालोऽयमहंस्वभावो जीवः समस्तव्यवहारवोढ़ा ।

(विवेक चूड़ामणि, श्लो० १८६)

अर्थ—शंकराचार्य भन्नुहुन्छ—अनादि कालदेखि अहंकार स्वभावयुक्त सब जीव अनेक व्यवहार गर्दै आइरहेका छन् ।

आफ्नो निजस्वरूपको भान नहुनु, देह बन्धनबाट मिलेको कष्टको केही परीक्षा नहुनु, यथार्थ दुःख-सुखको कुनै विचार नगर्नु, परिणामको हानि-लाभको ख्याल नरहनु, विषयबाट आएको अनन्त ताप, भार, परिश्रम, विपुल सङ्कट र अन्ततोगत्वा आवागमनादि दुर्दशाको ठीक-ठीक विवेक नआउनु, मनुष्य-देहमा सत्सङ्ग साधन गरेर स्व स्वरूपको बोध प्राप्त गर्ने उत्कण्ठा तथा उत्साह एवं प्रयत्न नगर्नु, परमार्थको सत्पुरुषार्थमा मन नलाग्नु, 'म को हुँ' यो कुराको पत्ता नलगाउनु, सिर्फ पशु-पक्षी समान पेट र भोगमा मात्रै जीवनभर लवलीन रहनु, नाशवान देहलाई नै सत्य र श्रेष्ठ सम्झेर त्यसैंको आसक्तिमा मात्रै समय गुमाउनु, मानव जीवनको अमूल्य रहस्यलाई कत्ति केही नबुझेर विषय प्रपञ्चमा मात्रै सारा आयु बिताउनु यही अज्ञान हो, यही अबोध हो ।

सूर्यलाई बादलले आवरण गरिदिए तापनि खास उसको स्वरूपलाई नै छोपिदिएको त होइन । सूर्यको स्वरूप नै क्रमशः बिलाएर तथा सर्वथा लोप भएर जाने त कथमपि होइन । खालि टाढ़ाबाट आवरण गरेर सूर्यको प्रकाशलाई आच्छादन गर्ने मात्र हो । ठीक यस्तै यहाँ चैतन्यको भूलले बनेको अज्ञानले चैतन्यलाई नै आवरण गरेर (ढाकेर) स्वतन्त्र बोधलाई दबाइदीरहेको छ । केवल अबोध अज्ञान नै चेतन जीवको सन्मुख भएर व्यवधानरूप भइरहेको छ । यद्यपि अज्ञानले आवरण गर्दैमा स्व-स्वरूप नै मेटिने र विनाश भएर जाने त होइन, सुतरां त्यो त अजर अमर अविनाशी छँदैछ । मात्र 'सूर्य बादलवत्' चैतन्यको ज्ञान प्रकाशमा, होश र चेतपनमा, विचार एवं विवेकशक्तिमा, आफ्नो महान् उद्धार गर्ने समझमा, हितकार्यको सत्पुरुषार्थमा, कल्याण गर्ने सामर्थ्यमा—शिथिलता भइरहेछ अपितु आवरण परि-रहेछ । बादलरूप अज्ञानको आच्छादन आई तिरोहित भइरहेछ । ज्ञानस्वरूपको ज्ञानशक्ति दबिन जाँदा अज्ञान अबोधको प्रादुर्भाव भइरहेछ । त्यही अविद्या अज्ञानबाट अबोध-रागको उत्पत्ति र पुनः इन्द्रिय सम्बन्धद्वारा सम्पूर्ण कर्मको सम्प्राप्ति भएर त्यही परम्परानुगत कर्म-वासनाबाट देह सम्बन्ध बनेर कठिन जन्म-मरण बन्धन एवं आवागमन भइरहेछ ।

यस प्रकार चैतन्य जीवले स्वयं आफ्नो नित्य अजर-अमर स्वरूपलाई अनादि काल-देखि भुलेर नै अज्ञानवश अनन्त दुःख भोग्दै आइरहनुपरेको हो । आफूले स्वयं आफैलाई भुल्दा नै सर्व बन्धन खड़ा भएर अनवरत असह्य कष्ट सहनुपरेको हो । नत्र, वास्तवमा आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूलको अतिरिक्त अरू कसैले देह सम्बन्धमा पारेर चेतन जीवलाई दुःख दिएको होइन । कसैले कसैलाई चौरासी बन्धनमा फँसाउन आएको छैन । अरू कसैले गर्भवासको काल कोठरीको कैदमा जीवलाई पारेको होइन । मुहुर्मुहु त्रिविध तापको असह्य कष्टमय प्रबल अग्निमा अन्य कसैले जलाउने उपाय गरेको पनि कदापि होइन । केवल उसैको भूल-अज्ञान तथा विषयासक्ति एवं आदत-लत अर्थात् खराब स्वभाव (मद्य, जूआ, हिंसा-हत्या, लड़ाइँ-झगड़ा ईर्ष्या-तामसमय), दुराचार-दुर्गुणले, कुमति-कुबुद्धिपनले, नाना कर्म गरी-गरी त्यसैबाट हमेशादेखि जल्दै-बल्दै, दुःख पाउँदै, अनेक सास्ती सहँदै, वारंवार कुम्भीपाक नर्कसमान गर्भको भयंकर यातना एवं कष्ट भोग्दै, अनन्त शरीर धारण गर्दै आइरहेछ ।

अब उसैले मनुष्य देहमा दुःखदेखि तर्सेर झसङ्ग झस्किएर, चेतेर, जागेर, विषयरूपी मोह निद्राबाट विशेष ब्यूँझेर, अत्यन्त सजग एवं सावधान भएर, परमार्थ सत्सङ्ग-साधनमा लागेर, स्वरूप बोधदाता विवेकी ज्ञानी पारखी सद्गुरुदेव खोजेर वहाँसँग स्वरूप ज्ञानको रहस्य सहित बोध प्राप्त गरेमा पूर्वोक्त अबोध-अज्ञान अवश्य नाश हुन्छ । तब सदाको लागि भवबन्धन विनाश भएर चैतन्य जीव मोक्षपदमा अवश्य विराजमान हुन्छ ।

नैकान्ततो बन्धमोक्षौ पुरुषस्याविवेकादृते ।

(सांख्यदर्शन, अ० ३ । सू० ७१)

अर्थ—पुरुषस्य—पुरुषको, बन्धमोक्षौ—बन्धन र मुक्ति, एकान्ततः—स्वाभाविक, न—भएको होइन, अविवेकात्—अविवेकले मात्र, ऋते—भएको छ ।

व्याख्या—चैतन्य जीवको बन्धन स्वाभाविक (स्वभावैले) भएको होइन, अपितु अविवेक (अज्ञान) को संयोगले मात्र जन्म-मरणरूप बन्धन प्राप्त भएको हो । पुनः जब त्यो आत्मालाई यथार्थ विवेक भएर स्वरूप ज्ञानको प्राप्ति हुन्छ, तब समस्त बन्धनबाट छुटकारा मिलेर मोक्ष हुन्छ ।

सिंहको भूल र पश्चात् बोध हुनासाथ सिंहत्वको प्राप्ति

दृष्टान्त—एक मानिस भेड़ा-बाख्रा चराएर जीवन निर्वाह गर्ने जंगलको समीपस्थ ग्रामनिवासी चरुवा थियो । एक दिन गहन जंगलभित्र घुम्न जाँदा एक नवजात सिंहको बच्चालाई फेला पाऱ्यो । सिंहिनी आफ्नो निवासस्थान (गुफा) छोड़ेर क्षुधा निवारणार्थ अन्यत्र दूरस्थ दिशातिर गएकी रहिछ । त्यही मौकामा संयोग पर्न जाँदा सिंह-शावकलाई टपक्क टिपेर घर ल्यायो र नित्य दूध पिलाएर पालन गर्न थाल्यो । त्यो सिंहको शिशु क्रमशः जब ठूलो भयो, तब भेड़ा-बाख्रा सँगसँगै डुल-फिर तथा खेल-कूद गर्न लाग्यो । पश्चात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेड़ा-बाख्राको साथै जंगलमा चरेर पानी प्यूने र सन्ध्या भएपछि, सब बथानहरूको साथै चरुवाको घर फर्कने गर्दथ्यो। त्यसको मालिक चरुवाले पनि भेड़ा-बाख्राहरूकै साथ खोरमा बन्द गरिदिन्थ्यो।

उपर्युक्त प्रकार धेरै दिन भेड़ा-बाख्राहरूको साथमा रहँदा-रहँदा त्यो सिंह-शावकलाई यो दृढ़ निश्चय भयो कि 'म पनि भेड़ा बाख्रा नै हुँ।' मालिकले पनि जसरी अरूलाई 'मनमने' नामले पुकार्दथ्यो, त्यसै गरी सिंह-शिशुलाई पनि बोलाउँदथ्यो। तब उसलाई तिनै जनावर मध्येकै 'आफू पनि हुँ' भन्ने पूरा विश्वास एवं दृढ़ अध्यास जम्न गयो।

एक दिन सब भेड़ा बाख्राहरूको साथमा सिंहपुत्र पनि जङ्गल गएको थियो। त्यो वनको बीचमा नदी थियो, त्यही समयमा नदीको पारीपट्टि अरण्यबाट एक भयानक अर्को सिंह आइपुग्यो। 'एक सिंहको बच्चा भेड़ा-बाख्राहरूको बथानमा चरिरहेको देखेर' त्यो अर्को प्रौढ़ सिंहलाई बड़ो आश्चर्य लाग्यो। तब त्यो नवागन्तुक सिंहले एकबार गर्जि-दियो, त्यो गर्जना सुन्नासाथ सब भेड़ा-बाख्राहरू भाग्न लागे। तिनीहरूको साथमा पालतू सिंह पनि भाग्न लाग्यो। त्यसलाई भाग्न लागेको देखेर जङ्गली सिंहले भन्यो। 'हे मित्र! तिमी त सिंह भएर पनि भेड़ाहरूको साथमा किन भाग्दछौ? अहो! तिमी त सिंह ह्वौ, कहिलेदेखि यी भेड़ाहरूको साथमा रहन थालेका ह्वौ?' तब टक्क अड़िएर, फर्केर पालतू सिंहले भन्यो—'म त सिंह होइन, बोका हुँ। सिंह त तिमी नै ह्वौ, तिमीदेखि मेरा सबै दाजु भाइहरू डराएर कुलेलम ठोके। म पनि डराइरहेको छु, मलाई बिताएर मारी आहार गर्न होइन सिंह भनी अलमल्याएको?' यस्तो त्यसको विपरीत वचन सुनेर आगन्तुक सिंहले मनमा विचार गऱ्यो कि 'जबदेखि यसले जन्म लियो तबदेखि यो–(संयोगाधीन) आजसम्म भेड़ा बाख्राहरूकै साथमा रहेर दिन बिताएको रहेछ, त्यसै कारणले यसलाई त्यो बोकापनको मिथ्या भास भएर, त्यही दृढ़ अध्यास जमेको हो। एतदर्थ यसले आफ्नो सिंहत्व स्वरूपलाई भुलेको छ। निजी गुण, प्रभाव एवं बल, प्रताप, सामर्थ्यलाई बिर्सेको छ। अब यसको भूल अध्यासलाई त अवश्य नै मैले छुटाइदिनुपऱ्यो, नत्र भने यसले भुली-भटकी धेरै दुःख पाइरहनेछ'—भन्ने विचार गरेर त्यो बोकापनको अध्यास भरिएको सिंहसँग भन्यो—'हे भाइ! अब तिमी नै विचार गरी हेर! ती सब बोकाहरू साना-साना छन्, तिमी ठूला छौ, तिनीहरूको खुट्टामा दुइ-दुइ खुर छ, तिम्रो र मेरो पाँच-पाँच नङ्ग्रा भएका बड़ा-बड़ा पंजा छन्। बोकाहरूको सानो एक बित्ते पुच्छर हल्लिइरहन्छ, तिम्रो र मेरो लामो-लामो पुच्छर छ। यता मपट्टि फर्केर हेर, म स्वयं सिंह हुँ, तिमी पनि सिंह ह्वौ। मेरा सारा लक्षण तिम्रो साथमा ठीक-ठीक मिल्दछ। यसकारणले तिमी कदापि भेड़ा-बाख्रा होइनौ। म बोका हुँ भन्ने केवल तिमीलाई भ्रम भएको छ; यो भूललाई त्याग गर' भनी आगन्तुक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिंहले त्यो अज्ञानी सिंहलाई बोका लक्षणबाट सर्वथा भिन्न, विपरीत लक्षण भएको सिंहत्व सिद्ध गरेर सिंहको स्वरूप बतायो। तथापि त्यो अबोध सिंहलाई ठीकसँग विश्वास भएन। तब नदीको जलमा प्रतिबिम्ब हेर्ने आदेश दिएर प्रौढ़ सिंहले भन्यो—'हेर, मेरो मुख र तिम्रो मुखको समान आकार छ। बोकाहरूको मुख लामो हुन्छ, तिम्रो र मेरो मुख एकदम चेप्टो गोल छ। तिम्रो र मेरो गर्दनमा धेरै रौँ छन्, तिनीहरूको त्यस्तो कत्ति छैन, फेरि बोकाहरूको सिरमा दुइ सीङ छन्, तिम्रो र मेरो सीङ छँदै छैन। अतः तिम्रो एक लक्षण पनि बोकाहरूको साथमा मिल्दैन तथा सब लक्षण मेरो साथमा नै सर्वथा मिल्दछ। तस्मात् कारणात् तिमी म जस्तै सिंह अवश्य ह्यौ।' यो कुरा सुनेर त्यो अबोध सिंहले खूब विचार गऱ्यो, तत्पश्चात् त्यसलाई आफ्नो सत्य स्वरूपको भान भयो। तब उसले भन्न लाग्यो—'अहो! भेड़ा बाख्राको साथमा बस्दा-बस्दा केवल भूल र अज्ञानले मैले आफूलाई बोका भन्ठानेको रहेछु। मिथ्या कल्पनामा फँसेको रहेछु, वास्तवमा म स्वयं सिंह रहेछु। यी दयालु परोपकारी सिंहले मलाई यो परिचय नदिएको भए अझ कति दिनसम्म म भेड़ा-बाख्रा बनिरहने थिएँ! हाय! ठूलो भूल भएछ। भेड़ा-बाख्राहरूको सङ्गतले मेरो बुद्धि पनि ती भेडा-बाख्राहरूकै समान भएछ। धन्य-धन्य मित्रको कृपादृष्टि! जसको असीम अनुकम्पाले आफ्नो स्वतः स्वरूपताको ज्ञान प्राप्त भयो'—भनी आफ्नो सिंहत्वलाई पूर्ण याद गरेर सारै निहाल भयो। तदनन्तर भयंकर गर्जना गरी अन्य भेड़ा-बाख्राहरूको सङ्गत छाड़ेर स्वतन्त्र भएर सिंहहरूको साथमा विचरण गर्न लाग्यो।

यसको सिद्धान्तमा—यो चैतन्य जीव आफ्नो नित्य सत्य परीक्षक स्वरूपलाई भुलेर देह, इन्द्रिय, मनको साथमा रहँदा-रहँदा आफूलाई देह इन्द्रिय मन भन्ठानेर कहीं तत्त्व प्रकृति र कारण-कार्यरूप, कहीं शून्य तथा श्वास, तम, वीर्य अज्ञानरूप आफू सम्झेर, कहीं वर्ण-आश्रम, जाति-भेद, स्त्री-पुरुष, नपुंसक आदि चिह्न आफूलाई मानेर, कहीं अंश या व्यापक, निराकार या जड़ात्मरूप अथवा जगदात्मरूप एवं जड़-चेतन मिश्रितरूप, कहीं नेचर-विकास-रूप, कतै विद्युत्, ईथर, अमीबा एवं कीटाणुरूप इत्यादि नाना विकल्पवादलाई अँगालेर आफ्नो वास्तविक चैतन्य पारख स्वरूपलाई सर्वथा बिर्सेर अनेक भास अध्यास अनुमान कल्पनाकै सदा-सर्वदा वशीभूत भएर एकदम अज्ञानी अविवेकी, अन्ध, असूझ, अबूझ नै आपाततः हमेशा बनेर भटकिरहेछ। संगतअनुसारको बुद्धि र बुद्धिअनुसारको कर्त्तव्य गरी राजस-तामसयुक्त नाना सकाम कर्मद्वारा पशु-पक्षी कृमि आदि चार खानीमा अनन्त बार असंख्यात देह धारण गरी त्रिविध तापको असह्य कष्ट खाइरहेछ। जब वर्तमानको नरदेहमा अनन्त शुभ संस्काररूप पुण्योदय हुन्छ, बोधदाता गुरुदेव भेट्टाइन्छ तब तथार्थ स्वस्वरूपको बोध प्राप्त हुन्छ। पश्चात् पूर्वोक्त भूल-भ्रम विपरीत निश्चय सम्पूर्ण मेटिएर, सर्व संशय तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपर्यय बिलाएर, समस्त मिथ्या मानन्दी ध्वंस भएर, अखिल भास, अध्यास, अनुमान, कल्पना, विकार नाश भएर, अजर, अमर, अविनाशी, स्वयंप्रकाशी, अखण्ड, अक्षय, एकरस चैतन्यस्वरूपको स्थिति प्राप्त भएर जीवन सफल हुन्छ, कृतकृत्य एवं कृतार्थ भएर परम कल्याण हुन्छ।

अब जसरी त्यो सिंहको बच्चालाई संयोगाधीन भेड़ा-बाख्राहरूको साथमा रहनुपऱ्यो, त्यहीँ हुर्क्यो, बढ़्यो, ठूलो भयो तथापि त्यो सिंह कदापि भेड़ा-बाख्रा भएन सुतरां सिंहको सिंहै रह्यो। केवल भूल-अज्ञानले मात्र आफूलाई भेड़ा बाख्रा भन्ठानेको थियो। दोस्रो सिंहको प्रबोधनले उसलाई आफ्नो जातित्वको ज्ञान भएर सिंहत्व प्राप्त भयो। ठीक यस्तै गरी यो चैतन्य जीव अज्ञान वासनावश अनादि कालदेखि जड़ देह सम्बन्धमा परेर देहधारण गर्दै आएको छ। तथापि चैतन्य यो जड़ शरीर अथवा तत्त्व-प्रकृति, मन, इन्द्रिय, प्राण आदि होइन। चैतन्य स्वयं ज्ञाता, जनैया, जाननहार, सनातन, एकरस नित्य हो। खालि भूल-अज्ञानले मात्र चेतन देह इन्द्रिय तथा पञ्च विषयमा मिथ्या सुखको भास गरेर तथा परोक्ष अनुमान कल्पनाको दृढ़ अध्यासकै वासना टिकाएर जन्म-मरणको भोक्ता भै रहेको छ।

जस्तो एक ठाउँमा एक मणि हिलोले छोपिएर हिलै समान भइरहेको थियो। यस प्रकार हिलोले मणिलाई छोपिदिँदा त्यो आफ्नो मणिको स्वरूपमा रहन पाएको थिएन। यद्यपि मणिको ठोस स्वरूपभित्र हिलो प्रवेश भएको त थिएन, सिर्फ बाहिरपट्टि लत-पतिएको थियो। त्यसकारणले मणिको कीमत एवं कदरमा पुग्न नसकेर कङ्कड़ पत्थर एवं हीलो भै रहेको थियो। एक मणि परीक्षक पारखीले देखेर आफ्नो सत्य शोध तथा परीक्षा दृष्टिद्वारा लक्षणाले पहिचान गरेर मणिलाई उठाई पानीमा धोए। धुनासाथ स्वच्छ शुद्ध परम कान्तिमान अमूल्य दिव्य मणि भइहाल्यो। तद्वत्—यहाँ चैतन्य जीव 'त्यो जड़ अमूल्य मणि'भन्दा पनि—'अजर, अमर अविनाशी, पारसमणि छ।' त्यही, अज्ञानवश मलिन कीचड़रूपी नर्कमय देहमा परी मलिन भइरहेछ। अब त्यसको यथार्थ ज्ञान एवं बोध सत्सङ्गद्वारा सम्यक् प्रकारेण प्राप्त हुनु मात्र पर्छ, उपरोक्त भूल अज्ञान अवश्य नाश हुन्छ। स्व-स्वरूपको साक्षात् बोध प्राप्त गरी सदाचार सद्गुण सम्पन्न भएर रहस्य ज्ञान धारण गर्नु नै [मणिलाई धोएर दिव्य मणि बनाएझैँ शुद्ध बनाउनु हो] शुद्ध पारख स्वरूप स्थितिरूपी भूमिकामा पुऱ्याएर त्यो आफ्नो चैतन्यस्वरूपको महान उद्धार गर्नु हो, परमपदरूप मोक्षमा अटल स्थिर हुनु हो। एतावता स्व-स्वरूपको बोधरूपी परम पुरुषार्थद्वारा अखण्ड मोक्ष हुने सत्य निश्चय छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि दिवाकरलाई बादलले समय-समयमा ढाकिदिन्छ तापनि, त्यो जलदलाई हटाई सूर्यको प्रकाश पार्न सिर्फ समीर (हावा) लागिदिनु मात्र पर्दछ, तब जस्तै गाढ़ा बादल पनि एकदम फाटेर बिलाएर जान्छ। तब केवल सूर्य मात्र परम प्रकाशमान रहन्छ। एवं प्रकार यता अबोध अज्ञानले जो स्वरूपलाई ढाकेको छ, त्यो अज्ञानलाई नाश गर्न बोधदाता सद्गुरुदेवको कृपा दृष्टि र सत्सङ्गद्वारा स्व-स्वरूपको बोध प्रकाशरूप प्रचण्ड पवन चल्नुपर्दछ, तब एकदम अज्ञानको पर्दा फाटेर ज्ञानको प्रकाश हुन्छ। स्वयं-स्वरूपको अपरोक्ष बोध प्राप्त भएर कल्याण हुन्छ।

त्यसमा पनि परोक्ष बोधले शुभ संस्कार र शुद्ध आचार-विचारको प्राप्ति हुन्छ। किन्तु साक्षात् मोक्ष हुनलाई त निष्काम निर्माणयुक्त अन्तःकरण बनाएर अन्तर-बाह्य पवित्राचारसहित स्व-स्वरूपको अपरोक्ष बोध प्राप्त हुनु परमावश्यक छ। त्यो सब चैतन्य स्वरूप गुरुदेवको, मन, कर्म, वचनसहित श्रद्धायुक्त सेवाभक्तिले एवं सत्सङ्ग समागमले नै प्राप्त हुन्छ।

अज्ञान नाश हुन अत्यधिक (धेरै) समय लाग्ने पनि होइन। सद्रहस्यसहितको बोध प्राप्त भएर त्यसमा धारण हुनु मात्र पर्दछ। तत्काल अज्ञान नाश हुन्छ।

जति धेरै वर्षको गहिरो अँध्यारो सुरुंगको [गहनतम गुफाको] अन्धकार भए पनि त्यसमा दीपकको प्रकाश हुनु मात्र पर्दछ, तत्काल अन्धकार नाश हुन्छ अथवा जस्तै वर्षा कालको घटाटोप कालो बादलले छोपेर अन्धकार भएको औँसीको रात्रि भए पनि सूर्य उदय हुनु मात्र पर्छ, त्यो सर्व अन्धकार दूर भएर जान्छ, ठीक त्यस्तै जति युगको, जति कालको, जति शताब्दीको अबोध अज्ञान भए पनि स्व-स्वरूपको बोधोदय हुनु मात्र पर्छ, त्यो सर्व अबोध अज्ञान समाप्त हुन्छ। परम प्रकाशमान आदित्यवर्णरूप निर्मल स्वच्छ पारख प्रकाश-को सन्मुख अविद्यारूप तिमिरको प्रलय हुन्छ। यस प्रकार परम शान्तिको अखण्ड लाभ प्राप्त भएर सदा सुखी बनेर निशिवासर चैनाचैनरूप आरोग्य पदमा स्थिर भएर महान् विश्रान्ति-मय अविचल स्थितिमा विराजमान हुन्छ एवं रीतले बोधद्वारा दुःख-दोष-बन्धन तथा सब विनाश हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवम प्रकरण

चैतन्य जीवको शरीरसँग सम्बन्ध

इहेदमिति यतः कार्य कारणयोः सः समवायः ।

(वैशेषिक दर्शन, अ० ७ । आ० २ । सू० २५)

अर्थ—यतः—जसमा, कार्य कारणयोः—कर्म र कारणमा, इति—यस्तो प्रतीत भयो कि—इह इदम्—यसमा यो छ, स—त्यो, समवायः—समवाय सम्बन्ध छ ।

व्याख्या—घटको कारण मृत्तिका हो, वस्त्रको कारण धागो हो । यी दुवै कार्य-कारणको समवाय सम्बन्ध छ ।

घटादीनां कपालादौ द्रव्येषु गुण कर्म्मयो ।
तेषु जातेश्चसम्बन्ध समवाय प्रकीर्तितः ॥

(न्यायसिद्धान्त, मुक्तावली कारिका ७ परिच्छेद १)

अर्थ—घटादि कार्यको आफ्नो कारण कपाल [घटको दुई अर्धभाग] को साथ सम्बन्ध तथा द्रव्यको साथ गुण र कर्मको सम्बन्ध—यो समवाय सम्बन्ध हो । जस्तो गुण-गुणीको, धर्म-धर्मीको, क्रिया-क्रियावानको, अवयव-अवयवीको, तथा जाति र प्रत्येक व्यक्तिको समवाय सम्बन्ध कहिएको छ ।

नित्य सम्बन्धः समवायः ।

(तर्कसंग्रह खण्ड ४)

अर्थ—प्रत्यक्ष अनुभवमा आउने नित्य सम्बन्ध नै समवाय सम्बन्ध हो । जस्तो अग्निमा उष्णता, जलमा शीतता ।

अब वेदान्त मतको सम्बन्ध

भिन्नत्वे सत्यऽभिन्नं सत्तात्मकं तादात्म्य ।

(तत्त्वानुसन्धान परिच्छेद १)

अर्थ—जस्तो दुइ पदार्थ व्यवहार दृष्टिले परस्पर भिन्न छ तापनि, ती सब एक सत्तावान छन् भने त्यो तादात्म्य सम्बन्ध हो । जस्तो गुण-गुणीको तादात्म्य ।

उपरोक्त सम्बन्धहरू सिर्फ कारण-कार्यरूप, गुण-गुणी र धर्म-धर्मीहरूको समवाय सम्बन्ध मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'नित्य सम्बन्ध, समवाय सम्बन्ध, स्वरूप सम्बन्ध, एवं तादात्म्य सम्बन्ध भन्नु यी चारै पर्यायवाची नाम हुन्। वास्तवमा एकै चीज हो। यी चारै समवाय सम्बन्धकै अन्तर्गतको निर्णय हो।'

अब चैतन्य जीवको र देहसङ्गको सम्बन्ध वर्णन गरिन्छ।

अन्यतर कर्मज उभयकर्मजः संयोगजश्च संयोगः।

(वैशेषिकदर्शन, अ० ७। आ० २। सू० ६)

अर्थ—अन्यतर कर्मज, उभयकर्मज तथा संयोगज संयोग, यस्तो तीन प्रकारको संयोग सम्बन्ध छ। केवल एकैमा क्रिया हुनु—त्यो 'अन्यतर कर्मज संयोग' हो। जस्तो क्रियावान पक्षीको वृक्षसँग संयोग। दुवैमा क्रिया हुनु त्यो 'उभयकर्मज संयोग' हो। जस्तो दुइ पहलवानहरूको लड्नमा संयोग। पुनः एकको साथमा संयोग रहेर पनि अन्यको साथमा संयोग हुनु त्यो 'संयोगज संयोग' हो। जस्तो हातले वृक्ष छोएपछि हस्तयुक्त देहको र वृक्षको साथमा संयोग हुनाले शाखा पत्रादि सबका साथ संयोग।

पूर्वोक्त सम्बन्धहरूमा 'संयोग र समवाय' यी दुइ सम्बन्ध नै मुख्य हुन्। अन्य सबै गौण हुन्। त्यसमा अग्निमा उष्णता, मिश्रीमा गुलियो, फूलमा सुगन्ध,—यो समवाय सम्बन्ध [नित्य सम्बन्ध] हो। यस प्रकार अनेक जड़ शरीर र चैतन्य जीवको समवाय सम्बन्ध भएको होइन, किनभने दुवैदेखि दुवै सर्वथा विजाति छन्, अत्यन्त पृथक् छन्। अब जस्तो देहधारी क्रियावान चेतन पक्षी जड़ वृक्षमा गएर बस्नाले दुवैको 'अन्यतर कर्मज संयोग' सम्बन्ध भयो। यही शरीर र चेतनको सम्बन्ध भएको निश्चय गर्नु नितान्त योग्य छ।

समस्त चारै तत्त्व आपसमा मिलन-वियोग भएर कार्य पदार्थ बन्ने र पुनः कार्य नाश भएर कारणमा मिल्ने—लय हुने हुनाले अखिल जड़ पदार्थको आपसमा 'स्वाभाविक संयोग सम्बन्ध' भइरहन्छ।

अब यता चैतन्य जीवको र जड़ पदार्थसँगको अध्यास मानन्दीयुक्त नै त्याग-ग्रहण हुने हुनाले दुवै चैतन्य र जड़ खास ससीम पदार्थ हुनाले उभय जड़ र चेतनको 'मानन्दीसहित संयोग सम्बन्ध छ।' किनभने जहाँ मानन्दी-प्रियता छैन, अध्यास एवं अहं-मम छैन, त्यहाँ त्यसको हानि-लाभ, सुख-दुःख चेतनलाई हुँदैन। जहाँ-जहाँ अध्यास एवं अहंता ममता छ, त्यहाँ नै मन-मानन्दीको आधारले सर्व बाह्य पदार्थ एवं देहसँग सम्बन्ध भएको देखिन्छ। कारण चैतन्य इच्छा-वासनाको वशीभूत भएरै सर्व क्रिया गर्दछ। इच्छा-अध्यासरहित कुनै पनि व्यवहार या व्यवसाय गर्न सक्तैन। यसकारण चैतन्य जीवको र शरीरको 'मानन्दी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहित संयोग सम्बन्ध छ।' यो सम्बन्ध अनादि भूल-अज्ञानको कारणले वारंवार देह धारण हुँदै पुनः त्यो देहको वियोग भएर पुनरपि अर्को नवीन शरीर धारण गर्दै सतत प्रवाहरूपले संयोग सम्बन्ध हुँदै आएको छ। उक्त जड़-चेतनको सम्बन्ध अनादि कालको हो अर्थात् चैतन्य जीवको र स्थूल-सूक्ष्म देहको सम्बन्ध निरन्तर प्रवाहरूपले चलेर आएको छ। प्रथम कहिले पनि मानन्दीयुक्त सूक्ष्म देहको सम्बन्ध चैतन्यसँग टुटेको छैन। स्थूल देहबाट सूक्ष्म संस्कार बन्ने र पुनश्च सूक्ष्म वासनाध्यास बीजद्वारा नै स्थूल देह निर्माण हुने भइरहेछ। अतएव देहोपाधियुक्त चैतन्य जीवको र जड़ शरीरको प्रवाहरूप अनादि मानन्दीयुक्त संयोग सम्बन्ध भएको छ।

चैतन्यको र जड़ देहको सम्बन्ध बीचको होइन। किन्तु अनादि कालदेखि नै अनवरत स्थूल-सूक्ष्म सम्बन्ध रहँदै आएको हो। पहिले जड़ र चेतन पृथक्-पृथक् रहेर पछि जड़ चेतनको सम्बन्ध भएको होइन। यदि प्रथम जड़ तथा चेतन भिन्न-भिन्न रहेर पश्चात् सम्बन्ध भएको हो कि भनेर विकल्प गर्ने हो भने जड़ले चैतन्यसँग सम्बन्ध गऱ्यो कि चैतन्यले जड़सँग सम्बन्ध गऱ्यो ? प्रथम जड़ले चैतन्य सम्बन्ध गऱ्यो भनौँ भने जड़मा ज्ञानै छैन, चैतन्यसँग संयोग एवं मेल गर्न जानलाई ! किनकि ऊ अयोग्य छ, अशक्त छ, असमर्थ र अज्ञात छ। अब कदाचित् चैतन्यले नै जड़सँग प्रथम सम्बन्ध गऱ्यो भनेर मानेको पक्षमा विना इच्छा-संस्कारको चेतनमा कुनै क्रिया हुँदैन। कारण चैतन्य अक्रिय, निरिच्छ, शुद्ध, बुद्ध, ज्ञानाकार, ज्ञानस्वरूप सत्य छ। पुनः इन्द्रियद्वारा क्रिया नभईकन इच्छा-संस्कार पुष्ट हुँदैन। फेरि इच्छा-मानन्दी साथमा नरहीकन शुद्ध चैतन्यले पनि कदापि सम्बन्ध गर्न सक्तैन। एतदर्थ यो निश्चय छ कि 'विना मानन्दीको चैतन्य जीवमा कुनै क्रिया नहुने र विना क्रियाको पनि इच्छा-संस्कार नठहर्ने हुनाले दुवैको परस्पर उभय सम्बन्ध छ, अन्योन्याश्रय मेल छ।

जड़ देहको सम्बन्धविना इच्छा संस्कार हुनु नितान्त असम्भव छ। इच्छा संस्कार-विना पनि जड़ स्थूल देह धारण हुन सर्वथा अनुभव विरुद्ध छ, किनकि जन्मान्धलाई रूप विषयको अनुभव नहुने हुनाले रङ्ग-रूपादिको कुनै पनि संस्कार हृदयमा ग्रहण हुँदैन। एवं रीतले कुनै पनि इन्द्रियको कथमपि सम्बन्ध भएको छैन भने त्यो इन्द्रियसम्बन्धी संस्कार जम्न सक्तैन। पुनः यदि सूक्ष्म संस्कार नै टिकेको छैन भने इन्द्रियको निर्माण हुनु र त्यो निर्मित इन्द्रियद्वारा सम्बन्ध हुन पनि कदापि सक्तैन। यसकारण यही स्पष्टरूपले अनुभव हुन्छ कि जड़ स्थूल सम्बन्धद्वारा नै सूक्ष्म वासना बनेको र सूक्ष्म वासनाबाट नै जड़ स्थूल देह निर्माण भएको तथा सम्बन्ध बनेको सिद्ध छ। उपरोक्त कारणले अनादि कालदेखि नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मबाट देह र देहद्वारा अनेक कर्म गर्दै-भोग्दै, सब जीव मुहुर्मुहु देह धारण गर्दै आइ-रहेका छन् ।

पृथ्वी, जल, अग्नि, वायु यी चारै तत्त्वको गुण-धर्म पृथक्-पृथक् छ । जड़ जातिमा ती सबको परस्पर आपसमा एकता छ । त्यस्तो यहाँ चैतन्य जीवको र जड़को जातीय पक्षमा एकता छैन । पुनः जड़ तत्त्व पदार्थ इन्द्रियद्वारा दृश्य हुन्छ, त्यस्तो चैतन्य जीव इन्द्रियद्वारा दृश्यमा आउँदैन । किनभने दृश्य जड़को र त्यसको गुण-धर्मको पहिचान गर्ने जान्ने, ज्ञान गर्ने एवं ज्ञानद्वारा देख्ने चेतन जीव द्रष्टा हो । सकल दृश्य जड़को अनुभव एवं परीक्षा गर्ने परीक्षक, त्यो सर्व दृश्यदेखि सर्वाङ्ग पार छ अत्यन्त पृथक् छ । एतदर्थ चैतन्य जीवको र जड़ तत्त्वको खास सम्बन्ध छैन । खालि भूल-भ्रम एवं अज्ञान मानन्दीद्वारा मात्र सम्बन्ध भइरहेको छ ।

शुद्धस्वरूप चैतन्यले आफूलाई भुलेर इन्द्रियद्वारा सुख मानन्दीयुक्त भोग जो गर्दछ त्यसैको सर्व वासना संस्कार हृदयमा बीजवत् टिक्छ । त्यही वासना नै हरदम स्मरण भइरहन्छ । यही स्मरणसँग चेतन जीवको वासना या अध्यास मात्र सम्बन्ध भएको छ ।

चेतन जीवको वाह्य संसार देश-गाउँ, घर, धन, सम्पत्ति आदि सम्पूर्ण जड़ पदार्थ तथा स्त्री-पुत्र, कुटुम्ब परिवार इत्यादि यावत् प्राणीहरूसँग मानन्दी मात्र सम्बन्ध छ । त्यस्तै शरीरसँग पनि मानन्दी सम्बन्ध छ । कारण, आफ्नो नजीकैका प्राणी पदार्थहरू भए पनि यदि तिनमा सुख मानन्दी एवं ममता-प्रियता नभएदेखि त्यसको कुनै हानि भए पनि, आफू-लाई कुनै दुःखको सञ्चार कष्टको प्राप्ति हुँदैन, कुनै क्लेशको प्रतीति हुँदैन, तसर्थ मानन्दीविना कुनै खास (चेतनमा) सम्बन्ध देखिँदैन । पुनः जहाँ आफ्नो प्रेम-स्नेह एवं सुख मानन्दी प्रियता छ, त्यो प्राणी या पदार्थ यदि हजार कोस टाढ़ा भए पनि, त्यसको कुनै अनिष्टको आशङ्का या कुनै हानिको समाचार मात्र प्राप्त हुँदा तुरुन्त दुःसह दुःख हुन थाल्दछ । यस कारणले मानन्दीअनुसार नै चेतन जीवलाई दुःख-सुखको अनुभव हुन्छ । यदि मानन्दी नभए-देखि समीपकै वस्तुसँग पनि केही सम्बन्ध नहुने र कदाचित् सुख मानन्दी अध्यास भए सहस्र योजन टाढ़ाको पनि सम्बन्ध बनिरहने हुनाले मानन्दीयुक्त सम्बन्ध नै प्रत्यक्षरूपले देखिएको छ । तसर्थ चैतन्य जीवको र जड़देहको मानन्दी तथा सुखाध्यासरूपी सूक्ष्महंता मात्र नै सम्बन्ध रहेको छ ।

मानन्दी एवं ममताबश दुःख-सुखको प्राप्ति

दृष्टान्त—एक सेठको समुद्र पारबाट दश लाख रुपियाँको ऊनी, सूती, रेशमी, मखमली, कपड़ाहरूको थोक माल पानी जहाजद्वारा आइरहेको थियो । जहाज प्रशान्त महासागरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आइपुगेपछि एक ठूलो समुद्री तूफान आयो। त्यसबाट जहाज ढल्न र डुब्न लाग्यो, हाहाकार मच्चियो, त्यही जहाजमा रहेको वायरलेस (आकाशवाणी यन्त्र) द्वारा सेठलाई तुरुन्त तूफानको खबर दिइयो। सेठ विना शस्त्र काटेतुल्य भए, विना पानी डुब्न लागे, विना आगो पोलिन र पिल्सिन एवं जल्न लागे। रुवावासी मच्चियो, मखमलको गद्दीमा सुतेका सेठलाई शय्याको बदला शूलीमा चढ़ाए जत्तिकै कष्ट भयो। समुद्रको तूफानभन्दा पनि अधिक घरमा तूफान मच्चियो। पश्चात् पुनः खबर आयो 'तूफानले जहाजलाई हुत्याएर एक पहाड़को किनारामा पुऱ्याइदियो, जहाज डुबेन बच्यो।' यो समाचारले मर्न लागेका सेठ बाँचे, शूल-रूपी शूलीबाट उत्रिए, राप-ताप कम भयो, सुखको समीर बह्यो। दोस्रो दिन फेरि खबर आयो 'समुद्रको ज्वार-भाटा (ठूलो तरङ्ग) उर्लेर जहाज घोप्टिनै लाग्यो।' यो समाचारले सेठ फेरि मूर्च्छित भए, प्राणहीन जस्ता भए, उनी पनि त्यही समुद्रको प्रचण्ड तरङ्गमा परेझैं भए, निसास्सिन लागे, अथाह सागरमा डुबेको अनुभव गर्न लागे। तदनन्तर फेरि खबर आयो 'बड़ो मुश्किलले त्यो ज्वार-भाटा (लहरी) बाट जहाज बच्यो।' तब यहाँ सेठजी पनि बचे, समुद्रको लहरको बदला आनन्दको लहरमा मग्न भए। यस प्रकार चैतन्य जीवलाई दुःख-सुख खालि मानन्दीको आधारले मात्र हुने हुनाले बाह्य सारा संसार तथा शरीर एवं समस्त प्राणी पदार्थसँग केवल मानन्दी मात्र नै सम्बन्ध छ, नत्र यसको अतिरिक्त अन्य जड़वत् संयोग सम्बन्ध कथमपि छैन।

सारांश—सम्पूर्ण पदार्थ र प्राणीद्वारा दुःख सुख हुने आफ्नो ममता, प्रियता, मोह, माया, मानन्दी, अध्यासैले मात्र भएको छ। जहाँ जसको आसक्ति-प्रेम, मोह सम्बन्ध छैन एवं सुख मानन्दी छैन, तहाँबाट कुनै हानि-लाभजन्य सुख दुःखको सञ्चार हुँदैन, कष्ट-क्लेशको प्रतीति हुँदैन। यसर्थ केवल मानन्दी मात्र चैतन्यको जड़सङ्ग सम्बन्ध रहेको हुनाले 'चैतन्य जीवको र जड़को मानन्दीसहित संयोग सम्बन्ध' भएको निर्णयलाई बुझ्नुपर्दछ।

चैतन्य जीवको 'याद' मात्र सम्बन्ध छ

असङ्गो न हि सज्यते।

(बृहदारण्यकोपनि०, अ० ४। ब्रा० ५। मन्त्र १४)

अर्थ—चेतन (आत्मा) सबको संसर्गरहित, सर्वथा पृथक् असङ्ग छ।

अविनाशी चैतन्य जीवलाई संस्कार सम्मुख भएर जो 'याद' हुन्छ, त्यही याद मात्र नै सबसँग सम्बन्ध छ। यदि याद नभए कुनै पदार्थको, कुनै दुःख-सुखको किञ्चित् मात्र पनि प्रतीति हुँदैन एवं सम्बन्ध रहँदैन। किंवा स्मरण संस्कार अगाड़ि परेर नै सब पदार्थसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्ध भएको छ । सब व्यवहारको सिद्धि छ, समस्त प्रपञ्चको भास छ । कदाचित् त्यो याद नभएको वेलामा कुनै चीजको पनि भाव छैन, सम्पर्क छैन, संसर्ग छैन एवं सम्बन्ध छैन । यादै भएर अमुक माता-पिता, बन्धु-बान्धव, कुल कुटुम्ब, परिजन परिवार भन्ने मानन्दी हुन्छ । सुतरां सब चीजको भान हुन्छ । एवं रीतले देश, प्रान्त, गाउँ, प्रिय पदार्थ, इत्यादि जे जति (प्राणी-पदार्थ) छन् ती सबमा मानी-मानीकन अध्यास बनाएको छ, त्यही याद भई-भईकन 'सिनेमा-चित्रवत्' अन्तःकरणमा मानन्दी दृश्य हुन्छ । नत्र सुख सामग्री समीपमा भए पनि, साथैमा रहे पनि, संस्मरण नभएदेखि त्यसको हानि-लाभबाट आफ्नो कुनै पनि सम्बन्ध रहँदैन । यदि स्मरण भइदियो भने त्यो प्रिय पदार्थ सम्मुख नभए पनि आफ्नो मानन्दी प्रियतानुसार त्यसको हानि लाभ सत्यरूपेण प्रतीत हुन थाल्दछ । यसकारण 'स्मरण' द्वारा नै चैतन्य जीवको सबसँग सम्बन्ध भएको स्पष्ट विदित छ । यो स्मरण एवं अध्यासको अतिरिक्त चैतन्य जीवको स्वरूपमा जगतसँगको लेश मात्र पनि सम्बन्ध छैन । चैतन्य पूर्ण स्वतन्त्र, पूर्णकाम, दृश्य जड़ समुदायदेखि सर्वथा पृथक् नित्य अजर अमर अखण्ड एकरस छ र अखिल जड़ पञ्च विषयको बन्धनदेखि सदा सर्वदा रहित छ ।

न स्पृशामि जड़ाद्भिन्नो जड़दोषात् प्रकाशतः ।

(आत्मबोध उपनिषद्, मंत्र २८)

अर्थ—जीवात्मा जड़देखि भिन्न हुनाले जड़ देहको र इन्द्रियको सर्व व्यवहारलाई आफ्नो सत्ताले प्रकाश गर्दछ, परन्तु उसलाई कुनै पनि देहको जड़ विकारले स्पर्श गर्न सक्तैन, अर्थात् आफू सर्वको साक्षी भएर सबदेखि भिन्न रहेर सबलाई जान्दछ ।

पाँचै विषय चैतन्य जीवको स्वरूपमा पुग्दैन, बाहिरै रहन्छ

नाना प्रकारको शब्द विषय—यथा सङ्गीत गायन-वादन, राग, अलाप, जति सुने पनि, त्यो सम्पूर्ण शब्द विषय कर्णेन्द्रियसम्म मात्र पुग्दछ, किन्तु चैतन्य जीवको साक्षात् निकट-मा पुग्दैन । किसिम-किसिमका रूप, नाना रङ्गीन तथा चमकदार आदि पदार्थ, अनन्त शृङ्गार सामग्री, फेशन र विलासी पदार्थ एवं हीरा मोती आदि रत्न, सुवर्ण रौप्यादि आभूषण, विविध भाँतिका वस्त्र र अनेक नरनारी समूह राजप्रासाद, शहर-बजार, चलचित्र, ललना-नृत्य इत्यादि जतिसुकै सुन्दर रूपवान् वस्तुलाई हेरिरहे पनि, ती समस्तरूप विषय (पदार्थ) नेत्रसम्म अर्थात् आँखाको पुतली (नानी) सम्म मात्रै हुन्छन्, त्यसदेखि भित्र चैतन्य जीवको नजीकमा (रूपको एक परमाणु पनि ना) पुग्दैन । पुनश्च—अनन्त प्रकारका षड् रस आस्वाद,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विपुल व्यञ्जन, स्वादिष्ट वस्तुहरू जतिसुकै खाए पनि, त्यही स्वादमा रातदिन लवलीन रहे पनि, त्यो सब स्वाद जिभ्रोलाई मात्र हो। रसनादेखि अतिरिक्त एक पनि रसको परमाणु चैतन्य जीवको स्वरूपमा प्रवेश हुँदैन, खालि बाहिरको बाहिरै रहन्छ। त्यस्तै असंख्य गन्ध विषय अत्तर, लेविन्डर, अन्य अनेकानेक फूल आदिको सुगन्ध र एसेन्स एवं मन्द तीव्र तथा उग्र दुर्गन्ध आदि पनि नासिका इन्द्रियसम्म नै रहन्छन्, त्यसदेखि भित्र चैतन्य जीवको साथमा एक पनि पुग्दैन। एवं रीतले कोमल स्पर्श विषय, नरम वस्त्र र बिछौना, मखमली गद्दी, तकिया, गलैँचा, स्प्रिगदार कवच-कुर्सी तथा सबभन्दा विशेष स्पर्श नारी-भोग (जसमा धर्म-कर्म विवेक विचार सब थोक बिर्सिदिएर सारा संसार लट्ठ भएर लम्पट परिरहेछ) त्यसलाई जति स्पर्श गरे पनि, त्यही मलिन इन्द्रिय त्वचा (छाला) सम्म मात्र हो। अभ्यन्तर चैतन्यस्वरूपको स्थिति (भूमिका) मा त स्पर्शको परमाणु एक पनि पुग्दैन। उक्त प्रकारले पाँचै इन्द्रियको भोग केवल इन्द्रियसम्म मात्र रहन्छ। अपितु चैतन्यस्वरूपको खास पासमा कदापि अटन एवं पहुँच छैन।

यिनै सब कारणले इन्द्रियद्वारा जतिसुकै भोग भोगे पनि, तृप्ति कहिले हुँदैन, भोगले मन कहिले अघाउँदैन, शान्ति कहिले आउँदैन, सन्तोष कहिले मिल्दैन, सुखको लेश मात्र पनि पाइँदैन, चैनको नाम जानिँदैन श्रमको अन्त्य हुँदैन, कष्ट-क्लेशको लेश पनि मेटिँदैन, एतदर्थ भोग भोग्नु व्यर्थ छ, मफतको परिश्रम मात्र छ, आदत-लत बनाएर सास्ती खानु मात्र छ, हमेशाको निमित्त हृदयमा वासना अध्यासको घाउ गराउनु छ, मानस-पटलाई क्षत-विक्षत बनाई आसक्तिरूप पीड़ा-बाधाको महान् सङ्कटमा पार्नु छ, खालि तृष्णारूपी प्रचण्ड अग्निमा जल्नु छ, अनेक कामना-इच्छामा रन्थनिएर सदा दीनदुःखी अनाथ बनेर व्याकुल रहनु छ, निरन्तर आधि-व्याधि उपाधिको भोक्ता भएर मुहुर्मुहु जन्म र मृत्युको फाँसीमा फस्नु छ र अनवरत आवागमन बन्धनको चक्रमा परेर आफूलाई घोर दुर्दशा दिलाउनु छ।

उपरोक्त निर्णयद्वारा जड़ तत्त्वको पञ्च विषयरूप परमाणु चैतन्यको समीपमा पुग्न नसक्ने हुनाले बाह्य कुनै प्राणी र पदार्थको चेतन जीवसँग साक्षात् सम्बन्ध छैन, किनकि स्मरणकै आधारमा सर्व बाह्य विषयको ज्ञान भइरहेछ, संस्मरणविना प्राकृतिक जगत विषयको पुराणपुरुषलाई प्रतीति नै हुँदैन। एतदर्थ सर्व जड़ विषय पदार्थदेखि सर्वदा तथा सर्वथा भिन्न चैतन्य अजरामर अविनाशी जीव असङ्ग छ।

शिक्षा—यस प्रकार चैतन्यको स्वरूप देशमा जगतको अत्यन्ताभाव जानेर जगतको वासना विकारदेखि रहित हुन विशेष पुरुषार्थ गर्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्य जीव अक्रिय छ

आत्मा ज्ञानमयः शुद्धो व्यतिरिक्तो गुणान्वयः ।

(भागवत, स्कन्ध १० । अ० ४७ । श्लो० ३१)

अर्थ—आत्मा ज्ञानमय (ज्ञानस्वरूप) शुद्ध छ, यसको अतिरिक्त त्रिगुणको कार्य-देखि अलग असम्बन्ध (सम्बन्ध नभएको) छ ।

उपर्युक्त प्रमाणबाट चैतन्य जीवको संसार तथा व्यवहार एवं प्रपञ्चसँग र शरीरसँग सम्पर्क, संसर्ग केवल इन्द्रिय, मन मानन्दीद्वारा नै सम्बन्ध छ । यसको अतिरिक्त उसको अन्य कसैसँग पनि सत्य सम्बन्ध छैन । खास स्वरूप असङ्ग छ, अक्रिय छ, असम्बन्ध छ, अविचल छ, अविकार छ । त्यसैको अब युक्तिपूर्वक निर्णय गरिन्छ ।

चेतन जीवलाई जति दृश्य प्रपञ्चको ज्ञान हुन्छ, पृथ्वी-जल, बीज-वृक्ष, घर, घट, पट पुनः पशु-पक्षी मनुष्यादिको स्थूल शरीर तथा जहाँसम्म रूप-रङ्गको विस्तार देखिन्छ, सो सब नेत्रद्वारबाट नै अनुभव हुन्छ । यदि नेत्र इन्द्रिय नभए घटमा चैतन्य जीव रहे पनि विविध किसिमका रूपादि पदार्थको ज्ञान हुँदैन, यो लोक-विदित छ । यस्तै समस्त शब्द विषयलाई जान्नको निमित्त कर्ण (कान), इन्द्रिय साधन छ । त्यही कर्ण इन्द्रियद्वारा नै नाना वर्णात्मक र ध्वन्यात्मक, अनन्त राग-ताल आदिको ज्ञान हुन्छ । यदि कर्ण इन्द्रिय नभए कुनै शब्दको पनि ज्ञान हुन सक्तैन । यही प्रकारले स्पर्श ज्ञानको निमित्त त्वचा इन्द्रियको आवश्यकता पर्छ । त्वचाद्वारा नै सर्व शीत स्पर्श, कठिन स्पर्श, उष्ण स्पर्श, कोमल स्पर्श आदिको ज्ञान हुन्छ । यदि कसैको शरीरमा त्वचा शून्य भयो भने स्पर्शको ज्ञान हुन सक्तैन । पुनः सारा सुगन्ध अथवा दुर्गन्धको ज्ञान नासिकाद्वारा नै हुन्छ । यदि घ्राणेन्द्रियमा पिनास आदि कुनै रोग भयो भने गन्धको ज्ञान हुँदैन । एवं रीतले रसको ज्ञान गर्नको निमित्त रसनेन्द्रिय (जिह्वा) द्वारा ज्ञान हुन्छ, सम्पूर्ण षड्रसास्वादको भान हुन्छ । यदि जिभ्रामा केही रोग आदि भएको छ, (ज्वर या पित्तादिको दोषावस्था छ) भने कुनै षड्रस आदिको पनि ज्ञान हुँदैन । यस प्रकार पञ्च ज्ञान इन्द्रियद्वारा नै समस्त तद्जन्य विषयको ज्ञान भइरहेको छ । कदाचित् इन्द्रियरूपी साधन सम्बन्ध नभए चैतन्य जीवको जड़ पदार्थसँग कुनै पनि सम्बन्ध रहँदैन । उक्त अनुभवद्वारा यो सिद्ध छ कि—'इन्द्रियद्वारा नै बहिर्विषयसँग चेतनको सम्बन्ध छ, नत्र कुनै सम्बन्ध छैन, चैतन्य वास्तवमा निःसम्बन्ध छ ।

पुनश्च—भित्र हृदयमा पनि जति चिन्तन-मनन उठ्छ, जति स्मरण-स्फुरण तथा सङ्कल्प-विकल्प हुन्छ, जति शोध-खोज, अनुसन्धान, विचार एवं अनुभव हुन्छ, त्यो सब अन्तस्करणद्वारा नै हुन्छ । यदि कुनै कारणले अन्तस्करण परिश्रमित भएर विशेष थाकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ अथवा सुषुप्ति या मूर्च्छा अवस्था भएको छ भने त्यस समयमा मनन-स्मरण तथा मानन्दी-युक्त ज्ञान कुनै पनि सम्मुख हुँदैन। चेतन जीवलाई स्मृति ज्ञान संस्कार ज्ञान केही पनि रहँदैन। अतः चित्त, मन, बुद्धि, अहंकार आदि चतुष्टय क्रियाशील नभएर त्यो सब ठप्प (बन्द) हुन्छ। यसकारणले चित्त, मन, बुद्धि अहंकारसँग पनि चेतन जीवको मानन्दी मात्र सम्बन्ध छ। किनभने त्यो मानन्दी नभएको वेलामा अन्तस्करण चतुष्टयसँग चेतनको कुनै सम्बन्ध देखिँदैन। एतदर्थ चेतन जीव सदा असङ्ग एवं असम्बद्ध छ। केवल स्मरणद्वारा नै चेतनले मानन्दीयुक्त मेल लिएर सर्व पदार्थको ज्ञान गर्दछ। यो कुराको प्रत्यक्ष अनुभव छ कि जो-जो स्मरण सम्मुख हुन्छ, त्यही मन-मानन्दीद्वारा सम्बन्ध भएर तत्तत् वस्तु पदार्थ-लाई स्वयं जानेर अरूलाई पनि ज्ञात गराउँदछ तथा सुख निश्चयको आधीन नै स्मरणलाई ग्रहण गर्दछ (स्मरणलाई सुख मानेर स्वीकार गर्नु र पुनः त्यसलाई परीक्षा गरेर त्याग गर्नु, त्यसमा दोष दर्शन गर्नु परीक्षकको काम हो)। यदि स्मरणमा दुःखको अनुभव भयो भने तद्-तद् स्मरणलाई रोकि पनि दिन्छ। यस प्रकार चैतन्य जीवले सब स्मरणलाई निश्चयको आधीन न्यूनाधिक सत्ता दिएर स्मरणको निर्माण गर्दछ। पुनः आफ्नो समझ स्वभावानुसार स्मरणलाई क्रियावान पनि गर्दछ एवं हानि संझेर बदलि पनि दिन्छ। अझ अत्यन्त हानि र विशेष दुःख एवं कष्टको अनुभव भएमा त्यो स्मरण तथा संस्कारलाई नाशै पनि गरिदिन्छ। अतएव बाह्य पदार्थको सम्बन्ध इन्द्रियद्वारा हुन्छ र पुनः त्यो इन्द्रियको सम्बन्ध स्मरणद्वारा हुन्छ, यस्तो त्यो (निर्मित) स्मरणलाई कम गर्नु अथवा विशेष गर्नु [घटाउनु, बढ़ाउनु या बदल्नु], दुःख अथवा सुख मानेर मानन्दीलाई ग्रहण अथवा त्याग गर्नु, इत्यादि प्रकार समस्त सत्ता दिने आफै स्वयं चैतन्य जीव छ। उपरोक्त निर्णयबाट यो स्पष्ट भयो कि सबदेखि भिन्न, सर्व जड़ सम्बन्धरहित चैतन्य जीव ज्ञानस्वरूप अविनाशी छ। त्यस्तो सनातन चेतनको कसैसङ्ग खास कुनै सम्बन्ध छैन। सदा असङ्ग असम्बन्ध, अलौकिक एवं अनुपम छ। तसर्थ सम्पूर्ण जड़ बन्धनलाई त्यागेर मुक्त हुन समर्थ छ, स्वतन्त्र छ।

चैतन्य जीव निराधार छ

चैतन्यस्य न दृश्यत्वं दृश्यत्वे जड़मेव तत्।
स्वप्रकाशं च चैतन्यं न परेण प्रकाशितम्॥

(देवीभागवत, स्कन्ध ७। अ० ३२। श्लो० १२)

अर्थ—ज्ञानस्वरूप चैतन्यको दृश्य कदापि छैन, वरन् त्यो दृश्यदेखि सर्वथारहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रष्टा हो, जो दृश्य छ त्यो जड़ भास मात्र हो। अतः चैतन्य स्वयं प्रकाशी एकरस विशुद्ध निर्मल छ, पर प्रकाशी होइन।

उपरोक्त प्रमाणले जो पर प्रकाशी छैन, स्वयं प्रकाशी छ, त्यो परावलम्बी एवं परतन्त्र छैन अपितु साक्षात् स्वतन्त्र छ। यस प्रकार जो स्वतन्त्र छ, त्यही निराधार छ, स्वतन्त्र वस्तु नै वास्तवमा नित्य निराधार रहन्छ।

समस्त कारण-कार्यदेखि अत्यन्त भिन्न हुनाले चैतन्य जीवको स्वरूप अचल छ, किनभने अखिल दृश्य पदार्थको ज्ञान गर्ने ज्ञाता, साक्षी, जनैया, चैतन्य, अखण्ड, एकरस स्वरूप रहेको हुनाले त्यो आफ्नो अचल गुण-धर्मयुक्त ज्ञानस्वरूप स्वतन्त्र छ। अब चैतन्य जीव निराधार भएको स्पष्ट प्रमाण यो छ कि चैतन्यले इन्द्रियको संघातमा मानन्दीकै आधारबाट सर्व वस्तुको ग्रहण र त्याग गर्दछ। एतावता जुन वस्तुलाई जीवले भूल तथा अज्ञानवश सेवन गर्दछ, त्यसमा दुःख एवं बन्धन संझिनाले तत्काल त्याग गर्न पनि सक्तछ। ग्रहण तथा त्याग गर्नमा चैतन्य स्वयं समर्थ छ। जो स्वतन्त्र अर्थात् सबल एवं समर्थ छ, त्यो समस्त ग्रहण तथा त्यागरूपी कर्तव्यदेखि सदा पृथक् छ र परम स्वतन्त्र छ, महान् सत्य छ। कुनै वस्तुको ग्रहण तथा फेरि यथार्थ परीक्षा गरी सम्यक् त्यागिदिनाले त्यसको आधारतादेखि चैतन्यरहित हुन्छ। एवं रीतले चैतन्य जीव सर्व जड़ वस्तुहरूलाई परीक्षा गरेर ग्रहण तथा त्याग गर्दै रहने हुनाले त्यो सर्वको परीक्षक सर्व दृश्यदेखि सर्वथा पृथक् द्रष्टा पदार्थ नित्य छ। खालि उसलाई देह सम्बन्धमा फँसेर बाँधिइरहनुपरेको कारण यही छ कि—जीवले आफूलाई स्वयं भुलेर सुखाध्यास वासनायुक्त इन्द्रियको सम्बन्ध गर्दै आएको छ र साथै त्यही इन्द्रियको संयोगद्वारा नाना कर्म गरेर अमित वासना पुष्ट गर्दै आएको छ। यस प्रकार चैतन्य जीवले स्वयं आफैले रचेको र भूल अज्ञानवश गरेको कर्तव्यबाट आफैलाई बन्धन भएर आवागमनको चक्रमा परिरहनुपरेको छ। तथापि उसको सत्य नित्य स्वरूप वास्तवमा अखण्ड निराधार नै हुनाले उसले ग्रहण गरिरहेको पंचविषय जड़ असत् विकारलाई स्व-स्वरूप ज्ञानद्वारा (परीक्षाबलले) दुःखरूप जानेर त्यागिदिन पनि सक्तछ। एवं रूपेण त्यसलाई सम्यक् प्रकारले त्यागिदिनासाथ त्यसको सम्बन्ध एवं सम्पर्कबाट छुटेर आफू स्वयं स्वतः निराधार हुन सक्तछ। कारण चेतन स्वयं आफैले अज्ञानवश कल्पना गरी-गरीकन त्यही कल्पना वासनाको आधार अनादिदेखि समातिराखेको छ र भूलवश मानन्दी उठ्नाले नै जीव आधार-सहित जस्तो देखिएको छ। तत्र त यथार्थमा चेतन स्वयं निराधार छ, किनकि मानन्दी र मानन्दीद्वारा जानिएको सकल दृश्य तत्त्व एवं देहादि पदार्थ चेतनको सत्य स्वरूपमा छैन, चैतन्य जीव सदैव सबदेखि पृथक् तथा परम परीक्षक छ। तस्मात् कुनै समयमा स्वयं आफू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यले सर्व वासनाको यदि परीक्षा गऱ्यो र परीक्षामा आएको भास दृश्यलाई परीक्षाद्वारा पृथक्करण गर्दै लगेर पूर्णतया पर्खेर परित्याग गर्दै गयो भने 'स्वरूप स्थिति' को समयमा सर्व वासनाको आधार छुटेर स्वतः स्वतन्त्र निराधार स्वरूप रहेको र प्रत्यक्ष शान्त स्थिर भएको स्पष्ट अनुभव हुन जानेछ ।

जगतमा आधार-आधेय सम्बन्ध कारण-कार्यरूप जड़ पदार्थमा हुन्छ, किन्तु चैतन्य स्वरूपमा हुँदैन । घड़ालाई आधार दिने पृथ्वी छ, त्यसमा स्थित रहेको घट आधेय छ । यस्तो आधार आधेय सम्बन्ध प्रत्येक पदार्थमा छ । आधार-आधेय सम्बन्ध र कार्य-कारणरूप सम्बन्ध नै हरेक जड़ पदार्थमा रहेको अनुभव सिद्ध छ । परन्तु चैतन्यमा त्यो किञ्चित् मात्र पनि छैन । किनकि चेतन न कारण हो न कार्य, न त्यो आधार हो न आधेय अपितु निराधार हो ।

घर, घड़ा, वस्त्र, पात्र, बीज, वृक्षादि, सम्पूर्ण कार्य पदार्थ कारण तत्त्वद्वारा नै निर्माण भएका हुनाले यी सब पदार्थ मूलकारणको आधारमा छन् । किंवा कारण चार जड़ तत्त्व निराधारमा छ ।

भूगोल—यो विशाल पृथ्वी र अधर खगोलका सूर्य, चन्द्र, तारा मण्डल तथा मेघ-मण्डल एवं वायुमण्डल, इत्यादि कारण तत्त्व पनि निराधारैमा छन् । प्रत्यक्ष यो सबैलाई अनुभव छ कि सूर्य तथा चन्द्र अधर आकाशमा स्थित छन् । तिनीहरूलाई अड्याउन (रोक्न, थाम्न) कसैले कुनै सहारा (टेको खामो आदि लगाएर) अड्याएको छैन । सुतरां कुनै किसिमको सहायता आधार एवं अवलम्ब दिइएको छैन । केवल चारै तत्त्वको आ-आफ्नो स्वतः शक्तिले निराधारैमा ती सब पदार्थहरू स्थित छन् । अब जस्तो अधरमा स्थित सूर्य र चन्द्रमा निराधारैमा स्थिर (रोकिएको) देखिन्छन्, त्यस्तै समस्त तारागण नक्षत्रगण पनि निराधारैमा छन् । पुनरपि वर्षाकाल (श्रावण-भाद्र) मा लगातार पानी पर्दा सारा पृथ्वी भिजेर मृत्तिकाहरू गलेर, हिलो चिप्लो हुन्छ, ठूल्ठूला पोखरी तलाउहरू भरिन्छन्, सारा नदी-नाला एवं खोलाहरू उर्लिन्छन् सर्वत्र पानी पानी देखिन्छ । अब प्रश्न उठ्छ कि, त्यतिकसो पानी परेको कहाँबाट हो ? उत्तर—माथि अधर आकाशबाट ! त्यतिकसो पानी माथि आकाशमा मेघरूपले निराधारमा नै रहेको प्रत्यक्ष छ । पुनः वायु पनि अधर (ब्रह्माण्ड) वातावरणमा निराधारैमा रहेको, यो त सर्वसाधारणमा विदितै छ । एवं प्रकार जसरी सूर्य, चन्द्र, ताराहरू तथा बादलादि र वायुमण्डल आदि सर्व निराधारमा छन् त्यस्तै यो समुद्रसहितको पृथ्वी पनि निराधारैमा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथ्वी निराधार रहेको बारेमा प्रमाण

मूर्तोधर्त्ता चेद्भरित्र्यास्ततोऽन्य-
स्तस्याप्यन्योऽस्यैव मत्रानवस्था ।
अन्त्ये कल्प्या चेत्स्वशक्तिः किमाद्ये,
किं नो भूमेः साष्टमूर्तेश्च मूर्तिः ॥

(सिद्धान्त शिरोमणि, गोलाध्याय, भुवनकोश, श्लो० ४)

अर्थ—भाष्कराचार्य ज्योतिषी भन्दछन् कि—यदि यो पृथ्वीलाई धारण गर्ने कुनै कर्त्ता मानूँ भनेदेखि—('शेष, बैल, कूर्मादि, साकार चैतन्य देहधारीलाई') धारण गर्ने अर्को दोस्रो धारण कर्त्ता मान्नुपर्दछ । यो रीतबाट त दोस्रोको तेस्रो एवं तेस्रोको चौथो, यस्तो असंख्य धारकको कल्पना गर्नुपर्नेछ, पुनः अन्त्यमा एक स्वयं शक्तिमान धारक मान्नै पर्नेछ । यसकारण प्रथम 'पृथ्वीमा नै स्वयं धारणाशक्ति छ र त्यो स्वयं वातावरणमा निराधार स्थित छ' भन्नमा के दोष छ र ? किनभने 'चारै तत्त्व चन्द्र, सूर्य, तारागण, यी अष्ट वसुहरूमा के पृथ्वी पनि एक वसु (मूर्ति) अर्थात् पदार्थ होइन र ?'

यो प्रमाणले अधर वातावरणमा स्थित पृथ्वी निराधार छ अर्थात् चन्द्र सूर्यादिहरूको अनादि गुरुत्वाकर्षण शक्तिले र आ-आफ्नो धारणाकर्षण शक्तिले निराधार ❀ ठहरि-रहेको छ ।

बृहद् कारण समूह—सूर्य, चन्द्र, तारा, मेघ, वायु, पृथ्वी आदि जसरी निराधारमा छन्, त्यस्तै तत्त्वका सूक्ष्म कारणरूप पदार्थ अणु-त्रसरेणु, परमाणुहरू पनि निराधारैमा छन् । आ-आफ्नो तत्त्वका गुण, धर्म, शक्तिले अधरमा रहेर सर्वत्र गमनागमन गरिरहेका छन् ।

उपरोक्त प्रकारले कारणरूप चार जड़ तत्त्व त निराधारैमा स्थित रहेका रहेछन् भने अब जो चेतन कसैको कारण पनि होइन, कार्य पनि होइन, कारण-कार्यदेखि जो सदाकाल र सर्वथा भिन्न छ, अपितु दुवैको ज्ञाता एवं द्रष्टा हो, जानमात्र ज्ञानस्वरूप अखण्ड एकरस पदार्थ हो, त्यस्तो अविनाशी नित्य पदार्थले कसलाई के भार दिन्छ र ? कोसँग के आधार लिन्छ र ?

❀ पृथ्वी निराधारैमा छ भनेर सिद्धान्त-शिरोमणि ग्रन्थका रचयिता ज्योतिषी भाष्कराचार्य तथा अन्य कतिपय ज्योतिषी विद्वानहरूले निर्णय गरेका छन् । पुनश्च—भू-गोल (ज्योग्राफी) का अन्वेषक आधुनिक वैज्ञानिकहरूले पनि पृथ्वीमा निराधार रहने स्वतन्त्र शक्ति छ भनेर वर्णन गरेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारांश—चेतनले आफूलाई अड्नको निमित्त कसैसँग कदापि कुनै केही आधार लिनुपर्ने आवश्यकता छैन । स्वयं आफू अविचल निराधार छ । आधाराधेय र कारण-कार्य, उत्पत्ति-प्रलय, इत्यादि समस्त द्वन्ददेखि सर्वदा रहित हुनाले चेतन जीवको स्वरूप स्वयं निराधार छ । त्यस्तो निर्विकार निराधार चैतन्यलाई खालि इन्द्रिय मनद्वारा विषय वासनाको ग्रहण भएर मात्रै भट्कनुपरेको हो, दुःख पाउनुपरेको हो । नत्र विषय वासना नभए अथवा भूल अज्ञानवश पूर्वमा विषय ग्रहण भएको भए पनि, अब वर्तमानमा स्वरूपबोध प्राप्त गरेर विषय वासनालाई अत्यन्त त्याग गरिदिएका खण्डमा पश्चात् सदाको निमित्त स्थिति दशामा आफू स्वयं निराधार रहन्छ । वासनावश चेतन प्रकृतिको आधारमा रहेको छ तापनि अब त्यो वासनाबाट रहित भएर आफ्नो शुद्ध स्वरूपमा स्थिर हुन्छ अथवा बोधवानको प्रारब्ध वेग समाप्ति कालमा त्यो चेतनले न कसैलाई आधार दिन्छ, न अन्य (जड़ आदि) कसैको आधार लिन्छ, वरन् निराधार असङ्ग नै सदा-सर्वदा रहन्छ ।

अब जसरी जड़का मूल कारण तत्त्वहरू आ-आफ्नो अनादि शक्तिले भूत-भविष्य वर्तमानमा निराधार नै अडेर रहेका छन्, त्यस्तै यहाँ चैतन्य जीव पनि अचल अटल अखण्ड एकरसरूपी स्वयं शक्तिले आ-आफ्नो स्वरूप देशमा स्वयं अडेर रहेका छन् । एवं प्रकार जड़ तत्वको अनादि नित्य देश परमाणुको स्वरूप हो, तदनुसार अजरामर चैतन्यको नित्य शुद्ध स्वदेश 'स्वरूप ज्ञान' नै एकमात्र देश हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृश्य प्रकरण

चेतनको सर्वोपरि महत्ता

इह सर्व वरं खलु जीव इति इह सर्व निरन्तर जीव इति ।
इह केवल निश्चल जीव इति किमुरोदिषि मानस सर्व समम् ॥

(अवधूत गीता, अ० ५ । श्लो० १७)

अर्थ—भगवान श्री दत्तात्रेय भन्नुहुन्छ—यो संसारमा सबभन्दा उत्तम जीव नै हो, पुनः यो संसारमा सर्वको निरन्तर [श्रेष्ठ सिद्धान्त] पनि जीव नै हो। एवं रीतले यो संसारमा महान् अखण्ड अविचल एकरस निश्चल पदार्थ पनि जीव नै हो, यसकारण [सत्य सार अजरामर वस्तु प्राप्त भएन भनेर] हे मन ! किन तिमी रुदन गर्दछौ ? (अवश्य भेट्टाउने छौ), किनकि यो प्रत्येक घटमा समानरूपले एकरस विराजमान छ ।

पुनरपि—

गुह्यं ब्रह्म तदिदं ब्रवीमि न हि मानुषाच्छ्रेष्ठतरं हि किञ्चित् ।

(महाभारत, शान्तिपर्व, अ० १८० । श्लो० १२)

अर्थ—यो सब श्रेष्ठ रहस्य ज्ञान तिमीलाई म भन्दछु कि मनुष्यभन्दा श्रेष्ठ अरू केही पनि छैन ।

उपरोक्त प्रमाणले, जस्तो भुवनभाष्कर (सूर्य) दिनमा होस् या रात्रिमा होस्, अथवा ग्रहणले आक्रान्त पारेको वेलामा होस्, जुनसुकै अवस्था एवं कालमा पनि उसको अभाव छैन, लोप छैन, विनाश या शून्यता छैन, अपितु गुण धर्मसहित भावरूपले पूर्णतया विद्यमान छ, प्रत्यक्ष दृश्य जगतको प्रकाशक छ, उष्णतादायक छ, शीतता शामक छ, अन्धकारको विनाशक छ, ठीक यही प्रकारले ज्ञानस्वरूप रमैया राम चैतन्य जीव देहसम्बन्धमा जागे पनि, निद्रावस्थामा रहे पनि, बोले पनि या मौन रहे पनि इत्यादि जुनसुकै अवस्थामा पनि शरीरको आधार, सञ्चालक, प्रेरक एवं परीक्षक ज्ञाता चेतनको कदापि लोप या अभाव छैन । किंबहुना महान् गुण-धर्मसहित परम ज्ञानाकारको अविचल भावयुक्त अखण्ड अविकाररूपले विद्यमानता छ, प्रत्यक्ष दृश्य शरीरको प्रकाशी छ, अज्ञानको विनाशी छ, इन्द्रिय मन एवं बुद्धिको विकाशी छ, परम ज्ञानको राशि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि जगतमा दिवाकर नभए अथवा कदापि नरहेका खण्डमा समस्त विश्व नै अन्धकारमय हुन जान्छ। तब ठण्डी, गर्मी, वर्षा, दिन-रात, उत्तरायण, दक्षिणायन, षड् ऋतु आदिको क्रिया सब बन्द हुन्छ। यस प्रकार संसारको अनन्त कारबार एवं व्यवहारै रोकिन जाने सम्भावना पर्छ। जो कि वर्तमानमा सूर्यकै उत्तापको सहायता पाएर अन्न, फल, फूल, कन्द, मूल, साग-पात तथा सर्व वनस्पति वर्ग इत्यादि उत्पन्न भइरहेका छन्। अतः भू-मण्डलमा रवि-रश्मि हुनु परमावश्यक छ, सुतरां मार्तण्डको प्रकाशको आधारैमा सब पदार्थको सिद्धि छ। नत्र आदित्य जगतमा सर्वथा नभए या कथमपि नरहे, अन्य जड़ जगतको तत्त्व पदार्थ भए पनि प्रकाशको अपेक्षारहित नितान्त अन्धकारमय रहनाले निःसार प्रतीत हुनेछ। एतदर्थ सूर्य नै भएर सब व्यवहारको र पदार्थको महत्व रहेको छ।

तद्वत्—दृश्य जड़ जगत र तत्त्व पदार्थदेखि सर्वथा भिन्न, द्रष्टा, ज्ञाता, परीक्षक, अजरामर ज्ञानस्वरूप चैतन्य जीव पनि नित्य स्वतन्त्र र सत्य पदार्थ एकरस रहेको हुनाले नै अनन्त ज्ञान-विज्ञान तथा अखिल व्यवहाररूप विचक्षण चैतन्य सृष्टि चलिरहेको छ जो निम्न प्रकारले विस्तारित र प्रचारित छ।

यही चैतन्य जीव भएरै सर्व चार खानी [मनुष्य, पशु, पक्षी, कृमि आदि] को शरीर जीवित छ, सुन्दर छ, सुशोभित छ र सुप्रकाशित छ। यदि चेतन जीव नभए सर्व शरीर मुर्दा (ढुङ्गा-मुढ़ा) समान शून्य हुन जान्थ्यो। यही चेतन भएरै समस्त कृषि, व्यापार, बजार, अनेक उद्योग आदि अनन्त कार्य व्यवसाय पनि खूब जोड़-तोड़ले चलिरहेका छन्। यही चेतन भएरै सर्व राज्यव्यवस्था, विधान, प्रशासन-प्रसाधन, नियम, कानून, प्रणाली, पद्धति, अनुशासन, अनुगमन, आदि सर्व नैतिक रीति सुचारुरूपले चलिरहेका छन्। यही चेतन भएरै सैनिक (पल्टन), होमगार्ड, अङ्गरक्षक, पार्श्ववर्तीदल, प्रहरी, सन्तरी, रमन, पिउन चौकीदार, अर्दली आदि नाना नाम र काम लिएर राष्ट्ररक्षाको र कर्तव्यको पालन भइरहेछ। यही चेतन भएरै तमाम स्कूल-कलेज, ब्याङ्क, अदालत, मन्त्रालय, कार्यालय आदि विविध श्रेणीका विभाग, दफ्तर, अफिस इत्यादि खुलिरहेका छन्। यही चेतन भएरै तार, टेलीफोन, टेलिविजन, टेपरेकर्ड, रेडिओ आदिको क्रिया चलिरहेको छ। यही चेतन भएरै साइकिल, रिक्सा, ठेला, सनसाइन, मोटर-साइकिल, स्कूटर, मोटर (लॅरी, ट्रक, कार, बस, आदि), रेल, अग्निबोट, राकेट, आदिको निर्माण तथा सञ्चालन भै रहेछ। यही चेतन भएरै तत्त्व पदार्थद्वारा यन्त्रादि निर्माण गरेर, विद्युत् (बिजुली) आविष्कार गरेर सारा शहर तथा राजमहल सब झलमल्ल उज्याला भइरहेका छन्। यही चेतन भएरै राष्ट्रनायक (चैतन्यदेव) राजा भएरै राजसिंहासन तथा राजमुकुट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोभायमान भइरहेको छ। यही चेतन भएरै विविध आकृतियुक्त गगनचुम्बी महलहरू निर्माण भइरहेछन्। यही चेतन भएरै गृहका माल, निर्वाहिक सामान, असन वसन-वासन, विविध साधन सुख सम्पादनार्थ सामग्री (उसैले) एकत्रित गरिरहेछ। यही चेतन भएरै विद्यालय, पुस्तकालय, औषधालय, रुग्णालय, अनाथालय, प्रसूतिगृह चलिरहेका छन्। यही चेतन भएरै गौशाला, पौशाला, पाकशाला, पाठशाला, हयशाला, गजशाला, शस्त्रशाला, धर्म-शालाहरू चलिरहेका छन्। यही चेतन भएरै नाना प्रकारका मिल, फ्याक्टरी, कारखाना विविध यन्त्र शस्त्रास्त्रहरूको निर्माण भइरहेको छ। यही चेतन भएरै विभिन्न भाषा, वेष-भूषा, शृङ्गार, अलङ्कार, फेशन एवं विलासको प्रचार तथा प्रसार भइरहेको छ। यही चेतन भएरै लौकिक एवं पारलौकिक विद्या, ज्ञान, बुद्धि, चतुर्‍याइँ, उक्ति-युक्ति, तर्क-विचार, शोध-खोज, अनुसन्धान, परीक्षा चलिरहेको छ। यही चेतन भएरै चार वेद, एक शय आठ उपनिषद्, षट्शास्त्र, श्रुति स्मृति तथा अठार पुराण एवं उपपुराण, महाभारत, रामायण एवं गीता, भागवत् आदिको प्रचार प्रसार भइरहेछ। यही चेतन भएरै आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद, अर्थशास्त्र, राजनीतिशास्त्र, चौद्ध कला, चौद्ध विद्या, षड़ङ्ग [शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, पिङ्गल], षड्दर्शन [योगी, जङ्गम, जैन, सन्यासी, दरवेश, ब्रह्मचारी, ब्राह्मण,] षड्सिद्धान्त, षड्विकार, षड्शमादि सम्पत्ति, षड्उर्मी, षड्पशुधर्म, नाना क्रिया तथा कर्म एवं मार्ग चलिरहेका छन्।

यही चेतन भएरै देव-देवताहरूका मन्दिर (देवल) इत्यादिको निर्माण भएको छ। यही चेतन भएरै उक्त मन्दिर (स्थान) मा अनेक देवताहरू (नाना धातु, उपधातु, काष्ठ, पाषाण, कागज आदि) का मूर्ति कुँदी, गढ़ी, लेखी, रंग भरी, बनाई, स्थापना भइरहेका छन्। यही चेतनरूप (पूजारी) भएरै ती देवलमा स्थापना गरेका देव-देवताहरूको पूजा-अर्चा चलिरहेको छ। यही चेतन [भक्तहरू जम्मा] भएरै ती देवालयहरूमा, समय-समयमा (उही चेतनले बनाएको नियमबमोजिम) पर्व, तिथि, चाड़हरू इत्यादिमा, गुठी, देवाली, मेला, महोत्सव चलिरहेको छ। यही चेतन भएरै तीर्थ, व्रत, जप, तप, योग, दान-पुण्य, यज्ञ-अनुष्ठान चलिरहेको छ। यही चेतन भएरै सर्व मन्त्र तन्त्र यन्त्र आदि साधनाको प्रयोग र दोस्रो पंच मकार (मत्स्य, मांस, मद्य, मुद्रा, मैथुन) आदिको सेवन गर्ने वाममार्गसमेत चलिरहेको छ। यही चेतन भएरै श्मशान साधने, भूत-प्रेत मान्ने, राहु-केतु शनैश्चरादिको कल्पना एवं भ्रमजन्य मिथ्या मान्यता पनि चलिरहेको छ। यही चेतन भएरै प्राणीवध, हिंसा-हत्या, पशुबलि, मांसाहार आदि पापमय तामसी धर्म पनि चलिरहेको छ। यही चेतन भएरै चोरी, हिंसा, व्यभिचार, काम, क्रोध, लोभ, मोहादि, अन्याय अनीतियुक्त नाना कर्मसमेत चलिरहेको छ। यही चेतन भएरै काँग्रेसवाद, समाज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाद, साम्यवाद, मार्क्सवाद, लेलिन तथा स्टालिनवाद, सेक्युलरवाद, साम्राज्यवाद आदि नाना वादको दलबन्दी एवं पार्टिबन्दी पनि चलिरहेको छ ।

यही चेतन जीव भएरै यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, ध्यान, धारणा समाधि इत्यादि साधन-संयम चलेका छन् । यही चेतन जीव भएरै हठ, राज, लय, कुण्डली, लम्बिका, तारक, अमनस्क तथा सांख्य आदि अष्टाङ्गयोग खुलेको छ । यही चेतन भएरै वेदान्त, सांख्य, न्याय, योग, वैशेषिक, मीमांसा आदि शास्त्रद्वारा भिन्न-भिन्न प्रकारका सिद्धान्तको स्थापना भएको छ । यही चेतन जीव भएरै द्वैत, अद्वैत, विशिष्टाद्वैत, द्वैताद्वैत, शुद्धाद्वैत इत्यादि लक्ष्यलाई लिएर भिन्न-भिन्न आचार्यद्वारा विभिन्न युक्ति, तर्क, परिभाषा आदिको समावेश गरेर नाना सम्प्रदाय एवं मान्यताको निरूपण भएको छ । यही चेतन भएरै अनन्त योजनको उपर अधरमा सूर्यलोक, चन्द्रलोक, गोलोक, स्वर्गलोक, वैकुण्ठलोक, सत्यलोक, अमरलोक एवं क्षर, अक्षर, निःअक्षर तथा अक्षरातीत धामलोक आदि अनेक लोक-लोकान्तरको मान्यता चलिरहेको छ ।

सारांश—यही चैतन्य जीव परमपद भएरै समस्त दक्षिण मार्ग तथा दोस्रो वाम मार्ग, आस्तिकवाद र नास्तिकवाद, खानी जाल एवं बानी जाल, नाना अनुमान, कल्पना, भास, अध्यासादि विविध मत, पंथ, ग्रन्थ एवं सिद्धान्त आदिको प्रचार प्रसार भएर विभिन्न भावनाद्वारा पृथक्-पृथक् मन्तव्यको निरूपण, कथन, समर्थन र तदनुकूल मानन्दीको आपाततः निर्धारण हुन गएको छ । यही 'चैतन्यदेव परम प्रभु' भएरै सर्व जड़ पदार्थको सिद्धि भएको महिमा बढ़ेको, अस्तित्व झल्किएको र महत्व फैलिएको हो । यदि यस्तो महान् ज्ञानस्वरूप, अजर, अमर, अविनाशी, साक्षात्, सत्य सद्रूप, चैतन्य जीव नभएको भए न कुनै व्यवहार व्यवसाय तथा क्रिया कर्तव्य चल्दथ्यो, न कुनै मत, पन्थ, ग्रन्थ, सिद्धान्त बन्दथ्यो, न त्यसको प्रचार एवं प्रसार हुन सक्तथ्यो । न कुनै जड़ हीरा, मोती, सुन, चाँदी इत्यादिको कीमत र कदर नै हुन्थ्यो, न कुनै विद्या कलाकौशल :आदिको कतै केही स्थापना नै हुन्थ्यो, न शहर बजार आदिकै निर्माण हुन्थ्यो, न कुनै जड़को सत्यत्व र श्रेयत्व, विशेषत्व एवं विधेयत्व नै विदित हुन्थ्यो । यसकारण सत्यसार रहस्यको यथार्थ विवेचन गर्दा र मूल-मुख्य तथ्यको स्पष्ट निर्णय गर्दा मुक्तकण्ठले निरूपण गर्नै पर्ने प्रतिपाद्यरूप महिमामूल यही चैतन्य जीव नै शाश्वत नित्य पदार्थ हो ।

एतदर्थ संसारमा जे जति व्यवहार, व्यापार, व्यवसाय एवं अध्यवसायरूप मत, पन्थ, ग्रन्थ, सम्प्रदाय तथा सिद्धान्तको संस्थापन प्रचलन र पुनः समस्त जड़ पदार्थको मूल्याङ्कनको अभिवर्द्धन भएको छ त्यो सब चेतन जीव भएरै भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि जड़ चार तत्त्व कारण-कार्य पदार्थको गुण-धर्म, शक्ति, सामर्थ्य आदिको लोप हुने त होइन, जड़त्व आफ्नो गुण-धर्मसहित क्रियाशील रहि नै रहन्छ, तथापि चेतनले जड़ तत्त्व पदार्थलाई लिएर नाना क्रिया-कला, कौशल, विविध यन्त्र निर्माण, शहर बजार तथा व्यापार एवं मत, पन्थ, ग्रन्थ, शास्त्र विद्या आदिको प्रचार-प्रसार विस्तार बनाएर बढ़ाएर जो अनन्त क्रिया-कलाप चलाइरहेछ, त्यो चेतन जीव नभए केही पनि कार्य चल्न सक्तैन। वरन् चेतन जीव नभए सारा कारोबार नै रद्दी हुनेछ। अतएव सबको सिद्धक, लक्ष्यक, भासक, जानक, मानक, ज्ञापक, परीक्षक स्वयं चैतन्य नै हो। सबको साक्षी पारखकर्त्ता सबदेखि श्रेष्ठ एवं सत्य हो। यस प्रकार जीव जमा चैतन्य नै महान् सार पदार्थ हो। यो चैतन्यको समतामा अन्य खानी-वाणी पञ्च विषयरूपी पिण्ड-ब्रह्माण्डको कुनै पदार्थको पनि तुल्यता छैन। किनकि, अन्य सब जड़ पदार्थ विकारी हुन्, विनाशी हुन्, विजाती हुन्, सब उपमारूप हुन्, किन्तु त्यो सब उपमादेखि सर्वथा पृथक् चैतन्य स्वयं उपमेयस्वरूप हो।

निर्णय-दर्पण

बोधो जीवः प्रबोधोऽयं स च बुद्धिं प्रयत्नतः।

(योगवाशिष्ठ, ६।१।५१।६०)

अर्थ—जीव बोधस्वरूप छ तथा स्वयं प्रबोधस्वरूप छ, त्यो बुद्धिको प्रयत्न (निर्मलता) ले जानिन्छ।

जस्तो एक विशाल पर्वत छ, त्यो पर्वतमा अनेक सेता, राता, नीला इत्यादि किसिम-किसिमका पत्थरहरू छन्। हीरा, लाल, पन्ना, पुष्पराज, नील, वैडूर्यमणि, माणिक, मोती, मुगा इत्यादि रत्नहरू छन्, परन्तु ती सब निर्जीव जड़ पदार्थहरू हुन्। चेतनाहीन, ज्ञानशक्ति-विहीन छन्। अब त्यसमा न पहाड़ले आफूलाई, न ती हीरा मोतीहरूलाई चिन्दछ। पुनः ती हीरा, माणिक, पन्ना, पुष्पराजहरूले पनि न आफूलाई जान्दछन्, न अर्कोलाई पहिचान्दछन्, न 'म यति मोल जाने हुँ' भनेर आफ्नो अस्तित्वको भाव बताउन सक्तछन्, न अरूको मूल्यलाई निर्धारित गर्ने स्मृति तथा शक्ति एवं सामर्थ्य राख्न सक्तछन् अपितु उनीहरू त सब-का-सब शून्य मुर्दासमान अचेतन जड़ छन्। यस्तो परिस्थिति एवं अवस्थामा यदि त्यहाँ हीरा, मोती, माणिक आदिको परीक्षा गर्ने, जौहरी पारखी मानिस चेतन नभए तथा त्यहाँ नगए, त्यसको कीमत र कदर नगरे, ती हीरा, पन्ना, माणिक, नील आदि सर्व रत्नहरू कङ्कड़-पत्थरसमान छन्, कौड़ी मोलका छन्, धूलो र माटोबराबर छन्। केवल तिनको गुण-धर्मलाई जान्ने, तिनको महिमा बढ़ाउने, तिनलाई श्रेष्ठ भावको महत्व दिने, मूल्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्धारण गर्ने, रत्नादिको परीक्षक, पारखी, चैतन्य मनुष्य नै श्रेष्ठ छन् , शिरमौर छन् , विशेष ज्ञानवान् र महान् छन् ।

तद्वत् यो पिण्ड-ब्रह्माण्डरूपी सर्व पर्वताकार जगत छ । त्यसमा विविध मार्ग सम्प्रदाय, मत, पन्थ, ग्रन्थ एवं सिद्धान्तहरू हीरा, मोती, माणिक, पन्नासमान छन् । भिन्न-भिन्न लक्षण तथा नाना मान्यतालाई लिएर भास अध्यासादिलाई परिपुष्ट गर्ने छन् । कतै अधिकांश जड़कै लक्ष्य, कतै किञ्चित् चैतन्यतर्फको विचार एवं भाव गरिहाले तापनि अन्त्यमा जड़ चेतन मिश्रित गरेर (जड़ात्मरूप या जगदात्मरूपमा विभोर भएर) परिणामको मूल निष्कर्ष जगदाकारको भाव नै अभिव्यक्त गर्ने छन् । जड़देखि सर्वथा भिन्न परीक्षक चैतन्य स्वरूपलाई स्पष्टरूपले (संशयरहित बनेर खुला दिलले) यथार्थरूपमा निर्णय बताउन नसक्ने छन् सुतरां हिचकिचाउने छन् । एकदम निश्चितरूपले निर्भय भएर कथन गर्नमा प्रायः अक्मकाउने छन् । अतः ती हीरा, पन्ना, पुष्पराजसमान आ-आफ्नो मन्तव्य एवं मान्यतालाई नै ठहराउने मात्र हुन् । किन्तु सबको परीक्षक को हो ? अनन्त मत-पन्थको स्थापक र विचारक-प्रचारक को हो ? कसको आधार र आश्रयमा उक्त असंख्य मन्तव्य एवं मान्यतादिको विस्तार भएको हो ? वास्तवमा सबको निर्णायक र प्रकाशक को हो ? मुख्य मूल अवशेष जमापद के हो ? यसको पूर्णतः पहिचान नपाउने नै छन् , अतएव उपरोक्त सर्व मत पन्थदेखि सर्वदा भिन्न, अखिल पिण्ड-ब्रह्माण्डको जड़ तत्त्व समुदायदेखि सर्वथा पृथक् , समस्त सम्प्रदाय र मान्यतादिको ज्ञाता, जनैया, सबको कसर-विकारको पारख गर्ने, जड़ र चैतन्यको गुण-लक्षणलाई पृथक्-पृथक्रूपले जान्ने, सारासारको निर्णय गर्ने, सर्व सिद्धान्तलाई ठहराउने, सबको अड़कल गर्ने, सबको सोच-विचार गर्ने, प्रत्येक विचारधारालाई अन्तरात्मामा रहेको न्यायको कसौटीमा कसेर विवेकद्वारा सत्य ठहरेको निर्णयलाई मात्र निश्चय गर्ने, यस प्रकार सबको विचारक अन्वेषक सर्व सिद्धान्तादिको विकाशक, निरूपक, विवेचक, शोधक-बोधक, लक्ष्यक, समर्थक, शिक्षक, निरीक्षक, परीक्षक, सबलाई पर्खने पारखी पारखरूप चैतन्यस्वरूप नै स्वयं सत्य श्रेष्ठ छ ।

किनकि—न्यायभन्दा न्याय गर्ने न्यायिक, कर्तव्यभन्दा कर्तव्य गर्ने कर्तव्यको कर्त्ता, कानूनभन्दा कानून बनाउने र कानूनलाई जान्ने कानूनज्ञ, शब्दभन्दा शब्दको उच्चारण गर्ने शब्दको ज्ञाता शब्दविद्, दृश्य जड़ भासभन्दा त्यसको निश्चय गर्ने भासिक चैतन्य जीव नै सदा श्रेष्ठ हुन्छ ।

यदि न्याय तथा कर्तव्य अथवा कानून एवं शब्दलाई मात्र जान्यो र त्यसैलाई मात्र सत्य ठहरायो, यसको अतिरिक्त प्रत्यक्ष त्यसको जनैया, कर्त्ता, ज्ञाता, द्रष्टा, न्यायिक तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परीक्षक, महान् पदलाई जानेन, साक्षात् भेट्टाउन सकेन भने, त्यसको यथार्थ अनुसन्धान विचार यथोचित रूपेण ठीक लक्ष्यमा पुग्न सकेन र सर्व शिरोमणि विवेक उपलब्ध भएन भन्ने यथार्थ बुझ्नुपर्दछ।

यसकारण सत्यासत्यको विचार गर्दा यस कुराको अटल नियम छ कि—द्रष्टा-दृश्य, साक्षी-साक्ष्य, भासिक-भास, कर्तव्य र त्यसको कर्त्ता कदापि कुनै हालतमा पनि एक हुन सक्तैन, किनभने जसले जसलाई जान्दछ, त्यो -जानिएको पदार्थदेखि त्यसलाई जान्ने जनैया जाननहार सदोदित फरक नै रहन्छ। एवं रीतले घर घट, पट इत्यादि सबलाई जान्ने, ज्ञाता चेतन, त्यो घर, घट, पट आदि सब पदार्थदेखि सदाकाल पृथक् नै नित्य स्थित छ।

जस्तो नेत्रले दृश्य पदार्थलाई देख्दछ, उक्त सर्व दृश्य पदार्थलाई देख्ने नेत्र, त्यो देखिएको अखिल दृश्य पदार्थदेखि सर्वदा तथा सर्वथा पृथक् नै रहन्छ। कारण-नेत्र द्रष्टा हो, त्यो देखिएको सर्व प्रपञ्च दृश्य हो। तद्वत् सबलाई देख्ने, सुन्ने, जान्ने, मान्ने, ज्ञानकर्त्ता ज्ञाता, चैतन्य सर्व ज्ञेय पदार्थदेखि अत्यन्त भिन्न हो। त्यही नित्य अजरामर अखण्ड सत्य स्वयं एकरस, स्वतन्त्र स्वरूप हो।

जसरी पाँच अशर्फीलाई हातमा लिएर पर्खने, परीक्षा गर्ने, पाँचै अशर्फीको गुण-धर्मलाई जान्ने, जनैया मनुष्य त्यो पाँचै अशर्फीदेखि सदा भिन्न हुन्छ, ठीक त्यस्तै, पञ्च विषयरूप समस्त कारण-कार्य जगत जड़ तत्त्व स्थूल-सूक्ष्म पदार्थ र त्यसका नाम गुण-धर्म इत्यादि सबलाई जान्ने, ज्ञान गर्ने, ज्ञाता, परीक्षक चैतन्य त्यो सर्व जड़ तत्त्व पदार्थदेखि सर्वदा पृथक् छ।

एतदर्थ, सर्व दृश्य प्रपञ्च र मन इन्द्रियको ज्ञाता तथा समस्त खानी वाणीको संचालक, प्रेरक, साक्षी चैतन्य हो। त्यही चैतन्य नै परम सार श्रेष्ठ एवं सत्य पदार्थ हो। त्यही अविनाशी अखण्ड चैतन्यलाई चिन्नु जान्नु एवं सम्यक् रीतिले बोध प्राप्त गर्नु नै महान् धर्म हो, श्रेष्ठ पुरुषार्थ हो, भाग्यमानीले मात्रै भेट्टाउने श्रेयशः सिद्धान्त हो।

यस्तो सबको विचारक तथा परम प्रकाशक, ज्ञानस्वरूप साक्षात् नित्य-सत्य चैतन्य नै पारख स्वरूप हो। त्यही चेतन जीव नै वास्तवमा परमपद हो। समस्त कला, कल्पना, अनन्त विचार बोध-शोध, विविध आविष्कार तथा चमत्कार एवं नाना विज्ञान आदि सब चेतन जीवकै हुन्। ईश्वर ब्रह्म, देवी-देवता इत्यादि सबको निरूपण र प्रतिपादन गर्ने एवं संस्थापना गर्ने तथा वेद, शास्त्र, पुराण, कुरान, बाइबिल आदिको रचना गर्ने सबको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रचयिता पनि त्यही चेतन जीव नै हो । सारांश—चेतन जीव नभए उपर्युक्त कुनै पनि पद-पदार्थको प्रतिपादन तथा समर्थन हुन सक्तैन । एतदर्थ सबको प्रतिपादक, संस्थापक, सिद्धक, समर्थक चेतन जीव नै सर्वोपरि सत्य हो तथा श्रेष्ठ हो ।

चेतन शाश्वत शुद्ध तथा सार एवं अजरामर हुनाले अविनाशी हो । सदा निर्विकार र अपरिवर्तनीय हुनाले नित्य हो । सबलाई जानेर परीक्षा गर्ने हुनाले परम परीक्षक अर्थात् पारखरूप हो । स्वयं ज्ञानगुणयुक्त ज्ञान सत्ता सम्पन्न हुनाले ज्ञानस्वरूप हो । मन र इन्द्रियादि लाई चलाउने चेताउने हुनाले चैतन्य भनिएको हो । जड़ दृश्यको साक्षी र सबलाई ज्ञान दृष्टिले देख्ने हुनाले द्रष्टा हो । विवेकद्वारा सबको निरख-परख (अर्थात् नीर-क्षीरको निर्णय) गर्ने हुनाले हंस कहिएको हो । सदा-सर्वदा जीवित रहने कहिले कुनै कालमा पनि अज्ञात, जड़, खण्ड, नाश नहुने, शून्य, शव (मुर्दा) नहुने, अभाव मिथ्या भएर नजाने, वरन् सर्वथा जागृत स्वरूप चिरञ्जीव (रमैया राम) अखण्ड अक्षय पदार्थ हुनाले नै जीव भनिएको हो । जड़ प्रकृतिदेखि सर्वथा भिन्न ज्ञान सत्ता संयुक्त 'जीवतीति जीव' हुनाले स्वयं चैतन्य जीव भनी विवेकसम्मत संज्ञा दिइएको हो । जो जातिमा समानभावले रहेको ज्ञानजातीय हो र व्यक्तित्वमा अनेक हो । यो अनेकता अनादि र अनन्त हो [सदाको निमित्त स्वतः स्वतन्त्र-रूपले पृथक्-पृथक् रहने हो], निर्विकार हो । यो अमर चेतनको अनेकता अत्यन्त प्रत्यक्ष हो र यथार्थ हो, पुनः युक्ति-युक्त हो र विवेकसम्मत हो, शास्त्रानुमोदित हो र एकदम प्रामाणिक हो, सबको अनुभव सिद्ध सिद्धान्त हो र निर्विवाद हो । यस्तो महान् अखण्ड अक्षय चेतनको उपरमा व्याप्य-व्यापक, कार्य-कारण, अंश-अंशी तथा जड़-चेतन अभिन्नताको आरोप केवल भ्रान्तिजन्य हो, मात्र अपलाप हो । वास्तवमा यो विवादरूप झञ्झटदेखि र संसार प्रपञ्च-देखि स्वयं स्वरूप चैतन्य सर्वथा रहित छ, अतिशय पृथक् छ ।

एतावता चैतन्य जीवको शुद्ध स्वरूप नै पारख हो, त्यही परम परीक्षक ज्ञानस्वरूप हो । जसको आधारबाट नाना अनुभव, ज्ञान, परोक्ष, प्रत्यक्ष, अनुमान, कल्पना तथा संशय, तर्क, विकल्प, भास, पक्ष, मान्यता इत्यादिको विवेक हुन्छ, स्पष्ट निर्णय हुन्छ, त्यो सबको परीक्षा गर्ने मात्र परीक्षक नै पारख हो । सबको हानि-लाभ तथा कसर-खोटको, सारासारको यथार्थ विवेचना जहाँबाट हुन्छ, अपरोक्ष अनुभव प्राप्त हुन्छ, ज्ञानद्वारा छर्लङ्ग अवगत हुन्छ, त्यो सबको अनुभविता, ज्ञाता, 'स्वयं स्वरूप नै पारख हो । जो स्थूल-सूक्ष्म दृश्यलाई पर्खंदै रहेर कुनै दृश्यमा नमिलीकन अन्तरङ्ग धारणा बनाउँदै लगेपछि पश्चात् जो स्थिर हुन्छ, त्यही पारख हो । जो अनादि अविनाशी तथा अक्षय (कहिल्यै नाश नहुने) नित्य सद्वस्तु छ, जो स्वसंवेद्य छ, आफूलाई आफै सदा अपरोक्ष छ, त्यही प्रत्यक्ष पारख हो । केवल दृश्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्फ लक्ष्य भएर नै जो अप्राप्त भएको छ र जसको स्वयं द्रष्टा ज्ञाता ज्ञानस्वरूपमा लक्ष्य पुग्नासाथ नित्य प्राप्त स्वरूप स्वयं पारख मात्र रहन्छ, त्यही पारख हो। जहाँबाट सबको अनुसन्धान हुन्छ, तजबिज एवं गौरव चिन्तन-मनन हुन्छ, सबको अन्वेषण एवं यथार्थ परीक्षा हुन्छ, त्यही भूमा अर्थात् भूमिका नै पारख हो। त्यही पारख नै आफ्नो नित्य सत्य अखण्ड शुद्ध स्वरूप हो। त्यो पारख अर्थात् ज्ञान कुनै देशकालावच्छिन्न या मत-पन्थ, सम्प्रदायान्तर्गतको सीमा अथवा परिधिभित्रको वस्तु होइन, किंवा प्रत्येक चैतन्य जीवको स्वयं स्वरूप नै पारख हो। जो जड़ संसारदेखि र काया, माया, कल्पनादेखि एवं सम्पूर्ण मनोमय सृष्टिदेखि अखिल खानी-वाणीको सुखहन्ता भावरूपी भास विकल्पदेखि अत्यन्त पृथक् छ, सर्व दृश्य समुदायदेखि सर्वथा भिन्न द्रष्टा ज्ञानस्वरूप छ, त्यही नै पारख हो। जो प्रत्येक घट-घटमा निर्विकाररूपले रमिरहेको हृदयावासी परमप्रकाशी छ, मन इन्द्रियको प्रेरक छ, जो स्वयं जनैया-जाननहार छ, त्यही पारख हो। पुनः विवेकको परम प्रकाशमा निर्णय गर्दै जाँदा जे-जति मान्यता असत्य ठहर्दछ, मिथ्या सिद्ध हुन्छ, त्यस्तो निःसार ठहरेको मिथ्या मान्यतालाई सुतरां केवल कल्पना मात्रले ग्रहण गरिरहेको पक्षलाई [पूर्व अज्ञानकालमा जतिसुकै ममता-प्रियताले ग्रहण गरिरहेको भास विकल्प भए पनि] वर्तमानमा सत्य परीक्षा हुनासाथ आफ्नो महान् हित-कल्याणको निमित्त अत्यन्त निर्मोह र निर्भय भएर सर्वथा परित्याग गर्दछ, साथै स्वतन्त्र विवेक गर्न समर्थ हुन्छ, किंबहुना त्यही निर्णयको आलोकमा उपलब्ध भएको सत्य-सार रहस्यलाई नै विशेष महत्व दिन्छ, मान्यता प्रदान गर्दछ, यस्तो विचक्षण शोधक दृष्टि र परख दृष्टि जहाँबाट प्राप्त हुन्छ, त्यही पारख हो। यस प्रकार अनादिकालीन अध्यात्म ज्ञान-गङ्गा-प्रवाहको निर्मल सरिता धारामध्ये प्रबल विवेकको प्रकाशद्वारा परिष्कृत र परिमार्जित भएर निस्केको दिव्य ज्ञान नै पारख हो। उक्त पारखपदको महान् प्रतिष्ठालाई सम्यक् रूपेण बुझेर पूर्णतया मनन एवं निदिध्यासन गरेर साधन सम्पन्न भएर नित्य निज स्वरूप (अर्थात् पारखपदमा) प्रतिष्ठित (तद्रूप) भएर शान्त स्थित रहनु नै पारखपदलाई सम्यक् प्राप्त गर्नु हो।

सिंहावलोकन दृष्टिले सिद्धान्त निरूपण

चैतन्यं सर्वभूतेषु यत्तद्विद्धि परात्मकम्।

(देवीभागवत, स्कन्ध ३। अ० ७। श्लो० १२)

अर्थ—हे नारद ! सबै प्राणीहरूमा जो चैतन्य छ, त्यही परमात्मा जान।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा यः केवलः स्वच्छः शान्तः सूक्ष्मः सनातनः ।
अस्ति सर्वान्तरः साक्षाच्चिन्मात्रस्तमसः परः ।

(अद्भुत रामायण, उत्तरकाण्ड, सर्ग ११)

अर्थ—आत्मा यो अजर अमर नित्य स्वच्छ शान्त सूक्ष्म एवं सनातन हो, त्यो सबको अन्तर्यामी साक्षात् (अपरोक्ष) चिन्मय तथा अज्ञानान्धकारदेखि रहित छ ।

उपरोक्त प्रमाणबाट जगतमा अनादि काल (भूत-पूर्व व्यतीत काल) मा जति—मत, पन्थ, ग्रन्थ, मार्ग एवं सम्द्रदाय र सिद्धान्त स्थापित भए अथवा पुनः अबदेखि पछि भविष्यमा पनि जति मार्ग तथा मत पन्थ एवं सिद्धान्तको स्थापना हुनेछ, अर्थात् वेद, शास्त्र, पुराण, कुरान, बाइबिल, जैन, बौद्ध, आर्यसमाज, ब्रह्मसमाज, समाजवाद, साम्यवाद, जड़-वाद, भौतिकवाद, वाममार्ग (मद्य, मांस, मुद्रा, मैथुन मत्स्य आदि पञ्चमकारको सेवनलाई नै धर्म र मुक्ति ठहराउने अशुद्ध मलिन मार्ग) र दोस्रो दक्षिण मार्ग (जीवदया, शुद्धाचार, संयम, तपसहित सत्वगुणी धर्म सनातन मार्ग) इत्यादि समस्त शुभाशुभ धर्माधर्म, यथा 'आस्तिकवाददेखि लिएर नास्तिकवादपर्यन्त, दक्षिण मार्गदेखि लिएर वाममार्गसम्म' जति (सम्प्रदाय एवं सिद्धान्त) वर्तमानमा प्रकट छन् , या भविष्यमा प्रकट हुनेछन् , ती सबमा उपर्युक्त सब मत, पन्थ, सम्प्रदाय एवं सिद्धान्तहरूको स्थापना गर्ने, नाना भावको निरूपण गर्ने, त्यसको प्रचार एवं प्रसार गर्ने, समाजमा प्रचलन गराउने, ती सब मार्गहरूमा लाग्ने तथा अरूलाई पनि लगाउने, त्यसको सब हिताहित, हानि-लाभलाई पहिचान गरेर त्यसको त्याग ग्रहण गर्ने, त्यो सबलाई जान्ने, निर्णयकर्त्ता, जनैया, ज्ञानकर्त्ता, ज्ञाता, सर्वको परीक्षाकर्त्ता, परम परीक्षक, चैतन्य (केवल शुद्ध चैतन्य- स्वरूप) नै मुख्य सर्वोच्च एवं सार सिद्धान्त हो ।

सबको निर्णय गर्दा-गर्दा असार जड़ भागलाई त्याग गरेर अन्त्यमा सर्व श्रेष्ठ तथा विशिष्टरूप सार वस्तु जो ठहर्दछ, त्यही सच्चा सिद्धान्त हो । सारासारको विवेचन गरेर विवेकद्वारा अनित्य नाशवानलाई छुट्टचाएर आखिरमा जो सत्य अवशेष रहन्छ, त्यही सार सिद्धान्त हो । भाग त्याग लक्षण द्वारा अन्वय व्यतिरेक गर्दै लगेर अन्त्यमा जो सिद्ध हुन्छ, त्यही मुख्य श्रेयशः सिद्धान्त हो । नीर-क्षीरको निर्णय गर्दा निःसार नीर भागलाई पन्छचा-उनासाथ जो क्षीररूप सार भाग रहन्छ, त्यही सत्य सिद्धान्त हो । जड़ र चेतनको पृथक्करण गरेर अचेत जड़ भागलाई हटाउनासाथ नित्यरूप सत्य चैतन्य जो उपलब्ध हुन्छ, त्यही महत्वपूर्ण सिद्धान्त हो । देह, इन्द्रिय, प्रकृति, मन, प्राण, शून्य, भास, वृत्ति लक्ष्य आदि शरीरको भागलाई क्षणभङ्गुर सड़ने गल्ने, विकारी, ज्ञानहीन मुर्दारूप बुझेर त्यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शवतुल्य देहलाई पनि चलाई चैतन्यवत् गराइदिने, देहेन्द्रिय मनादिको प्रेरक, स्वयं चैतन्य जो हो, त्यही आदर्श सिद्धान्त हो। भास, अध्यास, अनुमान, कल्पनालाई मिथ्या जानी अलगाएर, उक्त भासाध्यासादिको कर्त्ता, ज्ञानस्वरूप अवशिष्ट जीव जमा जो हो, त्यही नै अनुपम र अखण्ड सिद्धान्त हो। बाह्य जगत र देहसँग सम्बन्ध गराउने वासना हो, त्यही वासनाकै परीक्षा गरेर, उठेको सर्व वासना तथा इच्छा अध्यासलाई निरसन गर्दै लगेर परीक्षा गर्दै गएर पश्चात् द्रष्टाको प्रबल दृष्टिपातले समस्त वासना विलीन भइसकेपछि पारख-स्वरूप द्रष्टा मात्र जो शेष रहन्छ, त्यही सर्वशिरोमणि सिद्धान्त हो।

पुनश्च—जसले अनेक तीर्थ, व्रत, दान, पुण्य, होम-हवन, यज्ञ-यागादि, कथा-कीर्तन देव-दर्शन, पूजा-आराधना गरेर, गीता-भागवत आदि पाठ गरेर, श्रुति-स्मृति शास्त्रादिको विशेष मनन-चिन्तन गरेर जुन सार वस्तुलाई खोजिरहेछ, जसले यम-नियमादि पालन गरेर प्राणायामद्वारा श्वासलाई निरोध गरेर, ध्यान-धारणामा निरन्तर मन लगाएर जुन सत्य वस्तुलाई एकाधार रूपले, अविरल प्रयत्नले, एकनिष्ठ भएर तलाश गरिरहेछ, जसले साधन-संयम तितिक्षा एवं कठोर-तपस्या (जलशयन, पञ्चाग्नितापन, ठाढ़ेश्वरी, उर्ध्वबाहु, मौनी, दिगम्बरी, अनलशय्या, जीवित समाधि, जलसमाधि) इत्यादि अनन्त र अत्यन्त कष्ट-साध्य साधन गरेर जसलाई चिन्न (पहिचान गर्न) भरमग्दूर गरिरहेछ, जसले वेदान्तको श्रवण, मनन, निदिध्यासनादि गरेर 'तत्त्वमसि' महावाक्यको अर्थलाई हृदयङ्गम गरी निर्णय-द्वारा वाच्यांशको त्याग र लक्ष्यांश ग्रहणरूप आखिरी निष्कर्ष 'चैतन्य नै सत्य हो' भन्ने विचार गरेर जसलाई साक्षात्कार गर्न (अपरोक्षरूपले बोध प्राप्त गर्न) भगीरथ प्रयास गरिरहेछ, पुनः जसलाई सामान्य तवरबाट सबले सरलरूपमा सजिलैसित (यथार्थ विवेक एवं सत्साधन नभई) बुझ्न र त्यसको गम पाउन मुश्किल भएरै वेदले पनि 'नेति-नेति' भनेर जसको अवर्णनीय महिमाको वर्णन गरेको छ। त्यही यो श्लोकमा चित्रित छ।

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः।
ध्यानावस्थित तद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः॥

(अध्यात्मज्ञान चिन्तनामय झाँकीको परम प्रसिद्ध प्रार्थनारूप श्लोक)

अर्थ—जसलाई ब्रह्मा, वरुण, इन्द्र, रुद्र तथा वायु आदि देवताहरूले दिव्य स्तोत्रद्वारा स्तुति गर्दछन्, पुनः जसलाई सामवेदका गायकहरू अङ्ग, पद, क्रम, उपनिषदादिले सहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदहरूद्वारा गाउँदछन्, जसलाई योगीहरू ध्यानमा स्थित भएर तद्गत (अन्तर अभिमुख भएको) मनले देख्दछन्, 'यस्यान्तं न विदु' जसलाई देवता र असुरगण (कसैले पनि) 'सत्सङ्ग र सद्विवेकविना' जान्न सक्तैनन्, अर्थात् जसको अन्त्य सितिमिति पाउन कठिन छ। त्यस्तो 'चैतन्यदेव परमपुरुषलाई' नमस्कार छ।

यस प्रकार जुन 'अजरामर परमपद' को शोध-खोज गर्न सर्व देवाधिदेव ब्रह्मा, विष्णु, महेश्वर, वरुण, इन्द्र, मरुत् आदि देव-देवताहरूले र सर्व ऋषि-मुनि, महर्षि, तपस्वी एवं सन्त महात्माहरूले अपार प्रयत्न गर्नुभयो तथा वर्तमानमा पनि विवेकी ज्ञानी अर्थात् परमार्थी जनहरू दत्तचित्त भएर खोजी गरिरहेछन् त्यस्तो सार सत्य रहस्यमय दिव्य ज्ञानस्वरूप 'चैतन्यपद' नै सर्वोत्कृष्ट सार सिद्धान्त हो।

सारांश—अनन्त मत, पन्थ, ग्रन्थ एवं सम्प्रदाय र सिद्धान्त आदि सबको जानक, मानक, स्थापक, ज्ञापक, विचारक, प्रचारक, अन्वेषक, निरूपक, निर्णायक, निर्देशक, परीक्षक, नित्य तृप्त, नित्य प्राप्त, नित्य सत्य, नित्य शुद्ध, नित्य श्रेष्ठ, नित्य मुक्त, साक्षी, शाश्वत, सनातन, पुराणपुरुष, निर्विकार, निर्विरोध, निर्विकल्प, निर्विक्षेप, अखण्ड अविचल ज्ञानाकार 'ज्ञानस्वरूप चैतन्य जीव नै' सत्यस्वरूप हो, त्यही परमपद हो, त्यही देवाधिदेव हो, त्यही सर्वोत्तम सार सिद्धान्त हो।

उपरोक्त विवेकद्वारा वर्णित, ज्ञानद्वारा निर्णीत, यथार्थ बोधद्वारा निश्चित एवं अबाध्य रूपेण निर्धारित, एकरस सत्य चैतन्यस्वरूपको अपरोक्ष बोध प्राप्त गर्नु नै मानव जीवनको परम कर्तव्य हो तथा सच्चा पुरुषार्थ हो।

———

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकादश प्रकरण

विवेक नै परम सम्पदा हो

देहादिव्यतिरिक्तोऽसौ वैचित्र्यात् ।

(सांख्यदर्शन, अ० ६ । सू० २)

अर्थ—असौ–यो आत्मा, वैचित्र्यात्–जड़तत्त्वदेखि विलक्षण भएको कारणले, देहादि व्यतिरिक्तः–देह आदिदेखि सर्वथा भिन्न छ ।

व्याख्या—देह, इन्द्रिय, अन्तःकरण आदि सब नाशवान परिणामी वस्तु हुनाले उक्त सबदेखि सर्वथा विलक्षण आत्मा नित्य अविनाशी पदार्थ हो ।

तिलेषु तैलं दधनीव सर्पिरापः स्रोतः स्वरणीषु चाग्निः ।
एवमात्मात्मनि गृह्यतेऽसौ सत्येनैनं तपसा योऽनुपश्यति ॥

(श्वेताश्वतरोपनि०, अ० १ । मन्त्र १५)

अर्थ—जुन रीतले तिलबाट तेल, दहीबाट घृत, मूलस्रोतबाट जल, काष्ठबाट अग्नि अन्वेषण गर्नाले भिन्न देखिन्छ र युक्ति-उक्तिद्वारा त्यो पृथक् पदार्थलाई सर्वथा छुट्टचाएर निकालिन्छ त्यस्तै सत्य र तपद्वारा प्रयत्न गर्नाले [सत्यस्वरूपलाई प्राप्त गर्ने सत्सङ्ग-साधन आदि धारणाभ्यासले] अभ्यन्तरमा नै स्व-स्वरूपको साक्षात् बोध प्राप्त हुन्छ ।

जो पदार्थ जस्तो र जुन किसिमको हो, जुन गुण-धर्म एवं लक्षणसहितको हो, जुन रहस्य तथा महत्वको हो, जुन श्रेणी शक्ति एवं सामर्थ्य र विभूति संयुक्तको हो, त्यसको त्यही प्रकारसँग ज्ञान गर्नु, निर्णय एवं विचार गर्नु, कथन, मनन तथा वर्णन र विस्तार गर्नु विवेक हो । परस्पर मिश्रित पदार्थलाई भिन्न-भिन्न गर्नु, व्यतिरेक गर्नु विवेक हो । जड़ र चेतनलाई पृथक्-पृथक् गर्नु छुट्टचाउनु विवेक हो । नीर-क्षीरको निर्णय गरेर असार नीर भाग जड़लाई हटाई, क्षीररूप सार भाग चेतनलाई ग्रहण गर्नु विवेक हो ।

जस्तो दूधबाट दही बनाई पुनः त्यसलाई मथेपछि सार भाग घृत निस्किन्छ, जस्तो पृथ्वी खनेर जमीनभित्रबाट सार वस्तु जल निकालिन्छ र जुन पानीले प्राणीमात्रको प्यास निवारण गरी प्राणरक्षा गरिदिन्छ; जस्तो धान कुटेपछि सार भाग चामल उपलब्ध हुन्छ, जो शरीर रक्षामा विशेष उपयोगी छ; जस्तो कपास फट्केपछि मसिनो धागो बनी त्यसैबाट कपड़ा तयार भएर सबको शरीर ढाकिन्छ, ठीक त्यस्तै सत्सङ्ग सद्विचारद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्णय प्राप्त गरेर देहदेखि भिन्नको अविनाशी चैतन्य रमैया रामलाई चिन्नु, जान्नु एवं प्राप्त गर्नु विवेक हो ।

इक्षौ गुड़स्तिले तैलं काष्ठे वह्नि दृषद्यथः ।
धेनावाज्यं वपुष्यात्मा लभते चैव यत्नतः ॥

(योगवाशिष्ठ)

अर्थ—उखुबाट गुड़ (सखर), तिलबाट तेल, काठबाट अग्नि, पत्थर (ढुङ्गा) बाट फलाम, गाईको दूधबाट घृत, इत्यादि पदार्थ प्रयत्नद्वारा (उक्त सार वस्तु) जसरी पृथक् गरेर झिकिन्छ, तस्तै सत्सङ्ग विचारद्वारा श्रवण, मनन, निदिध्यासनादि साधन-संयमको उपाय गरेर देह बन्धनमा परेको चैतन्यलाई विवेकपूर्वक अलग गरेर देहाध्यासबाट छुटाई मुक्त गराउनुपर्दछ ।

उपर्युक्त प्रमाणबाट नित्य सत्य अखण्ड एकरस अजरामर स्व-स्वरूपलाई पुरुषार्थद्वारा प्राप्त गर्नु विवेक हो । यहाँ चेतन जीव देहरूपी पिंजड़ामा बाँधिएर दुःख पाइरहेछ । आफ्नो नित्यता तृप्तता सत्यतादि महान् विशेषतालाई भुलेर अन्य जड़ विषयलाई महत्व दिएर सर्वेसर्वा बनाएर श्रेष्ठता कायम गरिरहेछ । यसै कारणले जन्म-मरणरूपी असह्य क्लेश सहँदै आएको छ । अब त्यो दुःखबाट सर्वथा छुट्नको निमित्त अत्यन्त प्रयत्न गर्नु यही परम कर्तव्य हो ।

मानवमात्रले विवेक गर्नुपर्ने यही हो कि आफू चैतन्य जड़ देह बन्धनमा फँसी अनादि कालदेखि त्रिविध तापको सास्ती खाँदै आएको छ, अनन्त आवागमन एवं जन्म-मरणको यातना सहिरहेछ । यही मुख्य दुःख हो, यही दुःख छुटाउनु नै आफ्नो प्रधान कर्तव्य हो । यही जड़ देह ग्रन्थिको कैदबाट चेतनलाई उम्काउनु नै मानव जीवनको महान् पुरुषार्थ हो । यो काम अन्य पश्वादि खानीहरूमा नहुने र एकमात्र मनुष्यको जीवनमा मात्रै साध्य हुने हुनाले यो नरदेहबाट नै सर्वतोभद्र उपाय गरेर जन्म-जन्मको दुःखलाई समाप्त पारिदिनु यही पुरुषार्थ हो ।

चेतनलाई देहरूपी कारागारमा खाँदिनुपरेको कारण केवल निज स्वरूपको भूलले हो । त्यही भूलबाट अज्ञानको उत्पत्ति भएको र पुनः उक्त अज्ञानद्वारा नै समस्त त्रयतापको रचना भएको हो । अब सोही अज्ञान-अबोध मिटाउनको निमित्त चैतन्य स्वरूपको यथार्थ बोध एवं प्रबल पारख दृष्टि प्राप्त गर्नु परमावश्यक छ । अविवेकवश चेतन जीव जसरी जड़ पञ्च विषयमा भुलेको छ, एवं रीतले उसलाई बारंबार स्व-स्वरूपको स्मरण गराउनुपरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ, मुहुर्मुहु विवेकको प्रकाश दिलाउनुपरेको छ। तब मात्र विवेकरूपी महान् जागृति एवं परम सचेती र सावधानी आएर त्यसका समस्त भूल भ्रम मानन्दी तथा विपरीत समझ मेटिएर परम कल्याण हुनेछ।

दृश्यते स्वात्मनैवात्मा स्वया सत्वस्थया धिया।

(योगवाशिष्ठ, ६।१।११८।४)

अर्थ—सत्वगुणमा रहेको बुद्धिले आफ्नो आत्मा आफै देख्दछ।

'म को हुँ' यो प्रश्नको समाधानमा इन्द्रिय मनद्वारा जहाँसम्म दृश्य भास हुन्छ 'पंच विषय तथा शरीर समुदाय एवं समस्त पिण्ड-ब्रह्माण्ड इत्यादि जे-जति प्रतीत हुन्छ', त्यो आफू होइन। किन्तु आफू यो सबदेखि पृथक् छ। सबको परीक्षक, ज्ञाता, अखण्ड, नित्य, सत्य, एकरस पदार्थ छ। पुनः प्रश्न यो छ कि 'सर्व मनोमय भास हटाइदिएपछि, शेष के छ त ?' अन्तर्दृष्टि दिएर हृदयङ्गम गर्नु एवं संझनु पर्याप्त छ। 'यदि शेष केही पनि छैन' भने 'छैन' भन्ने को हो ? त्यो अभावको प्रतीति गर्ने को हो ? त्यो अवशेष भावको पूर्ति गर्ने र लयरूप शून्यको पनि ज्ञान गर्ने को हो ? किनकि स्वयं सबको अनुभव कर्त्ता त शेष अवश्यमेव विद्यमान छ। अब यदि सार तथ्यलाई अर्थात् आफूलाई साँच्चिकै खोज्ने हो र यथार्थ विवेक गर्ने हो भने दृश्यदेखि उल्टेर विचार गर्नुपर्दछ। 'जो आफूलाइ खोजिरहेछ, त्यो खोज्ने नै वास्तवमा स्वयं खुद खास चैतन्य हो।' त्यसैले आफूलाई निरन्तर खोजिरहेछ। अतएव अविनाशी परम परीक्षक साक्षात् पारखरूप यदि स्वयं नभएदेखि त्यो खोज्ने (शोधन विचारको) काम हुन सक्तैनथ्यो। किनभने जड़ले कसैलाई खोज्न सक्तैन, अतः खोज्ने जो हो, त्यो केवल ज्ञानगुण भएको ज्ञाता चेतन जीव नै नित्य हो। सबलाई खोज्ने, जान्ने, ज्ञान-गर्ने, निश्चय गर्ने, स्वयं सत्यस्वरूप आफै हो।

यदि आफ्नो पासमा जनैया चैतन्य ज्ञाता वस्तु नभए, यो सारा—स्थूल-सूक्ष्मको, कारण-कार्यको, पिण्ड ब्रह्माण्डको, ज्ञान कसलाई हुन्थ्यो ? देह, इन्द्रिय, मन, प्राणको ज्ञान कसले गर्न सक्तथ्यो ? मनमा नाना तरङ्ग एवं शोक-मोह उठेको कसले थाहा पाउँदथ्यो ? अन्तस्करणका अनेकौं स्मरण-चिन्ता,चाहना, कल्पनादि विकारको स्मृति ज्ञान कसले गर्दथ्यो ? पुनः काम, क्रोध, लोभ, मोह, ईर्ष्या, राग-द्वेष, हर्ष-अमर्ष आदि मानसिक वेग उठेको नउठेको कसले विचार गर्दथ्यो ?

एषा परीक्षा नान्यस्या यया सर्वं परीक्ष्यते ॥

(चरक संहिता, आयुर्वेदीय ग्रन्थ)

अर्थ—जुन परीक्षा दृष्टिको कार्य अरू (जड़ तत्त्वहरू) बाट हुँदैन, केवल चेतनबाट मात्र (सम्पूर्णतया जानीकन ज्ञानद्वारा) हुन्छ, त्यसैलाई 'पारख' भन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त प्रमाणबाट सर्वको अन्वेषक, परीक्षक, ज्ञाता, यो घटमा साक्षात् विराजमान रहेकोले नै सब ज्ञान क्रिया एवं व्यवहार भइरहेको छ। अतः सबको ज्ञान गर्ने चैतन्य जो हो, त्यही आफू स्वयं सत्य पदार्थ हो। त्यही सबलाई जान्ने जनैया जाननहार, साक्षी एकरस आफू हो। त्यही चेतन भएर नै (सब प्राणीलाई) सब ज्ञान भइरहेको छ, त्यही भएर दृश्य जड़ जगतको भान भइरहेछ। यस्तो सत्य स्वयं पदार्थ चैतन्यलाई नजान्नाले नै सब शोक-मोह एवं दुःख सन्ताप बढ़िरहेको छ, स्व-स्वरूपलाई नचिन्नाले नै सर्व अशान्ति मिलि-रहेको छ र देहादिमा सत्यताको भ्रान्ति बढ़िरहेको छ।

अतएव संसारको सब थोक एवं सब पदार्थलाई जाने पनि, सब विद्या, बुद्धि, कला-कौशलमा निपुण एवं परम चतुर भए पनि, सब कुछ जान्ने, सुन्ने एवं बुझ्न सक्ने बुद्धि-विशारद तथा शास्त्र-सम्राट् बने पनि, वेदको सर्वाङ्ग अध्ययन गरेको भए पनि, षड्दर्शन तथा उपनिषदादि कण्ठस्थ रहे पनि, गीता तथा भागवत नित्य पठन-मनन गर्ने गरेको भए पनि, यदि आफ्नो सच्चा चैतन्य स्वरूपलाई चिन्न सकेको छैन, अविनाशी जानमात्र जनैयालाई जान्न सकेको छैन, अन्तर्देशमा रहेको रमैया रामलाई पूर्णरूपले पहिचान्न सकेको छैन अर्थात् जहाँसम्म 'म को हुँ' भन्ने यत्ति कुराको पत्ता लगाउन सकेको छैन, सर्वको परीक्षाकर्त्ता परीक्षक स्वरूपको ठीक मर्म बुझेर अपरोक्ष बोध प्राप्त गर्न सकेको छैन, भने त्यहाँसम्म त्यसले केही पनि जान्न, बुझ्न र सही, सत्य ज्ञान प्राप्त गर्न सकेको छैन। किनभने अरूलाई जानेर मानेर आफ्नो दुःखको निवृत्ति हुँदैन। निजको दुःखको सर्वथा निवृत्ति त 'स्व' लाई सम्यक् जानेर अखण्ड अक्षय पदको बोध प्राप्त गरेर मात्र दुःखको निवृत्ति हुन सक्छ। यस-कारण आफूलाई जान्नु नै जान्नु हो, तथा सर्वश्रेष्ठ दिव्य ज्ञान प्राप्त गर्नु हो। आफूलाई यथार्थ-तया चिन्नु एवं बुझ्नु नै सर्वशिरोमणि महान् कर्तव्य हो। स्व-स्वरूपलाई ठीकसँग पहिचान्नु नै पूर्ण पुरुषार्थ हो, मानव जन्ममा प्राप्त गर्नुपर्ने सर्वोच्च परमपद हो।

अविज्ञाते परे तत्त्वे शास्त्राधीतिस्तु निष्फला।

(विवेक चूड़ामणि, श्लो० ६१)

अर्थ—श्री शंकराचार्य भन्नुहुन्छ कि—परम तत्त्वलाई यदि जानेन भने शास्त्राध्ययन निष्फल (व्यर्थ) नै छ।

जसले संसारलाई त जान्यो, किन्तु संसारदेखि सर्वथा परे जो 'चिन्मय सत्य छ' त्यसलाई जानेन, जड़लाई जान्यो, किन्तु चेतनलाई जानेन, विज्ञानलाई जान्यो, किन्तु विज्ञानी लाई जानेन, देहलाई जान्यो किन्तु देहीलाई जानेन, दृश्यलाई जान्यो किन्तु द्रष्टालाई जानेन, विषयलाई जान्यो किन्तु विषयदेखि सर्वथा भिन्न निर्विषय छ त्यसलाई जानेन, यस प्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य सारा विषय प्रपञ्चलाई जाने तापनि यदि सबको ज्ञाता, ध्याता, विज्ञाता, द्रष्टा, साक्षी, परीक्षक, चैतन्यलाई कथमपि जानेन भने त्यसले अरू थोक जानेको विशेष केही महत्व छैन। अरू सबलाई जाने पनि कदाचित् 'आफूलाई जानेको छैन र आफ्नो विशिष्ट अजरामर परम-पद' लाई चिनेको छैन, सुतरां आफ्नो महान् उद्धार गर्ने तथा दुःखमय भवसागरबाट बेड़ा पार गर्ने विचार-विवेक केही आएको छैन भने अरू सब थोक जानेको भए पनि त्यसको अत्यधिक मूल्य र महत्त्व छैन वरन् निस्सार तथा बेकार छ। कारण अरू सब थोक जाने तापनि मानव जीवनको मुख्य उद्देश्यको र अन्तिम पुरुषार्थको वास्तविक सफलता प्राप्त हुँदैन।

आज मनुष्यले कहाँ-कहाँ धेरै टाढ़ा रहेको आकाशको दूरस्थ चन्द्रमा र मङ्गल ग्रहमा पुगेर त्यहाँ आफ्नो अधिकार जमाउन कोशिश गरिरहेछ, त्यसलाई आफ्नो उपनिवेश (पेवा) बनाउन तम्सिरहेछ। किन्तु यहाँ साथको आफ्नो सानो हृदय-मन्दिरमा अधिकार (कब्जा) जमाउन नसकेर दुःख पाइरहेछ। उता संसारको उपरमा विजय प्राप्त गर्न र सबलाई आफ्नो आधीनमा राख्न (अन्य मनुष्यहरूलाई विवश तुल्याउन) खोजिरहेछ भरमगदूर प्रयास गरिरहेछ। परन्तु यता आफ्नो पासको तुच्छ हाड़-चामले बनेको एक दुई तोलाको सानो मन इन्द्रियलाई नियन्त्रण गर्न नसकेर बेसरी दुःख पाइरहेछ। तथापि दुःखको मूल मुख्य कारण अज्ञानलाई कत्ति थाहा नपाएर मानव जीवनको अमूल्य आयु गुमाइरहेछ। वास्तवमा आफ्नो साथका मन-इन्द्रियहरूको उपरमा विजय प्राप्त गर्नु नै मानवको परम पुनीत कर्तव्य हो।

'महर्षि याज्ञवल्क्यजी गार्गीसँग भन्नुहुन्छ कि—हे गार्गी! यो अक्षर (अर्थात् चैतन्य जीवात्मा) जो कहिले पनि नष्ट नहुने छ, यसलाई नजानीकन जो व्यक्ति संसारबाट बिदा भयो (चोला छोड़िदियो) भने त्यसले आफ्नो सारै हानि गऱ्यो। आफूलाई पुनः अनन्त कालको निमित्त त्रिविध तापको असह्य कष्टमा, घोर यातनामा फँसायो, अतः त्यो सारै दुःखी जीव हो। यसको अतिरिक्त जसले यो नित्य-निज-स्वरूपलाई जानीकन मात्रै संसारबाट बिदा भयो भने त्यही विद्वान् हो, त्यही ब्राह्मण हो, त्यसैको सम्बन्धमा भन्नु योग्य छ कि सब थोक जान्ने त्यही हो।'

(बृहदारण्यकोपनिषद)

'पुनश्च यस्तै केनोपनिषद (२।५) मा पनि भनिएको छ र भागवत (११–२९–२२) मा पनि निर्देशन दिइएको छ।'

एतदर्थ जसले आफूलाई चिह्नयो, आफ्नो चैतन्य रमैया रामलाई जान्यो, स्व-स्वरूप-को महत्व पूर्ण प्रतिष्ठामा प्रतिष्ठित भएर अखण्ड निष्ठा जमायो, आफ्नो आत्मालाई आफैले साक्षात् भेट्टायो, अजरामर अविनाशी परम परीक्षकको सत्यरूपले परिचय पायो, परमपदमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थिति बनायो; उसैले ब्रह्म, ईश्वर, आत्मा परमात्माको यथार्थ भेद पायो, वास्तविक रहस्यको पत्ता लगायो, बोधद्वारा परमपद पाएर सुखी एवं भाग्यमानी भयो ।

बोध-प्रेरक भजन

हृदयको रामलाइ चिन्नु, यही नै राम सच्चा हो ।
'रमैया राम यो चेतन', यही नै राम सच्चा हो । टेक ।

यही नै राम निज घटमा, रहेर ज्ञान प्रकाशक छ ।
इन्द्रिय मन सब चलाउने यो, यही नै राम सच्चा हो । १ ।

यही राम देहमा रहँदा, शरीर सुन्दर सुशोभित छ ।
यही भै प्राण चलेको छ, यही नै राम सच्चा हो । २ ।

कदाचित् प्राण यो निस्के, शरीर मुर्दा बनीहाल्छ ।
शरीरको मुख्य राम चेतन, यही नै राम सच्चा हो । ३ ।

त्रेताका रामचन्द्रजी ! वहाँ पनि खास चेतन नै हो ।
त्यही चेतन स्वयं साक्षात्, यही नै राम सच्चा हो । ४ ।

त्यस्तै चेतन छ पासैमा; उस्तै चेतन छ साथैमा ।
सोही चेतन छ आफैँमा, यही नै राम सच्चा हो । ५ ।

सकल तीर्थ र व्रत गरेको, पुराण-शास्त्र र वेद पढेको ।
तपस्या साधनैको फल्, यही नै राम सच्चा हो । ६ ।

स्वयं प्रत्यक्ष बोल्ने यो, स्वयं प्रत्यक्ष चल्ने यो ।
सबैको ज्ञान गर्ने यो, यही नै राम सच्चा हो । ७ ।

देवलमा देवता बनेको, चेतनको फोटो नै त्यो हो ।
यहाँ अपरोक्ष चेतन छ, यही नै राम सच्चा हो । ८ ।

रामायण भागवत गीता, अखिल शास्त्रादिले भनेको ।
'आत्मा नै मुख्य सत्य हो', यही नै राम सच्चा हो । ९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सच्चा राम चिन्ने हो भने, आत्मनिष्ठ ! हुनूपर्छ ।
स्वरूपबोध प्राप्त गर्नू नै, यही नै राम सच्चा हो । १० ।

'यदि यो रामलाइ नचिने', सकल जप-तप वृथा नै छ ।
अवश्यै चिन्नुपर्ने यो, यही नै राम सच्चा हो । ११ ।

यही यक रामलाइ चिन्ने, त्यही सन्त ! त्यही भक्त !
त्यही मोक्ष हुने साक्षात्, यही नै राम सच्चा हो । १२ ।

यस्तो सबलाई जान्ने जनैया जाननहार चैतन्य रमैया राम नै सत्य हो । यो चेतन स्वरूपको अतिरिक्त विश्वको अरू कुनै चीज पनि सत्य एवं श्रेष्ठ छैन । यसकारणले सर्वतन्त्र स्वतन्त्ररूपले अविनाशी अक्षय एकरस पदार्थ यही हो ।

यो अखण्ड चेतन न कसैको अंश हो न अंशी, न कारण हो न कार्य, न व्याप्य हो न व्यापक, न शून्य हो न जड़ तत्त्व, न विषय हो न प्रकृति, न शरीर हो न संसार, न दृश्य हो न भास, न अज्ञान हो न आभास, न मन हो न बुद्धि, न प्राण हो न वासना अध्यास ।

किन्तु यो सबदेखि सर्वदा तथा सर्वथा भिन्न परम सत्य स्वयं अपरोक्ष, ज्ञानस्वरूप, चैतन्य, शुद्ध, नित्य, सद्रूप, अजर, अमर शाश्वत हो । यही उक्त सत्यको महत्व बताउनका निमित्त पितामह ब्रह्माजीले चार वेदको रचना गर्नुभएको हो । यही दिव्य सत्यस्वरूपलाई नै सर्व उपनिषदहरूमा 'अज नित्य शाश्वत पुराण-पुरुष परमपद' भनेर सर्वोच्च महिमा वर्णन भएको छ । यही सत्यलाई नै अठारै पुराणका रचयिता, भागवतका प्रणेता, गीताका निर्माता, कृष्णद्वैपायन वेदव्यासले मुक्तकण्ठले गान गर्नुभएको छ ।

सारांश—सर्व ऋषि-मुनि, महर्षि, तपस्वी, ज्ञानी ध्यानी विवेकी महापुरुषहरूले सत्यको श्रेष्ठता, नित्यता तथा अमरताको प्रतिष्ठालाई प्रमाण दिएका छन् ।

वेदको रहस्य बुझ्नलाई र वेदमा निर्देशन गरिएको परमतत्त्व परमात्मा, ईश्वर ब्रह्म आदिको परिचय पाउनको लागि वेदको जो महावाक्य छ, त्यसैलाई मनन गर्नु पर्याप्त छ, जो संक्षेपमा सूत्ररूपले निर्णय गरिन्छ ।

(१) ऋग्वेदको महावाक्य छ **'प्रज्ञानमानन्दं ब्रह्म'** बुद्धिमा जो आनन्द हुन्छ, त्यही ब्रह्म हो, अथवा **'जीवः परमात्मन्नविद्यते'** जीव परमात्मादेखि भिन्न छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) यजुर्वेदको महावाक्य छ, **'अहं ब्रह्मास्मि'** अर्थात् त्यो परम तत्त्व परमात्मा स्वरूप म नै ब्रह्म हुँ ।

(३) अथर्ववेदको महावाक्य छ, **'अयमात्मा ब्रह्म'** यो आत्मा नै ब्रह्म हो ।

(४) सामवेदको महावाक्य छ, **'तत्त्वमसि'** त्यो ब्रह्म तिमी नै ह्वौ ।

उपरोक्त चारै वेदको महावाक्यको मुख्य भाव र त्यसको मौलिकताको बारेमा विवेक गर्दा यही अभिव्यक्त हुन्छ कि 'जुन ईश्वर ब्रह्म, परमात्मा, परमेश्वर अथवा परमपद प्राप्तिको निमित्त तिमी अनेक मत पन्थ ग्रन्थ सम्प्रदाय एवं सिद्धान्तमा खोजिरहेका छौ, जसलाई पाउनको निमित्त नाना तीर्थ, व्रत, जप, तप, पूजा, पाठ, होम-हवन, भजन, कीर्तन आदि गरिरहेका छौ, जसको प्राप्तिको आशाले स्व-देखि पृथक् कहीँ अन्यत्र (टाढ़ा), ब्रह्माण्डमा अधर लोकालोकमा लक्ष्य लगाइरहेका छौ, जसलाई प्रत्यक्ष कहीँ (साकाररूपमा) भेट्टाउँला कि भनेर यता-उता (दश दिशा) दौड़ धूप गरी चक्कर लगाइरहेका छौ—त्यो वस्तु साक्षात् तिम्रो पासमा छ । जसलाई तिमीले धेरै-धेरै तलाश एवं तपास गरिरहेका छौ, त्यो वस्तु तिम्रो साथमा छ । कहाँतक भनौं ? 'तत्त्वमसि'—त्यो सद्वस्तु खास तिमी नै ह्वौ, साक्षात् ह्वौ, स्वयं ह्वौ, सुतरां नित्य सत्य ह्वौ । जसलाई तिमीले चिन्न, जान्न, बुझ्न र भेट्टाउन खोजेका थियौ त्यो खास तिम्रै (अजर अमर अविनाशी चैतन्य) स्वरूप हो । जसलाई तिमीले ईश्वर ब्रह्म परमात्मा परमतत्त्व भन्दथ्यौ खोज्दथ्यौ त्यो नित्य सत्य सनातन अखण्ड पदार्थ तिमीदेखि अन्त छैन ।

सारा वेद, शास्त्र, पुराण, गीता, भागवत आदि समस्त धर्मग्रन्थहरूको आदेश-उपदेश शिक्षा संकेत 'ईश्वर, ब्रह्म, परमात्मा, आत्मा आदिको संज्ञा केवल चैतन्य जीवकै निमित्त दिइएको छ । स्वामीलाई ईश्वर भन्दछन्—त्यो हृदयावासी चैतन्य जीव नै हो । सबभन्दा ठूला-बड़ालाई ब्रह्म भन्दछन्—त्यो चैतन्य जीव नै हो, किनभने चैतन्यदेखि श्रेष्ठ सत्य सार वस्तु संसारमा अर्को के छ र ? पुनः आपनै स्वरूपलाई आत्मा भन्दछन् त्यो पनि खास जीव नै हो । ज्ञान स्वरूपलाई नै चैतन्य भन्दछन्—त्यो पनि साक्षात् जीव नै हो । यो सब विशेषणको विशेषता, महत्ता, महिमा तथा ज्ञानको गरिमा सब त्यही हृदयावासी परमप्रकाशी, अविनाशी, चैतन्य जीवकै संज्ञा एवं परिभाषा हो ।

चैतन्य जीव नै परब्रह्म, परमेश्वर, परमात्मा हो भनेर यही पुस्तकमा नै तमाम प्रमाण आएको छ । तथापि अन्य केही प्रमाण पनि प्रस्तुत गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'जीवो ब्रह्मैव नापरः' चेतन जीव ब्रह्मदेखि भिन्न छैन ।

'जीव भूतां सनातनः' चेतन जीवहरू समस्त सनातन अविनाशी हुन् ।

'ईश्वर सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।'

(गीता, अ० १८ । श्लो० ६१)

अर्थात्—ईश्वर सब प्राणीहरूको अन्तस्करणमा विराजमान छन् ।

हृदिस्थः सर्वभूतानामात्मा वेद शुभाशुभम् ।

(वाल्मीकि रामा०, किष्किन्धा काण्ड, सर्ग १८ । श्लो० १५)

अर्थ—समस्त प्राणीहरूको हृदय (अन्तस्करण) मा विराजित चैतन्य जीव नै परमात्मा हो, त्यसकै ज्ञान वेद हो, जो शुभ र अशुभलाई जान्दछ ।

पुरुषो न शरीरादि न च चित्तादि किञ्चन ।
पुरुषश्चेतनं नाम न स नश्यति कर्हिचित् ॥

(योगवाशिष्ठ, ६ । २ । १०२ । ५६)

अर्थ—पुरुष शरीरादि होइन, चित्त पनि होइन, पुरुष मात्र चैतन्य जीव हो, त्यो चेतन पुरुष कहिले पनि नाश हुँदैन ।

उपर्युक्त प्रमाण तथा सत्य निर्णयद्वारा यो कुरा स्पष्ट विदित हुन्छ कि—सारा देव-देवताहरूले तथा ऋषि-मुनि एवं समस्त सन्त महात्मादि अखिल महानुभावहरूले सत्य सार वस्तुलाई खोज्दा-खोज्दा, निर्णय एवं विवेक गर्दा-गर्दा, अन्त्यमा यही चैतन्यस्वरूपलाई नै सर्वश्रेष्ठ मानेका छन् । यही आत्माकै सत्यता, नित्यता, अमरताको बोधभावमा आएर टिकेका छन् । यही चैतन्यकै सार्वभौम सर्वाधिक महत्व वर्णन गरेका छन् । यही स्व-स्वरूपकै बोध-धारणमा सदा स्थिति लिने सत्य सन्देश दिएका छन् ।

कदाचित् यो 'चैतन्यस्वरूपको बोधलाई नै महान् सार एवं सत्य पद हो' भन्ने नबुझेर यसको धारणा निष्ठामा नै विशेष प्रतिष्ठित नभएर, यसदेखि अतिरिक्त अन्यत्र कतै खोज्यो कि, अन्ततिर लक्ष्य दियो कि केवल जड़ तत्त्व तथा पंचविषयको कार्य नाशवान, परिणामी, क्षणिक, चञ्चल, असत्, दुःख एवं दोषरूप पदार्थ नै हातमा आउँदछ । किनकि—अनेक मतवादीहरूको परस्पर कथन एवं परिभाषामा विभिन्नता भए पनि किञ्चित्-किञ्चित् प्रक्रियाको फरक रहे पनि आखिरमा त मूल-वस्तुको निरूपण गर्दा सत्य चैतन्यस्वरूप 'सच्चिद्' अथवा 'चितिशक्ति' कै प्रतिपादन एवं समर्थन सबैले मुक्तकण्ठले र एक स्वरले वर्णन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका छन् । सारा शास्त्रकारहरूले मुख्य वस्तु 'चैतन्य जीव नै अखण्ड अविनाशी सत्य पदार्थ हो' भनेर घोषणा गरेका छन् र त्यही सर्वोच्च विवेकलाई नै सहर्ष स्वीकार गरेका छन् । यसदेखि पृथक् 'अरू थोक खोज्नु त केवल भटकिनु र खालि मिथ्या धोखामा पर्नु मात्र हो' भनेर मञ्जूर गरेका छन्, स्पष्ट राय अभिव्यक्त गरेका छन् ।

स्वयं ब्रह्मा स्वयं विष्णुः स्वयमिन्द्रः स्वयं शिवः ।

(अध्यात्मोपनि०, मन्त्र २० (विवेक चूड़ामणि, आत्मदृष्टि श्लो० २८६)

अर्थ—महान् आत्मज्ञानी श्री शंकराचार्य भन्नुहुन्छ कि—यो स्वयं चेतन आत्मा नै ब्रह्मा हो, त्यही विष्णु, त्यही इन्द्र, त्यही शिव हो ।

पुनश्च—

असौ स्वसाक्षिको भावो यतः स्वेनानुभूयते ।
अतः परं स्वयं साक्षात्प्रत्यगात्मा न चेतरः ॥

(विवेक चूड़ामणि, श्लो० २१८)

अर्थ—यो आत्मा नै स्वयं साक्षी स्वरूप हो किनभने यो स्वयं आफैलाई अनुभव हुन्छ । अतः यसदेखि पृथक् अर्को आफ्नो साक्षात् अन्तरात्मा छैन ।

उपरोक्त प्रमाणबाट आ-आफ्नो निमित्त निजस्वरूप चैतन्य नै यही एकमात्र सर्वोत्तम अविनाशी अखण्ड अक्षय नित्य पदार्थ हो । यसदेखि पृथक् चार जड़ तत्त्व र पंचविषय आदि सब विकारी एवं विजाति वस्तु हुन् । त्यस्तो विकार र जड़ भासलाई जसले आफ्नो स्वरूप मान्दछ अथवा इष्ट या पूज्य तथा श्रेष्ठ एवं सर्वेश्वरको रूपमा स्थापना गर्दछ, 'तिनको विवेक ज्योतिमा (सूर्यमा बादलको व्यवधान परेझैं), आवरण परेको छ, विचारशक्ति क्षीण भएको र सारासार विवेकिनी बुद्धि एवं निर्णयको दृष्टि लोप भएको छ' भन्ने बुझनुपर्दछ ।

यथार्थ ज्ञानको उपदेश दिन्नु भन्ने शास्त्र वचन

स्वयं निःश्रेयसं विद्वान् न वक्त्यज्ञाय कर्म हि ।
न राति रोगिणोऽपथ्यं वाञ्छतो हि भिषक्तमः ॥

(भागवत, स्कन्ध ६ । अ० ६ । श्लो० ५०)

अर्थ—जुन पुरुषले मुक्तिको स्वरूपलाई जान्दछ, त्यसले अज्ञानीलाई पनि कर्ममा फँस्ने उपदेश दिँदैन ; जस्तो रोगीले कुपथ्य गर्न खोजे तापनि सद्वैद्यले दिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो शास्त्रको वाक्य भएको हुनाले आफ्ना समस्त प्रिय महानुभावहरूलाई उच्च स्तरको ज्ञान विवेक सुझाउनको निमित्त यी पंक्तिका लेखकलाई वाध्य भएर जड़को मान्यता-लाई निषेध गर्नुपरेको हो ।

अतएव संसारका समस्त जड़ तत्त्व (कारण-कार्य पदार्थ) मा चैतन्यत्व गुण-धर्म-युक्त कुनै लक्षण, भाव, चेतनता, ज्ञान छँदै छैन [यो पूर्वमा नै सप्रमाण निर्णय भइसकेको छ], तब जड़ उपासना लायक, इष्टरूपमा मान्न लायक, महत्व दिन लायक, शिरमौर गराउन लायक छँदै छैन । जड़लाई सर्वोच्चरूप, साररूप, श्रद्धेयरूप, पूज्यरूप संझिन लायक छँदै छैन, सुतरां जड़लाई मानेर पुजेर एवं विशेषताको पद प्रतिष्ठामा सम्मानित गरेर, सर्वाधिकारको रूपमा, सर्वेसर्वाको दर्जामा संस्थापित गरेर मानिसलाई केही लाभ तथा हित-सुधार एवं भलाइ हुने र कल्याण हुने होइन । वरन् यही जड़कै मान्यताको कारणले आजसम्म अबोध दशामा भटकिरहनुपरेको र नाना दुःख पाइरहनुपरेको हो । जड़लाई मानेर, जड़लाई थापेर जड़को भावनामा अधिकांश अलमलिएर, जड़ दृश्यतर्फ नै सर्वथा लक्ष्य दिएर, जड़ैको प्रेममा तन-मन लगाई लवलीन भएर नै, कुनै विशेष बोध-विचार नआएको, हृदयमा ज्ञानको परम प्रकाश हुन नपाएको, सारासारको संशोधन गर्ने शक्ति नआएको, जड़ र चेतनको पृथक्-पृथक् निर्णय गर्ने पारख दृष्टि प्राप्त नभएको हो ।

जड़ाध्यासको निराकरण

जड़ैलाइ जानेर जड़को जड़ता आफुले लियो ।
जड़ैलाइ मानेर जड़सरि अजानै भइदियो ॥
जड़ैलाइ थापेर 'जड़मा चेतनै छ' भनिदियो ।
जड़ैको बन्धनमा यसरि जिव आफू फँसिदियो ॥१॥

जड़ैको भास अध्यास जड़को अनुमान कल्पना लियो ।
जड़ैमा प्रेम-प्रीति जड़को ममतामा भुलिदियो ॥
जड़ैमा मानन्दी गरिकन सदाकाल भ्रमिरह्यो ।
जड़ैको अज्ञानले 'चेतन जड़भै' नै भइदियो ॥२॥

जड़ैलाइ श्रेष्ठत्व शिरमौर बनाएर नै रह्यो ।
जड़ैलाइ सर्वोच्च पदमा त पुऱ्याएर नै रह्यो ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जड़ैलाइ स्वामी हो भनेर आफु दासै बनिरह्यो ।
जड़ैको अध्यासले 'जगतरूप मै हुँ' कथिदियो ॥३॥

जड़ैमा लच्च दी जड़ता लिनमा दच्च नै भयो ।
जड़ैको पच्चमा वय, वपु, बलै, होम गरिदियो ॥
जड़ैको आसक्ति गरेर जड़ाध्यास धारण गऱ्यो ।
जड़ैमा रम्नाले जनम-मरणै नै अति भयो ॥४॥

यो निर्णय, यो विचार, यो रहस्य, यो सत्योपदेश, यो विवेक, यो ज्ञानलाई सुनेर गुनेर बुझेर चेतेर यसको सर्वाङ्ग एवं लक्ष्यांशलाई ग्रहण गरेर, ज्ञान-निष्ठामा तत्पर भएर, चाहे आजैदेखि जड़को मान्यतालाई छाड़िदेओस् या अन्धपरम्परानुसार त्यही भूल-भ्रममा अल्झेर सदा जड़कै मिथ्या कल्पनामा परेर जड़कै दास्यतालाई स्वीकार गरेर रहोस् यो उ मानवको आफ्नो समझको उपरमा निर्भर छ । आफूलाई सदा भवसागरको दहमा चुलुर्म्म पारी डुबाउनु र त्यो भवसागरबाट आफूलाई पार उतार्नु यो आफ्नै विवेकको आधीन छ ।

किन्तु जड़को मान्यताले आजसम्म आफ्नो आवागमन जन्म-मरण भइरहेको प्रत्यक्ष छ । यही जड़को मान्यताले आफूलाई निःसन्दिग्ध श्रेयस् पदको प्राप्ति भएन । यही जड़को मान्यताले हृदयमा मल विक्षेप आवरणले आच्छादित गरिरह्यो । यही जड़को मान्यताले नै स्वरूप ज्ञानमा व्यवधान (पर्दा) परिरह्यो । यही जड़को मान्यताले नाशवान तन मन धनलाई नै सत्य मानिरह्यो । यही जड़को मान्यताले नै दुःखरूप विषयमा सुख मानी त्यसैको कमारो बनिरह्यो । यही जड़को मान्यताले नै हाड़ छाला रगत मासु एवं मल-मूत्रको पिण्ड रूप स्व-पर शरीरमा आसक्त भै रह्यो । सारांश—यो जड़को मान्यताले बहुबार चौरासीको गोता खाइरहनुपरेको हो । किंवा जड़ैको मान्यताले त्रिविध तापको असह्य कष्ट अनन्तकालदेखि सहनुपरेको हो । अतः यस्तो दुःखदायक जड़को मान्यतालाई निर्मल विवेकको परमप्रकाश प्राप्त गरेर अविलम्ब त्यागिदिनुपर्दछ ।

कदाचित् यो बोधको निर्मल धारणालाई आफ्नो जीवनकालमा लिनै सकेन र यसको कत्ति केही विचार नै गर्न सकेन, सर्वोच्च सार पदको रहस्य तथा यथार्थ निर्णयको यो ज्ञानलाई पूर्ण रीतिले ग्रहण गर्नै सकेन, सामान्यरूपले किञ्चित् मात्र परिचय पाइहाले तापनि अपरोक्षरूपले अन्तर्चक्षु खुलाउनै सकेन, निश्चित, निर्णीत, सारगर्भित, सत्य तात्विक अति निर्दिष्ठ महत्वपूर्ण सारपदलाई बुझ्नै सकेन सन्त महापुरुषको सत्सङ्गरूपी महान् लाभलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिनै सकेन, एतावता आदेश-उपदेश एवं सत्य सन्देशलाई सम्यक् रीतिले प्राप्त गर्नै सकेन भने, त्यसलाई पुनः पुनः संसारको भवबन्धनमा चक्कर लगाइरहनुपर्दछ। आधि-व्याधि उपाधिको कठिन विपदामा अनन्त सास्ती खाइरहनुपर्दछ। पश्वादि अनन्त योनिहरूमा गएर घोर कष्ट पाइरहनुपर्दछ।

यसकारणले चाहे आज मानव देहमा निज चैतन्यस्वरूपको ज्ञान प्राप्त गरेर सदा सुखी एवं परम भाग्यमानी बनेर मोक्ष हुने काम गरोस् अथवा जड़ैको मान्यता लिएर अरू संसारी अविवेकीसरह प्रपंचमा रुमलिएर अविवेक अज्ञानले ग्रसित भएर मानव जीवनको कल्याण गर्ने बहुमूल्य समय (तुच्छ कौड़ी र कंकड़ झैं) विषय प्रपञ्चमै गुमाएर आजीवन देह इन्द्रिय मनकै दास बनेर किञ्चित् मात्र पनि सुख सुविस्ता तथा शान्ति नपाएर अन्त्यमा चौरासीमा जाने भएर प्राण विर्सजन गरिदेओस्।

परन्तु याद रहोस्! चैतन्य स्वरूपबोधको मान्यता तथा पारख सिद्धान्तको विवेक यदि प्राप्त गर्न सक्यो भने त्यसको यही जीवनमा नै परमकल्याण हुन्छ, सर्व दुःखको आत्यन्तिक निवृत्ति भएर अजरामर अखण्ड पदमा अविचल स्थिति प्राप्त भएर मोक्ष हुन्छ। केही गरे, (कुनै कारणवश) विवेकको सर्वश्रेष्ठ आत्मज्ञानलाई बुझ्दै नबुझेर जड़कै मान्यतालाई आपाततः ग्रहण गरिरह्यो भने कोटि कल्पान्त समयसम्म पनि भवको भवाटवीमा उसलाई भटकि नै रहनुपर्नेछ।

एतदर्थ उपर्युक्त जड़को मान्यता तथा अज्ञान-अबोधलाई सर्वथा त्याग गर्नको निमित्त साधक मुमुक्षुले प्रथम विवेकी आत्मज्ञानी सन्तगुरुको सत्सङ्ग प्राप्तिको प्रयत्न गर्नुपर्दछ। तब मात्र विवेकको परम प्रकाशमा आत्मोद्धारको सर्वश्रेष्ठ लाभ प्राप्त हुन्छ।

यो 'विवेक' अनन्त जन्मको शुभ संस्काररूप पुण्य समूह एकत्र भएर नै वर्तमान नर-जन्ममा 'चैतन्यबोध प्राप्त हुने' अवसर आउँदछ। 'स्वरूप शोधनको इच्छा हुनु, निर्णयवान सन्तको सत्सङ्गमा अभिरुचि बढ़नु, परमार्थ साधनको निश्चय हुनु, निज उद्धार निमित्त अखण्ड साहस एवं श्रद्धा संयुक्त कल्याण कार्यमा संलग्न हुनु, मुमुक्षुता प्राप्त हुनु—यो सब सुकृत संचयका परिणाम हुन्।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादश प्रकरण

अन्तरङ्ग धारणा

आत्म निरीक्षण--साधना निष्ठा

यदा सर्वे प्रभिद्यन्ते हृदयस्येह ग्रन्थयः ।
अथ मर्त्योऽमृतो भवत्येतावद्ध्यनुशासनम् ॥

(कठोपनि०, अ० २ । वल्ली ३ । मन्त्र १५)

अर्थ—यही जीवनमा नै जुन समय (स्वरूपबोधको धारणाद्वारा) हृदयको सम्पूर्ण ग्रन्थिको छेदन हुन जान्छ, त्यही समय यो मरणधर्मा अमर हुन जान्छ । बस सम्पूर्ण वेदान्तको यत्ति मात्र आदेश छ ।

उपर्युक्त श्रुतिको निर्णयको सन्दर्भमा अब साधनाको विवेचना गरिन्छ—

सबैको शरीरको निर्माण वासनाद्वारा भएको छ । त्यही शरीरद्वारा नै त्रिविध तापको भोक्ता बनेर जीवलाई जन्म-मरण आवागमनको बन्धनमा पर्नुपरेको छ । यो सबको मूलकारण अबोध-अज्ञान हो र त्यही अबोध-अज्ञानबाट वासना बनेको हो । अब उक्त अबोध अज्ञानको विनाशको निमित्त स्व-स्वरूपको यथार्थ बोध प्राप्त गर्नु अनिवार्य छ । तब मात्र वासनाको सर्वथा निवारण हुन सक्छ ।

किनभने प्रथम चैतन्य जीवले नै अविवेक अज्ञानयुक्त सुख मानन्दीसहित इन्द्रियद्वारा भोग ग्रहण गरेर अनन्त वासना बनाएको हो । वासनालाई ग्रहण गर्ने र सत्ता दिएर बलवान बनाउने त्यसको प्रेरक स्वयं चैतन्य नै हो । चेतनकै सदा सहायता पाएर मात्र सब वासनाको अस्तित्व भएको र प्रतीति रहेको हो, नत्र वासनाको कुनै सिद्धि छैन । कारण वासना कुनै स्वतन्त्र वस्तु होइन प्रत्युत एक काल्पनिक मिथ्या मनोमयको रूप हो । केवल निजस्वरूपको भूल-भ्रम तथा मानन्दीको आधारबाट नै मनोमयरूपी वासनाको रचना हुन गएको छ ।।

अतएव त्यस्तो त्यो वासनालाई वर्तमानमा स्वयं चेतन जीवले पुरुषार्थद्वारा नाश गरेदेखि नाश हुन सक्छ । किनकि जो सुतेको छ त्यही जागेपछि मात्र उसको भ्रमजन्य स्वप्नको दुःख निवारण हुन सक्छ, जो भुलेको छ, त्यसैले पूर्ण सचेतीसाथ सावधान भएर आफ्नो भूल छुटाउनुपर्दछ तब मात्र त्यो भूलजनित शूल एवं कष्टको निवृत्ति हुन सक्छ । त्यस्तै यहाँ वासना नाश गर्नलाई स्वयं चैतन्यले नै परम प्रयत्न गर्नुपर्दछ । मनोमय बन्धन-लाई सर्वथा नाश गर्नको निमित्त यो उच्चकोटिको साधना एवं युक्तियुक्त उपाय प्राप्त गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयको सम्पूर्ण दुःखलाई धोएर फ्याँकिदिने प्रयत्न गर्नुपर्दछ। तब मात्र जीवनमा परम शान्तिको प्राप्ति हुनेछ।

जुन आफ्नो हृदयको इच्छा-वासना, कल्पना, कामना तथा स्फुरणाहरूको कत्ति पनि ख्याल नगरी त्यही मनमा उठेको इच्छा-वासनाकै धारामा निरन्तर बगेर मनले जे-जे भन्छ, जस्तो जस्तो चिन्तन मनन गर्दछ, त्यस्तै-त्यस्तै कर्त्तव्य गरेर रातदिन इच्छा-वासनाकै वशमा परेर दुःख पाउँदै आएको थियो। यद्यपि इच्छा र इच्छाको कर्त्ता इच्छुक चैतन्य जीव हमेशा भिन्न छ, द्रष्टादेखि दृश्य र साक्षीदेखि साक्ष्य तथा भासिकदेखि भास एवं चैतन्यदेखि जड़ सदाकाल पृथक् नै रहन्छ, तथापि जनैया चेतनलाई आफ्नो सद्स्वरूपको यथार्थ विवेक नरहँदा दृश्य सम्मुख वासनामा तद्गत भएर काम क्रोध लोभ मोहादि विकारमा फँसेर आधि-व्याधि उपाधिको भोक्ता बन्नुपरेको हो। यो सब अनर्थको मुख्य कारण उक्त वासनाको परीक्षा गर्न नजानेर, द्रष्टा र दृश्यको पृथक्करण गर्ने विवेकरूपी साधन शक्ति नपाएर, बार-बार वासना प्रवाहकै साथमा दौड़ेर, आफूलाई वासनाकै रूप भन्ठानेर वासना एवं इच्छाको धारामा अभंग गतिले प्रवाहित हुँदै आएको थियो। इच्छा र इच्छाको कर्ता इच्छुक, दुवैलाई एकै रूप ठानेर (एकतामा मिलाएर) नै आफू ठूलो भूलमा परिरहेको थियो। नदीमा परेको तृण एवं काष्ठ झैं वासनाको धारामा बगेर त्रयतापको अनन्त दुर्दशा सही बहुकालदेखि अनाथ बनिरहेको थियो।

किन्तु आज करुणानिधि परीक्षक सद्गुरुदेवले यो अनाथको अनाथता छुटाउन, त्रयतापको घोर कष्ट मिटाउन, भवार्णवबाट पार लगाउन, अभ्यन्तरमा अखण्ड देदीप्यमान भइरहेको सत्य चैतन्य स्वरूपलाई चिह्नाउन, स्व-स्वरूपको बोध प्रदान गर्नुभयो। साथै बन्धन मूल अविद्या तथा इच्छा नै हो भनेर बताउनुभयो। सर्वोच्च पद पारख दृष्टि दिएर इच्छाको परीक्षा गर्न सिकाउनुभयो। सम्मुखमा आएको इच्छाको निरीक्षण गर्ने भेद (मर्म) दर्शाउनुभयो। यस प्रकार मनोनिग्रह गर्ने यो परीक्षा साधनलाई अब सम्यक्रूपेण ग्रहण गरेर समस्त दुःख एवं आपदालाई विनाश पारेर जीवनलाई सनाथ तुल्याउने प्रयत्न गर्नु प्रत्येक कल्याणार्थी मुमुक्षुको परम कर्तव्य हो।

यदि विषयको दर्शन, श्रवण, स्मरण, भोग इत्यादि मानिसले गर्दै गरेन भने त्यसको प्रति विशेष आकर्षण हुँदैन। जस्तो मदिरा न प्यूने मानिसलाई मदिराको प्रति र मांसाहार नगर्नेलाई मांसाहारको निमित्त कुनै आकर्षण हुँदैन। त्यस्तै दृष्ट, श्रुत र भोग्य सर्व भोगलाई असत् संझेर मनले सर्वदा बिर्सिदियो र कदाचित् संझिहाले तापनि तिनको स्मरण, उपसर्पण, आदिलाई आत्म-विनाशक एवं संसृतप्रद जानेर प्रबल परीक्षाद्वारा वहिष्कार गरिदियो भने ती सर्व वासना विलय भएर जान्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चैतन्यको मनोमयद्वारा नै सबैसँग सम्बन्ध हुँदै आएको छ। मानन्दीद्वारा नै सर्व जड़ देह इन्द्रिय एवं वाह्य पंचविषय पदार्थसँग सम्बन्ध भएको छ। त्यसैको आधारबाटै सर्व जड़ पदार्थलाई त्याग ग्रहण जीवले गरिरहेको छ। अतः मन नै सर्व सम्बन्धको मूल कारण भएको हुनाले अब मनकै पूर्णरूपेण परीक्षा गर्नु नितान्त जरूरी छ। तब सर्व हिताहित लाभालाभको यथार्थ परीक्षा भएर बन्धनको सर्वथा परिहार हुन्छ।

स्वच्छ दर्पणमा दृष्टिपात गर्नाले जस्तो आफ्नो मुखाकृति स्पष्ट देखिन्छ, ठीक त्यस्तै अन्तस्करणरूपी निर्मल दर्पण अर्थात् मानस-पटमा लक्ष्य लगाउनाले अन्तर्वृत्ति गर्नाले सम्पूर्ण वासनाको गति-विधि, उद्वेग-चाल, क्रिया-स्वभाव एवं मनोमय काम क्रोधादिको व्यापार, नाना चरित्र इत्यादिलाई परीक्षा गर्नाले—द्रष्टा साधनको अभ्यासले, विवेकको निर्मल दृष्टिले प्रत्यक्ष अनुभव हुन्छ।

अभ्यासको नियम—

स्थिरसुखमासनम् ॥

(योगदर्शन, साधनपाद २। सूत्र ४६)

अर्थ—स्थिर (चञ्चलतारहित) निश्चल भावले सुखपूर्वक बस्नुको नाम आसन हो।

एकान्तमा* सहजासीन युक्त शान्तचित्तले एकाकी विराजित भएर 'अर्थात् पद्मासन या सहजासन अथवा सिद्धासन' इत्यादि जुन आसनबाट धेरै बेरसम्म अडिग्ग एवं धैर्यपूर्वक तथा स्थिर भएर बस्न सकिन्छ, त्यही आसनले ध्यानस्थ मुद्रामा बस्नु उचित छ।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥

(भगवद्गीता, अ० २। श्लो० ५८)

अर्थ—कछुवाले चारैतिरबाट हात खुट्टा खुच्याए झैं योगीले जब-शब्द-स्पर्शादि पाँचै

---

* जति बाहिरको जन-कोलाहलरहित, मनुष्यको भीड़-भाड़रहित, एकान्त स्थल भयो, भय तथा उद्वेगरहित भूमिका मिल्यो, प्रपञ्चरहित निर्जन शून्य ठाउँ भेट्टाइयो, उति ध्यानस्थ हुनमा विशेष सहायता प्राप्त हुन्छ। अतएव ध्यान समाधि इच्छुक अधिकारी जिज्ञासुले ध्यानोपयोगी भूमिका स्वतः शोधन गर्नुपर्दछ।

प्रायः शहरी क्षेत्रका निवासी सज्जनवर्गलाई र मुमुक्षा नारीवर्गलाई आफ्नो घरको एकान्त कोठा नै उपयुक्त हुन सक्तछ। पुनः सबभन्दा सुविधाजनक समय रात्रिमा एक निद्रा सुतेर उठेपछि अर्धरात्रिपश्चात् दुई या तीन बजेको प्रातः समयमा बाह्य जगतको निस्तब्धता (चकमन्न सुनसान भएको वेला) मा विशेष एकान्त र शान्त अवस्था प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयबाट आफ्ना इन्द्रियहरूलाई खिँच्दछ (अनि) तब त्यसको बुद्धि स्थिर भएको छ भनी बुझनुपर्दछ ।

तत्पश्चात् सावधान भएर सारा कामना एवं वासनाहरूलाई परित्याग गरिदिने र परमपद स्वरूपमा स्थिर हुने दृढ़ ध्येय लिएर निमिषलाई उन्मिलन (अर्थात् नजरबन्द) गरेर वाह्य प्रपञ्चमय व्यवहारबाट विशेषतया निवृत्त भएर बहिर्वृत्तिलाई सर्वथा रोकेर वाह्य इन्द्रियादिलाई शम-साधनले स्थिर गराएर अन्तमु ख वृत्ति बनाउनुपर्दछ । अब तहाँ सम्पूर्ण वासनालाई वशमा ल्याउनको निमित्त कुनै कल्पना एवं कामनालाई शक्ति तथा सहायता नदिएर, कतै स्मरण-मनन नगरेर स्थिर भएर रहनुपर्दछ ।

तत्र स्थितौ यत्नोऽभ्यास ।

(योगदर्शन, समाधिपाद १ । सू० १३)

अर्थ—त्यहाँ चित्तको स्थिरताको निमित्त जो प्रयत्न हुन्छ, त्यो अभ्यास हो ।

उपरोक्त प्रमाणबाट वासना विनाश गर्नको निमित्त साधकले धारणाभ्यास बनाई आत्म-निरीक्षण गर्नुपर्दछ । अन्तस्करणमा उठेको प्रत्येक मनोद्वेगलाई परीक्षा गर्नुपर्दछ । जुन-जुन वासना सम्मुखमा आउँछ मनन हुन्छ, त्यसलाई आफूदेखि पृथक् संझेर दृश्यरूप, जड़रूप, असाररूप तथा दुःखरूप जानेर परित्याग गरिदिनुपर्दछ । जुन-जुन कल्पना एवं कामना अगाड़ि पर्दछ त्यसलाई हानि जानेर हटाइदिने र पर्खी-पर्खीकन अभाव गरिदिनु-पर्दछ । वासनालाई सर्व अनर्थको मूल अनन्त दुःखदायक जानेर विपुल बन्धनकारक ठानेर परीक्षा साधनले विवेकपूर्वक पन्छ्याइदिनुपर्दछ । यस प्रकार वैराग्य तथा उपरामतासहित सर्व वासना-हरूको द्रष्टा बनेर रहनुपर्दछ ।

साधकलाई अभ्यन्तरको यो आफ्नो वासनाको द्रष्टा हुने साधनाभ्यास जहाँसम्म दृढ़तर हुँदैन, वासनालाई रोक-थाम गर्ने शम-साधन प्राप्त हुँदैन, मनोमय उद्वेगलाई सर्वथा हटाउने दबाउने शक्ति मिल्दैन, परीक्षा दृष्टिको पूर्ण अभ्यास हुँदैन, एतावता साधनकालको प्रथमारम्भ छ, त्यो वेलामा वासनाको उद्वेग जोड़सँग हुन संभव छ । उक्त समयमा साधकले वासनाको प्रबल प्रवाह अर्थात् अधिकता देखेर नघबड़ाउनु र बाहिरतिर पनि वृत्ति नदौड़ाउनु खालि स्थिरतापूर्वक केवल निरीक्षण मात्रै गर्दै रहनु । यस अवसरमा साधकले शान्ति र धैर्यको अवलम्ब लिनुपर्दछ ।

तत्त्वाभ्यासान्नेति नेतीति त्यागाद् विवेकसिद्धिः ।

(सांख्य दर्शन, अ० ३ । सू० ७५)

अर्थ—तत्वाभ्यासात्–आत्मतत्त्वको अभ्यास गरेर, न इति–यो होइन, न इति–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो होइन, (यस्तो विचार गर्दै) त्यागात्–त्यागपूर्वक, विवेकसिद्धि–विवेकको सिद्धि अर्थात् ज्ञानको प्राप्ति हुन्छ ।

व्याख्या—जब मनुष्य आत्मतत्त्वको दर्शन गर्न लाग्दछ अर्थात् स्वरूप स्थितिको अभ्यास गर्न थाल्दछ तब हृदयमा उठेका सम्पूर्ण वासनाहरूलाई आफूदेखि पृथक् संझेर त्याग्दै हटाउँदै लैजानुपर्दछ । पश्चात् समस्त वासनाको उद्भव समाप्त भएर स्थिति मिल्दछ ।

यो स्वरूप स्थितिको धारणामा रहँदा निज चैतन्यस्वरूपदेखि पृथक् जो-जो चिन्तन सम्मुखमा दृश्य हुन्छ, ती सबै स्फूर्णहरूलाई पृथक्करण गर्दै परीक्षासहित परित्याग गरिदिनाले अन्तस्करणमा स्फूर्णको संस्कार पनि टिक्तैन र द्रष्टा चेतनलाई सुखदुःखमा पनि सम्मिलित हुनुपर्दैन, तब चेतन जीव वासना बन्धनदेखि सर्वथारहित हुन्छ । किनकि जुन वासनाद्वारा नै जीवलाई अनादिकालदेखि सब बन्धन तथा ब्याधि, विपत्ति, जन्मृति आदि कष्ट-क्लेश मिलेको हो, सो आज साधकले वासनाबाट नै अनेक दुःखद्वन्द भएको पूर्ण याद गरेर उक्त दुःखबाट छुट्नको निमित्त विवेकपूर्वक परीक्षा साधनद्वारा सर्व वासना अध्यासलाई हटाउँदै लग्यो भने मन क्रमशः शिथिल भएर अन्ततोगत्वा उद्वेगरहित शान्त हुन्छ । एवं रीतले जति आफूले मनलाई सत्ता दिएन उति स्मरणले आफूलाई तानेर घिसारेर दश दिशा दौड़ाउन सक्तैन सुतरां शक्तिहीन क्षीण तथा निर्बल भएर जान्छ । पुनश्च—पूर्वमा इन्द्रियद्वारा देखेर सुनेर भोगेर जो संस्कार टिकाएको वासना छ, त्यो प्रारब्ध वेगानुकूल यद्यपि स्फुरित हुन्छ, चिन्तन र मनन-रूपले दृश्य हुन्छ, त्यसलाई पनि स्वरूप ज्ञानको अखण्ड प्रकाश र परीक्षा साधनको प्रबल पुरुषार्थले परीक्षा गर्दै तिरस्कार गर्दै रह्यो भने (सततोद्योगले) अन्त्यमा वासना नितान्त निपात हुन्छ ।

यतो यतो निःसरति मनः कामहतं भ्रमत् ।
ततस्ततो उपाहृत्य हृदि रुन्ध्याच्छनैर्बुधः ॥
एवमभ्यसतश्चित्तं कालेनाल्पीयसा यतेः ।
अनीशं तस्य निर्वाणं यात्यनिन्धनवह्निवत् ॥
कामादिभिरनाविद्धं प्रशान्ताखिल वृत्ति यत् ।
चित्तं ब्रह्मसुखस्पृष्टं नैवोत्तिष्ठेत कर्हिचित् ॥

(भागवत, स्कन्ध ७ । अ० १५ । श्लो० ३३-३४-३५)

अर्थ—कामना (अर्थात् काम) को चोटले घायल भएको चित्त यता-उता विषय प्रपञ्चमा चक्कर लगाउँदै जहाँ-जहाँ पुग्दछ, विवेकी साधकको कर्तव्य हो कि त्यहाँ-त्यहाँबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फर्काएर ल्याई बिस्तार-बिस्तार क्रमशः हृदयमा रोकोस् । जब साधकले निरन्तर यस प्रकारको अभ्यास गर्दछ तब काष्ठ (दाउरा) नपरेको अग्नि जसरी स्वतः निभेर जान्छ, त्यसै गरी केही समयपश्चात् त्यसको चित्त शान्त हुन्छ । उपरोक्त प्रकार जब कामना-वासनाहरू दुःख-दिन (सम्मुखमा आएर बलात्कार गर्न) बन्द गर्दछन्, त्यसको साथै अन्य समस्त वृत्तिहरू पनि अत्यन्त शान्त हुन्छन्, तब चित्त ब्रह्मानन्दको संस्पर्श (स्थिरवृत्ति) मा सदा मग्न हुन्छ फेरि त्यसको कदापि उत्थान हुँदैन ।

उपरोक्त प्रकार निवृत्ति साधनको निमित्त जति निष्प्रपञ्च तथा जन संसर्ग सम्बन्ध-देखि पृथक् भएर यो धारणा एवं पारख स्थितिमा साधक संलग्न हुन्छ, उत्तिकै महान् स्थिरता प्राप्त हुन्छ । यदि मुमुक्षुले सबभन्दा श्रेष्ठ शिरमौर लाभ प्राप्त गर्ने हो र सर्वोच्च अखण्ड शान्ति निवृत्तिमा सतत रमण गर्ने हो भने यही रीतले सर्व मनोद्वेगको परीक्षा गर्दै जानुपर्दछ । द्रष्टा भएर निरीक्षण गर्दै गएपछि सारा वासनाको उद्गम स्वयमेव बन्द हुन्छ । चेतनको आत्यन्तिक दुःख निवारणको यही एक मार्ग हो, नत्र चेतनलाई मुक्त हुनको निमित्त अर्को उपाय छैन । कारण बन्धन कुनै बाहिरको वस्तु होइन अपितु केवल मनोमयको हो, सो मानसिक बन्धनलाई अभ्यन्तरकै धारणा बनाएर जब निरसन गरिन्छ तब मात्र त्यो नाश हुन्छ । आफू स्वयं चेतन जागृत स्वरूप भएको हुनाले अब आफैले अत्यन्त चेतेर जागृतरूप स्वयं सावधान भएर प्रबल विवेक एवं ज्ञानबल (ज्ञानाग्नि) ले बन्धनलाई भस्म पारेमा सम्पूर्ण अविद्यासहितको बन्धनको संहार भएर चेतनको अखण्ड मोक्ष हुन्छ ।

प्रायेण मनुजा लोके लोकतत्त्व विचक्षणः ।
समुद्धरन्ति ह्यात्मानमात्मनैवाशुभाशयात् ॥

(भागवत, स्कन्ध ११ । अ० ७ । श्लो० १९)

अर्थ—जो मनुष्य संसारमा आएर 'म को हुँ ? यो जगत क्या हो ? मैले के गर्नुपर्ने हो ? र मानव जीवनको मुख्य उद्देश्य के हो ? इत्यादि प्रश्नलाई विचार गर्नमा निपुण हुन्छन् तथा नित्य तत्पर रहन्छन्, ती चित्तमा भरिएको अशुभ वासनादेखि स्वयं विवेक शक्तिले आफूलाई बचाउन समर्थ हुन्छन् ।

मनको रूप-रेखाको दृश्य

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद् दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥

(भगवद्गीता, अ० ६ । श्लो० ३४)

अर्थ—अर्जुन भन्दछन्—हे कृष्ण ! यो मन चञ्चल, शरीर इन्द्रियलाई मथ्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(हुँड़्ले) बलियो तथा जबर्दस्त छ, म त्यसलाई विरोध गर्न वायुलाई रोक्नु जत्तिकै अति कठिन मान्दछु ।

यसको श्रीकृष्णचन्द्र सम्यक् निर्णय दिनुहुन्छ ।

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥

(भगवद्गीता, अ० ६ । श्लो० ३५)

अर्थ—हे महाबाहो ! मन निस्सन्देह चञ्चल र दुर्निग्रह छ, तथापि हे कुन्तिपुत्र ! त्यो अभ्यास र वैराग्यले वशमा आउँदछ । अतः यसलाई अवश्य वशमा गर्नुपर्दछ ।

उपरोक्त प्रमाणबाट मन एक चञ्चल चपल तथा उद्धत एवं बड़ो बलवान र शैतान छ । संसारका समस्त प्राणीहरूलाई इन्द्रियको भोगमा फसाएर, ठूलठूलो कष्ट-क्लेशको भारी बोकाएर, सबैको बल बुद्धि आयु त्यसैमा समाप्त गराउन लगाएर, जीवनभर नाना परिश्रम गराएर अनन्त प्रकारले तृष्णा-आसक्तिको मार्गमा दौड़ाएर, सदा सर्वदा जगतकै जालमा विशेष अल्झाएर खूब रन्थन्याएर सकेसम्म त्यसबाट कहिले पनि कसैलाई पनि उम्कन नसक्ने बनाएर अन्त्यमा सीधा आवागमन जन्म-मरणादिको कठोर यातना सहन जानुपर्ने पारिदिने यो मनको काम हो । यस्तो दुरूह तथा दुस्तर सितिमिति तहलाउन नसकिने एवं दुस्साध्यरूपको केवल अज्ञानको आधारले मात्र दुर्जय बनेको मन छ तापनि अभ्यास र वैराग्यद्वारा जित्न अवश्य सकिन्छ । अविवेकले विकारी बनेको मनलाई विवेकले निर्विकारी बनाएर शमन-दमन गरेर परीक्षा साधनद्वारा सर्वथा निवारण एवं शान्त गर्न सकिन्छ भन्ने यो गीताको महोपदेश छ ।

साधन कालमा याद राख्नुपर्ने विचार

यदि साधक सजगतापूर्वक स्व-स्वरूप बोधको दृढ़ विवेक लिएर रहेको छैन, दृश्य भासलाई हटाउने प्रबल पारख दृष्टि अपनाएर रहेको छैन, सदा अखण्ड सावधान छैन भने ध्यानकालमा कहिले कुनै सम्मुख वासनामा लय हुन जाने र कहिले कुनै भावनामा वृत्तिलाई लट्ठ पारी सुषुप्तिवत् बेहोश हुन जाने पनि हुन्छ । यस्तो विभ्रान्त अवस्थामा साधक तद्गत भएपछि त्यहाँ अत्यन्त विस्मृति हुन्छ । त्यो वेलामा न आफ्नो याद रहन्छ न जुन ध्यान-धारणामा बसेको छ त्यसकै स्मृति रहन्छ । केवल दृश्य भास वृत्तिमा एकमेक मेल लिएर साधक लवलीन हुन जान्छ । यस प्रकार आफू अत्यन्त बेखबर भएर रहने अज्ञानकै अवस्था हो । यस्तो अज्ञानावस्थामा आफू परिरहेको छ तापनि 'म ध्यान धारणामा नै बसेको छु'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने निश्चय गर्नु पनि एक महान् भूल हो तथा ध्यान समाधिको एक विघ्न हो। सो उक्त आवरणलाई हटाई विवेकको स्वच्छ प्रकाशमा अतिशय जागरूक वृत्ति बनाएर रहनु साधकको परम कर्त्तव्य हो।

पुनश्च—धारणामा रहने कोशिश गर्दा गर्दै पनि कुनै समयमा विशेष निद्रित भै दिनु या अर्धनिद्रित (तन्द्रा) मा गाफिल भै रहनु आलस्यमा परेर अचेत भै दिनु (झुम्म हुनु) यो पनि साधकलाई धारणामा रहन नदिने विघ्न हो। यो निद्रा वृत्तिलाई पनि वारंवार जागृत भएर सचेततापूर्वक हटाई विवेकद्वारा 'निद्रा वृत्तिदेखि पनि चैतन्यस्वरूप पृथक् छ' भन्ने विचार लिएर निद्राको द्रष्टा हुनुपर्दछ।

वृत्तिको विभिन्नताको कारणले कसै-कसैको अन्तस्करण विशेष स्ववश नरहने र अधिकांश चित्तको अत्यन्त चाञ्चल्यताले एक छिन पनि स्थिरतासँग बस्न नसक्ने हुन्छ, बहुधा वासनाकै साथमा मिलेर रहनमा सुख बुद्धि हुनु तथा वासनासँग एकाकार भएर त्यसैमा तन्मय हुनु एवं साधनादेखि अरुचि तथा उच्चाट पैदा हुनु—यो पनि साधनको एक विकार हो, विक्षेप हो। यस्तो चञ्चल तथा चपल वृत्तिलाई साधकले परीक्षापूर्वक अतिशय दुःखदायक जानेर त्यसको उपरमा शम-दमको लगाम लगाएर कड़ाइसाथ संयम गरेर चल वृत्तिलाई वैराग्य उपरामताद्वारा नियन्त्रणमा ल्याउनुपर्दछ।

फेरि साधकमध्येमा कसैले अल्पस्थिरतामा नै कार्य पूरा भएको संझेर सत्पुरुषार्थलाई बन्द गरिदिनु अथवा आफूमा कुनै विशेष साधन-संयम तथा प्रौढ़ विवेकको शक्ति-सामर्थ्य नभईकन पनि आफूलाई आफैले ध्यानदक्ष, बोधलक्ष्य, साधनपक्ष, विवेककक्ष, ज्ञानरक्ष एवं स्वस्थ मेधावी संझनु, यत्किञ्चित् पुरुषार्थमा नै परम प्रवीण र सिद्ध मान्नु—यो पनि 'अजरामर पदको अखण्ड लाभ प्राप्त हुन लागेको वेलामा यस्तो सर्वश्रेष्ठ महान् पदबाट' सदाको लागि वञ्चित गराउने भयानक रोग हो किंवा प्रचण्ड भूल हो। यसलाई पनि आफ्नो असंख्य हानि गर्ने शत्रुवत् संझेर अभाव गर्नुपर्दछ।

अपरञ्च वासनाको द्रष्टा हुने प्रयत्न गर्दा प्रथम साधनकालमा राम्रो अभ्यास नहुञ्ज्यालसम्म वासनाले तमाम सङ्कल्प-विकल्पको लहर उठाएर कहाँ-कहाँ पुऱ्याएर यत्र-तत्र दश दिशा भट्काएर नाना नाच नचाइदिन्छ। त्यस वेलामा परीक्षकले जतिखेर आफू भुलेको वासनावश भट्केको थाहा पाउँदछ, तत्काल शीघ्र सावधान भएर वृत्ति फर्काउनुपर्दछ। पुनः कुनै समयमा राग-द्वेषादिको संस्मरण भएर वासना हृदयमा अपरिमितरूपले वेगवान नदीको प्रबल उद्गम झैं (अर्थात् खोला बाढ़ी आएझैं) ओइरिन्छ, अत्यधिकरूपमा चिन्तन मनन हुन्छ। कहिलेकाहीं सामान्यरूपमा सरलरूपले बगेको सलिल झैं एकपछि एक उठिरहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा जसको जति कुसङ्ग र कुकर्मादिक त्याग भएको छ, जसको जति जीवदया, परोपकार, शील, समता एवं सन्तगुरुदेवमा श्रद्धा भक्ति निष्ठा अटल रहेको छ, सत्वगुण सम्पन्न आचार तथा विचार एवं धर्ममय जीवनको कर्तव्य बनेको छ, त्यसको त्यति चित्तोद्वेग कम हुन्छ। अन्यथा रज-तम मिश्रित सामान्य स्थितिको अन्तस्करणमा वासनाले काम क्रोध लोभ मोह-रूपी विभिन्न आकार लिएर विलक्षणरूपले रङ्ग बदलेर कामनाको अपार सैन्य समुदाय खचाखच जम्मा गरेर आफू चेतनलाई किंकर्तव्यविमूढ़ बनाइदिन्छ र विवश विह्वल पारी व्यामोह गराइदिन्छ।

मनोगतिं न विसृजेज्जितप्राणो जितेन्द्रियः।
सत्वसम्पन्नया बुद्ध्या मन आत्मवशं नयेत्॥

(भागवत, स्कन्ध ११। अ० २०। श्लो० २०)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—इन्द्रिय र प्राणलाई आफ्नो वशमा राखेर मनलाई एकछिनको निमित्त पनि स्वतन्त्र नछोड़ोस्। त्यसको एक-एक चाल, एक-एक चञ्चलतालाई देखोस्। यस प्रकार सत्व-सम्पन्न बुद्धिद्वारा बिस्तार-बिस्तार मनलाई आफ्नो वशमा गर्नुपर्छ।

कुनै समयमा द्रष्टा चेतनले परीक्षा गर्दा-गर्दै पुनः तत्काल परीक्षाको कार्य छुटेर तुरुन्त मनोमयमा सामेल भएर अन्य-अन्य चिन्तन-मनन गर्न थाल्दछ। त्यसमा साधकले सावधानीसाथ सद्य त्यो वासना धारालाई आफूदेखि भिन्न संझेर त्यसको द्रष्टा बनेर अनन्त हानि भएको याद गरेर पुनरपि निरीक्षण गर्ने काम चालू राख्नुपर्दछ। यस प्रकार जति पटक वासनाले भट्काए पनि, यता-उता दगुराएर जति रन्थन्याए पनि मुहुर्मुहु सजगतासहित वासनालाई निरन्तर भिन्न देख्दै छुट्टचाउँदै गर्नुपर्दछ। फेरि अन्य कुनै मनन-स्मरण सम्मुखमा आयो भने पुनः त्यसैको द्रष्टा हुने काम सह्याल्नुपर्दछ।

उपर्युक्त प्रकार निवृत्ति परायण हुँदा विशेष अभ्यास नहुञ्ज्यालसम्म कहिलेकाहीँ मनले घुमाई-फिराई जगत प्रपञ्चतर्फ लाभको आशा देखाएर नाना प्रलोभन उपस्थित गरेर निवृत्ति शमसाधनबाट फर्काउन पनि खोज्दछ। 'यो काम मैले गर्न सक्तिन कि अथवा बहुत मुश्किलको काम रहेछ, सागरको प्रबल तरङ्ग झैँ मनको तरङ्ग रोकिनसक्नु अशक्य रहेछ' भनेर असमर्थताको भाव प्रकट गर्न थाल्दछ। त्यसमा साधकले कायर बनेर, विवशता तथा लाचारी लिएर अधैर्य हुनु र वासनासँग लड्न हिम्मतहारा हुन खोज्नु कदापि हुँदैन। अनादि कालको दुःख-बन्धनलाई सम्यक्रूपेण हृदयङ्गम गरेर वासना अज्ञानद्वारा आफूलाई घोर सास्ती भएको जगत सम्बन्धमा पाँचै विषयद्वारा भयङ्कर दुर्दशा भएको पूरा विचार गरेर अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज वासना जित्नको निमित्त अपर्बल साहस एवं हिम्मत तथा शौर्य र सहिष्णु भाव धारण गरेर 'मानसिक शत्रु काम क्रोधादि संकल्प इच्छा संस्कारलाई निर्मूलै गर्नुपर्छ' भन्ने निश्चय गरेर तत्परतापूर्वक प्रबल जोश भरेर पुरुषार्थमा कटिबद्ध हुनुपर्दछ ।

वास्तवमा वासना विजय गर्नको निमित्त विवेकपूर्वक प्रबल उत्साह मात्र चाहिन्छ, कल्पित मनोमय वासना तथा विक्षेप वृत्ति एकदम तृणसमान विनाश हुन्छ, किनकि वासना स्वतन्त्र वस्तु त कदापि होइन, केवल मिथ्या मनोवृत्ति मात्र रहेकोले भूल अज्ञानद्वारा ग्रहण भएको हो । पहिले अबोधकालमा स्वयं चेतनले नै सुख मानेर इन्द्रिय भोगद्वारा सबै वासनाहरू टिकाएको र उही चेतनको सत्ता-सहायता पाएर नै वासनाहरू बलवान हुन गएका हुन् । अब आज उही चेतनले वासनाद्वारा नै आफूलाई दुःख भएको विवेकद्वारा पूरा चाल पायो तथा पुनः आफ्नो सत्य चैतन्यस्वरूपको यथार्थ बोध भेट्टायो । तब वर्तमान कल्याणको साधन कालमा वासनाको उपरमा उसको सर्व राग दृष्टि हटेर वैराग्य तथा नैराश्य एवं अतिशय उपराम दृष्टि भयो । भावको उपरमा अभाव दृष्टि बन्यो, तुष्ट दृष्टिको बदलामा आज रुष्ट दृष्टि रह्यो, आकर्षणको बदलामा विनाश गरिदिने आक्रोशको प्रबल जोश बढ्दै गयो, ग्रहणको बदलामा बलपूर्वक त्याग गरिदिने कर्तव्य दृढ़ हुँदै गयो, प्रेयको बदलामा त्यो सब हेय भयो, मोहको बदलामा (वासनादेखि नै अत्यन्त वाक्क-व्याक्क भएर) त्यसलाई नै क्षय गरिदिने सत्यपुरुषार्थ (कर्तव्यनिष्ठा) बन्दै गयो । यस प्रकार विवेकको प्रबल परीक्षा दृष्टिद्वारा त्यस-लाई सर्वथा अनादर उपेक्षा, अभाव र वहिष्कार गरिदिएको पक्षमा सब वासना हताहत (विनाश) भएर जान्छ ।

परीक्षाको साधन गर्दा उठेको वासनादेखि वाक्क मानी हरेश खाई 'रोक्न नसकिने रहेछ' भन्ने संभी त्रसित भएर साहसहीन बनेर द्रष्टा हुने कामलाई कदाचित् छाड़िदियो भने त्यो वासना कुनै हालतमा पनि निर्बल एवं नाश हुँदैन र जस्ताको तस्तै रहन्छ । त्यो वासनादेखि लुकेर छिपेर दबेर एवं भागेर कुनै प्रकारबाट पनि पार पाइन्न एवं त्यो निस्तेज र निःशेष हुँदैन । वासना निर्मूल त केवल परीक्षा दृष्टिको अभ्यासले ज्ञानको दिव्य प्रकाशले मात्र हुन्छ । वासनाको सम्मुख कालमा नै अत्यन्त परिणामदर्शी तथा परम परीक्षक भएर त्यसको मूलहेतु सुखाध्यास एवं आसक्ति बीजलाई नै वैराग्य असिले छिमल्दै (काट्दै) लगेर सदा दृश्य स्मरण मात्रलाई नै अभाव गरिदिनाले मात्र सर्वथा भस्मसात् हुन्छ ।

जस्तो, कुनै अत्यन्त निर्दयी क्रूर बलवान् शत्रु आफूलाई घात गर्ने हेतुले लड्न आइरहेछ । त्यस वेलामा त्यो कपटी शत्रुसँग लुकेर छिपेर दबेर भागेर पार पाइन्न, सकुशल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वक रहन खोजेर हुँदैन । एकदिन न एकदिन शत्रुले फेरि घेरा दिएर घात गर्दछ, जता भागे पनि उतै लखेट्तछ । अतएव शत्रुसँग सम्मुखमा लोहा लिनु (भिड्नु) मा नै श्रेय एवं सर्वोचित छ । ठीक त्यस्तै वासना पनि अनन्तकालदेखि चेतनलाई त्रयतापको असह्य दुःख दिँदै आएको घोर शत्रु हो । त्यस्तो शत्रुसँग हतास भएर, हार खाएर, भागेर, निवृत्ति साधन अभ्यासलाई छोडिदिएर अरू-अरू सजिलो मानिएका एक-दुई साधन आदि मात्र गरेर कदापि कुशल एवं कल्याण छैन । त्यो शत्रुलाई त साधन क्षेत्ररूपी रणाङ्गणमा मल्लयुद्ध गरेर वासनारूपी रिपुलाई विवेक बलद्वारा लगातार पछारेर परास्त गरेर बोधरूपी शस्त्र लिएर परीक्षा साधनले छेदन-भेदन गरेर गिराएपछि मात्र सर्वथा शक्तिहीन भएर धराशायी हुन्छ, तब मात्र जीवको सच्चा कुशल एवं कल्याण हुन्छ ।

संकल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥
शनैः शनैरुपरमेद्बुद्धया धृति गृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किंचिदपि चिन्तयेत् ॥

(भगवद्गीता, अ० ६ । श्लो० २४-२५)

अर्थ—सङ्कल्पद्वारा उत्पन्न सम्पूर्ण कामनाहरूलाई निःशेषरूपले मनैले त्यागेर इन्द्रिय समूहहरूलाई चारै तिरबाट रोकेर धैर्ययुक्त बुद्धिले क्रमशः उपराम बनाई मनलाई आत्मामा स्थिर गरेर अरू केही पनि चिन्तन नगरोस् ।

उपरोक्त प्रमाणद्वारा द्रष्टाको अभ्यासमा जति वासनालाई अभाव गर्ने लक्ष्य लिएर सावधानीपूर्वक धारणामा रहन्छ, अर्थात् प्रत्येक उठेको वासनालाई (एक पनि नबिराईकन) अविरामरूपले निरन्तर परीक्षा गर्दै हटाउँदै रहन्छ, उति स्मरण-सङ्कल्प शक्तिहीन शिथिल भएर रोकिन थाल्छ । जति रोकिँदै जान्छ तदनन्तर (वासना रोकिनासाथ) उति अत्यन्त शान्तिको अनुभव प्राप्त हुन थाल्दछ । पछि-पछि त आफूले अधिक प्रयत्न नगरीकन नै वासना हट्दै बिलाउँदै जान्छ । तब द्रष्टाको देख्ने काम स्वतः बन्द भएर अखण्ड स्थिरता प्राप्त हुन्छ ।

यो साधन जति बनायो उति अन्तस्करण निःसम्बन्ध, निर्भार, निर्विक्षेप, निष्परिश्रम भएर शुद्ध स्वच्छ शान्त एवं स्वतन्त्र हुन्छ । निःसंसर्ग, निर्द्वन्द, निःक्लेश, निःशोक, निर्भय, निश्चेष्ट तथा निरुपाधि रहेर निराधार हुनमा विशेष सहायता प्राप्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदनारम्भ आत्मस्थे मनसि शरीरस्य दुःखाभाव स योगः ॥

(वैशेषिक दर्शन, अ० ५ । आ० २ । सू० १६)

अर्थ—आत्मस्थे मनसि—मन आत्मामा स्थिर भएपछि, तदनारम्भ—इन्द्रियले पूर्व विषयलाई ग्रहण गर्ने आरम्भ गर्न सक्तैन, शरीरस्य दुःखाभाव—तब शरीरको दुःखको अभाव हुन्छ, सः योगः—त्यही योग हो ।

तदभावे संयोगाभावोऽप्रादुर्भावश्च मोक्षः ॥

(वैशेषिक दर्शन, अ० ५ । आ० २ । सू० १८)

अर्थ—तत् अभावे—त्यो कर्मको आरम्भ नहुनाले, संयोग अभाव—संयोगको अभाव हुन्छ, च—फेरि पनि (अर्को), अप्रादुर्भाव—उत्पत्ति हुँदैन, तब, मोक्ष—यही अवस्था मोक्ष कहिन्छ ।

एतावता अब आफू चैतन्यले वासनालाई कत्ति केही सत्ता-सहायता नदिएर प्रबल दोष दृष्टिसहित अभाव तथा उपराम वृत्तिले निरसन गर्दै लगेपछि बिस्तार-बिस्तार परीक्षा साधन बढ्दै गएपछि वासना एकदम उद्वेगरहित हुन्छ र अन्ततोगत्वा स्वतः शान्त हुन्छ । पश्चात् ध्यानस्थ मुद्रामा आफू (साधक) पनि स्वयं शान्त भएर रहनुपर्दछ, पुनः केही क्षण-बाद भित्र हृदयमा जे-जति स्वाभाविक वासना प्रवाह उठ्दछ, त्यसलाई आफूदेखि भिन्न संझेर तटस्थ भएर देख्नु तथा कुनै निर्णय, आग्रह एवं निग्रह नगरीकन शान्तवृत्तिले देख्दै रहने धारणा बनाउनु उचित छ ।

श्रीकृष्णचन्द्र उद्धवप्रति भन्नुहुन्छ ।

समुद्धरन्ति ह्यात्मानमात्मनैवाशुभाशयात् ।
आत्मनो गुरुरात्मैव पुरुषस्य विशेषतः ॥

(भागवत, स्कन्ध १२ । अ० ७ । श्लो० १९)

अर्थ—बुद्धिमान कुशल व्यक्ति अशुभ वासनाबाट आफूले आफैलाई बचाउँदछन्, किनकि विशेष गरेर मनुष्य आफ्नो गुरु आफै हुन्छ ।

प्रजहाति यदा कामान्सर्वान्पार्थ ! मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥

(भगवद्गीता, अ० २ । श्लो० ५५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—हे अर्जुन ! जब मनमा रहेका सबै कामनाहरूलाई परित्याग गर्दछ, त्यस वेला आफूले आफैमा तृप्त भएको योगी स्थितप्रज्ञ कहिन्छ ।

उपर्युक्त प्रकार वासनाको निरीक्षण गर्दा जति एकाधार एक वृत्तिले दत्तचित्त भएर सत्यता र तत्परतासहित दृढ़ अभ्यासको लक्ष्य बनाइन्छ, उति स्फुरणा प्रवाहलाई रोक्न सकिन्छ, उति सङ्कल्प-विकल्पको धारालाई परीक्षासहित हटाउन दबाउन सकिन्छ । सारा उठेको अखिल वासनाको द्रष्टा हुँदै रहेपछि तथा उक्त धारणा एकतार तैल धारावत् अटूट एवं अनवच्छिन्न भएपछि विशेषतः निरन्तर निर्मलरूपेण निरीक्षण गर्दै गएपछि सम्पूर्ण वासना हतप्रभ भएर अन्तस्करण एकदम स्ववश-स्वाधीन भै शान्त हुन्छ । तब द्रष्टाको कर्तव्य पूर्ण भएर अविचल एवं अखण्ड स्थिर हुन्छ । यस प्रकार जब धारणा एकरस हुन्छ तब दृश्य वासनाले पनि बल एवं शक्ति नपाएपछि अन्त्यमा क्षीण (बन्द), हुन्छ । तत्पश्चात् महान् स्थिति दशा प्राप्त हुन्छ । यही स्थिति मिलेको अवस्था हो । यहाँ यस बखतमा चैतन्यस्वरूपको साक्षात् स्थिति भयो ।

तदा द्रष्टुः स्वरूपेऽवस्थानम् ।

(योगदर्शन, समाधिपाद १ । सू० ३)

अर्थ—त्यो समयमा द्रष्टा (आत्मा) आफ्नो स्व-स्वरूपमा नै अवस्थित हुन्छ ।

व्याख्या—जस्तो जोड़सँग हावा चल्दा पानीमा तरङ्ग उठ्दछ, पुनः जब वायु बन्द हुन्छ तब तरङ्ग पनि शान्त हुन्छ, त्यस्तै यहाँ धारणाभ्यासद्वारा वृत्तिको निरोध भएपछि चित्तको चाञ्चल्यता र सर्व देहाभिमान निवृत्त हुन्छ । तत्पश्चात् स्थिर वृत्तिमा आत्माको आफ्नो शुद्ध स्वरूप (ज्ञानद्वारा) छर्लङ्ग अवगत हुन लाग्दछ । यही आत्मदर्शन हो, यही निराधार पारख स्थिति हो, यसैलाई शास्त्रमा कैवल्य स्थिति भनिएको छ ।

उपरोक्त यही अवस्था प्राप्त गर्नलाई सर्व पारमार्थिक पुरुषार्थ गर्नुपरेको हो । यसैको निमित्त तमाम यम-नियमादि साधन-संयम तथा तितिक्षा र तपस्या एवं एकान्तवास गर्नुपरेको हो । यसैको लागि अनन्त जप ध्यान तथा पूजा-पाठ, तीर्थ-व्रत यज्ञानुष्ठानतिर लाग्नुपरेको हो । यही महान् पदको प्राप्तिकै निमित्त भनेर सारा वेद, शास्त्र, पुराण, गीता तथा भागवत आदि धर्मग्रन्थहरूको निर्माण भएको हो । जसको श्रवण मनन र निदिध्यासन आदि यत्न गरेर अन्त्यमा साक्षात्कार हुनु थियो, त्यो आज अपरोक्ष भयो, अक्षय अविनाशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदमपदको महान् प्राप्ति र निर्मल स्थिति भयो । यस प्रकार सर्व वासनालाई नाश गरेर स्थिर भएपछि साक्षात् पारख ❀ समाधिरूप निराधार स्थिति भयो ।

❀ उक्त स्थिति तथा धारणाभ्यासको रहस्य (भेद) अत्यन्त सूक्ष्म हुनाले जगतका सर्व स्थूल दृष्टि र व्यवहार वृत्तिदेखि सदा भिन्न छ अर्थात् शम-दमादि साधन सम्पन्न विशेष कल्याणइच्छुक मुमुक्षु एवं अधिकारीले मात्र विशेष धैर्य तथा बोधनिष्ठामा तत्पर रहेर प्रयत्नपूर्वक प्राप्त गरिने पद छ । यसको अतिरिक्त यो महत्वपूर्ण ज्ञाननिष्ठाको धारणालाई कसैले हठ एवं पक्ष लिएर या विवाद गरेर शीघ्रतापूर्वक लिन सकिने धारणा यो कदापि होइन । यो त केवल विनम्रता र सरलता तथा सात्विकता एवं सदाचार सम्पन्न भएर कल्याण एवं मोक्षको अभिलाषा लिएर गरिने विमल साधन हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोदश प्रकरण

पारख समाधि

सारा इच्छा-वासनालाई द्रष्टा-धारणाको अभ्यासले निरीक्षण गर्दा-गर्दा सतत साधनले विवेकरूप पारखको परम प्रकाशले सम्पूर्ण वासनालाई पृथक्करण गरेर पन्छ्याउँदै पर्खँदै गएपछि वासनाले चेतनको आधार नपाएर सर्वथा हटेर निर्बल क्षीण भएर पश्चात् स्वतः शान्त हुन्छ। अब वासना सम्मुख नरहेपछि परीक्षकले कसको परीक्षा गर्ने र ? अर्थात् आफ्नो अगाडि दृश्य कुनै वस्तु नभएपछि द्रष्टा परीक्षक स्वयं आफूमा आफै स्वतः शान्त हुन्छ। यस प्रकार स्वरूपबोधको महत् प्रतापले परीक्षा साधनको दिव्य पुरुषार्थले [यो ज्ञान धारणाको शुभ वेलामा] चैतन्य अखण्ड स्थिर भयो, यही एकरस निराधार स्थिति भयो। यही पारख समाधिको, स्वयं परीक्षा साधनको अन्तिम श्रेष्ठ चरम स्थिति हो।

दृष्टा दृशिमात्रः शुद्धोऽपि प्रत्ययानुपश्यः ॥

(योगदर्शन, साधनपाद २। सू० २०)

अर्थ—द्रष्टा (ज्ञानस्वरूप आत्मा चेतन) को जो देख्ने, पर्खने शक्ति हो, त्यो निर्विकार हो तापनि बुद्धि र वृत्तिको अनुसार देख्ने पर्खने गर्दछ।

व्याख्या—जड़को सर्व धर्मदेखि रहित केवल चेतन मात्र (ज्ञानस्वरूप) सर्वथा शुद्ध निर्विकार असंग आत्मा हो। किन्तु जहाँसम्म अविद्याको नाशद्वारा प्रकृतिदेखि पृथक् भएर आफ्नो वास्तविक सत्यस्वरूपमा स्थित हुँदैन त्यहाँसम्म द्रष्टा संज्ञा छ। पश्चात् दृश्यको सम्बन्ध नरहेपछि (स्वयं स्वरूपमा स्थिर भएपछि) द्रष्टा रहँदैन। केवल चेतन मात्र शुद्ध निर्विकार अखण्ड एकरसस्वरूप रहन्छ।

जस्तो अग्निले अन्य तृण-दर्भ (घास) आदिलाई सम्मुखमा पाउँदछ र तब त्यसलाई जलाउँदछ। कदाचित् अन्य कुनै काष्ठ तृणादिलाई जलाउन पाएन भने जलाउने क्रियारहित अग्नि आफैमा स्वतः शान्त तथा शमरूपले स्थिर रहन्छ। तद्वत् यहाँ चैतन्य जीवको सम्मुखमा प्रथम वासना पर्दथ्यो र ज्ञाताले त्यही दृश्य वासनाको ज्ञान गर्दथ्यो। अब आज बोधदाता गुरुदेवको कृपादृष्टिबाट प्राप्त भएको परीक्षा साधनरूपी विवेक एवं वैराग्यमय प्रबल पुरुषार्थद्वारा समस्त दृश्य वासना विलीन भएर सम्मुख हुन छाड़ेपछि द्रष्टाले कसको ज्ञान गरोस् ? अतः द्रष्टा ज्ञाता चेतन स्वतः शान्त अखण्ड नित्य एकरसरूपले सदा विराजमान रहन्छ। तब यहाँ सत्पुरुषार्थरूपी तप-तेजको बलले (निर्धूम वह्निवत्) स्वरूप निराधार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो, सदा सर्वदा स्वयं प्राप्त (स्वसंवेद्य) एकरस अक्षय पद प्राप्त भयो। उक्त समयमा (त्यहाँ स्थिति दशामा) न मूर्छा, न सुषुप्ति, न विस्मृति, न शून्यको अवस्था छ अपितु त्यहाँ न कुनै दृश्य छ, न जगत छ, न शरीर छ, न मन छ, न कुनै मनोमय वेगको इच्छा स्मरण संस्कार छ। किन्तु यी सबको अत्यन्ताभाव छ। केवल स्वयं नित्य सत्य रमैया राम चैतन्य परम परीक्षक साक्षात् पारखस्वरूपको मात्र एकरस अखण्ड भाव छ।

समाधिनानेन समस्तवासनाग्रन्थेर्विनाशोऽखिल कर्मनाशः।
अन्तर्बहिः सर्वत एव सर्वदा स्वरूपविस्फूर्तिरयत्नतः स्यात्॥

(विवेक चूड़ामणि, श्लो० १८९)

अर्थ—श्री शंकराचार्य भन्नुहुन्छ—यो निर्विकल्प समाधिले समस्त वासनारूपी ग्रन्थिको विनाश हुन्छ। वासना नाश भएपछि सम्पूर्ण कर्मको समेत नाश हुन्छ। पश्चात् बाहिर तथा भित्र एकाकार एकाधाररूपले बिना प्रयत्न निरन्तर स्वरूपको स्फूर्ति-प्रतीति अर्थात् निराधार स्थिति हुन्छ।

उपर्युक्त साधनानिष्ठाको समाधि प्राप्त भएपछि परम शान्ति मिल्दछ। निरन्तर आफ्नो सदस्वरूपको अविचल अखण्ड भाव मात्र प्रदर्शित हुन्छ। साक्षात् पारखस्वरूपको निराधार धारणा भएको अपरोक्ष अनुभव हुन्छ। त्यो स्थिर वृत्तिको वेलामा शान्ति त यस्तो अनुभव हुन्छ कि टुटाएर नटुट्ने, छुटाएरसमेत नछुट्ने, अचल एवं परम विश्रान्ति पद प्राप्त हुन्छ। यो महालाभ पाएर हृदय कृतकृत्य र कृतार्थ हुन्छ। परम निहाल भएर जीवन सदा सुखी बन्दछ। यही जीवन्मुक्त दशा हो।

पुनः (केही समयपश्चात्) प्रारब्ध वेगले जाग्रतको इन्द्रिय तथा मनसँग सम्बन्ध हुन्छ। तथापि त्यस वेलामा अधिकांश अति शान्त अवस्था प्राप्त हुन्छ। तब उक्त अवस्थामा सारा संसार असार नीरस मिथ्या स्वप्नवत् प्रतीत हुन्छ। सदा शान्त एवं स्वच्छ शुद्ध स्वरूपको विवेक प्रकाश अवस्थामा जुनसुकै विचार ज्ञान-धारणा पनि सहज र सरलरूपेण हस्तामलकवत् प्रतीत हुन्छ। भिन्न-भिन्न भावले अनुभव ज्ञानको स्रोत प्रस्फुटित भएर आउँदछ। भवार्णवबाट पार हुनलाई अनन्त उपाय शोध-बोधको निर्णय गर्ने शक्ति विकसित हुँदै आउँछ। पुनश्च एक प्रबल धारणा यो पनि प्राप्त हुन्छ कि सर्व मनोमय प्रवाह र अन्य मनवशवर्ती प्राणीहरूदेखि सदा सजग भएर सावधानीपूर्वक सक्षम रहने एक अनुपम तप-सामर्थ्य उत्पन्न हुन्छ, हमेशा जीवन्मुक्तिको धारणामा एकरस रहनसक्ने क्षमता प्राप्त हुन्छ। यही पुरुषार्थको सिद्धि हो, मानव-देहमा परमार्थको परम प्रयत्न गरेर पाइने महान् स्थिति हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो धारणा तथा स्थिति प्राप्तिको निमित्त साधकले सदा सत्सङ्ग तथा सद्ग्रन्थ एवं चैतन्य इष्टगुरुदेवको भक्ति र उपासनालाई सहायक बनाउनुपर्दछ । ज्ञानभक्ति तथा वैराग्य यो तीनै स्तम्भलाई जति दृढ़ आधारशिला बनाइन्छ, उति शान्ति स्थितिरूपी सुन्दर भवन निर्माण हुँदै रहन्छ । बीज तथा मृत्तिकादिको आधारमा वृक्षको स्थिति रहेझैं भक्ति बोध वैराग्यबाट स्थिति र स्थितिबाट उक्त तीनै रहस्य क्रमशः पुष्ट गर्दै रहनुपर्दछ, तब अन्त्यमा मोक्षपदको प्राप्ति हुन्छ ।

साधकको उद्गार-भजन

स्वरूपबोध पाउँदा अटल वृत्ति भै गो, मलाइ अब कसैको प्रयोजन रहेन ।
अन्तर्वृत्ति गर्दा अपार शान्ति भै गो, बाहिर खोज्नुपर्ने प्रयोजन रहेन ॥टेक॥
साक्षात पारखको प्रकाश भै गो, अनुमानको क्यै प्रयोजन रहेन ॥१॥
जो भित्रैमा स्थिरता अटल सुख भै गो, विषय सुखको केही प्रयोजन रहेन॥२॥
स्वयंबोध अपरोक्ष प्रत्यक्ष भै गो, केही कल्पनाको प्रयोजन रहेन ॥३॥
अखिल भूल भ्रान्ति बिलाएर गै गो, भूत-प्रेतको क्यै प्रयोजन रहेन ॥४॥
स्वरूपबोध स्थितिमा विराजमान भै गो, त्यो अध्यासको क्यै प्रयोजन रहेन ॥५॥
अक्षय कोष अमृतको पद प्राप्त भै गो, मिथ्याभासको अब प्रयोजन रहेन ॥६॥
सदा स्थिर वृत्तिमा विश्राम भै गो, वाणी जालको क्यै प्रयोजन रहेन ॥७॥
विवेक ज्ञान अनुभवमा लवलीन भै गो, अबुझ अज्ञजनको प्रयोजन रहेन ॥८॥
द्रष्टाको साधनमा अभ्यास भै गो, कुनै वासनाको प्रयोजन रहेन ॥९॥
गुरु-सन्तजनको कृपा दृष्टि भै गो, दुखैरूप जगतको प्रयोजन रहेन ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नृनीय खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्दश-प्रकरण

त्रिविध कर्मको विचार

क्रियमाण सञ्चित प्रारब्धः त्रयकर्मो बन्धनं भवेत् ।

(मुक्तिद्वार नि० श० ५ । प्र० १० । सा० ७८)

अर्थ—क्रियमाण तथा सञ्चित एवं प्रारब्ध—यी तीनै कर्म जीवलाई बन्धन दिने हुन् ।

(१) क्रियमाण, (२) सञ्चित, (३) प्रारब्ध—यी तीन कर्म हुन् ।

चैतन्य जीवले स्व-स्वरूपलाई भुलेर विषयमा सुखभाव संस्कार बनाएको हुनाले नै त्रित्रिध कर्मको * उत्पत्ति भएको छ । तिनै तीन कर्मद्वारा सर्व देहधारी प्राणीहरूको शरीरको उत्पत्ति-स्थिति तथा अन्यान्य देहको सम्प्राप्ति भैरहेको र पुनः यही त्रिविध कर्मद्वारा नै जन्म-मरण तथा गर्भवास एवं आवागमन बन्धन भैरहेको छ ।

१—क्रियमाण कर्म—वर्तमान मनुष्य-देहमा जति शुभाशुभ कर्म हुन्छ अर्थात् खानी-वाणीमा सुख मान्यतावश इन्द्रिय मनद्वारा नाना पाप,पुण्यादि अनन्त कर्म जीवले गर्दछ, त्यो सब आगामी या क्रियमाण कर्म हो ।

---

* उदाहरणमा—जस्तो किसानले खेतमा अन्नको बीज छर्दछ, त्यो बीज छर्ने एक काम हो । तत्पश्चात् बीज छरेपछि अन्नको उब्जनी हुन्छ । त्यसलाई कटनी-मड़नी गरी घरमा ल्याई राख्दछ । यस प्रकार अन्नजम्मा गर्नु पनि एक कर्म हो । पुनश्च, त्यही अन्न मध्ये साल-भरिलाई खान भनी जो अन्न छुट्टचाएर राख्दछ अथवा त्यसैबाट नित्यप्रति दैनिक कार्यमा जति अन्न खर्च हुन्छ, त्यो खर्च हुन आएको एक कर्म हो । ठीक यही प्रकार—(१) [किसानले खेतमा बीज छरेको जस्तै] वर्तमान नरदेहमा नाना कर्म जीवले (जे-जति) गर्दछ, त्यो क्रियमाण कर्म हो । (२) [घरमा जम्मा भएको अन्नझैं] क्रियमाण कर्म गरेर जम्मा हुन आएको जति कर्म हो, त्यो सर्व सञ्चित कर्म हो । (३) [त्यही उक्त सञ्चित अन्न कोषबाट सालभरको निमित्त खानलाई अन्न छुट्टचाएझैं—या दैनिक कार्यमा अन्न खर्च गरेझैं] त्यो संचित कर्मबाट जति कर्म छुट्टिएर वर्तमानको यो शरीर निर्माण हुन्छ, जसको आवश्यक दुःख-सुख भोग भोग्नु अनिवार्य छ—त्यो प्रारब्धरूप कर्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२—सञ्चित कर्म—मानव देहमा स्व-स्वरूपको बोध प्राप्त हुनुभन्दा प्रथम भूल-अज्ञानवश सुखाध्यास संयुक्त नाना पाप-पुण्यादि क्रियमाण कर्म जति बनिसकेको छ, त्यो (क्रियमाण) कर्म पछि, अन्य देहमा भोग हुनको निमित्त सूक्ष्म संस्काररूप (कर्म) हृदयमा जो एकत्रित हुन्छ त्यो सञ्चित हो । एवं रीतले पूर्व-पूर्वका अनन्त जन्ममा गरिएका कर्म समय योग्यतानुसार संस्कार सन्मुख हुन नपाएर (भोग नभएर) बाँकी रहेको जति कर्म हो, त्यो सब कर्महरूको सूक्ष्म बीज संस्कार अन्तस्करणमा समूहरूपले जति अवस्थित छ, त्यो अभुक्त सञ्चित हो । पुनः अनादिकालदेखि प्रत्येक खानीमा चैतन्य जीव देह धारण गरी(भ्रमण गर्दै) आएको हुनाले उक्त हरेक खानीको सुखाध्यास एवं घटाध्यास संस्कार प्रबल धारण भैरहेको छ । सो तत्तत् खानीको भूमिका अनुसार भिन्न-भिन्न गुण-स्वभाव संस्कार हृदयमा जो टिकेको छ त्यो घटाध्यास सञ्चित हो ।

३—प्रारब्ध—पूर्वको त्यही सञ्चित कोषमध्ये एक शरीर निर्माण हुनको निमित्त गमनागमनको अवस्थामा वासनानुकूल जे-जति कर्म छुट्टिएर नवीन शरीर तैयार हुन्छ, त्यो प्रारब्धरूप कर्म हो । जन्म हुनु, मृत्यु हुनु, स्त्री-पुरुष, नपुंसक आदिको देह प्राप्त हुनु, किञ्चित् परिश्रम या विनापरिश्रम दुःख-सुख, हानि-लाभ, अनिवार्यरूपले प्राप्त हुनु, इत्यादि जति कर्म हुन् , ती (पूर्वजन्मको) प्रारब्ध कर्मका फल हुन् ।

समस्त प्रारब्ध तथा सञ्चित कर्म बन्नाको मूल कारण क्रियमाण कर्म हो । क्रियमाण कर्मको मूल-कारण सुखाध्यास संस्कार हो । सुखाध्यासको मुख्य हेतु अज्ञान एवं भ्रम—मानन्दी नै हो । सबको सारांश तथा मूलभूत तथ्य निजस्वरूपको भूल या अबोध नै हो ।

वास्तवमा चैतन्यले निजस्वरूपलाई बिर्सेर अज्ञानको आवरणमा परेर नाशवान क्षण-भङ्गुर शरीर र शरीरसम्बन्धी प्रपञ्च व्यवहारलाई सत्य मानेर इन्द्रियद्वारा नाना सकाम कर्म गर्नाले त्रिविध कर्मको रचना भएको हो ।

चैतन्य जीवलाई यो भवसागर (रूपी दुःखको गहिरो खाल्टो) मा आएर, रोग शोकले ग्रस्त भएर, बन्धन एवं विपत्तिमा फँसेर [हाड़ मांस रक्तादिले परिवेष्टित, मल-मूत्रादिले आप्लावित दुःखै-दुःखले पूरित अनित्यादि दोषले आवृत,] शरीररूपी पिँजड़ा लिएर जे-जति कष्ट-क्लेश खानुपरेको छ, जे जति राप-तापमा जल्नुपरेको छ, सास्ती-सङ्कट भोग्नुपरेको छ, अनन्तबार जन्मनु-मर्नुपरेको र गर्भवासको कैदमा पर्नुपरेको छ एवं त्रिविध तापले सन्तप्त भएर भयङ्कर दुर्दशा सहनु, भोग्नुपरिरहेको छ ती सबको मुख्य हेतु उपर्युक्त तीन कर्म नै हुन् ।

यस्तो गहनतम आपदामूल त्रिविध कर्मलाई सर्वथा नाश गरेर परमपद प्राप्त गर्नु नै मनुष्यको परम पुरुषार्थ हो, मानव जीवनको सर्वोच्च उद्देश्य हो । बुद्धिनिधान तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानवान् पुरुषले गर्ने काम हो। विरलाकोटिका महान् भाग्यवानले प्राप्त गर्ने रत्नमय प्रयत्न हो।

त्रिविध कर्म विनाशको प्रयास

क्रियमाण तथा सञ्चित एवं प्रारब्ध कर्म—यो त्रिविध बन्धन निवारणको निमित्त सर्वप्रथम निज चैतन्यस्वरूपको यथार्थ बोध हुनुपर्दछ। अखिल दृश्य जड़ समुदायदेखि तथा शरीर इन्द्रिय मन प्राण शून्य आदि लक्ष्यभासदेखि आफ्नो सत्यस्वरूप जसरी अत्यन्त पृथक् छ, त्यही रीतले द्रष्टा चैतन्यलाई सर्वाङ्ग भावले पृथक्करण गरेर विवेकद्वारा छुट्याउनुपर्दछ। अझ त्यो शाश्वत चैतन्य परीक्षक स्वरूपलाई कार्य-कारणदेखि रहित, उत्पत्ति-प्रलयदेखि पृथक्, अशांशी भावदेखि अलग, व्याप्य व्यापक भावदेखि वर्जित, समस्त भास अध्यास अनुमान एवं कल्पनादेखि भिन्न, स्वयं प्रत्यक्ष बोधस्वरूप अखण्ड निश्चय गर्नुपर्दछ। पुनश्च अजर, अमर, अविनाशी, नित्य, शुद्ध, सत्य, स्वच्छ, अचल स्वरूपमा दृढ़ धारणा हुनुपर्दछ। तत्पश्चात् त्यही सत्स्वरूपमा एकरस भावले तदाकार वृत्ति बनाएर स्थिति बनाउनुपर्दछ।

यस प्रकार स्व-स्वरूपको बोध अपरोक्षरूपले प्राप्त गर्नाले, सर्व निषिद्ध कर्मलाई मन वचन कर्मद्वारा त्यागिदिनाले, परमार्थ पथको अविरल पथिक बन्नाले, सत्सङ्गमा अभिरुचि राख्नाले दया र धर्मको रीति सह्याल्नाले, अहिंसा, सत्य, अस्त्येय, ब्रह्मचर्य, आदि कल्याण सामग्री ग्रहण गर्नाले, भ्रम-सन्देहरहित रहने निर्मल विचार गर्नाले, निर्णय ज्ञानलाई नै सदा-सर्वदा मनन गर्नाले, विवेक तथा वैराग्यवान सद्गुरुदेवको आधार एवं शरण ग्रहण गर्नाले र वहाँको श्रद्धासहित गुरुभक्ति गर्नाले—आगामी कर्मको भावांकुर विनष्ट हुन्छ। एवं रीतले शुभ गुण धारण गरेपछि र सर्व अनुचित तथा अनावश्यक (आदत लत एवं आसक्ति अध्यासादि) कर्मलाई सर्वथा त्यागिदिएपछि 'क्रियमाण कर्म' बन्द हुन्छ।

वर्तमानमा क्रियमान कर्म गर्नाले नै सर्व सञ्चित संस्कार
पुष्ट हुँदै आएको हो। यदि वर्तमानमा क्रियमान
कर्म नगरेका खण्डमा सञ्चित कर्म त्यसै
नाश भएर जान्छन्। त्यसको युक्तियुक्त

वर्णन—

वर्तमानमा 'काया वाचा मनसा' द्वारा जुन-जुन पाँच विषय जन्य कर्तव्य (कर्म) गरिन्छ, त्यही कर्तव्यके आधारमा सर्वभूत तथा भविष्यको संस्कार (वासना) पुष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि वर्तमान कालमा त कुनै अघ-अवगुण युक्तको कर्तव्य कर्म गर्दै गरेन (अथवा गरेको नै छैन) भने सर्व भूत तथा भविष्यको समस्त वासना संस्कार क्रमशः शक्तिहीन भएर क्षीण हुँदै जान्छ, एतावता छिन्न-भिन्न एवं नाश भएर जान्छ। यथा—वर्तमानमा पाँचै विषयलाई जति देखिन्छ, सुनिन्छ, सुँघिन्छ, स्वाद लिइन्छ, स्पर्श गरिन्छ एवं भोग भोगिन्छ, उति-उति नै पूर्व व्यतीत भूतकालका वासनाहरू पुष्ट हुँदै जान्छन्, पुनः भविष्यमा पनि तिनै पुष्ट भएका विशेष बलवान भएर आफ्नो उपर बलात्कार गर्नमा समर्थ हुन्छन् सुतरां जबर्दस्तीले खिँचेर जीवलाई पराधीन एवं लाचार बनाई विवश गराइदिन्छन्। यदि वर्तमानमा जति साधन-संयम पूर्वक बोध वैराग्यद्वारा उक्त पंच विषयलाई देख्न, सुन्न, भोग्न तथा सुख निश्चय गर्न एवं राग-संस्कारयुक्त त्यसको संस्मरण गर्न त्याग गरिन्छ, त्यत्तिकै पूर्वको वासनाले आधार नपाएर समस्त आदत-लत आसक्तिहरू निर्बल हुँदै जान्छन्। पश्चात् वाह्य क्रिया र अन्तर्सुख भोग्ने चेष्टा (इच्छा-संस्कार), लाई सर्वथा त्याग गरिदियो भने पूर्वकाल (अबोध-अज्ञान) कालको राग-संस्कार बिलकुल नष्ट भएर जान्छ। पछि भविष्यमा पनि त्यसले अवरोध एवं आकर्षण गर्न सक्तैन।

उदाहरणमा—जस्तो कसैले वर्तमानमा गाँजा, भाँग, मदिरा या मांस आदिको सेवन गरिरहेको छ भने त्यसको पूर्व-पूर्व भूतकालका अशुद्ध वासनाहरूसमेत अधिक प्रफुल्लित भएर शक्तिमान हुँदै जान्छन् तथा भविष्यमा पनि गाँजा भाँग एवं मदिरा र मांसाहार गर्नलाई अत्यधिक उद्वेगको निरन्तर उत्तेजना भइरहन्छ। एवं रीतले तत्-तत् भोगमा वारंवार विशेषतः आकर्षण भै रहन्छ। यदि वर्तमानमा त पदार्थ एवं विषयहरूमा दुःख दोष मनन भएर आमिष र मादक आदि पदार्थलाई त्याग गरिदिएको छ, (यस्तै त्याग गरेर केही काल व्यतीत हुन जाँदा) पश्चात् त्याग्दा त्याग्दा उक्त हिंसा र अम्मल आदिमा सुख दर्शन एवं लाभ मानिएको भ्रम दृष्टि सर्वथा हटेर गयो तथा इच्छाको समेत अभाव भयो र वाह्य ग्रहण-लाई पनि सदा सर्वदा त्याग गरिदिएर पूर्णरूपले अन्तस्करण बाट तिरस्कार गरिदिएको छ भने वर्तमानको कर्तव्य त्यागको आधारमा त्यसको साथ-साथ पूर्वको मांसाहार तथा नशा आदिको आसक्ति सम्पूर्ण नष्ट भएर जान्छ पछि भविष्यमा पनि तत्सम्बन्धी वासनाले बलात्कार गर्न सक्तैन, खिच्न सक्तैन।

उपरोक्त प्रकार वर्तमानको कर्तव्य त्यागको बड़ो ठूलो महत्व छ। सारा सञ्चित नाश गर्नलाई, जन्म-जन्मको आसक्ति दोष सखाप पार्नलाई, गहनतम पाप पखाल्नलाई, मानव जीवनको सुधार गरेर दैवी सम्पदा प्राप्त गर्नलाई, त्रिविध तापको कष्ट-क्लेशको मूलोच्छेदन गर्नलाई, यही एक 'कर्तव्य त्याग' गरिदिने सत्पुरुषार्थ नै सर्वतोभद्र सर्वोत्कृष्ट महत्तम उपाय हो। किनभने वर्तमानको पुरुषार्थ अपर्बल छ। वर्तमानको समस्त निषिद्ध कर्मको त्याग भाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै (संस्कार ध्वंस गर्नलाई) अत्यन्त श्रेयस्कर हुन्छ, सारा सञ्चित जलेर भस्म हुन्छ। एतदर्थ वर्तमानको कल्याणको पुरुषार्थ नै अधिक उज्ज्वलरूप छ, अपरिमित वासना विकार-लाई भस्मसात् बनाइदिने अत्यन्त सफलीभूत प्रयत्न छ।

जस्तै कामी, क्रोधी, लोभी, मोही भएपनि, जस्तै महापातकी हिंस्रकी तामसी दुर्गुणी भएपनि, जस्तै अत्याचारी, व्यभिचारी, चोरी डकैती गर्ने खूनी क्रूर भए पनि, जस्तै छली, कपटी, जाली-झेली, अम्मली, जूआ, मद्यपान गर्ने व्यसनी भए पनि, जस्तै पापी अधर्मी अन्यायी कुकर्मी भए पनि—यदि आज वर्तमानमा (ती सारा कुकर्म छोडिदियो) उक्त अखिल पाप कर्म मन वचन कर्मले त्यागिदियो भने यो दृढ़ त्यागको माध्यमबाट त्यसका सर्व पाप-दोष समूह क्रमशः दबिदै जान्छ, निर्बल क्षीण हुँदै जान्छ। अझ त्यसमा परमार्थको पुरुषार्थ पनि यदि हुन गयो र चैतन्यस्वरूपबोधको धारणासमेत सम्यक्रूपेण हुन गयो भने त सम्पूर्ण वासना संस्कार अवश्यमेव विध्वंस हुन्छ।

अनादि कालदेखि आगामीरूप क्रियमाण कर्म गरी-गरीकन नै सञ्चित कर्मको भोग हुँदै आएको हो। यदि क्रियमाण कर्म (वर्तमानमा) भएन र अबदेखि गर्दै गरेन भने सञ्चित कर्मले फल भोगाउन सक्तैन। आगामी क्रियमाण कर्मको आधार नपाउनाले र स्वस्वरूपको पूर्ण बोधसहित स्थिति प्राप्त गर्नाले सञ्चित कर्म समूहरूपले नष्ट हुन्छ।

जसरी बीजलाई उम्रिन जल र मृत्तिकाको सम्बन्ध चाहिन्छ, यदि माटो र पानीको संसर्ग भएन भने त्यो बीज उम्रनै सक्तैन। भकारीमा राखेको अन्नलाई जहाँसम्म मृण्—जलको संयोग पर्दैन, त्यहाँसम्म कदापि त्यो उम्रिन एवं वृक्षाकार हुन सक्तैन। त्यो अन्नागारमा राखेको खाद्यान्न निर्वाहको उपयोगमा आयो भने आयो, नत्र भकारीको भकारीमै धेरै काल-सम्म रह्यो भने त्यसैं सड़ेर गलेर कुहिएर धूलो-पीठो भएर नाश भएर जान्छ, किन्तु मट्टी र पानी नपाउञ्ज्याल त्यो कदापि उम्रिन्न।

एवं रीतले संचित कर्म बीजसमान हो, क्रियमाण कर्म जल-मृत्तिकासमान हो। यदि क्रियमाण कर्म जुन मानवले गर्दै गरेन भने क्रियमाण कर्मरूपी माटो पानी नपाउनाले सञ्चित बीज [अन्नागारको अन्न झैं], निर्बल शक्तिहीन एवं क्षीण भएर अन्त्यमा विलय भएर जान्छ।

संचित बीजको योग्यता र अयोग्यताको निर्णय

बीजलाई उम्रिन हमेशा साधक * योग्यता चाहिन्छ। यदि साधक योग्यता मिल्यो

---

* बीजलाई उद्भव हुन अनुकूल हुने योग्य भूमिका जल मृत्तिकाको साधकता तथा वायु प्रकाश आदिको योग्यता इत्यादि सर्व सामग्री ठीक छन् र पुनः बीज सड़ेको जलेको छैन भने त्यस्तो ठीक साधक योग्यता पाएर बीज वृक्षाकार हुन्छ। कदाचित् उपरोक्त अंगमा कुनै कमी छ, अयोग्यता एवं बाधकता छ भने बीज कदापि उम्रिन सक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने बीज उम्रिएर वृक्षाकारमा परिणत हुन्छ, शाखा, हाँगा, पत्र, फूल, फल आदि सब प्राप्त हुन्छन्। यदि साधक योग्यता मिलेन भने बीजबाट वृक्ष नै हुँदैन। अब कदाचित् साधक योग्यताको ठाउँमा उल्टो बाधकता तथा अयोग्यता पर्न गयो भने वृक्षाकार बन्न त परै जाओस् बीज नै यथावत् सुरक्षित रहन सक्तैन किंवा समूलरूपेण नाश भएर जान्छ।

यहाँ चेतन जीवले अनादि कालदेखि निजस्वरूपलाई भुलेर अबोध अज्ञानवश पंच विषयमा सुखप्रियता राग-प्रेम गरेर नाना सकाम कर्म इन्द्रियद्वारा जो गर्दै आएको छ, त्यसैबाट सर्व वासना बीज बन्दै पुष्ट हुँदै आएको हो। सो अबोध तथा पंच विषयमा सुख प्रियता, राग-प्रेम, सुखाध्यास एवं अज्ञान—यही वासनारूपी बीजलाई उम्रिन दिने उत्पत्ति स्थिति तथा बृद्धि गर्ने साधक योग्यता भइरहेछ। यस प्रकार देहधारी चेतन जीवको हृदयमा जति पंचविषयको वासना अवस्थित छ, त्यो सब बीजवत् छ। एवं रीतले सर्व अमुक्त चेतन जीवहरूको बन्धदशामा समय बितिरहेको छ।

अब यता बोधवान ज्ञानीको दशा—

जो स्वरूपनिष्ठ ज्ञानी छन् उनलाई देह, इन्द्रिय, मनदेखि पृथक् जड़भास परोक्ष अनुमान कल्पनादेखि भिन्न 'अजर अमर अविनाशी परमप्रकाशी जानमात्र ज्ञाता ज्ञानस्वरूप अपरोक्ष सत्य म स्वयं हुँ' भन्ने अखण्ड बोधको धारणा एकरस रहेको हुन्छ। पुनः भूल भ्रम भ्रान्ति र समस्त मिथ्या मानन्दी सर्व संशय एवं विपर्यय विक्षेप विलाएका हुन्छन्। जड़वाद, भौतिकवाद, विकासवाद, भूतप्रेतादिवाद, तथा अनुमान एवं कल्पनावाद सबै नाश भएको हुन्छ। खानी पंचविषयासक्ति देहाभिमान, ममता, मोह, अष्टमद; जगतराग, प्रपंचको सुख दर्श-भाव सर्व अभाव भएको हुन्छ [सुखाध्यासयुक्त स्थूल-सूक्ष्म शरीरको सर्व अध्यास प्रवाह दृढ़ मानन्दीको अभाव हुनाले दग्धबीज न्याय भएर सर्व सञ्चित ज्ञानाग्निले जलेर भस्मसात् भएको हुन्छ] शरीराध्यास शिथिल गर्नलाई जहाँ तप तितिक्षा एकान्तवास, शम-दम, साधन-सहित मनोनिग्रह, नियमित रूपले सदा चालू रहेको छ। अष्ट मैथुन सुखाध्यास कामवासनाको जड़ मूलले जहाँ विध्वंस भएको छ, दोष दर्शनको निरन्तर धारा संपातले जहाँ सदा हृदय संलग्न बनेको छ। दोष दर्शनको विचार निम्नप्रकारले हुन्छ—

दोष दर्शनादुभयोः ॥

(सांख्यदर्शन, अ० ४। सू० २८)

अर्थ—उभयो–दुवैको, दोष दर्शनात्–दोष देखनाले वैराग्य उदय हुन्छ।

व्याख्या—शरीरादिको अनित्यता र विषयादिको बन्धन तथा प्राणी पदार्थ परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितिको प्रतिकूलता एवं सम्बन्ध संसर्गको वियोग-विनश्वरता, इत्यादिको निरन्तर विचार गर्नाले दोषदर्शन उत्पन्न हुन्छ ।

विषयमा दोषदर्शनको भाव

परिणामतापसंस्कारदुःखैर्गुणवृत्तिविरोधाच्च दुःखमेव सर्वं विवेकिनः ॥

(पातञ्जल योगदर्शन, साधनपाद २ । सूत्र १५)

अर्थ—परिणाम दुःख, तापदुःख तथा संस्कार दुःख—यी तीन प्रकारका दुःख सर्व विषयमा विद्यमान रहेका हुनाले र पुनः गुणवृत्ति विरोध दुःख—परस्पर तीनै गुणका वृत्तिहरूमा विरोध हुनाको कारणले विवेकी पुरुषलाई सर्व (कर्मफल) दुःखरूप नै छन् ।

स्पष्ट व्याख्या—सर्व विषय-भोग दुःखरूप छ, आदि मध्य अन्त्य त्रिकाल दुःखै दुःखले भरिएको छ । जुन प्राणीले विषयभोगमा सुख [आनन्द या सञ्चोभाव] मान्दछ, सुखको झलक [दर्शन] प्रतीत गर्दछ; आपातरमणीयता मानी सुखभोगभोग्दछ, सो विषयभोग-जनित सुखमा यी पूर्वोक्त चार दुःख ठोसरूपले भरिएका हुनाले भोगी मनुष्यलाई प्राप्त हुन्छन् । क्रमशः दुःखको गहिरो गर्त [खाल्टो] मा त्यो भोगासक्त मनुष्य पर्दै जान्छ ।

(१) परिणाम दुःख—विषयभोग सदा परिणामशील विनश्वर छ, मुहुर्मुहु उत्पत्ति तथा नाश भै रहन्छ । पुनः जति भोग भोगे पनि सुख स्वप्नवत् बिलाएर जान्छ, साथै तज्जनित विषय पदार्थ पनि क्षणभंगुर छ । विषय पदार्थ नाश हुँदा जो अपार कष्ट हुन्छ सो विषय-सुखको परिणाम दुःख हो । परिणाम दुःखको बारेमा गीतामा पनि निर्णय दिइएको छ—

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥

(भगवद्गीता, अ० १८ । श्लो० ३८)

अर्थ—इन्द्रियको संयोगद्वारा उत्पन्न हुने जो विषय सुख छ, त्यो भोगकालमा अमृतसमान (आनन्द) देखिए तापनि परिणाममा विष जस्तै हुन्छ, यसकारणले त्यो राजस सुख मानिएको छ ।

उक्त सर्व पञ्च विषयजनित सुखबाट परिणाममा विपुल दुःख मिल्ने हुनाले त्यो परिणाम दुःख हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) तापदुःख—जस्तो अग्निको निकटमा राप (आँच) आउँदछ। त्यो वह्निले समीपवर्तीलाई जलाउँदछ (पोल्दछ), तद्वत् विषयमा तापदुःख छ। अपार कामना ज्वाला प्रज्वलित भएर चिन्ता तथा सन्तापको आविर्भाव भै हृदयमा जलन हुन्छ। जति-जति भोग भोग्यो उति-उति अपार कामनाको वृद्धि हुन्छ, साथै अतृप्ति हुन्छ, एवं कष्ट-क्लेशको सम्प्राप्ति हुन्छ। कामनाको विवेचनमा राजा ययातिले भागवतमा आफ्नो हृदयको दुःख पोखेका छन्। यथा—

न जातु कामः कामानामुपभोगेन शाम्यति।
हविषा कृष्णवर्त्मेव भूयएवाभिवर्द्धते॥

(श्रीमद्भागवत, स्कन्ध ९। अ० १९। श्लो० १४)

अर्थ—कामोपभोगले कामनाको शान्ति कदापि हुँदैन। जस्तो अग्निमा घृताहुति दिएर प्रज्वलित अग्नि कदापि शान्त हुँदैन, झन्-झन् दन्कछ, त्यस्तै विषय भोगमा कामना-हरू अखण्ड बढ्दछन्।

यस प्रकार विषयमा कामनाको अत्यधिक वृद्धि हुने हुनाले तृप्ति कदापि हुँदैन। सदा अतृप्ति, कमी, बेचैनी, हैरानी, कष्ट आदि अनन्त प्रतीत हुन्छ, त्यो ताप-दुःख हो। पुनः भोगको अपूर्णताले भोगकालमा जो सन्ताप भै रहन्छ यही ताप-दुःख हो। फेरि कामना पूरा गर्न लाग्दा जब विघ्न पर्दछ त्यसमा पनि अनन्त ताप नै प्राप्त हुन्छ। अपरञ्च कुनै प्राणी जब प्रतिकूल हुन्छ, तब खिन्नता, द्वेष एवं क्रोधको उदय हुन्छ र त्यही क्रोधसम्बन्धी अनन्त दुःख उठाउनुपर्दछ, यही ताप दुःख हो। विषय, भोगको आशाले जीवनभर अनन्त कामना उद्भव भइरहने र मरणपर्यन्त चिन्ता शोक आदि मानसिक क्लेश भइरहन्छ। यस्तो अनन्त चिन्ता शोक सन्ताप मरणपर्यन्त हुनु अथवा त्रिविध तापमा जल्नु—यो विषय-सुखमा ताप दुःख हो।

[३] संस्कार दुःख—इन्द्रियद्वारा सुख मानिएको पदार्थ प्राप्त गरी भोग्न थालेपछि सुखाध्यासको संस्कार चित्तमा दृढ़ हुन्छ। त्यो संस्कारले वारंवार सुखको स्मरण हुन्छ, स्मरणद्वारा सुखमा राग-भाव उत्पन्न हुन्छ। सो रागको कारणले सुखको अभाव प्रतीत हुन्छ, अभावको प्रतीतिमा भोगको प्राप्तिको निमित्त चिन्तादि अनेक दुःखको समावेश हुन्छ। यो उपर्युक्त दुःख त्यसैलाई हुन्छ जसले विषय सुखको अनुभव गरेको छ। किन्तु जसले विषय सुखको अनुभव गरेकै छैन, त्यसलाई त्यो सुखको अभाव भए पनि न सुखको अभावको प्रतीति हुन्छ, न कुनै दुःख नै दर्शित हुन्छ। यसको अतिरिक्त भोग प्राप्त गर्ने [भोगी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूलाई सुखमा राग उत्पन्न हुने हुनाले सो सुखको प्राप्तिको निमित्त सुखाध्यासवश अनन्त शुभाशुभ कर्म गर्दै रहन्छन् र त्यही कर्मको संस्कारले पुनः जन्म हुन्छ, फेरि जन्म भएर सुखादि अनुभवद्वारा संस्कार एवं संस्कारले स्मरण, स्मरणले रागादि उत्पन्न हुन्छन् । यस प्रकार सुख अनुभवजनित संस्कारले प्रत्येक जन्ममा कर्म संस्कारको समूह तैयार गर्दछ । तत्पश्चात् स्मरण र स्मरणसम्बन्धी सब दुःख प्राप्त हुन्छ । यो सब विषय सुखमा संस्कार दुःख हो ।

[४] गुणवृत्तिविरोध दुःख—गुणहरूका कार्यको नाम गुणवृत्ति हो । ती गुण-हरूको कार्यमा परस्पर अत्यन्त विरोध छ । संसार त्रिगुणमय हुनाले तीनै गुण जगतमा अवश्य विद्यमान नै रहन्छन् । यसकारण त्रिगुणको स्वभाव परस्पर विपरीत हुनाले जब सत्व-गुण प्रधान हुन्छ, तब केही वृत्ति स्थिर हुन्छ, यसमा किञ्चित् सुखको प्रतीति [भास] हुन्छ । किन्तु जब रजोगुण प्रधान हुन्छ, तब चित्त अत्यन्त चञ्चल हुन्छ, कारण रजोगुण चलायमान रूप छ । पुनः जब तमोगुण प्रधान हुन्छ, तब मनुष्य बिलकुल अज्ञानी हुन्छ, किंकर्त्तव्यविमूढ़ हुन्छ, किनकि तमोगुण अन्धकारमय छ । जस्तो अन्धकारमा नजीकैको पदार्थ पनि देखिँदैन त्यस्तै तमोगुण हो । त्यस्तो तमोगुणले वृत्ति आवृत्त भएपछि अपार विषाद र क्लेशको सम्प्राप्ति हुन्छ । यो सब विषय सुखमा गुणवृत्ति विरोधको दुःख हो । पुनः त्रिगुणको स्वभाववश नाना सकाम कर्म गर्नमा अत्यन्त व्याकुल हुनु, फेरि त्यसको कर्म फल भोग्नु, छिन-छिनमा स्वभाव बदलिइरहनु, किंवा निकटवर्तीहरूको स्वभाव पनि नमिल्नु, आपाततः अमेलको दुःख नै अधिकांश भैरहनु—यो पनि गुणवृत्तिविरोध दुःख हो । यस प्रकार भोगमा आदि अन्त्य मध्य त्रिकाल दुःखै दुःख भरिएको छ ।

उपरोक्त परिणाम दुःख, ताप दुःख, संस्कार दुःख तथा गुणवृत्तिको विरोधबाट हुने दुःखलाई विवेकी पुरुषले विचारद्वारा स्पष्टतया अवगत गरेका हुन्छन् । यसकारण उनको दृष्टिमा समस्त विषयजनित भोग दुःखरूप नै प्रदर्शित रहन्छ । पातञ्जल योगदर्शनमा यी सम्पूर्ण दुःखलाई 'कर्म विपाक' भन्ने संज्ञा दिइएको छ । अर्थात् जुन भोगविषयलाई सामान्य मनुष्यहरूले सुखरूप मानेका छन्, विवेकीको निमित्त त्यो दुःखरूप नै प्रतीत हुन्छ ।

यही कुरा भगवद्गीतामा पनि बताइएको छ—

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्तवन्तः कौन्तेय ! न तेषु रमते बुधः ॥

(भगवद्गीता, अ० ५ । श्लो० २२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—इन्द्रिय तथा विषयको संयोगबाट प्राप्त हुने जति पाँचै विषयका भोग छन्, ती सब-का-सब दुःखैका कारण छन् अर्थात् निःसन्देह दुखैका हेतु छन्, पुनः आदि र अन्त्यरूप छन् उत्पन्न भएर पश्चात् नाश हुने अनित्य छन्। यसकारणले हे अर्जुन ! बुद्धिमान विवेकी पुरुष तिनमा रम्दैनन्।

तस्मात् उक्त वर्णनबाट यो सिद्ध भयो कि जन्म, आयु, भोगरूप 'कर्म विपाक' दुःखरूप हो। त्यसको आमूल उच्छेदन गर्नु मनुष्यको परम कर्तव्य हो। अतः स्व-स्वरूपको बोध र साथै धारणा स्थिति बनाएर तथा वैराग्यादि ग्रहण गरेर सर्व दुःखलाई निवारण गरिदिनुपर्दछ।

अतएव मानव जीवनमा जसलाई पारखी ज्ञानी विवेकी सद्गुरुदेवको सत्सङ्ग प्राप्त भएको छ। प्रकृतिपार अजरामर अक्षय चैतन्यस्वरूपको बोध मिलेको छ, अबोध-अज्ञानको बदलामा त्यसको विनाशक 'स्वस्वरूपको महाप्रकाश' प्राप्त भएको छ। सबदेखि भिन्न 'जनैया ज्ञाता ज्ञानस्वरूप अविनाशी नित्य सत्य छु' भन्ने दृढ़ धारणारूपी अविचल स्थिति बनेको छ, 'जगत पञ्चविषय विजाति विकारी नाशवान तथा दुःख एवं क्षणभङ्गुर असत् हो' भन्ने जहाँ पूर्णरूपेण निश्चय भएर सर्व रागको अभाव एवं त्यागरूप दृढ़ वैराग्यको अखण्ड भाव छ; त्यहाँ प्रबल प्रचण्डरूप ज्ञानाग्निको उदय छ। एतावता स्वरूपनिष्ठ ज्ञानीको हृदय ज्ञानले देदीप्यमान हुन्छ र त्यही ज्ञानरूपी अग्निले विशेष प्रज्वलित रहन्छ, ज्ञानको बृहद् भावले अन्तस्करणरूपी क्षेत्र अत्यन्त प्रकाशित हुन्छ, परम ज्ञानीको हृदयदेश ज्ञानभूमिका निर्मल बोध र विमल वैराग्यद्वारा तप्त अग्निकुण्ड झैं उत्तापित भएर रहने हुनाले त्यसमा प्रथम (अबोध अज्ञानकालमा) रहेका सारा सुखाध्यास वासना बीज नाश भएर (ज्ञानाग्निले जलेर) भस्म हुन जान्छन्। जहाँ वासना रहने भूमिका नै स्व-स्वरूपको बोध र अखण्ड वैराग्यको प्रभावले (बोधाग्नि प्रचण्ड भएर) डढ़िसकेको छ [यस प्रकार जहाँ भूमिका नै दग्ध भएको छ भने त्यहाँ पूर्व अज्ञानजन्य वासनाहरू कसरी संरक्षित रहन पाउँछन् र ?] जहाँ भूमिका जल्नुभन्दा पनि पहिले नै अग्नि लाग्नासाथ बीज जलेर खरानी भइसक्छ। यस प्रकार 'ज्ञानाग्निदग्धकर्माणं' ज्ञानरूपी अग्निले सर्व कर्म एवं वासना बीज विनाश हुन्छ भनेको मुख्य तात्पर्य यही हो।

जस्तो धान, मकै, गहूँ, जौ आदि जुनसुकै अन्नलाई पनि अग्निमा भुटिदिनाले बीजाङ्कुर दग्ध भएर जान्छ, पुनरुद्भवतारहित हुन्छ, त्यस्तै यहाँ स्व-स्वरूप चैतन्य ज्ञानको प्राप्तिले सारा सञ्चित बीज जलेर जान्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥

(भगवद्गीता, अ० ४ । श्लो० १९)

अर्थ—जसका सबै कर्महरू कामना र सङ्कल्पले रहित छन् तथा जसका कर्महरू ज्ञानरूपी अग्निले भस्म भएका छन् तिनलाई ज्ञानीहरू पण्डित भन्दछन् ।

जसरी प्रचण्ड अग्नि दनदनाएर जलिरहेको ठाउँमा बड़े-बड़े रूखका मूढ़ाहरूलाई त छिन-भरमा जलाएर नाश पारिदिन्छ भने त्यहाँ त्यसको अगाड़ि तृण-काठ [पात दाउराको सानो छेस्को र परालको त्यान्द्रो] इत्यादि सामान्य चीज जेसुकै हालिदिए पनि जलाएर खाक पारिदिन्छ, ठीक यस्तै जहाँ स्व-स्वरूपको बोध र सम्यक् वैराग्य धारणारूपी प्रचण्ड अग्नि जुन बोधवानको हृदयमा दन्किन्छ तिनको सारा सञ्चित कर्म समूह दग्ध हुन्छ ।

सर्वको परीक्षक चैतन्यस्वरूपको बोध नै प्रबल प्रखर महाग्नि हो । यस्तो ज्ञानाग्निको सम्मुख त्यो तुच्छ जड़प्रियता सुखाध्यास भूल-भ्रम मानन्दी अज्ञान समूह त्रिविध कर्म तृणवत् हो । अतएव उपरोक्त स्व-स्वरूपको बोधरूपी ❀ ज्ञानाग्नि उदय हुनु मात्र पर्छ, त्यो तृणवत् अज्ञान आसक्ति बन्धन स्वतः नष्ट भएर जान्छ ।

तदत्यन्त विमोक्षोऽपवर्ग ॥

(न्यायदर्शन, अ० १ । आ० १ । सू० २२)

अर्थ—तदत्यन्त विमोक्ष—उक्त दुःखको अत्यन्त निवृत्तिको नाम नै, अपवर्ग—मोक्ष हो ।

व्याख्या—दुःखका तीन भेद छन्—आध्यात्मिक, आधिभौतिक र आधिदैविक । यी तीन प्रकारका दुःखबाट अत्यन्त छुटकारा पाउनु, त्यही नै मोक्ष हो । उपरोक्त सम्पूर्ण दुःखबाट

❀ यथा—विशेष अग्नि प्रज्ज्वलित भएको भूमिका [चूल्हो, अँगेनो, बोर्सी, भट्टी या ठूल्ठूला ईंट पोल्ने भट्टाहरू] मा कुनै बीज पर्न गयो भने त्यहाँ बीज उम्रिने बिलकुल अयोग्यता छ । एक त भूमिका नै विपरीत छ अग्निले डढ़ेको छ, दोस्रो, जलको अत्यन्त अभाव छ । यस्तो विषम परिस्थितिमा बीज कसरी उम्रिन सक्छ र ? अझ योभन्दा पनि बीजको प्रबल बाधक अग्नि नै जहाँ अखण्ड जलिरहेको छ भने बीज उम्रिने त कुरै छैन केवल त्यो (मूल) बीज मात्र पनि साबुत रहन पाउँदैन, अग्निमा पर्नासाथ भुट-भुटिएर जलेर भस्म भएर जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुट्टी कहिले मिल्दछ भने जब जन्म मरणको चक्र समाप्त हुन्छ । जन्म-मरणको चक्र तबै समाप्त हुन्छ, जब ज्ञानाग्निद्वारा संचित संस्कार नाश भएर प्रारब्ध कर्मको क्षय हुन्छ ।

जस्तो सूर्यको उदय भएपछि सारा अन्धकार दूर हुन्छ, त्यस्तै स्व-स्वरूपको अखण्ड प्रकाशको (प्राप्तिकाल) बोधकालमा सारा अज्ञान नाश भएर जान्छ ।

यस प्रकार चैतन्य स्व-स्वरूपको अपरोक्ष बोधरूपी एकरस धारणा र विषय प्रपंच रागदेखि पूर्ण अभावरूप सम्यक् वैराग्यको नित्य निरन्तर पालना, यो दुवै [विवेक र वैराग्य] को सम्मेलन नै सम्पूर्ण त्रिविध कर्म समूह [अखिल कामना सुखाध्यास बन्धन] लाई नाश पार्ने महाभयानक प्रबल प्रचण्डतम बृहत्वात् अग्नि हो । यो वह्नि हृदयमा देदीप्यमान भएपछि समस्त अविद्यादि पंचक्लेशयुक्त बन्धन वासना भस्मसात् हुन्छ ।

शिक्षा सार—जड़ देह ग्रन्थिको परवशता तथा जन्म-जन्मान्तरको अनाथतारूपी महान् कष्ट-क्लेश मिटाउन, भवबन्धनको भयंकर सङ्कट टुटाउन, विपुल कालदेखिको दारुण दुर्दशा हटाउन, अखण्ड अविचल मोक्षपद प्राप्त गर्न, मानव शरीरमा परम प्रयत्न गरेर स्व-स्वरूपको यथार्थ बोध तथा निर्णयरूप शुद्ध स्वच्छ विवेक एवं सतत वैराग्यमय प्रचण्ड अग्नि हृदयमा जगाउनुपर्दछ । तब मात्र त्रिविध तापरूपी कठिन दण्ड तथा जन्म-मरण एवं गर्भ वासादिको ठूलो कैदबाट उम्कन पाइन्छ । अतएव उक्त दुःखबाट सर्वदाको लागि सर्वथा रहित हुन प्रत्येक बुद्धिमान मुमुक्षुले यथाशक्य पुरुषार्थ गर्नुपर्दछ ।

प्रारब्ध विवरण

पूर्व कर्मरूप बीजबाट वृक्षरूपी शरीर जो निर्माण हुन्छ, त्यही प्रारब्ध कर्म हो । त्यसको सुख दुःख भोग अनिवार्यरूपेण अवश्य भोग्नुपर्दछ । पूर्वमा आरम्भ भईकन (कर्म समूह एकत्र भएर) नवीन शरीरको सम्पादन हुन्छ, त्यही प्रारब्ध कर्म हो । यथा—गर्भमा देहको रचना हुनु, जन्म हुनु, मृत्यु हुनु, दुःख हुनु, सुख हुनु, प्रिय-अप्रियको मिलन-विछोड़ हुनु, इत्यादि जन्मदेखि मरणपर्यन्तको अखिल कर्मभोग सब प्रारब्ध कर्म हो । स्त्रीको शरीर, पुरुष शरीर, नपुंसक शरीर, कोही जन्मान्ध, कोही कुरूप, कोही कुष्टी, लुला, लङ्गड़ा, मूक हस्तपादादि हीन इत्यादि [जो टारेर नटर्ने घट-बढ़ या अदल-बदल गर्न नसकिने] जति प्रबल कर्म छन्ती प्रारब्ध कर्म हुन् । उक्त प्रारब्ध कर्मको भोग भोगेर मात्र नाश हुन्छ, किम्बहुना नभोगीकन अन्य कुनै तरहबाट पनि कदापि नाश हुँदैन । सो प्रारब्धको भोग दुई प्रकारसँग हुन्छ । एक संस्काररूप प्रारब्ध मात्र संकार सम्मुख भएर स्मृतिरूपले अनुभव हुन्छ । जस्तो काम, क्रोध, लोभ, मोह राग-द्वेषादि जो पुरुषार्थद्वारा बदल्न सकिन्छ त्यो सर्व अशुद्ध स्वभाव निकृष्ट भावनाहरूलाई सत्सङ्ग साधनद्वारा बदलेर शुद्ध बनाउन सकिन्छ, एतावता त्यसलाई प्रयत्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेर अवश्य सुधार्नुपर्दछ। दोस्रो अदृष्ट प्रारब्ध, पाप-पुण्यादि कर्म्मद्वारा निर्मित भएको स्थूल देह हो जसको आवश्यक भोग सबैले भोग्नै पर्दछ।

जस्तो अन्धकारमा डोरीलाई सर्प संझेर डरले व्याकुल भएर भाग्न लाग्दा अचानक कतै लड़ेर ठूलो चोट लाग्न गयो पश्चात् अन्य मनुष्यहरूद्वारा दीपक ल्याई राम्रोसँग हेरेपछि सर्पको मिथ्याभास हटेर रज्जुको ज्ञान भयो। किन्तु त्यहाँ उक्त प्रकार सर्पको भय हटेर गए पनि अब त्यसमा भ्रान्ति नरहे पनि प्रथम भूल-भ्रमको कारणले जो प्रत्यक्ष लड़ेर चोट लागेको छ, त्यसको दुःख त भोग्नै पर्दछ।

अपरञ्च—जस्तो मदिरा पिएर नशाले लट्ठिएर भ्रमवश अङ्ग-अवयव अरूको नै भन्ठानी कुनै शस्त्र आदिले आफ्नै खुट्टामा हिर्कायो। पश्चात् नशा उत्रिसकेपछि खुट्टाको घाउ देखेर पछुताए पनि 'अबदेखि यस्तो बुद्धि विभ्रान्त पारिदिने मदिरा कदापि पिउनेछैन भनेर प्रतिज्ञा गरे पनि' खुट्टा काटेर घाउ बनाएको जो कष्ट हो, त्यो त सहनै पर्छ। उक्त क्षत (घाउ) निको नहुञ्ज्याल औषधि तथा परहेज त अवश्य गर्नै पर्दछ, त्यतिञ्ज्यालसम्म त्यो अनिवार्य दुःख भोग्न त करै लाग्छ, नभोगी सुख पाइन्न।

तद्वत् पूर्व प्रारब्ध कर्म्मद्वारा रचना भएको शरीरको आवश्यक दुःख सुख भोग सबैलाई अवश्य भोग्नै पर्दछ। यसमा केवल फरक यत्ति मात्र छ कि सत्सङ्ग विचार पाएका सज्जन समझदार तथा ज्ञानी विचारवानहरू विवेकद्वारा सन्तोष एवं धैर्यपूर्वक प्रारब्ध भोग भोगेर बिताइदिन्छन्। अन्य साधारण मनुष्य प्रारब्ध भोगको साथमा नवीन सकाम क्रियमाण कर्म्म पनि बनाउँदै समस्त पाप-पुण्यरूपी कर्म्म गर्दै आफू पनि नाना दुःख पाएर अरूलाई पनि धेरै दुःख दिएर प्रारब्ध भोग भोग्दछन्।

ज्ञानिनोऽज्ञानिनश्चात्र समे प्रारब्ध कर्मणि।
न क्लेशो ज्ञानिनो धैर्यान्मूढः क्लिश्यन्त्यधैर्यतः॥

(पञ्चदशी)

अर्थ—ज्ञानी-अज्ञानी दुवैलाई आ-आफ्नो प्रारब्ध भोगानुसार दुःखको भोग हुन्छ, परन्तु ज्ञानीले धैर्यपूर्वक सहन गरेर शान्तियुक्त भोग समाप्त गर्दछन्, अज्ञानी धैर्य धारण गर्न नसक्ने हुनाले क्लेशको अनुभव गर्दछन्।

उपर्युक्त विचारानुसार ज्ञानी-अज्ञानी तथा सज्जन एवं सामान्य व्यक्ति दुवैलाई रोग लाग्दछ, तर त्यसमा ज्ञानीले व्याधिको सम्प्राप्ति हुँदा प्रारब्धाधीन सम्झेर कत्ति नहड़बड़ाईकन (आकुल-व्याकुल नभएर) उचित उपचार र संयम आदि गरेर शान्तिपूर्वक प्रारब्ध भोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूरा गर्दछन् । कदाचित् व्याधिको प्रकोप अत्यधिक भएर मरणासन्न अवस्था प्राप्त भयो भने 'नाशवान शरीर अवश्य नै एकदिन निपात हुन्छ यसमा मेरो विशेष केही हानि छैन, म स्वयं बोधस्वरूप नित्य सत्य सद्रूप हुँ' भन्ने निःसंशय धारणा लिएर, परोपकार दया धर्म एवं दान पुण्यमा रत रहेर, चिन्ता तथा शोक सन्तापरहित रहेर निश्चिन्त निर्भय शान्त स्वतन्त्र भएर, स्व-स्वरूप बोध विचारमा अधिक निष्ठा परायण रहेर शरीर त्याग गर्दछन् । विशेषतः कतै राग सुखाशक्ति, प्रेमाकर्षण, मोह, माया नराखेर ममताको सम्बन्ध विच्छेद गरेर, कुनै भावनामा नबगेर, सम्मुख वासनामा पनि आबद्ध नभएर स्व-स्वरूप परीक्षक ज्ञाता एकरसको सत्यभावमा नै सदा अटल लक्ष्य राखेर प्रारब्ध भोग समाप्त गरिदिन्छन् ।

अन्य अज्ञानले परिबद्ध साधारण व्यक्तिहरू रोग व्याधिले आक्रान्त हुँदा या कुनै दुःख पर्दा हाय हाय गरेर रोई-कराई अधैर्यले ग्रसित हुन्छन् । पुनः त्यो दुःख निवारणका लागि अनेक हिंसा-हत्या तथा बलिविधानादि कर्महरू गरेर गराएर मांसाहार गरेर दान धर्मवर्जित, दया परोपकाररहित भएर रहन्छन् । कदाचित् कुनै समयमा केही गरिहाले तापनि केवल तामसी कर्महरू मात्र गरेर मृत्युको मिथ्या आशंकामा परेर धेरै चिन्तातुर भएर अरूलाई पनि विशेष चिन्ता शोकमा डुबाएर आफू पनि अनेक कल्पनाको शिकार बनेर बहुधा छटपटिएर विशेष मानन्दी तथा भूल अज्ञान र देहाभिमानलाई नै सर्वथा साथी बनाएर ममता मोह आसक्ति अध्यासकै शय्यामा परेर जगत पञ्च विषयमा नाना वासना फैलाएर, मृत्युकालमा झन् अनन्त वासना एवं कर्म बन्धन कमाएर भोगको साथ नाना क्रियमाणरूप सकाम कर्म गरेर पुनः पुनः आवागमन चक्रमा बेसरी भ्रमण गर्दै रहन्छन् ।

उपर्युक्त रीतिले बोधवान र बोधरहित मनुष्यहरू प्रारब्धभोग विभिन्न प्रकारले भोग गरिरहेका छन् । संसारी मनुष्य बोधरहित शरीरमा अहं–मम लिएर [सुखाध्यास मानन्दी-सहित] प्रारब्धभोगको साथमा विषयमा आसक्त भएर पुरुषार्थरूप बीज छर्दै जान्छन् । तस्मात् कारणात् तिनको आवागमन कदापि निवृत्त हुँदैन । देहबाट कर्म र कर्मद्वारा देहको प्राप्ति वारंवार भइरहन्छ ।

जीवन्मुक्त ज्ञानी सन्त वर्तमानको देह व्यवहारमा शरीर रक्षाको निमित्त आवश्यक आच्छादन भोजन आदि ग्रहण गरेर सम्पूर्ण देह क्रिया विवेकयुक्त नैराश्यतासहित गर्दै प्रारब्ध यात्रा व्यतीत गर्दछन् र विशेष विचारपूर्वक नै सब कर्म गर्दछन् । सदा सावधान तथा स्थिर एवं शान्त भएर मिथ्या उद्वेग र प्रपञ्चलाई त्याग गरेर सर्व आशा वासा कल्पनालाई बोधद्वारा निरसन गरेर अखिल भूल-भ्रमलाई छेदन गरेर जड़ देह-ग्रन्थिको परवशतारूपी विकट बन्धनलाई वेधन गरेर समस्त मनोमय काम क्रोध लोभ मोहलाई नष्ट-भ्रष्ट एवं चूर-धूर पारेर सर्व अज्ञानलाई क्षय गरेर द्रष्टा एकरस स्थितिमा धारणा बनाएका हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मेति तूपगच्छन्ति ग्राहयन्ति च ।

(वेदान्तदर्शन, अ० ४ । पाद १ । सू० ३)

अर्थ—आत्मा इति—आत्मा नै सत्य हो, यो भावले, तु—तब, उपगच्छन्ति—ज्ञानीजनहरू त्यसलाई जान्दछन् अर्थात् प्राप्त गर्दछन् र त्यसैमा सदा निहाल रहन्छन्, च—फेरि, ग्राहयन्ति—अरूलाई पनि उपदेशद्वारा त्यही बोध प्राप्त गराउँदछन् ।

व्याख्या—यस प्रकार आफ्नो प्रारब्धभोगमा सदा स्थिर शान्त रहेर स्व-स्वरूपबोध धारणामा नै निष्ठा बनाएर समयानुकूल अधिकारी जिज्ञासुलाई त्यही बोधज्ञान सदाचार आदिको सदुपदेश प्रदान गर्दै रहन्छन् ।

भोगेन त्वितरे क्षपयित्वा सम्पद्यते ।

(वेदान्त दर्शन, अ० ४ । पाद २ । सू० १९)

अर्थ—इतरे—प्रारब्ध फलरूप शुभ-अशुभ कर्मलाई, तु—तब, भोगेन—भोगेरै, क्षपयित्वा—नष्ट गरेर, सम्पद्यते—मोक्ष हुन्छन् ।

उपर्युक्त प्रकार सत्पुरुषार्थद्वारा आफ्नो निजी कार्य सफल बनाएर मोक्षपद जीवन्मुक्त ज्ञानीले प्राप्त गर्नुभएको हुन्छ । यस्ता महापुरुषको आगामी कर्म बीज दग्ध भएको हुनाले र सञ्चित कर्म सर्वथा नष्ट भएर क्षार हुने हुनाले प्रारब्धभोग आफ-से-आफ [घड़ीको दम सिद्धिएर घड़ी टक्क थामिए झैं] समाप्त हुन्छ ।

प्रारब्धक्षयाद्देहत्रयभङ्गम् ।

(मुक्तिक उपनिषद्, मन्त्र ६)

प्रारब्ध कर्मको क्षय हुनासाथ 'स्थूल सूक्ष्म र कारण' यी तीन शरीर मुक्त दशामा नाश हुन्छन् ।

एवं रीतले बोधवान ज्ञानीको प्रारब्ध भोग सिद्धिनासाथ समस्त देहोपाधि विनाश भएर निराधार नित्य निश्चल पदमा स्थिर रहेर विदेह मुक्तिमा विराजमान हुन जान्छन् । उक्त परमपद प्राप्त गरेका मुक्त चेतनलाई कुनै शोक मोह, त्रिविध ताप, गमनागमन केही पनि रहँदैन । सारा जगत प्रपञ्च मानन्दी तथा देह इन्द्रिय मनसँगको सम्बन्ध संसर्ग सब समाप्त भएर केवल परम प्रकाश चैतन्यस्वरूपमा मात्र नित्य एकरस अखण्ड स्थिति हुन्छ ।

अतएव उपरोक्त निर्णय ज्ञानलाई सम्यक् रीतिले हृदयङ्गम गरेर आ-आफ्नो सर्व दुःखनाशार्थ निज हित साधन साध्यका निमित्त यो रहस्यलाई पूर्णरूपले मनन गर्नु नितान्त जरूरी छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चदश प्रकरण

मोक्षको अखण्ड निश्चय

मोक्ष अवश्य हुन्छ, किनभने विजाति बन्धन अवश्य छुट्दछ, अविद्या ग्रन्थि अवश्य फुक्दछ, जड़ाध्यास अवश्य टुट्दछ, कुकर्मको त्याग पनि अवश्य हुन सक्तछ, सत्सङ्गको प्रभाव पनि अवश्य पर्न सक्तछ। एवं रीतले दुर्गुण-दुराचारको निवृत्ति भएर चैतन्य स्व-स्वरूपको बोध (ज्ञान) को प्रकाश अवश्य हुन्छ। सारांश—समस्त मोह माया ममता आसक्ति अध्यासलाई क्षय गरेर 'मोहानां क्षय इति' 'मोक्ष' अवश्यमेव प्राप्त हुन्छ।

'चैतन्य जीवको मोक्ष अवश्य हुन्छ' भन्ने सबभन्दा विशेष महत्वपूर्ण प्रमाण यो छ कि चेतन जीवले दुःखदेखि छुट्नलाई हमेशा खोजिरहेछ, सदा-सर्वदा दुःखरहित हुन नै अखण्ड प्रयत्न गरिरहेछ। शारीरिक मानसिक दुवै दुःखदेलि उ व्याकुल हुन्छ, कष्टित हुन्छ। जुनसुकै दुःखलाई पनि उ लिन मञ्जूर गर्दैन सर्वथा परित्याग गर्न तत्पर छ, परिश्रम गरेर पनि दुःख छुटाउन कम्मर कसिरहेछ। लौकिक सारा प्रयत्न खेती व्यापार नोकरी आदि तमाम व्यवहार व्यवसाय केवल दुःख हटाउन र सुख-सुविस्ता एवं शान्ति प्राप्ति गर्न भनेर नै अथक श्रम गरिरहेछ।

पुनश्च—अखिल मत-पंथ, सम्प्रदाय तथा नाना कर्म, उपासना, योग, ज्ञान, विज्ञान आदिमा लागेर, तीर्थ, व्रत, जप, तप, साधन-संयम, यज्ञ, स्वाध्याय, ध्यान, धारणा आदि गरिरहेछ, त्यो पनि दुःख मेटाउनकै निमित्त प्रयास गरिरहेछ, सर्वथा दुःख द्वन्दरहितको पद प्राप्त गर्न नै सर्वतोभद्र उपाय गरिरहेछ, सबभन्दा श्रेष्ठ वस्तु भेट्टाउनको निमित्त नै तलाश गरिरहेछ, सदा दुःखदेखि रहित भएर सच्चा सुखी हुन हृदयदेखि नै खोजिरहेछ। सदा सार चीज पदार्थलाई नै अनवरत अखण्डरूपले प्राप्त गर्न भरमगदूर गरिरहेछ।

वास्तवमा चैतन्य जीवको स्वरूप नै सर्वथा दुःख द्वन्ददेखि रहित भएकोले उसलाई लौकिक जुनसुकै पद, पदार्थ, ऐश्वर्य, उपकरण, सत्ता, महत्ता, प्राप्त भए पनि यथार्थमा अखण्ड शान्ति र अविचल विश्रान्तिको प्राप्ति नभएको हो, हृदयमा परम तृप्ति र तुष्टि नआएको हो। कारण पाँचै विषयको भोग जतिसुकै भोगे पनि, पुष्कल धनादिको वृद्धि गरे पनि, प्रपञ्चको मान, अधिकार शासन प्रभुता प्राप्त भए पनि, हृदय शीतल एवं शान्त नभएर उल्टो दुःख चिन्ता शोक सन्ताप र अशान्तिकै अभिवृद्धि भएको हो। यो कुरा भुक्त-भोगीलाई स्वयं अनुभव भएकै कुरा छ। पुनः प्रत्येक मानवले आ-आफ्नो जीवनभरको परिस्थिति पटलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पल्टाई हेर्नु सम्पूर्ण व्यवहार एवं सब समयको गति-विधिउपरमा सूक्ष्म दृष्टिपात गर्नु, गम्भीर निरीक्षण गर्नु, स्वयं अन्तरात्माले बताइदिनेछ ।

यसकारण सर्व दुःख द्वन्ददेखिरहित भएर सच्चा सुख शान्ति एवं अलौकिक विश्रान्ति प्राप्तिको मूल एकमात्र 'मोक्षपद' हो । मोक्ष अवस्थामा नै आत्यन्तिक दुःखको निवृत्ति र अक्षय अविनाशी पदको प्राप्ति एवं स्थिति मिल्दछ । अतएव मोक्ष हुनलाई नै चेतनले दृढ़ अभिलाषा गरिरहेछ, त्यही मोक्ष हुनकै निमित्त सदा एकाकार र एकाधाररूपले लक्ष्य लगाइरहेछ ।

किन्तु मोक्ष हुनलाई सर्वाङ्गरूपले मोक्षपदको पूर्णरूपेण बोध-विचार प्राप्त हुनु पर्दछ । पुनः मोक्ष हुने को हो ? मोक्षपद कसरी प्राप्त हुन्छ, यसको पनि यथार्थ ज्ञान हुनु परमावश्यक छ ।

एतावता नित्य अविनाशी अचल पदमा स्थिर भएर अखण्ड मोक्षपदको चाहना गर्ने पनि चेतन जीव नै हो । पुनः मोक्षपद प्राप्त हुने पनि खास चैतन्यस्वरूप ज्ञानको अपरोक्ष बोध एवं दृढ़ धारणाले नै हो ।

परन्तु आजसम्म चैतन्य जीवलाई दुःख एवं बन्धन भएको मुक्ति हुने कामै गर्न नजानेर मोक्षको सद्रहस्यदेखि अत्यन्त अनभिज्ञ रहेर मोक्षपद प्राप्त नभएको हो । अब आज नरदेहमा सत्सङ्ग साधनद्वारा यथार्थ स्व-स्वरूपको बोध प्राप्त गरेर साथै धारणा सम्पन्न बनेर स्थितिमा लीन हुने र वासना बन्धनलाई नाश गरिदिने सत्पुरुषार्थ गर्न सक्यो भने त्यो चेतन जीवको मुक्ति अवश्य हुन्छ । जब बन्धन बनेको छ भने त्यो विजातीय बन्धनको विनाश पनि अवश्यम्भावी छ । यहाँ चैतन्य जीवले स्वयं आफूले आफैलाई भुलेर विषयमा सुख मानन्दी गरेर तदनुसारको कर्तव्य गरेर जड़ाध्यासी बनेर नै दुःख पाइरहेको हो । अब उही चेतन जीवले आफूलाई भएको दुःख र बन्धनलाई पूर्णतया बुझेर समस्त भूल-भ्रम मानन्दी-लाई पर्खेर परित्याग गरिदिएका खण्डमा उक्त अविद्या अज्ञान एवं भूल-भ्रम इत्यादि विनाश भएर जान्छ । तत्पश्चात् जीवको शुद्ध स्वरूप त निराधार हुँदै हो । आफ्नो सत्स्वरूप अजरा-मरको बोध पाएर अखण्ड अविचल पदमा स्थिर भएपछि नितान्त मोक्ष हुन्छ । सतत साधन र बोधको संरक्षक दया क्षमादि शुभ गुणलाई धारण गरेपछि अन्ततोगत्वा अज्ञानादि विकार सर्वथा ध्वंस भएर मोक्ष अवश्य हुन्छ ।

स्वयं कर्म करोत्यात्मा स्वयं तत्फलमश्नुते ।
स्वयं भ्रमति संसारे स्वयं तस्माद् विमुच्यते ॥

(चाणक्य नीति दर्पण, अ० १५ । श्लो० ७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—यो आत्मा स्वयं आफैले कर्म गर्दछ, त्यसको फलभोग पनि स्वयं आफैले भोग्दछ, स्वयं वासनावश संसारमा भ्रमण गर्दछ र [यथार्थ ज्ञान प्राप्त भयो भने] स्वयं त्यसबाट मुक्त पनि अवश्य हुन्छ ।

यद्यपि स्थूल दुःख नाश गर्नको निमित्त त चेतन जीवले उपाय गरिरहेछ तथापि मुख्य मूल [जरो नउखेलीकन शाखा-प्रशाखा पात चुँड़ेर मात्रै वृक्षको सर्वथा नाश नभएझैं] सूक्ष्म अज्ञानजनित दुःख भङ्ग नगरीकन र चैतन्यस्वरूपज्ञानको परम प्रकाश प्राप्त नभईकन सर्वथा दुःखरहित हुन पाएको छैन ।

जब चैतन्यस्वरूप बोधको उदय भएर त्यसमा स्थिति प्राप्त हुन्छ, तब नै सर्व वासना नाश भएर मोक्ष हुन्छ । कारण जीवले भूलवश विषय ग्रहण गरेर दुःख बनाउन जसरी सकेको छ, त्यस्तै एकदिन सर्व विषय त्याग गरेर निर्भूल भएर ज्ञानको प्राप्ति गरेर दुःख मेटाउन पनि अवश्य सक्तछ । बन्धन बनाउन सक्नेले बन्धन मेटाउन पनि स्वयं सक्तछ । जानी-जानी सुख मानी प्रयत्न गरेर नर्कमा गोता लगाउन (फस्न) सक्नेले पुरुषार्थ गरेर त्यसबाट उत्रिन त्यसलाई सदाको निमित्त सर्वथा त्यागिदिन पनि अवश्य सक्तछ । वर्तमानमा जसरी काम, क्रोध, लोभ, मोह, भय, मद, मात्सर्य तथा राग-द्वेष इत्यादि धारण गर्नमा चैतन्य जीव समर्थ छ, त्यस्तै काम, क्रोध, लोभ, मोहादि समस्त दुर्गुणलाई परित्याग गर्न पनि चेतनजीव अवश्य शक्तिमान छ । अज्ञानवश चोरी हिंसा व्यभिचारको कर्तव्य गर्न जसरी मानिस निपुण छ, ठीक त्यस्तै विवेक एवं विचारको प्राप्ति गरेर चोरी हिंसा व्यभिचारको कर्तव्यलाई आपाततः निर्मूल गरेर सहसा अभाव गरिदिन पनि अवश्य सक्तछ ।

किनभने आजसम्म साधनधाम मोक्षको द्वाररूपी नरदेह प्राप्त भईकन पनि स्व-स्वरूपको बोध नमिलेर मोक्षको ढ़ोका बन्द भएको थियो । बोधदाता सद्गुरुदेव नमिलेर बाटो नपाइएको थियो । जड़ चेतनको यथार्थ ज्ञान नभएर हेरेर हिंड्ने आफ्नो आँखा छोपिएको थियो । कुसङ्ग-त्यागरूपी पदत्राण (जुत्ता) लाउन नपाएर नाना कुसङ्गरूपी मार्गमा काँढ़ा बिझेको थियो । निर्णयरूप सत्सङ्ग एवं साहस हिम्मत इत्यादि विवेक बल प्राप्त नभएर हिंड्ने शक्ति हराएको थियो । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, र गुरुभक्ति आदि साधन सम्बल नभएर अलपत्र परिरहनुपरेको थियो । सौ सबै शुभ संयोग वर्तमानमा कल्याणार्थी मुमुक्षुलाई प्राप्त भयो भने तिनको जीवन अवश्यमेव कृतार्थ भयो । एवं रीतले उपरोक्त साधन संयमरूप सम्पूर्ण सामग्री जहाँ जुन जीव (जुन मानव) मा यथेष्ट प्राप्त हुन्छ, त्यहाँ मोक्षको निमित्त अखण्ड पुरुषार्थ हुन सक्तछ र तिनै सत्पुरुषार्थी विवेकी महाभाग्यमानीको मोक्ष अवश्य हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम स्वतन्त्र ज्ञानस्वरूप चैतन्य जीव मुक्त हुन अत्यन्त समर्थ छ, त्यसको युक्तियुक्त बीस प्रकारले निर्णय वर्णन—

(१) पृथ्वी, जल, अग्नि, वायु, यी चारै तत्त्व इन्द्रियद्वारा दृश्य छन्, त्यस्तो चैतन्य जीव इन्द्रियद्वारा कथमपि दृश्यमान छैन । त्यो त सर्व जड़ दृश्यको द्रष्टा हो, ज्ञाता हो, चैतन्य हो । सो द्रष्टा चेतन केवल आफ्नै भूल-भ्रम तथा अज्ञानले बद्धमान भएको मात्र हो । नत्र त उक्त भूल-भ्रम अज्ञान ज्ञानद्वारा निवृत्त भएमा अबोध मेटिनासाथ चेतन अवश्य मुक्त हुन्छ ।

(२) सम्पूर्ण तत्त्व जड़ हो र त्यसको जड़ जातिमा एकता छ अर्थात् पृथ्वी जस्तो जड़ छ, त्यस्तै जल, अग्नि, वायु पनि जड़ हो, जड़ता नै सबै तत्त्वको खास स्वरूप हुनाले सबै तत्त्वको मूल तथ्य जड़ नै हो । अतएव उक्त जड़ता भावदेखि सर्वथा पृथक् चैतन्य ज्ञाता ज्ञानस्वरूप नित्य एकरस रहेकोले सो नित्य स्वरूपको बोध नभएर मात्र दुःख भएको हो । बोध प्राप्त भएर स्थिति दृढ़ भयो भने मोक्ष अवश्य हुन्छ ।

(३) तत्त्वहरूमा जड़-जड़को परस्पर स्वाभाविक संयोग सम्बन्ध छ । यसदेखि अतिरिक्त चैतन्यको र जड़को स्वाभाविक सम्बन्ध छैन । केवल सुख इच्छाद्वारा नै संयोग सम्बन्ध रहेको छ [सुख मानेर नै चैतन्यले सब पदार्थलाई ग्रहण गर्दछ, यदि त्यसमा दुःख निश्चय हुन गयो भने उक्त पदार्थको त्याग पनि अवश्य गरिदिन सक्तछ], यसकारण सर्वको परीक्षक चैतन्य द्रष्टा ज्ञाता रहेको हुनाले दुःख दृष्टि हुनासाथ चेतन जीव निःसम्बन्ध छ । अतः जो निःसम्बन्ध छ, त्यही अभ्यास र धारणाले मुक्त अवश्य हुन्छ ।

(४) जड़तत्त्वको परमाणुमा स्वाभाविक क्रिया छ । त्यस्तो चैतन्यको खास स्वरूपमा कुनै क्रिया छैन । मात्र इच्छाद्वारा नै चैतन्यमा क्रिया (चाल) को प्रतीति छ । इच्छा नउठीकन चैतन्यमा क्रियाको अत्यन्त अभाव छ । एतदर्थ चैतन्यको स्वरूप स्वयं अक्रिय छ, जो अक्रिय छ त्यो बोधद्वारा अवश्य मुक्त हुन्छ ।

(५) पुनश्च जड़तत्त्वको एक तत्त्वमा छः छः प्रकारको भेद छ, [यथा—आकार, क्रिया, गुण, धर्म, शक्ति तथा सम्बन्ध] यस हेतु त्यसमा कार्य-कारण भैरहेको छ । त्यस्तो चैतन्यमा षट्भेद छैन । चैतन्य त सर्व दृश्य जड़को द्रष्टा, ज्ञाता, परीक्षक, सदा अखण्ड एकरस नै छ । यस प्रकार षड्भेदरहित, कार्य-कारणरहित, अंश-अंशीभावरहित, उत्पत्ति एवं प्रलय (विनाश) रहित, व्याप्य-व्यापकभाववर्जित, ज्ञानगुण, ज्ञानधर्मसहित, जो ज्ञानैज्ञानले परिपूर्ण एकरस स्वतः छ, त्यो चैतन्य निजस्वरूपको साक्षात् बोधले अवश्य मोक्ष हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) जुन पञ्चविषय अथवा वनितादि सुखको निमित्त मानिसले प्रथम तन-मन अर्पण गरी प्रेम गर्दछ, अथक परिश्रम गरेर सर्वस्व-न्यौछावर गरेर अझ त्यो सुखको लागि प्राणै सम्म पनि (त्यसैमा) हवन गरेर त्यही प्रेममा लवलीन रहन्छ, प्रश्चात् त्यही सुखमा कुनै कारणले यदि दुःखको निश्चय हुन गयो या पञ्चविषयबाट आफ्नो अनिष्ट हुने आशंका देखियो– 'यस विषयबाट अथवा यो प्राणीबाट मलाई अब सुख मिल्दैन भन्ने विचार प्राप्त भयो' भने त्यो विषयलाई या प्राणीलाई शीघ्रातिशीघ्र परित्याग गरिदिन सक्तछ। पूर्वमा त्यसको उपर रहेको ममता-प्रियताभाई हृदयबाट निकालेर सहसा फ्याँकिदिन किञ्चित् मात्र पनि बेर गर्दैन। उदाहरणमा राजा भर्तृहरिले आफ्नी प्रेयसी पिङ्गलालाई तत्काल त्यागिदिएका थिए। त्यस्तै यहाँ यो चेतन जीवलाई पञ्चविषयमा दुःखको विवेक नभएर नै सुखमानन्दीवश ग्रहण गरेर त्रयतापको कठोर क्लेशमा परी आवागमनादिको दुःखमा गोता लगाइरहेछ। यदि त्यसमा पूर्ण दुःख-दृष्टि मनन भएर सर्वथा विषयलाई त्यागिदिन सक्यो र स्वरूप स्थितिमा शान्त हुन सक्यो भने (यस प्रकार बोध र धारणामा स्थिर भएपछि) यो जीव अवश्य मुक्त हुन्छ।

(७) जुन समयमा आफ्नो कर्ण या नेत्र असह्यरूपले दुखेको छ अथवा पेटमा भयङ्कर पीड़ायुक्त शूल उठेको छ या तन-मनकृत कुनै शोक-मोह व्याप्त छ, आफूलाई तीव्र वेदनायुक्त कुनै कष्ट परेको छ भने त्यो वेलामा अरू केही चीज मन पर्दैन, कतै केही प्रिय वा निको लाग्दैन सबतर्फबाट उपराम वृत्ति भएर अभाव हुन्छ, सारा संसारको व्यवहार फीका सारहीन फोस्रो र झूटो प्रतीत हुन्छ। त्यस समयमा प्रेमी प्राणी र उत्तमोत्तम भोग पदार्थहरू प्राप्त भए पनि सब नीरस र निरर्थक अनुचित र अनावश्यक नै प्रतीत हुन्छन् र सबलाई परित्याग गरिदिनमा नै उचित मान्दछ। सिर्फ एकमात्र यही चिन्तन हुन्छ कि 'मेरो यो सम्मुखको असह्य कष्ट मेटियोस्' यस प्रकार त्यो आफ्नो दुःख निवारण गर्ने मात्र संझना हुन्छ। त्यही दुःख निवृत्यर्थ नै अत्यन्त युक्ति एवं विचार गर्दछ। तद्वत् यहाँ आज चेतन जीवलाई अज्ञानवश जन्म-मरणादिको जे-जति दुःख मिलिरहेको छ, त्यसको यथार्थ विवेक चेत (खबर) नभएर नै यो विषयमा भुलिरहेछ भटकिरहेछ। यदि त्यसको सर्व मर्म (भेद) स्वयं चैतन्यलाई पूर्णरूपेण प्राप्त भयो र पुनः सत्सङ्गादि साधनसहित मुक्तिको सम्यक् ज्ञान भयो भने विषय प्रपञ्चदेखि सर्वथारहित भएर स्वरूपस्थितिमा सदा लवलीन भएर मोक्षपद अवश्य प्राप्त गर्न सक्तछ।

(८) सङ्कटले घेरिएको संसारमा कुनै मानिसलाई प्रबल प्रारब्धवशात् अत्यधिक कष्ट मिल्यो या भयङ्कर आपत्ति आइलाग्यो भने त्यो कष्ट निवारणको निमित्त उसले यथाशक्य प्रयत्न गर्दछ। त्यसमा अरू सामान्य उपायहरू त के ? निज शरीरलाई त्याग गरेर पनि उक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःख छुट्ने संभावना भयो भने सबभन्दा परम प्रिय स्वदेहलाई समेत त्याग गर्न तयार हुन्छ। यिनै कतिपय कारणहरूले कति मनुष्यहरू विष खाएर तथा झुण्डिएर एवं पानीमा डुबेर या शस्त्रद्वारा स्वयं आघात गरेर (सेरिएर) अथवा फाँसी लगाएर प्रिय शरीरलाई पनि छोड़िदिन्छन् [प्राण त्याग गरिदिन्छन्]। अब यसमा विचार गर्नुपर्ने कुरा यो छ— चेतन जीवले यदि आफ्नो दुःख छुटाउन खोज्यो भने सबभन्दा परम प्रिय शरीरलाई समेत त्यागिदिन सक्दो रहेछ भने अब त्यसको अगाड़ि अन्य प्राणी पदार्थ र विषय, लत, आदत तथा खराब स्वभाव या व्यवहार एवं प्रपञ्चलाई छोड़िदिन के बेर मान्दछ र ? अरू सामान्य चीजलाई हटाइदिन के बाँकी राख्दछ र ? चैतन्यले त्याग्न खोजेमा प्राणसम्म पनि त्यागिदिन सक्दो रहेछ भने अब त्यस्तो दुःख त्याग गर्न सक्ने परम प्रतापी धीर वीरको सम्मुख अरू थोक के हुन् र ? तसर्थ यो उपरोक्त उदाहरणको कारणले यही अनुभव सिद्ध भयो कि चेतन जीव ज्ञानस्वरूप नित्य सत्य स्वयं परीक्षक हुनाले उसले यदि आँट्यो भने सारा बन्धनलाई सहजैमा त्याग गरेर स्वरूपस्थितिमा निरन्तर रमण गरेर मोक्ष हुन सक्छ।

(९) मन, वचन कर्मद्वारा मदिरा तथा मांसाहार त्याग गरेका मुमुक्षु जीवन बनाएका सत्वगुणी सदाचारी सज्जन भक्तवर्गलाई पुनः त्यसको ग्रहण गर्ने इच्छा कदापि हुँदैन। तब तिनलाई जाग्रतको दृढ़ त्यागको भावले स्वप्नमा पनि त्यो मदिरा तथा मांसाहारको ग्रहण भएको स्वप्न हुँदैन। यस प्रकार विवेकपूर्वक दृढ़ त्याग गरिदिएपछि वर्तमानमा जसरी त्यसको प्रत्यक्ष इच्छा नाश हुन्छ, ठीक यसै गरी सत्सङ्ग साधनमा लागेर स्वरूप ज्ञानको धारणाद्वारा समस्त दोष दुर्गुण एवं इच्छा-वासनाको अभाव गरिदियो भने उक्त अज्ञानसहितको कामना नाश भएर जान्छ, तत्पश्चात् चेतन जीव अविचल पदमा ठहरेर मोक्ष हुन्छ।

(१०) जसरी सिंहको गर्जनामा सारा स्यालहरू भागेर जान्छन्, तद्वत् चैतन्य स्व-स्वरूपको बोधनिष्ठा एवं धारणाको महान् प्रभावमा सारा संशय, विक्षेप, भ्रम, अबोध, अज्ञान, वासना आदि बिलाएर जान्छन्। बन्धनको मूल वासना हो, त्यो स्वरूप स्थितिबाट निरसन (निवृत्त) भएपछि चेतन निराधार मोक्षरूप नै छ। यिनै सब महत्वपूर्ण विवेकको सम्पादन र सम्वर्धनले चेतन अवश्य मोक्ष हुन्छ।

(११) मानिस सुतेर या मदिरादि व्यसन गरेर बेहोश हुन्छ, मूर्च्छित हुन्छ, परवश एवं पराधीन बन्दछ। किन्तु जो यस प्रकार बेहोशी कालमा दुःख पाएको हो त्यो सर्व दुःख केवल जागृत भैदियो, होशमा आइदियो भने एकै पटकमा सजिलैसित एकदम सम्पूर्णतया नाश हुन जान्छ। ठीक यसै गरी चेतन जीवले मिथ्या मानन्दी एवं कल्पनाको वशमा परी मनोमय जगतको ठूलो बन्धन बनाई विवश एवं लाचार भएर वासनाको बेहोशीमा कष्ट खाइरहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो सिर्फ विषयमा दुःख दृष्टि र चैतन्यस्वरूपमा बोध दृष्टिरूप जाग्रत रहनाले परीक्षा साधनाको विवेक धारणा राख्नाले समस्त वासनाको नाश भएर मोक्ष अवश्य हुन्छ।

(१२) भ्रमजन्य कार्य गरेर दुःख पाउने मानिसै हो। यथा गाँजा, भाँग, तमाखु, चुरोट, अफीम, मदिरा आदिको लत बनाउने पनि आफै चेतन हो। पुनः त्यसमा अनन्त दुःख पाएपछि दुःख दृष्टि मनन गरेर त्यो सब लतलाई त्यागिदिने पनि आफै हो। यस्तै भ्रम मात्र मैथुन, हिंसा, ममता, मोह, भय आदि निरर्थक क्रिया (जो अज्ञानवश भैरहेछ) त्यस लाई स्वयं चेतनले सत्संगको परम प्रकाश पाएर सर्वथा त्यागिदियो र मानसिक त्यसको इच्छा-संस्कारलाई पनि विवेकपूर्वक अभाव गरिदियो भने सर्व बन्धन निवारण भएर मोक्ष अवश्य हुन्छ।

(१३) प्रथम मूक शिशुकालमा अज्ञानवश जीवलाई स्वयं आफ्नो मल-मूत्रको पनि भान रहँदैन। यदि बालकको रक्षा गर्ने कोही भएन भने आफ्नै अपावन मलमूत्र खेलाई आफ्नै शरीरमा लिप-घस गरी आफ्नै मुखमा पनि लगाउन पुग्दछ, यहाँसम्म अविवेकले उ आबद्ध भएको हुन्छ। पश्चात् जब त्यही बालक समर्थ हुन्छ, ज्ञान शक्ति सम्पन्न हुन्छ [अपवित्र मल-मूत्रको जब सम्यक् ज्ञान प्राप्त गर्छ] तब त्यो काम कदापि गर्दैन। अरू कसैले गराउन खोजे तापनि 'अत्यधिक धनको प्रलोभन दिएर मल-मूत्र खेलाउने र मुखमा लगाउने कार्य गराउन कोशिश गरे पनि कदापि त्यो काम गर्दै-गर्दैन। ठीक यही रीतले [मल-मूत्रमा घृणा निश्चय भएझैं] सम्पूर्ण निषिद्ध कर्मसहित विषयको यथार्थ ज्ञान भएर त्यसमा दुःख-दृष्टि र घृणा-दृष्टिपूर्ण मनन हुन गयो भने त्यो सम्पूर्ण दुःखदायक कर्तव्य त्याग हुन्छ। अब जसरी प्रथम अज्ञानवश उक्त कर्तव्य ग्रहण भैरहेको भए पनि त्यसको यथार्थ ज्ञान भएपछि त्यो कर्मको अभाव हुन्छ। त्यस्तै सत्य ज्ञानद्वारा सम्पूर्ण बन्धनको पूर्णतः परीक्षा हुन सके पहिलेको जस्तै र जुनसुकै लत, आदत, आसक्तिजन्य कर्म ग्रहण भएको भए पनि अवश्य संहार हुन्छ, शुद्ध स्वरूपमा स्थिति भएर मोक्ष अवश्य हुन्छ।

(१४) सर्प, बिच्छी, अग्नि या विष भन्ने यथार्थ थाहा भएपछि मानिसले त्यो पदार्थमा कदापि हात लम्काउँदैन। यदि पहिले पसारिसकेको भुजा रहेछ भने पनि सर्प, बिच्छी, अग्नि अथवा विष जानिसकेपछि तुरुन्त बाहु खुम्च्याउँदछ, दुःखदायक निश्चय हुनासाथ तत्काल परित्याग गर्दछ। त्यस्तै चेतन जीवलाई जड़को सम्बन्धमा अनादि काल-देखि अनन्त दुर्दशा प्राप्त भएको, विपुल देह धारण गरेर चौरासीको चक्कर लगाउनुपरेको, सर्व भेद विवेकद्वारा स्पष्ट मनन हुन सक्यो भने शम-दमादि साधनसहित स्वरूपबोधको धारणामा स्थिर रहेर हृद्गत सम्पूर्ण वासनालाई अभाव गरिदिन सक्दछ। यस प्रकार वासनालाई अभाव गरिदिएपछि चेतन अवश्य मोक्ष हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५) घरमा चोरहरू आउने निद्रा (स्वप्न सुषुप्ति इत्यादि) बेहोशीले हो। यदि आफू जागेर रहेको छ साथै सचेत र सावधान छ, पुनः बन्दूक आदिको आवाजसमेत गरेर आफ्नो पूर्ण सजगताको सूचना सुनाएर रहेको छ भने त्यहाँ तस्करादि आउन सक्तैनन् (सबै भागेर जान्छन्), तदनुसार जहाँ सर्व साधन र महान् विवेक दृष्टि छ, परीक्षा बलरूपी जागृत वृत्ति छ, वैराग्य एवं बोधरूपी बन्दूकको आवाज छ भने त्यहाँ मनोमय कामादि चोर सबै भागेर जान्छन्। उपरोक्त प्रकार यो प्रबल परीक्षा साधन मार्गबाट मोक्ष अवश्य सिद्ध छ।

(१६) सूर्यको स्वरूपमा अन्धकार कदापि छैन, त्यस्तै चैतन्यको स्वरूपमा जगत छैन। केवल चेतनले आफूलाई भुलेर अज्ञानको भावले मात्र बाँधिएको छ। त्यो आज स्व-स्वरूपको परम प्रकाश उदय भएर स्वयं ज्ञानबलले अज्ञानको तिरस्कार एवं अभाव गरिदिएपछि त्यो अज्ञान सदाको निमित्त समाप्त हुन्छ। पश्चात् स्व-स्वरूपमा स्थिति हुनासाथ अखण्ड मोक्ष छ।

(१७) सब दुःख एवं बन्धनको मूलकारण पंचविषय हो, अतः विषय-भोग पदार्थ ग्रहण भएको मात्र सुख मानन्दीले नै हो। अब चैतन्यले स्वतः स्वरूपको ज्ञान प्राप्त गरेर उक्त सुख मानन्दीलाई दुःखरूप जानी सर्व विषय भोगको परित्याग गरिदियो जनैया चेतनले जानी-जानीकन सर्व विजाति अध्यासलाई मिटाइदियो भने अध्यासको समुचित निष्कासनले सर्व बन्धनको जड़ मूलसँग विनाश हुन्छ। बन्धनको सर्वथा नाश हुनु नै मोक्षको प्रत्यक्ष प्रमाण हो।

(१८) वर्तमान नरदेहमा यथार्थ स्व-स्वरूपको बोध प्राप्त भयो र त्यही बोधमा अन्तर्वृत्तियुक्त स्थिति मिल्न गएको छ, साथै विवेक साधनद्वारा संसार शरीर मन इत्यादि सब दृश्य प्रपंचलाई निःसार संझी सबदेखि अभाव वृत्ति बनाएको छ भने यस प्रकार स्वरूप स्थितिको अखण्ड शान्ति र जगत राग प्रियतादेखि उपशम वृत्ति—यी दुइ धारणाको परम प्रकाश मानसपटमा एकरस भाव बनाएर नै प्रारब्ध भोगपूर्ण व्यतीत गरिदियो भने त्यसका सारा अज्ञान र अज्ञानसम्बन्धी संस्कार वासना विध्वंस भएर निःसन्देह अखण्ड मोक्ष हुन्छ।

(१९) परदेश पुगेको यात्रीलाई स्वदेशमा फर्कन रेल, मोटर, प्लेन आदि वाहन र खान-पानको सामग्रीसहित द्रव्यादि साधनको जरूरत पर्दछ। तब त्यो (यात्री) आफ्नो स्वदेश स्व-धाममा पुग्न पाउँदछ। त्यस्तै यहाँ नित्य सत्य शाश्वत पुराणपुरुष चैतन्य जीव वास्तविक विजाति-बिरानो विनश्वर जगत पंचविषयरूप शरीर, इन्द्रिय, मन तथा आदत अध्यास आसक्ति एवं अज्ञान सम्बन्धमा आई नाना दुःख पाई, जन्म-मरणादिको अनन्त सास्ती खाइरहेछ। अब उक्त सम्पूर्ण दुःख निवारण गरेर परम सुख शान्ति प्राप्तिको निमित्त उसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वदेशरूप ज्ञान प्रकाशमा र स्व-धामरूपी मोक्ष स्थितिमा पुग्न सर्व साधन-सामग्रीहरूको आवश्यकता छ। ती साधन क्रमशः यस प्रकार छन्—(१) मन वचन कर्मले कुसङ्गको सर्वथा परित्याग। (२) काया, वाचा, मनद्वारा सत्सङ्गको सम्यक् ग्रहण। (३) दुःख-सुख तथा हानि-लाभ एवं स्वार्थ परमार्थ र हिताहितको पूर्ण परीक्षा दृष्टि, 'म को हुँ ?' यस विचारको सम्यक् अन्वेषण, सर्वाङ्गरूपले स्वरूपबोधको दिव्य पारख दृष्टि। (४) आदि मध्य अन्त्य त्रिकाल विषयमा दोष दर्शन। (५) कल्याण कृत कार्यमा अखण्ड साहस। (६) मोक्ष-को पूर्ण निश्चय। (७) बोधदाताको उपकार स्मरणसहित श्रद्धा तथा निष्ठापूर्वक गुरुभक्ति। (८) जड़ चेतनको तथा बन्धन-मोक्षको यथार्थ निर्णय प्राप्तिरूप विवेक। (९) सर्व शुद्धाचार सहितको संयम-साधन। (१०) सद्ग्रन्थावलोकन। (११) परिणामदर्शिता। (१२) निर्वाह आदिमा पनि यथालाभ सन्तोष र विशेषतया सर्वोच्च सर्व शिरोमणि स्वरूपज्ञानरूप महा लाभको प्राप्ति एवं अखण्ड तृप्तिरूप अक्षय तुष्टि। (१३) बानी जालको अनुमान कल्पना एवं भूत-प्रेतादि मिथ्या मानन्दीको पूर्ण अभाव। (१४) द्रष्टा साधनाको धारणाभ्यास। (१५) निवृत्ति एवं पारख समाधि स्थिति, इत्यादि सम्पूर्ण सद्रहस्यको धारण भयो भने नितान्त निश्चितरूपेण सर्व वासनाध्यास विध्वंस भएर विदेह मोक्ष अवश्य हुन्छ।

(२०) एकछिन जसरी मन रोकिन्छ, वासना बन्द हुन्छ, काम क्रोध लोभ मोह बिलाउँछ, लत-आदत आसक्ति अध्यास हराउँछ, शान्ति उदाउँछ, स्थिरवृत्तिको विश्रान्ति हृदयले पाउँछ, ठीक त्यस्तै प्रयत्नले, पुरुषार्थले, साधनले, संयमले, बोधको अखण्ड स्थितिले, वैराग्यको निरन्तर अभ्यासले, निवृत्तिको एकरस धारणाले—कामादि संस्कार ध्वंस हुन्छ, अज्ञान आसक्ति लोप हुन्छ, मन शमन हुन्छ, वासना विलीन हुन्छ, समस्त भ्रमरूप मानन्दी निर्मूल हुन्छ, कामनाको जरै काटिएर अन्त्यमा समाप्त हुन्छ। यस प्रकार बोधको परम प्रकाशमा अज्ञान विध्वंस भएर स्व-स्वरूपको अचल अटल स्थिति हुन्छ, तब साक्षात् मोक्ष निश्चित छ।

उपर्युक्त प्रकार युक्तियुक्त विचार तथा प्रमाणले अजर अमर अविनाशी ज्ञाता ज्ञान-स्वरूप चैतन्य सर्व जड़तत्त्व र त्यसका कारण-कार्यको विकार एवं क्रियादेखि सर्वदा तथा सर्वथा पृथक् नित्य सत्य स्वतन्त्र हुनाले मानव देहमा स्व-स्वरूपको बोध प्राप्त गरेर सर्वाङ्ग शुभ गुणको धारणासहित स्थिति बनाउन सकेको खण्डमा आफ्नो अनादि भूलकृत बन्धनलाई नाश गरेर निश्चय नै मुक्तरूप जीव नित्य मुक्तपदमा सदा विराजमान हुनेछ। अतः मुक्त हुनको निमित्त पूर्वोक्त मुक्तिस्थितिको रहस्यलाई यथार्थ पारखदृष्टिसहित ग्रहण गर्नुपर्दछ। यही मोक्षार्थीको जीवनमा प्रधान लक्ष्य हुनु महान् आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोड़श-प्रकरण

जीवन्मुक्ति-विचार

बद्धो हि वासनाबद्धो मोक्षः स्याद्वासनाक्षयः ।
वासनां सम्परित्यज्य मोक्षार्थित्वमपि त्यजः ॥

(मुक्तिकोपनि०, अ० ३ । मन्त्र ६)

अर्थ—जो वासनामा बाँधिएको छ, त्यही बद्ध हो तथा वासनाको नाश गर्नु नै मोक्ष हो । अतएव वासनालाई सम्यक्रूपले निवारण गरेर अझ मोक्षको इच्छालाई पनि परित्याग गर ।

उपर्युक्त प्रमाणले विषय-वासना नै बन्धन हो, त्यसैबाट जीवलाई जन्म-मरणादिको भोक्ता बनेर दुःख पाइरहनुपरेको छ । त्यसकारण उक्त बन्धनको पूर्ण परीक्षा प्राप्त गरेर त्यो बन्धनको विनाश गरिदिनु नै मानव जीवनको महत्वपूर्ण कर्तव्य र सर्वश्रेयस् पुरुषार्थ हो ।

अब बन्धनको वर्णन

अविद्याऽस्मितारागद्वेषाभिनिवेशाः पञ्चक्लेशाः ॥

(पातञ्जल योगदर्शन, साधनपाद २ । सूत्र ३)

अर्थ—(१) अविद्या—जड़लाई चेतन तथा चेतनलाई जड़, यस प्रकार विपरीत मान्नु अथवा इन्द्रियको संस्कार दोषले उत्पन्न भएको जड़ासक्ति । (२) अस्मिता—देहलाई र देहसम्बन्धी पदार्थहरूलाई आफ्नो भन्ठान्नु । (३) राग—सुख प्राप्ति हुने सजातीय वस्तुहरूको स्मरणले तृष्णा, लोभ, प्रीति र ममत्व गर्नु । (४) द्वेष—क्रोध अथवा वैरभाव । (५) अभिनिवेश—मृत्युको भय अथवा पक्षपातले हठ या विवाद गर्नु—यो पञ्चक्लेश नै मुख्य बन्धन हो ।

अब उक्त बन्धन विनाश हुने उपाय—

क्लेशरूपत्वाद्बन्धो भवति । तन्निरोधनं जीवन्मुक्तिः ॥

(मुक्तिकोपनिष०, अ० ३ । मन्त्र १)

अर्थ—अविद्या, अस्मिता, राग, द्वेष, अभिनिवेश—यही पाँच क्लेश हो । त्यही पञ्चक्लेशमा सर्व देहधारी जीवहरू बद्धमान भएका छन् । यथार्थ वक्ता सद्गुरुको उपदेशले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृढ़ वैराग्य धारण गरेर 'नित्य अविनाशी चैतन्यस्वरूप नै सत्य हो र देह एवं देहसम्बन्धी सर्व व्यवहार असत्य (नाशवान) हो' भन्ने पूर्णतया जानेर उक्त पंचक्लेशलाई सर्वथा त्यागि-दिएका छन् साथै विवेकयुक्त प्रारब्धभोगमा शुद्ध आचार-विचारसहित संयमपूर्वक नै सदा रहने गरेका छन्, तिनै सन्त जीवन्मुक्त हुन् ।

ज्ञानान्मुक्तिः ॥

(सांख्यदर्शन, अ० ३ । सू० २३)

अर्थ—ज्ञानात्—जड़-चेतनको यथार्थ ज्ञान भएपछि, मुक्ति—मोक्षको प्राप्ति हुन्छ ।

व्याख्या—जब मनुष्यले विवेकी सन्त पुरुषबाट जड़चेतनको निर्णय ज्ञान प्राप्त गर्दछ र आत्म साक्षात्कार गर्दछ, तब सम्पूर्ण वासना नाश भएर मोक्ष हुन्छ ।

उपदेश्योपदेष्टृत्वात् तत्सिद्धि ।

(सांख्यदर्शन, अ० ३ । सू० ७९)

अर्थ—उपदेश्योपदेष्टृत्वात्—उपदेशको योग्य [उपदेश गर्न सक्ने] हुनाले, तत्सिद्धि—त्यसको सिद्धि हुन्छ ।

व्याख्या—बोधनिष्ठारूपी मुक्त धारणामा रहेका पुरुष परोपकारमा त दत्तचित्त नै हुन्छन्, साथै उपदेश योग्य हुनाले परमार्थको सन्देश दिन थाल्दछन् ।

अवगुणको सर्वथा परित्याग र शुभ गुणको सम्यक् ग्रहण

चोरी, हिंसा, हत्या, मारकाट, रक्तपात, अनाचार, अत्याचार, व्यभिचार, भ्रष्टाचार, पापाचार, मिथ्याचार, मांसाहार, मत्स्याहार, शिकार, मद्यपान, जूवा, सट्टा, चोरबजारी, कालोबजारी, धोखाधारी, धाँधली, दगाबाजी, जालसाजी, सुर्ती, जर्दा, गाँजा, भाँग, धतुरो, तमाखु, सिगरेट, सिगार, बीड़ी, ताड़ी, कफी, कोको, ह्विस्की, ब्राण्डी, बीयर, रम, जिन, वाइन, जाँड़, रक्सी आदि सबै किसिमका मदिराहरू तथा अफीम, चरेस, चण्डू, संखिया, मार्फिया, नाच, सिनेमा, सर्कस, थिएटर, विभिन्न तमाशा तथा जारण, मारण, उच्चाटन, वंशीकरण, आकर्षण, स्तम्भन, मोहन आदि अविद्या; स्मशानसाधन, भूत-प्रेतादिको आवाहन, अभक्ष्य सेवन, वाममार्गादिको आचरण, राहु-केतू, शनिश्चरादिको जापन-पूजन, अर्चन, मन्तव्य, अश्लील भाषण, अश्लील साहित्य एवं उपन्यासादिको अवलोकन, क्लब, डिनर, डान्स, बफे [एक प्रकारको भोज], होटेल र अशुद्ध अपवित्र भोजन, उच्छिष्ट भोजन, मन्दजनको संसर्ग, मन्दक्रिया, मन्द व्यवहार इत्यादि समस्त दुराचारकृत कर्तव्यदेखि जो अत्यन्त पृथक् छ, मन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वचन, कर्मले त्यसको त्याग भएको छ, तिनै यथार्थमा सच्चा मानव हुन्। तिनै श्रेष्ठ मानव परमार्थको सत्सङ्ग ज्ञानमा लागेपछि विवेक एवं वैराग्ययुक्त सर्वाङ्ग सन्त रहस्य धारण गरेर स्वरूप बोधमा स्थिर भएपछि जीवन्मुक्त हुन्छन्। तात्पर्य—जीवन्मुक्त महत् पुरुषमा उपर्युक्त दोष-दुर्गुण र दुराचारको सर्वथा परित्याग हुन्छ, सर्प-सिंहवत् अभाव हुन्छ।

पुनश्च—द्वन्द, मोह, शोक, व्यशन, भय, भ्रम, भूल, आलस्य, आसक्ति, आवर्ण, विक्षेप, दुराग्रह, वाचालता, हठ, शठ, दम्भ, पक्ष, आशा, तृष्णा, चिन्ता, चाहना, कामना, प्रमाद, प्रपञ्च, सन्देह, दीनता, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, छल, कपट, राग-द्वेष, द्रोह, कुटिलता, परपीड़न, परसन्तापन, कलह, कल्पना, विरोध, विवाद, विषाद, अहंकार, अनीति, इच्छा, ईर्ष्या, अतृप्ति, अविद्या इत्यादि समस्त दुर्गुणको जहाँ विशेष परिहार छ त्यहीँ जीवन्मुक्त पुरुषको स्थिति छ।

अपरञ्च—सदा शुद्धता, स्वच्छता, पवित्रता, सात्विकता, सत्वगुणीखान-पान, सात्विक जीवन, सात्विक बर्ताव, सर्वाङ्ग हंस रहनी-रहस्यसंयुक्त आचार-विचार, शिक्षा, सद्ग्रन्थावलोकन, मनोनिग्रह, उपशम, अभोग, अगर्ज, अखैँच, अवाद, दया, क्षमा, समता, शील, सन्तोष, सत्य, विचार, धैर्य, विवेक, वैराग्य, गुरुभक्ति, तप, तितिक्षा, अमानता, अकामता, उदारता, सरलता, निर्मान, निर्मद, निष्क्रोध, निर्द्रोह, निर्लोभ, निर्मोह, निर्वैर, निर्दम्भ, निर्भय, निस्पृह, निष्फिक्र, निर्मल, निश्चल, निःभोग, निःशोक, निर्दोष, निर्चाह, निःगर्ज, निःसम्बन्ध, निर्द्वन्द, निर्भार, निर्वासना, निवृत्ति तथा निराधार स्थिति इत्यादि अनन्त शुभ गुणको जहाँ ग्रहण छ, हमेशा शान्तवृत्ति छ, सर्वदा स्वरूपबोधको परमप्रकाशमा अखण्ड स्थिति छ, त्यहाँ नै जीवन्मुक्त पदको आदर्शता विराजमान छ।

यस्तै सद्रहस्यको वर्णन श्रीमद्भागवतमा पनि आएको छ—

सत्यं शौचं दया क्षान्तिस्त्यागः सन्तोष आर्जवम्।
शमो दमस्तपः साम्यं तितिक्षोपरतिः श्रुतम्॥
ज्ञानं विरतिरैश्वर्यं शौर्यं तेजो बलं स्मृतिः।
स्वातन्त्र्यं कौशलं कान्तिर्धैर्यं मार्दवमेव च॥
प्रागल्भ्यं प्रश्रयः शीलं सहओजो बलं भगः।
गाम्भीर्यं स्थैर्यमास्तिक्यं कीर्तिर्मानोऽनहंकृतिः॥

(भागवत, स्कन्ध १। अ० १६। श्लो० २६-२७-२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—सत्य, पवित्रता, दया, क्षमा, त्याग, सन्तोष, सरलता, शम, दम, तप, समता, तितिक्षा, उपरति, शास्त्रविचार, ज्ञान, वैराग्य, ऐश्वर्य, वीरता, तेज, बल, स्मृति, स्वतन्त्रता, कौशल, कान्ति, धैर्य, कोमलता, निर्भीकता, विनय, शील, साहस, उत्साह, बल, सौभाग्य, गम्भीरता, स्थिरता, आस्तिकता, कीर्ति, गौरव तथा निरहङ्कारता—यो उनञ्चालीस अप्राकृत सद्गुण महत्वाकांक्षी [ज्ञानी-महात्मा] पुरुषहरूका लक्षण हुन्।

आत्म दर्शनको साधन—

सत्येन लभ्यस्तपसा ह्येष आत्मा सम्यग्ज्ञानेन ब्रह्मचर्येण नित्यम्।
अन्तः शरीरे ज्योतिर्मयो हि शुभ्रो यं पश्यन्ति यतयः क्षीणदोषाः॥

(मुण्डकोपनि०, मुण्डक ३। खण्ड १। मन्त्र ५)

अर्थ—यो आत्मा सर्वदा सत्य र तप तथा सम्यक् ज्ञान एवं ब्रह्मचर्यद्वारा मात्र प्राप्त गर्न सकिने छ। जसलाई दोषरहित योगीजनहरूले देख्दछन् त्यो ज्योतिर्मय (नित्य सत्य शुद्ध), शुभ्र आत्मा शरीरभित्र विराजमान छ।

उपर्युक्त प्रमाण एवं धारणाद्वारा अमूल्य मानव जीवनमा सत्सङ्ग साधन प्राप्त गरेर जसले जड़ र चैतन्यको यथार्थ मर्म बुझेका छन्; वेद-वेदाङ्ग र अखिल धर्म, मत, पन्थ, सम्प्रदाय एवं सिद्धान्तहरूको विभिन्न मान्यता (द्वैत-अद्वैत, विशिष्टाद्वैतादि) को भेद स्पष्ट रूपले जानेका छन्; देह, इन्द्रिय, मन, प्राण, शून्य सम्पूर्ण जड़ समुदायदेखि अत्यन्त भिन्न अजर अमर अविनाशी साक्षात् चैतन्यस्वरूपको बोध सम्यक् प्रकारले पाएका छन्; कार्य कारणदेखि रहित, अंश-अंशी भावदेखि भिन्न, व्याप्य-व्यापक भावदेखि अलग, उत्पत्ति-प्रलय-देखि पृथक्, सबलाई जान्ने, सर्वको जनैया, जाननहार, ज्ञाता, ज्ञानस्वरूप, अखण्ड, एकरस, नित्य, सत्य, अपरोक्ष पारखस्वरूको बोधभावमा अखण्ड अविचल धारणा बनाएका छन्, पुनः चैतन्यस्वरूपदेखि अतिरिक्त अन्य समस्त संसार पृथ्वी, जल, अग्नि, वायु तथा तिनका कार्यरूप यावत् पदार्थ एवं ब्रह्माण्डका सूर्य, चन्द्र, तारागण इत्यादि सम्पूर्ण जड़ पदार्थ हुन् भन्ने निश्चय गरेका छन्; पुनः ठण्डी, गर्मी, वर्षा, दिन-रात, षड्ऋतु, उत्तरायण-दक्षिणायण, इत्यादि सम्पूर्ण ब्रह्माण्ड क्रिया अनादि प्रवाहरूपले सतत क्रियाशील भई स्वाभाविक चलि-रहेको विवेकद्वारा ठहराएका छन्; चैतन्य जीवको र जड़ देहसँगको इच्छा संस्कार (सुख मानन्दी) सम्बन्धद्वारा नै अनादि वासनावश शरीरको निर्माण एवं जन्म-मरणादि भैरहेको पूर्ण अनुभव गरेका छन्; भूल तथा अज्ञानवश विषय ग्रहण भएरै वासना एवं अध्यास बनेको र सर्व बन्धन भएको हो, पुनः सत्सङ्गद्वारा स्व-स्वरूपको यथार्थ ज्ञान प्राप्त गरेर विषय त्याग गरिदिएका खण्डमा वासना नाश भएर मोक्ष अवश्य हुन्छ, भन्ने दृढ़ लक्ष्य लिएका छन्;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाँचै विषयको भोग विजातिरूप, विकाररूप, विनश्वर तथा विघ्नरूप, अतृप्तिरूप, तृष्णारूप, आसक्ति एवं अध्यासरूप, अनर्थरूप, शोक-मोहरूप, वृथा परिश्रमरूप, घोर दुःखरूप, जन्म-मरण र आवागमनको मुख्य कारणरूप नै हो भन्ने सत्य ज्ञान प्राप्त गरेका छन् ; पुनः साथको अत्यन्त आफ्नो भनेर मानिएको विशेष प्यारो गरेर सेवा-सुश्रुषा गरिराखिएको यो शरीर पनि एकदिन सड़ेर, गलेर, जलेर, बलेर, नाश भएर अन्ततोगत्वा खरानी बनेर बिलाएर जाने अनेक दुर्गन्ध र दुःख सन्तापले नै घेरिएको छ भन्ने पूर्णतया विचार बनाएका छन् ; संसारको सम्बन्ध स्त्री-पुत्र परिवार तथा बन्धु-बान्धवादि कुटुम्ब समुदाय एवं प्रियजनको संसर्ग र ज्यादै तन-मन न्यौछावर गरेर निशिवासर अनन्त प्रकारले अथक परिश्रमपूर्वक गरिएका सारा व्यवहार प्रपञ्च कुन दिन अचानक छुट्ने हुन् र स्वप्नवत् व्यर्थ भएर जाने हुन् भन्ने सत्य परीक्षा द्वारा यथार्थ परिचय पाएका छन् ; घर, धन, सम्पत्ति, प्रभुता, पद, अधिकार, मान, प्रतिष्ठा इत्यादि आभरण एवं उपकरणहरू पनि एक दिन अनायासै सहसा खोसिने र बलजफतले लुटिने एकदम अर्कैको हुन पुग्ने, सारै क्षणभङ्गुर परिवर्तनशील असार पदार्थ हो भन्ने सम्यक् मनन गरेका छन् ; पुनरपि संसारका समस्त नर-नारीको शरीर केवल रज-वीर्यले बनेको हुनाले खास मल-मूत्रको भण्डार हो भन्ने अन्तःचक्षुद्वारा देखेका छन् ; दुवैको रूप, सौन्दर्य, जवानी, माधुर्य, रौनक, शरीराकृति [छाँट-काँट], लालिमा, गोरो र चिल्लो छाला शरीर-रचनाको आकार-प्रकार, सुन्दरतम बनौट [जसमा यो भुलेको अज्ञानी मलिन मनले सुख र आनन्द मानेको छ], त्यो सब मिथ्या हो, विपरीत भास हो, मात्र मनोविकार हो, काल्पनिक मनको भ्रमजाल हो, सुखको प्रतीति भएर सब जीवहरूलाई फँसाउने पाशो हो, वास्तवमा हाड़-मासुको एक पिँजड़ा हो, वात, पित्त, कफ, खकार, थूक, राल, सिँगान, मल-मूत्रादिको एक महा अपावन थैलो हो भन्ने दिव्य दृष्टिद्वारा छर्लङ्ग अवगत गरेका छन् ; साथै तद्जन्य विषय भोगमा रोग-व्याधि, दीनता, परवशता, लाचारी, जगतको दास्यता, अथक परिश्रम, अपरिमित भार, जीवनपर्यन्त असंख्य दुःख-सन्ताप, कठिन बन्धन तथा मानसिक अपार कामनाको वृद्धि, अतृप्ति, तृष्णा, आसक्ति एवं अध्यास र त्यही अध्यासद्वारा चारखानी [चौरासी] मा अनन्त देह धारण गरी त्रयतापको असह्य कष्ट-क्लेशको सम्प्राप्ति छ भन्ने प्रबल विचार गरेर दृढ़ विवेक लिएर सबदेखि उपराम वृत्ति बनाएर वैराग्य पदमा आरूढ़ भएर रहेका हुन्छन् ।

भगवद्गीतामा जीवन्मुक्तको लक्षण—

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ता सुखदुःखसंज्ञैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥

(भगवद्गीता, अ० १५ । श्लो० ५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—मान र मोहदेखि रहित, सङ्ग दोषलाई जितेका, अध्यात्म ज्ञान [स्वरूप विचार] मा तत्पर, कामनादेखि निवृत्त भएका, सुखदुःख आदि द्वन्द्वबाट छुटेका, विवेकीजन त्यो अविनाशी पदमा जान्छन्।

यस प्रकार पाँचै विषयको जहाँ अभाव छ, जगत प्राणी र प्रपञ्चदेखि जहाँ उदासीनता छ; मन वशवर्ती जीवहरूको राजस-तामसमय विविध स्वभाव, चेष्टा, आचरण, क्रिया एवं राग-द्वेषमय व्यवहारदेखि जहाँ नैराश्यता छ; अज्ञ, असुझ, अबुझ एवं अबुधहरूको जन संसर्गदेखि जहाँ उपेक्षा छ; लोक कोलाहल प्रपञ्च र समस्त सांसारिक झञ्झटदेखि जहाँ सदा उपरामता छ; सर्व दुर्गुण-दुराचार जनित कुसङ्ग र कुसङ्गीजनहरूको संसर्गको अत्यन्त तिरस्कार छ; दशै इन्द्रियलाई संयमद्वारा जहाँ सदा दमन छ; मनलाई सदा नियन्त्रणमा राखेर जहाँ पूर्णतया हमेशा शमन छ; ब्रह्मचर्यरूपी तपको जहाँ अखण्ड धारणा छ; साधन सहित शुभगुणको जहाँ सर्वाङ्ग पालना छ; विवेकरूप प्रबल-प्रचण्ड मार्तण्डको जहाँ अनुपम अपार प्रकाश छ; वैराग्यको त जहाँ अक्षय कोषरूप आदर्श दिव्य भण्डार छ; बाह्य संसार र मनोमय भावदेखि जहाँ अत्यन्त सजगता छ; आन्तरिक सुखाध्यास हन्ता छोड़ाउनमा नै जहाँ अहर्निश एवं अनवरत प्रयत्न छ; स्व-स्वरूपको बोध धारणा निष्ठामा नै जहाँ अत्यन्त तत्परता छ; मनोनिग्रहपूर्वक द्रष्टाको अभ्यासमा नै जहाँ प्रगाढ़ परिपक्वता र अडिगता छ; पारख स्थिति समाधि साधनमा नै जहाँ अविचल स्थिरता छ; परमपदरूप स्वरूपमा सदा लीन रहेर महान् शान्ति एवं चरम विश्रान्ति पाउनमा नै जहाँ सर्वोत्कृष्ट अक्षय साधनको धीरता छ, यस्तो सर्वोत्तम सर्व श्रेयस्:रूप श्रेष्ठ पुरुषार्थ जहाँ अनन्त छ तिनै विवेकी ज्ञानी, पुरुषोत्तम 'सन्त' जीवन्मुक्त हुन्।

जीवन्मुक्तश्च ॥

(सांख्य दर्शन, अ० ३ । सू० ७८)

अर्थ—जीवन्मुक्त—जीवन कालमा नै मुक्त हुन्छन्, च—तिनको।

व्याख्या—आत्मज्ञानको प्राप्ति भएपछि आफ्नो जीवन कालमा नै बोधवानको मुक्त अवस्था मानिएको छ। यस्ता ज्ञानी पुरुष लोक-कल्याण कार्यमा तत्पर रहन्छन्। प्राणी मात्रको उपकार गर्नु नै आफ्नो धर्म मान्दछन्।

एतावता जहाँ जड़ र चेतनको गुण-धर्मादिको अतिशय भिन्नता एवं सर्वाङ्ग निर्णय स्पष्ट छ, मनको सङ्कल्प-विकल्प, कुचाल, कुचेष्टा, अनावश्यक प्रपञ्च चिन्तन तथा निशि-वासरको दौड़-धूप, नाना इच्छा, चाहना, शोक-सन्तापको स्मरण इत्यादि निरर्थक कर्तव्यको पूर्ण परीक्षा दृष्टि छ, चंचल मनको उपरमा कड़ाइसाथ संयम र त्यसको विनाशको निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यधिक पुरुषार्थको जहाँ विशेष जोर छ, 'मुमुक्षुको मद्य-मांसादिको त्याग भएर गएझैं बोध र वैराग्यद्वारा सम्पूर्ण दुर्गुण तथा कामनाको पूरा त्याग भएर प्रयत्नद्वारा मोक्ष अवश्य हुन्छ' भन्ने अखण्ड विवेक छ, भूत-प्रेत, पिशाच, बोक्सी आदि भ्रमजन्य अज्ञान आसुरी मान्यताको जहाँ अत्यन्त अभाव छ, परमार्थ विचार स्वरूपबोध एवं निर्णय ज्ञान र विशेष विवेकलाई नै प्रधानता दिइएर कथन अन्वेषण गरिएको विचारदेखि भिन्न केवल परम्परागत अनेक अनुमित मार्ग, परोक्ष कल्पना, वाणी विस्तार, पुष्पितवाच, भास, अध्यासादि सम्पूर्ण भूल-भ्रमको जहाँ सम्यक् निराकरण छ, कुनै सन्देह, कुनै द्विविधा, कुनै विस्मय, कुनै तर्क एवं कुनै असंभावना र विपरीत भावनाको जहाँ कत्ति पनि केही लेश छैन अर्थात् सर्व संशयको जहाँ निवारण छ, पुनः अज्ञानले समाहित मिथ्या मान्यताको जहाँ सम्यक् प्रकारले निरसन भएर सत्स्वरूप रमैया राम चैतन्यको नै जहाँ दिव्य पारख प्रकाश छ, सर्व कर्तव्यको कर्त्ता, सर्व दृश्यको द्रष्टा, भासक, जानक, मानक, संस्थापक, संरक्षक, निरूपक, लक्ष्यक, परीक्षक, स्व-स्वरूपकै [ज्ञान-प्रकाशको] जहाँ महत्तम उजास छ, सर्व उपमादेखि पृथक् स्वयं उपमेयस्वरूप शाश्वत चैतन्यको बोध भावमा जहाँ सतत स्थिति छ—यस्ता ज्ञाननिधान, स्थितप्रज्ञ, निर्मल दृष्टिधारी साक्षात् विवेक चक्षु खुलेका जो महात्मा पुरुष छन् तिनै जीवन्मुक्त हुन् ।

यस्तु सर्वाणि भूतान्यात्मन्नेवानुपश्यति
सर्व भूतेषु चात्मानं ततो न विचिकित्सति ।

(यजुर्वेद, अ० ४० । मन्त्र ६)

अर्थ—जो आत्मज्ञानी सब प्राणीहरूलाई आत्मामा नै देख्दछ [अर्थात् आपनो आत्मा समान नै सम्झन्छ] पुनः सब प्राणीहरूमा पनि [बराबर समान सम्झेर] स्वयंलाई देख्दछ, त्यो सन्दिग्धावस्थामा पर्दैन । कुनै मिथ्या अनुमान कल्पनादि भ्रम मान्यतामा [संशयमा] पर्दैन विवेकद्वारा स्वतन्त्र एवं निर्भय भएर रहन्छ ।

विमुक्तश्च विमुच्यते ॥

(कठोपनि० अ० २ । बल्ली २ । मन्त्र १)

अर्थ—समस्त पाँचै विषयको अध्यास आसक्तिदेखि निवृत्त र नाना भ्रमरूप मान्यता कल्पना समूहको बन्धनदेखि पनि सर्वथारहित, अतिशय निर्बन्ध, मुक्त छन् तथा साथै 'म चैतन्य परम परीक्षक ज्ञानस्वरूप नित्य सत्य हुँ' भन्ने दृढ़ धारणा बनाएर निजस्वरूपमा शान्त स्थिर छन् तिनै जीवन्मुक्त हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त प्रकार मानव जीवनमा जसले श्रेष्ठ मानवताको सदाचार तथा सद्रहस्यलाई पत्ता लगाई 'अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह आदि सद्गुण ग्रहण गरी अध्यात्म विद्या [ज्ञान] को सर्वोच्च दिव्यभावलाई प्राप्त गरेका छन्, मानव जीवनको चरम उद्देश्य 'कल्याणपद' लाई परम पुरुषार्थद्वारा हस्तगत पारेका छन्, आफ्नो अनादि अज्ञान बन्धनलाई निवृत्त गरिदिने, समस्त मानसिक कष्ट-क्लेशलाई निवारण गरिदिने, अनन्त ज्ञानको प्रदान गर्ने चैतन्यबोधदाता स्व-स्वरूपनिष्ठ विवेकी महापुरुष सद्गुरुदेव भेट्टाएका छन्, मेधा र विद्वत्ताको मुख्य सार रहस्य एवं सम्पूर्ण दर्शनको अन्तिम निष्कर्ष अर्थात् परम लक्ष्य 'म को हुँ ?' यो शंकाको यथार्थ समाधान समुचित रूपले पाएर हृदयस्थ रमैया राम चैतन्यस्वरूपलाई अपरोक्ष रूपले फेला पारेका छन्, अखिल दुःख र बन्धनको मूल पंचविषयलाई सर्वथा परित्याग गरेर अन्तरको इच्छा-अध्यासलाई समेत ज्ञानाग्निद्वारा ज्यूँदै जलाइदिएका छन्, नाना साधन र संयम गरेर मनलाई आफ्नो आधीन [वश] मा पारेका छन्, पुनः जसले आफ्नो जीवनै लाई तपस्वीको साँचामा ढालेर साधु जीवन बनाएका छन्, 'स्वरूप स्थितिको परम शान्ति एवं अविचल विश्रान्ति' यो सर्वोच्च दर्जालाई प्राप्त गरेर मानवको हृदयको मागलाई र सर्वथा विश्वकै मागलाई पूरा गरेका छन्, पुनश्च—क्रियमाण कर्मलाई गर्दै नगरेर, सञ्चित संस्कार-लाई बोध र वैराग्यले भस्म पारेर, आवश्यक प्रारब्ध भोगलाई विवेकद्वारा समाप्त गरेर [उक्त त्रिविध कर्मलाई छिन्न पारी] निर्धूम अग्नि झैं स्वच्छ रवि-शशि झैं, निर्मल हृदय बनाएका छन्, नित्य नियमितरूपेण निजस्वरूप बोधको धारणा तथा स्थितिमा रही एकरस वृत्ति बनाएर सर्व मनोमय सृष्टिलाई बन्ध्या पुत्रवत् अभाव गरिदिएका छन् र सदा पारख समाधिको महत् प्रकाशमा अखण्ड स्थिर रहेका छन्, यस्ता महान् पुरुषार्थ गरेर कृत-कृत्य एवं कृतार्थ भएका जो महा मानव छन् तिनै वास्तवमा परम भाग्यवान हुन्, तिनै जीवन्मुक्त हुन्, तिनै आदर्श महापुरुष हुन्, तिनै विश्ववन्द्य हुन्। यस प्रकार सन्तको परिभाषामा जो सत्यको सम्यक् द्रष्टा छन्, 'स्व-पद' मा सदा शान्त छन्, विवेकमा मार्तण्डसमान छन्, सत्यको आलोकले सदा आलोकित छन् तिनै सन्त हुन्। तिनै यथार्थमा धन्य छन्, तिनै दर्शनीय तथा अभिनन्दनीय एवं परम पूजनीय छन्। तिनैको अगाडि—**'वन्दे महापुरुष ते चरणारविन्दम्।'** भनेर शिर झुकाउनु उचित छ। तिनै संसारमा सच्चा सुखी छन्, एकमात्र सनाथ छन्, स्वाधीन छन्, परम स्वतन्त्र छन्। तिनैको आज मानव जीवन अत्यन्त सफल भएको छ। एवं रीतले उक्त पुरुषार्थी पुरुषको प्रारब्धान्तपश्चात् सदाको निमित्त यो दुःखमय भवसागरबाट पार भएर मोक्ष हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलं पवित्रं जननी कृतार्था वसुन्धरा भाग्यवती च तेन।
विमुक्तिमार्गे सुखसिन्धुमग्नं लग्नं परे ब्रह्मणि यस्य चेतः॥

(स्कन्दपुराण, माहेश्वरी० कौमार्य०, अ० ५२। श्लो० १३७)

अर्थ—जसको चित्त मुक्ति मार्गको आनन्द समुद्ररूपी परब्रह्ममा तल्लीन [मग्न] छ, त्यस्ताको कुल पवित्र हुन्छ, जन्म दिने आमा कृतार्थ हुन्छिन् तथा तिनको [महान् पुरुषार्थको] कारणले यी पृथ्वी पनि भाग्यवती हुन्छिन्।

अहा! यस्ता स्व-स्वरूप बोधनिष्ठ ज्ञानी पुरुषको अब न कुनै बन्धन छ, न कुनै दुःखमूल वासना नै छ, न कुनै कर्तव्यको अवशेष छ, न कुनै जगतसँग केही प्रयोजन छ। जसको गर्नुपर्ने मुख्य कल्याणको काम पूरा भएको छ, सारा पुरुषार्थको हद्द भएको छ अतः जीवन्मुक्त पुरुषको देह छुट्नुभन्दा पहिले नै सबै वासना नाश भैसकेको हुनाले त्यस्ता महान् आत्मज्ञानीलाई शरीर निपात हुने कुनै भय, चिन्ता, शोक, पश्चात्ताप आदि केही रहँदैन। अझ जीवन्मुक्त सन्त प्रारब्ध क्षयपश्चात् प्राप्त हुने विदेह मुक्तिकै प्रतीक्षा गरिरहन्छन्। सर्व दुःख द्वन्दरहित परम शान्ति भूमिकाकै बाटो हेरिरहन्छन्। सर्व दुःखको आत्यन्तिक निवृत्ति र स्व-स्वरूपमा सदाकाल अखण्ड स्थिति—'विदेह मुक्तिकै अविचल भूमिका हो' यही पुरुषार्थको अन्तिम फल हो। यसकारण जीवन्मुक्त पुरुष मृत्युदेखि भयभीत हुँदैनन्, कुनै दुःख पनि मान्दैनन्। झन् ठूलो भार [बोझा] बिसाउन पाउँदा हर्ष माने झैं परम प्रसन्न नै रहन्छन्।

यस प्रकार जीवन्मुक्त महापुरुषको विचार तथा धारणा अखण्ड एवं अविचल हुन्छ। वहाँहरूको अन्तः लक्ष्य सदा एकरस हुन्छ। सदा आचार विचार धर्म एवं सिद्धान्तको धारणा अनुभवपूर्ण, विवेक शक्ति-सम्पन्न, परम ज्ञानको प्रकाशमय, अकाट्य, अबाध्य, अक्षय, अखण्ड, अनुपम तथा अमोघ हुन्छ।

यिनै सब महान रहस्य एवं दिव्य सत्पुरुषार्थको कारणले स्व-स्वरूपनिष्ठ जीवन्मुक्त सन्त पुरुषको महिमा स्वयं श्रीकृष्णचन्द्रले मुक्तकण्ठले गाउनुभएको छ—

निरपेक्षं मुनिं शान्तं निर्वैरं समदर्शनम्।
अनुव्रजाम्यहं नित्यं पूयेयेत्यङ्घ्रिरेणुभिः॥

(भागवत, स्कन्ध ११। अ० १४। श्लो० १६)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—'जसलाई कसैको अपेक्षा छैन अर्थात् कसैसँग केही प्राप्त गर्ने इच्छा तथा कामना छैन, जो जगतको चिन्तनदेखि सर्वथा उपराम भएर सदा मेरै [स्व-स्वरूप] चिन्तनमा तल्लीन रहन्छन्, राग र द्वेषलाई त्यागेर सबको साथमा समान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टि राख्दछन्, ती महात्माको पछि-पछि म निरन्तर यही विचार गर्दै घुम्दछु कि उनको चरणको धूलो उड़ेर मेरो शरीरमा परोस् र म पवित्र हुन पाऊँ।'

अतएव स्व-स्वरूपनिष्ठ ज्ञानी महापुरुषको विशेषता तथा महत्ता कत्रो अगाध एवं अपार रहेछ, सो भागवतको प्रमाणबाट स्पष्ट छ। तथापि यस्ता महान् आत्मदर्शी विवेकी सन्त पुरुषलाई जो कोहीले चिन्न सक्तैनन्। यस्ता ज्ञानी सन्त [सत्य देवता] लाई यथार्थ चिन्न, पहिल्याउन तथा साक्षात् परिचय पाउन हाम्रो अन्तस्करणको भित्री आँखा उघ्रिनु-पर्दछ, तब मात्र चिन्न र रहस्य बुझ्न सकिन्छ। बुद्धि स्वच्छ हुनुपर्दछ तब मात्र वस्तु स्थितिको अनुभव हुन्छ। हृदय निर्मल हुनुपर्दछ, तब मात्र उक्त महापुरुषबाट पाइने महान् लाभ 'ज्ञान' प्राप्त गर्न सकिन्छ।

जस्तो समुद्रको माथिल्लो तहमा तृण, काष्ठ, धूलो, पानीको फींज इत्यादि मात्र दृष्टि-गोचर हुन्छ, किन्तु 'मोती त समुद्रको भित्री तहमा मात्रै उपलब्ध हुन्छ, ठीक त्यस्तै महात्मा पुरुषको बाहिरी आकृति एवं बर्ताव [व्यवहार] ले सर्वाङ्ग पहिचान गर्न सकिन्न। केवल विवेक चक्षु खोलेर सत्सङ्गको ज्ञान-प्रकाशमा प्रवेश गरेपछि मात्र 'मुक्तारूप' स्व-स्वरूपको बोध प्राप्त हुन्छ।

उपरोक्त प्रकारबाट अति संक्षिप्तरूपले अत्यल्प धारणा जीवन्मुक्त महापुरुषको उल्लेख गरिएको छ। किन्तु वहाँहरूमा अनन्त विचार बोध विवेक तथा रहस्य सर्वाङ्गरूपले रहेको हुन्छ। जीवन्मुक्त महापुरुषको सम्पूर्ण रहस्य जीवन्मुक्तै दर्जामा पुगेका ज्ञानी तथा विवेकी पुरुषहरूले मात्रै जान्न एवं अनुभव गर्न सक्तछन्। या त वहाँहरूको सेवा-सुश्रूषा गरेर साथमा रहने सौभाग्य पाएका मुमुक्षुहरूले यथायोग्य योग्यतानुसार जान्न सक्तछन्। तथापि जीवन्मुक्त बोधक सद्गुरुदेवको असीम अनुग्रह एवं कृपा प्रसादद्वारा नै यी पंक्तिका लेखकले यथामति रूपेण यत्किञ्चित् मात्र भए पनि जीवन्मुक्त सन्तको आदर्श रहस्य भाव संक्षेपमा दर्शाउन सकेको हो।

जीवन्मुक्तको बोधनिष्ठा-उद्गार

सत्सङ्गत्वे निस्सङ्गत्वं निस्सङ्गत्वे निर्मोहत्वम्।
निर्मोहत्वे निश्चलितत्वं निश्चलितत्वे जीवन्मुक्तिः॥

(शंकराचार्य कृत-मोहमुद्गर, श्लो० ६)

अर्थ—स्वरूपज्ञान निर्णायक यथार्थ सत्सङ्ग प्राप्त भएपछि समस्त सांसारिक विषय वासनादेखि जिज्ञासु निस्सङ्ग हुन्छ, पुनः निस्सङ्गता राम्ररी मिलेपछि त्यो व्यामोहरहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, यस प्रकार मोह [अज्ञान] को विनाश हुनासाथ मन बोधभावमा निश्चल हुन जान्छ, तत्पश्चात् सम्यक् निश्चलता [को धारणा] आएपछि त्यही जीवन्मुक्त हुन्छ ।

देह, इन्द्रिय, मन इत्यादिको प्रेरक, संस्मरणरूपी मनलाई पनि चेताउने प्रत्यक्ष चैतन्य 'म स्वयं हुँ' । 'म' देखि अतिरिक्त—ती जड़ देह, इन्द्रियहरूले मलाई कदापि जान्न सक्तैनन् । मनोमयसहित सुख-दुःख हानि-लाभ तथा अखिल दृश्य जड़ तत्त्व पदार्थको नाम र रूप आदि सर्व ज्ञेय पदार्थलाई मैले नै जानेको हुनाले सर्वको ज्ञानकर्ता म स्वयं ज्ञाता परीक्षक स्वरूप सत्य छु । जड़ तत्त्व समुदाय यावत् पिण्ड-ब्रह्माण्डका दृश्य पदार्थहरूले मलाई कदापि तीन कालमा जान्न एवं ज्ञान गर्न सक्तैनन् । त्यसकारण 'सबलाई जान्ने, जनैया-जाननहार, परम परीक्षक, चैतन्य पारखस्वरूप म नै हुँ ।' 'अजर, अमर, अविनाशी, अखण्ड, शुद्ध, नित्य, सत्य हुँ ।' दृश्यभाससहित शब्दोच्चारणरूपी 'म' भन्ने संज्ञावाचक शब्द मात्रलाई पनि पन्छ्याएर—वाच्यांशलाई त्याग गरेर खास 'म' को बोध जसबाट हुन्छ, त्यो लक्ष्यांशरूप, बोधस्वरूप परम परीक्षक पारखरूप हुँ । मेरो स्वरूपमा सुख-दुःख हानि-लाभ आदिको क्रिया कर्तव्य केही छैन । अब म शुद्ध बोधस्वरूप चैतन्यलाई सांसारिक कुनै चीजको चाहना गर्नु-पर्ने केही आवश्यकता छैन । म सदा बोधभावमा तृप्त, स्थिर, परम सन्तुष्ट, नित्य निरन्तर शान्तरूप छु । मलाई जुन नित्य स्वरूप पद प्राप्त गर्नु थियो त्यो प्राप्त भयो । जसलाई जान्नु थियो सो जानें, जसलाई भेट्टाउनु थियो सो साक्षात् भेट्टाएँ, जसलाई खास बुझ्नु थियो सो अपरोक्ष बुझें, जसलाई लिनु थियो सो अखण्डरूपले लिएँ, जसलाई चिन्नु थियो सो राम्ररी चिनें । अनेक तीर्थ, व्रत, जप, तप, पूजा, पाठ, ज्ञान, ध्यान, योग, समाधि गरेर पनि जसलाई पाउनुपर्दथ्यो सो स्वयं प्रत्यक्षरूपले पाएँ, मानव जीवनमा जो सर्वशिरोमणि, शाश्वत, सनातन, अखण्ड अविचल महान् पद [स्व-पद], उपलब्ध गर्नुपर्दथ्यो त्यो पूर्ण रूपले गरें, जहाँ [जुन स्वरूप देशमा], पुग्नुपर्दथ्यो, तहाँ अविराम एवं अभङ्ग गतिसहित अविकलरूपले पुगें । जहाँ पुगेर जति [अखण्ड शान्ति, पारखस्थिति तथा समाधि एवं अटल विश्रान्ति] पाउनु थियो सो सब यथेष्ट पाएँ । स्वरूपबोधदाता प्रभु सद्गुरुदेवको कृपा दृष्टि-बाट अब म कृतकृत्य भएँ । सदा शान्त अविकार एकरस रहें ।

यस प्रकार साक्षात् पारखपद अर्थात् स्वरूपस्थिति प्राप्त गरेर देह र देहसम्बन्धी सर्व जड़ाध्यास हन्ता विकारलाई त्यागिदिएका सन्त नै जीवन्मुक्त हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तदश प्रकरण

विदेह मुक्ति-रहस्य

उपाधि विनिर्मुक्त घटाकाशवत्प्रारब्धक्षयाद्विदेह मुक्तिः ॥

(मुक्तिकोपनि, अ० ३ । मन्त्र २)

अर्थ—सम्पूर्ण कर्मको वासना र मनको अनेक सङ्कल्परूपी उपाधि निवृत्त भएका तथा चैतन्यस्वरूपमा स्थिति लिएर दृढ़ निश्चय एवं धारणा सम्पन्न रहेका स्वरूपनिष्ठ जीवन्मुक्त पुरुष प्रारब्ध क्षयपश्चात् अर्थात् देहान्तबाद सदाकाल स्वरूपस्थितिमा नै अवस्थित रहन्छन् त्यही विदेह मुक्ति हो। जस्तो घट नाश भए पनि घटको आकाश स्थित रहन्छ, किन्तु आकाश ज्ञानगुणरहित शून्य हो, चैतन्य जीव ज्ञानगुणसहित शुद्ध स्वरूप विदेह मुक्तिमा सदा स्वतन्त्र नित्य स्थित रहन्छ ।

स्पष्ट व्याख्या—जड़ तत्त्व तथा पंचविषयदेखि सर्वथा पृथक्—नित्य, शुद्ध, सत्य, अजर, अमर, अविनाशी, अखण्ड, अक्षय, एकरस, चैतन्यस्वरूपको अपरोक्ष बोध जहाँ प्राप्त छ, साक्षात् पारखको परम प्रकाश प्राप्त भएर अबोधजनित भ्रम-भूल [विपरीत समझ र विपरीत क्रिया] को जहाँ सर्वथा निवारण भएको छ, अहर्निश चैतन्य रमैया राम स्व-स्वरूपकै बोधभावमा जहाँ सतत रमण छ, सम्पूर्ण सुखाध्यास, कामना, आशा, इच्छा, बोध तथा वैराग्यले मिथ्या एवं दुःखरूप प्रतीत छ, क्रियमाण कर्म त्यागिदिनाले, सञ्चित कर्म दृढ़ बोध र विरतिद्वारा नाश भएको हुनाले, प्रारब्ध कर्म भोगेर समाप्त गरिदिनाले एवं रीतले त्रिविध कर्मको जहाँ ध्वंस भएको छ ।

उपर्युक्त प्रकारको बोध धारणा र जीवन्मुक्त प्रसङ्गमा वर्णन भएको 'जीवन्मुक्त ज्ञानी पुरुषको सर्वाङ्ग रहस्य-साधना प्राप्त गरेका जो महापुरुष छन् तिनै विदेह मोक्षका अधिकारी हुन् ।

विरक्तस्य तस्सिद्धेः ।

(सांख्यदर्शन, अ० २ । सू० २)

अर्थ—विरक्तस्य—विरक्त पुरुषहरूलाई नै, तत्—त्यो मोक्षको, सिद्धे—सिद्धि हुन्छ ।

आजसम्म जीवलाई बन्धनमा पर्नुपरेको र जन्म-मरणादिको दुःख भोग्नुपरेको केवल अबोध-अज्ञानबाट नै हो । सो अबोध-अज्ञानदेखि अब अत्यन्त उपराम भएर त्यसको सर्वथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निवारणको निमित्त परम प्रयत्न हुनुपर्दछ । मुख्य जसको अज्ञानले बन्धन भएको छ त्यसकै यथार्थ ज्ञान प्राप्त गर्नु परमावश्यक छ । अबोध अर्थात् यथार्थ सत्यस्वरूपको बोध (ज्ञान) नभएर नै अबोध भइरहेछ । सूर्यमा बादलको आवरण परेझैं अबोध बनिरहेछ । अब पारखी सद्गुरुदेवको कृपादृष्टिबाट स्व-स्वरूपको बोध प्राप्त भयो । निस्सन्देह अपरोक्ष चैतन्यस्वरूपमा स्थिति प्राप्त भयो तब नै उक्त अबोधको संहार भयो । पुनः सो अबोधको विनाश भएपछि त्यो अबोधबाट जायमान (उत्पन्न) समस्त देहसम्बन्धी त्रिविध तापको दुःख पनि साथै धराशायी भयो । जस्तो वृक्षको जरै काटिदिएपछि शाखा, पत्र, फूल, फल आदि 'छिन्ने मूले नैव शाखा न पत्रम्' (न्याय) सब नाश भएर जान्छ । त्यस्तै बोधको प्रकाश भएपछि अबोधजनित तीन कर्म तथा त्यसका फलरूप तीन तापादि सब समाप्त भएर जान्छन् । यस प्रकार जब जीवनमा अबोध नाश भएर स्व-स्वरूपबोधको परमप्रकाश प्राप्त भयो भने सर्वश्रेष्ठ काम भयो । अनुपम, अवर्णनीय, अत्युत्तम तथा असाधारण एवं अलौकिक दिव्य अखण्ड लाभ मिल्यो ।

चक्र भ्रमणवद् धृतः शरीरः ॥

(सांख्यदर्शन, अ० ३ । सू० ८२)

अर्थ—चक्र भ्रमणवत्—पाङ्ग्रा (या कुमालेको चक्का) घुमेको समान, धृतः शरीरः—जीवन्मुक्त पुरुष शरीर धारण गरेका हुन्छन् ।

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥

(भगवद्गीता, अ० ५ । श्लो० २५)

अर्थ—जसका सम्पूर्ण पापहरू काटिएका छन्, संशयहरू छिन्न भएका छन्, चित्त एकाग्र छ तथा सम्पूर्ण प्राणीहरूको हितमा लागेका छन्, तिनले निर्वाण ब्रह्मलाई पाउँदछन् ।

एतावता जो स्थितप्रज्ञ जीवन्मुक्त सन्त छन्, ती सदा मनको कल्पना (सङ्कल्प) धारामा नबगेर इच्छाजित भएर स्थिर रहन्छन् । पूर्वको प्रारब्धानुसार रचना भएको शरीरको आवश्यक दुःख-सुख भोग भोग्दै अभ्यन्तरको धारणा बनाएर अखण्ड सत्स्वरूपको स्थितिमा सुखी रहन्छन् तथा अन्य अधिकारी जिज्ञासुहरूलाई समतापूर्वक त्यही सत्य स्वरूपबोधको उपदेश दिँदै गर्दछन् । यस्ता निर्मल बोधधारी जीवन्मुक्त सन्तको शरीर छँदा-छँदै पनि ती संसारको सुखभाव क्रिया (जो बन्धनको कारण छ), त्यसदेखि अलग हुँदै आएका हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र स्व-स्वरूपबोधमा स्थिर रहेका हुनाले ती पुरुष संसारदेखि सदा पृथक् नै छन् । किनभने संसारको अनेक कल्पना संशय विकार त्यो सब उनको छुटेको छ, केवल प्रारब्ध वेगरूपी शरीर सम्बन्ध मात्र बाँकी छ । त्यो पनि 'कुम्भकार [कुम्हाले] को चक्र घुमेर पछि वेग सिद्धिनासाथ आफ-से-आफ थामिए झैं पूर्ववेग स्वयमेव समाप्त हुनासाथ अन्य वासना तथा इच्छा कुनै नरहनाले अज्ञानमय जड़देहको ग्रन्थि निवृत्त हुनासाथ त्यहाँ चैतन्यदेव देह बन्धन-रहित मोक्ष हुन्छ ।

संसारका समस्त देहधारी प्राणीलाई एक शरीर छोड़ेर अन्य-अन्य शरीर धारण गर्नु-पर्ने र गराउने मुख्य कारण वासना हो । वासनाको मूल हेतु कर्म हो । कर्म हुनाको कारण विषयभोग हो । अब यहाँ जुन पुरुषले सारा विषयादिक कर्म (भोग) पुरुषार्थद्वारा त्याग गरेर समाप्त गरिदिएको छ, पुनः स्व-स्वरूप बोधको दृढ़ विवेक बलले सम्पूर्ण वासना अध्यास नाश गरिदिएको छ, यस्ता ज्ञानी पुरुषको सारा त्रिविध कर्म विनाश भयो । त्यहाँ कुनै एक पनि कर्मको लेशमात्र बचत (बाँकी) रहेन, सुतरां सम्पूर्ण कर्मको भुक्तान (चुक्ती) भयो । यस प्रकार कर्म नाश हुनासाथ आवागमनको क्रिया समाप्त भयो ।

योग सन्यस्त कर्माणं ज्ञानसंछिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥
तस्मादज्ञानसंभूतं हृत्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमात्तिष्ठोतिष्ठ भारत ॥

(भगवद्गीता, अ० ४ । श्लो० ४१-३२)

अर्थ—हे अर्जुन ! योगद्वारा कर्महरू त्यागिएको, ज्ञानद्वारा सबै संशयहरू काटिएको, आत्मज्ञानीलाई कर्महरूले बाँध्दैनन् । त्यसकारण अज्ञानद्वारा उत्पन्न हृदयमा रहेको यो आफ्नो संशयलाई ज्ञानरूपी खड्गले काटेर योगको आश्रय लेऊ उठ ! अर्थात् मोक्ष हुनमा सत्पुरुषार्थ गर ।

वास्तवमा अज्ञानद्वारा जड़ चेतनको सम्बन्ध ग्रन्थि 'पानीको भुमरी झैं' (गाँठो परेको थियो) सो चेतनकै भूल (अबोध) वश भएको हो, सो जड़ाध्यासले नै जड़-चेतनको सम्बन्ध बनाइराखेको थियो । त्यो आज जीवन्मुक्तको सम्पूर्ण जड़ाध्यास भूल-अज्ञान प्रथम नै बोध-वैराग्यद्वारा नाश गरी दीसकेको हुनाले केवल प्रारब्ध मात्र बाँकी थियो, त्यो प्रारब्ध क्रिया पनि भोगेर स्वयमेव समाप्त भयो । अब त्यहाँ जो प्राण वायु हो, त्यो बाहिरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायु तत्त्वमा विलीन भयो । यस वेलामा उक्त जड़ चेतनको ग्रन्थि* छुट्टियो (सम्बन्ध विघटन भयो), सूक्ष्म मनोमय (अन्तस्करण चतुष्टय), जड़-चेतन ग्रन्थिकै अन्तर्गत भएको हुनाले ग्रन्थिको विनाश हुनासाथ (स्थूल सूक्ष्म कारण आदि) सबै उपाधिको उपसंहार भयो । तत्पश्चात् जड़तत्त्वरूप शरीर समुदाय तत्त्वको कार्य तत्त्वमा मिल्यो । चेतन निराधार मोक्ष भयो । अब कहिले पनि देह लिनु नपर्ने भयो । विदेह—अर्थात् देहरहित शुद्ध चैतन्यस्वरूप मात्र रह्यो । अक्रिय, अखण्ड, एकरस अविचल भयो । पारख गुणी—ज्ञान गुण एकस्वरूप सदा स्थिर भयो । यही विदेह मुक्तिको सार्वभौम सर्वोच्च निराधार अखण्ड पारख स्थिति हो ।

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्व संशयाः ।
क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे परावरे ॥

(मुण्डकोपनि०, मुण्डक २ । खण्ड २ । मन्त्र ८)

अर्थ—त्यो परावर चैतन्य स्व-स्वरूपको साक्षात्कार गरेपछि, तब यो जीवको हृदयको ग्रन्थि टुट्दछ, बन्धन छिनालिन्छ, त्यसको हृदयका सारा संशय छिन्न-भिन्न भएर नष्ट हुन्छन्, पुनः समस्त कर्म वासनादि सर्वथा क्षीण (नाश) हुन्छन् ।

जीवन्मुक्तपदं त्यक्त्वा स्वदेहे कालसात्कृते ।
विशत्यदेहमुक्तत्वं पवनोऽस्पन्दतामिव ॥

(मुक्तिकोपनि०)

अर्थ—श्रीरामचन्द्र भन्नुहुन्छ—हे हनुमान ! चैतन्य अजरामरस्वरूप बोधमा स्थिर भएर जब कालवश प्रारब्ध भोगान्त समयमा शरीर पात हुन्छ, तब वायु स्पन्दनसमान तिमी जीवन्मुक्त पदलाई पनि पार गरेर विदेह मुक्तिको (परम) पदमा पुग्नेछौ ।

तथा च—मुक्तात्माको यस्तै स्थिति बताइएको छ—

यदा ह्येवैष एतस्मिन् दृश्येऽनात्म्येऽनिरुक्तेऽनिलयनेऽभयं प्रतिष्ठां विन्दते । अथ सोऽभयं गतो भवति ॥

(तैत्तिरीयोपनि०, बल्ली २ । अनु० ७ । मन्त्र १)

---

* जड़ चेतनको ग्रन्थिको बारेमा रामायणमा सन्त तुलसीदासजीले पनि भन्नु-भएको छ—

जड़ चेतन ग्रन्थि परि गई । यद्यपि मृषा छूटत कठिनई ॥

(रामचरित मानस—उत्तर काण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—जब यो जीव मुक्त हुन्छ तब देख्नमा पनि नआउने, शरीररहित भन्नमा (वर्णन गर्नमा) पनि नआउने तथा अरूको पनि आश्रय लिनु नपर्ने (निराधार) रूपले निर्भयतापूर्वक स्थिति लाभ प्राप्त गर्दछ, अक्षय अखण्ड नित्य उभय पदमा स्थिर हुन्छ ।

आत्मा प्रकरणात् ।

(वेदान्त दर्शन, अ० ४ । पाद ४ । सू० ३)

अर्थ—प्रकरणात्—मुक्तिको प्रकरण (यथार्थ विवेक) बाट (यो नितान्त सत्य सिद्ध छ कि) मुक्त आत्मा—शुद्ध आत्मा नै भएर रहन्छ ।

व्याख्या—आत्मा बन्धनरहित भएर आफ्नो विशुद्ध एवं दिव्यरूपमा स्थित हुन्छ ।

चितितन्मात्रेण तदात्मकत्वादित्यौडुलोमि ॥

(वेदान्त दर्शन, अ० ४ । पाद ४ । सू० ६)

अर्थ—चितितन्मात्रेण—आत्मा चैतन्यस्वरूप हुनाले त्यही आफ्नो नित्यस्वरूपमा स्थित रहन्छ, तदात्मकत्वात्—किनभने त्यसको वास्तविक स्वरूप त्यस्तै छ, इति—यस्तो, औडुलोमिः—आचार्य औडुलोमिको कथन छ ।

व्याख्या—चैतन्य जीव ज्ञानस्वरूप हो, मोक्षमा त्यो आफ्नो उही स्वरूपमा स्थिर रहन्छ । श्रुतिले पनि त्यही रूपको वर्णन गरेको छ । यथा—बृहदारण्यकोपनिषद् (४।५।१३) मा मिश्रीको डल्लो भित्र-बाहिर गुलियो र नूनको ढिको भित्र-बाहिर नुनिलै-नुनिलो रहन्छ। एवं रीतले गुण-गुणीको समवाय सम्बन्धवत् ठीक त्यस्तै-ज्ञानगुण-गुणी जीव नित्य एकरस रहन्छ ।

पूर्वोक्त प्रमाणहरूबाट—जहाँ जुन घटमा गुरु-कृपाद्वारा स्व-स्वरूपको बोध प्राप्त भयो, पुनः विवेक रहस्यसहित जीवन्मुक्तिको धारणामा रहेर प्रारब्ध भोग व्यतीत गरिदियो भने अन्तिम कालमा [कामनासहित अज्ञानको प्रथम नै नाश भैसकेको र स्व-स्वरूपको बोध प्रकाशमा अखण्ड स्थिति मिलिसकेको हुनाले] चेतन र जड़को अध्यास सम्बन्ध छुट्टिन्छ (पृथक्-पृथक् हुन्छ), तब विदेह मोक्ष भयो, बस सम्पूर्ण दुःख समाप्त भयो अखण्ड कल्याण भयो ।

प्रत्येक जड़पदार्थ कारण या कार्यरूपको मानिन्छ, त्यो आधार-आधेयरूप हुन्छ । मृत्तिका कारण हो, घट कार्य हो । यसकारण मृत्तिका आधार हो तथा घट आधेय हो । परन्तु यता चैतन्य त न कारण हो, न कार्य हो । अतएव त्यो न आधार हो, न आधेय हो अपितु निराधार हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासनासँग सम्बन्धित चेतन प्रकृतिको आधारमा रहन्छ। किन्तु जब वासनादेखि मुक्त भएर आफ्नो शुद्ध स्वरूपमा अवस्थित हुन्छ र प्रारब्धरूप शरीर पनि जब समाप्त हुन्छ, तब त्यो न कसैको आधारमा रहन्छ, न कसैलाई आधार दिन्छ। स्वयं निराधार असङ्ग एकरस रहन्छ।

अब त्यो मुक्त भएको चैतन्यको र जड़ जगतको कुनै सम्बन्ध रहेन। केवल भूल मनोमय वासनावश मात्र बाहिरको जड़ विजाति तत्त्वसँग सम्बन्ध भएको थियो त्यो छुटेर गयो अर्थात् जड़-चेतनको सम्बन्ध विच्छेद भयो। तब अर्को पंचविषयरूप जगत ज्ञाता चैतन्यको खास स्वरूपमा त छँदैछैन। अतः वाह्य जड़ जगत र तत्त्व पदार्थदेखि रहित * देहदेखि रहित, केवल त्यो साक्षात् मुक्त चेतनलाई न अग्निले जलाउन सक्तछ, न जलले डुबाउन सक्तछ, न वायुले उड़ाउन सक्तछ, न पृथ्वीले दबाउन सक्तछ। यस प्रकार जसलाई यी कुनै पनि तत्त्वहरूले संस्पर्श गर्न सक्तैनन्, यस्तो अग्राह्य चैतन्य पदार्थ अजर अमर अखण्ड नित्य निराधार शुद्धस्वरूप रह्यो। अन्ततोगत्वा अब जगतदेखि, जन्मनु-मर्नुदेखि, भ्रमरूप सम्पूर्ण मनोमय सृष्टिदेखि, त्रिविध तापको विपुल कष्ट एवं क्लेशदेखि, त्यो सर्वथा रहित भयो मुक्त भयो।

अभावं वादरिराह ह्येवम्।

(वेदान्तदर्शन, अ० ४। पाद ४। सू० १०)

अर्थ—वादरिः आह—वादरिको वर्णन छ, अभावं—मुक्त पुरुषको देह, इन्द्रिय, मन हुँदैन, हि एवम्—यस्तै श्रुतिले भनेको छ।

अतः चैतन्य जीवको देह इन्द्रिय मन एवं पंचविषय पदार्थसँग प्रथम खालि मनोमय (इच्छा-अध्यास) मात्र नै सम्बन्ध भएको थियो। त्यो स्व-स्वरूपको एकरस बोध स्थिति भएर सम्पूर्ण मनोमय सृष्टि नाश भयो, तब चेतन जीव निराधार स्थिर भयो।

अतएव चानन्याधिपतिः॥

(वेदान्तदर्शन, अ० ४। पाद ४। सू० ६)

---

* उक्त विदेह मुक्त भएको चेतन दृग्गोचर हुन्छ कि हुँदैन? भन्ने विचारमा—जो इन्द्रिय गोचर पदार्थ हो त्यो मात्र दृश्य हुन्छ। यसको अतिरिक्त जो इन्द्रियको द्रष्टा हो त्यो देह छँदैमा त दृश्यभावमा कदापि आउँदैन (बन्धनकालमा त कदापि दृश्य हुँदैन) भने झन् देहरहित विदेह मोक्षमा त्यो दृश्यमा कसरी आउँदछ र? सुतरां सर्व इन्द्रिय मनदेखि अग्राह्य अगोचर अलौकिक द्रष्टा चैतन्य परीक्षक केवल मोक्षरूपले नित्य स्थिर रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—अतएव, च—यसकारणले पनि, अनन्याधिपति—त्यो स्वयं नै आफ्नो स्वामी (अधिष्ठाता) हुन्छ ।

व्याख्या—मुक्त पुरुष सम्पूर्ण वासना नाश गरेर निज-स्वरूपमा स्थिर भै मोक्ष भएको हुनाले त्यो स्वयं आफ्नो स्वामी अर्थात् स्वतन्त्र, स्वच्छन्द, निर्द्वन्द, निरावरण, निराधार स्थिर हुन्छ । श्रुतिमा भनेको छ—'स स्वराट् भवति' अर्थात् त्यो आफ्नो स्वामी स्वयं हुन्छ ।

यसकारण बाह्य पंचविषयहरू चार तत्वसँग तथा अन्य देहधारी चेतनसँग पनि त्यो विदेह मुक्त भएको चेतन जीवको कुनै सम्बन्ध रहेन । पुनः त्यो चैतन्य मुक्त स्वरूपमा कसैले बाधा पुऱ्याउन पनि सक्तैन । किंवा मुक्त जीवको शरीरसँग सम्बन्ध नहुनाले अब त्यो (मुक्त) चेतनलाई कुनै हानि-लाभ नै छैन । केवल स्वयं प्रकाशी नित्य स्थिर शुद्ध चैतन्य मात्र सदा स्थित छ । कारण सर्वत्र गमनागमन गराउने वासना हो, त्यो वासना नै जहाँ समाप्त भएको छ भने त्यहाँ आउनु-जानु (डेरा सर्नु) को विकारी क्रिया सर्वथा सिद्धियो । 'ठूलो संग्राम जितेर सम्राट् भएझैं' परम पुरुषार्थ गरेर अविचल एवं अखण्ड मोक्ष भयो ।

विकारावर्ति च तथा हि स्थितिमाह ।

(वेदान्त दर्शन, अ० ४ । पाद ४ । सू० १९)

अर्थ—विकारावर्ति—मुक्त जीवात्मा जन्मादि विकाररहित, निर्मल स्थिति प्राप्त गर्दछ, तथा च—तिनको त्यस्तै, हि—निश्चयपूर्वक नै, स्थितिम्—स्थिति (मुक्तदशा) को वर्णन, आह—श्रुतिमा भनेको छ ।

किञ्च 'मुक्तिको चरम स्थिति (जन्म-मरणादि विकारमा नमुछिने) अजर, अमर, अविनाशी, कल्याणस्वरूप सत्य छ ।'

(छान्दोग्योपनिषद्, अ० ८ । पाद १ । मन्त्र ५)

अब मोक्षको मुकाम पनि कतै स्वर्ग अथवा अन्य लोक-लोकान्तरादि धाम या कुनै देश-ग्राम इत्यादिमा छैन । किन्तु हृदयको अज्ञानरूपी ग्रन्थिको जहाँ नाश भयो त्यहाँ मोक्ष जीव आफ्नो नित्य सत्यस्वरूपमा नै सदा स्थिर हुन्छ र मोक्ष हुन्छ ।

यस बारेमा पनि शास्त्रकै गम्भीर घोषणा छ—

मोक्षस्य न हि वासोऽस्ति न ग्रामान्तरमेव वा ।
अज्ञान हृदयग्रन्थि नाशो मोक्ष इति स्मृतः ॥

(शिवगीता, अ० १३ । श्लो० ३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—श्रीशिवजी भन्नुहुन्छ—मोक्षको भूमिका कुनै जड़ तत्त्व पदार्थमा छैन (लोकादिमा पनि छैन), न कुनै ग्रामान्तर अर्थात् नगर पुर ग्रामादि ठाउँमा छ अपितु अन्तस्करणबाट अज्ञानको विनाश हुनु र (हृद्ग्रन्थि विच्छिन्न भएर) चेतन आत्मा जड़ देह बन्धनबाट पृथक् भै निराधार स्थित हुनु नै मोक्ष हो ।

पुनरपि—

न मोक्षो नभसः पृष्ठे न पाताले न भूतले ।
सर्वाशा संशये चेत्तत्क्षय मोक्ष इतिर्यते ॥

(योगवाशिष्ठ)

अर्थ—मोक्ष न आकाशको पृष्ठभागमा रहन्छ, न पातालमा, न पृथ्वीमा, किन्तु—सम्पूर्ण आशा, वासा, कल्पना, कामना एवं अखिल भोगवासना तथा संशयादिको सर्वथा छेदन भएर जब चित्त क्षय हुन्छ, त्यसैलाई 'मोक्ष' भनिन्छ ।

यही अखण्ड मोक्ष हो । यही सर्वशिरोमणि विदेहमोक्षकै निमित्त ब्रह्मादि सम्पूर्ण देव-देवताहरू र महान् तपस्वी सनकादि सम्पूर्ण ऋषि-मुनिहरू दुवै हात जोड़ेर प्रार्थना गरि-रहेका छन् । यही विदेह मुक्तिकै गायन सर्व वेद र उपनिषद्हरूले मुक्तकण्ठले गरेका छन् । यही उच्च कोटिको विदेहमोक्षकै प्राप्ति निमित्त सब साधन चतुष्टय आदिको महान् पुरुषार्थ गर्नुपरेको हो । यही परमपदरूप स्वरूपस्थिति भेट्टाएका विरला विवेकी ज्ञानी एवं महाभाग्य-मानी पुरुषलाई मात्र मिल्ने विदेह मुक्ति हो ।

उपरोक्त प्रकारको विदेहमुक्ति स्थितिदेखि पृथक् अन्य जति प्रकारका लोक-लोकान्तरमा पुगेर 'दिव्य ऐश्वर्य भोग भोग्न पाइन्छ' भनेर वर्णन गरिएको मुक्ति हो, त्यो साक्षात् मुक्ति होइन, सुतरां कामनायुक्तको मुक्ति हो । स्थूलबुद्धियुक्त सकाम इच्छा लिने-हरूलाई धर्मपरायण गराउनको निमित्त एक हर्षोल्लासको लाभसूचक शिक्षा हो । धर्ममा अभिरुचि गराउन, साहस-हिम्मत दृढ़ाउन, तद्विषयमा अत्यधिक निष्ठा र आस्था एवं निश्चय बढ़ाउन, श्रद्धा जगाउन, विशेष रोचकता भाव ल्याएर उही जगत ऐश्वर्यकै वर्णन गरेर बताइएको गौणमुक्तिको कथन हो । यसको निर्णय निम्नप्रकारले गरिएको छ ।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ ! नान्यदस्तीति वादिनः ॥
कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेष बहुलां भोगैश्वर्य गतिं प्रति ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोगैश्वर्य प्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥

(भगवद्गीता, अ० २ । श्लो० ४२–४३–४४)

अर्थ––हे अर्जुन ! कर्मकाण्डरूपी वेदका अर्थवाद (नाना फल श्रुति आदि) मा भुलेका, त्यसदेखि अर्को श्रेयसाधन केही पनि छैन भनेर स्वर्गलाई नै सर्वोपरि मान्ने, काम परायण अविवेकीहरू जन्म कर्मरूप फललाई दिने केवल भोग र ऐश्वर्य प्राप्तिका विषयमा अनेक क्रियाको विस्तारयुक्त पुष्पित (फुलेको वृक्षझैं) मिथ्या शोभाले भरिएका, सुन्दाखेरि मात्र मीठो प्यारो लाग्ने कुराहरू गर्दछन् । स्वर्गको भोग र ऐश्वर्यमा आसक्त हुनाले सकाम कर्मकाण्डका वाक्यले विवेक बुद्धि हरण भएका मनुष्यहरूको अन्तस्करणमा निश्चयात्मिका (यथार्थ विवेकयुक्त) बुद्धिको उदय हुँदैन ।

वास्तवमा 'दिव्य भोग सुखैश्वर्य प्राप्त हुन्छ' भन्ने उक्तिको आधारमा नै विभिन्न धर्म-कर्महरूका संस्थान चलिरहने र साथै परम्परा पनि कायम रहने हुनाले मुक्तिको समन्वय गरेर बताइएको एक राजभोग ऐश्वर्य संयुक्तको व्याख्या हो ।

किनकि धर्म-कर्म दया-दान परोपकारादि पुण्य कर्म गर्नाले त्यसको फल वारंवार नरदेहमा दिव्य ऐश्वर्य भोग अवश्य प्राप्त भइरहन्छ । उक्त धर्म-कर्मादि पुण्योपार्जन नगरेर अधर्म आचरण एवं पाप कर्म गर्नेहरूलाई मुहुर्मुहु नरदेहमा पनि व्याधि-विपत्ति, दारिद्र्य, दुःख भोग-भोग्नुपर्ने र अन्य चारखानी (चौरासी) मा पनि अनन्त देहधारण गरेर असह्य क्लेश-कष्ट भोग्नुपर्ने हुन्छ । एतदर्थ धर्म, भक्ति, परोपकार, दया-दान इत्यादि पुण्य कर्म गर्नेहरूलाई अवश्य सुखैश्वर्य भोग आदि मिल्दछ, किन्तु मुक्ति मिल्ने त होइन । मुक्ति मिल्नलाई त ज्ञान प्राप्त गर्नु नै अनिवार्य छ । साक्षात स्व-स्वरूपको अपरोक्ष बोध प्राप्त गर्नु-पर्दछ, तब मात्र यथार्थ विदेह मुक्ति मिल्दछ ।

सत्यमा 'मुक्ति' भनेको त सारा दुःखको सर्वथा निवृत्ति भएर पुनरपि जननी जठर (अर्थात् गर्भवास) मा कदापि आउनै नपर्ने (कुनै कालमा, कुनै युग-युगान्तरमा पनि देह धारण गर्नै नपर्ने), त्रिविध तापको गोता खानै नपर्ने भएर [सदा अक्षय अविनाशी परमपदमा लीन भै अखण्ड नित्य रहन पाउने त्यस्तो विशिष्ट दर्जा प्राप्त हुनेलाई] मात्र 'मुक्ति' भनिन्छ । त्यही सर्व श्रेयसः, सर्वशिरोमणि, अलौकिक, महान् रूपको सर्वोच्च विदेह मुक्ति हो । यस्तो मुक्ति प्राप्त हुनलाई आत्मनिष्ठ हुनुपर्दछ । यही वेद तथा उपनिषद एवं गीता-भागवतहरूको विशिष्ट उद्घोष छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं छित्वा च भित्वा च ज्ञानेन परमासिना ।
ततोऽमरत्वं ते यान्ति यस्मान्नावर्तते पुनः ॥

(नरसिंहपुराण, अ० १५ । श्लो० ११)

अर्थ—ज्ञानी पुरुष ज्ञानरूपी उत्तम खड्ग लिएर अज्ञानमय वृक्षलाई छिन्न-भिन्न गरेर त्यो अमरपदलाई प्राप्त गर्दछन् , जहाँ पुगेर जीव पुनः यो संसारमा फर्कदैन ।

किंवा पुराण आदिमा कहीँ-कहीँ स्वर्गादिको महिमा बताएर दिव्य भोग प्राप्तिको वर्णन नाना किसिमसित जो आएको छ तथा त्यही स्वर्गप्राप्तिलाई मुक्ति ठहराइएको छ । परन्तु त्यो स्वर्गको वास्तविक निर्णय गीतामा यस प्रकार दिइएको छ ।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयी धर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ॥

(भगदगीता, अ० ९ । श्लो० २१)

अर्थ—ती सकामकर्मीहरू त्यो ठूलो स्वर्गलोकलाई भोगेर पुण्य क्षीण भएपछि मर्त्यलोकमा नै प्रवेश गर्दछन् ; यसरी तीन वेदका कर्मकाण्डको अनुसरण लिएका विषय-भोगको इच्छा गर्नेहरू आवागमनलाई नै पाउँदछन् (अर्थात् जन्मदै-मर्दै गर्दछन्) ।

उपर्युक्त प्रमाणबाट धर्म-कर्म गरेको फलरूपमा स्वर्गलोक प्राप्त हुन्छ, तथापि त्यहाँ आफ्नो पुण्य कर्म छउञ्ज्यालसम्म मात्र स्वर्गको भोग भोग्न पाइने रहेछ । पुण्यको क्षीण हुनासाथ पुनः मृत्युलोकैमा थचारिन आउनुपर्दो रहेछ, सदा-सर्वदा नाना देह धारण गर्न र वारंवार दुःख पाउन आउनुपर्दो रहेछ । अब जहाँ यस प्रकार आउनु-जानु, देह लिनु-छोड्नु, दुःख-सुख भोग्नु इत्यादि अनन्त झञ्झट लागि नै रहेको छ भने त्यहाँ साँच्चिकै मुक्ति-गति भएको कहाँ सिद्ध भयो र ?

'जहाँसम्म दुःखको आत्यन्तिक निवृत्ति र अविनाशी परमपदको प्राप्ति हुँदैन, तहाँसम्म मुक्ति लाखौँ-करोड़ौँ कोस टाढ़ा छ ।'

स्वर्गादि लोक-लोकान्तरको मुक्तिको कथन-निरूपणमा 'दिव्य देहको प्राप्ति, पुष्प-माला, चन्दन चर्चिताङ्ग एवं परम कान्तिवान युवा शरीर, अप्सराहरूसँगको आनन्द भोग-विहार, दिव्य वस्त्राभरण, मणि रत्नादिजड़ित मुकुटले शोभायमान भएर सिंहासनासीन हुन पाइने इत्यादि सर्व राज ऐश्वर्य भोगको नै वर्णन भएको हो ।'

तस्मात् कारणात् यिनै सब हेतुले यही (विदेह मोक्षको श्रेष्ठ) लक्ष्यलाई लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा लोक-लोकान्तरको पौराणिक मुक्तिको बारेमा गीतामा स्पष्टरूपले आखिरी निर्णय दिइएको छ ।

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।

(भगवद्गीता, अ० ८ । श्लो० १६)

अर्थ—हे अर्जुन ! ब्रह्मलोकदेखि लिएर जति लोक-लोकान्तर मानिएका छन् ती सब लोक पुनरावर्ती हुन् अर्थात् जहाँ पुगे पनि पुनः फर्केर संसारमा नै जन्म लिन् आइरहनुपर्दछ ।

यस प्रकार ब्रह्मलोकपर्यन्त जुनसुकै लोकमा गए पनि जुनसुकै धाममा पुगे पनि 'फर्कनै पर्दछ' भनेर ठोस प्रमाण र सत्य निर्णय दिएपछि विचारवान सत्सङ्गीले यो निश्चयपूर्वक बुझ्नुपर्दछ कि लोकादिको प्राप्ति भएर यथार्थमा 'मुक्ति' नहुने रहेछ । त्यो त केवल रूपक बाँधेर एक आलंकारिक परिभाषा दिएर मुक्ति मानिएको मात्र रहेछ । उत्तम स्वरूपज्ञानको रहस्यलाई बुझ्न नसक्ने साधारण खालका मध्यम वर्गीहरूलाई कर्मोपासनादिमा लगाइराख्नको निमित्त मात्र मुक्तिको कथन गरिदिएको रहेछ ।

अब खास मुक्तिको विषयमा गीता-गायक स्वयं श्रीकृष्णचन्द्रले नै स्पष्ट निर्णय गर्नुभएको छ—

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥

(भगवद्गीता, अ० १५ । श्लो० ६)

अर्थ—त्यो स्वयं प्रकाशमय (चेतनस्वरूप) परमपदलाई न सूर्यले प्रकाशित गर्न सक्तछ, न चन्द्रमा र अग्निले नै प्रकाशित गर्न सक्तछ तथा जुन परमपद प्राप्त गरेपछि मनुष्यलाई फेरि संसार (भवाटवी) मा आउनुपर्दैन त्यही (स्व-स्वरूप नै) मेरो परम-धाम हो ।

अझ परमधाम एवं परमगति (विदेह मुक्ति) को स्पष्टीकरण यस प्रकार छ—

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥

(भगवद्गीता, अ० ८ । श्लो० २१)

अर्थ—जसलाई 'अव्यक्त अक्षर' यस्तो भनिन्छ, त्यो (अजर अमर अविनाशी चैतन्यस्वरूप आत्मा हो) त्यसैलाई परमगति पनि भनिन्छ, जसलाई पाएपछि फर्कनुपर्दैन, त्यही मेरो परम धाम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पष्ट व्याख्या—जहाँ जुन परमपद (चैतन्यस्वरूप) मा 'विना सूर्यको पनि प्रकाश छ, विना चन्द्रमाको पनि शीतल सुधामृत वर्षा छ, विना अग्निको पनि शम-उष्ण छ' भनेको यसको मुख्य तात्पर्य जहाँ जुन मोक्ष भूमिकामा बाहिरको सूर्यको पनि अपेक्षा एवं प्रयोजन छैन अर्थात् जड़ प्रकाशरहित अविनाशी सत्स्वरूपको नै जहाँ परम प्रकाश छ, अन्य कुनै नाशवान् जड़ प्रकाशको आवश्यकता छैन, पुनः देहसम्बन्धी त्रयतापको दाहदेखि सर्वथा रहित छ र लौकिक शरच्चन्द्रको पनि अपेक्षा छैन, सदा ज्ञानस्वरूप चैतन्यको नै नित्य-निरन्तर निर्मल शीतल सुधामृतको अविरल वर्षा छ, भाव पञ्चक्लेशको जहाँ सर्वथा अभाव छ, कुनै कृत्रिम जड़ जगतको शीतलताको रत्तीभर आवश्यकता छैन, पुनश्च—उष्णरूप जड़ अग्निको पनि अत्यन्त अपेक्षारहित मात्र 'ज्ञान गुण, ज्ञान धर्म, ज्ञान शक्ति-सामर्थ्य संयुक्त छ,' बाह्य जड़ गुण-धर्मको लेश मात्र प्रयोजन छैन, स्वयं साक्षात् अपरोक्ष रमैया राम चैतन्यस्वरूप नै जहाँ अखण्ड एकरस नित्य सत्य छ, 'जुन चैतन्यस्वरूपको बोध पाएपछि अपरोक्ष पारख स्थितिमा लवलीन भएर टिकेपछि महान् विदेह मोक्ष प्राप्त हुन्छ र त्यसलाई पुनः भव-बन्धनमा आउनु-जानुपर्दैन, 'यद्गत्वा न निवर्तन्ते' को अलभ्य लाभ प्राप्त हुन्छ त्यही दिव्य परमोज्वल, सर्वोत्कृष्ट, सर्वोत्तम, निर्विकार, निराधार, नित्य, निश्चल, अनादि, अविनाशी, सर्वोपरि, पारख नै (मेरो) परम परीक्षक, स्व-स्वरूप चैतन्यदेवको (परमपद विदेह मोक्षको) धाम हो ।

पुनश्च—

न च पुनरावर्तते, न च पुनरावर्तते ॥

(छान्दोग्योपनि०, अ० ८ । खण्ड १५ । मन्त्र १)

अर्थ—स्व-स्वरूपस्थितिद्वारा विदेह मुक्त भएकालाई फेरि फर्कनुपर्दैन, फेरि फर्कनुपर्दैन ।

अझ मुमुक्षुले यो प्रसङ्गलाई पनि मनन गर्नु परमावश्यक छ । जसमा मुक्तिको बारेमा निःसन्दिग्ध ज्ञान प्राप्त होओस् ।

चैतन्य प्रथम मुक्त भएर पछि देहसम्बन्धमा [बाँधिन जन्म लिन] आउने पनि कदापि होइन । कसै-कसैले मुक्त जीव पनि बराबर आफ्नो स्वेच्छाले देहधारण गर्न आउँछ भनी मानेका छन् । त्यो केवल कल्पना मात्र हो, यथार्थ अनुसन्धानरहित विकल्प हो । यदि मुक्त जीव पनि कदाचित् पुनः शरीर धारण गर्न आउछ भनेर मान्ने हो भने—सरासर जन्म-मरणको रोग स्वभावतः लागिरहेकै सिद्ध भयो, तब त्यो मुक्त भएकै कहाँ ठहरियो र ? शरीर भएर नै सबैलाई सारा दुःख-कष्ट भोग्नुपरेको छ तथा असंख्य त्रिविध तापजन्य अनन्त गोता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खानुपरेको छ। अतः मुक्त भएकालाई पनि यदि वारंवार जन्म-मरणको दुःख भोगिरहनु-पर्दछ भने त्यस्तो त्यो मुक्तिको महत्व नै के रह्यो र ? उक्त मुहुर्मुहु पुनरागमन हुने मुक्तिबाट जिज्ञासुलाई के लाभ प्राप्त हुन्छ र ?

यदि मुक्त जीवले पुनर्जन्म लिन्छ भनेर हठले सिद्ध गर्ने हो भने जुन देहसम्बन्धी जन्मृति आदि सर्व दुःखको निवृत्ति र परमपदको प्राप्ति अर्थात् साक्षात् मुक्तिको निमित्त सब साधन चतुष्टय सम्पन्न भएर पुरुषार्थ गर्नुपरेको छ। त्यस्तो महान् परिश्रम गरेर दुर्लभले पाइने अखण्ड-अक्षय्य मुक्ति पाईकन पनि पुनरपि देहबन्धनमा विवशतासाथ अवश्यमेव आउनै पर्छ भने सारा सद्गुण [विवेक वैराग्य तथा शमादि षट् सम्पत्ति एवं मुमुक्षुता] इत्यादि धारण गरेको व्यर्थ नै भयो। त्यत्रो तथा त्यतिकसो परमार्थको त्याग-तपस्या साधन-संयम निष्फल नै भयो। यस प्रकार पुनर्देह धारण गर्नुपर्ने त्यो कदापि श्रेष्ठ एवं दिव्य परम पद प्राप्तिको मुक्ति होइन अपितु आवागमनकै मार्ग हो।

न मुक्तस्य पुनर्बन्धयोगोऽप्यनावृत्तिश्रुतेः ॥

(सांख्यदर्शन, अ० ६। सू० १७)

अर्थ—अनावृत्ति श्रुतेः—अनावृत्ति भन्ने श्रुति हुनाले, अपि—पनि, मुक्तस्य—मुक्त पुरुषको, पुनर्बन्धयोग—पुनः बन्धनमा पर्नु, न—सिद्ध हुँदैन।

व्याख्या—मुक्त पुरुष संसारमा फर्कदैन। यसबारेमा छान्दोग्योपनिषद् ४।१५।५ मा 'इमं मानवमावर्तं नावर्तन्ते नावर्तन्ते' भनेर मुक्तपुरुषको पुनरावर्तन असिद्ध गरिएको छ। अतः मोक्ष प्राप्त गरेपछि आत्मा जन्म-मरणको चक्रबाट निवृत्त हुन्छ, त्यसलाई फेरि संसारमा फर्कनुपर्दैन।

अपुरुषार्थत्वमन्यथाः।

(सांख्यदर्शन, अ० ६। सू० १८)

अर्थ—अन्यथा—यदि यस्तो नमानेदेखि, अपुरुषार्थत्वम्—मोक्षलाई परमपुरुषार्थ भन्न मिल्दैन।

व्याख्या—यदि 'मुक्त पुरुषलाई संसारमा पुनः फर्केर आउनुपर्छ' भन्ने मानेका पक्षमा त्यसलाई मुक्त भएको हो भनेर कसरी भन्नु ? जुन मोक्षलाई अत्यन्त पुरुषार्थ भनिएको छ, त्यो असिद्ध हुन्छ। तसर्थ 'मुक्त' भनेपछि त्यस्ता मुक्त पुरुषको पुनरावृत्ति नहुने नै विवेक-सम्मत सत्य निर्णय हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्त जीव देह-बन्धनमा आउँछ भनेकोमा निम्न प्रबल दूषण आउँदछ। कारण प्रथम देह-बन्धनमा आउन इच्छा संस्कार हुनुपर्दछ। इच्छा हुन इन्द्रियद्वारा भोग भोगेको हुनुपर्दछ, तब नै इच्छा बन्दछ। विना इच्छाको मुक्त जीव देह-बन्धनमा आयो भनेर कसरी निर्णय गर्ने ? यदि मुक्त जीवमा स्वाभाविक इच्छा-अध्यास हुन्छ भनेर बलात् प्रयोग एवं निरूपण गर्ने हो भने—एक त त्यो मुक्त भएकै ठहर्दैन। दोस्रो मुक्ति पनि मान्ने हो र पुनः इच्छा पनि कायम गर्ने हो भने इच्छा इन्द्रिय सम्बन्ध विना हुँदै हुँदैन, यो लोक-प्रसिद्ध कुरा हो, तब इन्द्रिय-सम्बन्ध विद्यमान नै हुन्छ। क्वचित् इन्द्रिय-सम्बन्ध पनि मानेपछि शरीरविना इन्द्रिय पृथक् रहँदै रहँदैन, तस्मात् शरीर पनि प्रथम नै रहेछ भनी मान्नै पर्दछ। एवं रीतले जब शरीर नै रहेछ भने त्यो बन्धनकै नाम रहेको हो सुतरां मुक्ति भएको कदापि होइन।

मुक्त भएपछि त्यो बन्धनमा कथमपि आउँदैन। मुक्त जीवको तीन कालमा शरीर धारण हुँदैन। यस बारेमा शास्त्र प्रमाण प्रस्तुत छ—

अनावृत्तिः शब्दादनावृत्तिः शब्दात्।

(वेदान्तदर्शन, अ० ४। पाद ५। सू० २२)

अर्थ—अनावृत्तिः—स्व-स्वरूपको बोधनिष्ठा प्राप्त गर्नेको पुनरागमन हुँदैन, शब्दात्—श्रुति वाक्यबाट, अनावृत्ति शब्दात्—पुनरागमन हुँदैन, यो शब्द प्रमाणले सिद्ध भएको छ।

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः॥

(भगवद्गीता, अ० ५। श्लो० १७)

अर्थ—उक्त स्व-स्वरूप विचारमै बुद्धि लगाएका, त्यसैमा मनलाई लीन गराएका, त्यसैमा (तदाकाररूपले) निष्ठा बनाएका, त्यसैमा विशेष परायण तथा ज्ञानले सम्पूर्ण पापहरू धोइएका, निर्वाण मोक्ष पाउँदछन्, फेरि संसारमा फर्कदैनन् अर्थात् जन्मन आउँदैनन्।

अतएव मुक्त जीवमा पुनरागमन मान्नु अथवा इच्छा-संस्कारको सम्भावना ठान्नु, अन्याय एवं पक्षपातको कथन हो। कारण देहदेखि इन्द्रिय भिन्न रहँदैन इन्द्रियविना इच्छा बन्दैन पुनः इच्छाविना शरीरसँग सम्बन्धको क्रिया हुँदैन। यदि यो सर्व विकार मुक्त चेतनमा मान्ने हो भने त्यो मुक्ति अत्यन्त निरर्थक र मिथ्या नै ठहर्दछ, बालखेलवत् हास्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पद हुन्छ । एतदर्थ 'मुक्त जीव कदापि देहबन्धनमा आउँदैन'—यही निर्णय न्यायसङ्गत छ, युक्तियुक्त छ, सर्वोचित छ र सर्व श्रेयस्कर छ ।

यथार्थमा विदेहमोक्ष भएपछि त्यो मुक्त चेतन कदापि देहबन्धनमा आउँदैन । सदाको लागि अजरामर पदमा विराजमान भएर सर्वदा स्थिर रहन्छ, यही असली मुक्ति हो । यहाँ जुन महामानवको (चैतन्य स्व-स्वरूपको बोध भएर) साक्षात् मोक्ष हुने हो, तिनको सारा अज्ञान-बन्धन सदेहैमा नाश भएको हुन्छ । यस प्रकार सदेहैमा निज स्वरूपको बोध भावमा पूर्ण स्थिति बनाएर जो जीवन्मुक्त हुन्छ, त्यही देहावसानबाद विदेह मोक्षमा विराजमान हुन्छ ।

तत्र प्राप्तविवेकस्यानावृत्ति श्रुतिः ।

(सांख्य दर्शन, अ० १ । सू० ८३)

अर्थ—तत्र—त्यो जड़ तथा चेतनको, प्राप्त विवेकस्य—यथार्थ विवेक पाएका व्यक्ति-लाई, अनावृत्ति—संसारमा फर्कनु नपर्ने, श्रुति—श्रुतिले बताएको छ ।

व्याख्या—जुन मुमुक्षुलाई जड़-चेतनको सम्बन्धमा विवेकद्वारा सम्यक् ज्ञान प्राप्त हुन्छ, त्यही परम ज्ञानद्वारा तिनको मोक्ष हुन्छ । यस्ता मुक्त जीवलाई संसारमा फेरि फर्कनुपर्दैन । (यजुर्वेद ३१-१८ मा) 'वेदाहमेतं पुरुषं महान्तमादित्यवर्णं—' इत्यादिको अनुसार 'जड़देखि सर्वथा भिन्न चैतन्य स्वरूपलाई साक्षात् जानेपछि जन्म-मरण बन्धनबाट सर्वथा छुटकारा मिल्दछ, यसदेखि अर्को मुक्तिको निमित्त दोस्रो मार्ग छैन' भनिएको छ । अतः यसबाट यो सिद्ध भयो कि 'ज्ञानी पुरुष मोक्ष भएपछि' पुनः संसारमा फर्केर आउँदैनन् ।

पुनश्च—उक्त विदेह मुक्त भएको चेतन, अन्य विदेह मुक्त भएका चेतनसँग जोरिएर या टाँस्सिएर अथवा एकरूपले सम्मिलित भएर (एउटै डल्लो भएर) रहने पनि होइन । किनभने चेतन कसैको कार्य होइन, पुनः कसैको कारण पनि होइन, कार्य-कारणदेखि सर्वथा पृथक् पदार्थ हो (यसको प्रथम नै निर्णय भइसकेको छ) । त्यो त सिर्फ एक चैतन्य नै नित्य, सत्य, अविनाशी, अक्षय वस्तु हो, जड़देखि सर्वथा विलक्षण चीज हो, सर्वदा अखण्ड स्वरूप हो, सदाकाल पृथक्-पृथक् रहने नै अनुपम पदार्थ हो ।

त्यस्तो अपरिवर्तनीय महिमामूल पदार्थ कहिले जड़वत् खण्ड-खण्ड हुँदैन । घोटिने, पिसिने एवं परस्पर मिसिने, टाँस्सिने, एकरूप हुने र पुनः त्यसबाट छुटेर-फुटेर एकबाट अनेक हुने, यस्तो कदापि तीन कालमा हुँदैन । यो मान्यता शुद्ध अखण्ड चैतन्य स्वरूपबोधमा लक्ष्य पुगेको मान्यता होइन, मात्र जड़ कारण-कार्यसम्म वृत्ति पुगेको मान्यता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तवमा चैतन्य आत्मा मुक्त अवस्थामा पनि 'सबदेखि पृथक् नै रहन्छ भन्ने शास्त्र वचन निम्नप्रकार छ—

असङ्गोऽयं पुरुष इति ।

(सांख्यदर्शन, अ० १ । सू० १५)

अर्थ—इति–यस प्रकार, अयं–यो, पुरुष असङ्ग–आत्मा असङ्ग छ ।

असङ्ग पुरुषः प्रोक्तो बृहदारण्यकेऽपि च ।

(अपरोक्षानुभूति, श्लो० ३६)

अर्थ—श्रीशंकराचार्य भन्नुहुन्छ–बृहदारण्यक उपनिषद्मा पनि 'पुरुषलाई असङ्ग नै छ' भनेर निर्णय गरिएको छ ।

उपरोक्त प्रमाणले चेतन आत्मा मुक्त अवस्थामा पनि सबदेखि असङ्ग नै रहन्छ । त्यस्तो असङ्ग अखण्ड चेतनलाई मुक्तिमा कदाचित् एक हुन्छ कि भनेर सन्देह गर्ने हो भने—'निर्विकार चेतनमा परस्पर मिसिने विकार हुन गएपछि पुनः त्यसबाट छुट्टिने विकार पनि हुन सक्तछ । तब जहाँ यस्तो मिल्नु र बिछुड्नुको उपाधिकै सम्प्राप्ति छ भने तहाँ सबदेखि असङ्ग भएर 'निरुपाधिमय विदेह मुक्त भएकै' कहाँ ठहर्दछ र ?

एतदर्थ उक्त कारण-कार्यदेखि पृथक्को अखण्ड चेतनलाई 'परस्पर चेतन-चेतन मिलेर एउटै डल्लो हुन्छ' भनेर निश्चय गर्नु कदापि उचित छैन । तथापि शब्दारण्यको एकोहोरो पक्षमा लागेर त्यसैलाई सत्य मान्ने हो भने त्यहाँ चैतन्य पदार्थको ठीक-ठीक ज्ञान भएन, राम्रो संशोधन हुन सकेन, वृत्ति एकदम जड़तिर पुग्यो । चैतन्यलाई जड़ कारण-कार्य समान नै मानियो । तिनको लक्ष्य, तिनको पहुँच, तिनको अटन, तिनको समझ, तिनको परीक्षा दृष्टि, जड़ कारण-कार्यसम्म मात्र रह्यो, त्यसदेखि पार एवं पृथक् भएन । यिनै सब उपर्युक्त कारणले जड़ कारण-कार्यवत् संझेर—'सबै एकमा मिल्छन् या एउटै गोला हुन्छ' भन्ने निश्चय र तदनुसारको कथन पनि कतै-कतै हुन गएको हो ।

विशेषतः कल्याणार्थी मुमुक्षुले त्यस्तो सत्य सार शाश्वत एवं अखण्ड पदार्थलाई पहिले राम्रोसँग बुझ्नुपर्दछ, साधन सम्पन्न भएर निर्मल विवेक प्राप्त गर्नुपर्दछ, तब यथार्थ बोध हुन्छ । नत्र त बोध ज्ञानमा यदि किञ्चित् मात्र कसर रह्यो भने त्यसको मोक्ष हुनमा पनि कसरै रहन्छ अर्थात् सच्चा मोक्ष हुँदैन, अमुक्त नै बनिरहन्छ, सदा जड़ाध्यासमै भटकि-रहन्छ । यसकारण सब पक्ष तथा हठतालाई छोड़ेर निष्पक्ष निर्मान तथा सरल र सात्विक एवं मुमुक्षु हृदय बनाएर विवेकी सन्त गुरुदेवको सत्सङ्ग गरेपछि तब श्रेष्ठ-सार रहस्यरूप यथार्थ निर्णय बुझिन्छ । स्व-स्वरूपको बोध प्रकाश प्राप्त भएर अजरामर स्वरूपलाई अपरोक्ष-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपले भेट्टाएर हृदयको सम्पूर्ण कष्ट-क्लेश दुःखलाई धुन पाइन्छ । समस्त सन्तापलाई सखाप पारेर तब महान 'विदेह मोक्षको पद प्राप्त हुन्छ ।

यता वास्तवमा चैतन्यस्वरूप सबदेखि सदा-सर्वदा र सर्वथा भिन्न पदार्थ हो । अखण्ड अक्षय अजरामरस्वरूप हो । त्यो अहिले देह धारण काल (बन्धनकाल) मा पनि सबदेखि पृथक् नित्य छ । पश्चात् स्व-स्वरूपको बोध भएर मुक्तावस्थारूप विदेह मोक्षकालमा पनि त्यो सत्स्वरूप सबदेखि पृथक् अखण्ड एकरस नै रहन्छ । यस्तै अन्य मुक्त अमर अखण्ड चैतन्य पनि विदेह मोक्षकालमा सदा पृथक्-पृथक् नै रहन्छन् । अनादि कालदेखि आजसम्म कुनै चेतन जीव एक-अर्कोमा न कहिले मिलेको छ, न अबपछि भविष्यमा पनि कदापि मिल्नेछ । हमेशा निर्विकार निराधार अखण्ड अनन्त चेतन जीव परस्पर पृथक्-पृथक् नित्य नै छ र मुक्तिमा पनि सदा पृथक्-पृथक् नै रहन्छ ।

चेतनलाई जड़सँग परस्पर सम्बन्ध गराउने इच्छा-वासना हो, त्यो इच्छा वासना ज्ञानद्वारा नाश भएपछि मुक्त जीव कारण-कार्यरहित, व्याप्य-व्यापक भाववर्जित, अशांशी भावदेखि पृथक्, उत्पत्ति प्रलयको विकारदेखि पनि सर्वथा अलग, आनन्द या सुख भासदेखि सर्वदा भिन्न चैतन्य नित्य निराधार स्थिर हुन्छ ।

जीवन्मुक्त पुरुषको देह छुट्नासाथ सर्व स्थूल-सूक्ष्म देह र देहोपाधिक ज्ञानेन्द्रियादि तथा अन्तस्करण पञ्चक एवं सुख दुःख आदि साक्षी दशाको ज्ञान सर्व समाप्त हुन्छ । तब इच्छारहित, क्रियारहित, जगतको साक्षी ज्ञानरहित, जड़ाध्यासरहित, समस्त देहोपाधि विकाररहित, निरावरण, निराधार, निश्चल, निष्क्रिय, निर्द्वन्द, निर्बन्ध, निःसम्बन्ध, निस्सङ्ग, निराधार, स्व-स्वरूप देश अर्थात् चैतन्य नित्य शाश्वत सनातन पदमा अखण्ड एवं अविचल रूपले स्थिर रहन्छ, यही साक्षात् विदेहमुक्ति हो । यस्तो विदेहमुक्ति स्व-स्वरूपनिष्ठ [जीवन्मुक्त ज्ञानी पारखी] सन्तको हुन्छ ।

यस प्रकार देहोपाधि निवृत्त भएपछि विदेहमुक्तिमा शुद्ध चेतन जीवको स्वयं पारख धर्म या ज्ञान गुण यो दुवै एक स्वरूप नै हो, जस्तो अग्नि र उष्णता एक स्वरूप अथवा जस्तो सूर्य र त्यसको स्वयं प्रकाश नाम मात्र दुई छ तापनि किन्तु वस्तुतः एउटै हो । तद्वत् शुद्ध चेतन गुणी र त्यसको ज्ञानगुण अथवा स्वयं पारख प्रकाशरूप नित्य गुण सदा अचल अटलरूपले स्थित रहन्छ । यही विदेह मुक्तिको सर्व-शिरोमणि सर्वोत्तम सद्रहस्य हो ।

पूर्वोक्त विदेहमुक्तिको रहस्य यो अति सूक्ष्म प्रसङ्गले युक्त अध्यात्म विचारधाराको सर्व-शिरोमणि आत्मदर्शन हो । सर्वसाधारण जनले यो लक्ष्यलाई शीघ्र बुझ्न असमर्थ हुन्छन्, किनभने प्राथमिक पाठशालाको एक साधारण अध्यापक बन्न त मनुष्यलाई दश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाह्र वर्ष अध्ययन गर्नुपर्दछ भने, यो त त्यो सर्वोच्च स्थितिको मोक्ष रहस्य हो जसलाई बुझ्न मन इन्द्रियको पवित्रता, विवेकयुक्त सत्सङ्गको अधिकता, साधन-संयमसहित मनन-निदिध्यासनादिको विशेषताको आधारमा नै यथार्थ परीक्षा दृष्टि मिलेर साधकलाई स्पष्ट बोध हुन सक्तछ।

यस बारेमा गीता र भागवतका उपदेष्टा श्रीकृष्णचन्द्रले यिनै सब कारण बताउँदै, विरलालाई सत्य ज्ञान प्राप्त हुने निर्णय दिनुहुन्छ—

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः॥

(भगवद्गीता, अ० ७। श्लो० ३)

अर्थ—हजारौँ मनुष्यमा कोही एक साधक नै ज्ञान सिद्धिका निमित्त यत्न गर्दछ, त्यस्ता यत्न गर्ने हजारौँमा कोही एउटाले मलाई यथार्थरूपले [स्वरूपज्ञानयुक्त] जान्दछ।

अतएव महत्वपूर्ण विषयलाई यथाशीघ्र बुझिएन भने पनि साधकले हरेश खानु उचित छैन। किन्तु आफ्नो परम लाभ हुने र जीवनको उद्देश्य सफल हुने कल्याण कार्यमा श्रद्धा तथा साहसको सम्बल बनाएर सत्सङ्ग एवं विवेक गर्दै गएपछि केही कालबाद अवश्य पूर्ण बोध हुनेछ।

कदाचित् 'विदेह मुक्तिको सर्वोत्कृष्ट स्थिति' रहस्यलाई सबैले यथोचित रूपेण बुझ्न नसके पनि जीवन्मुक्त स्थितिको यथार्थता त हरेक मनुष्यले अड़कल गर्न सक्तछन्। किनकि शरीर छँदैमा मनोविकारदेखि मुक्त भएर नै मानिसहरू यथार्थमा सुखी बन्न सक्तछन् र शान्तिको लाभ प्राप्त गर्न समर्थ हुन्छन्। यही परम शान्ति एवं महान् विश्रान्तिको निर्मल अवस्थालाई नै जीवन्मुक्ति भनिन्छ, जो प्रत्येक मनुष्यको अन्तरात्माको प्रबल माग छ, जसलाई मानवले चिरकालदेखि अखण्डरूपले खोजिरहेको छ। यसकारण जीवनको चरमोपलब्धिको अभिलाषा राख्ने बुद्धिमान सज्जनले उक्त स्वरूपज्ञानको विचारलाई हृदयङ्गम गर्नु परमावश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टादश-प्रकरण

इष्ट उपकार-संस्मरण

अपरा विद्याको स्वरूप—

तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दो ज्योतिषमिति ।

(मुण्डकोपनि०, मुण्डक १ । खण्ड १ । मन्त्र ५)

अर्थ—त्यसमा ऋग्वेद, यजुर्वेद, सामवेद तथा अथर्ववेद—यी चार वेद र शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द एवं ज्योतिष—यी वेदाङ्ग [सब मिलाएर] अपरा विद्या कहिन्छन् ।

ब्रह्मज्ञान रसायनं च कविता वेदस्तथा ज्योतिषम् ।
व्याकरणं सधनुर्धरं जलतरं सङ्गीतकं वैद्यकम् ॥
अश्वारोहण कोकशास्त्रनिपुणं नाट्यं तथा चातुरी ।
विद्या नाम चतुर्दश प्रतिदिनं शेषाः कलाः कीर्तिताः ॥

(सुभाषितरत्न-भाण्डागार)

अर्थ—ब्रह्मज्ञान, रसायन क्रिया, काव्य, वेद, ज्योतिष, व्याकरण, धनुर्विद्या, जलतरण, सङ्गीत, वैद्यक, अश्वारोहण, कामशास्त्र, नाटक, चम्पू, चातुरी; यस प्रकार चौद्ध विद्या कहिएका छन् र अन्य शेष चौसट्ठी कलाहरूको पनि वर्णन भएको छ ।

उपर्युक्त प्रमाणबाट संसारमा वेद, शास्त्र, उपनिषद्, पुराण, गीता, रामायण, भागवत, महाभारत आदि धर्म ग्रन्थ र त्यसको जहाँसम्म विस्तार भएर विचार आदिको जति प्रचार प्रसार चलेको छ त्यो सब परोक्ष ज्ञान हो, अपरा विद्या हो ।

अब 'परा' विद्याको रहस्य

अथ परा यया तदक्षरमधिगम्यते ।

(मुण्डकोपनि०, मुण्डक १ । खण्ड १ । मन्त्र ५)

अर्थ—जसबाट त्यो अक्षर 'चैतन्य आत्मा' को ज्ञान प्राप्त हुन्छ त्यही स्वरूपज्ञान नै परा विद्या हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतावता 'परा' यो चैतन्यस्वरूपको अपरोक्ष ज्ञान हो—जो नित्य, तृप्त, शुद्ध, सत्य, अखण्ड, एकरसस्वरूप हो, जो जड़ तत्त्व प्रकृति र शरीर, इन्द्रिय, मन, प्राण आदि समुदायदेखि सर्वथा पृथक् पदार्थ हो, जो भास दृष्टि र मनोमय संस्कार आदिदेखि अतिशय भिन्न वस्तु हो, जो दृश्य, साक्ष्य, क्षेत्र, विषयदेखि रहित द्रष्टा, साक्षी, क्षेत्रज्ञ तथा निर्विषय परमपद हो, जो अत्यन्त अनुपम तथा अलौकिक र अवर्णनीय एवं अक्षय अविनाशी हो, जो परप्रत्यक्ष र अन्तर प्रत्यक्षदेखि सदा परे स्वयं प्रत्यक्ष हो, जो शाश्वत सनातन सर्वश्रेष्ठ दिव्य साररूप हो, जो ज्ञानस्वरूप सर्वशिरोमणि परमपरीक्षक, महिमामूल तथ्य हो।

यस्तो नित्य निर्मल शुद्ध सत्य परा विद्यारूप चैतन्यस्वरूपको [बोध] ज्ञान जसबाट प्राप्त हुन्छ, अन्तर्दृष्टि खुल्दछ, अज्ञानान्धकार हट्दछ, भ्रमतमको संहार हुन्छ, अविद्याको विनाश हुन्छ, साक्षात् स्व-स्वरूपको बोधोदय हुन्छ, अजरामर दिव्य अमृत पदको अखण्ड लाभ मिलेर हृदय तृप्त हुन्छ, बन्धनको पूर्णतया निवारण भएर जीवन कृतार्थ हुन्छ, वासना सर्वथा ध्वंस भएर मोक्ष हुन्छ।

त्यस्तो अलौकिक र अलभ्य लाभका दाता, विशुद्ध जीवन निर्माणका भाग्यविधाता, भव-भय समूहका सर्वोच्च त्राता, असार संसारमा एकमात्र धर्मका सच्चा नाता, चैतन्यस्वरूप ज्ञानका प्रदाता, कर्णधार, केवल सद्गुरुदेव मात्र हुनुहुन्छ। यस प्रकार उक्त परम अक्षय अविचल पद, स्व-स्वरूप 'पराविद्या' को अपरोक्ष बोध ज्ञान दिएर दुःखी अनाथ जीवलाई परम सुखी र सनाथ गराइदिनुहुने बोधदाता सद्गुरुदेवसमान महान् उपकारी दिव्य सर्वोत्तम ज्ञानको दानी अरू (संसारमा) कोही छैन।

कर्णधारं गुरुं प्राप्य तद्वाक्यं प्लववद् दृढम्।
अभ्यासवासनाशक्त्या तरन्ति भवसागरम्॥

(योगशिखोपनि०, अ० ६। मं० ७६)

अर्थ—यो असार संसारबाट प्राणीलाई पार गर्नको निमित्त गुरु कर्णधार हुनुहुन्छ, वहाँको सदुपदेश (सत्सङ्गरूप) वाक्य दृढ़ नाउ हो। वासना नाश गर्ने अभ्यासरूप साधनशक्ति लिएर गुरुबोध ग्रहणद्वारा जिज्ञासु सहजै पार तर्दछन्।

अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया।
चक्षुरुन्मिलितं येन तस्मै श्रीगुरवे नमः॥

(अरुगीता, श्लो० ६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—अज्ञान अन्धकाररूपी नेत्ररोगले अन्ध भएको जीवलाई ज्ञानरूपी अञ्जनशलाका लगाएर विवेकरूपी नेत्र खोलिदिनुहुने त्यस्ता श्रीगुरुदेवलाई नमस्कार छ ।

रविर्हि रश्मिजालेन दिवा हन्ति बहिस्तमः ।
सन्तः सूक्तिमरीच्योघैश्चान्तर्ध्वान्तं हि सर्वदा ॥

(नारदीय पुराण, अ० ४ । श्लो० ४७)

अर्थ—सूर्य आफ्नो प्रकाशको किरण समूहले दिनमा वाह्य जगतको अन्धकारलाई नष्ट गर्दछ । त्यस्तै सन्तहरू सुन्दर वचनरूपी किरणले भित्रको (अज्ञान) तमलाई नष्ट गर्दछन् ।

अतः यस भू-मण्डलमा दुःख र शोकसागरमा डुबेका विषयादिले र अज्ञानान्धकारले ग्रस्त भएका सम्पूर्ण मानवहरूलाई भव-बन्धनबाट छुटाएर परम कल्याण पद प्राप्त गराउने विवेकवान ज्ञानी सन्त महापुरुषहरू नै हुनुहुन्छ, पुनः वहाँले नै आफ्नो ज्ञानोपदेशद्वारा यथेष्ट सहायता दिएर मानव जीवनको सुधार हुने चरित्र निर्माण हुने मार्ग बताउँदै आउनुभएको छ । जगतको आधि-व्याधि उपाधिले पीड़ित, नाना सङ्कटले सन्तप्त, दुःखी जीवलाई सब प्रकारबाट उद्धार हुने विवेकरूपी निर्णय ज्ञान दिएर सुखी एवं शान्त बनाउने श्रेयसाधनमा लगाउने, एकमात्र परमार्थी सन्तपुरुष नै हुनुहुन्छ । पुनः जीवको सर्व आन्तरिक मल दोष पखालिदिएर विशुद्ध हंस रहनी बताएर सारा सद्गुण (दैवीसम्पदा) ग्रहण गराएर मानवलाई मोक्षको अधिकारी बनाइदिनुहुने पनि केवल सन्तपुरुष नै हुनुहुन्छ । संसारको प्रपञ्च रागबाट उत्पीड़ित भएको र व्यवहार परिवार तथा नाना झञ्झट कष्ट-क्लेशद्वारा प्रताड़ित भएर विवश तथा व्याकुल भएको मुमुक्षुलाई सर्वशिरोमणि स्वरूपज्ञानको बोध दिएर परम उपकार गरिदिने बोधदाता ज्ञानी सन्तपुरुष नै हुनुहुन्छ । एतदर्थ यस्ता निर्मल सरल उदार र भवबन्धनबाट उद्धार गरिदिने सन्त गुरुदेवको सत्सङ्ग तथा ज्ञानको धारणाले मानवलाई यस लोकमा सन्तोष शान्ति [दया, शील, समता, धैर्य, विवेक] आदि उत्तमोत्तम सद्रहस्यहरू प्राप्त भएर सुखपूर्वक जीवनयापन हुन्छ र अन्ततोगत्वा देहावसानबाद कल्याण एवं परमपदको प्राप्ति हुन्छ । यस प्रकार लौकिक तथा पारलौकिक दुवै रीतिबाट अनन्त अखण्ड लाभ प्राप्त गराइदिने सर्वतोभद्र हितैषी सन्तजन नै एक कल्पतरु समान हुनुहुन्छ ।

सन्तो दिशन्ति चक्षूंषि बहिरर्कः समुत्थितः ।
देवताः बान्धवाः सन्तः सन्त आत्माहमेव च ॥

(भागवत, स्कन्ध ११ । अ० २६ । श्लो० ३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—श्रीकृष्णचन्द्र भन्नु हुन्छ—"जस्तो सूर्य आकाशमा उदय भै दिएर समस्त प्राणीहरूलाई प्रपञ्च जगत हेर्न र आफ्नो शरीर हेर्नलाई नेत्रको दृष्टि प्रदान गर्दछ, ठीक त्यस्तै सन्त पुरुष आफ्नो स्वरूपलाई र सत्यासत्यको यथार्थ विचार गर्नलाई अन्तर्दृष्टि प्रदान गर्नुहुन्छ। अतः सन्त अनुग्रहशील देवता हुनुहुन्छ, सन्त आफ्नो हितैषी सुहृद् हुनुहुन्छ, सन्त आफ्नो प्रियतम आत्मा हुनुहुन्छ, अझ धेरै के बयान गरूँ ? स्वयं खास म नै सन्तको रूपमा विद्यमान छु।"

उपर्युक्त भागवतको प्रमाण एवं श्रीकृष्णचन्द्रको उपदेशबाट सन्तको महत्व एवं रहस्यको जो वर्णन भयो त्यसलाई हृदयङ्गम गर्नुपर्दछ। किंवा स्वच्छ दर्पणमा आफ्नो मुखाकृति स्पष्ट देखेझैं—'दृश्य जगतलाई र दृश्यदेखि भिन्नको द्रष्टा स्वयं स्वरूपलाई स्पष्टतया देख्न अर्थात् अपरोक्ष ज्ञान प्राप्त गर्न निर्मल दर्पणसमान सन्त हुनुहुन्छ। मानव-जीवनको समुचित उत्थान र परम उद्धारको निमित्त सन्त महान सहायक र हितकारक हुनुहुन्छ। समस्त दानवादि दोष-दुर्गुणबाट छुटाएर सच्चा मानव बनाइदिने र पुनः स्वरूपज्ञानको दान दिएर मोक्षपदमा स्थिर गराइदिने सन्त नै हुनुहुन्छ। अझ साक्षात् परमात्माकै स्वरूप हुनुहुन्छ, भनेर श्रीकृष्णले भन्नुभएको वचनलाई बुद्धिमानले विचार गर्नु परमावश्यक छ।

जन्मदाताऽन्नदाता च भ्रातान्येबान्धवास्तथा।
पारं कर्तुं न शक्तास्ते घोर संसारसागरे॥

(ब्रह्मवैवर्तपुराण. ब्रह्मखण्ड, अ० २४। श्लो० ३५)

अर्थ—जन्मदाता माता-पिता तथा अन्न जलादिबाट शरीर रक्षा गरिदिने अभिभावक जन एवं अन्य कुल-कुटुम्ब इत्यादि कसैले पनि जीवलाई यो घोर संसार-सागरबाट पार गर्न सक्तैनन् अर्थात् यो काम उनीहरूबाट कथमपि हुन सक्तैन।

एतदर्थ सन्तजनको अतिरिक्त अन्य जगतका इष्ट-मित्र बन्धु-बान्धवादि जनहरूद्वारा यो जीवको कल्याण कृतकार्य कदापि बन्दैन। किनकि ती सब त स्वयं अज्ञानमय बन्धनमा बाँधिएका र विशेषतया आवागमनकै मार्गमा भुली तथा भटकिरहेका हुन्छन्। एवं रीतले जब ती आफै कल्याण मार्गदेखि रहित भएर दुःखी अनाथ बनी जन्म-मरणरूपी भवधारमा गोता लगाइ (संसार-चक्रमा चक्कर काटि) रहेका नै छन् भने तब तिनले जसलाई पाए पनि अलमल्याई, अल्झाई, भुलाई, भटकाई नै दिन्छन्। जस्तो नदीको धारमा बगेकाले जसलाई भेट्टाए पनि त्यसैको उपरमा सवार भएर (चढ़ेर) झन् डुबाइ-बगाइ नै दिन्छन् उतार्ने काम त कदापि गर्न सक्तैनन्, ठीक त्यस्तै जो अबोध-अज्ञानमा आबद्ध छन्, काम क्रोधादिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसक्त छन्, माया-मोहमा आक्रान्त छन्, स्वयं नाना जञ्जालमा विशेष ग्रस्त भएर खानी वाणीको ठूलो बन्धनमा परेर पराधीन एवं परवश भएर रहेका छन्—यस्ता अबुध जनबाट बोध ज्ञानको प्राप्ति भएर जीवको कल्याण कदापि हुन सक्तैन ।

अतएव ज्ञानको दान दिएर जीवको महान् उद्धार गरिदिने एकमात्र स्थितप्रज्ञ स्वरूप-निष्ठ बोधवान ज्ञानी सन्तजनहरू नै हुनुहुन्छ । जसले संसृतरूप यो असार संसार-सागरबाट पार लगाई जीवलाई कल्याणपदमा पुऱ्याइदिनुहुन्छ ।

सत्सङ्ग प्रभाव

जाड्यं धियो हरति सिञ्चति वाचि सत्यं मानोन्नतिं दिशति पापमपा करोति ।
चेतः प्रसादयति दिक्षु तनोति कीर्तिं सत्सङ्गति कथय किं न करोति पुंसाम् ।।

(भर्तृहरि शतक, श्लो० ६६)

अर्थ—सत्सङ्गले बुद्धिको जड़ता (मूढ़ता) लाई हरण गर्दछ, वाणीमा सत्यलाई नै (समाहित गरेर) सिञ्चन गर्दछ, सत्य बोल्ने नै शिक्षा दिन्छ, मान (सम्मान) को उन्नति गर्दछ, पापलाई नष्ट गर्दछ, चित्तलाई प्रसन्न गराई विशुद्ध राख्दछ, पुनः दिशाहरूमा कीर्ति फैलाउँदछ, अतः सत्सङ्गले मनुष्यको निमित्त के गर्दैन र ? अर्थात् सब लाभ प्राप्त गराउँदछ ।

अविद्यान्धकारमा फँसेर शरीरादिलाई नै सत्य मानेर मोहरूपी निद्रामा लठ्ठ परेको जीवलाई परम सचेती दिलाई झल्याँस्स ब्यूँझाउने 'सत्सङ्ग' हो । जुन महान् पदको आधार एवं सहायता मिलेर ज्ञानको परम प्रकाश पथ प्राप्त हुन्छ त्यो 'सत्सङ्ग' हो । बहुकालदेखि विषयभोक्ता भएर मलिन बनेको मानवको अन्तस्करणलाई पनि स्वच्छ शुद्ध पवित्र पारी मोक्षाधिकारी तुल्याइदिने 'सत्सङ्ग' हो । नाना पाप र प्रमादले तिमिराच्छन्न प्रवृत्तिले विभ्रान्त भएको निशीथ रजनीको प्रच्छन्न एवं सुषुप्त हृदयलाई सहसा जाग्रत गराउने 'सत्सङ्ग' हो । मानसिक रोग निवारण गर्नको निमित्त यस धरा धाममा एकमात्र अव्यर्थ परमौषधि 'सत्संग' हो । मानव जीवनलाई अत्यन्त परिष्कृत र परिमार्जित तुल्याउन एक अमोघ उपाय 'सत्सङ्ग' हो । मानव-हृदयको पीड़ा-बाधा, शोक-सन्ताप तथा व्याधि-विपत्ति, आदि सर्व कष्ट-क्लेश मिटाउन 'सत्सङ्ग' एक सिद्ध रसायन हो । परम पावन चरित्र निर्माण गर्न र यथार्थ सत्य तथ्यको (वेद, शास्त्र, गीता, भागवत एवं उपनिषदादि सबको निष्कर्ष अन्तिम साररूप) मूल-भूत रहस्यको पत्ता लगाउन तथा सर्वथा भविष्य उज्वल गर्न किंवा परम शान्तिपद प्राप्त गर्न 'सत्सङ्ग' एक विशुद्ध जीवन-दर्शन हो । पुनः संसारका जति ठूला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूला महापुरुष ज्ञानी, ध्यानी, तपस्वी, विवेकी, ऋषि-मुनिहरू हुनुभयो सो वहाँहरूलाई विशुद्धता प्रदान गर्ने, त्यो श्रेयमा पुऱ्याउने, महान् बनाउने र परमपदमा प्रतिष्ठित गराउने, एकमात्र 'सत्सङ्ग' नै हो। किनकि जस्तै अधमलाई पनि नरोत्तम बनाउने र अति अनाथलाई पनि परम सनाथ तुल्याउने केवल 'सत्सङ्ग' हो। किंबहुना शास्त्रकारको उक्ति छ कि पारसको संस्पर्शले फलाम पनि सुवर्ण बन्दछ र मलयगिरिको संसर्गले अन्य काष्ठ (पलाँशादि) पनि श्रीखण्ड चन्दन हुन्छ।' यस प्रकार सत्सङ्गको महिमा प्रकट छ। सुतरां सत्सङ्गको प्रतापले दुर्जन सज्जन हुन्छ, पापी पुण्यात्मा हुन्छ, अज्ञानी ज्ञानी बन्दछ, दुःखी सुखी बन्दछ, अविवेकी विवेकी बन्दछ, मलिन निर्मल बन्दछ, मूढ़ चतुर बन्दछ, अभागी भाग्यवान बन्दछ। अतएव मानवलाई परम मङ्गलकारी सद्यः पुनीत फलप्रदाता एकमात्र 'सत्सङ्ग' नै हो। एतावता जन्म-मरण तथा आवागमनको बन्धन नाश गरेर मोक्ष हुनको निमित्त मानव जगतमा 'सत्सङ्ग' एक वरदान सिद्ध भएको छ।

परं विवर्द्धनं बुद्धेरज्ञानतरुनाशनम्।
समुत्सारणमाधीनां विद्धि साधुसमागमम्॥

(योगवाशिष्ठ, प्र० २। अ० १६)

अर्थ—सन्तको समागम बुद्धिवर्द्धक, अज्ञान वृक्षको विनाशक, मानस रोगको अत्यन्त निवारक र विवेकको प्रकाशक हुन्छ।

साधु सङ्गं तु यः कुर्यात् क्षणं वाऽर्द्ध क्षणं द्विज !।
तस्य नश्यन्ति पापानि ब्रह्महत्या मुखानि च॥

(पद्मपुराण, खण्ड ४। अ० १)

अर्थ—हे द्विज ! जसले एक क्षण अथवा आधा क्षण मात्र भए पनि साधु-सन्तको सङ्गत [सत्सङ्ग] गर्दछ, त्यसका ब्रह्महत्यादि पापको विनाश हुन्छ।

'तुच्छ, दुःखपूर्ण विषयभोग [जसको सुख वास्तवमा मिथ्या छ, काल्पनिक छ, सर्वथा असत्य छ र आपाततः क्षणभङ्गुर छ, अतृप्त तथा अपूर्णमय छ, तृष्णावर्द्धक एवं आसक्ति प्रदायक छ, मुहुर्मुहु जन्म-मरणादि क्लेशमा परिभ्रमण गराउने घोर अनर्थकारक छ] त्यसको प्राप्तिको निमित्त र त्यसलाई भोग्न भेट्टाउनको निमित्त त मानिसले दिनरात परिश्रम गरेर, सहस्रौं सङ्कट सहेर, सबको पराधीनता परवशता लिएर, सबको खुशामद र दास्यता स्वीकार गरेर, दीनता तथा लाचारीको विज्ञापन दिएर, पुनः तन मन धन सर्वस्व न्यौछावर गरेर, हाड़-छाला घोटेर, रगत सुकाएर, पसीना बगाएर, मानव जीवनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(कल्याण गर्ने) बहुमूल्य समय त्यसैमा गुमाएर, सर्वथा आयु सिध्याएर पनि (यस्तो अनावश्यक र निरर्थक काममा) सबैले दिन बिताइरहेका छन्', भने—अब यता वर्तमानको अमूल्य मानव-जीवनमा आफ्नो महान् उद्धार र उपकारको निमित्त सत्सङ्ग प्राप्त गरेका खण्डमा अनायासैमा अल्प प्रयासैमा विशुद्ध जीवन निर्माण भएर सम्पूर्ण दीनता, दरिद्रता, अज्ञान, कामना क्रमशः समाप्त भएर अन्ततोगत्वा परमपदरूप चैतन्यस्वरूपको बोध भएर त्यसैमा स्थिति मिलेर साक्षात् अमर अर्थात् मोक्ष हुन पाउँदछ। अतएव त्यस्तो आफ्नो परम कल्याण हुने सत्कार्यको निमित्त बुद्धिमान सज्जनले विवेकी ज्ञानी सन्त महापुरुषको सत्सङ्ग समागम गर्ने सर्वतोभद्र उपाय गर्नुपर्दछ। नित्य नियमितरूपेण समयावकाश निकालेर सन्तको सङ्गत गर्नुपर्दछ। दुर्लभले पाइएको मानव-जीवनको रत्न समय खालि शरीर निर्वाहको काममा र मनको नचाहिँदो वाहियातको कार्यमा सिध्याउनु विशेष बुद्धिमानी होइन। अमूल्य हीरालाई कौड़ी र काँचको निमित्त बेचिदिनु या गुमाउनु कदापि हुँदैन। यो कुनै मानवीय सत्पुरुषार्थ होइन। तसर्थ आफ्नो सच्चा हित कल्याण चाहने र भवसागरको भयङ्कर दहबाट उम्कन चाहने सज्जन मानिसले बहुधा जीवनको अन्य व्यावहारिक (प्रपञ्चरूपी तमाम) कामलाई पञ्छ्याएर पनि जन्म-जन्मान्तरको दुःख निवृत्ति गर्न र अखण्ड मोक्षपदको लाभ प्राप्त गर्न निर्णयवान सन्त गुरुदेवको निर्मल 'सत्सङ्ग' प्राप्त गर्ने परम पुरुषार्थ गर्नुपर्दछ। जीवनको विशेष सार्थकता र महान् सफलताको निमित्त सत्सङ्ग नै एक सर्वोत्तम सर्वशिरोमणि साधन भएकोले (लौकिक नाशवान धन प्राप्तिका लागि प्रयत्न गरेझैं) मुमुक्षुले नित्य, सत्य, अविनाशी, अखण्ड अक्षय धन प्राप्तिको निमित्त सदा-सर्वदा सत्सङ्ग गर्ने अटल नियम बनाउनुपर्दछ।

महाजनस्य संसर्गः कस्यनोन्नतिकारकः।
पद्मपत्रस्थितं वारि धत्ते मुक्ताफलश्रियम्॥
मलयाचल सङ्गेन त्विन्धनं चन्दनायते।
तथा सज्जनसङ्गेन दुर्जनः सज्जनायते॥
गङ्गा पापं शशि तापं दैन्यं कल्पतरुस्तथा।
पापं तापं च दैन्यं च हरेत् साधुसमागमः॥

(योगवाशिष्ठ)

अर्थ—महापुरुषको संसर्ग कसको उन्नति कारक हुँदैन र? कमलपत्रमा स्थिर जल पनि मोती झैं शोभा प्राप्त गर्दछ। मलयगिरिको सम्बन्धबाट काष्ठ (काठ) पनि चन्दन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ, त्यस्तै सज्जनको सङ्गतले दुर्जन पनि सज्जन हुन्छ। गङ्गाले पापको हरण गर्दछिन्, चन्द्रमाले ताप हरण गर्दछन्, कल्पवृक्षले दीनता (दरिद्रता) लाई हरण गर्दछ, किन्तु सन्तको समागमले त पाप, ताप, दीनता इत्यादि सबलाई हर्दछ।

सन्तको शोध र लोकोत्तर देन

साधु सङ्ग तयो लोके सन्मार्गस्य प्रदीपकाः।
हार्दान्धकारहारिण्यो भासो ज्ञान विवस्वतः॥

(योगवाशिष्ठ, प्र० २। अ० १६। श्लो० ६)

अर्थ—साधुको सङ्ग लोकमा सन्मार्गको दीपक, हृदयको अन्धकारनाशक र ज्ञानरूपी सूर्यको प्रकाश छ।

जगतमा सन्तजनले नै सर्व जीवहरूको जन्म-मरण गर्भवासको असह्य कष्ट छुटाउनाको निमित्त तथा भूल भ्रम एवं अज्ञान आसक्ति नाश गर्नको निमित्त यथार्थ स्वरूप ज्ञान (नित्य सत्य शाश्वतस्वरूप) को शोधन गर्नुभयो। सन्तजनले नै राजस-तामसयुक्त यो जगत दुःख-सरिताबाट पार पाउनको निमित्त धर्माचरणरूप सेतु (पुल) को निर्माण गर्नुभएको छ। पुनः सन्तजनले नै स्वयं नाना साधन-संयमसहित तपश्चर्या र तितिक्षादि गरेर प्रबल पुरुषार्थद्वारा धर्मको धारणा र रक्षा गरिरहनुभएको छ। शरीरको शुद्ध व्यवहारयुक्त निर्वाह र साथै परमार्थ स्थितिको अनन्त विवेक विचार बोध इत्यादि पनि सन्तजनहरूले नै विधान गर्नुभएको छ। सदा सारासारको विवेचन गर्दै रहेर आफ्नो सत्सङ्गरूपी संसद भवनमा निशिवासर शोध-खोज अनुसन्धान एवं परीक्षा गरी-गरी पारख दृष्टिद्वारा उत्तमोत्तम कल्याण साधन सद्रहस्यको प्रकाश सन्तजनहरूले नै गर्दै आउनुभएको छ। त्यही बोधको ज्ञानामृत अधिकारी जिज्ञासुहरूलाई पान गराउँदै जगदुद्धारको कार्य सन्तजनले नै सदा गरिरहनुभएको छ।

यस प्रकार सन्त अहेतुक करुणानिधि सर्वको हितैषी परम उद्धारक एवं महान नाविक हुनुहुन्छ। सन्तजन संसारमा गाई समान हुनुहुन्छ। जस्तो गाई आफूले घाँस-परालहरू खाएर संसारलाई क्षीर (दुग्ध) प्रदान गर्दछिन्, तद्वत् सन्तजनहरू स्वयं शीत, उष्ण, वर्षा, आतप, क्षुधा, तृषा तथा दुःख-सुख, हानि-लाभ, मान-अपमान, हर्ष-शोक, अनुकूल-प्रतिकूल इत्यादि सब थोक सहेर प्रारब्धाधीन देह निर्वाह गरेर नाना साधनसहित इन्द्रिय मनलाई दमन-शमन एवं निरसन गरेर वैराग्याभ्यासपूर्वक एकान्तवास गरी जड़-चेतनको स्पष्ट निर्णय गरेर सत्य-सार क्षीररूप चैतन्यस्वरूप बोध प्रदान गर्नुहुन्छ। त्यसकारण संसारलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्त अखण्ड अजरामर ज्ञानको दिव्य सम्पदा प्रदान गर्ने सन्तजनको असीम उपकार छ, अनुपम सहायता छ र अगाध उदारतापूर्ण अपूर्व दान छ।

परोपकरणं नाम साधूनां व्रतमाहितम्।
विशेषतः प्रणोद्यानां शिष्यवृत्तिमुपेयुषाम्॥

(स्कन्दपुराण, खण्ड २। अ० १२)

अर्थ—सदा अरूको उपकार गर्नु नै साधु-सन्तहरूको प्रसिद्ध व्रत हुन्छ। अझ परमार्थ पथिक ज्ञानाधिकारी मुमुक्षु अर्थात् आज्ञाकारी शिष्यहरूको उपकार गर्नु त विशेषतः अनवरत नै रहन्छ।

हुताशनानां शशिनामिनानामप्यर्बुदं वापि न यन्निहन्तुम्।
शक्नोति तद्ध्वान्तमनन्तमान्तरं हन्त्यात्मवेत्ता सकृदीक्षणेन॥

(शांकर वेदान्त सिद्धान्त संग्रह)

अर्थ—अग्नि, चन्द्रमा, सूर्य यदि दश कोटि (एकत्रित) भए पनि जुन हृदयान्तर्गत अज्ञान मोहादि अन्धकारलाई नष्ट गर्न सक्तैनन् (असमर्थ नै हुन्छन्), त्यही अज्ञानान्धकार-लाई आत्मज्ञानीले एकपल्टको दर्शन [अर्थात् स्व-स्वरूपको सदुपदेशद्वारा साक्षात् स्थिति] ले नै नष्ट गरिदिन्छन्।

गुरुकृपाबाट अखण्ड स्वरूप धनको प्राप्ति

दृष्टान्त—एक सेठ करोड़ाधिपति सदाचारी धार्मिक भक्तिभाव सम्पन्न सज्जन थिए। उनले व्यापार आदि अनेक व्यवसायद्वारा विपुल धनराशि जम्मा गरेका थिए। उनको एक-मात्र नवयुवक पुत्र थियो। निदान छोराको अठार वर्षकै अवस्थामा माता-पिताको देहान्त भयो। तब सेठ-पुत्र निरंकुश भएर धनको नशामा मनपर्दो गर्न लाग्यो। दिनभर आवारा-हरूको कुसङ्गतमा लागेर जूवा, शिकार, हिंसा तथा मद्यपान गर्न थाल्यो। रात्रिमा नाच, तमाशा, सिनेमा तथा वाराङ्गनाहरूको सहवासमा पतन हुन लाग्यो। साथै गाँजा, भाँग, अफीम इत्यादिको पनि व्यसनी भयो। बुद्धिभ्रष्टताले परपीड़ाको कत्ति पनि ख्याल नगरेर अनेक जीवहरूको बध गर्ने र मांस तथा मत्स्याहार आदिको अभक्ष्य सेवन पनि गऱ्यो। नित्य प्रति फेशन र विलासमा लम्पट हुँदै गयो। झन्-झन् दुर्विषयमा लोलुप हुँदै गएर त्यसका दुराचारको संख्या बढ्दै गयो। यस प्रकार कुसङ्गमा फँस्नाले कुकर्ममा लाग्नाले त्यसको सारा धन अल्प समयमा नै स्वाहा भयो। पछि त घर खेत सब बन्धक पऱ्यो र अन्त्यमा निज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर रक्षा गर्न पनि उसलाई मुश्किल पर्न थाल्यो । उता व्यसनको कारणले सापटी लिएर पनि त्यसको पूर्ति गर्न लाग्यो । एतावता ऋणको वृद्धि हुँदै गएपछि विशेष दुर्गुणी देखेर सबैले ऋण दिन पनि छाड़े । त्यसको अत्यधिक कुचालको कारणले क्यै दिनपश्चात् केही खान माग्दा पनि कुकर्मी, व्यसनी, कुपात्र जानी कसैले केही नदिने भए । अन्ततोगत्वा प्राण धान्न पनि मुश्किल परेर आयो । घर-घरमा खानको निमित्त दुक्न थाल्यो । व्यभिचार आदि अनेक दुर्व्यसनले गर्दा शरीरमा धेरै रोगहरूको आक्रमण भयो । शरीर अत्यन्त दुर्बल र अस्थि-पञ्जर हुँदै गयो । खान नपाएर प्राणै जाने लक्षण भएर आयो । भोक-भोकै रहनुपऱ्यो, आखिर पश्चात्तापसहित अनवरत विलाप गर्न लाग्यो । 'आफ्ना पिताको धन अझ कतै लेन-देन व्यवहार भएको छ कि' भनेर पुराना बहीखाताहरू वल्टाई-पल्टाई हेर्न थाल्यो । हेर्दा-हेर्दा एक ठाउँमा यस्तो लेखेको भेटियो । 'बाबु ! तिमीलाई यदि कुनै दुःख पऱ्यो, आपत्ति आइ-लाग्यो भने थाम साहूसँग द्रव्य लिनु उनको कोषमा मेरा धेरै सुवर्ण मुद्राहरू राखिएका छन् ।' उक्त लेख बहिखातामा देखेर सेठ-पुत्रले थाम साहूलाई पत्ता लगाउन ठाउँ-ठाउँमा सोध-पूछ गर्दै हिंड्यो । सारा शहरभरी खोजी गऱ्यो 'थाम साहू को हुन् र कहाँ छन् भनेर ! परन्तु थाम साहूको पत्ता कतै लागेन । अन्त्यमा निराश र हैरान भएर दुःखित हृदयले सेठ-पुत्र आफ्नै घरमा लड़िरहेको थियो । यत्तिकैमा एक महात्मा आउनुभयो, वहाँ वृद्ध सेठको पालादेखि नै आउने गर्नुभएको रहेछ । सन्तलाई देख्नासाथ सेठ-पुत्रले शीघ्र उठेर चरणमा ढोगिदियो र पुनः पाद प्रक्षालन गरी एक स्वच्छ आसनमा आसीन गरायो । सन्तले कुशल प्रश्न सोध्नुभयो । तदनन्तर गहभरी आँसु गरेर आफ्नो सारा वृत्तान्त निवेदन गऱ्यो र फेरि विनय गऱ्यो, 'प्रभो ! म थाम साहूलाई खोजिरहेछु, किन्तु आजसम्म कहीँ पत्ता लागेन । सन्तले त्यसको दशा देखेर तथा उसका सर्व कुचालतर्फ विचार गरेर भन्नुभयो । 'अहो ! तिमीले वाहियातको काम गरेर आफैले यत्रो आपत्ति बेसाएछौ र यस्तो दीनता तथा दरिद्रतामा प्राप्त भएछौ । यो सब कुसङ्ग एवं कुकर्मको फल हो । अब कदाचित् थाम साहू भेट्टिएर त्यो लेखिएबमोजिमको सारा धन हात पऱ्यो भने पनि फेरि उही अनर्थमा नै उड़ाइ-दिने त हौला नि ! यदि फेरि पाप र अपराधमा नै फ्याँक्ने हो भने त्यो धन पाएर के लाभ ?' सेठ-पुत्रले अत्यन्त दुःख पाइसकेको थियो र पुनः सन्तको दर्शन एवं सन्त समागमबाट केही असर परेर शुद्ध संस्कार उदय भएको हुनाले सन्तको पाउ परेर प्रतिज्ञा गऱ्यो, 'हे प्रभो ! अब म कदापि कुकर्म गर्नेछैन, कुसङ्गमा पनि लाग्नेछैन ।' तब सन्तले एक क्षणबाद विचार गरेर अगाध करुणाद्वारा उसलाई लिएर घर भित्र जानुभयो । त्यहाँ अन्य थाम-हरूको साथ एक ठूलो थाम गड़ेको देख्नुभयो । त्यसलाई लट्ठीले दुइ चार पटक ठटाउनु-भयो, छन्न आवाज आयो । तब सन्तले भन्नुभयो यही थाम साहू हो, यसैमा खनेर हेर द्रव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निस्किनेछ। सेठ-पुत्रले खन्यो, तीन फुट तल खनेपछि एक पीतलको सन्दूक निस्क्यो। त्यसैमा खोलेर हेर्दा अपार सुवर्ण मुद्रा (अशर्फी) प्राप्त भयो। तब सन्तको परमकृपाबाट अपार धनराशि पाएर सेठ-पुत्र निहाल भयो, कृतकृत्य भयो। जो महान् दुःखी थियो त्यो अब महान् सुखी भयो, जो दरिद्र थियो त्यही सम्पत्तिशाली भयो। यदि मर्मज्ञ सन्तले यस प्रकार त्यो गाड़िएको धनलाई न बताइदिनुभएको भए त्यो गुप्त धन कदापि प्राप्त हुने थिएन। अतएव त्यो गाड़िएको पुष्कल र प्रच्छन्न निधि (सम्पत्ति) का दाता, असहाय अनाथका त्राता, परम सहायक, महान् उपकारी, सन्त नै हुनुभयो। तब त्यो सेठ-पुत्रले सन्त महापुरुषबाट आफ्नो उपर उक्त अवर्णनीय तथा असीम उपकार भएको देखेर वहाँको चरणकमलमा साष्टाङ्ग दण्डवत गऱ्यो, पश्चात् सजल नेत्रले करबद्ध प्रार्थना गऱ्यो—'हे अहेतुक दयालो ! हे परम रक्षक !! प्रभुले म अनाथलाई सनाथ गरिदिनुभयो। अब कृपा गरेर केही दिन दासको गृहमा राज भएर सेवकलाई सेवाको सुअवसर प्रदान होस्।' सन्तले उसलाई सुधारको निमित्त नैतिक शिक्षा दिन र धार्मिक संस्कार जगाउनको निमित्त केही दिन निवास गर्नुभयो तथा नित्य ज्ञानकथा सुनाउन लाग्नुभयो। सेठ-पुत्रले उक्त प्राप्त धनबाट बन्धक परेका घर खेत सब फिर्ता लियो। उचितरूपले सम्पूर्ण स्वार्थ व्यवहार चलाएर नित्य परमार्थ मार्गमा लवलीन भयो। धर्म भक्ति एवं परोपकारमा संलग्न भएर विशेष पुण्यमार्गमा नै धन खर्च गर्न थाल्यो। सारा अपकर्म (जूवा, हिंसा, मद्यपान, होटेल, सिनेमा, नाच, राग-रङ्ग आदि) सब परित्याग गरेर नित्य सत्सङ्ग श्रवण र सद्ग्रन्थावलोकन गर्न लाग्यो। सत्वगुणी आचार-विचार सम्पन्न भएर सद्गुरुदेवको भक्त भयो। तब सन्तले उसलाई परमार्थका विभिन्न प्रसङ्ग सुनाएर विशुद्ध ज्ञानाधिकारी गराएर यही हृदय-क्षेत्रभित्रको क्षेत्रज्ञ, अजरामर चैतन्य स्वरूपको बोधरूप गुप्त धन अपरोक्षरूपेण बताइदिनुभयो। तब सारा दुःख बन्धन मेटिएर नित्य स्वरूपमा रमण गरेर सौभाग्यशाली भयो। कहिल्यै न मेटिने कहिल्यै नछुट्ने, कहिल्यै नहराउने, कहिल्यै नबिलाउने, अक्षय अखण्ड अविनाशी ऐश्वर्य पाएर सदाको निमित्त तृप्त भै मुक्त भयो।

यहाँ सिद्धान्तमा सेठ-पुत्र समान अज्ञानी मनुष्य इन्द्रियको विषयमा मिथ्या नै सुख निश्चय गरेर अति दीन दुःखी एवं दरिद्री भैरहेछ, नाना लत आदतमा परेर दुर्दशाको पात्र बनिरहेछ। वारंवार त्रिविध तापको असह्य कष्ट पाइरहेछ, पुनः त्यो दुःखको पीड़ाले व्याकुल भएर, छटपटाएर त्यसको निवृत्यर्थ सुखको तलास गरिरहेछ। कहीँ सुत वित्त प्रमदामा सुखको कल्पना गरिरहेछ, कतै अनेक शब्द जाल महारण्यमा भटकिरहेछ, कतै अनुमान कल्पनामा दौड़िरहेछ, कतै मिथ्याभास अध्यासमा फँसिरहेछ। यत्तिकैमा जब श्रीविवेकी परम परीक्षक पारखी सद्गुरुदेवको दर्शन एवं सत्सङ्ग समागमको सौभाग्य प्राप्त हुन्छ। तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वहाँले स्थूल-सूक्ष्म पिण्ड-ब्रह्माण्डरूप पाँचै विषयदेखि भिन्न, तत्त्व, प्रकृति, मन, प्राणदेखि पृथक्—यो स्तम्भ [थाम] रूप शरीरभित्र सबलाई परीक्षा गर्ने ज्ञाता, द्रष्टा, अखण्ड जमापद चैतन्यस्वरूप जो हो, त्यसैको अपरोक्ष बोध प्रदान गर्नुहुन्छ। पुनः त्यसैमा सदा स्थिर भएर रहनाले कल्याण हुन्छ, भनेर बताइदिनुहुन्छ। तत्पश्चात यो चैतन्य जीवले उक्त उपदेश पाएर जब विवेक गर्दछ, तब जड़ इन्द्रिय, प्रकृति, मनदेखि पृथक् चैतन्यस्वरूपलाई साक्षात् ज्ञान गरेर पारख बोधपाएर निहाल हुन्छ। तब त्यसको सम्पूर्ण कष्ट-क्लेश समाप्त हुन्छ।

जुन सत्य श्रेष्ठ एवं साररूप धनलाई अनादिकालदेखि आजसम्म नपाएर महान् दुःख भै रहेको छ, जुन परम धनलाई बाहिर कंकड़-पत्थर, पहाड़-पानी, अग्नि तथा वायु आदि जड़ तत्त्व समुदायमा नै सबैले खोजी गरिरहेका थिए र पुनः कतै नपाएर हार खाइरहेका थिए, जुन धनलाई भेट्टाउन जीवले परम्परादेखि 'कर्मोपासना योग' आदि गरेर अथक परिश्रम गरी दशदिशा घुमी-घुमी खोजी गरिरहेको थियो, जुन धनलाई प्राप्त गर्न बड़े-बड़े धर्म प्रवर्त्तक आचार्यहरू आ-आफ्ना अनेकौं युक्ति, तर्क, प्रक्रिया एवं प्रसङ्गहरू लिएर विविध उपायहरूद्वारा त्यसको पत्ता लाउन अनवरत प्रयास गर्दै आइरहेका छन् तापनि ठीक स्थिति नपाएर बहुधा हैरान भएका छन् र इदमित्थ गर्न नसकेर सुतरां अलमलमा परिरहेका छन्, त्यही धन, मूल धन, मुख्य धन, अक्षय अविनाशी धन, जीव जमा धन, अजरामर चैतन्य धन, यस हृदय गुहाभित्र रहेको ज्ञानस्वरूप धन, गुप्त वित्तरूप बीजक धन, असार संसारको एकमात्र सार धन, सत्य धन, श्रेष्ठ धन, परम परीक्षक पारख धन, नित्य धन, निज धन, अखण्ड धन, शाश्वत एवं सनातन धन, सर्वशिरोमणि श्रेयसः धनलाई श्रीगुरुदेवले साक्षात् बताई बोधनिष्ठामा प्रतिष्ठित गराइदिनुभयो, धन्य ! धन्य दयासागर गुरुदेव प्रभु ! यस्ता परम दयालु बोधक गुरुदेवको उपकार नमनाए कसको मनाउनु ? तसर्थ गुरुदेव नै एक मात्र महान् उपकारी ज्ञानदाता रक्षक, शिक्षक, दीक्षक, स्वरूपबोधलक्ष्यक, परम सहायक र अनुपम हितैषी हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोनविंश प्रकरण

जगतका अन्य उपकारीहरूको तुलना र महान् उपकारी श्रीगुरुदेवको विशेषता

जगतमा उपकारी थरी-थरीका छन् । नदीमा परेर बग्न या डुब्नलागेका मानिसलाई बचाइदिने, अग्निकाण्ड (आगलागी) मा परी जल्नलागेको मनुष्यलाई रक्षा गरी बचाइ-दिने, पुनः फाँसीमा झुण्ड्याउन ठीक पारेकोलाई सरकारमा शिफारिस गरेर कुनै युक्तिद्वारा फाँसीबाट बचाइ दिने, रोग-व्याधिमा असह्य पीड़ाले विशेष कष्ट पाएर प्राणान्त हुन लागेकोलाई अव्यर्थ महौषधिहरूको यथेष्ट सहायता गरी प्राण बचाइदिने, पुनश्च भोक-प्यासले पीड़ित भएको मानिसलाई अन्न-जलको सहायता दिएर प्राण-सङ्कट परेको वेलामा सर्व प्रकारबाट बचाई जीवन संरक्षण गरिदिने इत्यादि ठूला-ठूला दुःखबाट जोगाएर सहायता दिनेलाई परम उपकारी भनिन्छ ।

परन्तु यी सब उपकार सबैले गर्ने सहायता लौकिक हुन्, केवल एक स्थूल शरीरलाई मात्र सुख-सुविधा पुऱ्याउने हुनाले साधारण सहायता हुन् । पुनश्च—जीवनभरमा एक-दुइ पल्टको अग्निकाण्डबाट, फाँसीबाट, सर्प-सिंहादि जन्तुबाट, पानीमा बग्नु र डुब्नुबाट कसैले बचाइदिन सक्ला ! किन्तु अन्य-अन्य देश, काल एवं अवस्था र परिस्थितिमा दुःख-सङ्कट परेको वेलामा त्यही पूर्वको दयालु पुरुषले पुनः पुनः सहायता गरिरहन सक्तैन, मुहुर्मुहु बचाइ-रहन कदापि सक्तैन । उसलाई भने छिन-छिनमा कष्ट-क्लेश ताप नहुने होइन वरन् जीवनभर विविध प्रकारले भई नै रहन्छ ।

कदाचित् विशेष करुणाशील, अत्यन्त दयालु, परोपकारी, सज्जन मानव मिले भने अधिकभन्दा अधिक एक-दुइ पटक उपरोक्त सहायता गरिदेलान् । किन्तु हर गाढ़ विपत्तिमा जीवनभरको सब समयमा, सब अवस्था एवं आपदामा त कसैले पनि सदा सहायता गरिरहन सक्तैन । जब एकै देहमा एकरसरूपले अनवरत सहयोग कसैले गर्न सक्तैन भने आर्को-आर्को शरीरमा त कदापि कसैले सहायता पुऱ्याउन सक्तैन । एतदर्थ उपरोक्त सर्व सहायता, सर्व उपकार लौकिक हुन्, अल्प हुन्, परिमित हुन्, परिच्छिन्न हुन् ।

यता अनन्तकालको अज्ञान नाश गरी पराविद्यारूप चैतन्यस्वरूपको बोध दिएर हमेशाको निमित्त निहाल गराई मोक्षपदमा पुऱ्याइदिने सद्गुरुदेवको उपकार अनन्त छ, अगाध छ, अक्षय छ, अखण्ड छ, असाधारण छ र अलौकिक छ, किनभने अविनाशी चैतन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवलाई अविद्या अज्ञानवश अनादि कालदेखि आवागमन जन्म-मरणको जुन बन्धन भैरहेको छ, अनन्तबार देह धारण गरी त्रिविध तापको घोर दुःख सहनुपरिरहेको छ। पुनः आज मानव देहमा चैतन्यस्वरूपको बोध प्राप्ति नभए (कल्याण–पदमा आरूढ़ नभए), अझ भविष्यमा असंख्यात् शताब्दीसम्म जन्म-मरण गर्भवासको कैदमा परी असह्य गोता खाइ-रहनुपर्ने छ। किंबहुना यस्तो अतीत कालदेखि लागिआएको अज्ञान बन्धन पुनः पछि पनि अनन्त कालसम्म लागिरहने, भयङ्कर फाँसी, क्लेश, ताप, दारुण दुःख, आज सद्गुरुदेवले नित्य, सत्य, अक्षय, अखण्ड स्वरूपको बोध दिएर उक्त फाँसी काटिदिनुभयो, भवबन्धन तन्तुलाई सहसा चुड़ाँलिदिनुभयो, मुख्य संसृत चक्रमा पुनरावर्तन गराउने मूल दुःखलाई नै मेटिदिनुभयो, महादुःखीलाई परम सुखी भाग्यमानी बनाइदिनुभयो, बन्धनमा बाँधिएको-लाई मोक्ष गरिदिनुभयो, पूर्व भूतकालदेखि आजसम्म सितिमिति (कर्मोपासनादि) कुनै उपायले पनि छुट्न नसकेको कठिन कारागारको ठूलो कैदबाट उम्काइदिनुभयो। पुनः अब भविष्यमा कहिले पनि बाँधिन नपर्ने, दुःखको लेश मात्र पनि नरहने, सदा-सर्वदा अजर अमर अविनाशी नित्य सत्य पारखस्वरूपमा अटल तथा एकरस भावले स्थिर भएर रहन पाउने बनाइदिनुभयो। यसकारण बोधक गुरुदेवबाट भएको यो उपकार अमूल्य छ, दिव्य छ, महत्वपूर्ण छ, सर्वोपरि छ र सर्व-शिरोमणि छ।

न विना ज्ञान विज्ञाने मोक्षस्याधिगमो भवेत्।
न विना गुरुसम्बन्धाज्ज्ञानस्याधिगमस्तथा॥

(नारदीय पुराण, पूर्वपक्ष, अ० ५६। श्लो० १६)

अर्थ—ज्ञान-विज्ञान (अर्थात् सर्वोच्चस्वरूप ज्ञान) विना मोक्षको प्राप्ति हुन सक्तैन, त्यस्तो ज्ञान पनि विना गुरुदेवको साथ सम्बन्ध नभईकन प्राप्त हुन सक्तैन।*

गुरुको उपयोगिता र आवश्यकता

* बालकलाई अक्षरास्भ गुरुले गराउँदछन्, यो कार्य यद्यपि सामान्य जस्तो देखिन्छ तापनि वास्तवमा साधारण मान्नु उचित छैन, किनकि यदि शिशुलाई अध्यापकले विद्या नपढाए ज्ञान नसिकाए आफैले स्वयं प्राप्त गर्न सक्तैन। गणित, शिल्प, सर्जरी, साइन्स यन्त्रनिर्माण र कलाकृति आदि सबै महत्वपूर्ण कार्य अनुभवी शिक्षकले नै सिकाउनुपर्दछ, उसले नसिकाई त्यसै कसैले सिक्न सक्तैन। यदि कुनै छात्रले उक्त कार्य अध्यापकको आवश्यकता नै नसम्झेर स्वयं त्यो विद्या अथवा कला हासिल गर्न खोजेका पक्षमा कदापि प्राप्त गर्न सक्तैन। एवं रीतले रोगीले पनि रोग निवारणको निमित्त कुनै अनुभवी चिकित्सककै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचार्यः प्लाविता तस्य ज्ञान प्लव इहोच्यते ।
विज्ञाय कृतकृत्यस्तु तीर्णः शत्रोर्भयं त्यजेत् ॥

(नारदीय पुराण, पूर्वपक्ष, अ० ५६ । श्लो० २०)

अर्थ—आचार्य गुरु संसार समुद्रबाट तार्ने (नाउ ख्याउने) हुनुहुन्छ, ज्ञानलाई नै यहाँ नाउ भनिएको छ । त्यही ज्ञानरूपी डुङ्गामा चढ़ेर परम तत्त्वस्वरूपलाई जानेर ज्ञानद्वारा संसार-सागरबाट पार तरेर काम-क्रोधादि शत्रुको भयलाई निवारण गर्नुपर्दछ ।

शरण लिनु नितान्त जरूरी पर्दछ । यदि रोगीले आफ्नो रोग निवृत्यर्थ निदान ठीकसँग नबुझी-कन आफ्नो सम्बन्धमा आफै औषधि गर्न खोज्नु र गर्नु झन् उल्टो रोग बढ़ाएर आफूलाई दुःखमा फँसाउनु मात्र हुन्छ ।

यस्तै आफूमा रहेको त्रुटि, आफ्नो भूल तथा अज्ञान, दुर्गुण-दोष विकारलाई सर्वथा पहिल्याउन ठम्याउन र त्यसलाई सर्वतोभात्या मिटाउन, गुरु उपदेशकको आधारविना जो कोहीले सक्तैन । जस्तो आफ्नो मुख आफ्नै आँखाले देख्न सकिँदैन, या त दर्पण अथवा अर्को दोस्रो मानिससँग सोध-पूछ गर्ने आवश्यकता पर्दछ, तब मात्र केही थाहा पाउन सक्तछ । एवं रीतले यता साधकले पनि आफ्नो मनोभूमिको, उन्नति या अवनतिको अथवा विशेष प्रगति-को, आत्मिक स्तरको, अनुभव तथा पूरा परिचय आफै सत्यतः परीक्षा गर्न सक्तैन । अन्य सुयोग्य विशेषज्ञले नै यसबारेमा पूरा विश्लेषण गर्न सक्तछन् । उनैले सुधार एवं उद्धार हुने मार्गको निर्देशन गरेर कल्याण गरिदिन सक्तछन् । जसले बाटो देखेको छ या स्वयं पुगेर आएको छ, त्यसैले त्यो मार्गको सम्यक् निर्णय दिन सक्तछ, सुविधा असुविधा पूर्णतया बताउन सक्तछ । नवीन पथिकलाई त्यसैको सत्परामर्श हितकारी हुन सक्तछ । यसको अतिरिक्त कसैलाई पनि नसोधी, त्यसको भेद-मर्म नै नबुझी, त्यसै हिंड्ने मानिसको पुग्ने-नपुग्ने केही ठेकान पनि हुँदैन, पुनः दुःख-सङ्कट पनि धेरै नै बेहोर्नुपर्दछ । अतएव सर्वथा सुयोग्य र मर्मज्ञ नहुञ्ज्यालसम्म मार्गदर्शकको तलाश गर्नु र सहायता प्राप्त गर्नु परमावश्यक छ । त्यस्तै आध्यात्मिक मार्गदर्शनको निमित्त गुरुको वरण गर्नु अति अनिवार्य छ ।

भौतिक शिक्षाको क्षेत्रमा छात्रलाई शिक्षकले तद्विषयको जानकारी प्राप्त गराइ-दिन्छन् र आफ्नो कर्त्तव्य पूरा भएको संझन्छन्, उता छात्र पनि अध्यापकबाट प्रमाणपत्र प्राप्त हुनासाथ आफू विशेषज्ञ बनेको र पुनः तत्पश्चात् शिक्षकहरूको विशेष केही प्रयोजन नरहेको पनि अनुभव गर्दछन् । परन्तु यहाँ अध्यात्म-मार्गमा यस्तो मतलबी र स्वार्थ-भावनामा ग्रस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन महापुरुषले आफूलाई सच्चा कल्याणको बाटो देखाउनुभयो, मुक्तिको रहस्य स्पष्ट बताउनुभयो, सारासारको निर्णय सुझाउनुभयो, जड़-चेतनको विवेक बताउनुभयो, रमैया राम सत्स्वरूपको साक्षात् बोध प्रदान गर्नुभयो, बन्धन तथा मोक्षको भेद प्रत्यक्ष दर्शाउनुभयो, अज्ञानद्वारा मिलेको कठोर क्लेशको परिचय गराउनुभयो, सर्व अघ-अवगुण मूल दुर्गुण पाप छुटाउनुभयो, अधोगामी भइराखेको जीवनलाई दया-सहायता गरेर ज्ञानरूपी महान दान दिएर उद्धार गरिदिनुभयो, अनाथलाई सनाथ गरिदिनुभयो, यसकारण गुरुदेवको उपकार अखण्ड एवं अनन्त छ। यस्तै यी पंक्तिका लेखक अनाथ सेवकको परमार्थ पथप्रदर्शक, शिक्षक, दीक्षक, रक्षक, लक्षक, बोधक, उद्धारक, परम उपकारक, महान भवतारक, कर्णधार, स्व-स्वरूप बोधदाता, परम वैराग्यवान, एकान्तप्रिय, जीवन्मुक्त सद्गुरु श्रीविशालदेव प्रभु हुनुहुन्छ। वहाँकै असीम कृपादृष्टिबाट यो दास सन्मार्गमा स्थित छ। अतएव वहाँ बोधक गुरुदेवको धन्यता वहाँको यो सर्वशिरोमणि ज्ञानदानको उपकार अपरिमित र अवर्णनीय छ।

भएर कार्य सम्पादन हुन सक्तैन, साङ्गता हुँदैन। यहाँ केवल शिक्षा मात्र पर्याप्त मानिँदैन, आध्यात्मिक क्षेत्रमा त आफ्नो महान् उद्देश्य पूरा गर्नको निमित्त र अन्तिम चरम लक्ष्य प्राप्तिको निमित्त गुरुबाट साधन-संयम, योग्यता, प्रतिभा तथा विशुद्ध आत्मबल पनि दान या प्रसादरूपमा उपलब्ध हुनुपर्दछ। मनको निर्मलता र साधनमा दक्षता, परिपक्वता नभई स्थिति तथा शान्ति मिल्न सक्तैन। एतदर्थ गुरुबाट उपर्युक्त विवेक, बोध, ज्ञान एवं जीवन निर्माण गर्ने शक्ति सामर्थ्य र युक्ति सम्बल जीवनभर अनवरत सहयोग नमिली कुनै पनि साधकको मार्ग पूरा हुन सक्तैन। जस्तो कुनै रुग्ण व्यक्तिलाई वैद्यको केवल शिक्षाले मात्र आरोग्य हुँदैन, वरन् व्याधि-विनाशको निमित्त खास औषधिकै सेवन गर्नुपर्दछ, अझ संयम परहेजको समेत अधिक आवश्यकता पर्दछ, तब मात्र व्याधि निर्मूल हुन्छ। ठीक यस्तै निःश्रेयस् पद प्राप्ति निमित्त गुरुदेवबाट मिल्ने बोध र धारणा (साधनाभ्यास) सर्व शुभ गुणादि अवश्य प्राप्त हुनुपर्दछ। योग्य गुरुले पनि केवल आत्म-कल्याणको मार्ग बताएर छोडिदिने मात्र होइनन्, किंबहुना त्यसमा राम्ररी हिँड्न सक्ने र निर्धारित उद्देश्य पूर्ण गर्न सक्ने अपार क्षमता, साहस, बल, अदम्य उत्साह, धैर्य, लगन, शौर्य शान्ति स्थिति पनि दिँदै गर्दछन्। यो देन विवेकी गुरुबाट अनुदिन सतत भई नै रहन्छ। अतएव साधकले मार्गदर्शक गुरुको चयन र वरण अवश्यमेव गर्नुपर्दछ र परमाराध्यको परमाधार जीवनपर्यन्त बनाउनुपर्दछ। तब मात्र अविराम प्रवाह गतिले जीवन कल्याणमा अग्रसर भएर अन्तिममा मोक्ष स्थिति हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टान्तो नैव दृष्टस्त्रिभुवनजठरे सद्गुरोर्ज्ञानदातुः ।
स्पर्शश्चेत्तत्र कल्प्यः स नयति यदहो स्वर्णतामश्मसारम् ॥
न स्पर्शत्वं तथापि श्रितचरणयुगे सद्गुरुः स्वीय शिष्ये ।
स्वीयं साम्यं विधत्ते भवति निरुपमस्तेन वाऽलौकिकोऽपि ॥

(शतश्लोकी रत्नम्)

अर्थ—तीनै लोकको जठर पेटभित्र चैतन्यस्वरूप ज्ञानदाता सद्गुरुदेवको दृष्टान्त देखिँदैन (अर्थात् गुरुलाई लौकिक पदार्थसँग तुलना गरेर उपमा दिनु योग्य छैन) किनभने स्पर्शमणिलाई यदि दृष्टान्त रूपले सिद्ध गरौँ भने त्यसले पनि लौह (फलाम) लाई सुवर्ण मात्र गर्दछ तर आफ्नो स्वरूप प्रदान गर्दैन, यहाँ बोधदाता सद्गुरुदेवले त आफ्नो चरणाश्रित शिष्यलाई (साक्षात् परमपदको प्राप्ति गराएर) आफ्नो तुल्यता (आफूसमान) बनाइदिनुहुन्छ । यसकारण गुरुदेव उपमादेखि रहित अलौकिक अनुपम नै हुनुहुन्छ ।

यस्ता महान उपकारी गुरुदेवको अनन्त उपकारको भुक्तान गर्न, कृतज्ञताको सट्टा फेर्न, यो असीम करुणा-सहायताको बदला तिर्न, उपरोक्त (यो सद्ग्रन्थभरिमा निर्णीत) स्वरूप बोधरूप अखण्ड अक्षय धनको ऋणबाट उऋण हुन, त्यसको चुक्ती गर्न, जिज्ञासु (शिष्यसँग) केही चीज छैन, कुनै प्रकारबाट पनि प्रत्युपकार गर्ने साधन एवं सामग्री छैन । करोड़ौं अरबौंको अपार धनराशि प्रदान गर्नेलाई एक दुई कौड़ी या कंकड़, पत्थर दिएर जस्तो बराबरी हुँदैन, बदला तिरेको ठहर्दैन, समता हुँदैन र समान सहयोग गरेको सिद्ध हुँदैन, तद्वत् कल्याणकर्त्ता बोधरूपी अखण्ड अविनाशी पदका दाता श्रीगुरुदेवलाई शिष्यले संसारको नाशवान जुनसुकै पदार्थ दिए तापनि गुरुदेवको यो अविनाशी धनको बदला तथा समताको तुलना हुन सक्तैन । यसकारण जड़ पदार्थ दिएर त अविनाशी चैतन्य पदको बराबरी हुन सक्तैन । बोधदाताको परम उपकारदेखि उऋण हुन कदापि सकिँदैन ।

एकमेवाक्षरं यस्तु गुरुः शिष्यं प्रबोधयेत् ।
पृथिव्यां नास्ति तद्द्रव्यं यद्दत्वा चानृणी भवेत् ॥

(चाणक्य नीति द०, अ० १५ । श्लो० २)

अर्थ—गुरुले शिष्यलाई एउटै अक्षरको उपदेश गरेको भए पनि त्यो उपकार रूप ऋणबाट उर्त्तीर्ण हुन शिष्यले गुरुलाई दिने वस्तु पृथ्वीमा केही पनि छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमप्यक्षरं यस्तु गुरुः शिष्ये निवेदयेत् ।
पृथिव्यां नास्ति तद्द्रव्यं यद्दत्वा ह्यनृणो भवेत् ॥

(अत्रिस्मृति, श्लो० ९)

अर्थ—गुरुले शिष्यलाई यदि एक अक्षरको मात्र ज्ञानको प्रदान गरेको छ भने पनि त्यो शिष्यको निमित्त यो पृथ्वीभरिमा त्यस्तो कुनै पनि द्रव्य छैन जो आफ्नो गुरुलाई चढाएर उपकारदेखि उऋण हुन सकोस् ।

अतएव शिष्य अथवा भक्तले आफ्नो उपरमा श्रीगुरुदेव महापुरुषको अनन्त करुणा-दया भएको तथा असहायको परम सहायक बनेर अखण्ड उपकार गरेको याद राखी श्रीगुरुदेव-प्रति अगाध निष्ठा एवं अनन्त श्रद्धा बनाई आफ्नो महान् कल्याणको निमित्त वहाँको चरणको शरण परेर नाशवान तन मन धन न्यौछावर गरेर अर्थात् यसको हन्ता-ममता त्यागेर काया वाचा मनसाले सद्गुरुदेवको भक्तिमा लवलीन हुनु, वहाँको आज्ञाको पालन गर्नु, सेवा-सुश्रूषामा चित्त दिनु, आफूलाई ऋणी सम्झनु उपकारको संस्मरण गर्नु हो ।

सदा-सर्वदा आफ्नो हृदयमा अखण्डरूपले चैतन्य स्वरूपको यथार्थ बोध र सिद्धान्तको परिपक्व धारणा बनाउनु भक्ति हो । पुनः कल्याण मार्गको सर्व साधन-संयम विवेक वैराग्य तथा दया क्षमादि सर्व हंस रहनीको पूर्णतः पालन गर्नु त्यसैमा स्थिर हुनु भक्तिको अंग हो । परम उपकारी गुरुदेवको हमेशा उपकार मनाएर, आफूलाई ऋणी आभारी सम्झेर, कृतज्ञता ज्ञापन गरेर, आजीवन अखण्ड प्रेम-प्रीति बनाएर त्यही प्रेम श्रद्धामा लवलीन हुनु भक्तिको अंग हो । इन्द्रियासक्ति, आलस्य, प्रमाद, सम्पूर्ण दुर्गुण तथा अष्टमद एवं सुखाध्यास, मिथ्या मान्यतालाई सर्वथा परित्याग गरिदिनु र बोधकप्रति स्वयं अर्पण रहनु उपकारको ग्रहण हो । सदा सत्सङ्गपरायण भएर अष्ट महासद्गुणको ग्रहण गरेर सर्वाङ्ग गुरु रहस्यमा तन्मय भएर अनुयायी बनेर गुरुको आधारमा रहेर बोधमा निष्ठ रहनु भक्तिको स्वरूप हो । पुनश्च गुरुको गुणानुवाद, गुरुको महत्त्व संस्मरण, गुरुवन्दना, गुरुस्तुति, प्रार्थना, पाठ, सद्ग्रन्थावलोकन गर्नु सद्सिद्धान्तको प्रचार र प्रसार गरेर धर्मको परिचय सर्वत्र प्रकाश गर्नु अबोध अज्ञानले दुःख पाएका समस्त प्राणीमात्रलाई स्वजाति जीव संझेर तिनको दुखः अज्ञान हरण गर्न सदोदित उपाय सोच्नु तदनुसार युक्तियुक्त उपायले चैतन्य बोधको ज्ञान दान दिनु यो पनि भक्तिको एक वैशिष्ट्य अङ्ग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अखण्ड ज्ञानीको परिचय

संसारमा अन्न, वस्त्र, धनादि पदार्थद्वारा यथायोग्य रक्षा तथा सहायता गर्ने व्यक्तिलाई दानी भनिन्छ । अन्नदान, जलदान, गोदान, गृहदान, भूमिदान, शय्यादान, सुवर्ण-दान, अन्य कल्पवृक्षादि महादान तथा हीरा, मोती, मणि-मणिक्यादि रत्नदान एवं राज्यदान इत्यादि जति दानहरू हुन्छन्—ती सर्व दान लौकिक दान हुन् । ती उपर्युक्त दान दिने दातालाई त निज भावानुसार श्रेणी तथा समझ एवं स्व-स्व-कर्तव्यानुसार नितान्त पुण्यको प्राप्ति हुन्छ । त्यो पुण्यको फलमा सुखैश्वर्यको भोग नै निश्चित उपलब्धि हुन्छ । किन्तु त्यो दान लिने ग्रहीतालाई त अल्प सुखको प्राप्ति भएर अन्त्यमा क्षीण भएर जाने नाशवान दान हो, कामना तथा तृष्णावर्द्धक हो, पुनः यही एक देहलाई मात्र सहायक हुने र अर्को शरीरको निमित्त त एक कौड़ी मात्र पनि साथ नजाने र कत्ति केही काम नलाग्ने लौकिक प्रतिग्रह हो ।

परन्तु यसको अतिरिक्त—दोस्रो एक यस्तो दान छ कि जुन दान दिने दाता पनि परमदानी बन्ने र दान पाउने भिक्षुक पनि सदाको निमित्त निहाल हुने महान् कल्याणपद प्राप्त गर्ने—यस्ता दिव्य दानीको महत्वपूर्ण दानको विवरण निम्न प्रकार छ—दृश्य साक्ष्य असत् जड़भासदेखि जुन पदार्थ सर्वथा भिन्न छ, जगतको सम्पूर्ण अपरा विद्यादेखि जो सर्वदा पृथक् छ, जो नित्य, तृप्त, शुद्ध, सत्य, अखण्ड, एकरस छ, जो हृदयावासी, परमप्रकाशी, अविनाशी, पारखस्वरूप छ, त्यस्तो साक्षात् परा विद्यारूप परम परीक्षक चैतन्य स्व-स्वरूपको बोधरूपी दान सन्त गुरुदेवले दिनुहुन्छ । अतः वहाँको यो ज्ञानको दान महान् छ । पुनः यो यस्तो ज्ञानको अखण्ड दान हो कि लिनेको त महान् उद्धार नै हुन्छ, सदाको निमित्त निहालै हुन्छ, परम कल्याण नै भएर अन्त्यमा मोक्ष हुन्छ । एतावता दिने दाताको पनि त्यो ज्ञानको अक्षय भण्डार कहिले घट्तैन अपितु नित्यप्रति बढ़दै जान्छ ।

गुरुदेवको यो ज्ञानदानको कार्य यस्तो उच्च श्रेणीको र अपूर्व रूपको छ कि—जुन अजरामर शाश्वत सत्य पद पाएर शिष्य कृतकृत्य हुन्छ, जुन अविनाशी वस्तुको सर्वोच्च लाभ भेट्टाएर जीवको विपुल कालदेखिको दुःख, दारिद्रच, शोक, सन्ताप आदि विनाश हुन्छ । जगत विषयसम्बन्धी अखिल पराधीनता, परवशता सब समाप्त हुन्छ, कामना तथा तृष्णा हत भएर सदा सन्तुष्ट, तृप्त, शान्त, स्थिर सुखको संचार हुन्छ, सर्वश्रेयसः अखण्ड अनन्त अक्षय कोष गुरुको दयाले पाएर सदाको निमित्त कृतार्थ हुन्छ ।

यसकारण चेतन जीवको महान् उद्धार गरिदिने अखण्ड ज्ञानको दानी संसारमा एकमात्र सन्त पुरुषहरू नै हुनुहुन्छ । निःस्वार्थ सबलाई सदुपदेश दिएर अन्यतम सहायता सन्त गुरुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै गरिरहनुभएको छ। अतएव संसारका सब दानीहरूभन्दा सर्वश्रेष्ठ र सर्वोत्तम पदार्थ (ज्ञान) को * दान गर्ने परम उदार अखण्ड दानवीर सन्त नै हुनुभएको हुनाले वहाँको यो महत्वलाई बुझेर कल्याणार्थीले आफ्नो महान् उद्धार र उपकारको निमित्त वहाँबाट मिल्ने अलभ्य लाभ प्राप्त गर्नुपर्दछ।

---

* उपरोक्त दान पाउने मानिस दान पाउनासाथ अनन्त अक्षय सुखी हुन्छ। यो दान पाउनु ठूलो अहोभाग्य हो। अनन्त जन्मको विशुद्ध संस्कार र वर्तमानको अपर्वल (सत्सङ्ग सत्साधनादि) पुरुषार्थद्वारा नै यो दानको परमोपलब्धि हुन्छ। यो ज्ञानको दान नपाउञ्ज्याल अन्य लौकिक करोड़ौं अरबौंको सम्पत्ति समृद्धि र स्त्री पुत्रादि परिवार तथा ऐहिक सर्वसुख भए पनि तिनलाई आन्तरिक शान्ति मिलेर हृदय तृप्त कहिले हुन पाएको हुँदैन। तसर्थ अमीर गरीब समस्त श्रेणीका मानवहरूलाई यो दान पाउनाको विशेष आवश्यकता छ। यो दान जसले भेट्टायो त्यसको महान् कल्याण भयो। अतः यो दान आफूले पाउनाको निमित्त सबैले परम पुरुषार्थ गर्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विंश प्रकरण

परमार्थ मार्गमा चैतन्य बोधदाता सद्गुरुदेव नै सर्वश्रेष्ठ-इष्ट निर्णय

संसारमा सबभन्दा श्रेष्ठ इष्ट पूज्य कसलाई मान्ने ? कसको सेवा-पूजा तथा उपासना एवं आराधना गर्ने ? यस प्रश्नको स्पष्ट उत्तरमा जड़देखि सदोदित भिन्न चैतन्य आत्मा नै न्याय-निर्णयद्वारा सत्य ठहरिएको हुनाले यथार्थमा चैतन्य देवतालाई नै इष्ट पूज्य मान्नु सर्वोचित छ। किनकि पृथ्वी, पहाड़, नदी, समुद्र, सूर्य, चन्द्र, मेघमण्डल तथा वायुमण्डल इत्यादि बृहदाकार र विस्तारूपले रहेका छन् तापनि यी सब जड़ पदार्थ हुन्, कार्य-कारणरूप हुन्, खण्ड-खण्ड हुन्, इन्द्रियगोचर हुन्, परिणामी एवं विनश्वर हुन्, ज्ञानविहीन तत्त्व पदार्थ हुन्। यिनले ज्ञानको दान दिन सक्तैनन्। जो स्वयं ज्ञान शून्य छ, त्यसले अरूलाई ज्ञानोपदेश कसरी दिन सक्तछ र ?

नाग्निर्न सूर्यो न च चन्द्र तारका न भूर्जलं खं श्वसनोऽथ वाङ्मनः।
उपासिता भेदकृतो हरन्त्यघं विपश्चितो घ्नन्ति मुहूर्तसेवया॥
यस्मात्मबुद्धिः कुणपेत्रिधातुके स्वधीः कलत्रादिषु भौम इज्यधीः।
यत्तीर्थबुद्धिः सलिले न कर्हिचिज्जनेष्वभिज्ञेषु स एव गोखरः॥

(भागवत, स्कन्ध १०। अ० ८४। श्लो० १२-१३)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—'अग्नि, सूर्य, चन्द्रमा, तारा, पृथ्वी, जल, आकाश, वायु, वाणी र मनको अधिष्ठाता देवता इत्यादिको उपासना गरे पनि यिनले पापको पूरा-पूरा नाश गर्न सक्तैनन्, किनभने तिनको उपासनाले भेदबुद्धिको नाश हुँदैन अझ झन् बढ्दछ, परन्तु यदि घड़ी दुई घड़ी मात्र पनि ज्ञानी महापुरुषको सेवा गरेमा सारा पाप-ताप मिटाइदिनु-हुन्छ, किनकि वहाँ भेदबुद्धिको विनाशक (यथार्थ ज्ञानको प्रकाशक) हुनुहुन्छ। जो मनुष्य वात, पित्त, कफ यी तीन धातुले बनेको शवतुल्य शरीरलाई नै आत्मा 'म—आफू' र स्त्री-पुत्रादिलाई नै 'मेरा—मुख्य आफन्त हुन्' भन्ने ठान्दछ तथा मृत्तिका, पाषाण, काष्ठ आदि पार्थिव विकार जड़लाई नै इष्टदेव मान्दछ तथा जो केवल पानीलाई नै तीर्थ सम्झन्छ, ज्ञानी महापुरुषलाई सम्झन्न चिन्दैन (चैतन्य देवताको उपासना गर्दैन) त्यो मनुष्य भए पनि पशुहरूमध्येको नीच गधा नै हो।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त वाक्य भागवतमा स्वयं श्रीकृष्णचन्द्रको मुखारविन्दबाट निस्केको यथार्थ सत्य-सार एवं पूर्ण रहस्यात्मक निर्णयको जो सदुपदेश हो त्यसलाई वारंवार पढ़ेर हृदयङ्गम गर्नुपर्दछ। वहाँ स्पष्ट निर्देशन गर्नुहुन्छ, जड़ पार्थिवादि पदार्थ र चेतनता शून्य प्रतिमादिको उपासना मुमुक्षुको निमित्त उचित छैन, यसबाट कुनै विवेक ज्ञानको प्राप्ति हुँदैन। बुद्धिमान व्यक्तिले मानव जीवनमा यदि साँच्चिकै आफ्नो केही हित-सुधार तथा कल्याण गर्ने हो भने विवेकी ज्ञानी सन्त महापुरुषकै समागम र सेवा गर्नुपर्दछ।

यता यो पुस्तकभरिमा वर्णन भएको रहस्य र यथार्थ तथ्यको सत्य परीक्षा दृष्टिद्वारा निष्पक्ष निर्णय गर्दा 'जड़देखि भिन्न अपरोक्ष रमैया राम चैतन्य नै नित्य, सत्य, श्रेष्ठ, सर्वोपरि, साररूप सिद्ध हुन आएकोले र पुनः श्रुति, स्मृति, षड्शास्त्र, भागवत, गीता, रामायण इत्यादि सम्पूर्ण धर्मग्रन्थमा चैतन्य शाश्वतस्वरूपकै महत् समर्थन भएको हुनाले अज्ञात जड़ तत्त्वदेखि सर्वथा पृथक्, ज्ञाता ज्ञानस्वरूप अजरामर चैतन्यस्वरूपलाई नै मान्नु निष्ठा बनाउनु परमावश्यक छ।

अब ती चैतन्यस्वरूप चार खानीका जीवहरूमध्ये—सबभन्दा विशेष बुद्धि विचार सम्पन्न श्रेष्ठ मनुष्य प्राणीहरू छन्। पुनः मनुष्य प्राणीहरूमध्येमा पनि विशेष जो-जति हिंसा-मद्य आदिदेखि रहित छन्, दुराचारदेखि सर्वथा पृथक् छन् ती श्रेष्ठ हुन्। तीभन्दा पनि माया-विषय प्रपंचदेखि फरक रहेका, अज्ञान-आसक्तिदेखि पृथक् भएका, सर्वसदाचार सद्गुणको धारणा बनाएका, ज्ञाननिष्ठामा अत्यधिक तत्पर जो छन् ती सर्वश्रेष्ठ हुन्। अझ तीभन्दा पनि जो सारासारको निर्णय गरेर असार मिथ्यालाई पर्खेर, अनुमान कल्पना तथा भासविकल्पदेखि अत्यन्त पृथक् रहेर, अबोध-अज्ञानलाई नाश गरेर, अजर अमर अविनाशी रमैया राम सर्व परीक्षक चैतन्य स्व-स्वरूपको बोधमा नै निष्ठ छन्, तिनै परम विवेकी वैराग्यवान सन्तपुरुष पावन तीर्थस्वरूप सर्व-शिरोमणि हुन्।

न ह्यम्मयानि तीर्थानि न देवा मृच्छिलामयाः।
ते पुनन्त्युरुकालेन दर्शनादेव साधवः॥

(भागवत, स्कन्ध १०। अ० ८४। श्लो० ११)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—केवल जलको तीर्थ (नदी सरोवरादि), मात्र तीर्थ होइन, पुनः केवल माटो र ढुङ्गाको प्रतिमा (मूर्ति) नै देवता होइन। किंवा सन्त पुरुष नै वास्तवमा 'पवित्र तीर्थ र चैतन्य देवता हुन्' कारण जलको तीर्थ र प्रस्तर मूर्तिको धेरै दिन सेवन गरेपछि शायद पवित्र गर्लान् परन्तु सन्त पुरुष त दर्शन मात्रले कृतार्थ गरिदिनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारका प्रत्येक मानवलाई आ-आफ्नो जीवनमा पथप्रदर्शक तथा मार्ग निर्देशकको आवश्यकता पर्दछ। विना शिक्षकको कुनै पनि ज्ञान प्राप्त गर्न दुस्तरमात्र होइन अपितु असम्भव नै हुन्छ। व्यावहारिक परिस्थितिमा पनि बालकलाई माता-पिता तथा अभिभावकहरू शिक्षक र संरक्षक बनेर सब कुराको ज्ञान गराउँदछन्। एवं रीतले सबलाई लौकिक ज्ञान, विद्या, कला, कौशल आदिमा गुरु-शिक्षकके नितान्त जरूरत देखिन्छ। यस्तै अध्यात्मविद्या अर्थात् परमार्थ विवेक बोध, ज्ञान तथा परमशान्ति स्थिति प्राप्तिको निमित्त त बोधक गुरु-देवको अनिवार्य आवश्यकता पर्दछ। गुरु विना न भूल-भ्रमको निवारण हुन सक्तछ; न अविद्या-अज्ञानके पर्दा फाट्न सक्तछ, न निर्मल विवेकके उदय हुन पाउँछ, न त विशुद्ध चैतन्यस्वरूप ज्ञानके परम प्रकाश प्राप्त हुन सक्तछ। बहुधा मानवको जीवन गुरु विना 'नाविक (कर्णधार), र ख्याउने साधन-उपकरण नभएको असहाय नौकारूढ़ झैं' यत्र-तत्र डाँवाडोल भएर निदान उद्दाम प्रवाह गतिले संयम-साधन तथा ज्ञानविहीन बनेर भवधारमा बग्ने हुन्छ। एतदर्थ मानव जीवनको बहुमूल्य उद्देश्य सफल गराउनको निमित्त चैतन्य बोधदाता विवेकसम्पन्न स्वरूपनिष्ठ गुरुको वरण गर्नु परमावश्यक छ।

सर्वकार्येषु निपुणो जीवन्मुक्तस्त्रितापहृत्।
करोति जीव कल्याणं गुरुः श्रेष्ठ स कथ्यते॥

(गुरुगीता)

अर्थ—शिष्यलाई ज्ञान दिनमा निपुण, त्रयतापलाई नाश गर्ने, जीवन्मुक्तस्वरूप, जीवको परम कल्याण गरिदिने गुरु नै महान् पूज्य र सर्वश्रेष्ठ (शास्त्रले) भनेको छ।

गुशब्दस्त्वन्धकारः स्याद्रुशब्दस्तन्निरोधकः।
अन्धकार निरोधित्वाद् गुरुरित्यभिधीयते॥

(अद्वयतारकोपनि०, मन्त्र १६)

अर्थ—'गु' शब्द अन्धकार वाचक हो तथा 'रु' शब्द अन्धकार विनाशक हो। यस प्रकार अन्धकाररूपी अज्ञानलाई नाश गरी ज्ञानको प्रकाश गरिदिनेलाई 'गुरु' भनिन्छ।

'त्रिकालावाध्यम् सत्यम्' तीन कालमा जसको वाध अर्थात् नाश हुँदैन त्यही 'सद्' हो। उपर्युक्त अन्धकारलाई नाश गरी प्रकाश गरिदिनेलाई 'गुरु' भनिन्छ। अतः जो अज्ञानान्धकारबाट सर्वथा छुटाएर सत्य ज्ञानको दिव्य प्रकाश गरिदिनुहुने वहाँ नै 'सद्गुरु' हुनुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'म को हुँ, जगत के हो ? मेरो कर्तव्य के हो ? जन्म-मरणादि दुःखबाट सर्वथा छुटेर परमशान्ति पद प्राप्त गर्ने उपाय के हो ?' इत्यादि सम्पूर्ण ज्ञानको आलोक श्रीसद्गुरुदेवबाट मात्र प्राप्त हुन्छ, अन्यथा कदापि उपलब्ध हुन सक्तैन । अतएव कल्याणको निमित्त सद्गुरुको शरण ग्रहण गर्नु सर्वोचित छ ।

सद्गुरुको शरणागति

रहूगणैतत्तपसा न याति न चेज्यया निर्वपणाद् गृहाद्वा ।
नच्छन्दसा नैव जलाग्नि सूर्यैर्विना महत्पादरजोऽभिषेकम् ॥

(भागवत, स्कन्ध ५ । अ० १२ । श्लो० १२)

अर्थ—महात्मा जड़भरत राजा रहूगणसँग भन्नुहुन्छ—रहूगण ! सन्त महापुरुषको चरणको धूलोले आफूलाई (सर्वाङ्ग-शरीरको), स्नान नगराईकन केवल तप, यज्ञादि वैदिक कर्म, अन्नादिको दान, अतिथिसेवा, दीनसेवा आदि गृहस्थोचित धर्मानुष्ठान, वेदाध्ययन अथवा जल, अग्नि या सूर्यको उपासना इत्यादि कुनै पनि साधनले यो परमपद (चैतन्य स्व-स्वरूप) को ज्ञान प्राप्त हुन सक्तैन ।

ये पुनर्विदितं तत्त्वं ते मुक्ता मोचयन्त्यपि ।

(शिवपुराण, खण्ड १ । अ० १८ । श्लो० ८५)

अर्थ—जुन महात्माहरूले तत्त्व (यथार्थ स्वरूप) ज्ञान प्राप्त गर्नुभएको छ र आफू अमरपद प्राप्त गरेर मुक्त हुनुभएको छ, उनै बोधनिष्ठ सन्तले अरूलाई पनि मुक्त गरिदिनुहुन्छ ।

अविद्या हृदयं ग्रन्थि बन्धमोक्षो भवेद्यतः ।
तमेव गुरुमित्याहु गुरु शब्दार्थवेदिनः ॥

अर्थ—अविद्या र हृदयग्रन्थि (अविवेक कामादि) रूप बन्धनदेखि जसरी मोक्ष हुन्छ, त्यसलाई र गुरु शब्दको अर्थ जान्नेलाई गुरु भनिन्छ ।

अति वर्णाश्रमी साक्षाद् गुरुणां गुरुरुच्यते ।
तत्समो नाधिकश्चास्मिँल्लोकेऽस्त्येव न संशय : ॥

(सूतसंहिता, मुक्तिखण्ड, अ० ५ । श्लो० १५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—श्रेष्ठ सदाचार सम्पन्न, बोधनिष्ठ, सर्वाभिमानरहित, ज्ञानी सन्त साक्षात् गुरुको पनि गुरु भनिएको छ । वहाँको तुल्य अथवा वहाँभन्दा ठूलो यो संसारमा अर्को कोही तारक छैन, यसमा संशय छैन ।

गुरवो निर्मलाः शान्ताः साधवो मितभाषिणः ।
कामक्रोध विनिर्मुक्ताः सदाचारा जितेन्द्रियाः ॥
कृपासिन्धु सुपूर्णार्थः सर्वसत्वोपकारकः ।
निस्पृहः सर्वतः सिद्धः सर्वविद्याविशारदः ।
सर्व संशय संच्छेत्ताऽनलसो गुरुरादृतः ॥

(स्कन्दपुराण, खण्ड २ । मा० अ० १६ । श्लो० २४-२५½)

अर्थ—गुरु सन्त पवित्र, निर्मल, शान्तियुक्त, मितभाषी, कामक्रोधादि रहित, सदाचारी, जितेन्द्रिय, कृपासागर, बोधमा अत्यन्त तृप्त, सर्वप्राणीहरूको उपकारी, इच्छारहित, सर्वयोग्य-साधन सम्पन्न, सिद्ध, सर्वसिद्धान्त तथा विद्याज्ञान विशारद, सर्व संशयको विनाशक, आलस्य-रहित गुरु हुनुहुन्छ, भनिएको छ ।

उपर्युक्त सम्पूर्ण प्रमाणहरूबाट गुरुको रहस्य अखिल विषय वासना तथा अज्ञानान्ध-कारदेखि सर्वथा रहित, अनन्त कल्पना भ्रम आदिदेखि सदा मुक्त, वैराग्यतत्पर तथा सदाचार निष्ठ एवं बोध र ज्ञानले तृप्त भएर अरूलाई पनि तृप्त गरिदिने, जो धारणा र अभ्यास द्वारा मनलाई शान्त पारेर स्व-स्वरूपमा नित्य सन्तुष्ठ रहेर अरूलाई पनि विवेकको परम प्रकाश दिएर सन्तुष्ठ पार्न सक्ने, वहाँ नै वास्तवमा 'सद्गुरु' हुनुहुन्छ ।

तस्माद् गुरुं प्रपद्येत जिज्ञासुः श्रेय उत्तमम् ।
शाब्दे परे च निष्णातं ब्रह्मण्युपशमाश्रयम् ॥

(भागवत, स्कन्ध ११ । अ० ३ । श्लो० २१)

अर्थ—यस कारण जो परम कल्याणपदका जिज्ञासु छन्, तिनले गुरुदेवको शरण ग्रहण गर्नुपर्दछ । गुरुदेव पनि यस्तो हुनु पर्दछ, जो वेदहरूका पारदर्शी तथा विद्वान् र शब्द-द्वारा आत्मरहस्य अर्थात् स्वरूपज्ञानको निर्णय स्पष्ट रीतिले बताउन सक्ने, साथै स्वरूपबोधमा निष्ठ र तत्त्व ज्ञानी पनि भएका जसमा आफ्नो अनुभवको सम्पूर्ण रहस्यलाई उपदेशद्वारा छर्लङ्ग अवगत गराइदिन सक्ने सदा चित्त शान्त भएकालाई गुरु बनाउनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्माद्यस्यैव सम्पर्कात्प्रबोधानन्द सम्भवः ।
गुरुं तमेव वृणुयान्नापरं मतिमान्नरः ॥

(शिवपुराण, ख० ७ । अ० १५)

अर्थ—तसर्थ जसको सत्सङ्ग समागमबाट (स्व-स्वरूप चैतन्यपदको बोध भएर) ज्ञानानन्दको प्राप्ति हुन्छ, उनै सन्त पुरुषलाई बुद्धिमान मनुष्यले गुरु बनाउनु उचित छ ।

अतएव कल्याण मार्गमा गुरुको विशेषता र महत्ता सर्वाधिक छ । प्राचीन कालदेखि गुरु मान्ने महान् परम्परा छ । उदाहरणमा—मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रले पनि महामुनि वशिष्ठ ऋषिलाई गुरु बनाउनुभएको थियो र उनै वशिष्ठ ऋषिद्वारा सम्पूर्ण आत्मज्ञानको निर्णय श्रवण गर्नुभयो [यसको विशद् विस्तार योगवाशिष्ठ ग्रन्थमा लेखिएको छ] । त्यही ज्ञानको रहस्य लक्ष्मणलाई र बालीकी स्त्री तारालाई सुनाउनुभएको हो । यस्तै श्रीकृष्ण-चन्द्रले पनि सान्दीपन ऋषिलाई गुरु बनाउनु भएको थियो । वहाँबाटै समस्त विद्या र आत्म-ज्ञानको निर्णय श्रवण-मनन गर्नुभएको हो । त्यही आत्मज्ञान भागवतमा उद्धवलाई र गीतामा अर्जुनलाई उपदेश गर्नुभएको हो । पुनः महाराज जनकले पनि अष्टावक्र तथा याज्ञवल्क्य ऋषिलाई गुरु वरण गर्नुभएको थियो । एवं रीतले राजा परीक्षितबाट पनि भागवत प्रवक्ता आबालब्रह्मचारी श्री शुकदेव मुनिलाई गुरु आचार्यको रूपमा स्थापना गर्नु-भएको हो । उपर्युक्त प्रकार सर्व ऋषि-मुनि, महर्षि, राजर्षि तथा राजा महाराजाहरूले पनि गुरुको स्थापना गर्दै आएका छन् ।

त्यसकारण आ-आफ्नो हित-कल्याणको निमित्त स्व-स्वरूप चैतन्यबोध परिचायक मोक्ष सन्देशक सन्त पुरुषको खोज गरेर गुरु अवश्य वरण गर्नुपर्दछ । यो असार संसार भवसिन्धुबाट पार हुनाको निमित्त विवेकी वैराग्यवान महान् ज्ञानवान स्व-स्वरूपनिष्ठ सन्त सद्गुरुदेवको नै शरण-ग्रहण गर्नुपर्दछ, तब मात्र कल्याण हुन्छ । यसको अतिरिक्त अन्य जगत जनहरूबाट निःश्रेयस् पदको प्राप्ति कदापि हुँदैन ।

यथोपश्रयमाणस्य भगवन्तं विभावसुम् ।
शीतं भयं तमोऽप्येति साधून् संसेवतस्तथा ॥
निमज्ज्योन्मज्जतां घोरे भवाब्धौ परमायनम् ।
सन्तो ब्रह्मविदः शान्ता नौर्दृढ़ेवाप्सु मज्जताम् ॥

(भागवत, स्कन्ध ११ । अ० २६ । श्लो० ३१-३२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—जसले सन्त पुरुषको शरण ग्रहण गऱ्यो त्यसको कर्म जड़ता, संसार भय र अज्ञान आदि सर्वथा निवृत्त हुन्छ, जस्तो अग्निको आश्रय लिनाले त्यसको शीतभय, अन्धकारको दुःख निवारण हुन्छ। जो प्राणी यो घोर संसार-सागरमा डुब्दै-मुन्टो निकाल्दै अत्यन्त दुःख पाइरहेका छन् तिनको निमित्त ब्रह्मवेत्ता शान्त सन्त नै एकमात्र आश्रय छन्, जस्तो जलमा डुबेका मानिसको निमित्त दृढ़ नौका (नाउ) आधार हुन्छ।

साधुनां सह संसर्गो वैकुण्ठादपि दुर्लभः।
अहो ततोऽपि विच्छेदो मरणादपि दुष्करः॥

(ब्रह्मवैवर्तपुराण. ब्रह्मखण्ड, अ० १३। श्लो० ३३)

अर्थ—यथार्थ ज्ञानवान विवेकी सन्तको साथ-सम्बन्ध (सत्सङ्ग समागम) वैकुण्ठमा पनि दुर्लभ छ, पुनः यस्ता महान् कल्याणदाता स्वरूपनिष्ठ सन्तको वियोग मृत्युदेखि पनि दुष्कर र दुःखप्रद (मुमुक्षुलाई) हुन्छ।

सूर्य र सूर्यको किरण समूह प्रकाशमा जस्तो विशेष केही फरक रहँदैन, त्यस्तै सद्गुरु र वहाँको स्वरूप पारख ज्ञानमा विभेद हुँदैन। अर्थात् सद्गुरु दिव्य ज्ञानस्वरूप हुनुहुन्छ। यस्ता महान् गुरुदेवको ज्ञान प्राप्त भयो भने जीव अज्ञान अन्धकारबाट छुटेर विवेकको परम प्रकाशमा आउँदछ। अतः सद्गुरुदेवको दर्शन स्पर्शन एवं भाषणले शिष्यको परम कल्याण हुन्छ। अनादि कालदेखि भ्रम अज्ञानले आबद्ध भएर अनाथ बनेका दुःखी जीवहरूलाई निर्बन्ध गराई मोक्ष तुल्याउने सद्गुरुदेवको ज्ञान हो। अतः सन्त गुरुदेव भेटिनुभयो भने आफ्नो जन्म-जन्मको सौभाग्य जागृत भएको संझनुपर्दछ।

सद्गुरु-उपासना

देवाः क्षेत्राणि तीर्थानि दर्शनस्पर्शनार्चनैः।
शनै पुनन्ति कालेन तदप्यर्हत्तमेक्षया॥

(भागवत, स्कन्ध, १०। अ० ८६। श्लो० ५२)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—देवता, पुण्यक्षेत्र, तीर्थहरू त दर्शन स्पर्शन अर्चन आदिद्वारा बिस्तार-बिस्तार धेरै दिनमा पवित्र गर्दछन्। परन्तु सन्त पुरुष त आफ्नो दृष्टि मात्रले सबलाई पवित्र गर्नुहुन्छ। अझ देवता आदिमा जो पवित्र गर्ने शक्ति छ, त्यो पनि उनै सन्तको दृष्टिले नै प्राप्त भएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साधूनां दर्शनं पुण्यं तीर्थभूतां हि साधवः ।
कालेन फलति तीर्थं सद्यः साधु समागमः ॥

(स्कन्दपुराण, खण्ड, ६ । अ० २१ । श्लो० ६७)

अर्थ—सन्तको दर्शन पुण्यदायक हुन्छ, सन्त तीर्थको स्वरूप नै हुनुहुन्छ । बाह्य जड़ तीर्थ कालान्तरमा नै फल दिन्छ, किन्तु सन्तको समागम र सत्सङ्गले तत्काल फलदिन्छ (सुधारको मार्ग बताएर ज्ञानी सुखी बनाइदिन्छ) ।

न यज्ञतीर्थैर्न तपः प्रदानैरासाद्यते तत्परमं पवित्रम् ।
आशाद्यते क्षीणभवामयानां भक्त्या सतामात्मविदां यदङ्ग ॥

(योगवाशिष्ठ, प्र० ६ । अ० १२२)

अर्थ—हे प्रिय ! संसारको रोग (मानसिक विकार) रहित आत्मज्ञानी सत्पुरुषको भक्तिबाट जुन पवित्र परमपद प्राप्त हुन्छ, त्यो यज्ञ, तीर्थ, तप, दान आदिद्वारा प्राप्त हुन सक्तैन ।

सर्वेषामेव धर्माणां गुरुपूजा परा मता ।
गुरु शुश्रूषया सर्वं प्राप्नोति ऋषिसत्तम !

(स्कन्दपुराण, वैष्णव खण्ड, कार्तिक मा० अ० २)

अर्थ—श्रीब्रह्माजी नारदप्रति भन्नुहुन्छ–सारा धर्महरूमा गुरुपूजा नै उत्तम मानिएको छ । हे ऋषिवर ! गुरुसेवाद्वारा नै सब साधन र फल मनुष्यले प्राप्त गर्दछ ।

शुश्रूषया सदा भक्त्या प्रणामैर्विनयोक्तिभिः ।
प्रसन्नं गुरुमासाद्य प्रष्टव्यं ज्ञेयमात्मनः ॥

(वेदान्त सिद्धान्त संग्रह)

अर्थ—गुरुको सेवा, प्रेम, प्रणाम, विनय वचनले प्रसन्न गरेर तत्पश्चात् जान्ने योग्य (आफूलाई चाहिने) ज्ञान सोध्नुपर्दछ ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञाननस्तत्त्वदर्शिनः ॥

(श्रीमद्भगवद्गीता, अ० ४ । श्लो० ३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—स्वरूप ज्ञान प्राप्त गर्नको निमित्त सन्त गुरुदेवकहाँ गएर प्रेमपूर्वक दण्डवत-प्रणाम तथा सेवा-उपासना गरेर छल-कपटरहित सरलतापूर्वक प्रश्न गर्नुपर्दछ, तब ती परमपदका ज्ञाता तत्त्वदर्शी महात्माले उक्त स्वरूप ज्ञानको दिव्य उपदेश दिनुहुनेछ।

अभीष्टदेवे रुष्टे च समर्थो रक्षणे गुरुः।
न समर्थो गरौ रुष्टे रक्षणे सर्व देवताः॥

(ब्रह्मवैवर्तपुराण, ब्रह्मखण्ड, अ० २४। श्लो० ३५)

अर्थ—इष्टदेवादि सर्व देवताहरू रुष्ट भए पनि त्यसबाट रक्षा गर्नमा गुरु समर्थ हुनुहुन्छ, किन्तु गुरुदेव रुष्ट भएमा सारा देवताहरूले पनि रक्षा गर्न सक्तैनन्, असमर्थ नै हुन्छन्।

विच्छिन्न ग्रन्थयस्तज्ज्ञाः साधवः सर्वसम्मताः।
सर्वोपायेन संसेव्यास्ते ह्युपाया भवाम्बुधौ॥

(योगवाशिष्ठ, प्र० ३। श्लो० ६)

अर्थ—अज्ञानमय मोहाध्यासादिरूप ग्रन्थिरहित, सर्वसम्मत ज्ञानी साधु सब तरहले सेवनीय हुनुहुन्छ, किनकि संसार समुद्रबाट तर्नको निमित्त वहाँ नै एक मुख्य उपाय हुनुहुन्छ।

न गुरारधिकं तत्वं न गुरोरधिकं तपः।
गुरो ज्ञानात्परं नास्ति तस्मै सद्गुरवे नमः॥

(गुरुगीता, श्लो० १५)

अर्थ—गुरुभन्दा बर्ता अर्को कुनै तत्त्व (अर्थात गुप्त रहस्य केही) छैन, गुरुभन्दा श्रेष्ठ तप पनि छैन, गुरु ज्ञानदेखि उत्तम अर्को केही छैन, त्यस्ता गुरुलाई नमस्कार छ।

ध्यानमूलं गुरोर्मूर्तिः पूजामूलं गुरोःपदम्।
मन्त्रमूलं गुरोर्वाक्यं मोक्षमूलं गुरोः कृपा॥

(गुरुगीता, श्लो० ३२)

अर्थ—ध्यानको मूल नै गुरुदेवको मूर्ति हो, पूजाको मूल-मुख्य स्थान नै श्रीगुरुदेवको चरणारविन्द हो, सब मन्त्रको मूल नै गुरुदेवको वाक्य हो र श्रीगुरुदेवको कृपा नै मुक्तिको कारण हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वोक्त प्रमाणबाट आफूलाई ज्ञानको दान दिएर अज्ञान विनाश गरिदिने र परमपद-रूप चैतन्य बोधको प्रकाश गरिदिने सद्गुरुदेवको नै सदा श्रद्धा, निष्ठा, पूजा-उपासना गर्नु सर्वोचित छ। परन्तु यसको महान् महत्वलाई नबुझेका सज्जनहरूले भागवतमा श्रीकृष्णचन्द्रले भन्नुभएको वचनलाई हृदयङ्गम गर्नुपर्दछ, जो तल उद्धृत छ—

दुष्प्रज्ञा अविदित्वैवमवजानन्त्यसूयवः।
गुरुं मां विप्रमात्मानमर्चादाविज्यदृष्टयः॥

(भागवत, स्कन्ध १०। अ० ८६। श्लो० ५५)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—'दुर्बुद्धि मनुष्य यो (उपरोक्त गुरुको) रहस्य नजानेर केवल मूर्ति आदिमा मात्र पूज्य बुद्धि राख्दछन् र गुणमा दोष निकालेर मेरो स्वरूप जगद्गुरु (सन्त महात्मा) ब्राह्मणको जो कि खास मेरो नै आत्मा हो, तिरस्कार गर्दछन्।'

आचार्यं मां विजानीयान्नावमन्येत कर्हिचित्।
न मर्त्यबुद्ध्यासूयेत सर्वदेवमयो गुरुः॥

(भागवत, स्कन्ध ११। अ० १७। श्लो० २७)

अर्थ—स्वयं श्रीकृष्णचन्द्र भन्नुहुन्छ कि—आचार्यलाई मेरै स्वरूप सम्झनू, कदापि (भुलेर पनि) उनको तिरस्कार नगर्नू, पुनः उनलाई साधारण मनुष्य सम्झेर दोषदृष्टि नल्याउनू, किनभने गुरु सर्वदेवमय (देवता) हुनुहुन्छ।

किञ्च—जीवित जाग्रत्स्वरूप, स्वरूपनिष्ठ चेतनदेव ज्ञानी, विवेकी, जितेन्द्रिय महापुरुषकै पूजा भक्ति, सेवा, निष्ठा गर्नु उचित छ र गर्नुपर्दछ। यही सब आर्ष साहित्यभरिमा निर्णय भएको छ। तथापि यसको यथार्थ रहस्य एवं मर्मलाई नबुझेका व्यक्तिहरू सन्त गुरुदेवहरूको पूजा-अर्चा गरेको देखेर आश्चर्य प्रकट गर्दछन्। 'ओहो! मानिसको पनि पूजा!' भनेर व्यङ्ग कस्दछन्। तर तिनले यसको न वास्तविकतालाई पत्ता लगाएर बुद्धिमत्तापूर्वक यो कुरा गरेको हो, न शास्त्रकै निर्णयमा केही ध्यान दिन सकेर गम्भीर विचार गरेर नै उक्त आलोचना गरेको हो। किनकि गुरुपूजा तथा चैतन्य देवताको उपासना शास्त्र-सम्मत र परम्परादेखि चलिआएको हो। श्रीरामचन्द्रले पनि गुरु वशिष्ठ तथा नारद ऋषि-हरूको यथोक्त स्वागत सत्कारपूर्वक आफ्नो राजसिंहासनमा आसीन गराई विधिवत् पूजा गर्नुभएको रामायणमा वर्णन छ। एवं रीतले श्रीकृष्णचन्द्रले पनि दुर्वासा ऋषि तथा सुदामा आदि ब्राह्मणहरूको चरण प्रक्षालन गरी चरणोदक पनि पान गरेर यथोपचारले पूजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुभएको ब्रह्मवैवर्त पुराण र श्रीमद्भागवतमा वर्णन छ। यस्तै अन्य पौराणिक ग्रन्थमा र शास्त्रादिमा पनि तमाम ऋषि-मुनि र ब्रह्मवेत्ता ब्राह्मणहरूको पूजा-अर्चा भएको आख्यान छ। 'नमो ब्रह्मण्यदेवाय गो ब्राह्मणहिताय च।' इत्यादि श्लोकको उच्चारण गरेर ब्राह्मण-लाई पूजा गर्ने प्रचलन छ। श्रीमद्भागवत तथा देवीभागवत आदिको सप्ताह एवं नवाह व्रतकथामा वाचक, उपवाचक, गणेश, द्वारपालादि पदमा ब्राह्मणहरूलाई नै नियुक्त गरेर पूजा गर्ने नियम छ, भने यता अध्यात्मज्ञानको सर्वोच्च पद स्वरूपबोधदाता प्रत्यक्ष चैतन्यमूर्ति, परम ज्ञाननिधि, सद्गुरुदेवको पूजा गर्नु—यो कुनै सामान्य धर्मकृत्य होइन अपितु अत्यन्त श्रेष्ठ श्रेणीको उपासना हो, आदर्श परम्परा हो, यथार्थ विवेक प्राप्त भएको साक्षात् परिचय हो, महान् निर्णयको सारभूत मूल निष्कर्ष हो।

यदि यस्ता श्रेष्ठ शिरोमणि चैतन्यस्वरूप ज्ञानी महापुरुषमा श्रद्धा नगरे, निष्ठा-धारणा नबनाए, आस्था नजमाए, पूज्य भावना नराखे, पूजा-प्रतिष्ठामा मन नलगाए, सेवा भक्तिमा लवलीन नभए चैतन्यको अतिरिक्त पुनः जड़मा नै भटकिनुपर्दछ। जड़कै मान्यताको आधार आश्रयमा आबद्ध भएर अनुमान कल्पनावादलाई नै आपाततः अपनाउनु-पर्दछ। तब चैतन्यबोध धारणामा स्थिति नमिलेर सर्वथा अविद्या अज्ञानकै आवरणमा पर्नु-पर्दछ। एतदर्थ मानव जीवनमा भाग्यवशात् कदाचित् ज्ञाननिधान विवेकी सन्त महापुरुषको दर्शन, स्पर्शन एवं सत्सङ्ग समागम प्राप्त भएको छ भने अन्यत्र यताउति नअलमलिएर विवेकद्वारा निर्मल दृष्टि धारण गरेर, सच्चा चैतन्य देवतालाई राम्ररी चिनेर, वहाँलाई नै इष्ट पूज्य मानेर वहाँकै शरण आधार लिएर, चैतन्य ज्ञान प्राप्त गरेर आफ्नो परम कल्याण गर्नुपर्दछ।

गुरुभक्ति

एतत् सर्वं गुरौ भक्त्यापुरुषो ह्यञ्जसा जयेत्।
यस्य साक्षात् भगवति ज्ञानदीपप्रदे गुरौ॥
मर्त्यासद्धीः श्रुतं तस्य सर्वं कुञ्जर शौचवत्।
एष वै भगवान्साक्षात् प्रधानपुरुषेश्वरः।
योगेश्वरैर्विमृग्याङ्घ्रिर्लोको यं मन्यते नरम्॥

(भागवत, स्कन्ध ७। अ० १५। श्लो० २५-२६-½)

अर्थ—श्रीकृष्णचन्द्र भन्नुहुन्छ—श्री सद्गुरुदेवको भक्ति गर्नाले साधक सम्पूर्ण दोष-हरूको उपर सुगमतापूर्वक विजय प्राप्त गर्न सक्तछ। हृदयमा ज्ञानको बत्ती बालिदिने गुरुदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षात् भगवानरूप नै हुनुहुन्छ। जो दुर्बुद्धि पुरुष वहाँलाई मनुष्य संझन्छ, त्यसको समस्त शास्त्र श्रवण हात्तीको स्नान समान व्यर्थ छ। बड़े-बड़े योगेश्वरहरू पनि जसको चरण कमलको अनुसन्धान गर्दै रहन्छन्, प्रकृति र पुरुषका अधीश्वर उनै भगवान नै गुरुदेवको रूपमा प्रकट हुनुभएको छ, यस्तालाई संसारी भ्रमले मनुष्य मान्दछन्।

गुरुभक्तिं सदा कुर्याच्छ्रेयसे भूयसे नरः।
गुरुरेव हरिः साक्षान्नान्य इत्यब्रवीच्छ्रुतिः॥

(ब्रह्मविद्योपनि०)

अर्थ—मोक्ष र अभ्युदय प्राप्तिको निमित्त मनुष्यले सदा गुरुको भक्ति नै गर्नुपर्दछ। किनभने गुरुदेव नै साक्षात् हरि अर्थात् मोक्षदाता पालक हुनुहुन्छ, वहाँको अतिरिक्त कल्याण-कर्त्ता अरू छैनन्—यो श्रुतिले भनेको छ।

गुरुणामासनं देयमभ्युत्थानादि सत्कृतम्।
अनुकूलं तथाऽऽलापमभिवादनपूर्वकम्॥

(मार्कण्डेयपुराण, अ० ३४। श्लो० ३२)

अर्थ—गुरुदेवको सम्मानको निमित्त उठीकन वहाँको स्वागत-सत्कार गर्नुपर्दछ, वहाँलाई राज गराउन आसन दिनुपर्दछ, वहाँको विनम्र अभिवादन गरेर अनुकूल वार्ता गर्नुपर्दछ।

सन्तः सदैव गन्तव्या यद्यप्युपदिशन्ति न।
या हि स्वैरकथा तेषामुपदेशा भवन्ति ते॥

(अद्वैत कौस्तुभ)

अर्थ—सन्तले यदि उपदेश दिनुभएन भने पनि उपदेश-इच्छुकले सदा सन्तको समीपमा जानु उचित छ, किनभने समय-समयमा वहाँको जो स्वच्छन्द कथा (सहजमा) अनवरत हुँदै रहन्छ, त्यही नै उपदेशमय हुन्छ।

सम्वत्सरोषिते शिष्ये गुरुर्ज्ञानमनिर्दिशन्।
हरते दुष्कृतं तस्य शिष्यस्य वसतो गुरुः॥

(कूर्मपुराण, अ० १४। श्लो० ३६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—एक वर्ष गुरुको समीपमा (सत्सङ्ग ज्ञानको निमित्त) बसेको शिष्यलाई गुरुले (कदाचित्) ज्ञानको दान नगरे तापनि, त्यो समीपवर्ती शिष्यको पाप गुरुले नष्ट गरिदिनुहुन्छ ।

गुरौ न प्राप्यते यत्तन्नान्यत्रापि हि लभ्यते ।
गुरुप्रसादात्सर्वं तु प्राप्नोत्येव न संशयः ॥
यदि दुःखादिकं प्राप्तं गुरुं तु शरणं ब्रजेत् ।
मातृत्वे च पितृत्वे च गुरुमेव स्मरेद् बुधः ॥

(स्कन्दपुराण, वैष्णवखण्ड, कार्तिक मा० अ० २)

अर्थ—जो गुरुदेवको साथमा रहँदा (ज्ञान, विवेक, बोध, शान्ति, मुक्ति आदि) प्राप्त नभए सो अन्य कुनै स्थानमा पनि त्यसले पाउँदैन [किनकि 'न गुरोरधिकं तत्त्वं न गुरोरधिकं तपः ।' 'मोक्षमूलं गुरोः कृपा' नै सत्य-सत्य हो] अतः केवल गुरुको प्रसन्नताले नै सम्पूर्ण निधि (शान्ति-मुक्ति) प्राप्त हुन्छ, यसमा संशय छैन । मुमुक्षुले यदि (आफूलाई) प्रारब्धाधीन दुःखादि प्राप्त भयो भने गुरुरूपी रक्षकको समीपमा जाओस् तथा विद्वान् एवं बुद्धिमान्ले मातृत्व-पितृत्वको स्थानमा गुरुकै संस्मरण गरोस्, गुरुकै विशेष निष्ठा बनाओस् ।

श्रेयोऽर्थी यदि गुर्वाज्ञां मनसापि न लङ्घयेत् ।
गुर्वाज्ञा पालको यस्माज्ज्ञान सम्पत्तिमश्नुते ॥

(शिवपुराण, खण्ड १ । अ० १८ । श्लो० ८४)

अर्थ—कल्याणार्थीले गुरुदेवको आज्ञालाई मनले पनि उल्लंघन नगरोस् किनकि गुरुको आज्ञालाई पालन गर्ने (शिष्य) ले नै ज्ञानको वृद्धि गर्दछ र पूर्णतया प्राप्त गर्दछ ।

उपरोक्त प्रमाणबाट कल्याणेच्छुक मुमुक्षुले गुरुदेवमा अटूट श्रद्धा निष्ठा बनाएर सेवा, भक्ति गर्नुपर्दछ । जन्म-जन्मको अज्ञान नाश गर्नको निमित्त र मानव जीवनको महान् उद्धार गर्नको निमित्त सद्गुरु उपासनारूपी अलभ्य लाभ प्राप्त गर्नुपर्दछ । किनभने भक्ति नै समस्त साधनहरूको मुख्य आधारशिला हो, कल्याण प्राप्तिको विशुद्ध मार्ग हो ।

ज्ञान प्राप्तिको निमित्त भक्तिको नै विशेष महत्व छ, भक्तिमा आज्ञा पालन गर्नु अनिवार्य छ । भक्ति गर्नाले मनको कष्ट-क्लेश आपदा एवं अनर्थ सब समाप्त हुन्छ । गुरु-भक्तिले अन्तःकरणको विपर्यय अबोध-अज्ञान सब निर्मूल हुन्छ । गुरु-भक्तिकै आधारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्ट महासद्गुण (सत्य विचार, शील, दया, धैर्य, विवेक, वैराग्य, गुरुभक्ति) रहस्य ग्रहण भएर क्रमशः स्वरूप निष्ठा धारणामा वृत्ति संलग्न बनेर स्थिति प्राप्त हुन्छ ।

एषां संस्मरणात्पुंसां सद्य शुद्धयन्ति वै गृहाः ।
किं पुनर्दर्शनस्पर्शपादशौचासनादिभिः ॥

(श्रीमद्भागवत, स्कन्ध ४ । अ० ६ । श्लो० ६)

अर्थ—जुन सन्त महात्माहरूको संस्मरण मात्रले पुरुष (गृहस्थ) हरूको गृह तत्काल पवित्र हुन्छ, अझ वहाँको दर्शन, स्पर्शन, पाद प्रक्षालन तथा आसनादिद्वारा सत्कार एवं सेवा भक्ति गरेका पक्षमा त उनको तन मन के सब पवित्र हुँदैन र ? अवश्य पवित्र बन्दछ ।

जसले भक्ति धारण गरेर हृदय शुद्ध, स्वच्छ, पवित्र, सरल, कोमल, विनम्र, निर्माण बनाएको छ, तिनैको अन्तस्करणमा सत्सङ्गको बीज परेपछि क्रमशः ज्ञान बोध तथा शान्ति र मोक्षरूपी फल लाग्दछ, यदि सम्पूर्ण कल्याणको मूल श्रद्धा भक्ति नै कदाचित् छैन भने त्यसको न मन वाणी कर्मको पवित्रता हुन्छ, न आचारको विशुद्धता नै रहन्छ, न व्यवहारमा पनि जीवन कहिले सुखमय बन्न सक्तछ, न परमार्थ पथकै कुनै उपलब्धि हुन्छ, बहुधा काम क्रोधादि शत्रु-सैन्यकै कब्जामा परेर जीवन बरबाद हुन्छ । अतः ज्ञानको संरक्षण र सम्वर्द्धन-को निमित्त भक्ति नै परमावश्यक साधन छ ।

अतएव भक्तिको निमित्त लौकिक बल, बुद्धि, विद्या, चातुर्यता, जाति, सम्पत्ति, प्रभुता, ऐश्वर्य इत्यादि सब थोकको प्रमाद र अहंभाव तथा ममता, मोह पक्षलाई त्यागेर, नाशवान तन, मन, धन, वचन, समय, शक्ति इत्यादि सब थोक लगाएर (आफ्नो कल्याण-को निमित्त) यो सब खर्च गरेर पनि अविनाशी नित्य पद प्राप्तिको निमित्त सद्गुरु तथा सन्त महात्माहरूको भक्ति* गर्नुपर्दछ ।

---

* प्रस्तुत पुस्तकको प्रकरणमा अन्य कुनै पनि इष्ट आदिको भक्ति गर्ने विधान नबताएर केवल गुरुको मात्र भक्ति गर्ने उपदेश किन भएको ? भन्ने प्रश्नको उत्तरमा दर्शन शास्त्रादिमा जो मुख्य प्रतिपाद्य विषय हो, मूल निष्कर्ष हो, परम ध्येय हो, आदर्श लक्ष्य हो त्यसको नै विशेष प्रतिपादन, निरूपण, समर्थन र कथन हुन्छ । मुख्यलाई नै अत्यधिक मान्यता दिएर गौणलाई सामान्यरूपमा राखिएको हुन्छ । जस्तो वेदान्त शास्त्रमा केवल ब्रह्मलाई नै सर्वाधिष्ठान बनाएर अन्य ईश्वर, ब्रह्म, परमात्मा, देवी-देवतादिलाई गौण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये साधुसेवारुचयः पुरुषा निज शक्तितः ।
अप्राप्यं नास्ति तेषां वै किमप्यैश्वर्यमूर्जितम् ॥

अर्थ—जसले आफ्नो शक्तिअनुसार सन्त गुरुको सेवामा रुचि राख्दछन् तथा तन मनले सेवा गर्दछन्, तिनलाई कुनै पनि उर्जित (बलवद्) ऐश्वर्य अप्राप्य रहँदैन ।

तुल्याइदिएर अझ त्यसमा त सर्वथा अन्त्यमा निषेध नै गरिएको छ, तथापि त्यसमा कुनै विचारक विद्वान दार्शनिक एवं शास्त्रवेत्ताहरूले दूषणरूप संभिदैनन् । ठीक यस्तै यहाँ अपरा विद्यारूप वेद, शास्त्र, पुराण, गीता, भागवत, रामायणादि सम्पूर्ण दृश्य भास एवं परोक्ष ज्ञानदेखि सर्वथा पृथक् स्वसंवेद्य, अपरोक्षस्वरूप, नित्य, सत्य, सद्रूप, ज्ञाता, ध्याता, द्रष्टा स्वयं साक्षात् चैतन्यबोधको सर्व-शिरोमणि निर्णयकै प्रतिपादन वर्णन भएको हुनाले र पुनः उक्त महान् पदको बोध प्रदान गर्ने पनि (अरू देवी-देवता, ब्रह्म, ईश्वरादि कोही नभएर) केवल गुरुदेव मात्र हुनुभएको हुनाले, साथै यही प्रसङ्गमा आएका शास्त्रादिका सम्पूर्ण प्रमाणले, विशेषतः भागवतमा श्रीकृष्णचन्द्रबाट भन्नुभएको (श्लोक प्रमाणको) उक्तिले पनि श्रीगुरुदेवकै विशेषता महत्ता वर्णन भएको हो र वहाँकै श्रद्धा, भक्ति, निष्ठा, उपासना, पूजन, अर्चन, वन्दन, अभिवादन, आज्ञापालन एवं सेवादि महान् कल्याणकारक सत्साधनको निरूपण गरिएको हो । कारण हरेक सिद्धान्त तथा सम्प्रदायमा गुरुकै गरिमा मानिएको छ र मान्नु पनि पर्दछ, किनभने सारा ब्रह्म ईश्वर आदिको निरूपण-कथन गर्ने, जिज्ञासुलाई उपदेश दिने पनि गुरु नै हुन्छन् । विना गुरुको ईश्वर ब्रह्म परमात्मादिको भेद पनि कसले बताउँदछ र ? जुनसुकै मत, पन्थ, आश्रम आदिमा समेत ज्ञानको शिक्षा एवं प्रबोध गर्ने गुरु नै हुन्छन् । विना गुरुको त कुनै पनि पद, पदार्थ, रहस्यको तात्पर्य एवं मर्म नै उद्घाटन हुन सक्तैन, जे जति संसारमा ईश्वर ब्रह्म परमात्मा परमेश्वर आदिको वर्णन, कथन, निरूपण र प्रतिपादन भैरहेको छ र हुन्छ, त्यो सब गर्ने उपदेष्टा गुरु नै हुन् । यदि कसैले कुनै पुस्तकको आधारबाट नै ज्ञानको प्राप्ति गरेको छ भने पनि त्यो पुस्तकको रचना गर्ने रचयिता नै उसको पथ-प्रदर्शक गुरु सिद्ध हुन्छन् । यस प्रकार गुरुको अस्तित्व एवं प्रतिष्ठालाई कायम नगरीकन यथार्थमा कुनै पनि मार्ग या धर्म, ग्रन्थ अथवा पन्थ, मन्दिर या मूर्ति, कर्म, उपासना, योग, ज्ञान, विज्ञान, संस्था या व्यवस्था कसैको पनि संस्थापना हुन सक्तैन । एतदर्थ सब धर्म एवं सिद्धान्तका उपदेशक गुरु नै ठहरिनुभएकोले गुरुको महिमा भएको हो । अझ यहाँ महान् स्वरूपबोधदाता सद्गुरु हुनुभएकोले श्रीगुरुदेवकै विशेषता वर्णन गरिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त प्रमाणले सेवा-भक्ति गर्नु महान् धर्म हो, दिव्य व्रत हो, मानवीय गुण हो, परमादर्श हो, दैवी सम्पदा हो, पुनीत कर्त्तव्य हो, ज्ञान प्राप्तिको सोपान हो, विवेक-विचारको मुकाम हो, मोक्षको धाम हो। यसकारण प्रत्येक कल्याणार्थी व्यक्तिले यथाशक्ति-रूपेण तन मन धनादिद्वारा सेवा-भक्ति गर्नुपर्दछ।

सेवा, भक्ति, परोपकारादि उत्तम सात्विक धर्म कार्य गर्ने उदारात्माहरूको (उपर्युक्त पुण्य कर्म गर्नाले) अन्न-धनादिको कमी हुने र केही घट्न जाने पनि होइन, बरु धर्मात्मा परोपकारीहरूको यथार्थमा बढ़दै जान्छ। जस्तो किसानले खेत-बारीमा बीज छर्नाले त्यसबाट दशगुणाको वृद्धि भएर उसैलाई लाभ हुन्छ, उसैको जीविका सुविधापूर्वक चल्दछ, त्यस्तै धर्म गर्ने धर्मात्माहरूको अन्न-धनादि पदार्थ जो सत्पात्रमा श्रेष्ठ जनहरूको सेवा आदिमा खर्च हुन्छ त्यसबाट पुण्य र यश दुवै सम्पादन हुन्छ, साथै गृहस्थाश्रमको शोभा र कर्तव्यनिष्ठापरायणताको आदर्श स्थापित हुन्छ। अन्य कुनै अघ-अवगुण आदि कर्म (यथा जूवा, हिंसा, व्यभिचार, सिनेमा, झगड़ा, मुद्दा अथवा पार्टीको डिनर-डान्स इत्यादि अनर्थ) मा खर्च पनि हुँदैन। केवल आफ्नो आवश्यक निर्वाहिक कार्यमा र परोपकारको आदर्श कृत्यमा मात्र खर्च हुन्छ। सम्पूर्ण पाप र अनर्थबाट रक्षा हुन्छ। यसको अतिरिक्त धर्म, भक्ति परोपकारादि कार्यमा खर्च नगर्नेहरूको धन पनि [सुमार्गमा नलगाएपछि] रहिरहने होइन। अर्कै कुमार्गादि दुर्व्यसन एवं पाप र प्रमादको कार्यमा अपव्यय हुन्छ। किनकि धनको दान र भोग तथा नाश यो तीन गति छ। यदि त्यो दान र निर्वाहिक आवश्यक उपभोगमा खर्च गऱ्यो भने सदुपयोग भयो, नत्र दान पनि भएन र निर्वाहमा पनि उचित खर्च भएन भने तेस्रो विनाशको श्रेणीमा पुग्दछ। पुनः धनी व्यक्तिहरू वास्तवमा आन्तरिक हृदयले सुखी भएका पनि देखिन्नन्, सदा धनको सुरक्षा र वृद्धि आदि कार्यमा चिन्तित तथा व्यग्र रहन्छन्। जत्तिको संसारमा सत्सङ्ग तथा ज्ञानको प्राप्ति गर्ने सदाचारी धार्मिक भक्तजनहरू विवेकद्वारा हृदय शीतल पारेर परम सुखी र शान्त हुन्छन्, त्यत्तिका ती ज्ञानार्जन तथा सदाचार सम्पादनरहित रहेका व्यक्तिहरू सुखी हुँदैनन्।

बोधवान ज्ञानीको स्वरूप निष्ठा

बोधाय पूज्यतां बुद्धया स्वभावः परमेश्वरः।
विवेक पूजितः स्वात्मा सद्यः स्फारवरप्रदः॥

(योगवासिष्ठ, प्र० ६। उ० स० ४२। श्लो० २३)

अर्थ—बोधको निमित्त स्वसत्ता—ज्ञानस्वरूप चैतन्य परमेश्वर नै [बोधद्वारा प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको सद्बुद्धिले] पूजनीय छन् । यस प्रकार विवेकद्वारा पूजित निजात्माको निष्ठाले नै शीघ्रतः बृहद् फलकारक [फरम कल्याणदायक] छ ।

इच्छाद्या शक्तयस्तस्य चिन्तनीयाः शरीरगाः ।
एष देवः स परमः पूज्य एष सदा सताम् ॥

(योगवाशिष्ठ, प्र० ६ । उ० स० ३८ । श्लो० १३)

अर्थ—उक्त आत्मदेवको इच्छादि शक्ति शरीरगत चिन्तनीय छ अर्थात् शरीर सम्बन्धमा ज्ञानादिको लक्षण-चिह्नयुक्त छ, वास्तवमा ज्ञानीको निमित्त स्व-स्वरूप नै परमदेव हो, त्यही [परमपद नै] सत्पुरुषको परमपूज्य हो ।

बोधः साम्यं शम इति पुष्पाण्यग्राणि तत्र च ।
शिव चिन्मात्रममलं पूज्यं पूज्यविदो विदुः ॥

(योगवाशिष्ठ, प्र० ६ । उ० स० २९ । श्लो० १२८)

अर्थ—त्यही आत्माको पूजामा—बोध, समता, शम नै मुख्य पुष्प हो, परम कल्याणमय चैतन्यस्वरूपलाई नै पूज्यज्ञले पूज्य जान्दछन् ।

हृद्गुहावासि चित्तत्वं मुख्यं सानातनं वपुः ।
शङ्ख चक्र गदा हस्तो गौण आकार आत्मनः ॥
यो हि मुख्यं परित्यज्य गौणं समनुधावति ।
त्यक्त्वा रसायनं सिद्धं साध्यं संसाधयत्यसौ ॥
यस्तु भोः स्थितिमेवास्यामात्मज्ञानचमत्कृतौ ।
नासादयति संमत्तमनाः स रघुनन्दन ! ॥

(योगवाशिष्ठ, प्र० ५ सर्ग ४३)

अर्थ—हृदय गह्वर निवासी जो चैतन्य तत्त्व (अर्थात् सार रहस्य हो), त्यही आत्माको मुख्य सनातन स्वरूप हो, यही मुख्य पूज्य हो । यसको अतिरिक्त शङ्ख चक्र गदाधारी (विष्णु देवादि) आत्माको गौण आकार मात्र हो । जो मुख्यलाई छोड़ेर माया गुण रचित गौणलाई (अर्चन वन्दन गरेर) प्राप्त गर्न चाहन्छ, त्यो सिद्ध रसायन (अमृत) त्याग गरेर साध्य (ओदनादि) सिद्ध गर्दछ । हे रघुनन्दन ! जो मनुष्य यो आत्मज्ञानरूप परमप्रकाशमा स्थिति प्राप्त गर्दैन, त्यो प्रमत्त मन भएको अज्ञानी हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपरोक्त प्रमाणबाट इष्टको निर्णयमा जड़ तत्त्व पदार्थदेखि सर्वथा भिन्न अजर अमर अविनाशी अखण्ड सत्य चैतन्यस्वरूप नै वास्तवमा सर्वश्रेष्ठ महत्तम इष्ट ठहर्दछन् ।

परन्तु उक्त महिमामूल, सत्य-सार भूत इष्टको यथार्थ परिचय र परीक्षा तथा बोध ज्ञान नपाएर अबोध-अज्ञानवश अनादिकालदेखि जीवले अन्य-अन्य असत् जड़ समुदायलाई नै इष्ट बनाई त्यसैमा प्रेम-प्रीति गरी ममता-राग जोड़ी सर्वस्व न्यौछावर गर्दै आइरहेको छ । यिनै सब कतिपय कारणले आजसम्म आवागमन जन्म-मरणादिको दुःखमा पर्नुपरेको र अनवरत त्रिविध तापको कष्टमा गोता खानुपरेको हो ।

अहो ! आजसम्म जीवले कति-कतिलाई इष्ट बनाइसक्यो, कति-कतिमा प्रेम प्रीति गरेर आफ्नो तन-मन अर्पण गरिसक्यो । यथा शरीर इन्द्रिय मनलाई, इच्छा-अध्यास आसक्ति एवं अज्ञानलाई मानसिक विकार कामादि रिपुलाई, वाह्य स्त्री-पुत्रादि परिवारलाई, घर धन सम्पत्ति र पञ्चविषय भोगलाई तथा नाना अनुमान कल्पनादि भासलाई श्रेष्ठ मानी, सत्य ठानी, सर्वोचित जानी, श्रम, शक्ति, साधन, समय सब लगाएर आयु बल बुद्धि सब न्यौछावर पनि गऱ्यो, कतिको हातमा आफूलाई बेच्यो, कतिको आधीन भयो, कतिको दास भएर उसैसँग बिक्यो, कतिको मोहमायामा भुल्यो, भटक्यो, अटक्यो, घायल मृग झैं छटपटियो, रन्थनियो, व्याकुल भयो, कतिलाई साँच्चिकै आफ्नो मानी त्यसको वियोगको अनुभव गरेर मिथ्याभावना तथा कल्पनामा परेर रोयो, करायो, चिच्यायो, पुकाऱ्यो, विरहवेदनामा जल्यो । यस प्रकार जीवनभर सदा अरूकै, परकै, विजातिकै, विकारीकै, विनाशीकै, विषयकै, भिन्नकै, आपाततः अत्यन्त पृथक्कै—चिन्तन, मनन, स्मरण, सेवन गर्दै आयो । परन्तु आजसम्म यथार्थमा केही मिलेन, कसैले बोध दिएन, दिव्य दृष्टि खुलेन, ज्ञान भएन, शान्ति आएन परमपदको स्थिति त कदापि बनेन, जुन अज्ञान बन्धनद्वारा अनवरत पीड़ित सन्तापित थियो, त्यो मूल-दुःखको इतिश्री कदापि भएन अर्थात् कष्ट-क्लेशको सर्वथा निवृत्ति एवं समाप्ति भएन ।

अब उक्त दुःखको निवारणको निमित्त वर्तमान मानव जीवनमा विवेकी पारखी सन्तको सत्सङ्ग प्राप्त गर्नुपर्दछ । तत्पश्चात् त्यही सत्सङ्गद्वारा मिलेको बोध ज्ञान एवं विवेकले इष्टको शोध गर्नुपर्दछ । तब यथार्थ स्वरूप बोधको दिव्यदृष्टिले स्वरूप इष्ट र उक्त स्वरूप बोधको परिचय गराउने सद्गुरु इष्टको प्राप्ति भएर जीवन निर्मल बन्दछ । जसको परम आधार र महान् सहायताद्वारा अनायासैमा शान्ति-स्थिति पाएर सम्पूर्ण वासनाको निवृत्ति भएर मोक्ष हुन्छ ।

यथार्थ विवेकद्वारा इष्ट अथवा उपास्य दुई नै सिद्ध छ । एक प्रत्यक्ष बोधदाता, स्व-स्वरूपनिष्ठ सद्गुरुदेव जसको सेवा, भक्ति तथा शरणागति र सत्सङ्ग आदिले जीवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम कल्याण हुन्छ। दोस्रो उपास्य-इष्ट निजस्वरूप चैतन्य परमपद हो, जो अपरोक्ष छ र स्वयं प्रत्यक्ष छ। अतएव संसारको समस्त जड़ पदार्थादिको चिन्तन-मनन, स्नेह, आसक्तिलाई त्याग गरेर स्व-स्वरूप परम परीक्षक अजरामर अमृतत्त्वकै सदा विचार गरेर स्मरण-निदिध्यासन गर्नु र सर्वदा त्यही स्व-स्वरूप रमैया राम चैतन्यमा नै रमण गर्नु—यो सर्वोत्कृष्ट दिव्य ज्ञानोपासना हो।

अतएव सद्गुरुदेवबाट मिलेको पारख ज्ञानद्वारा जुन गुरुपद अर्थात् स्वरूपपद हो, त्यही बोधरूप परमपद पारख गुरुपद नै आफ्नो नित्य सत्य स्वतन्त्र स्वरूप हो त्यही वास्तवमा जीवको अन्तिम स्थिति स्थल हो, त्यही पारख भूमिका हो। त्यसैमा साधन-संयमसहित वृत्ति ठहराएर सम्पूर्ण जड़ाध्यास सुखहन्ता त्याग गरेर अखण्ड स्थिर हुने सत्पुरुषार्थ गर्नुपर्दछ।

गुरुर्देवो गुरुर्धर्मो गुरु निष्ठा परं तपः।
गुरोः परतरं नास्ति नास्ति तत्त्वं गुरो परम्॥

(गुरुगीता, श्लो० २७)

अर्थ—गुरु नै महान् देवता र साक्षात् धर्मको स्वरूप हुनुहुन्छ, गुरुको निष्ठा नै एकमात्र तपस्या हो, गुरुदेखि भिन्न उत्कृष्ट अर्को कोही छैन, गुरुदेखि पृथक् ज्ञान, पद, सार तत्त्व एवं रहस्य ज्ञातव्य वस्तु केही छैन।

स्वरूप निष्ठा-भजन

जनैया यो रमैया राम, यही चैतन्य देवता हो।
हृदयमा रमिरहेको यो, यही चैतन्य देवता हो॥टेक॥

यही चैतन्य सत्य हो, यही चैतन्य नित्य हो।
यही चैतन्य अविनाशी, यही चैतन्य देवता हो॥१॥

यही चैतन्य ज्ञाता हो, यही चेतन परीक्षक हो।
यही पारख परमपद हो, यही चैतन्य देवता हो॥२॥

यही चैतन्य ब्रह्म हो, यही चैतन्य ईश्वर हो।
यही चैतन्य भगवान् हो, यही चैतन्य देवता हो॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर अन्तः कहाँ खोज्छौ, जनमभर भट्कि नै रहेछौ।
हृदयमा खोजे पो पाउलाउ, यही चैतन्य देवता हो ॥४॥

सबै मत-पंथ-ग्रन्थ ले, सकल सिद्धान्त-शास्त्रले।
शिरोमणि नै बताएको, यही चैतन्य देवता हो ॥५॥

यही चैतन्यलाई जाने, यही चैतन्यलाई माने।
सबै धर्मको फल पाइने, यही चैतन्य देवता हो ॥६॥

यही चैतन्य यो घटमा, रमिरहेको छ यो तटमा।
यसैको ज्ञान पाएमा, त्यही चैतन्य देवता भो ॥७॥

यही चैतन्यको बोधमा, अटल तृप्ति बनाएर।
स्थितिमा शान्त भै रहने, स्वयं चैतन्य देवता हो ॥८॥

उद्बोधन !

लब्ध्वा सुदुर्लभमिदं बहुसम्भवान्ते।
मानुष्यमर्थदमनित्यमपीह धीरः।
तूर्णं यतेत न पतेदनुमृत्यु याव-
न्निःश्रेयसाय विषयः खलु सर्वतः स्यात् ॥

(भागवत, स्कन्ध ११। अ० ९। श्लो० २९)

अर्थ—यद्यपि यो मनुष्य शरीर अनित्य हो, मृत्यु सदा यसको साथैमा लागिरहेको छ। यथापि यसबाट परम पुरुषार्थको प्राप्ति हुन सक्तछ। यसकारण अनेक जन्म लिइसके-पछि यो अत्यन्त दुर्लभ मनुष्य शरीर प्राप्त हुन्छ, यसमा बुद्धिमान पुरुषले शीघ्र नै (मृत्यु भन्दा पहिले) मोक्ष प्राप्तिको निमित्त प्रयत्न गर्नुपर्छ। किनभने यो जीवनको मुख्य उद्देश्य मोक्ष नै हो। विषयभोगको प्राप्ति त अन्य योनिहरूमा पनि मिल्न सक्तछ त्यसको निमित्त (केवल विषयभोग-संग्रहमा मात्रै) यो अमूल्य जीवन खेर फ्याँक्नु हुँदैन।

मानव जीवन ज्ञान-विज्ञानको मूल स्रोत हो, विवेकको ज्योति हो, ज्ञानको दिव्य भण्डार हो, शान्तिको आदर्श धाम हो। सर्वोत्कृष्ट अलभ्य लाभ प्राप्त गर्ने ठाम हो, सार्वभौम धर्मको र सर्वोच्च दर्शन प्राप्तिको केन्द्र हो। नाना शोक सन्तापले विदग्ध भएको मानवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयलाई शीतल शान्त पारेर मोक्ष हुनको निमित्त परम सहायक हुने भूमिका हो । परमार्थको उच्चतम सिद्धान्त र महान् सद्रहस्यलाई सम्यक् रूपेण प्राप्त गरेर सत्य स्व-पदमा अविचल एवं अखण्ड स्थिति बनाई जीवन सफल गराउने परम साधन हो ।

यसकारण मानव जीवन पाएको मौकामा बुद्धिमानले आफ्नो हित-कल्याणको निमित्त अत्यन्त प्रयत्न गर्नुपर्दछ । कारण मानव जीवन अत्यन्त दुर्लभ हो भनेर सब शास्त्र-कारहरूले वर्णन गरेका छन् । तब यस्तो अपूर्व एवं अमूल्य अवसरमा आफ्नो अनन्त कालको दुःख बन्धनलाई विनाश गर्नको निमित्त विशेष तत्पर हुनु मानवको महान् कर्तव्य हो ।

यदि यस्तो उच्चकोटिको विशुद्ध साधन-साध्य गर्न पाउने स्वर्ण समय प्राप्त भईकन पनि कदाचित् मानवले आफ्नो निमित्त केही हित कार्य गर्न सकेन, सर्वथा दुःखद्वन्दको निवृत्ति गरेर परमपदको प्राप्ति गर्न सकेन भने त्यसलाई मानव जीवन मिलेको व्यर्थ नै भयो अपितु एकदिन सहसा बिलाएर जाने स्वप्नमा पाएको पदार्थ झैं मिथ्या भयो । एतदर्थ 'ज्ञान विचार-रहितको भोगपरायण जीवन निस्सार नै हो' भन्ने बुझ्नुपर्दछ ।

जुन शरीर र शरीरसम्बन्धी व्यवहारमा नै मानवले जीवनको सारा समय बिताइ-दियो र आफ्नो निमित्त शान्ति स्वस्तिको केही चिन्तन-मनन गर्न सकेन अथवा यसको निमित्त केही होश चेत राखेन किंवा केही धर्म र ज्ञानको आर्जन गरेन यसका लागि विशेष कत्ति केही (विचार विवेक) नगरीकन नै बहुमूल्य वय बिताइदियो भने, त्यो वास्तवमा अत्यन्त भुलेको मानिस हो । किनकि—जुन अनित्य नाशवान शरीरलाई मानिसले आफ्नो भनिठानेको छ, त्यो त एकदिन अचानक विनाश भएर जाने क्षणभङ्गुर पदार्थ हो । यस प्रकार जब शरीर नै अत्यन्त अनित्य र असत्य वस्तु सिद्ध भएपछि शरीरले जोड़ेका धन सम्पत्ति पदार्थहरू अवश्य पनि एकदिन जबर्दस्ती खोसिने तथा लुटिने विजाति विकारी विनाशी चीज हुन् । तब त्यसैको निमित्त मात्र समय-साधन, बल, बुद्धि, विचार सब लगाएर मानव जीवनको सम्पूर्ण आयु समाप्त गरिदिनु कहाँसम्मको विवेकसम्मत उचित कर्तव्य हो, भन्न सकिँदैन । यस बारेमा बुद्धिनिधान र ज्ञानवान एवं महान् बनेको मानवले गंभीरतापूर्वक सोच्नु योग्य छ । अतएव आज नरदेहको उत्तम समयमा नै आफ्नो परम कल्याणको निमित्त अत्यन्त अग्रसर हुनुपर्दछ । यही मानव जीवनको सर्वोच्च विशेषता हो ।

यावत्स्वस्थमिदं शरीरमरुजं यावज्जरा दूरतो ।
यावच्चेन्द्रियशक्तिरप्रतिहता यावत्क्षयोनायुषः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मःश्रेयसि तावदेव विदुषां कार्य प्रयत्नो महान्।
सन्दीप्ते भवने तु कूपखनने प्रत्युद्यमः कीदृशः॥

(भतृहरि शतकम्)

अर्थ—जहिलेसम्म जीउमा सञ्चो छ, कुनै रोग लागेको छैन अथवा रोगले त्यत्तिको असाध्य सिकिस्त पारेको छैन, बुढ्याइँ टाढै छ, इन्द्रियमा शक्ति हराएको छैन र आयु सकिएको छैन, त्यहाँसम्म जान्ने मानिसले आफ्नो महान् उद्धार गर्न अत्यन्त तत्पर हुनुपर्दछ, नत्र त घरमा आगलागी भै सकेपछि इनार (कूआँ) खन्न खोजेर के काम लाग्दछ र ? त्यस्तै मरण-शय्यामा परिसकेपछि (त्यो वेलामा) पछुताएर रोएर मात्र के काम लाग्दछ र ?

तसर्थ कल्याणइच्छुक मुमुक्षुले यही जीवनमा नै शीघ्रातिशीघ्र चेतेर जागेर अज्ञान निद्रादेखि विशेष ब्यूँझेर कल्याणपदको प्राप्ति गर्नुपर्दछ। अन्तर्देशमा निहित नित्य सत्य शाश्वत स्वरूपको एकरस प्राप्ति गरेर हृदयको अविद्यान्धकारलाई विनाश गरिदिनुपर्दछ। वासना विध्वंस पारी अखण्ड अक्षय शान्तिमा लवलीन हुनुपर्दछ। यही आफ्नो उद्धार गर्ने मानवको परमपुनीत कर्तव्य हो र यही महान् उपकारको निमित्त गर्नुपर्ने चरमोन्नति हो।

उत्तिष्ठत जाग्रत प्राप्य वरान्निबोधत।

(कठोपनिष०, अ० १। बल्ली ३। मंत्र १४)

अर्थ—उठ ! जाग !! स्वरूपबोधदाता सद्गुरुदेवको समीपमा गएर नित्य सत्य परमपद (ज्ञान) को प्राप्ति गर, मोक्ष होऊ !!!

सद्गुरोरार्पणमस्तु—

इत्यलम्

शान्ति ! शान्ति !! शान्ति !!!

शुभम्-भूयात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकको एक आर्को पुस्तक—

मानवको नैतिक, बौद्धिक, चारित्रिक एवं आध्यात्मिक सम्पूर्ण पक्षमा प्रकाश
पारेर मानवताको दिग्दर्शन गराउने अनुपम सद्ग्रन्थ—

सद्धर्म अहिंसा प्रकाश

अर्थात् मानवताको आदर्श धर्मशास्त्र—

मानवलाई जीवन निर्माण गर्ने र महान् बनाउने साधन नैतिकता हो।
नैतिक आचार सुन्दर तथा सुदृढ़ भएमा नै जीवन सुख-शान्तिमय बन्न
सक्छ। तब मात्र समाजको पनि सच्चा हित-कल्याण भएर
निर्विकल्प [संशयरहित] राष्ट्रोत्थान हुन संभव छ। अतएव
मानवलाई मानवताको दिव्य सन्देश दिन र आदर्श
नैतिकताको अविरल ज्ञान-सम्पादन गराउनको
निमित्त प्रस्तुत पुस्तकको प्रकाशन भएको छ।
यो पुस्तक केही सीमित मात्रामा नै छापिएको
हुनाले पुस्तक प्राप्त गर्ने सज्जनले प्रथम
आफूले आद्योपान्त पढेर अरू आफ्ना
इष्ट-मित्र बन्धु-बान्धवादि निकटवर्ती
जनहरूलाई पनि उदारतासाथ
पठन-मनन गर्न अवसर प्रदान-
गरी महान् यश र पुण्यको
भागी बन्नुहोला भन्ने
विनम्र निवेदन
छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu